

नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन

लीलाभक्त मुनंकर्मी

लेखक परिचय

सम्वत् १९८६ साल मार्ग महीनामा जन्मेका लीलाभक्त मुनंकर्मीज्यूको लालन-पालन बाल्यकालमा आफ्ना मामाको संरक्षणमा नै भएको थियो। यहाँको जन्म-घर र वास-घर भक्तपुर हो। आश्चर्यको कुरो के हो भने ५ वर्षको उमेरदेखि नै यहाँको झुकाउ धार्मिक कथाहरू सुन्ने, र इतिहाससम्बन्धी विषयहरू जान्ने जिज्ञासातिर प्रवृत्त भएको थियो। प्रारम्भमा यिनको शिक्षादीक्षा आफ्ना मामाको संरक्षकत्वमा नै भयो र परिस्थितिजन्य कठिनाइले पढाइ अधूरोमा छाड्नुपर्‍यो। पछि स्वअध्ययन गर्दै भक्तपुरकै पद्म हाईस्कूलबाट टेष्ट परीक्षा दिई एस० एल० सी० परीक्षामा उत्तीर्ण हुनुभयो र काठमाण्डू-को त्रिचन्द्र कलेजमा वेहानको क्लास लिई भर्ना हुनुभयो। तर घर-व्यवहार तथा अन्य समस्याले गर्दा पढाइ चालु राख्न सक्नुभएन र यसरी कुनै डिग्री हासिल गर्न सक्नुभएन।

नेपालको एकतंत्री राणा-शासनको विरुद्ध उठेको लहरमा २००७ सालपूर्व कुनै न-कुनै रूपमा र '०७ सालको जनान्दो-लनमा पनि सक्रिय भाग लिएर यहाँले योगदान गर्नुभएको थियो। पछि नेतृत्वविहीन राजनीतिबाट सन्यास लिनुभयो र बालककालदेखिको अभिरुचिका फलस्वरूप नेपालको प्राचीन ऐतिहासिक विषयको तथ्य संग्रह र अनुसन्धान-कार्यमा दत्त-चित्त हुनुभयो। आफ्नो लगनशील शोध-खोजबाट मुनकर्मीज्यूले नेपालको इतिहाससम्बन्धी प्रकाशित पुस्तकहरूमा धेरै शोध-पूर्ण विषयको साथै अहिलेसम्म प्रकाशमा नआएका कुराको प्रस्तुतीकरण गर्नमा अपूर्व परिश्रम गर्नुभएको स्वतः यस पुस्तकबाट पनि सिद्ध गरेको छ।

—काशीबहादुर श्रेष्ठ
(सम्पादक 'उदय')

नेपालको सांस्कृतिक

तथा

ऐतिहासिक दिग्दर्शन

(वि० सं० १८२८ सम्म)

★

लेखक—लीलाभक्त मुनंकर्मी

□ प्रकाशिका

श्रीमती भवानी केशरी मुनंकर्मी

घटखा टोल, भक्तपुर–१३

© सर्वाधिकार : लेखकको सुरक्षित

प्रकाशन मिति : सम्वत् २०४१ साल : वैशाख

मोल : रु० ५८।००

□ प्रमुख वितरक

तलेजु ढाका-टोपी उद्योग

प्रोप्राइटर, दुर्गाभक्त मुनंकर्मी

घटखा टोल, भक्तपुर–१३

जी० पी० ओ० काठमाण्डू (नेपाल)

□ पुस्तक पाइने ठाउँ

हरिप्रसाद मल्ल

विनायक पुस्तक केन्द्र

खौमा टोल, भक्तपुर

□ मुद्रक

यतीश चन्द्र

मौर्य प्रेस एण्ड पब्लिकेशन्स,

ख्वाजापुरा (जैतपुरा) वाराणसी ।

नव-युगको नव-निर्माणका साथै नेपाली साहित्य,

कला, तथा संस्कृतिको उन्नयनमा दत्तचित्त

होइबक्सेका प्रजावत्सल

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाह देवको

कर-कमलमा

आदर-भक्तिपूर्वक

समर्पण

—लेखक

मन्तव्य

विश्वका कतिपय सभ्य मुलुकहरूको दाँजोमा स्वतन्त्र हिन्दू राज्य नेपालको पनि आफ्नै गौरवमय इतिहास छ। उच्चतम प्राकृतिक तथा सांस्कृतिक वैभवले सम्पन्न यस देशले विभिन्न परिस्थितिको कारण २००७ सालको राजनैतिक परिवर्तनअघि बाह्यजगतलाई आफ्नो परिचय दिन असफल नै रह्यो। विदेशी विद्वान्हरूबाट नेपालका सम्बन्धमा यदाकता केही अनुसन्धानात्मक पुस्तकहरू प्रकाशन गर्ने प्रयास गरिए तापनि स्वदेशी विद्वान्हरूको प्रयास नगण्य नै थियो। २००७ सालपछि नै नेपालसम्बन्धी अध्ययन, अनुसन्धानको साथै अनुसन्धानात्मक कृतिहरूको प्रकाशनतर्फ सरकारी एवं निजी क्षेत्रबाट गहकिलो पाइलो चालियो भन्नमा अत्युक्ति नहोला। नेपाल अधिराज्यका विभिन्न दुर्गम जिल्लामा सुषुप्तावस्थामा रहेका विद्वत्वर्गबाट आफआफ्नो जिल्ला, गाउँको महत्वपूर्ण स्थानहरूको इतिहास, सामाजिक रीति-रिवाज, धार्मिक परम्परा र मान्यताजस्ता विविध पक्षमा लेख, पुस्तक आदिको माध्यमबाट एकले अर्कोलाई परिचित गराउँदै नेपाल अधिराज्यको इतिहास-निर्माणको साथै कला र संस्कृतिको संकुचित विचारधाराहरूलाई फराकिलो पार्ने अथक प्रयासहरूको थालनी भयो। फलस्वरूप आज बहुसंख्यक नेपाली अधिराज्यभरका विविध धर्म, परम्परा, कला र संस्कृतिसित परिचित हुनुको अतिरिक्त विश्व-समुदायलाई परिचय गराउन पनि सफलता प्राप्त गर्दैछन्।

आफ्नै देशको इतिहास, कला र संस्कृतिसित अनभिज्ञ नागरिकहरूबाट देश विकासको पुनीत कार्यमा वांच्छित सहयोग र सहभागिता जुट्न गाह्रै पर्छ। तसर्थ अधिकांश जनता अशिक्षित भएको हाम्रो नेपाली समाजमा विद्वत् समुदायबाट विभिन्न विषयमा अनुसंधान गरी सरल भाषामा लेख तथा पुस्तकहरू प्रकाशित गरी नेपालीहरूलाई आफ्नो इतिहास, कला र संस्कृतिप्रति अभिरुचि जगाउनु आजको युगको खाँचो हो। श्री लीलाभक्त मुनंकर्मीज्यूको 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' यसै खाँचोको परिपूर्तितर्फ एक गहकिलो पाइला हो भन्ने ठानेको छु। मुनंकर्मीज्यूले अघिदेखि नै नेपाली इतिहास, कला र संस्कृतिको अनुसन्धान-कार्यमा अथक परिश्रम गर्दै आउनुभएको फलस्वरूप यो पुस्तक लेखेर जनसमक्ष प्रस्तुत गर्न सफल हुनुभएको छ। यस पुस्तकले नेपाली इतिहास, कला र संस्कृतिमा अभिरुचि राख्ने प्रत्येक व्यक्तिलाई विशेष लाभदायक हुनेछ भन्ने कुरामा म विश्वस्त छु। लेखक महोदयले यस्तो बहुमूल्य पुस्तक लेखेर जुन सेवा गर्नुभएको छ त्यसको लागि नेपाली समाज उहाँप्रति अवश्य ऋणि हुनेछ। आशा छ, भविष्यमा पनि विद्वान् लेखकले शोधपूर्ण ग्रन्थहरू प्रकाशित गरेर विश्वलाई नेपाली इतिहास र संस्कृतिको जानकारी दिलाउन सफल हुनुहुनेछ भन्ने हार्दिक कामना गर्दछु।

—कृष्णप्रसाद श्रेष्ठ

(संग्रहालय-प्रमुख)

राष्ट्रिय कला संग्रहालय

भक्तपुर।

१ गते वैशाख, २०४१

पचपन्न झ्याल दरबार,

दरबार स्क्वायर, भक्तपुर।

प्राक्कथन

हुनत नेपालको आधुनिक शिक्षाको राष्ट्रिय जागरणको समयमा इतिहास र संस्कृतिसम्बन्धी विभिन्न किताबहरू ननिस्केका होइनन् तर पनि इतिहास र संस्कृति अनुसंधान र अन्वेषणको विषय भएकोले यिनीहरूको मौलिकता दर्शाई यी विषयमा केही लेख्नु सजिलो कुरा होइन । प्राचीन नेपालको घटना-सम्बन्धमा नत प्रामाणिक पुस्तकहरू पाइन्छन् नत अभिलेखहरू नै । प्राचीनकालको इतिहास गहिरिएर खोजीगर्दा लिच्छवीकालदेखि मात्र देवीदेवताका मन्दिर र मूर्तिहरूमा कोरिएका अभिलेखहरू मात्र पाइन्छन् र त्योभन्दा पूर्व किरातीकालका अभिलेखहरू भने नगण्य मात्र प्राप्त छन् । भनाइको तात्पर्य के हो भने किरातीकाल अझै पनि अन्धकारमा डुबेको डुबेकै छ र विद्वान् अन्वेषणकर्ताहरूका निम्ति यो खोजीको विषय रहेको छ । जति पनि किरातकालबारे इतिहासहरू कोरिएका छन् तिनमा कसैले पनि किटेर किटानसाथ निचोड प्रस्तुत गर्न सकेका छैनन् ।

धेरै वर्ष अघिदेखि मैले वंशावलीहरू र केही अभिलेखहरूलाई छानबीन गरी त्यसैको आधार लिई संकलन गर्दै आएको ऐतिहासिक तथ्यहरूलाई समावेश गरी तयार गरिएको यो 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' नामको ग्रन्थलाई अझ मैले इच्छा गरेको जति ऐतिहासिक सामग्रीहरू समावेश गरी सिगार्न सकिएन, र यसमा त्रुटीहरू पनि प्रशस्त होलान् । विद्वान् अन्वेषणकर्ताहरूको सहयोग र सुझाव पाएमा अर्को संस्करणमा अवश्य सुधार गर्नेछु ।

योभन्दा पूर्व मेरो प्रकाशित कृतिहरू—चाड पर्व र जात्राहरू, 'मल्ल-कालीन नेपाल' र काठमाडौंका उपत्यकामा रहेका देवीदेवताहरूका केही वर्णनलाई पनि यसैमा धेरैजसो समावेश गरी मैले यो ग्रन्थ तयार पारेको छु । मेरो 'मल्लकालीन नेपाल' पुस्तकको माग प्रशस्त भएता पनि मैले अर्को संस्करणतर्फ नलागी अरू विस्तृत शोध-खोज गरी पौराणिकालदेखि लिएर मल्लकालसम्मको नै विषय लिई परिवर्द्धित रूपमा 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' नामले यो ग्रन्थ प्रस्तुत गर्ने जमर्को गरेको छु र यसले प्राचीनकालदेखि मल्लकालसम्मको इतिहास तथा संस्कृतिमा चाख राख्नेहरूको खाँचो पूरा गर्नेछ भन्ने विश्वास गर्दछु ।

यस ग्रन्थमा मैले प्राचीनकालदेखि मल्लकालसम्मको राजनीतिभन्दा संस्कृतितर्फ बढ्ता जोड दिएको छु । यस ग्रन्थमा जम्मा १२ खण्ड गरी परिशिष्ट समेत छन्

जसमध्ये पहिलो खण्डमा पौराणिक काल, दोस्रो खण्डमा ऐतिहासिक काल,तेस्रो खण्डमा प्राचीन राजवंश, चौथो खण्डमा किराती काल र पाँचौं खण्डमा लिच्छवी राज्यकाल आदि खण्ड-खण्ड विभाजित गरेको छु। यस ग्रन्थमा कतै त्रुटीहरू र अशुद्धीहरू रहेमा भने विद्वान् अन्वेषकहरू तथा इतिहासकारहरूबाट त्रुटी औंल्याइ- दिनुभएमा साभार अर्को संस्करणमा सुधार गर्न सक्नेछु भनेर माथि नै भनिसकेको छु। स्वस्थ आलोचनाको सधैं स्वागत गर्ने नै छु। शाहकालदेखि आधुनिककालसम्म अर्को छुट्टै ग्रन्थ तयार पार्ने अभिप्रायले यसमा मल्लकालसम्मको मात्र समावेश गरेको छु। यस ग्रन्थमा पौराणिककालमा कहीं सत्ययुग छ त कहीं त्रेतायुग छ भने कहीं द्वापर युग। प्राप्त वंशावलीहरूमा जो टिपोट छ उही टिपोट भएकोले पाठकहरूलाई दुविधा परी भ्रम पनि हुन सक्छ। शुद्ध अशुद्ध अनुसन्धानकर्त्ताहरूले निर्णय गराइदिनु- हुने नै छ।

यो ग्रन्थ प्रकाशित गर्नमा भक्तपुर दुवाकोट निवासी श्री मोहन न्यौपानेज्यूले दिनुभएको प्रोत्साहनले पनि मलाई उत्साह प्राप्त भएको हुँदा उहाँप्रति आभार व्यक्त गर्दछु। अन्त्यमा, यो पुस्तकको प्रकाशन-कार्यमा मनोयोगले सहयोग दिनुभई पुस्तकमा ठाउँ-ठाउँमा भएका दोष-त्रुटिहरूलाई सच्याई संशोधन र परिमार्जन- समेत गरी यस रूपमा निकाल्न आफ्नो अशक्त अवस्थामा पनि जुन अमूल्य समय दिएर पूर्णरूपले मदत गर्नुभयो त्यसका लागि नेपाली साहित्य-जगतका वरिष्ठ साहित्य सेवी, साहित्यिक महारथी (साहित्यिक पत्रकार संघ, काठमाडौंद्वारा २०४० सालमा अभिनन्दित) मान्यवर 'उदय' सम्पादक काशीबहादुर श्रेष्ठज्यूको गुन कहिल्यै बिर्सि- नसक्नु छ र चिरआभारी छु।

घटखा टोल, भक्तपुर।

—लीलाभक्त मुनंकर्मी

वैशाख : सम्बत २०४१

विषय-सूची

खण्ड—१

पौराणिक काल

प्राचीन इतिहासको पूर्व वृत्तान्त; पशुपति क्षेत्र र नेपालको नामकरण; राजाहरूको पुस्तावारी; विरुपाक्षको उद्धार १-१०

खण्ड—२

ऐतिहासिक काल

नेपाल उपत्यकाको उत्पत्ति; विपश्वी बुद्ध; स्वयम्भूको उत्पत्ति; शिखि बुद्ध; विश्वभू बुद्ध; मञ्जुश्री बोधिसत्व; क्रकुच्छन्द बुद्ध; सुधन्वा सर्वानन्द ११-१७

खण्ड—३

प्राचीन राजवंश

गोपाल वंश; अहीर वंश; भूवनसिंह पतन १८-३१

खण्ड—४

किरात वंश

२ वंशावली २ भाषा वंशावलीको तालिका; पिचि; द्विती; जितादस्ति; गौतम बुद्धको आगमन; स्थुङ्को; सम्राट अशोकको नेपाल आगमन; गस्ति; किरातकालीन अवस्था २२-३३

खण्ड—५

लिच्छवी राज्यकाल

लिच्छवी राजाहरूको शुरुवात; पशुपतिको अभिलेख-सूची; वंशावलीहरूको सूची; लिच्छवी सिमाना; निमिष; यशोप्रभदेव; हर्ष वर्मा; भूमि वर्मा; हरिदत्त; पति वर्मा; वृष वर्मा; शंकर देव (प्रथम); धर्म देव; मानदेव (प्रथम); मही देव; वसन्त देव; मनुदेव; वामन देव; नेपाल उपत्यकाको भौगोलिक परिचय; भादगाउँ पाटन र कान्तिपुरको परिवर्तित नामको तालिका; शिवदेव प्रथम ३४-६१

खण्ड–६

ठकुरी सूर्य वंश

अंशुवर्मा; उदय देव; ध्रुव देव-जिष्णु गुप्त; जिष्णु गुप्त; विष्णु गुप्त र भीमार्जुन देव; नरेन्द्र देव; शिवदेव (द्वितीय);, जयदेव (द्वितीय); राघव देव; गुणकामदेव (द्वितीय); निर्भय देव; निर्भय देव र रूद्रदेव; भोजदेव; भोजदेव र रूद्र देव; भोजदेव + रुद्रदेव + लक्ष्मीकामदेव; लिच्छवीकालीन अवस्था ६२–९६

परिशिष्ट ९६–१०१

खण्ड—७

नुवाकोटे ठकुरी वंश

भाष्कर देव; बल देव; पद्म देव; नागार्जुन देव; शंकर देव; वामन देव; हर्ष देव; शिवदेव (तृतीय); नान्यदेवको आगमन; महेन्द्र देव, मानदेव (चतुर्थ); नरसिंह देव; आनन्द देव; रुद्र देव; मित्र देव; सोमेश्वर देव; गुणकाम देव; (द्वितीय); लक्ष्मीकाम देव (द्वितीय); विजयकाम देव (द्वितीय); सहयोगी पुस्तकहरूको विवरण १०२–११९

खण्ड—८

मल्लकालीन नेपाल

भक्तपुर

भक्तपुरको परिचय; अरि मल्ल; अनन्त मल्ल; हरिसिंह देव; गगन सिंह देव; जय रुद्रदेव मल्ल; देवल देवी; जयराज देव; नाग मल्ल; जयार्जुन देव मल्ल; जय-स्थिति मल्ल; धर्म मल्ल, ज्योतिर्मल्ल; यक्ष मल्ल; राय मल्ल; सुवर्ण मल्ल; प्राण मल्ल र जित मल्ल; प्राण मल्ल; विश्व मल्ल; त्रैलोक्य मल्ल; जगज्योति मल्ल; नरेश मल्ल; जगतप्रकाश मल्ल; जितामित्र मल्ल; भाजुकस र जितामित्रकी कान्छी रानी, भूपतीन्द्र मल्ल, रणजित मल्ल; पृथ्वीनारायण शाहको भक्तपुरको हमला; भक्तपुरको मुद्रा मिति; भक्तपुरका राजाहरूको राज्यकाल; भक्तपुरका राजाहरूको वंशावली १२०–१९६

परिशिष्ट १९७–२११

खण्ड—९

पाटन (ललितपुर)

पाटनको परिचय; पाटन; सिद्धिनरसिंह मल्ल; श्री निवास मल्ल; योगनरेन्द्र मल्ल; राजा स्थापना गर्ने छः काजी मन्त्रीहरू; विष्णु मल्ल; राज्य प्रकाश मल्ल; विश्वजित मल्ल; जय प्रकाश मल्ल; रणजित मल्ल; जय प्रकाश मल्ल; दलमर्दन शाह; तेज नरसिंह मल्ल; पाटनको मुद्रा मिति; पाटन राज्यकाल; पाटनका राजाहरूको वंशावली २१२–२३८

खण्ड—१०

कान्तिपुर (काठमाडौं)

कान्तिपुर जिल्लाको परिचय: रत्न मल्ल; सूर्य मल्ल; अमर मल्ल (नरेन्द्रमल्ल); महेन्द्र मल्ल; सदाशिव मल्ल; शिवसिंह मल्ल; लक्ष्मी नरसिंह मल्ल; भीम मल्ल; प्रताप मल्ल; नृपेन्द्र मल्ल; पार्थिवेन्द्र मल्ल; भूपालेन्द्र मल्ल; भाष्कर मल्ल, जगज्जय मल्ल; जयप्रकाश मल्ल; काठमाडौं-मुद्रा मिति: काठमाडौंका मल्ल राजाहरूको राज्य-काल; उपत्यकाका समकालीन राजाहरू; काठमाडौंका राजाहरूको वंशावली, उपत्यकाको मल्लकालीन अवस्था; उपसंहार। २३९–२८९

खण्ड — ११

जात्राहरू

बिस्केट जात्रा; ठिमी जात्रा, भोटो जात्रा; पासा चह्रे जात्रा; २९०–३०१

खण्ड—१२

नेपालका मन्दिरहरू

श्री पशुपतिनाथ; श्री गुहेश्वरी; श्री स्वयम्भू भगवान; श्री बूढानीलकण्ठ; श्री चांगु नारायण; भाटभटेनी; मच्छिन्द्रनाथ; महाङ्काल भैरव ३०२–३२५

खण्ड—१३

चाड़-पर्व

मातृ औंसी; देवाली पूजा; कुमार षष्ठी; घण्टा कर्ण चतुर्दशी, रक्षा बन्धन, पितृ औंसी; इन्द्र जात्रा (येंया पुन्ही); गणेश चौथी, घटस्थापना; यम पञ्चक; बाला चतुर्दशी; धान्य पूर्णिमा; माघे संक्रांति; शिवरात्री; नाग पञ्चमी; फागु अथवा होली पूर्णिमा; दशहरा । ३२६–३८१

★

द्रष्टव्यः—मुद्रणको असावधानीले पृष्ठ १५९ मा बायाँतिर नरेश मल्ल या पुत्र जातको मुन्तिर लाइन रहनुपर्नेमा त्यसैको सोझो दायाँतिर लाइन हुन गएको र पृष्ठ—१६९ मा कुमारीचोकको ब्लॉक उल्टो छापिन गएको छ ।

चित्रसूची

क्रम	पृष्ठ संख्या
१. मुखलिंग पशुपति	४
२. विरुपाक्ष	८
३. मञ्जुश्री बोधिसत्व	१४
४. पाटन (ललितपुर)-को स्तूप	२७
५. लुम्बिनी स्तूप	२९
६. अंशु बर्मा	६२
७. भृकुटी तारा	६६
८. भक्तपुरको आकृति	१२१
९. तलेजु मन्दिर, भक्तपुर	१२६
१०. जयस्थिति मल्ल, भक्तपुर	१३५
११. दत्तात्रय मन्दिर, भक्तपुर	१४२
१२. मंगलेश्वर मन्दिर, भक्तपुर	१५३
१३. तिलमाधव मन्दिर, भक्तपुर	१५६
१४. सिद्धिलक्ष्मी देवी, भक्तपुर	१६०
१५. जगत प्रकाश, भक्तपुर	१६१
१६. लोहंदेगः (ढुङ्गा मन्दिर)	१६२
१७. राजा जगत प्रकाश र मंत्री चन्द्रशेखरको शालिक	१६३
१८. जितामित्र मल्ल, भक्तपुर	१६६
१९. सुनधारा तलेजु,	१६७
२०. कुमारी चोक (ढुङ्गे खाट)	१६९
२१. तलेजु नक्सींहरू	१७०
२२. राजा भूपतिन्द्र मल्लको शालिक	१७५
२३. न्यात पौ (पांच तल्ले) मन्दिर	१७६
२४. दरबार स्क्वायर (५५ झ्याले दरबार)	१७७
२५. भगवती मन्दिर	१८०
२६. भैरव मन्दिर	१८२
२७. राजा रणजीत मल्ल र राजा जयप्रकाश मल्ल, भक्तपुर	१८४
२८. सुनढोका, भक्तपुर	१८५
२९. वाकुपति नारायण मन्दिर, भक्तपुर	१८७

३०. दरबार स्क्वायर, भक्तपुर १९०
३१. बिस्केट जात्रा १९२
३२. भक्तपुरको पुरानो दरबार १९३
३३. बौद्ध मन्दिर (पाटन) २१३
३४. राजा सिद्धिनरसिंह मल्ल, पाटन २१५
३५. टुसाहिटी (धारा) ,, २१६
३६. कृष्ण मन्दिर ,, २१७
३७. दरबार स्क्वायर ,, २२०
३८. राजा योग नरेन्द्र मल्लको शालिक २२३
३९. भीमसेन मन्दिर २२४
४०. तलेजु मन्दिर २३०
४१. राजा जयप्रकाश मल्ल २३१
४२. काठमाण्डूको नक्सा, २४०
४३. भूगोल पार्क (नयाँ सडक) २४१
४४. तलेजु मन्दिर (कान्तिपुर) २४२
४५. श्री पशुपति मन्दिर, देउपाटन २४३
४६. राजा महेन्द्र मल्ल २४५
४७. राजा प्रताप मल्ल २५३
४८. भण्डारखाल पोखरी (कान्तिपुर) २५५
४९. रानी पोखरी (कान्तिपुर) २५७
५०. हनुमान ढोका ,, २५८
५१. नृत्यमुद्रामा राजा प्रताप मल्ल २५९
५२. न्यूरोड (कान्तिपुर) २६०
५३. पार्थिवेन्द्र मल्ल ,, २६५
५४. राजा भूपालेन्द्र मल्लको शालिक २६७
५५. रानी भुवनलक्ष्मी देवीको शालिक २६९
५६. राजा भाष्कर मल्ल २७०
५७. पाटन-भक्तपुर-कान्तिपुरका राजाहरू २८८
५८. पशुपति-मन्दिर ३०३
५९. श्री गुह्येश्वरी मन्दिर ३०५
६०. श्री स्वयम्भू चैत्य ३०८
६१. श्री बूढा नील कण्ठ ३११
६२. श्री चांगुनारायण ३१३

नेपालको सांस्कृतिक
तथा
ऐतिहासिक दिग्दर्शन

खण्ड-१

पौराणिक-काल

प्राचीन इतिहासको पूर्व वृत्तान्त

श्री भगवानले दश अवतार रूप धारण गरी संसारको क्रमलाई सत्य, त्रेता, द्वापर र कलि जम्मा चार युगमा विभाजन गरी समयको परिवर्तन चक्रमा समावेश गरिराखेको तथ्य प्राचीन पुराण तथा ग्रन्थहरूको अध्ययनबाट स्पष्ट हुन्छ। यी चार युगको अवधि निम्नबमोजिम भएको पाइन्छ—सत्ययुग १७,२८,००० वर्ष, त्रेता युग १२,९६,००० वर्ष, द्वापर युग ८,६४,००० वर्ष र कलियुग ४,३२,००० वर्ष। यी युगहरूमा सृष्टि, स्थिति र संहारकर्ताको रूपमा क्रमशः ब्रह्मा, विष्णु र महेश्वरलाई लिइएको पाइन्छ। पौराणिक कथनअनुसार यस संसारलाई स्वर्ग, मर्त्य र पाताल गरी जम्मा तीन भू-भागमा विभाजन गरिएको र यिनै तीन भू-भागमा विभिन्न युगमा भगवानले विभिन्न अवतारहरू लिएको र विभिन्न परिवर्तनहरू भएको प्रमाणहरू पाइन्छन्, जस्तै—सत्ययुगमा भगवानले मत्स्य र वाराह अवतार लिएको, देवता र दानवहरूबीच समुद्र मन्थन भएको, हिरण्यकश्यपुलाई मारी प्रह्लादको रक्षा गरेको पाइन्छ भने त्रेता युगमा भगवानले त्रिविक्रम रूप वामन अवतार लिएको, परशुरामले एक्काईस पटकसम्म क्षत्रीय नाश गरेको, रामचन्द्र अवतारमा सीता हरण भएको, लंकामा रावण वध, अयोध्या राज्यजस्ता घटनाहरू भएको पाइन्छ। यसै गरी द्वापर युगमा कृष्ण लीला, बलभद्र अवतारमा दानव नाश, महाभारत काल र युद्ध धर्म प्रबल भै दानव धर्म घटाएको प्रमाणहरू पाइन्छन् भने कलियुगमा राजा-रजौटा, सन्त-महन्तको सुखभोग, गणराज्य, प्रजातन्त्रको उदय भै धर्म लोप हुने र अधर्मको विजय हुनेजस्ता कुराहरू उल्लेख भएको पाइन्छ। यस्तै मनुष्यको आयु गणनाक्रममा पनि सत्य युगमा १०,००० वर्ष, त्रेता युगमा ५,००० वर्ष, द्वापर युगमा १,००० वर्ष र कलियुगमा १०० वर्ष मानिएको छ।

द्वापर युगको १५,००० वर्ष बितिसकेपछि भगवान श्री शंकरनाथले किरातीरूप लिई हिमालय पर्वतको काखमा प्रवेश भई "किराती राज्य" संचालन गरेको कुरा वंशावलीमा उल्लेख भएको पाइन्छ। किरातीहरूले दश हजार वर्षसम्म अविच्छिन्न राज्यको रजाइँ चलाइसकेपछि देवताहरू मानिसको रूपमा प्रवेश भएको कुरा

उपाख्यान भएको छ। त्यसपछिको १,००० वर्षसम्म नेपालमा कुनै शासकले पनि राज्य नगरेको भन्ने कतै-कतै उल्लेख भएको पाइन्छ तापनि त्यति नै बेला नेपाल खाल्डोमा विशालनगर भन्ने शहर थियो भन्ने वंशावलीहरूले बयान गरेको पाइन्छ। कालान्तरको २००० वर्षसम्म पनि यो नाम कायम रहेको र त्यसपछि मात्र नेपाल खाल्डोको इतिहास ढाकेको कथन एकथरी वंशावलीमा पाइन्छ भने यसै बीचमा पिंगला रानीको कथामा पिंगला रानीले २० वर्षसम्म राज्य चलाएको कुरा कुनै-कुनै वंशावलीमा उल्लेख गरेको पाइन्छ। द्वापर युगको ९५० वर्ष बाँकी भएपछि अन्धकारले ढाकिराखेको नेपाल भू-भागमा कसैलाई राजा बनाई राज्यको संचालन गराउन अत्यावश्यक महसूस गरी देवताहरूले हिमालय पर्वतराजलाई नेपाल राज्यको संचालन गर्न लगाएका थिए। यिनै पर्वतराजकी रानी मेनकाको गर्भबाट पार्वतीको जन्म भएको थियो। यी कन्या पार्वतीले श्री शंकरलाई पति पाउन तनमन ध्यान दिई ठूलो भक्ति-भावले श्री शंकरनाथको आराधना गर्दा श्री शंकरनाथ प्रसन्न भई यिनै कन्या पार्वतीलाई विवाह गरी शिवलोकमा ठूलो स्थान प्राप्त भएको कुरा देवी भागवतको पौराणिक कथामा उल्लेख गरेको पाइन्छ।

केही कालपछि श्री शंकरनाथ शिवजीले आफुप्रति पार्वतीको पतिभक्ति र माया कतिको रहेछ भनी परीक्षा गर्न मायाजाल रचेर आफु गुप्तरूपबाट कैलाश छोडी नेपालको स्वच्छ हावा, फल-फूल र सुगन्धित फूलहरूले भरिभराउ भै सिंगारिएको बागमती नदीको किनारमा रहेको मृगस्थली भन्ने जंगलमा मृगहरूको फौजमा आफू पनि मृग रूप धारण गरी पशुहरूसँग आनन्द मनाइरहेको कथा पनि पाइन्छ। उक्त कथा यस प्रकार छ :—

आफ्नी पत्नी पार्वतीले थाहा नपाउने गरी कैलाश छोडी पृथ्वीमण्डलमा खजूर, सुन्तला, बिमिरा आदि अनेक रसिलो फलफूलले सिंगारिएको मनोहर ताल र स्वच्छ हावाले युक्त भएको श्लेष्मान्तक वनमा श्री शंकरनाथ शिवजी पशुको रूपमा मृग-हरूका साथ वन-विहार गरिरहेका थिए। कैलाश राजभरि आफ्ना पति श्री शंकर-लाई नपाउंदा पार्वतीले पनि कैलाश छोडी नेपालको बागमती नदीको किनारमा आफ्ना पति शिवजीको आराधना गरी तपस्या गर्न लागिन्। पार्वतीको अर्को नाम गौरी थियो। पार्वती (गौरी)-को तपस्या देखी श्री शंकरनाथ पार्वती तपस्या गरिरहेको ठाउँमा आई आफ्नी पत्नी गौरीलाई दर्शन दिएका थिए। यसरी गौरीले तपस्या गरी शिवजीको दर्शन प्राप्त गरेको ठाउँमा आजसम्म गौरीघाट नामले प्रसिद्ध छ। उता कैलाशमा श्री शंकर र पार्वती दुवैलाई नदेख्दा देवलोकमा ठूलो खलबली मच्चियो। यो अनर्थ भयो भनी सबै देवताहरू ब्रह्मा, विष्णु र इन्द्रकहाँ शरण पर्न गई बिलौना गर्न थाले। देवताहरूको बिलौना सुनी ब्रह्मा, विष्णु र इन्द्रले श्री शंकर-

नाथ पृथ्वीमण्डलमा पशुयोनिमा प्रवेश भै श्लेष्मान्तक वनमा मृगरूप लिई वन-विहार गरिरहेका थाहा पाए। वन-विहार गरी मृगको बथानमा श्री शंकरनाथ एकमात्र सिङ भएका चंचलताले युक्त भै अति सुन्दर मृगरूप धारण गरी वन विहार गरिरहेका पत्ता लगाई ब्रह्मा, विष्णु र इन्द्र तीनैजना मृगरूपी श्री शंकरनाथको अगाडि गई भक्ति भावले श्री शंकरनाथलाई कैलाश फर्कन अनुरोध गर्न लागे। मृगरूपी श्री शंकरले ब्रह्मा, विष्णु र इन्द्रले आफू मृगरूप धारण गरी वन विहार गरिहेको थाहा पाएछन् भन्ने सम्झी मृगरूपी श्री शंकर झन्-झन् टाढा भाग्न थाल्नुभयो। भक्ति-भावले श्री शंकरलाई खुशी पार्न नसकिने सम्झी ब्रह्मा, विष्णु र इन्द्रले एक सिङ भएका मृगरूपी श्री शंकरलाई सिङमा समाउने निधो गरी श्री शंकरनाथको सिङमा समाते। मृगरूपी श्री शङ्करनाथ उफ्रेर अन्तर्ध्यान भए, सिङ मात्र तीन टुक्रा भई ब्रह्मा, विष्णु र इन्द्रको हातमा एक-एक टुक्रा पर्ने गरी भाँचियो। अनि आकाशबाट श्री शंकरनाथबाट वाणी भयो कि हे ब्रह्मा, हे विष्णु हे इन्द्र ! ती तिमीहरूको हातमा रहेको मृगको सिङलाई तीनैजनाले तिनैलोकमा गई स्थापना गर्नु तब तिमीहरूको पाप मोक्ष हुनेछ र सिद्धि प्राप्त भई तीनै लोकका वासिन्दाहरू उद्धार हुनेछन्। यस्तो आज्ञा भई श्री शंकरनाथ तपस्या गरी बसेकी पार्वतीलाई साथमा लिई कैलाशमा गए। वाणीबमोजिम् श्री इन्द्रले आफ्नु हातमा भएको मृगको सिङलाई स्वर्गको अमरावतीमा, श्री विष्णुले पातालमा र श्री ब्रह्माले मर्त्यलोकको गोकर्ण भन्ने स्थानमा स्थापना गरेर सिद्धि प्राप्त गरी तीनै लोकको उपकार गरेको उपाख्यान पौराणिक गाथा छ। त्यो मृगको घटना श्लेष्मान्तक वनमा भएकोले त्यस स्थानको नाउँ आजसम्म मृगस्थली नामले प्रख्यात भै ठूलो पुण्य भूमिको रूपमा तीर्थस्थल मानी आइराखेको व्याख्या छ। श्री ब्रह्माले भाँचिएको मृगको सिङ स्थापना गर्नुभएको गोकर्ण स्थानको महत्व बुझेर इन्द्रादि देवताहरू, अप्सराहरू गुप्त रूपले गोकर्णमा आई नाचगान गर्ने र श्री शंकरनाथलाई भक्ति-भाव अर्पण गर्न थाले। साथै ऋषि-मुनिद्वारा गरिने प्रवचन सुन्न आउने स्थान भएकोले गोकर्ण क्षेत्रको महिमा बड़ो महत्वको मानिएको छ। शिव-पार्वती नामक ग्रन्थअनुसार श्री शंकरनाथ गुप्त रूपबाट वनविहार गर्न आएको श्लेष्मान्तक वनलाई 'गुप्तपुरी' नाम-करण गरिएको कुरा उल्लेख छ। यसरी यो पशुपति क्षेत्रलाई शिव सम्प्रदायको निमित्त तीनै लोकमा सबभन्दा उत्तम र ठूलो स्थान मानिएको छ। साथै श्री शिवजी पशुयोनिमा प्रवेश भै विहार गरेको स्थानमा लिङ्ग स्थापना गरिएको स्थान हुनाले त्यस लिङ्गको नाम पशुपतिनाथ हुन गई यस क्षेत्रको महिमाबारे नेपाल माहात्म्यमा ठूलो महत्व दिई तीर्थ भूमिको रूपमा ऐतिहासिक व्याख्या गरिराखेको पाइन्छ। तर माथि उल्लेखित उपरोक्त कथाको युगको समय नमिल्ने भएकोले अध्ययन र अनु-सन्धान गर्ने काम बाँकी नै छ।

पशुपति क्षेत्र र नेपालको नामकरण

नेपाल माहात्म्यको अध्याय १५ मा पशुपति क्षेत्रको क्षेत्रफल पूर्वमा कोशी नदी, पश्चिममा त्रिशूली नदी, उत्तरमा शिवपुरी र दक्षिणमा शीतलोदका (चिसापानी खोला ?) मानिएको छ। स्वर्गका ब्रह्मा, विष्णु र इन्द्रले स्थापना गरेको हिमवत्-खण्डको बागमती नदीको किनाराको शिवलिङ्ग यसै मर्त्यलोकमा रहेकोले यस क्षेत्र-लाई ठूलो पुण्यभूमिको रूपमा यसको महत्व मानिन्छ। यही पुण्यभूमिमा स्थापित शिवलिङ्गको मूर्ति विषयलाई लिएर स्वर्गका देवताहरू आफु-आफुमा घमण्ड गरी मत-भेद भएको उपाख्यान पाइन्छ। श्री शंकरनाथ शिवजीले यी ब्रह्मा, विष्णु, इन्द्र तीनै-जनाको म हुँ भन्ने घमण्ड र शेखी तोड्न बागमती नदीको किनारमा स्थापना गरि-एको शिवलिङ्गमा ज्योति प्रकट गराएर तीनैजनाको घमण्डलाई तोडिदिए। यसमा

(मुखलिङ्ग पशुपतिनाथ)

ब्रह्मा, विष्णु र इन्द्र तीनैजनाले आफूले गरेको घमण्डलाई बिर्सी श्री शंकरनाथसंग क्षमा याचना गरे। श्री शंकरनाथले यी तीनैजनाको क्षमायाचनालाई स्वीकृति दिई त्यही ज्योतिमा विलीन गराइदिए। यसरी ब्रह्मा, विष्णु र इन्द्र तीनैजना त्यो ज्यो-

तिमा प्रवेश भई विलीन भएकोले श्री शिवजीको लिङ्गमा चार मुख भएको शिवलिङ्ग प्रकट भएको हुनाले र नेपाल हिमवत्खण्डको वनमा श्री शंकरनाथ पशुयोनिमा प्रवेश भएकोले त्यस स्थानमा स्थापना भएको चतुर्मुखी शिवको लिंगलाई 'पशुपति-नाथ'-को नामले सिद्ध प्राप्त भई त्यस क्षेत्रलाई ठूलो पुण्यभूमिको रूपमा मानी पशुपत सम्प्रदायमा ठूलो महत्व दिइएको हो। शिवलिंग स्थापना भएपछि त्यो शिव-लिंगमा ज्योति प्रवेश गराई ब्रह्मा, विष्णु र इन्द्रले सिद्ध प्राप्त गरेको हुनाले त्यस देश-लाई सत्ययुगमा सत्यवतीपुर, त्रेतायुगमा तपोवन, द्वापर युगमा मुक्तिपुर र कलियुग-मा आर्यावर्त वा आर्यतीर्थ अथवा सुवर्णपुरी आदि नामले प्रसिद्ध भई सबै लोकको निमित्त महत्वपूर्ण स्थान मानिएको छ। यस स्थानमा सबै देव-देवताहरू विराजमान भै उद्धार भैगएको हुनाले पुराण तथा इतिहासमा यस क्षेत्रले ठूलो महत्व ओगटेको पाइन्छ। वाराह पुराणमा यस पुण्यभूमिको क्षेत्रफल केवल १४ योजनमात्र देखाइए-को छ।

कालान्तरमा श्री पशुपतिनाथको मूर्ति भूकम्पले भत्की मन्दिरसमेत बेपत्ता भई पुरिएर रह्यो। यसै बेला दानासुर नाम गरेको दानव प्रवेश गरेर १००० वर्षसम्म राज्य गरे। यही दानवको राज्यकालमा यो दानबले आफ्नी छोरीलाई जलविहार गराउन् बागमती नदीलाई थुनेर पोखरीमा परिणत गराइदियो, जसले गर्दा बागमती-को जलमा रहेका जीव-जन्तु र प्राणीहरू नष्ट भए। दानासुरले आफ्नो राज्यका-लमा धेरै नै अत्याचार गऱ्यो। यसरी दानासुरको अत्याचार देखेर द्वारिकाबाट श्री कृष्ण भगवान धेरै ग्वालाहरूको साथ नेपाल प्रवेश गरेर उनले दुष्ट दानासुरलाई भस्म गराइदिएका थिए। श्री कृष्णका साथ धेरै ग्वालाहरू नेपाल प्रवेश गर्दा पहिले यिनीहरू पद्मकायष्टगिरिमा गाईहरूको लागि गोठ बनाई बसेका थिए। त्यसपछि श्री कृष्णका छोरा प्रद्युम्नले निज दुष्ट दानासुरकी कन्यालाई वरण गरी गन्धर्व विवाह गरेर आफ्नो चक्रद्वारा हालको चोभार डाँडालाई फोडी जलामग्र भएको पानी सबै बाहिर पठाई नेपालमा पुनः बस्ती बसाएको कुरा पुराण तथा वंशावलीमा उल्लेख भएको पाइन्छ। अन्त्यमा यिनै गोपालहरू (ग्वालाहरू) नेपाल खाल्डोमा शासकको रूपमा देखा परेर गोपाल वंश अथवा गुप्त वंशको नामले शासन चलाई गोपाल वंशको नामले इतिहास शुरू भएको पाइन्छ। तर बौद्ध पुराणमा भने नेपालको उत्पत्ति नाग-दहको सरोवरबाट शुरू गरिएको देखिन्छ। यसैले यस सम्बन्धमा इतिहासकारहरूले आ-आफ्नो ग्रन्थमा मतैक्य नभई फरक-फरक तथ्य उल्लेख गरेको पाइन्छ। अतः यो विषय पनि अध्ययन र खोजीको विषय भएको छ।

वंशावलीको अध्ययनबाट द्वापरयुगदेखि आजसम्मका राजाहरूको पुस्तावारी निम्नअनुसार अनुमान हुन आउँछ :—

राजाहरूको पुस्तावारी—

(१) गोपाल वंशका राजाहरूको पुस्तावारी :—

भुगतमान गुप्तदेखि यक्ष गुप्तसम्म जम्मा पीढी ८

(२) अहिर गोपाल वंश राजाहरू :—

बल्ल सिंहदेखि भूवनर्पसिंहसम्म जम्मा पीढी ३

(३) किराती वंश राजाहरू : —

बल्लभदेखि गस्तीसम्म जम्मा पीढी १९

(४) सूर्यवंशी लिच्छवी राजाहरू :—

निमिषदेखि विश्वगुप्तसम्म जम्मा पीढी ३२

अथवा

पशुपतिको शिलालेखबमोजिम

सुपुष्पदेखि जयदेव (द्वितीय)-सम्म जम्मा पीढी ५३

(५) ठकुरी लिच्छवी वंशका राजाहरू :—

अंशुवर्मादेखि जयकामना देवसम्म जम्मा पीढी १७

(६) नुवाकोटे ठकुरी लिच्छवी वंशका राजाहरू :—

भाष्करदेवदेखि अमृतदेव (मित्रदेव)-सम्म जम्मा पिढी १३

(७) सूर्यवंशी मल्ल राजाहरू :—

अरिदेव मल्लदेखि रणजित मल्लसम्म जम्मा पीढी १९

(८) शाह वंशका राजाहरू

पृथ्वीनारायण शाहदेखि वीरेन्द्र वीर विक्रम शाहसम्म जम्मा पीढी ११

उपरोक्त माथि उल्लेखित तालिकाबमोजिम शुरूमा गोपाल वंशका राजाहरूको राज्यकाल पुस्तावारी ८ पीढी देखाइएको छ तर यिनीहरूको राज्यकालका घटनाहरू प्रमाणित गरी किरातीहरूको राज्यकालसम्म राम्ररी प्रकाशमा आएको छैन, यो अवधि अझैसम्म पनि अन्धकारमै ढाकिइराखेको छ। विदेशी विद्वानहरू–राइट र कर्कपेट्रिकको वंशावलीमा समेत यी राज्यकाल फरक-फरक र उल्टोपाल्टो गरी लेखेको पाइन्छ। तर यी दुवै विद्वानहरूले यी राज्यकालको राजधानी मातातीर्थलाई नै मानेका छन्।

गोपाल वंशका राजाहरू

राइटको वंशावलीअनुसार

राजाको नाम	शासन	राजधानी
१. भुक्तमान	८८वर्ष	राजदरवार मातातीर्थ
२ जय गुप्त	७२ ,,	
३. परम गुप्त	८० ,,	
४. भीम गुप्त	९३ ,,	
५. भीमगुप्त (द्वितीय)	३८ ,,	
६. मणि गुप्त	३८ ,,	
७. विष्णु गुप्त	४२ ,,	
८. यक्ष गुप्त	३१ ,,	

कर्क पेट्रिकको वंशावलीअनुसार

राजाको नाम	शासन	राजधानी
१. भुरीमान	४८ वर्ष ३ म०	राजदरवार मातातीर्थ
२. जय गुप्त	७३ ,, ३ ,,	
३. परम गुप्त	९१ वर्ष	
४. श्री हर्ष	६७ ,,	
५. भीम गुप्त	३८ ,,	
६. मणि गुप्त	३७ ,,	
७. विष्णु गुप्त	६६ ,,	
८. जय गुप्त	७१ ,,	

नेपाली भाषा वंशावलीअनुसार

राजाको नाम	शासन	राजधानी
१. भुगतमान	९८वर्ष	राजदरवार मातातीर्थ
२. जय गुप्त	९२ ,,	
३. परम गुप्त	८८ ,,	
४. हर्ष गुप्त	९७ ,,	
५. भीम गुप्त	८५ ,,	
६. मणी गुप्त	८८ ,,	
७. विष्णु गुप्त	९२ ,,	
८. यक्ष गुप्त	५८ ,,	

नोट : एउटा अर्को वंशावलीमा यी राजाहरूको ८ पीढी नै दिई राजदरवार आधुनिक कीर्तिपुरको दक्षिणमा थियो र त्यहींबाट राज्य संचालन हुन्थ्यो भन्ने उल्लेख छ।

विरूपाक्षको उद्धार

देउपाटन पशुपति क्षेत्रको आर्यघाटमा रहेको विरूपाक्षबारे बौद्ध पुराण, नेपाल माहात्म्य र वंशावलीमा उल्लेखित भिन्ना-भिन्नै कथाहरू पाइन्छन्। बौद्ध पुराणमा उल्लेखित कथाअनुसार विरूपाक्ष १२ वर्षमा प्रवेश भएपछि आफ्नो जन्मकुण्डली

हेर्दा उनले भविष्यमा आफ्नै आमासँग संभोग गर्नुपर्ने कुरा लेखिएको थाहा पाए । यस कुराले उनलाई अत्यन्त चिन्तित बनायो र आफ्नी आमको माया, घर-द्वार सबै छोडेर साधुको भेष धारण गरी विदेशमा घुम्न थाले । पुत्र वियोग भएकी उनकी आमा पनि आफ्नो छोराको खोजीमा आफ्नो घर-द्वार सबै छोडी देश-विदेशमा भ्रमण गर्न थालिन् । धेरै वर्षपछि आमा र छोराको एकै स्थानमा भेट भयो तर एकले अर्कालाई

(विरूपाक्ष)

चिन्न सकेनन् । दुवैको सम्बन्ध बढ्दै गयो र आफ्नो यौन तृप्तिको लागि विरूपाक्षले आफ्नी आमालाई संभोग गरे । पछि विरूपाक्षले आफ्नी आमामाथि यस्तो कुकृत्य भएको महाअपराध थाहा पाए र प्रायश्चित्तको लागि श्री शिवजीको शरणमा गई विलीना गरी आफ्नो पापको प्रायश्चित्तको लागि प्रार्थना गरे । उनको प्रार्थनाबाट शिवजी खुशी भई प्रायश्चित्त मोचनको लागि उनलाई १२ भारी पग्लेको तामा खाने सल्लाह दिए । शिवजीको यस्तो सल्लाह सुनी विरूपाक्ष शिवजीदेखि रिसाई उनको सल्लाह नमानी पुनः देश-विदेश घुम्न थाले । संयोगवश घुम्दा-घुम्दै उनले एकजना

बौद्ध भिक्षुलाई भेटे र आफूले गरेको कुकृत्यको वृत्तान्त बौद्ध भिक्षुलाई जाहेर गरी पापमोचनको उपायको लागि अनुरोध गरे। विरूपाक्षको कुरा सुनी बौद्ध भिक्षुकले पाप-मोचनको लागि मालाको डोरी नटुटेसम्म घुमाउनु भनी मन्त्रदान दिए। बौद्ध भिक्षु-कको कुरा पनि विरूपाक्षलाई मन परेन र उनी पुनः देश-विदेश घुम्न थाले। धेरै देश-विदेश घुमिसकेपछि विरूपाक्षले बौद्ध भिक्षुकले दिएको अर्ती र मन्त्रदान नै पाप मोक्षको उत्तम उपाय सम्झेर भिक्षुकको मन्त्रद्वारा मालाको धागो नटुटेसम्म घुमाउन थाले। यसमा उनले सफलता प्राप्त गरे र आफ्नो प्रायश्चित्तबाट मुक्ति पाए, तर यति नै बेला उनको अगाडि शिवलिङ्ग उत्पत्ति भयो। शिवजीदेखि रिसाएका विरूपा-क्षले त्यो शिवलिङ्ग नष्ट गर्न लाग्यो र पशुपतिनाथको लिङ्गलाई पनि नष्ट-भ्रष्ट गर्न तत्पर भयो। आफूलाई आपद आइलाग्न थालेको देखेर "बुद्धं सरणं गच्छामि" भन्दै शिवजी बुद्धको शरणमा जानुभयो र बुद्ध भगवानले श्री शिवजीको रक्षा गरे। पछि सम्पूर्ण विवरण थाहा पाएपछि विरूपाक्षले शिवजीको महिमा बुझेर श्री पशुपति-नाथको पूजा-आराधना गरी क्षमा माग्यो। विरूपाक्षले नष्ट गर्न लागेको शिवलिङ्ग-हरूमा पशुपति लिङ्गबाहेक अरू सबै लिङ्ग झुकेका हुन् भन्ने बौद्ध पुराणमा बयान छ।

भाषा वंशावलीअनुसार विरूपाक्षको विषयमा यस्तो कथा उल्लेख भएको पाइन्छ :—विरूपाक्ष पूर्वजन्ममा वेदशास्त्र नपढी आफ्नै आमासंग व्यभिचारी भई संभोग गर्ने, वेश्याहरूसंग भुलेर हमेशा रतिक्रीडामा लागिरहने, सुरापान गर्ने, मांसा-हारी जस्ता विभिन्न कुकृत्य गरी हिंड्ने महा पापात्मा थियो। पछि उनी क्षत्रीय कुलमा धर्म शर्मा नाम गरेका ब्राह्मणको पुत्र भै जन्मेका थिए। पूर्वजन्मको उनको पापात्मा कामले गर्दा उनको शरीरमा कुष्टरोग लगायत नाना रोगले सताई कुरूप भै साह्रै कष्टदायी जीवन बिताइरहेका थिए। कुष्टरोगी, कुरूप भएको हुनाले घरका परिवारहरूबाट पनि हेलां भै उनी सबै परिवारलाई त्यागी विदेश भ्रमण गर्न गए। घुम्दै-घुम्दै अन्त्यमा उनी ने मुनिले तपस्या गरिरहेको स्थानमा पुगे। त्यहाँ गंगाजीमा स्नान गर्दा-गर्दै आफ्नो रोगको पीडाका वेदनाले 'कस्तो महा कष्ट र पीडा हे प्रभु!' भनी परमेश्वरलाई पुकार गरिरहेको त्यस कुष्ट रोगीलाई नै मुनिले देखे। उनको कष्ट-को करुण आवाज र कुरूप शरीर देखी ने मुनिले उनीसंग सोधे—सिंह, शार्दूल आदि जंगली भक्षक पशुहरूले सताइएको यस्तो निर्जन स्थानमा यस्तो रोगले सताइएका तिमी कहाँबाट कसरी आयौ? तिमी को हौ र किन यहाँ आयौ? ने मुनिको यस्तो प्रश्न सुनी विरूपाक्षले आफ्नो सम्पूर्ण वृत्तान्त विन्ती गरी मुनीश्वरको शरणमा आएको कुरा जाहेर गरे। उनको भक्तिदेखि खुशी भएका ने मुनिले उनलाई आज्ञा भयो कि ईश्वरको अनुग्रहले नेपाल नाम भएको मेरो यस देशका साढेतीन कोटि तीर्थले युक्त भएका चतुर्मुखले राज गरेका, तेत्तीस कोटि देव-गन्धर्वले पुजिएका, परमेश्वरको यस

क्षेत्रमा स्नान-ध्यान गरी पूजा-अर्पण गर्नु, शिवजी र देवीको पूजा-भक्ति र आराधना गर्ने गर। यसबाट ईश्वर खुशी भै तिम्रा सम्पूर्ण रोगको पीडा छुट्नेछ भन्ने उपदेश दिए। साथै पहिले-पहिले कुष्टरोगबाट सताइएका पापात्माहरू पनि उद्धार भएको कथा ने मुनिबाट विरूपाक्षलाई आज्ञा भयो।

ने मुनिको उपदेश सिरोपर गरी विरूपाक्ष तीर्थयात्रामा मेला भर्दै ने मुनिलाई खुशी पार्दै अन्त्यमा उनी मणिचूड पर्वतमा बसी देवीको स्तुति गर्दै पूजा-ध्यान गर्न लागे। उनको पूजा र भक्तिदेखि देवी खुशी भई वरदान माग्ने आज्ञा भयो। देवीको यस्तो आज्ञा सुनी विरूपाक्षले आफ्नो कुरूप शरीर र सम्पूर्ण रोग-व्याधिबाट मुक्त हुन पाउँ र सधैं देवीको सेवक हुन पाउँ भनी विन्ती चढाए। तथास्तु भनी देवी अन्तरध्यान भइन्, यो नै कलिको शुरूआत थियो, आदि।

खण्ड—२

ऐतिहासिक काल

नेपाल उपत्यकाको उत्पत्ति :

नेपाल माहात्म्य तथा पुराणहरूमा उल्लेखित तथ्यअनुसार द्वापरयुगमा दानव बाणासुरले भगवान ब्रह्माको तपस्या गरेका थिए। दानवको तपस्या र भक्तिदेखि खुशी भएका ब्रह्माजीबाट बाणासुरलाई वर माग्ने आज्ञा भयो। दानव वाणासुरले मर्त्यलोकमा राज्य गर्न पाउँ भनी ईश्वरसँग वरदान माग्यो। तिम्रो इच्छा साकार हुनेछ भन्ने वरदान दिई ब्रह्मा अन्तरध्यान भए। सोही वरदानबमोजिम दानव बाणासुरले मर्त्यलोकमा १००० वर्षसम्म राज्य चलाए। बाणासुरका महेन्द्र दमन र कच्छपासुर नाम गरेका छोराहरू र प्रभावती नाउँ गरेकी छोरी थिइन्। यी दानवहरूले मर्त्यलोकका यावत जीवात्माहरूलाई हुनसम्म दुःख दिएका थिए। दैत्यराजको अत्याचारले गर्दा श्री कृष्ण भगवान मर्त्यलोकका जीवात्माहरूलाई दानवको अत्याचारबाट छुटकारा दिन आफ्ना धेरै ग्वालाहरू साथ यहाँ आएका थिए। बाणासुर दैत्यले कतिसम्म अत्याचार गरेको थियो भने आफ्नी छोरी प्रभावतीलाई जल-विहार गराउन बागमती नदीलाई थुनी नेपाल खाल्डोलाई पोखरीमा परिणत गराइदिएको थियो। श्री कृष्ण भगवानले आफ्नो चक्रद्वारा वाणासुर, महेन्द्र दमन र कच्छपासुर आदि सबै दानवहरूलाई भस्म गरी सोही चक्रद्वारा जलमग्न भएको नेपाल खाल्डोको दक्षिणतिर रहेको पहाड फोडी हालको चोभारको बाटो जलमार्ग बनाई सबै पानी बाहिर पठाई नेपालमा वस्ती बसाउन योग्य ठाउँ बनाएका थिए। त्यसपछि श्री कृष्णका छोरा प्रद्युम्नले बाणासुरकी छोरी प्रभावतीसंग गन्धर्व विवाह गरेको उपाख्यान छ। पछि नेपाल खाल्डोमा श्री कृष्णले आफ्नो साथ लगेका ग्वालाहरूलाई यहाँका शासक बनाई आफू द्वारिका नै फर्केर गएका थिए। यी ग्वालाहरूले पहिलो पद्मकाष्ठ गिरिमा बसेर गाईहरूको सेवा गरी राज्य चलाएको कुरा माथि नै बयान भैसकेको छ। वंशावली तथा इतिहासमा नेपालका पहिलो शासकको रूपमा यी गोपाल अथवा ग्वालाहरूलाई स्थान दिइएको पाइन्छ।

तर स्वयम्भू पुराण तथा बौद्ध पुराणले भने नेपाल उपत्यकाको उत्पत्ति नागदह नाम गरेको सरोवर (तलाउ)-बाट भएको हो भनी उल्लेख गरेको पाइन्छ। नेपालका धेरैजसो वंशावलीहरूमा यसै प्रसंगलाई स्थान दिई नेपाल माहात्म्य र हिन्दू पुराणलाई बेवास्ता गरेको देखिन्छ। यो नागदह नागहरूको बासस्थान भएकोले नै यसको नाउँ

नागदह नामकरण भएको उपाख्यान छ। कालान्तरमा श्री विश्वम्भू नाम गरेका महात्माको यहाँ आगमन भएर आफ्ना शिष्यहरूलाई भविष्यमा यहाँ नेपाल उपत्यका-भित्र सुन्दर देश निर्माण हुने कुराको भविष्यवाणी गरेर आफू स्वदेश फर्केका थिए भन्ने पनि बौद्ध ग्रन्थमा उल्लेख भएको छ।

विपश्वी बुद्ध :

वंशावलीमा विपश्वी बुद्धको नेपाल आगमनको समय सत्ययुग उल्लेख गरिएको छ तापनि बौद्ध ग्रन्थहरूमा सर्वप्रथम विपश्वी बुद्ध नै पहिला नेपाल आउने व्यक्ति हुन् भन्ने उल्लेख छ। उनी नेपाल आएर नागदहको पश्चिम-उत्तर कोणमा जातमात्रोका नामक पर्वतमा बसेका थिए जुन पर्वतको नाम हाल नागार्जुनको नामले प्रसिद्ध छ। बौद्ध ग्रन्थहरूअनुसार उनले यहाँ बसेर चैत्र शुक्ल पूर्णिमाका दिनमा नागदह भन्ने तलाउमा कमलको बीज रोपेका थिए। बीज रोपेको ठीक छः महिनापछि अर्थात् आश्विन शुक्ल पूर्णिमाको दिनमा त्यसै बीजवाट एउटा अनौठो कमलको फूल फुल्यो। त्यसपछि विपश्वी बुद्ध आफ्नो पुरानो आश्रममा फर्केर गए। आफ्नो आश्रममा फर्केर जाने बेलामा यहाँको पानी सबै बाहिर गई नेपाल खाल्डो उपत्यकाको रूपमा विकाश-हुने र सुन्दर बस्ती बस्ने भविष्यवाणीको कुरा आफ्ना सबै शिष्यहरूलाई सुनाएर सबैलाई ज्ञान दिलाएको कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख छ। यसै घटनालाई लिएर चैत्र शुक्ल पूर्णिमाको दिनमा त्यहाँ ठूलो मेला लाग्ने परम्परा आजसम्म कायमै रहेको छ।

स्वयम्भूको उत्पत्ति :

वंशावलीअनुसार श्री विपश्वी बुद्धले नागदह नामको सरोवरमा चैत्र शुक्ल पूर्णिमाको दिनमा रोपेको कमलको बीजवाट ठीक छः महिनापछि आश्विन शुक्ल पूर्णिमाको दिनमा एक अनौठो, अलौकिक कमलको फूल उत्पत्ति भयो। भगवान श्री स्वयंभू स्वर्गबाट आई त्यसरी उत्पत्ति भएको कमलको बीचमा प्रवेश भई श्री बुद्ध भगवानको अलौकिक ज्योति प्रकाश भयो। यसै ज्योतिलाई शिवमार्गीहरू श्री शिव-जीको ज्योति र बुद्धमार्गीहरू श्री बुद्ध भगवानको ज्योति भन्न थाले। वंशावलीकार-अनुसार यसै ज्योतिलाई श्री स्वयम्भू भगवान भनी पूजिन थालेको हो। श्री विपश्वी बुद्धले नागदहमा रोपेको बीज हालको श्री गुह्येश्वरी कुण्डमा रोपिएको र सो बीजवाट उत्पत्ति भएको कमलको फूल पद्मगिरी पर्वतमा अर्थात् हालको श्री स्वयम्भू पर्वतमा उत्पत्ति भएको हो भन्ने बयान पाइन्छ। यसैलाई आधार मानेर श्री गुह्येश्वरीको कुण्डमा कुनै मूर्ति नभएको र त्यहाँ एक छिद्रको रूपमा रहेको हो भन्ने जनश्रुति पाइन्छ।

श्री स्वयम्भू भगवानको ज्योति प्रकाश भएको सुसमाचारले टाढा-टाढाका महात्मा, ऋषिमुनिहरू उक्त ज्योति दर्शनार्थ आगमन भएको कुरा वंशावलीकारहरूले आ-आफ्नो ग्रन्थमा उल्लेख गरेका छन्। केही कालपछि त्यो ज्योतिको माथि चैत्य स्थापना गरी ठूलो श्रद्धा-भक्तिले पूजिन लागेको हो भन्ने उल्लेख भएको पाइन्छ।

शिखि बुद्ध :

कुनै वंशावलीकारको कथनअनुसार यस मर्त्यलोकमा श्री स्वयम्भू भगवानको ज्योति दर्शनार्थ नेपाल आउने पहिलो व्यक्ति शिखि बुद्ध हुन्, विपश्वी बुद्ध होइनन् भनी इतिहासमा शिखि बुद्धलाई पहिलो स्थान दिइएको पाइन्छ। उनीहरूको कथन-अनुसार यी शिखि बुद्धको आश्रम अरुणपुरमा थियो र उनी यहाँ आएर भगवानको ज्योति दर्शनार्थ पहिले ध्यानन्चो नामको पर्वतमा बसी ध्यान-भक्तिले उक्त ज्योतिको आराधना गरेका थिए, जुन ध्यानन्चो पर्वत हालको चन्द्रागिरि पर्वतको पूर्वतिर काठमाडौंको दक्षिणमा पर्दछ। वंशावलीकारहरूले श्री शिखि बुद्धलाई श्री भगवानको ज्योतिमा नै प्रवेश गरेर मोक्ष प्राप्त गरेको कुरा वर्णन गरेका छन्। उनीहरूको भनाइ-अनुसार शिखि बुद्धले मेष संक्रान्तिको दिनमा आफूले जानेका सम्पूर्ण ज्ञान सबैलाई सुनाएर दीक्षा दिएका थिए, यसैले सोही दिनको संस्मरणमा हरेक वर्षको मेष संक्रान्तिको दिनमा ध्यानन्चो पर्वतमा मेला र जात्रा हुने चलन चलेको हो।

विश्वभू बुद्ध :

वंशावलीकारको कथनअनुसार त्रेतायुगमा श्री स्वयम्भू भगवानको ज्योति दर्शनार्थ श्री विश्वभू बुद्ध नेपाल आएका थिए। नेपाल आउनुपहिले उनी अनुपम भन्ने नगरमा आफ्नो आश्रम बनाई बसेका थिए। त्यसपछि उनी अनुपम नगरलाई छोडी धेरै सुगन्धित फूलहरू भएको पर्वत—हालको ९७२० फीट ऊँचाइमा रहेको गोदावरीमा आफ्नो आश्रम निर्माण गरी स्वयम्भूको पूजा-आराधनामा लागेका थिए। धेरै फूलैफूल भएको पर्वत हुनाले आजकाल त्यस पर्वतलाई फुलन्चो पर्वत पनि भनिन्छ। वंसावलीकारहरूले त श्री विश्वभू बुद्धले त्यहाँबाट एक लाख फूलहरू जम्मा पारी श्री स्वयम्भू भगवानलाई चढाई पूजा गरेकोले श्री स्वयम्भू भगवानको ज्योति दर्शन पाएको वर्णन गरेका छन्। स्वयम्भू भगवानको ज्योति दर्शन पाएपछि उनले आफ्ना शिष्यहरूलाई नागदह सरोवरबाट उपत्यकाको पानी निस्की भविष्यमा यहाँ धेरै महत्वको स्थान हुनेछ भनी ज्ञान दिई आफू आफ्नै पुरानो आश्रम अनुपम नगरमा फर्केर गएको कुरा वंशावलीकारहरूले वर्णन गरेका छन्।

मञ्जुश्री : बोधिसत्व :

त्रेतायुगमा श्री विश्वभू बुद्ध श्री स्वयम्भू भगवानको ज्योति दर्शन गरी आफ्नो

पुरानो आश्रम अनुपम नगरमा फर्केर गएको केही कालपछि महाचीन (हालको ल्हासा)-बाट मन्जुश्री बोधिसत्वको नेपाल आगमन भएको थियो। नेपाल उपत्यका-को निर्माणकर्ताको रूपमा यिनलाई वंशावलीकारहरूले स्थान दिएका छन्। नेपाल-मा यिनी सर्वप्रथम महामण्डप नामक पर्वतमा आश्रम गरी बसेका थिए। यो महा-मण्डप नामको पर्वत हालको भादगाउँ (भक्तपुर) शहरको एक माइल टाढा रहेको जितपुरको फेदीमा पर्दथ्यो जुन पर्वत आजकाल मंजुश्री पर्वतको नामले प्रख्यात छ। त्यस पर्वतमा बसी तीन दिन, तीन रात भगवानको ज्योति दर्शनार्थ एकचित्त भई

(मन्जुश्री : बोधिसत्व)

आराधना गरेपछि श्री स्वयम्भू भगवानले यिनलाई ज्योतिरूप दर्शन दिएका थिए। श्री स्वयम्भू भगवानको ज्योतिको दर्शन पाएका यी मंजुश्रीलाई ठूलो शक्तिशाली ज्ञान-वर्द्धक देवता अर्थात् सरस्वतीको रूपमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूले पूजा गर्दै आएका छन्। यसैले महामण्डप पर्वतमा यिनलाई सरस्वतीको रूपमा पूजा गर्न भक्तपुर तथा काठमाडौंका भक्तजनहरू जाने गर्दछन्। श्री मंजुश्री बोधिसत्व महा-चीन (ल्हासा)-बाट आएका हुनाले त्यस पर्वतमा भएको मूर्तिलाई नेवारी भाषामा

"ल्हासापाक ससुद्यः" (सरस्वती) नामले ज्ञानका देवता मानेर बौद्ध तथा हिन्दू धर्म मान्ने नेवार जातिले फलफूल र आफ्नो हातले बनाएको धागोको बत्ति चढाई पूजा गर्ने गर्दछन् । श्री पञ्चमीको दिनमा त्यहाँ सरस्वतीको दर्शनार्थ ठूलो मेला लाग्दछ ।

महामण्डप पर्वतमा बसी श्री स्वयम्भू भगवानको ज्योति दर्शन पाएपछि मंजुश्री बोधिसत्वको विचारमा एउटा अनौठो परिवर्तन आयो । उनले पोखरीको रूपमा रहेको नेपाल देशको ठूलो महत्व सम्झेर यिनले नागदह सरोवरबाट पानी बाहिर पठाउने जलमार्गको खोजी गर्न लागे । आफ्नो विचारलाई साकार रूप दिन यिनले आफ्ना दुई शक्ति वरदा र मोक्षदालाई क्रमशः फुलन्चो र धनन्चो नामक दुई पर्वतमा स्थापना गरी आफू स्वयं दक्षिणतर्फको होचो स्थानमा बसी सरोवरको पानी बाहिर पठाउने उपाय सोच्न थाले । पानी बाहिर पठाउने उपाय खोज्दै जाँदा अन्त्यमा उनले आफ्नो खड्गले कटवाल नामक स्थान काटेर नागदह सरोवरको पानी निकाल्ने जल-मार्ग पत्ता लगाई बाटो बनाए । नागदहबाट सरोवरको पानी बाहिर जान थालेपछि त्यस सरोवरमा रहेका यावत् नागहरू त्यसै मार्गद्वारा पानीको वेगसाथै बाहिर जान थाले । यो देखेर मंजुश्रीले यो अनर्थ भयो भनी विचार गरी त्यहाँ वास भएका नाग-राज कर्कोटकसँग आफ्नो कामको लागि क्षमा याचना गरी टौदह नाम गरेको सरोवर निर्माण गरी नागराज कर्कोटकलाई टौदह सरोवरमा बस्ने अनुरोध गरे । मंजुश्री बोधिसत्वको अनुरोध स्वीकारी नागराज कर्कोटक मेष संक्रांतिका दिनदेखि त्यसै टौदह सरोवरमा निवास गर्न थालेको कुरा वंशावलीमा उल्लेख छ ।

यस प्रकार जलमग्न भएको नेपाल खाल्डोको पानी निकालेपछि मंजुश्री बोधि-सत्वले श्री स्वयम्भू भगवानको ज्योतिलाई पुनः ठूलो भक्ति-भावले आराधना गर्न थाले । वंशावलीअनुसार यिनको भक्तिदेखि प्रसन्न भएर कार्तिक शुक्ल पूर्णिमाको दिनमा पद्मगिरि नामक पर्वतमा श्री भगवान स्वयम्भूले मंजुश्रीलाई आफ्नो विराट रूप दर्शन दिनुभएको थियो । त्यसपछि पौष कृष्ण नवमीका दिनमा यिनले श्री गुह्येश्वरीको पनि विराट रूप दर्शन पाएका थिए । प्रचलित वंशावलीअनुसार सत्य-युगमा श्री विपश्वी बुद्धले रोपेको कमलको फूलको बीजको मूल गुह्येश्वरीमा भएकोले र कमलको उत्पत्तिमा कमलासन स्वयम्भू भगवानको विराट रूप दर्शन पाएको पद्म-गिरि पर्वतको स्थानमा मंजुश्रीले धेरै फूलहरू चढाई ठूलो भक्तिले पूजा गरेका थिए । अलौकिक कमलको बीज रोपेको स्थानमा जलले भरिएको र एक छिद्र मात्र भएकोले अद्यावधि त्यस स्थानमा (गुह्येश्वरीमा) हालसम्म कुनै मूर्ति नभएको हो भनी वंशावलीकारहरूले आ-आफ्ना ग्रन्थमा उल्लेख गरेका छन् । यसो गर्दा कमलको बिउ रोपेको गुह्येश्वरीमा र कमलको फूल उत्पत्ति भएको पद्मगिरिमा

मंजुश्री बोधिसत्वले श्री भगवानको विराट रूप दर्शन पाएका थिए। मंजुश्री बोधिसत्वले त्यस पद्मगिरि पर्वतदेखि लामो सडक बनाउन लगाई विशाल देश निर्माण गरेका थिए। स्वयम्भूदेखि गुह्येश्वरीसम्म विशाल देश निर्माण भएपछि मंजुश्रीले धर्माकर नाम गरेका एक क्षत्रीय व्यक्तिलाई त्यस क्षेत्रको राजा बनाई आफु आफ्नै देश महाचीन (ल्हासा) फर्केर गएका थिए। वंशावलीमा मंजुश्रीलाई बौद्ध देवताका रूपमा चित्रण गरेको पाइन्छ। तसर्थ मंजुश्री बोधिसत्वलाई बौद्ध धर्मावलम्बीहरूले अवतारी देवता मानेर र हिन्दू धर्मावलम्बीहरूले ज्ञानवर्द्धक देवता (सरस्वती) मानेर हरेक वर्ष माघ शुक्ल पूर्णिमाको दिनमा अर्थात् श्री पंचमीको दिनमा स्वयम्भू स्थानको मंजुश्रीको मूर्ति र भादगाउँको जीतपुर फेदीमा रहेको मूर्तिको दर्शनार्थ नरनारीहरूको ठूलो घुइँचो लागी मेला लाग्दछ।

मंजुश्रीले बौद्ध भिक्षुकहरूको लागि विहारहरूको निर्माण गरेका थिए भन्ने कुरा वंशावलीहरूमा उल्लेख गरेको पाइन्छ।

मंजुश्री वोधिसत्वले आफ्नो सबै कार्य सिध्याएर ल्हासा फर्केपछि उनका शिष्यहरूले आफ्ना गुरुको स्मृतिमा स्वयम्भू पहाडको पश्चिमतर्फ मंजुश्री चैत्यको निर्माण गरेका थिए भनी वंशावलीकारहरू भन्दछन्। मंजुश्रीले निर्माण गरेका स्वयम्भू पर्वतदेखि गुह्येश्वरीसम्मको विशाल देशलाई मंजुपट्टन नाम राखेका थिए भनी इतिहासकार तथा वंशावलीकारहरूले वर्णन गरेका छन्।

क्रकुछन्द बुद्ध :

त्रेतायुगमा मन्जुश्री बोधिसत्व स्वदेश फर्केपछि श्री बुद्ध भगवानको ज्योति प्रकाश भएको सुसमाचारले क्षेमावती निवासी श्री क्रकुछन्द बुद्ध उक्त ज्योति दर्शनार्थ यहाँ आई फुलन्चो गिरि पर्वतमा बसेका थिए। यिनले यहाँ आएर बौद्धमतका बौद्ध भिक्षुहरूले ग्रहण गर्नुपर्ने मुख्य सिद्धान्त र कर्तव्यको राम्रो व्याख्या गरी बौद्ध मत जोडतोडका साथ प्रचार गरेका थिए। बौद्ध मत प्रचारक भए तापनि यिनी हिन्दू धर्मका विरोधी थिएनन्। यिनले शैव मतका श्री पशुपतिनाथलाई पूरा आस्था राखेर शैव सम्प्रदाय पनि प्रचार गरेका थिए भन्ने वंशावलीकारहरूको भनाइ छ। यिनी यहाँ आएको बेला यिनले श्री पशुपतिको उत्पत्ति, भगवान विष्णुले ब्रह्मा र कामधेनु गाईलाई श्राप दिएका कथाहरू खोजी शैव धर्ममा आस्था भएका भक्तजनहरूलाई जगाएका थिए। पछि यिनले नेपालको आफ्नो आश्रम फुलन्चो गिरिबाट सारी गुहेश्वरीनेरको जंगलमा सारेका थिए। त्यहाँ यिनले हिन्दू धर्मावलम्बीका देवता ब्रह्मा, विष्णु र महेश्वर त्रिदेवताको दर्शन पाएका थिए भन्ने वर्णन छ। यिनी नेपाल आउँदा गुणध्वज ब्राह्मण, अभ्यन्दद क्षत्रीय नामका शिष्यहरू लगायत सात सय शिष्यहरू

संगठन गरी आएका थिए। यिनको नेपाल आगमनको मुख्य उद्देश्य श्री स्वयम्भू भगवानको दर्शन गर्ने भए तापनि यहाँ आएपछि यिनले हिन्दू धर्मका देवताहरूको प्रभावमा हिन्दू तथा बौद्ध दुवै धर्मलाई अंगालेर दुवै धर्म प्रचार गरी धार्मिक सहिष्णुता देखाएको हुनाले वंशावलीकारहरूले यिनलाई अद्भुत स्वभावका महात्मा भनेर चित्रण गरेका छन्।

क्रकुछन्द बुद्ध नेपाल आएको बेला मन्जुश्री बोधिसत्वले निर्माण गरेको मन्जुपत्तन नगरमा राजा नियुक्ति गरिएका क्षत्रीय धर्माकर निसन्तान भई मरेकाले राज्यमा उत्तराधिकारीको अभावमा राजाको ठाउँ खाली थियो। यसैले क्रकुछन्द नेपाल आएपछि खाली भएको राजाको पदमा उनले धर्मपाल नाम गरेका एक व्यक्तिलाई नियुक्ति गरी आफू आफ्नो स्वदेश क्षेमावतीमा नै फर्केर गएको कुरा वंशावलीमा उल्लेख छ।

सुधन्वा :

त्रेतायुगको अन्त्यमा राजा धर्मपालको निधनपछि उनका वंशज सुधन्वाले नेपाल उपत्यकाको राज्य चलाएका थिए भन्ने वंशावलीमा उल्लेख छ। यिनै राजा सुधन्वालाई मन्जुपत्तनको राजदरबारमा बस्ने इच्छा नभएकोले इक्षुमति खोलाको तटमा (आधुनिक टुकुचा खोलामा) शंकाश्य नामको नयाँ शहर निर्माण गरी त्यहीं राजदरवार बनाई राज्य चलाएका थिए। वंशावलीअनुसार राजा सुधन्वा सीताको विवाहको निम्तोमा शामेल भएका थिए, यसै मौकामा विदेहराज जनकका भतीजा (अनुज) कुशध्वजले हमला गरी राजा सुधन्वालाई मारिदिएका थिए। राजा सुधन्वाको मृत्युपछि नेपाल उपत्यकाको शासन विदेह वंशका कुशध्वज र उनका संतानको हातमा केही कालसम्म रहेको वर्णन पनि वंशावलीकारहरूले गरेका छन्, तर यो वर्णन उपकथाको रूपमा मात्र पाइन्छ।

सर्वानन्द :

विदेह वंशको अन्त्यपछि नेपाल उपत्यकामा भारतबाट अनेक राजाहरू नेपाल आए जसमध्ये काश्यप बुद्ध पनि नेपालको राजा भएको कुराको वर्णन पाइन्छ। वंशावलीअनुसार काश्यप बुद्धपछि सर्वानन्द नेपाल उपत्यकाको राजा भएको वर्णन पाइन्छ। वंशावलीकारहरूले राजा सर्वानन्दलाई सत्य युगका आखिरी राजाको रूपमा स्थान दिई पाठकवर्गलाई भ्रममा राखेका छन् किनकि स्वयम्भू ज्योति, पशुपति र गुहेश्वरीको उत्पत्ति विषयमा कसैले सत्य युगमा भएको भनेका छन् त कसैले द्वापर युगमा भएको भनेका छन्। तर मन्जुश्री बोधिसत्व त्रेता युगमा महाचीन (ल्हासा)-बाट नेपाल आएका थिए भन्ने तथ्य स्पष्ट छ। अतः बौद्ध ग्रन्थ र हिन्दू ग्रन्थको प्रतिस्पर्धाले गर्दा यसबारे तथ्य स्पष्ट हुन नसकेकोले त्यतिबेलाको इतिहास अझै अन्धकारमा डुबेको छ।

●

खण्ड – ३

प्राचीन राजवंश

पौराणिक कालको वंशावलीमा राजाहरूको पुस्तावारीमा गोपाल वंशका राजाहरूको शासनकाल तथा राजाहरूको नाउँ फरक-फरक उल्लेख भएको पाइए तापनि ती सबै वंशावलीकारहरूले गोपाल वंशका राजाहरूका आठ पीढी नै कायम गरेका छन् । गोपाल वंशका यसै आठ पीढीलाई मान्नुपर्छ भनी आजका इतिहासकारहरू मौन भई बसेका छन् । गोपाल वंशका पाँचौं राजा भीम गुप्तको पालामा श्लेष्मान्तक वनमा श्री शंकरनाथ महादेवले कैलाश छोडी मृगरूप लिई किरातीहरूलाई राज्य संचालन गर्न लगाएको पौराणिक गाथा छ । त्यस वेला नै श्री शंकरनाथ किरातेश्वर नामले श्री पार्वतीले पूजित गर्नुभएको आख्यान छ ।

आठौं राजा यक्षगुप्त निःसन्तान थिए । त्यसपछि गोपाल वंशको शासन कमजोर भई सो वंश टुटेर गई अहीर गोपाल वंश शुरू भएको हो भन्ने वंशावलीको कथन छ । इतिहासमा माथि उल्लेखित आठ वंशलाई गोपाल वंश मानिएको छ । यी गोपालहरूले श्री कृष्ण भगवानको साथमा नेपाल प्रवेश गरेका थिए जसलाई ग्वाला भनिन्थ्यो र यिनै ग्वालाहरू नेपालका पहिला शासक हुन् भन्ने वंशावलीकारहरूको अठोट छ । यी ग्वालाहरूले ब्राह्मणलाई देवता मानेर पूजा चढाई दान-दक्षिणा दिई पाउ ढोग गर्ने चलन चलाएका हुन भन्ने भनाइ छ । यी ग्वालाहरूको दैनिक मुख्य व्यवसाय गाई चराउनु, गाईको पालन-पोषण गर्नु र गाईलाई गौमाता सम्झी सेवा-टहल गर्नु हो ।

गोपाल वंशका आठौं पीढीका आखिरी राजा यक्ष गुप्तका पालामा एक दिन 'ने' नाम गरेकी एउटी दुधालु गाईले दूध नदिदा ठूलो आश्चर्यमा परी के भएर दूध नदिएको हो भनी चेवा-चर्चा गरी खोजी गर्दा आखिरमा उक्त 'ने' नाम गरेकी गाईले बागमतीको किनारमा रहेको एउटा ढिस्कोमा गई आफ्नो थुनबाट दूधको धारा बगाउने गरेकी ग्वालाहरूले देखेछन् । ती ग्वालाका नाइकेले त्यस ढिस्कोमा के रहेछ भनी ढिस्कोलाई खनेर हेर्दा उहीं पुरिएर रहेका श्री पशुपतिनाथको मूर्तिबाट ज्योति प्रकट भई आखिर गोपाल वंशका राजा (ग्वालाका सरदार) यक्ष गुप्त ज्योतिको तेजले भस्म भई मुक्ति प्राप्त गरी ज्योतिमा नै विलीन भए । ग्वाला नाइके

श्री पशुपतिनाथको ज्योतिले भस्म भएको समाचार सुनेर 'ने' नामका एक तपस्वी ऋषि नेपालमा आई त्यो ज्योतिको दर्शन पाउन ठूलो कष्ट साथ बागमती र केशवतीको संगममा तपस्या गरी बसे। उनको भक्तिदेखि प्रसन्न भएर श्री भगवानबाट वाणी भयो कि ती भस्म भएका ग्वालाका सन्तानहरू खोजेर राजा बनाउनु, तिम्रो ठूलो कीर्ति हुनेछ। सोही वाणीबमोजिम ती 'ने' नामका सिद्धि प्राप्त ऋषिले ती भस्म भएका ग्वालाका सन्तानहरू खोजी गर्दा उक्त ग्वाला वंशका सन्तानहरू दक्षिण भारतमा बसिरहेको पत्ता लगाई त्यहाँबाट बोलाएर ल्याई नेपालका राजा तुल्याए। वंशावलीअनुसार यी 'ने' नामका ऋषिले दक्षिण भारतबाट खोजेर ल्याई राजा बनाएको ग्वाला वंशका सन्तान नै पछि अहीर वंश गोपालको नामले प्रख्यात भएको पाइन्छ। यी 'ने' नामका ऋषिले बागमती र विष्णुमतीको बीच (हालको टेकु)-मा आफ्नो आश्रम बनाएका थिए। यी 'ने' नाम गरेका सिद्ध ऋषिले ग्वालाहरूलाई राजा तुल्याई नियम बनाई प्रजालाई पालन-पोषण गरी राजा र प्रजा नियममा बस्नुपर्ने गरी बन्दोबस्त मिलाएका हुनाले यो देशको नाम नै "नियम पाल देश" अर्थात् "नेपाल" देश नाम रहन गएको हो भनी वंशावलीकारहरूले बयान गरेका छन्। यस कथनबाट यो प्रमाणित हुन आउँछ कि ऊन धेरै पाइने देश भएकोले नेपाल नाम रहन गएको हो भन्ने भनाइ गलत हो। यी अहीर गोपाल राजाहरू पनि पहिलेका गोपालहरूजस्तै विष्णु सम्प्रदाय र शिव सम्प्रदायका भक्त थिए। यिनीहरू पनि पूर्वजहरू झैं गाईको पालन-पोषण गरी सेवा-टहल गर्ने, गाईलाई गोमाता सम्झी पूजा-आजा गर्ने जस्ता दैनिक व्यवसाय गरी जीवन बिताउँदथे। साथै ब्राह्मणलाई गुरु मानेर पाउ ढोग्ने, उनीहरूलाई दान-दक्षिणा दिई भोजन गराई सन्तुष्ट पार्नु नै आफ्नो कर्तव्य सम्झन्थे। यसबाहेक तत्कालीन अवस्थाको राजनैतिक, सामाजिक र आर्थिक विषयमा वंशावलीमा केही उल्लेख गरेको पाइँदैन।

गोपाल वंशका आठौं पीढीका अन्तिम राजा यक्ष गुप्त सन्तानहीन राजा थिए भनी माथि नै उल्लेख भैसकेको छ। यस विषयमा कुनै-कुनै वंशावलीकारहरूको भनाइ के छ भने निःसन्तान राजा यक्ष गुप्तको पालामा दक्षिण दिशाबाट यी अहीर गोपालहरू नेपाल प्रवेश गरी यक्ष गुप्तसंग लडाइँ गरी उनलाई पराजित गरी अहीर वंशहरू नेपालको राजा भएका थिए। यस भनाइबाट यो स्पष्ट हुन आउँछ कि 'ने' नाम गरेका सिद्धि प्राप्त ऋषिले दक्षिण भारतबाट गोपाल वंशका सन्तानहरू खोजेर ल्याई नेपालको राजा तुल्याएको कुरा सत्यभन्दा टाढा थियो।

वायु पुराणअनुसार यी अहीर गोपालका जातिलाई चतुर्थ वर्णमा शूद्र जातिभन्दा तलको जाति अर्थात् म्लेच्छ जात मानिएको छ। तर किल्हर्न महोदयको

भाषा वंशावलीको पृष्ठ ४५।१५८–११९ को ग्रन्थमा भने यिनीहरूलाई शूद्र जाति मानिएको छ। धेरैजसो वंशावलीहरूमा यी अहीर गोपाल राजाले ३ पुस्तासम्म मात्र राज्य चलाएको वर्णन पाइन्छ। यी तीन पुस्ताहरू यिनै हुन् :—

अहीर गोपाल राजाहरू :

१. वरसिंह	राज्यकाल ७४ वर्ष	
२. जय मति सिंह	,,	६७ ,,
३. भुवन सिंह	,,	४१ ,,

वंशावलीअनुसार पहिलो गुप्त वंशका आखिरी राजा यक्ष गुप्त निःसन्तान भएको थाहा पाई दक्षिण भारतबाट दोश्रो गुप्तवंशी अहीर गोपाल वंशका वरसिंह सशस्त्र फौजसाथ नेपाल आई पहिलो गुप्त वंशका आठौं राजा यक्ष गुप्तलाई लडाइँमा पराजित गरी आफू नेपालको राजसिंहासनमा आसीन भई नेपालमा अहीर गोपालको शासन चलाएका थिए। तर फेरि कुनै-कुनै वंशावलीमा यी अहीर गोपालहरूको बस्ती सिमौरागढमा (हालको जनकपुरमा) थियो जहाँ उनीहरू सशस्त्र सैनिकहरू साथ बस्दथे भन्ने उल्लेख गरेको पाइन्छ। वंशावलीमा अहीर गोपाल वंशका वरसिंह-को राज्यकाल ७५ वर्ष दिइएको छ। यिनले नेपालको गद्दीमा बसेपछि आफूलाई शूद्र जातिबाट हटाई राजपूत जातिको सन्तान हूँ भनी आफ्नो उच्च जात देखाउने कोशिश गरेका थिए। कर्कपेट्रिक महोदयको वंशावलीअनुसार यी अहीर गोपाल राजाहरूको सीमाना पश्चिममा त्रिशूली गंगा, पूर्वमा दूधकोशी, उत्तरमा नीलकण्ठको पहाड र दक्षिणमा चितलाङ पहाडको छेउछाउसम्म फैलिएको थियो। जायसवाल साहेबको 'क्लोरोनॉजिकल' भन्ने ग्रन्थको पृष्ठ ६६ मा राजा वरसिंहले सुवर्ण मुद्रा पनि निकालेका थिए भन्ने उल्लेख छ, तर यस मुद्राको विषयमा अन्य विवरण दिइएको छैन। इतिहासमा भने यिनले आफ्नो शासनकालमा तीन किसिमका मुद्राहरू प्रच-लनमा ल्याएको कुरा उल्लेख छ जुन मुद्राहरूमा एकातिर वीर (सेन वा सिंह) र अर्कोतिर क्रमादित्य अंकित छ। मुद्राको तौल क्रमशः १६२·३, १६२·५ र १६९ ग्रेन मानिएको छ। ती मुद्राहरू अद्यापि ब्रिटिश म्यूजियममा सुरक्षित छन्।

भुवन सिंहको पतन

अहीर गोपाल वंशका आखिरी (तेस्रो राजा, भुवनसिंह थिए। यिनको पालामा नेपालको राज्य विस्तार भई उपत्यकाभन्दा बाहिरसम्म फैलिएको थियो। भुवनसिंहको राज्यकालमा नेपालको पूर्व दिशाबाट किरातीहरू नेपाल प्रवेश भई

भुवनसिंह राजासंग लडाईं गरी उनलाई पराजित गराएर नेपालको राजसिंहासन आफ्नो हातमा लिई किराती राज्यको जग बसालेको कुरा वंशावलीहरूमा उल्लेख छ। नेपाल राज्यमा आक्रमण गर्नुभन्दा पहिले यी किरातीहरू पूर्वमा संगठित रूपमा थिए भन्ने विद्वानहरूको राय छ। इतिहासमा गोपाल वंशपछि किरातीहरूलाई ठूलो स्थान दिइएको देखिन्छ, तर आश्चर्यको कुरा के छ भने यिनीहरूको राज्यक्रममा वंशावलीकारहरूले किरातीहरूको नाम उल्टा-पाल्टा मात्र होइन क्रम नै फरक पारेको पाइन्छ। त्यति बेलाको किरातीहरूको शासनकाल ठोस प्रमाणित आधारको अभावले गर्दा अन्धकारमै रहेको देखिन्छ। किरातीहरूको राज्यक्रममा कुनै वंशावलीमा २७; कुनैमा २८, कुनैमा २९ र कुनैमा ३०–३१ सम्म पनि देखाइएको पाइन्छ। यस आधारमा किराती राज्यकाल अझै अंध्यारोमा डुबेको छ भनी मान्नुपर्छ।

खण्ड—४

किराती वंश

पहिलो वंशावली

क्र० सं० राजाको नाम	राज्यकाल
१. वल्लभ	५० वर्ष
२. पिची	३५ "
३. स्कीन्ध	३६ "
४. वलम्भ	२१ "
५. ह्रिटी	१९ "
६. द्विर्ती	२१ "
७. जितेदस्ती	९ "
८. कलिञ्ज	६१ "
९. कष्कं	६९ वर्ष
१०. सयमी	४५ "
११. बरव	४५ "
१२. पंच	३७ "
१३. कलि	३८ "
१४. सुसाङ	४५ "
१५. गोघ्री	७१ "
१६. नन्	४३ "
१७. लुके	५३ "
१८. ठोर	२९ "
१९. ठोको	४० "
२०. बमे	४१ "
२१. गुञ्ज	२९ "
२२. कजष्क	३५ "
२३ कसु	३१ "
२४. खुग्र	२२ "
२५. स" स्र	३२ "

दोस्रो वंशावली

क्र० सं० राजाको नाम	राज्यकाल
१. धुलुङ	९०वर्प ३ म०
२. दुस्खम	३७ वर्ष
३. वलम्भू	३१ " ६ "
४. किङ्लो	४१ " १ "
५. हुनन्तर	५० "
६ तुष्क	४८ ,, ८ "
७. सुपस्त	३८ ,, ६ "
८. पर्व	५६ "
९. जितादस्ति	६० वर्ष
१०. पन्चम	७१ ,,
११. किङ किङ किङ	५६ ,,
१२. सुनन्द	५० वर्प८ महिना
१३. थोमु	५८ "
१४. जघ्र	६० " १ महिना
१५. जनरेवो	७३ " २ "
१६. सिख	६१ " १ "
१७. थोर	७६ "
१८. थोमो	८३ "
१९. वर्म	७६ " ३ महिना
२०. गुञ्ज	७२ " ७ महिना
२१. कुस्कून	४८ "
२२. तोषु	५६ "
२३. सुथ्रि	५९ "
२४. जोश	६३ "
२५. गोन्थो	७४ "

क्र०सं०	राजाको नाम	राज्यकाल
२६.	गुनंज	३५ ”
२७.	खिच	३७ ”
२८.	गस्ति	३१ ”

क्र०सं०	राजाको नाम		राज्यकाल
२६.	खेम्बू	७४	....
२७.	गलिजङ्ग	८०	....

भाषा वंशावली पहिलो

क्र० सं०	राजाको नाम	राज्यकाल
१.	बल्लभ	५० वर्ष
२.	पिची	३५ ”
३.	स्कीन्ध	३६ ”
४.	वलम्भ	२१ ”
५.	ह्रिटी	१९ ”
६.	ह्विती	२१ ”
७.	जितेदस्ति	९ ”
८.	कलिञ्ज	६१ वर्ष
९.	कष्कं	६९ ”
१०.	सयमी	४५ ”
११.	वरव	४५ ”
१२.	पंच	३७ ”
१३.	कलि	३८ ”
१४.	सुसाङ	४१ ”
१५.	गीघ्री	७१ ”
१६.	नन	४३ ”
१७.	लुके	५३ ”
१८.	ठोर	२९ ”
१९.	ठोको	४० ”
२०.	वमे	४१ ”
२१.	गुञ्ज	२९ ”
२२.	कजष्क	३५ ”
२३.	कसु	३१ ”
२४.	खुग्रं	२२ ”
२५.	स स	३२ ”
२६.	गुनुंज	३५ ”

भाषा वंशावली दोस्रो

क्र० सं०	राजाको नाम	राज्यकाल
१.	यलम्बर	....
२.	पवि	....
३.	स्कन्ध	....
४.	बलम्भ	....
५.	ह्रिटी	....
६.	कुमति	....
७.	जितादस्ति	....
८.	गलिञ्ज	....
९.	पुष्क	....
१०.	सुयर्मा	....
११.	पप	....
१२.	बुङ्क	....
१३.	स्वनन्द	....
१४,	स्थुको	...
१५.	जिघ्रि	....
१६.	नाने	....
१७.	लुके	....
१८.	थोर	....
१९.	थोक	....
२०.	वर्ष	....
२१.	गुज	....
२२.	पुष्कर वा पुष्क	....
२३.	केशु	....
२४.	सुज	....
२५.	सं सं	....
२६.	गुणम	....

क्र०सं० राजाको नाम	राज्यकाल	क्र०सं० राजाको नाम	राज्यकाल
२७. खिच	३७ "	२७. खिम्बू	....
२८. गस्ति	३१ "	२८. पटुक	—
		२९. गस्ति	....

पिची :

माथिका उपरोक्त चार वंशाबलीहरूमा दोस्रो किराती राजा पिची, दुष्कम अथवा पविका पालामा द्वापरको अन्तिम युग समाप्त भई कलियुग शुरू हुन लागेकोले सारा जीवात्माहरू पापले ग्रस्त भई दुःख भोग्नुपर्ने भयो भनी ज्योतिषीहरूकहाँ राजा र प्रजा सबै भेला भई दुःख निवारणको लागि के गर्नुपर्‍यो भनी ठूलो सभा भएको थियो भन्ने वँशावलीकारहरूको भनाइ छ ।

समयमा नै श्री शंकरनाथको शरणमा गएमा पाप मुक्त हुन्छ भन्ने ज्योतिषीहरूको रायबमोजिम त्यस बेला यावत् जीवात्माहरूले श्री शंकरनाथको लिंग छोपी पूजा-प्रार्थना गरेका थिए भन्ने उपाख्यानमा वंशावलीकारहरूले उल्लेख गरेका छन् । कुनै-कुनै विद्वान इतिहासकारहरूले यी किराती राजाहरू पहिले सिन्धु घाटीबाट आई नेपाल प्रवेश गरेको कुरा उल्लेख गरेका छन् ।

द्विती :

द्वापर युगको अंतिम समयमा छैठौं किराती राजा द्विती राजसिंहासनमा आसीन थिए भन्ने वंशावलीमा उल्लेख छ । राजा द्वितीको पालामा पाण्डवहरू वनवास गए-को उपाख्यान पनि छ । त्यसै बेला पञ्चपाण्डवहरूकी श्रीमती द्रोपदीको चीर-हरण भएको थियो । तत्कालीन अवस्थामा पाण्डव-पुत्र युधिष्ठिरका भाइ अर्जुनले श्री किरातेश्वर महादेवसंग लडाइँ गरेर श्री महादेवलाई खुशी पारेर विजयको वर-दान मिलेको कथा वंशावलीमा पाइन्छ । विद्वान लेखक जनक अरविन्दद्वारा लिखित 'आसामकी गोदमें' नामक ग्रन्थबमोजिम त्यसै बेला पाण्डबहरू वनवास गएको सम-यमा (हालको नागाल्याण्ड जंगलमा) त्यहाँका राजा हिडिम्बलाई युद्धमा मारेर निजकी बहिनी हिडिम्बासंग युधिष्ठिरका भाइ भीमसेनको यौन सम्बन्ध स्थापित हुँदा निज हिडिम्बाको गर्भबाट घटोत्कचको जन्म भएको थियो[1] ।

यस विषयमा महाभारत ग्रन्थमा पनि निम्न प्रकारको रोचक कथा उल्लेख छ :

धृतराष्ट्रका दुई रानी थिए । जेठी रानी कुन्तीको गर्भबाट युधिष्ठिरसहित पाँच दाजु-भाइ र कान्छी रानी शकुनी (?)-को गर्भबाट कौरवहरूको जन्म भएको थियो । राजकाजको काम र राज्य विषयलाई लिएर पाण्डवहरू र कौरवहरूको बीचमा ठूलो

१. 'आसामकी गोदमें' पृष्ठ १०४ ।

झगडा भयो । पाण्डवहरूतर्फ युधिष्ठिरसहित पाँचै दाजु-भाइहरू सत्यतामा निष्ठा राख्ने भने कौरवतिरका दुर्योधन भने कूटनीतिमा दुष्ट र दुश्मन स्वभावका साथै पाण्डवहरूलाई ठूलो दुःख दिने मौका खोजिरहेका थिए । एक दिन दुर्योधनले एउटा जालको रचना गरी पाण्डवहरूलाई सताउने विचार गरे । सोहीबमोजिम युधिष्ठिर र दुर्योधनको बीचमा पासा खेल्ने प्रस्ताव राखियो र खेलमा हार्ने पक्षले १३ वर्षसम्म वनवास र एक वर्ष अज्ञात स्थानमा जानुपर्ने वाचा बाँधियो । उक्त एक वर्ष अज्ञात स्थानमा गएको बेला जित्ने पक्षले थाहा पाएमा पुनः १३ वर्ष अर्को थप सजायँ भोग्नुपर्ने शर्त पनि राखियो । पासा खेल शुरू भयो तर कूटनीतिमा पोख्त भएका कौरवतर्फका दुर्योधनले अनेक बेइमानी रची पाण्डवहरूलाई खेलमा हराए । सत्य-वाचामा हारेकोले युधिष्ठिर आफूसहित पाँचै दाजु-भाइ वनवास गए । १२ वर्ष बिताइसकेपछि एक वर्ष दुष्ट दुर्योधनले थाहा नपाउने अज्ञात ठाउँमा जान पाण्डव-हरूले एउटा युक्ति सोचे कि आफूहरू आर्य भएकोले अनार्य स्थानमा जाँदा दुर्योधनले पत्ता लगाउन नसक्ने हुँदा उनीहरू निर्वासन कालमा नागा पहाडमा प्रवेश गरे । त्यस नागा पहाडको जंगलमा अनार्य नागा सरदार हिडिम्बसंग भीमसेनको पहल-मानी युद्ध भयो र वीर भीमसेनले हिडिम्बलाई यमलोक पठाइदिए । त्यसपछि हिडिम्बकी रूपवती बहिनी हिडिम्बालाई विवाह गरी यौन तृप्त गरे । फलस्वरूप हिडिम्बाको गर्भबाट अति तेजिलो शक्तिशाली पुत्र घटोत्कचको जन्म भयो । पछि महाभारतको लडाइँमा यिनले आफ्नो बाबुको पक्षबाट ठूलो वीरता देखाई लडेका थिए, अन्त्यमा कौरव पक्षका कर्णको वाणद्वारा यिनले आफ्नो प्राण त्याग गरे ।

जितादस्ती :

छैठौं किराती राजा द्वितीको शेषपछि जितादस्ति सातौं राजाको रूपमा राज-गद्दीमा आसीन भए । वंशावलीअनुसार यिनैको पालामा कुरुक्षेत्रको रणभूमिमा कौरव र पाण्डवहरूको बीचमा घमासान युद्ध शुरू भएको बयान छ । अर्जुनको अनु-रोधबमोजिम राजा जितादस्ति पाण्डव पक्षबाट रणभूमिमा खडा भएका थिए । रणभूमिको मैदानमा श्रीकृष्ण भगवान अर्जुनको सारथी भएर युद्ध संचालन गरिरहनुभएको थियो । तर अर्जुनले रणभूमिमा खडा भएर आफ्ना दाजु-भाइ र कुटुम्बलाई लडाइँमा पराजय गरी राजगद्दी प्राप्त गर्ने मन पराएनन् तसर्थ अर्जुनले लडाइँ नगर्ने विचार गरी श्रीकृष्ण भगवानसंग बिन्ती गरे–हे ईश्वर, म आफ्नै कुलका दाजुभाइसंग लडाइँ गरी राज्य प्राप्त गर्न चाहन्न । अर्जुनका कुरा सुनी श्रीकृष्णले अर्जुनलाई विभिन्न प्रकारबाट सम्झाई-बुझाई रण-मैदान नछाड्ने उपदेश दिनुभयो तर पनि अर्जुन लडाइँ गर्न तयार भएनन् । त्यसपछि श्रीकृष्णले गीताको ग्रन्थद्वारा

३० अध्यायसम्म शिक्षा दिँदै लडाइँ गर्न पछि नहट्ने कुरा सम्झाउनुभयो। श्रीकृष्णको वाणीबाट अर्जुन अझै पनि प्रभावित भएनन्। त्यसपछि श्रीकृष्णले सृष्टि र संहारकर्ता सबै म आफै हुँ, यो सबै मैले नै गरेको हो भनी रणभूमिमा अर्जुनलाई आफ्नो विराट रूप दर्शन दिनुभयो। श्रीकृष्णको विराटरूप दर्शन पाएपछि मात्र अर्जुन लडाइँ गर्न तयार भए र महाभारत युद्ध शुरू भएको हो भन्ने कुरा महाभारत ग्रन्थमा उल्लेख छ। पाण्डव र कौरवहरूको यस लडाइँमा शक्तिशाली राजाहरूको साथै प्रजाहरूसमेत शामेल भई लडाइँ संचालन भएको बयान छ। यसै लडाइँमा कौरवतिर लागेका राजा भगदत्तको पनि बयान पाइन्छ। राजा भगदत्तको आफ्ना आँखीभौंले आँखा छोप्ने भएकोले आँखा खुला राख्न १६।१६ धार्नीका सिक्रीले आँखीभौंलाई बाँधिराखेका थिए भन्ने बयान पाइन्छ। महाभारत ग्रन्थअनुसार यी भगदत्तका छोरीलाई दुर्योधनले विवाह गरेका थिए। यिनको राजधानी हालको दराङ्ग (आसाम राज्य) जिल्लाको तेजपुरमा पर्दथ्यो। ज्वाइँको नाताबाट राजा भगदत्त कौरवतिर लागेका थिए। यस महाभारत युद्धमा करीव १८ अक्षौहिणी फौजहरू नष्ट भएका थिए भन्ने बयान पाइन्छ। श्री शंकरनाथ महादेवका अंशियार यलम्बर कौरवतिर लागेकाले आफूले युद्धमा सफलता प्राप्त गर्न नसकेको कुरा श्रीकृष्ण भगवानले थाहा पाई छल गरी यलम्बरको टाउको आफ्नो चक्रद्वारा छेदन गरिदिएका थिए। हाल काठमाडौंको इन्द्रचोकमा रहेको भैरवलाई यही यलम्बरको टाउको हो भनी पूजाआजा गर्दै इन्द्रजात्राको समयमा उक्त टाउकोलाई मन्दिरबाट तल ल्याई खट्मा राखी विधि-विधानअनुसार आजसम्म पूजा-आजा गर्ने परम्परा चलिरहेको छ। महाभारतको लडाइँ समाप्त भएपछि श्रीकृष्ण भगवानको स्वर्गारोहण भएको र त्यसको लगत्तैपछि द्वारका र इन्द्रप्रस्थका बीच लडाइँ भई अर्जुनलाई पराजित गरी श्रीकृष्णका रानीहरूलाई हरण गरेर लगेको कुरा पनि महाभारतमा उल्लेख छ। यसैबेला गौतम बुद्ध नेपाल प्रवेश भई बुद्ध सम्प्रदायबाट प्रेरित भएर शिक्षा-दीक्षा दिने प्रथा शुरू भएको हो भनी कुनै-कुनै वंशावलीकारहरूले उल्लेख गरेको पाइन्छ।

गौतम बुद्ध (शाक्य वंश)-को नेपाल आगमन :

सातौं किराती राजा जितादस्तिको पालामा कपिलवस्तुका शाक्य वंशी गौतम बुद्ध बौद्ध सम्प्रदायको धर्ममा प्रेरित भई बौद्ध धर्मसम्बन्धी शिक्षा दीक्षा दिलाउन नेपाल आएका थिए। भारतीय इतिहासकारहरूको कथनअनुसार छैठौं शताब्दी पूर्व अर्थात् सन् ५४४ ई० को पूर्वमा यिनले बौद्ध धर्मको निर्वाण प्राप्त गरेका थिए। यिनका ५००-६०० शिष्यहरूको आश्रम आधुनिक नेपालको तौलिहवा क्षेत्रमा लुम्बिनी तथा कपिलवस्तु भन्ने स्थानमा (जुन नेपालको दक्षिण सीमाना रोहिणी

नदीको पच्छिममा पर्छ) थियो ।[1] आश्चर्यको कुरा त के छ भने महाभारतको युद्धको वेला यिनी नेपाल उपत्यकामा आई धर्म प्रचार गरेको भए तापनि महाभारत ग्रन्थमा यिनको कुनै उल्लेख भएको पाइँदैन तर विश्वामित्र र द्रोणाचार्यले अपनाएको धर्म (हिंसा नगर्नु, मान्यजनको सेवा गर्नु, अर्काको आत्मा नदुखाउनु, चोरी नगर्नु आदि) गौतम बुद्धले प्रचार गरेकै धर्म हो कि भन्ने भान हुन आउँछ । डिनियल राइट महोदयको भनाइअनुसार सातौं किराती राजा जितादस्तिको शासनकालमा स्वयम्भू चैत्य तथा मन्जुश्री चैत्य साथै गुहेश्वरी र पशुपतिनाथको दर्शनार्थ यिनी नेपाल उपत्यकामा प्रवेश गरेका हुन् । यहाँ पुगेपछि यिनले आफ्नो बौद्ध धर्म प्रचार गरी धेरै भिक्षु-भिक्षुणी बनाउन लगाई पाठ-पूजा गर्न लगाएका थिए । यिनले अनेक भेटीहरू ग्रहण गरी लगभग १३५० जति शिष्यहरू बनाई उक्त धर्म ग्रहण गर्न लगाएका थिए भन्ने उल्लेख गरेको पाइन्छ । यिनै १३५० शिष्यहरूमद्धे सारीपुत्र मौदगल्यायन तथा आनन्द आदि शिष्यहरू प्रख्यात छन् जसको नाम संसारका कुना-काप्चामा समेत फैलिएको छ । यिनै शिष्यहरूको उपदेशले गर्दा बौद्ध संस्कृतिलाई प्रधान धर्मको रूपमा मानिन्छ । गौतम बुद्धको नेपाल आगमन हुँदा यिनी पहिले स्वयम्भू पर्वतको दक्षिणतर्फ पुच्छाग्र चैत्य स्थापना गरी त्यहाँ नै बसेका थिए भन्ने वंशावलीमा उल्लेख छ ।

स्थुंको :

किराती राजाहरूको २८-२९ औं पुस्तामध्ये चौधौं राजा स्थुंकोलाई इतिहासमा ठूलो स्थान दिइएको छ । राजा स्थुंकोलाई कुनै-कुनै वंशावलीमा जघ्र र कुनैमा सुशांक नाम दिएको पाइन्छ ।



पाटन (ललितपुर) को स्तूत

१. 'मेचीदेखि महाकाली' ग्रन्थ, भाग ३ को पृष्ठ १५ र पृष्ठ १०१०

सम्राट अशोकको नेपाल आगमन :

चौधौं किराती राजा स्थुंको (जघ्र अथवा सुशांक) नेपालको राजा भएको बेला भारतवर्षमा सम्राट अशोकको राज्यकाल थियो। बीस वर्षसम्म राज्यको ऐश्वर्य भोग गरिसकेपछि भारतवर्षको विशाल राजधानी पाटलीपुत्रजस्तो साम्राज्यलाई तिलाञ्जली दिई राज्यको सम्पूर्ण भोग-विलास, ऐश-आरामलाई त्यागी सम्राट अशोकले आफ्नो धार्मिक जागरणको उपदेश फैलाउन तीर्थयात्राको लागि प्रस्थान गरे। तीर्थयात्रा-क्रममा उनले गौतम बुद्धको जन्मस्थल लुम्बिनी र कपिलवस्तुको यात्रा गरी नेपालमा प्रवेश गरे। केही भारतीय इतिहासकारहरूले लुम्बिनीलाई नेपालको भू-भाग हो भन्ने उल्लेख गरेको पाइँदैन, तर नेपाली भाषाको वंशावलीमा भने नेपाल राज्यको दक्षिण सीमानामा रोहिणी नदीको पश्चिमस्थित लुम्बिनी नेपालकै भू-भाग हो भन्ने उल्लेख छ। वास्तविक तथ्य पनि लुम्बिनी क्षेत्र आदिकालदेखि नै नेपालको भू-भागअन्तर्गत नै पर्दछ। सम्राट अशोक आफ्नो यात्रा-क्रममा लुम्बिनी आइपुगेपछि गौतम बुद्धको जन्मस्थलको दर्शन गरी त्यहाँ ठूलो शिलास्तम्भमा शिलालेख कोर्न लगाए र त्यहाँका जनतालाई करबाट मुक्त गराई आफ्नो कीर्ति राखी नेपाल प्रवेश भएको कुरा वंशावलीहरूमा पाइन्छ। साथै वंशावलीमा उनी नेपाल प्रवेश गर्दा बौद्ध तीर्थ दर्शनार्थी केही अनुयायीहरूका साथ यहाँ आएका थिए भन्ने पनि उल्लेख छ। उनको साथमा उनकी छोरी चारुमती पनि आएकी थिइन्। आफूसंग आएका अनुयायीहरूका साथ नेपालका तीर्थस्थानहरूको दर्शन गरिसकेपछि केही समयको लागि सम्राट अशोक यहीं बसेका थिए र त्यसै बेला यिनले आफ्नी छोरी चारुमतीको विवाह देवपाटनका क्षत्रिय कुलका देवपालसंग गरिदिएका थिए। वंशावलीअनुसार त उनले आफ्ना ज्वाइँलाई ३६०० रोपनी जग्गा पनि दान दिएको कुरा उल्लेख छ। सम्राट अशोक नेपालमा रहँदा उपत्यकाका विभिन्न स्थानमा अनेक स्तूप तथा चैत्यहरू निर्माग गर्न लगाएका थिए जसमद्धे पाटनका ५ स्तूपहरू र कीर्तिपुरको स्तूप अद्यापि छँदैछ। सम्राट अशोक नेपाल छोडी स्वदेश फर्केपछि उनका ज्वाइँ देवपाल र छोरी चारुमतीले सम्राट अशोकको कीर्तिहरू मरमत तथा सुधार गर्न लगाई उनका कीर्तिहरू अमर बनाएका थिए। वंशावलीकारहरूले त देवपाल तथा चारुमतीले पशुपति क्षेत्रनेर निर्माण गरेको देशको नाउँ देवपत्तन अर्थात् हालको देउपाटन हो भन्ने कुरा उल्लेख गरेका छन्। सम्राट अशोकले स्तम्भ विहार तथा चैत्यहरूमध्ये लुम्बिनीमा स्थापित अशोक स्तम्भ ऐतिहासिक दृष्टिकोणले अति नै महत्वपूर्ण मानिन्छ। हाल उक्त स्तम्भलाई र लुम्बिनी क्षेत्रलाई नै धार्मिक स्थलको रूपमा विकास गर्न नेपाल सरकार तथा विभिन्न विदेशी संघ-संस्थाहरूबाट

समेत आर्थिक सहयोग जुटाई संरक्षण गरिएको छ[1]। वंशावलीअनुसार चारुमतीले वृद्धावस्थामा एक विहारको निर्माण गर्न लगाएकी थिइन् भन्ने उल्लेख छ।



(लुम्बिनीको स्तूप)

गस्ति :

किराती राजाहरूमा गस्ति अन्तिम राजा थिए। वंशावलीहरूमा यिनको क्रममा कसैले सत्ताइसौं अन्तिम राजा भनेका छन् भने कसैले अट्ठाइसौं र अझ कसैले त

---

१. लुम्बिनीको अशोक स्तम्भको अभिलेख

देवन पियन पियदासिन लाजिन विसति वसा भिसितेन अनत अगाच महीयिते हिदबुधे जति सकय मुनिती सिला विगड भिचा कालापित सिला थमे च उसपातिते हिद भगवं जातेति लुम्बिनी गामे उवलिके कटे अथ भागियेन।

नेपालीमा रूपान्तर :

राज्याभिषेक भएको २० वर्षको अनन्तर देवताका प्रिय प्रियदर्शी राजा स्वयं पूजा गर्न आए। यहाँ शाक्य मुनिको जन्मस्थल सम्झी ढुङ्गाको पर्खाल निर्माण भयो र ढुङ्गाको खामो खडा गरियो। यहाँ भगवानको जन्म भएकोले लुम्बिनी ग्रामको वलि र अष्ट भाग पनि माफ गरियो।

उनन्तीसौं राजाको क्रममा लिएका छन् । यो राजाको राज्यकाल द्वापर युगको अन्तिम समय उल्लेख छ । यिनको पालामा कलियुगको शुरूआत भएको हुनाले सारा जीवात्माहरू यो संसार पापले ग्रस्त हुनेछ भनी शोकाकुल भएका थिए । यी पापात्मा राजाको देशमा बस्न हुँदैन भनी राजदरबारका आसपासको जंगलमा वास गरेका यावत् प्राणीहरू सबै आ-आफ्नो घरबार, गोठ, गुँड आदि सबै छोडी बागमतीको किनारामा रहेका श्री गुप्तेश्वर महादेवको शरणमा आई सबै प्राणीहरूले शिवजीको लिङ्ग छोपी पहाड़ भएर शिवजीको प्रार्थना गरेका थिए भन्ने उल्लेख पाइन्छ । वंशावलीकारहरूले पनि यसै तथ्यलाई आधार मानी किरातीहरूको अन्तिम राजा यिनै गस्तिलाई मानेका छन् । नेपाली भाषा वंशावलीअनुसार किराती राजाहरूको राज्यकाल लगभग १११८ वर्ष अनुमान गरिएको छ तर उक्त अनुमानलाई पुष्टि गर्ने तथ्यबारे केही उल्लेख छैन र यो कुरा केवल कथाको रूपमा मात्र रहेको छ । आश्चर्यको कुरा त यो छ कि त्यति लामो अवधिसम्म राज्य गर्ने किरातीहरूको बारेमा उनीहरूको राजदरबार गोकर्णमा थियो भन्ने बाहेक त्यतिबेलाका राजनैतिक, सामाजिक, आर्थिक पक्षबारे कतै केही उल्लेख गरिएको पाईदैन । तसर्थ एकै वाक्यमा भन्ने हो भने लिच्छवी कालअघि किराती कालको प्रामाणिक इतिहास हालसम्म पाइएको छैन ।

वंशावलीमा यो आखिरी किराती राजा गस्तिको राज्यकालमा सोम वंशका नाइके निमिषले राजा गस्तिलाई आक्रमण गरी लडाइँमा उनलाई पराजित गराई शासन आफ्नो हातमा लिई नेपालको राजगद्दीमा बसेका हुन् भन्ने कुरा उल्लेख छ । यसरी लामो समयसम्म चलिआएको किरातीकाल नष्ट भई नयाँ वंशका शासकहरूले संचालन गर्न लागेको राज्यकालदेखि लिच्छवीकाल शुरू भएको मानिन्छ ।

किरातकालीन अवस्था :

किरातकालको राजनैतिक, सामाजिक र आर्थिक अवस्थासम्बन्धी ऐतिहासिक सामग्रीहरू प्राप्त नभएकोले त्यति बेलाको इतिहास अन्धकारले ढाकिएको छ र केवल कथाको रूपमा मात्र त्यति बेलाको अवस्थाको बयान पाइन्छ । आश्चर्यको कुरा यो छ कि त्यसपछिका शासनकर्ता लिच्छवीहरूले आफ्नो राज्यकाल पूर्वका विषयमा न त कुनै शिलालेखमा उल्लेख गरेका छन् न त त्यस अवस्थाको कतै केही उल्लेख गरेका छन् । अतः साँचो होस् वा झूठो, इतिहासकारहरूले वंशावली तथा पुराणमा उल्लेखित कथाहरूमा भर पर्नुपरेको छ । यदि पौराणिक स्रोतहरू संकलन गरी अध्ययन गर्ने हो भने अवश्य किरातीकालका मौलिक, आर्थिक, सामाजिक र धार्मिक अवस्थाका प्रमाणहरू देखिन आउनेछन् ।

किरातीकालको व्यापार आजको जस्तो विकसित र वैज्ञानिक आधारमा हुँदैन थियो । त्यति बेला एक देश र अर्को देशको बीचमा वस्तु-विनिमयको आधारमा प्राकृतिक वस्तुहरूको व्यापार हुन्थ्यो । विद्वान्हरूको भनाइअनुसार त्यस बेला आफ्ना

देशमा पालिएका भेडा, बाख्रा, गाई, भैंसी तथा जंगलका वन्य जन्तुहरू नेपालबाट विदेशमा निर्यात हुन्थे र यही नै नेपालको मुख्य आर्थिक स्रोत थियो। तसर्थ त्यति बेला भेडा बाख्राका छाला र ऊनले विदेशमा ठूलो स्थान ओगटेको थियो। त्यति बेला आजको जस्तो यातायातको साधन थिएन र ढुवानीको सम्पूर्ण काममा हात्ती, घोडा र ऊँटलाई प्रयोगमा ल्याइन्थ्या। त्यस बेला भेडा-बाख्रा, चौंरी गाई पाल्ने र तिनीहरूको पालन-पोषण गर्ने कामको प्रधानता थियो। वंशावलीअनुसार त्यति बेला खेतीपाती गर्ने विषयमा कसैलाई ज्ञान थिएन न त आजको जस्तो पानीको स्रातको संरक्षण र खोजी गर्ने, बिरुवा छर्ने, माटोको व्यवहार गर्ने विषयमा नै कुनै ज्ञान थियो। तसर्थ मुख्य प्राकृतिक वा विनापरिश्रमले प्राप्त हुने फलफूल, कन्दमूललाई नै प्रधानता दिएर व्यवसाय चलाइन्थ्यो। कुनै-कुनै वंशावलीमा त्यति बेला स्वर्ण मुद्रा चलेको थियो भन्ने उल्लेख पाइन्छ तर उक्त मुद्रा कसले, कसरी चलाए, कुन आकारको र कस्तो थियो, कति वजनको थियो, निश्चित रूपमा केही उल्लेख नगरिएको र हालसम्म त्यति बेलाको मुद्रा कुनै म्यूजियममा पनि प्राप्त नभएकोले उक्त कुरा केवल भनाइ मात्र हो कि जस्ता लाग्छ।

त्यति बेला जन-जीवन निर्वाह गर्ने मुख्य आहार नै फलफूल, मेवा-मिष्ठान्न, दूध, दही, घ्यू, कन्दमूल आदि हुन्थे। फलफूलको धूलोबाट पिठो बनाई सत्तु खाने चलन थियो। आजको जस्तो खेतमा धान रोप्ने, बिउ छर्ने, धानको च्यूरा बनाउने, धान चुट्ने, खेत कमाउनेजस्ता विषयमा केही ज्ञान थिएन। यातायातको साधनको अभावमा पनि त्यति बेला छिमेकी राष्ट्रहरूसंग वैवाहिक सम्बन्ध राम्रो कायम भएका प्रमाणहरू पाइन्छन्।

त्यति बेला बोलचालको भाषा संस्कृत थियो र राजभाषा पनि संस्कृत नै थियो। त्यस बेला आधुनिक शिक्षालय, विद्यालयजस्ता शिक्षण संस्थाहरू नभए तापनि शिक्षाको धेरै उन्नति भएको थियो। शिक्षा प्राप्त गर्ने र दीक्षा मन्त्र सुन्ने काम ऋषिमुनिहरूको ब्रह्मचर्य आश्रमबाट हुन्थ्यो। ऋषिमुनिहरूलाई नै गुरुत्व ग्रहण गरिन्थ्यो जसबाट त्यति बेला ऋषिमुनिहरू कति प्रभावशाली हुन् भन्ने अनुमान गर्न सकिन्छ। पुराणहरूमा यी ऋषिमुनिहरूमा वशिष्ठ, वाल्मीकी, द्रोणाचार्य, भीष्म पितामह आदि ऋषिहरूको ठूलो स्थान छ। यिनीहरूलाई नै सबैले गुरु मानी सम्पूर्ण शिक्षा यिनीहरूको आश्रमबाट लिने गरिन्थ्यो।

त्यति बेला मूर्ति पूजाको विकास भैनसकेको भए तापनि वैदिक धर्मलाई मुख्य धर्म मानी यज्ञ-यागादिमा मन्त्र पाठद्वारा घ्यू, दूध, दही एवं सप्त धान्यादि आहुति दिई कर्मकाण्डमा ठूलो जोड दिइन्थ्यो। त्यति बेला सत्य निष्ठामा बस्नेलाई देवदेवताले दर्शन दिनु र साथ पाउनु मामूली कुरा थियो। तसर्थ दैविक शक्तिले गर्दा त्यस बेला दैनिक जनजीवनमा दुःख-कष्टको सामना गर्नुपर्दैन थियो। त्यस बेला

यज्ञ-यागादिमा जनै नलगाई कर्मकाण्डमा प्रवेश गर्न नपाइने नियम थियो। यज्ञ-यागादिमा प्रवेश गर्दा सत्य युगमा सुनको डोरी बनाई लगाउने, द्वापर युगमा चाँदीको डोरी बनाएर लगाउने, कलियुगमा कपासको धागोबाट जनै बनाई लगाउने र विधि-विधानबाट निर्वाह गर्नुपर्ने वैदिक चलन थियो। प्रातःकालमा ऋषिमुनिहरूलाई तर्पण गरेर मात्र भोजन गर्नुपर्ने नियम धेरै ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ। उपाकरण धर्मशास्त्र 'गृह सूत्र' भन्ने ग्रन्थमा त ऋषिमुनिहरूलाई दैनिक तर्पण दिनाले आफूले चिताएको काम र गरेको काम सिद्ध हुने फलको बयान गरिराखेको पाइन्छ। त्यस बेला तान्त्रिक धर्म अर्थात् देवी-मत धर्मको पनि प्रधानता थियो। यस धर्ममा मुख्यतः शिव पार्वतीलाई नै मान्दथे प्रायः सबै सम्प्रदायले यो धर्म मान्दथे। त्यतिबेला सातौं किराती राजा जितादस्तिको पालामा गौतम बुद्धले ल्याएको बौद्ध धर्मको नबीन ज्ञानको प्रवेशले किरातकालीन सभ्यता र धर्ममा ठूलो परिवर्तन ल्यायो। राजा स्थुंकोको पालामा सम्राट अशोकको नेपाल आगमनले बौद्ध धर्मलाई टेवा दिई दैविक गुणको आधारमा भएको नेपाली धर्मलाई उथल-पुथल पारी नयाँ मोडले बौद्ध धर्मलाई बौद्ध संस्कृतिले जग बसाएको थियो। पछि यो धर्म यतिको प्रबल भयो कि नेपालबाट यो धर्म शुरु भएर लंका, जापान, श्याम (थाइल्याण्ड), बर्मा, चीन आदि टाढा-टाढा पूर्वीय देशहरूमा पनि फैलिएको थियो।

त्यति बेला ऋषि-मुनिहरूले धोती मात्र लगाई कमण्डलु भिर्ने गर्दथे। ऋग्वेदअनुसार त्यस बेला साधारण जनजीवनमा शिरमा फेटा बाँध्ने, धोती-कुर्ता लगाउने चलन थियो। तर राज-खानदानमा भने रेशम आदि बहुमूल्य धागोबाट तयार भएको धोती, कपड़ाका साथै बहुमूल्य कपडाको कोट सिलाई लगाउने चलन थियो। पुरुषहरू अक्सर पहेंलो कपडा र स्त्रीहरू रातो कपडा बढी रूचाउँदथे। त्यस बेला जुत्ता लगाउने चलन पनि थियो तर राज-खानदानहरूले चुच्चे लामो जुत्ता लगाउँदथे भने ऋषिमुनिहरूले खडाउ लगाउने गर्दथे भन्ने कुरा ग्रन्थहरूमा बयान गरेको पाइन्छ।

नेपाली कलाको थालनी किरातकालमा भएको हो भन्ने विद्वान्हरूको मत पाइन्छ, तर त्यस बेला कलाको गतिविधि कतिको फस्टाएको थियो, हामी किटान गर्न सक्तैनौं। त्यस बेलामा पनि मूर्तिकला नभएको होइन तर उक्त मूर्तिकला कुन राजाको पालामा तयार भएको हो भन्नेबारे अभिलेखहरू भेटिंदैनन्। केवल अन्दाजको भरमा मात्र मूर्तिकलाको विषयमा लेखिएका छन्। गौतम बुद्ध र अशोकको अभिलेखहरू विचार गर्दा नेपाली कलासंग उनीहरूले ल्याएको कला मेल खाँदैन। अतः गौतम बुद्ध र अशोकले ल्याएको गुप्त-कला भन्न सकिन्छ।

किरात कालको इतिहास अन्धकारले ढाकिएको भए तापनि त्यस बेलाका राजाहरूको काम र कर्तव्य अध्ययन गर्दा राजाहरूले आफ्ना प्रजाहरूलाई आफ्नै परिवारजस्तो

सम्झेर प्रेम र माया गरी व्यवहार गर्दथे। महाभारतको समयमा युधिष्ठिरको सत्य निष्ठा, भीष्मको महान चरित्र, कर्ण र अर्जुनको वीरता, भीमका पुत्र घटोत्कचको बहादुरी आदिबाट ज्ञानवर्द्धक शिक्षा हासिल गर्न सकिन्छ। किरातकालीन समयमा नारीहरूले प्रशस्त स्वतन्त्रता प्राप्त गरेको महसूस गर्दथे। पति रोज्ने र यौन तृप्ति निमित्त प्रेमी रोज्नेसमेत अधिकार यिनीहरू लाई थियो। विनापिताका कतिपय ठूला ऋषिमुनिहरूको जन्म भएको तथ्यहरू प्रशस्त पाइन्छन्। वशिष्ठ, व्यासजस्ता महर्षिहरूको जन्म बिनापिताको ठेगानले वेश्याहरूको गर्भबाट भएको थियो। विवाह भइसकेपछि पनि यौन तृप्तिको लागि परपुरुषसंग सम्बन्ध राखेका आदर्श नारीहरूका कथाहरू कतिपय ग्रन्थमा उल्लेख भएको पाइन्छ। ग्रन्थहरूमा के पनि उल्लेख गरेको पाइन्छ भने त्यति बेला यौन तृप्तिको लागि परपुरुषहरूसंग सम्बन्ध राख्नु पाप कर्म मानिदैन थियो। यसको कारण यो दोष निवारणको लागि दश वर्षभित्र कन्याहरूको विवाह बेलसंग गरिदिने नियम जारी गरिएको थियो। यसैले गर्दा महाभारत ग्रन्थमा पाण्डवहरू निर्वासन कालमा आसामका पर्वतको जंगलमा वास बसेको बेला भीमसेनले हिडिम्बासंग यौन तृप्ति गरेको फलस्वरूप घटोत्कचको जन्म भएको प्रमाणले स्पष्ट गर्दछ।

किरातकालीन वंशावलीमा त्यति बेलाको जनजीवन, रीतिथिति आदिबारे स्पष्ट उल्लेख नभएकोले त्यो काल अन्धकारले ढाकिएको भए तापनि अलि गहिरिएर मनन गर्दा के देखिन आउँछ भने किरातकालमा किरातीहरूको शासनकालदेखि नै नेपाली कला र संस्कृतिको उत्पत्ति साथै नेपाली समाजको शुरुआत भएको हो।

●

खण्ड—५

लिच्छवी राज्य-काल

लिच्छवी राजाहरूको शुरूआत :

वंशावलीअनुसार २९ औं राजा गस्तिलाई सोम वंशका प्रथम अगुवा राजा निमिषले पराजित गराई नेपाल राज्यको बागडोर आफूले हातमा लिए। पहिले यिनले राजा हुनासाथ किरातीहरूको राजदरबारलाई छोडी गोदावरी भेगमा राजदरबार निर्माण गर्न लगाई त्यहाँबाट नै शासन चलाउन लगाएका वंशावलीमा उल्लेख छ। यी सोमवंशी लिच्छवीहरू र सूर्यवंशी लिच्छवीहरू नामले इतिहासमा नामकरण गरी दुई पुस्तावारी शाखा उल्लेख गरिराखेको पाइन्छ। तर वंशावलीमा भने एकै पुस्तावारीमा राजाहरूको क्रम गाँसेर राखेको देखिन्छ। भारतीय इतिहासमा यी लिच्छवीहरूको पहिलो राज्य वैशाली भएको उल्लेख छ जुन आजभोलि बिहार राज्यको मुजफ्फरपुर जिल्लामा पर्दछ। मगध साम्राज्यको बढ्दो शक्तिले गर्दा अथवा हूणहरूको आक्रमणले गर्दा यी लिच्छवीहरू त्यहाँ बस्न नसकेर २८ औं किराती राजा पटुकको पालोमा नै नेपाल प्रवेश गरेको बयान छ। यिनीहरू पहिले बागमती नदीको किनारमा अथवा उब्जनी ज्यादा भएको ठाउँमा थलो गाड़ी बसेका थिए। अन्त्यमा यिनीहरू आफ्नो संगठन बलियो भएपछि २९ औं राजा गस्तिलाई राज्यबाट हटाई नेपाल राज्यको बागडोर यी सोमवंशी लिच्छवीहरूले हत्याई राज्य-संचालन गरेका थिए भन्ने वंशावलीमा उल्लेख भएको पाइन्छ। कुनै वंशावलीमा सोमवंशी लिच्छवी राजा निमिषदेखि भूमि वर्मा र त्यसपछि विश्वदेव वर्मा अथवा विश्वगुप्ततक लिच्छवी सूर्यवंशी राजाहरूले ३२ पुस्तासम्म राज्य चलाएको वर्णन छ। तर पशुपतिको शिलालेखमा भने ४९ पुस्ता देखाई बीच-बीचका राजाहरूका नाम खाली राखेको पाइन्छ। अहिलेसम्म सिद्ध हुन आएको लिच्छवी राजाहरू १३ पुस्ता याने वृषदेवदेखि शिवदेव र उदयदेवसम्म राजाहरूको राज्यकाल क्रमशः यस प्रकार छ; अरू यसभन्दा अगाड़िका लिच्छवी राजाहरूको क्रम र नाम अज्ञात छ।

(१) वृषदेव, (२) शंकरदेव, (३) धर्मदेव, (४) मानदेव, (५) महिदेव, (६) वसन्तदेव, (७) मनुदेव, (८) वामनदेव, (९) रामदेव, (१०) गणदेव, (११) गंगादेव, (१२) शिवदेव, (१३) उदयदेव।

त्यसपछि अंशुवर्माको राज्यकाललाई ठकुरी लिच्छवी वंशका नामले काल-विभाजन गरिराखेको पाइन्छ। वंशावलीमा पहिलो लिच्छवी राजाको नाम निमिष दिइएको छ तर पशुपतिको शिलालेखमा सुपुष्प दिइएको छ।

पशुपतिको शिलालेखमा राजाहरूको क्रमबद्धता यस प्रकार छ ;—
(१) सुपुष्प, (२)··· ···, (३)··· ···, (४)··· ···, (५)··· ···, (६)··· ···, (७)··· ···, (८)··· ···, (९)··· ···, (१०)··· ···, (११)··· ···, (१२)··· ···, (१३)··· ··· (१४)··· , (१५)··· ···, (१६)··· ···, (१७)··· ···, (१८)··· ···, (१९)··· ···, (२०)··· ···, (२१)··· ···, (२२)··· ···, (२३) ··· ···, (२४)··· , (२५) जयदेव, (२६)··· ···, (२७)··· ···, (२८)··· ···, (२९)··· ···, (३०)··· ···, (३१)··· ··· , (३२)··· ···, (३३)··· ···, (३४) ··· ···, (३५) ··· ···, (३६) ··· ···, (३७) अज्ञात, (३८) वृषदेव, (३९) शंकरदेव, (४०) धर्मदेव, (४१) मानदेव, (४२) महिदेव, (४३) वसन्तदेव, (४४) मनुदेव, (४५) वमनदेव, (४६) रामदेव, (४७) गणदेव, (४८) गंगादेव, (४९) शिवदेव प्रथम

वंशावलीमा प्राप्त लिच्छवी राजाहरूको नाम र राज्य-क्रम :—

क्रम	राजाको नाम	राज्य वर्ष	क्रम	राजाको नाम	राज्य वर्ष
१	निमिष	४०	१७	वसन्त वर्मा	६१
२	मताष्य	६१	१८	शिवदत्त वर्मा	६७
३	यशोप्रभदेव	६६	१९	वृषदेव वर्मा	६१
४	हुष्कर वर्मा	८८	२०	शंकरदेव वर्मा	६५
५	भूमि वर्मा	७१	२१	धर्मदेव वर्मा	५१
६	चन्द्र वर्मा	६५	२२	मानदेव वर्मा	४९
७	सर्व वर्मा	७८	२३	महिदेव वर्मा	१०
८	पृथ्वी वर्मा	७६	२४	वसन्तदेव वर्मा	३६
९	जेष्ठ वर्मा	७५	२५	उदयदेव वर्मा	३७
१०	हरि वर्मा	७६	२६	मनदेव वर्मा (द्वितीय)	३५
११	कुवेर वर्मा	८८	२७	गुणकाम देव (गणदेव) वर्मा	३०
१२	सिद्धि वर्मा	६१	२८	शिवदेव वर्मा	५१
१३	हरिदत्त वर्मा	८१	२९	नरेन्द्र वर्मा	४२
१४	वसु वर्मा	६३	३०	भीमदेव वर्मा	३६
१५	पति वर्मा	५३	३१	विष्णुदेव वर्मा	४७
१६	सिद्धि वर्मा	६५	३२	विश्वगुप्त देव वर्मा	५१

गोपाल वंशावलीमा उल्लेखित लिच्छवी राजाहरूको नाम :—१—लिच्छवि, २—निमि, ३—मकरातं, ४—काक वर्मा, ५—सुपुष्प देव, ६—भास्कर देव, ७—भूमि गुप्त, ८—चन्द्र वर्मा, ९—जय वर्मा, १०—वर्ष वर्मा, ११—कुवेर वर्मा, १२—हरि वर्मा, १३—सिद्धि वर्मा, १४—हरिदत्त वर्मा, १५—वसुदत्त वर्मा,

१६—श्रीपति वर्मा, १७—शिववृद्धि वर्मा, १८—वसन्त वर्मा, १९—सुपुष्प वर्मा, २०—विश्वदेव, २१—मानदेव ।

माथिका उपरोक्त सिलसिलेवार राजाहरूको नामांकित वंशावलीअनुसार सूर्यवंशी र सोमवंशी लिच्छवी राजा निमिषदेखि अन्तिम राजा विश्वगुप्तसम्म जम्मा ३२ पुस्तासम्म नाम दिइएको छ तर पशुपतिको शिलालेखमा भने पहिलो लिच्छवी राजा सुपुष्पदेखि शिवदेव प्रथमसम्म ५० पुस्ताको क्रम अंक दिइराखेको पाइन्छ । यसबाट यो अवगत हुन आउँछ कि वंशावलीमा एक किसिम र पशुपतिको शिलालेखमा अर्के किसिम छ । तसर्थ इतिहासको खोजीको काम भई पूर्ण इतिहास अहिलेसम्म प्रकाश हुन पाएको छैन ।

लिच्छवी सीमाना :

लिच्छवी राजाहरूको राजनैतिक तथा भौगोलिक सीमाना विषयमा पुराणहरू तथा विद्वान्हरूले थरि-थरिका अड्कल गरेका छन् । तर ठोस प्रमाणहरू प्रकाशित पुस्तकहरूमा अहिलेसम्म खुलस्त दिन सकेका छैनन् । स्कन्द पुराणको आधारमा त्यस बेला नेपालको राज्य विशाल थियो भन्ने बोध हुन्छ । बार्हस्पत्य अथवा बृहस्पति अर्थसूत्रको ग्रन्थअनुसार नेपालको भौगोलिक स्थितिको क्षेत्रफल चतुरश्र अथवा चार सय योजन छ भन्ने उल्लेख गरेको पाइन्छ । लिच्छवी शासनकालमा चिनियाँ यात्री हुएन-सांग भारत भ्रमणको लागि आउँदा निजले नेपालको पनि केही बयान गरेको ताङ्ग वृत्तान्तमा उल्लेख गरेका उदाहरण पाइन्छन् । उनको भनाइबमोजिम त्यसताक नेपालको सीमाना ४,००० (चार हजार) ली थियो अथवा ६६७ माइलको क्षेत्रफल मानिएको थियो । शक्ति संगम तन्त्रमा पनि त्यस बेला नेपालको सीमाना जलेश्वर-देखि योगेशसम्म फैलिएको कुरा उल्लेख थियो; वाक्य यस प्रकार छन् :—"जटेश्वरं सामरम्य योगे शान्तं महेश्वरी, नेपाल देशो देवेसी साधकनां सुसिद्धिदः ॥" श्री दिनेशचन्द्र सरकारले आफ्नो ग्रन्थमा जटेश्वरलाई जलपाइगुडी र योगिनी भनेको दिल्लीलाई मानेका थिए । यसबाट यो बुझिन आउँछ कि त्यस बेला नेपालको सीमाना कहाँसम्म पुगेर कत्रो ठूलो थियो । समुद्रगुप्तको प्रयागको प्रशस्ति विचार गर्दा त्यस बेला नेपालको इलाका ब्रह्मपुत्र नदी अथवा कामाक्षासम्म (आसाम) पुगेको हुनुपर्थ्यो । त्यस बेला भूटान र सिक्किम नेपालको राज्यमा भएको धेरै प्रमाणहरू पाइन्छन् । मानदेवको चांगुको शिलालेख विचार गर्दा पूर्व देशमा आफ्ना विजय-पताका फैलाउन गण्डकी पारि तरी मल्लपुरीलाई आफ्नो अधिवर्ती क्षेत्र तुल्याएको अभिलेखबाट पनि त्यस बेला नेपालको विशाल साम्राज्य थियो भन्ने थाहा पाइन्छ । ऋग्वेदको वर्णन-मुताबिक पनि नेपालको सीमाना विषयमा यस किसिमले देखिन्छ : "जम्बू द्वीपे भरतखण्डे हिमवत्पादे वासुकी क्षेत्रे श्री नेपाल देशे पशुपतिसन्निधाते वाङमत्या पश्चिम विष्णुमत्या पूर्व कूले" । जुन वाक्य धार्मिक कार्य गर्दा अथवा ब्राह्मणहरूलाई दान-दक्षिणाको भेटी चढाउँदा प्रयोग गर्ने गर्दछन्; आदि माथिका कुरा अध्ययन गर्दा त्यस बेला लिच्छवी

कालमा नेपालको सीमाना दक्षिणमा अवन्ति, मध्यभारत अथवा तिरहुतको दरभंगा; पूर्वमा ब्रह्मपुत्र नदीको आसामको कामरूप; उत्तरमा हिमालयको सम्पूर्ण भाग र पश्चिममा बंगाल, जलपाइगुड़ी (पश्चिम बंगाल) र दक्षिण-पश्चिममा उदम्बर (हाल आधुनिक बंजाब)-सम्म फैलिएर नेपाल विशाल साम्राज्य बनेको विदित हुन्छ। तन्त्रमा पनि त्यस बेला नेपालको सीमाना विशाल भएको योगिनी तन्त्रमा कञ्चनजङ्गा हिमपर्वत नेपालमा देखाई यो वाक्य प्रयोग भएको थियो—"नेपालस्य काञ्चनादि ब्रह्मपुत्रस्य करतोयां समारम्भ यादव्य दिकरवासीनाम् कामरूप इतिखात सर्वराष्ट्रेषु निस्नितः।"

निमिष :

वंशावलीअनुसार आखिरी २९औं राजा गस्तिलाई लड़ाइँमा पराजित गरेर नेपाल राज्यबाट हटाई सोमवंशी लिच्छवी पहिलो राजा निमिष नेपालको सिंहासनमा सुशोभित भए। राजा भएको केही वर्षभित्र नै यिनले किराती राजदरबार गोकर्ण छोड़ेर गोदावरी भेगमा नयाँ किसिमको अर्के दरबार निर्माण गर्न लगाई त्यहाँबाट नै शासन चलाएका थिए भन्ने उल्लेख पाइन्छ। इतिहासमा सोमवंशी लिच्छवी राजाहरूमा पहिलो राजा निमिषदेखि भूमिवर्मासम्म ६ पुस्तासम्म सोमवंशी लिच्छवी कुलमा स्थान दिएको कुरा उल्लेख छ। त्यसपछि लिच्छवी सूर्यवंशीको कुल खड़ा भएको कुरा उल्लेख छ तर पशुपतिको शिलालेखमा भने सुपुष्पदेखि राज्यकालको क्रम दिइएको माथि नै उल्लेख भइसकेको छ। वंशावलीमा राजा निमिषले देउपाटनको श्री पशुपतिनाथको लिङ्गलाई फेरी नयाँ र मनोहर किसिमबाट चार मुख भएको ढुङ्गाको मूर्ति विधिबमोजिम स्थापना गरी श्री शिवजीको भक्ति र सेवामा तल्लीन भएको कुरा उल्लेख छ। यिनले एक पुरानो शहरलाई पनि नयाँ किसिमबाट निर्माण गर्न लगाई त्यहाँ बस्ती बसालेर विशालनगर नाम दिई देश-निर्माण गराएको पनि उल्लेख छ। यिनै राजाको पालामा गोदावरी नदीमा चिन्तामणि झोला बगाएर ल्याएको बेलामा एक सिद्धि प्राप्त जोगीले प्राप्त गरी नेपालीहरूलाई आश्चर्यमा पारेको कथा पनि उल्लेख छ। वंशावलीमा यिनको ४० वर्षसम्मको राज्यकाल भएको विवरण छ। यिनले कलिगत संवत् १११६ मा गोदावरी कुण्डमा १२ वर्षे मेला लगाउने नियम बनाई सबैले १२ वर्षको एक पटक त्यस कुण्डमा स्नान-ध्यान गर्नुपर्ने नियम बनाएका थिए। तर तिथि-मिति विचार गर्दा संवत् एकदम मिल्दो छैन। कुनै-कुनै वंशावलीमा निमिषलाई निस्ताकार वर्मा पनि नाम दिएका छन् त कुनैमा निमिष्टाकार वर्मा पनि छ।

यशोप्रभ देव :

वंशावलीले यशोप्रभदेवलाई सोमवंशी लिच्छवी राजाहरूमा तेस्रो स्थान दिएको छ। यिनलाई कुनै वंशावलीकारले पशुप्रक्ष, कुनैले पशुपुष्प देव नाम पनि दिएका छन्।

आफ्ना बाजे निमिषले अघि देउपाटनको पशुपतिनाथको लिङ्ग मूर्ति फेरेर स्थापना गरेकोमा यिनले फेरि कलिगत संवत् १२३९ मा ४ मुख भएको पशुपति लिङ्गको मूर्ति फेरेर विधिबमोजिम पूजा चढाई ५ तल्लाको मन्दिर निर्माण गर्न लगाई सुनको छाना हालेर श्री पशुपति क्षेत्रलाई नै मनोहर पार्न लगाएका थिए। यिनले श्री पशुपतिनाथको ४ मुख भएकोले आफ्नो देशमा पनि ४ वर्णका प्रजाहरू बसाली सुन्दर देश निर्माण पनि गरेका थिए भन्ने वर्णन छ। कैलाश लोकका मालिक श्री शिवजी मर्त्यलोकमा गुप्त रूपबाट पशुहरूको जुनीमा समावेश भई नेपालको बागमतीको छेउको श्लेष्मान्तक वनमा क्रीड़ा गर्न आई पशुका मालिक भएकोले यहाँका त्यो मूर्तिलाई पशुपतिनाथ नाम हुन गएको हो भन्ने वंशावलीकारहरूले उल्लेख गरेका छन्।

भास्कर वर्मा :

भाष्कर वर्मालाई वंशावलीमा सोमवंशी लिच्छवी राजाहरूको चौथो स्थानमा राखेको छ। यी चौथो राजा भाष्कर वर्मालाई कुनै-कुनै वंशावलीकारले हृष्कर वर्मा पनि नाम दिएका छन्। यी भाष्कर वर्मालाई सोमवंशको कुलमा शक्तिशाली राजाहरूमा ठूलो स्थान दिएका थिए। वंशावलीमा यिनले धेरै राज्यहरू जिती नेपालको अधीनस्थ क्षेत्र पारेर विशाल राज्य स्थापना गरेको वर्णन छ। सो राज्यबाट प्राप्त भएका धेरै धनहरू जम्मा गरी त्यस धनबाट ब्राह्मणहरूद्वारा श्री पशुपतिमा स्वर्णाहुति यज्ञ गर्न लगाई श्री पशुपति क्षेत्रलाई नै सुवर्णपुरी नाम राखेको कुरा उल्लेख छ। भाष्कर वर्मालाई ठूलो प्रतापी राजामा पनि गणना गरिएको छ। उनको दिग्विजयले गर्दा यिनलाई इतिहासमा ठूलो स्थानमा राखेको हो। उही इतिहासमा यिनी निःसन्तान राजा भन्ने उल्लेख गरेका थिए। तसर्थ यिनले आफ्नो सोमवंश लिच्छवी कुल टुटेकोले सूर्यवंशी राजपूत कुललाई उत्तराधिकारी नियुक्त गरेका थिए। वंशावलीकारले यिनको राज्यकाल ७४ वर्ष दिएका थिए। श्री डाइनेल राइट महोदयको वंशावलीले पनि भाष्कर वर्मा निःसन्तान भएको यिनले भूमि वर्मालाई गोद लिई आफ्ना उत्तराधिकारी नियुक्त गरेका थिए। इतिहासमा निमिषदेखि भूमिवर्मातक सोमवंशी लिच्छवी राजाहरूको संख्याको क्रम ६ दिएका थिए तर वंशावलीमा भने भाष्कर वर्मातक ४ संख्यामा राखेका थिए।

भूमि वर्मा :

भाष्कर वर्मा निःसन्तान भई परलोक भएपछि यिनले राज्यको अधिकारीमा नियुक्त गरेको भूमि वर्माले राज्यको बागडोर आफ्नो हातमा लिई नेपालमा शासन गरेका थिए। वंशावलीले यिनलाई सूर्यवंशीका लिच्छवी कुलका राजा मानेको छ। भारतीय इतिहासमा पनि यिनी भारतको वैशाली गणतन्त्रका अधिपति थिए भन्ने उल्लेख गरिएको छ। पछि नेपालका राजा भाष्कर वर्माले यिनलाई नेपालको उत्तराधिकारी नियुक्त गरेपछि वैशाली गणतन्त्रको राज्य त्याग गरी नेपालमा बसेर शासन

चलाएको हो भनेर वर्णन गरेको पाइन्छ। भारतीय इतिहासमा यो पनि उल्लेख गराइराखेको पाइन्छ कि मगध साम्राज्यको बढ्दो शक्तिले गर्दा यिनी यहाँ टिक्न नसकेका हुन् र नेपालका राजा भास्कर वर्माको शरण लिन पुगेका हुन्। यही कुराको आधार लिई श्री राइट महोदयले पनि नेपालमा यहाँदेखि लिच्छवी सूर्यवंश कुलका राजाको शासन क्रम कायम भएको हो भन्ने वर्णन गरेका छन्। तर कर्कप्याट्रिक साहेबको इतिहास भने निमिषदेखि नै लिच्छवी सूर्यवंश कुलका राजाहरूको नेपालमा शासन-क्रम कायम भएको हो भनेर बयान गरेका छन्। वंशावलीमा त पाँचौं राजा भूमि वर्माले कलिगत संवत् १२८९ मा गोदावरीको पुरानो राजदरबार छोडी बानेश्वरमा अति सुन्दर दरबार निर्माण गर्न लगाई त्यहाँबाट नै शासन चलाएका थिए भनी माथि नै वर्णन भैसकेको छ। वंशावलीमा यिनको राज्यकाल ७१ वर्ष दिइएको छ र अरू पूर्ण विवरण खुलस्तले दिइएको छैन।

छैठौं राजा चन्द्र वर्मादेखि १२ औं राजा सिद्धि वर्मासम्म सात राजाहरूको राजनैतिक, आर्थिक र सामाजिक तथा निर्माण-कार्यहरू फुने वंशावली तथा इतिहासमा वर्णन नगरी सिर्फ राजाहरूको क्रममा देखाई त्यस बेलाको युग अन्धकारले छोपेको थियो भन्ने विद्वान्हरूले अड्कल गरेका छन् तापनि वंशावलीमा राजाहरूको नाम समावेश गरी चन्द्र वर्माको राज्यकाल ३१ वर्ष, सर्व वर्माको राज्य-भोग ८८ वर्ष, जेष्ठ वर्माको ७५ वर्ष, हरि वर्माको राज्य-काल ७६ वर्ष र सिद्धि वर्माको ६१ वर्ष राज्य-काल दिएको पाइन्छ।

हरिदत्त वर्मा :

तेह्रौं राजा हरिदत्त वर्मालाई वंशावलीले ८१ वर्षसम्मको लामो शासन-काल प्रस्तुत गरेको छ। वंशावलीमा यिनी विष्णु भगवानको परम भक्त थिए भनी उल्लेख छ। यिनले चारै दिशामा विष्णु भगवानको मूर्ति बनाउन लगाई स्थापना गरी चारै नारायणको नामकरण गरेका थिए। यिनलाई एक दिन फर्पिङ्का शिखर नारायण भगवानले सपनामा दर्शन दिएकोले यिनले त्यस ठाउँमा नै श्री लक्ष्मी, कामधेनु, वासुकी आदिका पोखरीसमेत बनाउन लगाई श्री विष्णु भगवानको मूर्ति स्थापना गरेर मन्दिरसमेत निर्माण गर्न लगाई दैनिक पूजा र पर्वकाल मनाउन धेरै जग्गाहरूको बन्दोबस्त गरेर गुठीहरूको व्यवस्था मिलाएका थिए। यिनले डोलागिरि पर्वतमा विराजमान गराई गरुड़ नारायण भगवानलाई पनि छिन्नमस्ता भगवान नामले स्थापना गरेर सिद्धि प्राप्त गराई मन्दिरसमेत निर्माण गर्न लगाएर ठूलो विधिबमोजिम पूजा गर्न लगाएका थिए। यो नारायण आफ्नो दरबारको पूर्वतिर स्थित थियो जसलाई आजभोलि चांगुनारायण वा चम्पक नारायण नामले सम्बोधन गर्दछन्। यिनले आफ्नो दरबारको वायव्य कोणमा श्री बूढानीलकण्ठ भगवान, पश्चिममा इचंगुनारायण, नैऋत्य कोणमा श्री लक्ष्मीसमेत नृसिंह नारायण अथवा विशंखु

नारायण स्थापना गरेका थिए । यिनले दिन-दिनै डोलागिरि पहाड़सम्म धाई श्री छिन्नमस्ता अथवा चांगुनारायणको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे भन्ने बंशावलीमा उल्लेख गरेको छ । एक दिन यिनलाई सपनामा तिमी यहाँसम्म धाउन पर्दैन, तिमी बसेको ठाउँमा केही पर पहिले शतरुद्र पहाड़ पैरो गई रुद्रमतिले छोपिराखेको विशाल ढुङ्गा प्राप्त हुने मूर्तिको स्थापना गराई त्यहाँ नै दर्शन गर्नु, म त्यसैमा प्रवेश भई लीन हुनेछु भनी डोलागिरि पहाड़मा राज भएको श्री छिन्नमस्ता अथवा चांगुनारायणले दर्शन दिई आज्ञा भएको थियो । सपनामा दर्शन पाएका श्री चांगुनारायणका आज्ञाबमोजिम उक्त ढुङ्गाको मूर्ति खोज-तलाश गर्न माटो पन्छाउँदा कोदालीले ढुङ्गाको मूर्तिको नाकमा लागेर चोट लागी खूनी भएको थियो भन्ने वंशावलीमा वर्णन गरेको पाइन्छ । फेरि यिनै राजालाई सपनामा नै अर्को भगवानको दर्शन पाई आज्ञा मिलेको थियो कि आदि युगमा शङ्खासुर दैत्यले अघोर तपस्या गर्दा श्री महादेव खुशी भएर विश्व रूप प्रगट भएको देवताको मूर्तिजस्तै स्थापना गर्नु भने । राजा हरिदत्तले सोही सपनाबमोजिम नै उक्त मूर्तिजस्तै अनुकरण गरी पाटनमा स्थापना गर्न लगाई श्री कोटेश्वर महादेवको नामले सम्बोधन गर्दै मन्दिरसमेत निर्माण गर्न लगाई नित्यार्चनको निम्ति धेरै जग्गाको गुठी राखेर बन्दोबस्त गराई स्थापना गरेका थिए भन्ने उल्लेख गरेको पाइन्छ । यिनै हरिदत्त वर्मा राजाको धेरै कालपछिका आखिरी लिच्छवी राजा विश्वगुप्तको समयमा पनि शतरुद्र पहाड पैरो गई बूढ़ानीलकण्ठ भगवानको मूर्ति पुरिएको थियो । यो कुरा आखिरी लिच्छवी राजा विश्वगुप्तका पालोमा पनि वर्णन गरेको प्रमाण पाइन्छ ।

वसु वर्मा :

यी वसुदेव वर्मालाई कुनै-कुनै वंशावलीले राजा विश्वदेव वर्मा पनि नाम दिएको देखिन्छ । वंशावलीमा यिनको राज्य-भोग ६३ वर्ष प्रस्तुत गरिएको छ । यिनले पहिले शैव सम्प्रदायका शिवमत ग्रहण गरेका थिए तर पछि यिनले शिवमतलाई तिलाञ्जलि दिई बौद्धमत ग्रहण गरेका थिए । तसर्थ यिनको पालोमा हिन्दू मतको देव मन्दिरका देवता निर्माण गर्न छोड़ेर यिनले ठाउँ-ठाउँमा बौद्ध चैत्यहरू स्थापना गरी बौद्ध संस्कृतिलाई उत्थान गर्न ठूलो मद्दत गरेका थिए । यी राजाका पालामा अघि आफ्ना पुर्ख्यौली राजा धर्मागत देवले स्थापना गरेको नारायणहिटी दरबारको धाराबाट पानी आउन बन्द भई धारा शून्य भएको चिन्ताले यी राजा विह्वल भैरहेको बेलामा राजालाई शतरुद्र पहाड़का बूढ़ानीलकण्ठ भगवानबाट ज्योतिषीहरूसँग राय सल्लाह गर्नु अनि धाराबाट पानी आएर दुनियाँले सुख-भोगसँग पानीको तिर्खाबाट बच्न पाइनेछ भनी आज्ञा मिलेको थियो । यिनले सपनाबमोजिम विद्वान्-विद्वान् ज्योतिषीहरू भेला गराई तिनीहरूसंग सर-सल्लाह गर्दा, ज्योतिष विद्याको प्रभावले विचार गर्दा ३२ लक्षणयुक्त व्यक्तिको नरबलि (भोगबलि) चढाउँदा मात्र उक्त धाराबाट पानी आउने कुरा राजालाई ज्योतिषीहरूले सल्लाह दिए । राजा वसुवर्माले

विचार गरे कि ३२ लक्षणयुक्त भएको आफ्ना प्रजा खोजेर ल्याई नरबलि (भोग बलि) चढ़ाउनु महापापको कर्म हो। आफू पनि ३२ लक्षणले युक्त भएको राजा हुँ। प्रजा अथवा दुनियाँको लागि नै राज्य चलाउनु र प्रजाको लागि राजाले ज्यान गुमाउनु नै राजाको कर्तव्य हो। यसैले दुनियाको सुख-सुविधाको लागि राजा आफैले उक्त धारामा नरबलि (भोग बलि) चढ़ाउने निश्चय गरी यो सबै कुरा गुप्त राखी आफ्ना छोरालाई आजको चौथो दिनमा हाम्रो धारामाथि सम्पूर्ण शरीर कपड़ाले छोपी सुतिरहने पुरुषलाई मुख नहेरी सरासर गएर शिर-छेदन हुने गरी अथवा शरीर र टाउको छुट्टिने गरी काटिदिनू तब हाम्रो नारायणहिटी दरबारको धाराबाट सदाको झैं खाली नहुने गरी पानी आइ नै रहनेछ र हाम्रो प्रजाले सुख पाई जीवन आनन्दमा व्यतीत होला भनी कुरा गर्दा यसमा छोराले बाबुलाई बिन्ती चढ़ाए कि यो काम मबाट हुनेछ, यसमा पिताज्यूले कुनै शंका मानिबक्सनुपर्दैन। बाबुको आज्ञाबमोजिम छोराले कुनै कुराको विचारै नगरी चौथो दिनको रातमा उक्त धारानेर मुख र सम्पूर्ण शरीर कपड़ाले छोपी सुतिरहेको पुरुषलाई सरासर गई शरीर र शिर छुट्टिने गरी आफ्नो तरवारले काटिदिए। तब धाराबाट ठूलो आवाज आउने गरी पानी बगेर आयो। खुशीले सो काटेको तरवारमा लागेको रगत पखाल्न पानीमा धुन जाँदा उक्त धाराबाट रगत बगेको देखियो। पितृ हत्या गरेको व्यक्तिको मुख हेर्न हुँदैन भनी उक्त धाराको मुख फर्की उल्टो हुन गयो। राजपुत्र त्यो ठाउँ छोडेर घरभित्र प्रवेश गर्न लाग्दा उक्त धाराबाट पुनः निर्मल पानी बगेर सदा-सर्वदा पानी नरोकिने गरी बगिरह्यो।

भोलिपल्ट अथवा बिहान भइसकेपछि सो हल्ला चल्दा राजपुत्र (मानदेव ?) हेर्न जाँदा आफ्नै पिताको त्यस्तो अवस्था देखेर ठूलो शोक गरी पितृहत्याको पाप लाग्यो भनी बाजे विक्रमादित्यलाई वर प्राप्त गर्न लगाएका श्री वज्रयोगिनी देवी-कहाँ ठूलो विलाप गर्न पुगे। यी राजपुत्रले वज्रयोगिनी देवीकहाँ विलौना गर्न गएको बेलामा बाटोमा इक्षुमति खोला तरेर जानुपर्दथ्यो। त्यस बेला खोलामा धेरै कीरा-फट्याङ्ग्राहरू बगेर आएका थिए। त्यस बेलादेखि इक्षुमति खोलाको नाउँ टुकुचा खोला हुन गएको हो भन्ने वंशावलीमा उल्लेख भएको छ। ती राजपुत्रलाई कुनै वंशावलीमा भूपकेशरी, कुनै वंशावलीमा पति वर्मा, कुनै वंशावलीमा मानदेव आदि फरक-फरक नाम दिएको पाइन्छ। यिनै मानदेवको नामबाट यिनले मानविहार स्थापना गरी देवतालाई श्री मानेश्वरी नाम राखी आफ्ना इष्टदेवता गराइराखेको हो भनी वंशावलीमा वर्णन गरिएको छ। यी राजाको राज्यकालमा धेरै विघ्न-बाधाहरू परेर प्रजाले धेरै दुःख पाएकोमा ज्योतिषीहरूको सहमतिले पूर्णमासमा होली जात्रा चलाएको पनि वंशावलीकारले वर्णन गरेका छन्। उक्त जात्रा चलाएको लक्षणले सबै विघ्न-बाधाहरू हटेर गएको हो भन्ने उपाख्यान छ। तसर्थ होली जात्रा यस राजाको पालादेखि नेपालमा चलेको हो भन्ने कथन छ। तर यो जात्रा कृष्ण चरित्रको ग्रन्थमा पनि

उल्लेख भएकोले वंशावलीकारको कथन सत्य-भन्दा टाढ़ा नै देखिन्छ । तर हुन सक्छ कि कुनै आधारबाट पहिलेको प्रमाण अनुकरण गरी देशमा शान्ति गराउन यो राजाले यो होली जात्रा चलाएको हो ।

पति वर्मा :

वंशावलीअनुसार वसु वर्माको शेषपछि आफ्नै छोरा पति वर्मा नेपालको सिंहासनमा आसीन भए । यी राजालाई वंशावलीमा सूर्यवंशी लिच्छवी कुलका राजाहरूमा १५ औं स्थान दिइएको छ । कुनै-कुनै वंशावलीले यिनको नाम भुवन केशरी दिएको छ त कुनैमा मानदेव वर्मा राखेको पाइन्छ । वंशावलीकारले आफ्नो वंशावलीमा यसरी नाम अदला-बदली गर्नुले पाठकहरूलाई दुविधा भई आश्चर्य मानेका छन् । यसबाट हामीलाई पनि भ्रम भई दुविधा हुन आएको छ तर अहिलेसम्म प्राप्त मान विहारको मानेश्वरीलाई इष्टदेवता ग्रहण गरी पूजा-आजा गर्दै आइरहेको विचार गर्दा यिनको नाम मानदेव नै हुनुपर्छ भनी अड्कल गर्न सकिन्छ । मानेश्वरीलाई पूजा-आजा गरी इष्टदेवता मानेर आइरहेका मल्लकालीन अवस्थाका शिलालेखहरू र अरू अभिलेखहरू प्रशस्त पाइन्छन् । भक्तपुर तलेजुमा श्री मानेश्वरीको ठूलो स्थान छ । मल्ल राजाहरूले हालका हाँडीगाउँका मानेश्वरीलाई इष्टदेवता मानेर देवाली पूजा पठाउन गुठी समेत राखेर गएकोले वर्ष-वर्षमा भक्तपुर तलेजू स्थानबाट पूजा पठाउने चलन अद्यापि छँदैछ ।

धेरैजसो वंशावलीमा राजाहरूको क्रमको संख्यामा १६ औं राजा सिद्धि वर्मा, १७ औं क्रममा वसन्त वर्मा, १८ औंमा शिवदेव वर्मालाई स्थान दिइएको पाइन्छ । यिनीहरूको राज्यकाल भोग क्रमशः ६५, ६१ र ६७ मात्र दिइएको छ । वंशावलीमा यिनीहरूको राज्यकालमा घटेका राजनैतिक, सामाजिक, आर्थिक तथा धार्मिक निर्माण-कार्यको कुनै उल्लेख गरेको पाइँदैन । तसर्थ तत्कालीन अवस्थामा भएका घटना अज्ञात भएको कुरा स्पष्ट हुन आउँछ ।

वृषदेव वर्मा :

वंशावलीमा यिनको राज्यकाल ६१ वर्ष उल्लेख गरेको छ । यिनले पहिले वैदिक धर्मलाई समर्थन गरी अँगालेका थिए अर्थात् बौद्ध धर्मलाई पक्षपातको दृष्टिले हेर्दथे । तैपनि वंशावलीअनुसार यिनले नित्य वज्रयोगिनीसम्म धाई देवीको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे । वंशावलीमा उनलाई भगवान श्री विष्णुले दर्शन दिएका कुरा वर्णन गरेको पाइन्छ । श्री भगवानको दर्शनमा उनलाई यो आज्ञा मिल्यो कि अघि-अघि पिङ्गला रानीले मैजुबहाल निर्माण गरेदेखि नै त्यसै रहेका श्री विष्णु भगवानको मूर्तिलाई अघि-अघिका श्री धर्मदत्त राजाले स्थापना गरेजस्तै गरी त्यस मूर्तिलाई धन्दोदेव नामले स्थापना गरी सिद्ध प्राप्त गरी देवल निर्माण गर्नु भनी धेरै धन हातमा राखिदिएका थिए । यो पनि आज्ञा मिलेको थियो कि बाँकी भएको धन त्यस निर्माण भएका मन्दिर अथवा देवलभित्र नै राखिछोड्नु । श्री भगवान विष्णुबाट प्राप्त भए क

धनले श्री भगवानको आज्ञाबमोजिम राजा वृषदेव वर्माले श्री विष्णुको मूर्ति स्थापना गरेर सिद्ध प्राप्त गरी त्यस मन्दिरभित्र कोषको भण्डार स्थापना गराएका थिए भन्ने वंशावलीमा वर्णन भएको पाइन्छ। राजा वृषदेव वर्मा पहिले बौद्ध धर्ममा पक्षपाती भए तापनि पछि उनको विचार-बुद्धि परिवर्तन भई वैदिक धर्मलाई एकातिर पन्छाई बौद्ध धर्मका ठूलो समर्थक भएर गोदावरीको सन्धिमा एक चैत्य निर्माण गर्न लगाई त्यस ठाउँलाई वाडागाउँ नामले सम्बोधन गर्न लगाएका थिए। केही वर्षमा नै फरि पछि यिनले बौद्ध धर्मको पक्षपातलाई तिलाञ्जलि दिई सबै धर्म बराबर गराई धार्मिक सहिष्णुता जगाएका थिए भन्ने कथन छ।

बौद्धाचार्यहरूले खाएर-पिएर जूठो भएको चीजहरू देवतालाई चढाउने अन्याय भयो भनी भगवान शिवजीले आफ्नो आत्माको केही भाग एक अंशियारको रूपमा विनासंभोगले एक विधवा बाहुनीको गर्भमा प्रवेश भएर शंकराचार्य नामले एक व्यक्ति उत्पत्ति भएको कथाको वर्णन वंशावलीमा यिनै राजाको पालामा उल्लेख भएको पाइन्छ। श्री शंकराचार्यको उत्पत्ति भएपछि जैनहरूले आफ्ना मतअनुसार कलशमाथि कपड़ाले छोपी स्थापना गराई पूजा गरिराखेकोमा त्यस कलशभित्र श्री सरस्वती प्रवेश-भई गुप्त रूपले कलशबाट आएको आवाजमा श्री शंकराचार्यसँग धार्मिक प्रवृत्ति विषयक संवाद हुँदा उक्त कपड़ाले छोपिराखेको कलशबाट सुनेको आवाजसँग संवादमा टिक्न नसकेर शंकराचार्य छोड़ी भागेको उपाख्यान पनि वंशावलीमा समावेश भएको पाइन्छ।

राजा वृषदेव वर्माले चोभारको श्री गणेश देवतालाई पशुपति क्षेत्रसम्म ल्याई श्री पशुपतिनाथको सम्मुखसम्म प्रतिवर्ष जात्रा चलाउनुपर्ने बन्दोबस्त गराइदिएका थिए। शंकराचार्य हिन्दू धर्मका शिवमत र विष्णुमतका प्रबल समर्थक थिए। यिनले अरू धर्म मान्नेलाई ठूलो पापात्मा भनी देखी सहँदैनथे, तसर्थ यिनले बौद्ध धर्म र जैन धर्मका समर्थकहरूलाई नाश पार्न खोजी-खोजी गर्दै शिवमत र विष्णुमत ग्रहण गर्न लगाई ठूलो प्रचारमा लागेका थिए भनी इतिहास तथा वंशावलीकारहरूले उल्लेख गरिराखेको पाइन्छ। वंशावलीमा यिनले दक्षिण दिशाबाट भट्ट ब्राह्मणहरू बोलाई ल्याई श्री पशुपतिनाथको पुजारी बनाएको वर्णन पनि छ। अरू इतिहासकारहरूले त यिनको धर्म नमान्ने धेरै बौद्धमार्गीहरूले ज्यान गुमाएका र देश छोड़ी भागेका थिए भनी वर्णन गरेको पाइन्छ। तसर्थ यिनलाई हिन्दू धर्मका प्रबल समर्थकहरूले गुरुत्व ग्रहण गरी एक अवतारी व्यक्ति मानेका हुन् भनी उल्लेख गरेको पाइन्छ।

शंकर देव (प्रथम):

वंशावलीकारले यिनलाई ३५ वर्षको राज्यकाल दिएका छन्। धर्म-कार्यमा यिनी अक्सर शिव-सम्प्रदायका ज्यादा नै समर्थक थिए। यिनले देउपाटनका श्रीपशुपतिनाथमा धेरै धन खर्च गरेर मन्दिर पुनर्निर्माण गरी ठूलो विधिबमोजिम भक्तिसाथ पूजा अर्पण गरेका थिए। यिनले आफ्ना प्रजाहरूको सुख-शान्ति र भलाइको लागि श्री पशुपतिनाथको

उत्तर ढोकाअगाडि श्री ज्वरेश्वर महादेव स्थापना गरी लोहाका ठूलो त्रिशूल चढाएका थिए। नेपालमा ज्वरोले पीडित भई अस्वस्थ शरीर भएका व्यक्तिले पूजा चढाई सेवा गरे उक्त महादेवले त्यस रोगी मानिसलाई निको पारी निरोगी गराइदिने गर्दथे भन्ने किम्वदन्ति छ। अर्थात् नेपालीहरूले ज्वरो आई रोगी भएका व्यक्तिले श्री ज्वरेश्वर महादेवकहाँ जप-तप, रुद्री पाठ आदि अर्पण गर्न पठाए सताइरहेका ज्वरोबाट मुक्ति पाउने विश्वास थियो। तसर्थ पशुपति क्षेत्रमा श्री पशुपतिको उत्तर ढोकाअगाडि स्थित ज्वरेश्वर महादेवकहाँ आजसम्म ज्वरोले पीडित व्यक्तिहरूको पूजा, रूद्री पाठ गर्ने हमेशा ताँती लागिरहन्छ। हिजो-आज श्री ज्वरेश्वर महादेवलाई जलेश्वर महादेव पनि भन्दछन्। फेरि यी राजाले पशुपति क्षेत्रमा नै राजेश्वरी सन्धिमा श्री किरातेश्वर महादेवको ठूलो लिङ्ग स्थापना गरी पछिसम्मको लागि आफ्नो कीर्ति स्थायी गर्न लगाएका थिए। यिनले पशुपति क्षेत्रभित्र नै पशुपतिनाथको मन्दिरको पश्चिम ढोकाअगाडि श्री नन्दिकेश्वर महादेवको मूर्ति स्थापना गरी विधिबमोजिम नै पूजा गरेका थिए भनी वंशावलीमा उल्लेख छ। यिनले फेरि ठूलो विधिले सिद्धि प्राप्त गर्न लगाई पूर्वजन्मको प्रतिविम्ब देखिने अथवा छायाँ देख्ने इनार खन्न लगाएका थिए। आफ्ना कुटुम्बका पूर्वजन्मका प्रतिविम्ब देखिने उक्त इनारलाई केही कारणले गर्दा पछिका राजाहरूले छोपी ठूलो ढुङ्गाको महादेवको लिङ्ग स्थापना गरिदिएका थिए। श्री महादेवको लिङ्ग आजसम्म राजेश्वरी घाटमा अवस्थित छ। लिच्छवी राजाहरूमा शंकरदेवको धर्मकार्य, शिव सम्प्रदाय, इतिहास र वंशावलीमा ठूलो स्थान दिइएको पाइन्छ। पशुपतिको शिलालेख सूचीमा यिनलाई ३८ औं पुस्ताका संख्याको राजामा स्थान दिएको छ तर वंशावलीमा भने सिर्फ २ औं नम्बरको संख्यामा राखेको छ। लिच्छवी राजाहरूको यहाँसम्मका कुनै शिलालेख, अभिलेख वा ताम्रपत्र प्राप्त हुन सकेको छैन। यसभन्दा पछिदेखि त शिलालेख र अभिलेखहरू प्राप्त भैसकेकोले यहाँसम्मका वंशावलीकारहरूले वर्णन गरेका कुराहरू अथवा वंशावली ठीक छ-छैन, विचार नगरी भर पर्नुपर्दछ। राजा शंकरदेवले हालको काठमाडौं शहरमा ९००० घरको बस्ती बसाली खड्गाकार आकृतिमा देश-निर्माण गर्न लगाएका थिए भन्ने वंशावलीमा उल्लेख भएको पाइन्छ।

धर्मदेव :

वंशावलीमा यिनको राज्यकाल ५१ वर्ष उल्लेख छ। यिनी विष्णु भगवानका परम भक्त थिए। यिनका एकमात्र छोरा थिए भनी इतिहासमा उल्लेख गरेको छ। यिनका छोराको नाम मानदेव थियो। यिनले आफ्नो छोरा मानदेवलाई धर्म-कार्यमा लगाउने र शूर-वीर तथा योग्य शासक बनाउन भरमग्दूर कोशिश गरेका थिए। राजा धर्मदेव ठूला योद्धा र अस्त्र-शस्त्र तथा धनुषबाण चलाउनमा धेरै सिपालु थिए। यिनले आफ्ना छोरालाई धनुषबाण र अस्त्र-शस्त्र चलाउने विद्यामा तालीम दिएका थिए। यिनकी रानीको नाम राज्यवती थियो। रानी राज्यवती धर्म-कार्यमा

राजाभन्दा एक पाइला अगाडि नै थिइन् । रानी राज्यवतीले आफ्ना पति धर्मदेवको नाम चिरकालसम्म अमर गराउन धेरै धर्म-कीर्तिहरू राखेर गएकी छिन् । ती धर्म-कार्यमध्ये एउटा चांगुमा रहेको स्तम्भ आजसम्म विद्यमान छ । रानी राज्यवतीले आफ्ना छोरा मानदेवलाई बाबु धर्मदेवजस्तै योग्य शासक र विजयकर्ता होउन् भनेर धर्मकीर्तिहरू राखेर धेरै ब्राह्मणहरूलाई प्रशस्त धन दान गरेकी थिइन् । वंशावलीमा राजा धर्मदेवले धार्मिक आस्थामा ठूलो स्थान दिएका थिए । यिनले पशुपतिनाथको पश्चिम ढोकाअगाडि सुनको मोलम्मा भएको ठूलो बसाहा चढ़ाएका थिए ।

मानदेव (प्रथम) :

राजा धर्मदेवको मृत्युपछि मानदेव (प्रथम) बाबुको सिंहासनमा आसीन भए । वंशावलीमा यिनी धर्मदेवका एक्लो छोरो थिए भन्ने उल्लेख छ । वंशावलीमा यिनको राज्यभोग ४९ वर्ष दिइएको छ तर शिलालेखको अध्ययनबाट लिच्छवी संवत् ३८६ देखि ४२७ सम्म जम्मा ४१ वर्ष मात्र राज्य चलाएका थिए भन्ने देखिन आउँछ । बाबु धर्मदेव स्वर्गारोहण भएको बेलामा छोरा मानदेव पट्ठो नवयुवक अवस्थामा थिए भन्ने देखिन आउँछ । यो कुरा चांगुनारायणको अगाड़िको स्तम्भको अभिलेखबाट विदित हुन आउँछ । यस स्तम्भमा संस्कृत भाषामा लेखेको नेपाली रूपान्तर यो हो–"बाळा लगाएको, सुनजस्तै मसिनो, सफा वर्ण भएको, पुष्ट काँध भएका फुलेको नीलकमलको पातको जोडा लाग्दो आँखा भएको, साक्षात् देहधारी कामदेव-जस्ता भएका, सुन्दरी विलासको उत्सवस्वरूप भएका" आदि वाक्यांशबाट उनको उमेर भर्खरका १६-१७ वर्ष भएको पट्ठो भन्ने देखिन आउँछ । मानदेव (प्रथम)-लाई इतिहासमा लिच्छवीकालका प्रथम ऐतिहासिक राजा मानेको पाइन्छ । यिनी कुशल राजनीतिज्ञ पुरुष थिए । यिनलाई बाबु धर्मदेवले आफू जीवित अवस्थामा नै छोरा शूरवीर योद्धा होउन् भनेर धनुष-बाण चलाउने, अस्त्र-शस्त्र चलाउने र विरोधीहरूले आफूतिर चलाएको बाण, अस्त्र-शस्त्र रोक्न सक्ने विद्याको तालीम प्राप्त गर्न लगाएका थिए । तसर्थ बाबुको मृत्यु भएको अवस्थामा उनी योग्य शासक भई शिक्षा-दीक्षाले गर्दा निपुण भएर निस्केका थिए ।

धर्मदेवको मृत्यु हुनासाथ मानदेव गद्दीमा बसेको समाचारले विरोधी सामन्तहरूले नयाँ राजा मानदेवलाई राजाको रूपमा मान्यता नदिई राजाको कार्यलाई टेरेनन् । यो सहन नसकी नयाँ राजाले अरू राज्यको सबै काम छोडी पहिले यिनले आफ्नी आमा रानी राज्यवतीसँग अनुमति लिई विजयको निमित्त यात्रा शुरू गर्न थाले । यसमा आफ्नो मामाले भानिजको नातामा यिनलाई ठूलो मद्दत गरेका थिए । बाबु धर्मदेवबाट प्राप्त शिक्षाअनुसार यिनले वीर सेनानी भई युद्ध संचालन गरे । यसमा यिनले धेरै हात्ती, घोड़ा तथा पैदल सिपाहीका फौजहरू साथमा लगेका थिए । यस युद्धको यात्रामा यिनले गण्डकी नदी पार गरेर मल्लपुर आफ्ना अधीनवर्ती

जीत गरेर चारै दिशामा आफ्नो विरोधी सामन्तहरू सबैलाई आफ्नो काबूमा पारी राज्य उनीहरूकै हातमा छोड़ी बार्षिक कर मात्र असूल गरेर फर्केका थिए। यस विजय-यात्रामा यिनले नेपालको सीमाना ज्यादै विस्तृत पारेर डोलागिरि पर्वतका श्री चांगुनारायणकहाँ ठूलो विधिबमोजिम पूजा चढ़ाई ब्राह्मणहरूलाई धेरै धन दान दिई कीर्तिको लागि श्री चांगुनारायणअगाडि ठूलो ढुङ्गाका स्तम्भमा अभिलेख लेखाई स्थापना गर्न लगाएका थिए । सूर्यवंशी लिच्छवी राजाहरूको अभिलेखमा इतिहासकार-हरूले यसैलाई नै पहिलो राजा मानेको देखिन्छ। यो स्तम्भको अभिलेखको संवत् ३८६ हो। विद्वान्हरूले यस संवत्लाई लिच्छवी संवत् नाम दिएको छ ।

अहिलेसम्म प्राप्त शिलालेखहरूमा यिनका चार रानीहरू थिए र रानीहरूको नाममा लाजिम्पाट र टुकुचाको अभिलेखमा क्षेमसुन्दरी र गुणवती तथा अर्को पलाञ्चोकको अभिलेखमा विजयस्वामिनी र सूर्यघाटको अभिलेखमा भोगिनी नाम थियो भनी अंकित छन्। राजा मानदेव पितृभक्त र मातृभक्त दुवै थिए। यिनले हिन्दू धर्म र बौद्ध धर्म दुवैलाई नै संस्कृति धर्म मानेर समान रूपले आदर गर्दथे। यिनले आफ्नी आमाको सधैं पुण्य-वृद्धिको लागि संवत् ३८९ मा लाजिम्पाट र पशु-पतिमा त्रिविक्रम विष्णुको मूर्ति स्थापना गरेका थिए [1]। यी देवताको मूर्ति स्थापना गरेको बेलामा राजा मानदेवको राज्याभिषेक भएको अनुमान गर्न सकिन्छ। कारण उक्त अभिलेखबमोजिम राजसूय यज्ञ गरेर राजाले बाघको छाला बाँधेर राजाबाट तिलक लिनुपर्ने परम्पराबाट यसै बेला उनले त्रिविक्रम विष्णु स्थापना गरी अभिलेख कुँदन लगाएको अड्कल गर्न सकिन्छ ।

प्राप्त शिलालेखबाट ज्ञात हुन्छ कि त्यस बेला महाबलाध्यक्षलाई प्रधान सेनापति र बलाध्यक्षलाई सेनापति भन्ने गरिन्थ्यो। इतिहास र वंशावलीमा यिनले एउटा ठूलो राजदरबार निर्माण गर्न लगाएका थिए भन्ने उल्लेख छ। त्यो दरबार राजा मानदेवले निर्माण गर्न लगाएकोले मानगृह नामले प्रसिद्ध भएको छ। राजा मानदेवले त्यसै

---

१. **लाजिम्पाटको अभिलेख :**—संवत् ३८९ वैशाख शुक्ल दिवा २ मातुः श्री राजकन्या हितकृत मनसः सर्वदा पुण्य वृद्धये राजा श्री मानदेवः शुभ विमल मतिः पात्र दानाम्बु वर्षो लक्ष्मी वत्कारयित्वा भवनमिह सूत्रं स्थापयो मास सम्मक विष्णु विक्रान्त मूर्ति सुरमुनि महितं सर्वलोकैक नाथम्—१।

नेपाली रूपान्तर :—संवत् ३८९ वैशाख शुक्ल २, असल सफा बुद्धि भएका सत्पात्रमा पानी सरह दान बर्साउने राजा श्री मानदेवले हित गर्ने मन भएकी आफ्नी मुमा श्री राज्यवतीको सधैं पुण्यको बढी-बढ़ाउ होस् भन्ना निमित्त राम्रो, असल मन्दिर बनाउन लगाई देवता र ऋषिहरूले पुजिएका सबै लोकका एउटै मालिक विक्रान्त विष्णुलाई राम्ररी यहाँ स्थापना गर्नुभयो—२।

दरबारमा बसेर राज्य-कार्य र राजसभा आहेर गर्ने गर्दथे। त्यो दरबार कहाँ थियो भन्ने विषयमा कसैले गोकर्ण; कसैले देउपाटन, कसैले पाटनमा थियो भनी तर्क निकालेर अड्कल गरेका छन्। तर इतिहास शोध-खोजकर्ता र संशोधन मण्डलका श्री नयराज पन्तज्यूले केही प्रमाण दिई पाटनमा नै थियो, जो आज-भोलि मंगल बजार नाउँले प्रख्यात भएको छ भनी उल्लेख गर्नु भएको छ।

राजा मानदेवले आफूलाई भट्टारक महाराजाधिराज भन्ने पद ग्रहणको कुरा उनैले राख्न लगाएका शिलालेखबाट विदित हुन्छ। वीर, पराक्रमी तथा कुशल राजनीतिज्ञ भए पनि राजा मानदेव आफ्ना प्रजालाई विघ्नै माया गर्दथे। यिनले दुनियाँलाई आफ्नै सन्तानसरि व्यवहार गर्दथे। राजा मानदेवको पालोभन्दा अगाडि मुद्राको चलनचल्ती त्यतिको थिएन। त्यति बेला आफूसँग भएको चीज अरूलाई दिई अरूसँग भएको चीज आफूले लिई लेनदेनको व्यवहार गर्दथे। त्यतिबेला प्रचलनमा भएका मुद्रा विश्वासिलो भई त्यतिको चलनचल्ती भएको थिएन। राजा मानदेवले व्यावहारिक लेनदेन सजिलो पार्न चार किसिमका मुद्राहरू निकालेका थिए[१]। सो मुद्राको नाम मनाङ्कले प्रख्यात थियो। यी चार प्रकारका मुद्राहरूका लिपि विभिन्न शैलीमा थिए। एकातिर सिंहको मूर्ति र अर्कोतिर कमलको चित्र अंकित थियो। कुनैमा एक पताका युक्त, कुनैमा दुई, कुनैमा बिन्दुका छः थोपा मात्र अंकित, कुनैमा देवीको मूर्ति आकृति आउने देखिन्छन्। यी चार प्रकारका मुद्राहरूमा किसिम-किसिमका अक्षरले भिन्ना-भिन्नै ढंगले बनाउन लगाएको पाइन्छ। यिनले आफ्ना देशको व्यापार वृद्धि गराउन व्यापारीहरूको संगठन पनि गरेका थिए। यिनले आफ्नो देश सुन्दर पार्न प्रजालाई निर्माणको कार्यमा ठूलो प्रोत्साहन दिने गर्दथे।

राजा मानदेव ज्यादाजसो वैष्णव सम्प्रदायका थिए तापनि उनैका रानी तथा परिवारहरू शैव सम्प्रदायका थिए। भनाइको तात्पर्य यो हो कि आफू वैष्णव मतका भए तापनि श्री मानेश्वरी देवी, भगवती देवी र गणेश देवतालाई पूजा-आजा गर्नमा लाग्ने गर्दथे। बौद्ध मार्गमा पनि यिनको श्रद्धा धेरै जमेको थियो। यिनले बौद्ध विहार, मान विहार तथा चैत्यहरू स्थापना गरी सबै धर्मका अनुयायी भई धार्मिक सहिष्णुतामा आस्था बढ़ाएका थिए। यिनले आफू मात्र होइन कि आफ्ना प्रजाहरूलाई पनि धार्मिक आस्था जगाउन आफूले सकेको योगदान दिने गर्दथे। तसर्थ यिनको प्रयासबाट स्थापना भएका मन्दिरका मूर्तिहरू र अभिलेखहरूमा गुह्यमित्र (गुहमित्र)-द्वारा स्थापना गरेको श्री सूर्य मूर्ति अहिलेसम्म विद्यमान छँदै छ। राजा मानदेवको तत्कालीन अवस्थामा राजा तथा प्रजामा धार्मिक आस्था कति जागेको थियो भन्ने तथ्य आज ठाउँ-ठाउँबाट प्राप्त भएका मूर्ति तथा अभिलेखबाट विदित गर्न सकिन्छ।

---

१. हेर्नुहोला—Coinages of Nepal, Walsh, p. 11.

राजा मानदेवले साहित्यकारहरू र कलाकारहरूलाई आफ्नो दरबारमा भेला गराई अभिलेख र देवताका मूर्तिहरू बनाउन यिनीहरूसँग सल्लाह लिने गर्दथे। यिनको दरबारमा विद्वान्हरूको हमेशा जमघट भइरहन्थ्यो। मानगृह राजदरबार निर्माण भई तयार भइसकेपछि राजाले यी कलाकार, मूर्तिकार, साहित्यकार विद्वान्हरू सबैलाई त्यहाँ नै भेला गराइराखेका हुन्थे। त्यसैले राजा मानदेवको प्रयासले तत्कालीन साहित्यिक र मूर्तिकारहरूको अवस्थामा राम्रो उन्नति भई फस्टाएको थियो। त्यस बेला राजभाषा संस्कृत भाषा नै थियो। यिनको धेरैजसो अभिलेखहरूमा संस्कृत भाषा नै कोरिन गएको थियो। आफ्नो प्रजालाई दुःख-कष्ट हुन नपाओस् भनेर राजा मानदेवले कसैलाई राज्य-करबाट मुक्त गरी र कसैलाई आर्थिक सहायता दिई जनताको सेवा गर्दथे। यी कुरा उनका प्राप्त अभिलेखबाट ज्ञात हुन आउँछ। राजा मानदेवले पुरानो संवत्लाई फेरेर नयाँ संवत् चलाएका थिए। उक्त संवत्लाई हाल लिच्छवी संवत् भनिन्छ। इतिहासकारहरूले त्यो संवत् किरातीहरूलाई हराएपछि सोही उपलक्ष्यमा चलाएको हो भनी भन्दछन् तर उक्त कथन सत्यताभन्दा टाढाको कुरा अनुमान हुन्छ। किनभने किराती राजालाई हटाई लिच्छवी शासन धेरै पुस्ता-अगाडि शुरू भैसकेको थियो। किराती राजा गस्तीलाई हराउने निमिष नै थिए। तापनि राजा मानदेवले लिच्छवी संवत् चलाएको कुरामा शंका छैन, तापनि यो संवत् नै आफूभन्दा अगाडिका पुस्ताको नाउँमा चलाएको हुनुपर्छ। यिनको हरेक अभिलेखमा लिच्छवी संवत् नै प्रयोग गरिएको पाइन्छ अथवा यो लिच्छवी संवत् एउटा आधार लिएर अरू संवत्लाई हटाएर यो नयाँ संवत्लाई च्यापेको हुनुपर्छ भनी विद्वान्हरूको राय छ[1]।

अहिलेसम्म राजा मानदेवको समयका जम्मा १५ वटा अभिलेखहरू प्राप्त छन् अथवा प्रकाशमा आएका छन्। ती हुन् :—

१. चांगुनारायणको स्तम्भ, संवत् ३८६; २—लाजिम्पाटको त्रिविक्रम मूर्ति, संवत् ३८९; ३—तिलगंगा त्रिविक्रम मूर्ति, संवत् ३८९; ४—लाजिम्पाटको शिवलिङ्गको अभिलेख, संवत् ३९०; ५—बूढानीलकण्ठको शिवलिङ्ग, संवत् ३९६; ६—पाटाटोल, देउपाटनको शिवलिङ्ग, संवत् ३९९; ७—टेबहाल, काठमाडौंको सूर्यमूर्ति, संवत् ४०२; ८—पशुपति मन्दिरको जलहरी, संवत् ४१३; ९—टुकुचाको शिवलिङ्ग, संवत् ४१९; १०—पलाञ्चोकको भगवती, संवत् ४२५; ११—चांगुनारायण, संवत् ४२७; १२—पशुपति देउपाटन, सूर्यघाटको शिवलिङ्ग, संवत् ४२७; १३—देउपाटनको शिवलिङ्ग, संवत् भग्न; १४—केलटोलको अभिलेख, संवत् भग्न; १५—स्वयंभूको अभिलेख, संवत् भग्न।

---

१. 'पूर्णिमा' अंक ३५, पृष्ठ २९० हेर्नुहोला।

यी माथिका अभिलेख तथा शिलालेखहरूमा संवत् ३८६ पहिलो थियो भने अन्तिम संवत ४२७ सूर्यघाटको शिवलिङ्गको थियो। यसबाट राजा मानदेवले लगभग ४१ वर्ष राज्य गरेका प्रमाण देखिन आउँछ। उपरोक्त सबै संवत्हरू लिच्छवी संवत् नै थियो तर जगदीशचन्द्र रेग्मीज्यूले आफ्नो 'लिच्छवी संस्कृति' भन्ने ग्रन्थमा यो लिच्छवी संवत् होइन, शक संवत हो भनेर बयान गर्नुभएको छ। लिच्छवी संवत् शक संवत् चल्नुभन्दा २२ वर्ष पहिले अथवा अगाड़ि थियो, तसर्थ उनको भनाइ एकदम गलत साबित हुन आउँछ[1]।

इतिहास तथा अभिलेखहरूमा मुद्राहरू चलनमा ल्याउने पहिलो राजा मानदेवलाई नै मानेको पाइन्छ। यी राजाभन्दा अगाड़िका राजाहरूको अभिलेखहरू र मुद्राहरू प्राप्त भएका छैनन्। इतिहासमा मानदेवको बाबु धर्मदेव स्वर्ग भएको बेलामा आमा राज्यवतीले छोरा मानदेवको राज-काज राम्रोसित चलाउन दिन आफू सती नगएकी कुरा वर्णन गरेको पाइन्छ। तर आमा राज्यवती मानदेवको पालामा कुन समयमा स्वर्गारोहण भइन्, यो इतिहासमा उल्लेख भएको पाइँदैन।

महीदेव :

राजा मानदेव प्रथमको निधनपछि उनैका छोरा महीदेव बाबुको सिंहासनमा आसीन भए। वंशावलीमा यिनका बाबुपछि क्रममा यिनको नाउँ उल्लेख छ तर प्राप्त शिलालेखअनुसार उनले एक वर्ष पनि राज्य गर्न पाएनन् किनभने संवत् ४२७ सम्म यिनका बाबु मानदेवको शिलालेख प्राप्त छन् भने संवत् ४२८ मा यिनैका छोरा वसन्तदेवको शिलालेख प्राप्त भएको छ। तसर्थ थोरै समय भएकोले यिनले अभिलेखहरू राख्न पाएनन् होला अर्थात् यिनको अभिलेख कतै नपाएको हुन सक्छ। तैपनि इतिहासमा उनको ठूलो स्थान छ। उनका बाबु मानदेव लिच्छवी कुलका ऐतिहासिक व्यक्ति भएकाले उनका छोरा महीदेवलाई कुशल राजनीतिज्ञमा इतिहास-कर्ताले क्रममा समावेश गरेको हुनुपर्दछ। तर महीदेवका छोरा वसन्तदेवले आफ्नो शिलालेखमा बाबुको गुणगान गरेर प्रशंसा गरी अभिलेख राख्न लगाएका हुन् कि भन्ने अड्कल गर्न सकिन्छ। किनभने राजा वसन्तदेवको अभिलेखमा बाबु महीदेवको राज्यकाल पूरा एक वर्षको पनि थिएन।

वसन्तदेव :

महीदेवपछि उनैका छोरा वसन्तदेव नेपालको सिंहासनमा सुशोभित भए। वंशावलीकारहरूले यिनलाई ३६ वर्षको राज्यभोग गरेका राजा माने तापनि अहिलेसम्म प्राप्त अभिलेखहरूअनुसार यिनले २६ वर्षसम्म मात्र राज्य गरेका थिए। वंशावलीमा यिनले राजा भएको १५ वर्षपछि मात्र राज्याभिषेक गरेका थिए भन्ने उल्लेख गरिएको पाइन्छ। तर उनको प्राप्त अभिलेखहरू विचार गर्दा वंशावलीकारको

---

१. हेर्नुहोला : 'पूर्णिमा', अंक ३५–पृष्ठ १९०।

कथन सत्यताभन्दा धेरै टाढ़ा देखिन्छ। वंशावलीकारले उनका अभिलेखहरूको ख्याल नै नगरी खालि जनश्रुतिको भरमा बयान गरेको बुझिन्छ। उनको राज्यारोहण हुँदा उनैका बाजे मानदेव प्रथमले निर्माण गरेका मानगृहमा उनी आसीन भएका थिए। अहिलेसम्म जानकारीमा आएको वसन्तदेवका अभिलेखहरूको स्थान र संवत् यी हुन् :—१. आदिनारायण मंदिर, थानकोटको अभिलेख, संवत् ४२८; २. सिता-पाइलाको अभिलेख, संवत् ४३०; ३. पाटन, बहालुखा टोलको अभिलेख, संवत् ४३५; ४. लगन टोल, जैसी देवलको अभिलेख, संवत्४३५; ५. किसीपिडीको अभिलेख, संवत् भग्न ; ६. पाटन, खपिछेंको अभिलेख, संवत् ४५२; ७. पासिक्ष्यें वलम्भूको अभिलेख, संवत् ४५४; ८. चोकीटार वलम्भूको अभिलेख, संवत् ४५४; ९. खाद्या वलम्भूको अभिलेख, संवत् भग्न।

माथिका पहिलो अभिलेखमा संवत् ४२८ र आखिरी संवत् ४५४ पाइन्छ। यसबाट यिनले २६ वर्षसम्म मात्र राज्य गरेको कुरा स्पष्ट झल्किन्छ।

इतिहासमा राजा वसन्तदेवलाई ठूलो पराक्रमी, बुद्धिमान र राजनीतिज्ञका साथै प्रजापालकमा ठूलो स्थान दिइएको छ। राजा वसन्तदेव आफ्ना शत्रुहरू र विरोधी सामन्तहरूलाई कजाउन सक्ने शक्ति भएका व्यक्ति थिए। यो कुरा उनैका अभिलेखबाट ज्ञात हुन्छ। लगनटोलको अभिलेखमा यिनले राज्यको कामको हिसाब-किताब राख्ने अड्डा स्थापित गरेको कुरा पनि वर्णन छ। वलम्भू र चोकीटारको अभिलेखमा अधिकरणहरूलाई जग्गा निगाह्ा गरेको कुरा उल्लिखित छ। त्यस बेला उनले अड्डाका मुख्य कर्मचारी-अधिकारीहरूलाई द्वार, प्रतिहार नामले सरकारी पद दिई राखेका थिए। थानकोटको अभिलेखानुसार यिनले भट्टारक महाराजाधिराज भनी प्रशस्ति ग्रहण गरेका थिए। यस अभिलेखमा उल्लेख भएअनुसार यिनले आफ्ना बहिनी जयसुन्दरीलाई कोट्टसम्बन्धी सन्तान-दर-सन्तानलाई भोग गर्न पाउने गरी स्थिति बाँडिदिएका थिए। लिच्छवीकालीन इतिहासमा सामाजिक, राजनैतिक, धार्मिक तथा आर्थिक बन्दोबस्त गर्ने काममा र देश रक्षाको बन्दोबस्त गर्न सक्ने शक्तिवान् व्यक्तिमा राजा वसन्तदेवलाई ठूलो स्थान दिइएको पाइन्छ। उनको अभिलेखहरू अध्ययन गर्दा राजा वसन्तदेव राज्य चलाउन कतिको निपुण व्यक्ति थिए भन्ने कुराको सहजै अनुमान गर्न सकिन्छ[१]।

---

१. खपिछें, पाटन, जलद्रोणीको अभिलेख संवत ४५२ :—

ॐ स्वस्ति महर्षौ वैशम्पायने श्रद्धेये (सम्वत्) ४५२ पौष शुक्ल तिथौ तृतीय-स्यम्भट्टारक महाराज श्री वसन्तदेवे सम्यग्राज्यम्प्र शासति याज्ञि कवि प्रसेनेन वेद कृताम्ना (स्था) य भगवते कारण पूजार्थम्ब्राह्मण ध्रुवसेनेनं दतन्दक्षिण कोलिग्रामे भूषत द्वयम्पिण्डश्रवि (त्री) ही कस्य मानिकया १५० ब्राह्मण वृद्धिपयेन पिकंकूलक प्रदेशे मालाख्ये पिण्डक मानी ७ यज्ञिक देवभट्टेन दत्तं दुलग्रामे भू ३० पिण्डक १२ अ० सं० १२५ ॥

मनुदेव :

पशुपतिको जयदेवको शिलालेखबमोजिम राजा वसन्तदेवको शेषपछि मनुदेव नेपालको सिंहासनमा बसेका थिए। पशुपतिको अभिलेखमा मनुदेवलाई ४४ औं क्रममा स्थान दिइएको छ। इतिहास र वंशावलीमा मनुदेव कसका छोरा थिए भन्ने उल्लेख छैन। मनुदेवले स्थापना गरेका अभिलेखहरू त्यतिको पाइँदैनन् जति वसन्तदेवको। बूढानीलकण्ठको गैह्री गाउँमा यिनको पालाको एउटा अभिलेख प्राप्त भएको छ तर यसको मिति भग्न भई नाम मात्र स्पष्ट देखिन्छ। वसन्तदेवको आखिरी संवत् ४५४ थियो। त्यसपछि संवत् ४६० मा वामनदेवको अभिलेख प्राप्त छ। यसबाट मनुदेवले सिर्फ ६ वर्ष मात्र राज्य चलाएका थिए भन्ने देखिन आउँछ। वंशावलीमा वसन्तदेवपछि उदयदेवको नाम पाइन्छ। कुनै-कुनै वंशावलीमा त मनुदेवको सट्टा मानदेव द्वितीय नाम दिएको पाइन्छ अर्थात् मनुदेवको नाम नै उल्लेख गरेको पाइँदैन। संवत् ४५४ देखि संवत् ४६० भित्र इतिहासकार र वंशावलीकारले कुनै राजाको उल्लेख नगर्नु विचारणीय कुरा थियो।

वामनदेव :

पशुपतिको शिलालेखमा राजा मनुदेवपछि वामनदेव राजा भएको कुरा क्रममा उल्लेख छ तर धेरैजसो वंशावलीमा मनुदेव (उदयदेव ?)-पछि गुणकामदेव नाम दिई ३० वर्षको शासनकाल दिइएको पाइन्छ। वंशावलीमा गुणकामदेवलाई ठूलो ऐतिहासिक व्यक्तिमा स्थान दिई देश-निर्माणकर्ता जनाएको देखिन्छ। यिनले हालको काठमाडौं शहरमा देवी-देवतालाई विराजमान गराई सिद्धि प्राप्त गरेका थिए। वंशावलीकारहरूले गुणकामदेव तन्त्र विद्याका ठूला विद्वान् थिए भनेर वर्णन गरेका छन् तर शिलालेख र अभिलेखहरूको तारतम्य मिलाउँदा यी माथिका कुरा सत्य साबित हुँदैनन्। अभिलेखहरूको क्रममा मनुदेवपछि वामनदेव, रामदेव, गणदेव दिइएको छ। यसै बीच द्वैध-शासन चलाएका अभिलेखहरू प्रशस्त पाइन्छन्। यी द्वैध-शासनमा गुप्तहरू पनि थिए। यी गुप्तहरू पहिले वसन्तदेवको पालामा कर्मचारीको रूपमा नेपालमा प्रवेश गरिसकेका थिए। संवत् ४६० देखि संवत् ४८९ सम्म जम्मा २९ वर्ष-भित्र कुनै बेला एकलौटी, कुनै बेला द्वैध-शासन चलेको कुरा उल्लेख भएका केही प्राप्त अभिलेखहरू यिनै हुन् :—सांखु, दुर्गाहिटीको लि० सं० ४६० को वामनदेवको; फर्पिङ्को गणदेव + भौमगुप्तको लि० सं० ४७९; देउपाटन, स्वामीवर्तको गणदेव + भौमगुप्तको लि० सं ४८७; चपलिगाउँको गंगादेवको लि० सं० ४८९ र पशुपति मृगस्थली क्रमलिनको लि० सं० ४६७ रामदेवको थियो।

धेरैजसो इतिहासकारहरूले वसन्तदेवपछि वामनदेव राजा भए पनि उल्लेख गरी मनुदेवको नाम नै मिलाइदिएका छन्। वामनदेवको पालाको एउटा मात्र संवत् ४६० को अभिलेख प्राप्त छ तसर्थ यिनको शासनकाल कति वर्ष चल्यो, किटान गर्न

सकिंदैन भनेर एकथरी इतिहासमा वर्णन छ। अर्को इतिहासमा वसन्तदेवपछि रामदेव राजा भएको कुरा उल्लेख गरेका छन्। यिनको पालाको दुईवटा अभिलेख प्राप्त छन्। त्यसमा एउटा संवत् ४८९ हो र अर्को अभिलेखमा संवत् भग्न भई अथवा खिइएको कारणले पाठकहरू दुविधामा परेका छन्।

तर प्राप्त शिलालेखअनुसार वामनदेवले ७ वर्ष शासन चलाएका थिए। प्राप्त अभिलेखहरूमा संवत् ४६० देखि संवत् ४६७ सम्मको शासनकाल यिनको थियो। त्यसपछि रामदेवको संवत् ४६७ को अभिलेख पाइएको छ। यो अभिलेख पशुपति मृगस्थली क्रमलिनको हो। अभिलेखहरूको खोजीमा संवत् ४७९ को केलटोलमा गणदेवको अभिलेख प्राप्त छ। यसबाट यो प्रमाणित हुन आउँछ कि रामदेवले लगभग १२ वर्ष जति नेपालमा शासन चलाएका थिए। इतिहासमा १२ वर्षसम्म राज्य चलाउने राजा रामदेवको कुनै उल्लेख नहुनु आश्चर्यको कुरा हो। तर गणदेवको अभिलेख विचार गर्दा गणदेवले राम्रो शासन नचलाएको अवगत हुन्छ। यिनको पालाका आठवटा अभिलेखहरू प्राप्त भएका छन्। गणदेवले राम्रो शासन चलाउन नसकेकोले यिनले भौमगुप्तको सहायता लिई द्वैध-शासन चलाएका थिए। यो द्वैध-शासनको प्रमाण फर्पिङको लि० सं० ४७९ को र देउपाटनको स्वामीवर्तको लि० सं० ४८७ का अभिलेख हुन्। राजा गणदेवका ताकाको अभिलेखहरू यी हुन् :—
१. कोटाल टोलका भग्न अभिलेख, संवत् ४७९; २. ठाडो ढुङ्गा वलम्भूको अभिलेख, संवत् ४८२; ३. लुकमहादेव, वलम्भूको अभिलेख, संवत् ४८२; ४. कुलेछेटोल, किसीपिडिको अभिलेख, संवत ४८२; ५. ऐ. किसीपिडिको नै अभिलेख, संवत्; ४८२; ६. महालक्ष्मीदेवी, वलम्भूको अभिलेख, संवत् ४८२; ७. त्यागलटोल, देउपाटनको अभिलेख, संवत् ४८७ र ८. चपलिगाउँको अभिलेख, संवत् ४८९।

यी माथिका अभिलेखबाट गणदेवले लगभग १० वर्षसम्म मात्र राज्य चलाएका थिए भन्ने देखिन आउँछ। राजा गणदेवले श्री मानदेव (पहिलो)-ले मनाङ्क मुद्रा चलाएजस्तै उक्त मनाङ्कको नाम हटाई आफ्ना नामले गुनाङ्क चलाएका थिए भनी इतिहासमा उल्लेख छ[१]। यो मुद्राको पूरा भागमा विन्दुयुक्त घेराभित्र एउटा आइमाईको मूर्ति छ। पृष्ठ भागमा दाहिनेतिर फर्केको हात्तीको मूर्ति अङ्कित छ। यो गुनाङ्क मुद्रा विषयमा विद्वान्हरूले किसिम-किसिमका अड्कल लगाएका छन्। धेरैजसो इतिहासकारहरूले यी गणदेवलाई गुणकामदेव नामले प्रख्यात गराएको कुरा माथि नै उल्लेख भैसकेको छ। इतिहासमा एकथरीले गणदेवलाई अति भोगी र स्त्री लम्पट व्यक्तिमा गनेका छन्। तसर्थ यिनको गुनाङ्क मुद्रामा यिनले आफ्नी रानीको चित्र अङ्कित मूर्ति राख्न लगाएका हुन् भनी उल्लेख थियो भने अर्को थरिले यिनी बौद्ध सम्प्रदायमा लुब्ध भएकोले बौद्ध धर्मावलम्बी भिक्षु-भिक्षुणीको मूर्ति अङ्कित गराएका

१. हेर्नुहोला—Coinages of Nepal. by Walsh, p. 12.

हुन् भनी उल्लेख गरेका छन् । वंशावलीमा भने उनको नाम गुणकामदेव नै कायम गर्दै यिनलाई विशेष, स्त्रीहरूमा ज्यादा लम्पट हुने व्यक्तिमा स्थान दिई राज्यको काम-काज सबै मंत्रीहरूको हातमा छोड़ी हिंड्ने गर्दथे भन्ने उल्लेख गरेको पाइन्छ । वंशावली तथा इतिहास र अभिलेखहरूमाथि विचार गर्दा यिनले उपरोक्त आधारमा भौमगुप्तसँग सहायता लिई द्वैध शासन चलाएका हुन सक्छ । यसै सिलसिलामा शान्तिपुर निर्माण भएको कथा पनि समावेश भएको पाइन्छ । कथा यस प्रकार छ :—

राजा गुणकामदेव स्त्रीहरूको भोग-विलासमा ज्यादै लम्पट भई राज्यको कामकाज सबै आफ्नै मन्त्रीहरूको हातमा दिई हिंडेकाले अनर्थ कार्यले गर्दा देशमा पापले ग्रस्त भई दुर्भिक्ष भएर प्रजा ज्यादै दुःखमा परेकोले सो पापमोचन गरी देशमा वृष्टि गराउन राजा स्वयं स्वयम्भू निवासी श्री शान्तिकर वज्राचार्यको शरणमा गएका थिए । श्री शान्तिकर वज्राचार्य पनि राजाको अनुरोध स्वीकार गरेर सो दुर्भिक्ष हटाउन अष्ट नागहरूको रगतले मन्त्र लेखी पाठपूजा गरे वृष्टि हुने (अर्थात् बरसात हुने) कुरा पत्ता लगाई अष्ट नागहरूको आह्वान गर्न लागे । वासुकी नाग समेत सप्त नागहरू शामेल भए तर टौदहको कर्कोटक नाग आएन । श्री शान्तिकर वज्राचार्यले दूबो सहित एक पुष्पमा मन्त्रद्वारा आह्वान गरी राजालाई उक्त पुष्प दिई टौदहबाट कर्कोटक नाग पक्रेर ल्याउन अह्राए र भने कि यो दूबोसहितको फूल टौदहमा फ्याँकिदिएमा त्यहाँको पानीले बाटो छोडिदिएर नागराज बसेको ठाउँसम्म बाटो खुल्ला हुनेछ । तब नागलाई पक्रेर ल्याउनु । राजाले पनि उक्त मन्त्रद्वारा आह्वान गरेको दूबो सहितको पुष्प टौदहमा गई पानीमा फ्याँकिदिंदा त्यहाँ पानीले बाटो छोडिदिंदा बाटो बन्यो । तब राजा सरासर नागराज भएको स्थानमा गई नागराजलाई पूजा गरी खुशी पारेर साथै वोलाई ल्याए तर स्वयम्भूको डाँडाको आधा बाटो पुगेपछि कर्कोटक नागले मलाई इज्जत नलिइदिनू, बरू तिमीलाई चाहेको चीज दिनेछु भन्ने वाचा गरे । राजाले उक्त नागलाई भाग्न नपाउने गरी फलामे सिक्रीले बाँधेर त्यसै छोडी सो कुरा श्री शान्तिकर वज्राचार्यलाई सबै वृत्तान्त जाहेर गर्न गए । श्री शान्तिकर वज्राचार्यले उसो भए उसको रगत मात्र मागेर ल्याउनु भनी अह्राई पठाए । राजाले नागसँग रगत मागे । कर्कोटक नागले आफ्नो छातीबाट रगत निकाली दियो । राजाले उक्त रगत लिई नागलाई छोडेर श्री शान्तिकर गुभाजूलाई बुझाइदिए । श्री शान्तिकर गुभाजूले त्यहाँ आह्वान गरिराखेका वासुकी नाग समेतका रगतले अष्ट नागहरूका मूर्ति लेखी मन्त्रद्वारा श्लोकहरू तयार पारी पूजा-पाठ गरेर प्रशस्त वृष्टि (पानी पार्न) गर्न लगाएका थिए । अबउप्रान्त पनि नेपालमा अनावृष्टि भए यही पुस्तक पूजा गर्नू भनी एक घरको निर्माण गर्न लगाई उक्त पुस्तक त्यहाँ नै गुप्त गरी राख्न लगाएका थिए । पछि त्यो ठाउँ नै शान्तिपुर नामले प्रसिद्ध भयो[1] ।

नोटः—ईस्वी संवत्मा ५६ घटाए लिच्छवी संवत हुन्छ ।

१. यही लेखकको 'मल्लकालीन नेपाल'-को पृष्ठ १२० मा हेर्नुहोला ।

लिच्छवी-कालका नेपाल उपत्यकाको नाउँ-परिचय :–

काठमाडौं उपत्यकाको तत्कालीन अवस्थाको क्षेत्रफल २०९ वर्गमील भनिन्छ। यसमा भादगाउँ, पाटन, काठमाडौं मुख्य नगर हुन्। यतिको सानो क्षेत्रफल भए तापनि यहाँको राजनैतिक इतिहासको बड़ो महत्व छ। पुराणमा पहिले यो उपत्यका पोखरी (तलाउ)-बाट उत्पत्ति भएको वृत्तान्त छ। पछि यहाँको पानी निकाली बाहिर पठाएपछि नेपाल नाम हुन गएको हो भन्ने धेरै विद्वान्हरूको मत छ। उपत्यका उत्पत्ति भएपछि गोपाल वंशको इतिहास शुरू भई नेपाल नाम कायम भएको हो भन्ने उल्लेख छ। आज विद्वान्हरूले पुराण तथा वंशावलीहरूलाई पञ्छाई इतिहासको थालनी गर्ने एउटा स्रोत नै मुख्य अभिलेख मानेका छन्। तर लिच्छवी-कालभन्दा पूर्व यस्तो कुनै अभिलेखहरू प्राप्त छैनन् अर्थात् लिच्छवी कालको मध्यको समयमा राजा वृषदेवदेखि मात्र प्रष्ट भयो तसर्थ पूर्व कालको इतिहास अन्धकारले ढाकेको थियो। तत्कालीन अवस्थामा नेपाल उपत्यकाभित्र धेरै गाउँहरू र नगरहरू थिए। जस्तो–थाँगा, बनेपा खुनासा, लेले र कीर्तिपुर आदि। तर यसमा भक्तपुर, पाटन र काठमाडौं नगर मात्र किन महत्वको मानियो, आश्चर्यको कुरा छ। यसमा मुख्य कारण एउटा यो बुझिन्छ कि राजधानी नगर भएकोले अथवा राज्यको सञ्चालन यही तीन शहरी क्षेत्रबाट गरिने भएकोले अरू नगर तथा गाउँलाई महत्व नदिएको हुन सक्छ। लिच्छवी कालमा ज्यादा संस्कृत भाषाको नै चलन-चल्ती थियो। जस्तो हालको काठमाडौं क्षेत्रलाई कोलिग्राम, दक्षिणी कोलिग्राम, पाटनलाई युपग्राम र भादगाउँलाई माखोपृङ, खृपुङ आदि नाउँले सम्बोधन गरिन्थ्यो। यसपछि यी तीन शहरको नाउँ विकास र परिवर्तन-क्रम हुँदै आजको नाउँमा स्थान पाएको हो। समय-समयमा र वर्ष-वर्षमा परिवर्तन भएका तीन शहरका नाउँ तालिका यस प्रकार छ :—

भादगाउँ (भक्तपुर)

लिच्छवी-काल :—

१–माखोपृङ, २–खृपुङ, ३–माखो, ४–माखोपृय, ५–माखोदुलुं, ६–सृपुङ ग्राम, ७–खपु (शिवग्ल)।

अभिलेखहरूमा उल्लिखित नाम :—नृभयदेवको भक्तपुर, भैरवस्थानको अभिलेखमा खपु, (शिवग्ल ; देउपाटनको अभिलेखमा स्रोपृङ ग्राम; भक्तपुर गोलमढीको अभिलेखमा माखोपृ; भक्तपुर दुलाछेंको अभिलेखमा खृपृङ ग्राम, भक्तपुर कुह्माले टोलको अभिलेखला माखोदुलुं।

यी माथिका लिच्छवी संवत्को समय-समयमा परिवर्तन भएका लोकभाषा र संस्कृत भाषामा उल्लेख तालिका यिनै हुन् :—

लोकभाषा	लिच्छवी संवत्	लोकभाषा	लिच्छवी संवत्
१. श्री ख्वपु	लि० सं० ९४९	८. ख्प्व	लि० सं० १६३०
२. खृपृम ब्रुमा	लि० सं० ९९३	९. खपो	लि० सं० १६४६
३. खुप्वम् क्र	लि० सं० १३३१	१०. ष्प्व	लि० सं० १६४७
४. श्री ख्वप	लि० सं० १३९७	११. ख्प्व	लि० सं० १६४७
५. खोपृम् देश	लि० सं० १३९७	१२. ख्प्व	लि० सं० १६९३
६. ख्प्व देश	लि० सं० १४३८	१३. ख्प्व	लि० सं० १७४४
७. खपो	लि० सं० १४७१		

संस्कृत भाषा	लिच्छवी संवत्	संस्कृत भाषा	समय
१. भक्तग्राम	लि० सं० १०७८	२१. भक्तपुरी	लि० सं० १३८५
२. श्री भक्तपुर	लि० सं० ११०२	२२. भक्तपुरी पट्टन	लि० सं० १३९५
३. श्री भक्तपुर	लि० सं० ११०९	२३. श्रीमद्भक्तपुर	लि० सं० १३९७
४. भक्तपुरी	लि० सं० १११५	२४. भक्तपट्टन नगर	लि० सं० १४४४
५. श्री भक्तपुरी	लि० सं० ११९९	२५. श्री भक्तपुरी	लि० सं० १४६१
६. भक्त ग्राम	लि० सं० १३१६	२६. भक्तपुर	लि० सं० १४६७
७. भक्तपुरी पट्टन	लि० सं० १३२४	२७. श्री भक्तपट्टन	लि० सं० १५४८
८. भक्तपुर	लि० सं० १३२७	२८. श्री भक्तपट्टन	लि० सं० १६११
९. श्री मद्भक्तपुर	लि० सं० १३३०	२९. भक्तपुर	लि० सं० १६१२
१०. श्री भक्तपुर	लि० सं० १३३०	३०. भक्तपुरी	लि० सं० १६२२
११. भक्तपुरी नगरी	लि० सं० १३३८	३१. श्री भक्तपट्टन	लि० सं० १६२९
१२. भक्तपुरी नगरी	लि० सं० १३४२	३२. श्री भक्त पतन	लि० सं० १६३२
१३. भक्तपुरी नगरी	लि० सं० १३९४	३३. भक्तपट्टन	लि० सं० १६३२
१४. भक्तपुरी	लि० सं० १३५२	३४. श्री भक्तपट्टन	लि० सं० १६४२
१५. श्री भक्तपुरी	लि० सं० १३५७	३५. श्री भक्तपट्टन	लि० सं० १६४२
१६. भक्तपुरी पट्टन	लि० सं० १३६६	३६. श्री भक्तपट्टन	लि० सं० १६५०
१७. भक्त ग्राम पट्टन	लि० सं० १३७२	३७. श्री भक्तपट्टन	लि० सं० १६५२
१८. भक्तपुरी नगर	लि० सं० १३७३	३८. श्री भक्तपट्टन	लि० सं० १६६६
१९. श्री भक्तग्राम	लि० सं० १३७४	३९. श्री भक्तपट्टन नगर	लि० सं० १६६७
२०. भक्तपुरी राज्य	लि० सं० १३७६	४०. श्री भक्तपुर महानगर	लि०सं०१६९७

पाटन (ललितपुर)

लोकभाषा	समय	लोकभाषा	समय
१. यँ	लि० सं० १३१६	४. यँ	लि० सं० १६४३
२. यँला	लि० सं० १६४२	५. यँला	लि० सं० १६५६
३. यँ	लि० सं० १६४३	६. यँ	लि० सं० १६७६

नेवारी भाषामा आजसम्म पनि यँल वा यँला भन्दछन् ।

संस्कृत	समय	संस्कृत	समय
१. श्री ललित्यपुर	लि० सं० ९५२	२२. श्री श्री ललित क्रम	लि० सं० १३२३
२. श्री ललितापट्टन	लि० सं० ९६८	२३. श्रीमत् ललितपुरी	लि० सी० १३२४
३. श्री ललितपुर रम्य	लि० सं० १०२२	२४. श्री ललितक्रम	लि० सं० १३३३
४. श्री ललिता क्रम	लि० सं० १०३७	२५. श्री ललित पटन	लि० सं० १३३५
५. श्री ललित क्रम	लि० सं० १०५८	२६. श्रीललितपुरनगरोत्तम	लि०सं० १३३६
६. ,, ,,	लि० सं० १०६४	२७. श्री ललित क्रम	लि० सं० १३३९
७. ,, ,,	लि० सं० १०६४	२८. श्री ललित पुरी	लि० सं० १३५८
८. श्री ललिता	लि० सं० १०७६	२९. श्री ललित पुरी	लि० सं० १३६३
९. श्री ललिता द्रुम	लि० सं० १०८४	३०. श्री ललित द्रुम	लि० सं० १३६७
१०. श्री ललिता क्रम	लि० सं० १०९१	३१. श्री ललित द्रुम	लि० सं० १३६९
११. श्री ललित द्रुम	लि० सं० १०९९	३२. श्री ललित पट्टन	लि० सं० १३७१
१२. श्रीललितापुरीनगरी	लि० सं० ११४४	३३. ललितपुर	लि० सं० १३९१
१३. श्री ललितपुरी	लि० सं० ११८०	३४. ललितपुर नगर	लि० सं० १४५९
१४. श्री ललितपुर नगर	लि० सं० ११९०	३५. ललित पट्टन	लि० सं० १४५९
१५. श्री ललित द्रुम	लि० सं० १२२७	३६. श्री ललित भूमि	लि० सं० १४१४
१६. श्रीललितपुर महानगरी	लि.सं. १२२८	३७. ललितपुर	लि० सं० १६२५
१७. श्री ललित द्रुम	लि० सं० १३०१	३८. श्री ललित पतन	लि० सं० १६४२
१८. श्री ललितापुरी	लि० सं० १३०५	३९. श्री ललित द्रुम	लि० सं० १६४२
१९. पाटन	लि० सं० १३१६	४०. श्री ललित पतन	लि० सं० १६६३
२०. ललितपुरी	लि० सं० १३१७	४१. श्री मल्ललित पतन	लि० सं० १६७१
२१. ,, ,,	लि० सं० १३१९	४२. श्री ललित द्रुम	लि० सं० १६९१

काठमाडौं (कान्तिपुर)[1]

लोकभाषा	समय	लोकभाषा	समय
१. श्री यम्बु क्रमा	लि० सं० ९८०	९. यलम	लि० सं० १६२२
२. श्री यम्बु क्रम	लि० सं० ११०४	१०. श्री श्रीयम्बु	लि० सं० १६६४
३. श्री यम्बु क्रम	लि० सं० ११३७	११. श्री यलम	लि० सं० १६६४
४. श्री यम्बु	लि० सं० १३०५	१२. श्री यम्बु	लि० सं० १७६७
५. यम्बु	लि० सं० १३१६	१३. यँ	लि० सं० १७४४
६. श्री यम्बु	लि० सं० १३१६	१४. यर	लि० सं० १७४४
७. यम्बु क्रमा	लि० सं० १३५५	१५. यँग	लि० सं० १७४४
८. यँ	लि० सं० १६२२	१६. यँ	लि० सं० १७४४

---

१. हर्नु होला—'लिच्छवी संस्कृति' : लेखक, जगदीशचन्द्र रेग्मी : पृ० १११-११६

संस्कृत भाषा	समय	संस्कृत भाषा	समय
१. श्री काष्ट मण्डपपुर	लि० सं० ११८७	८. काष्ठमण्डप महानगर	लि०सं०१४५५
२. काष्ट मण्डप	लि० सं० १२२७	९. काष्ठमण्डपमहानगर	लि०सं०१४५५
३. श्री काष्टमण्डपपुरी	लि०सं० १३१६	१०. काष्ठ मण्डप	लि० सं० १४५६
४. काष्ठ मण्डप	लि० सं० १३३०	११. श्री कान्तिपुर महानगर	लि० सं० १४६४
५. काष्ठ मण्डप	लि० सं० १३८८	१२. श्री कान्तिपुर महानगर श्री यम्बू भूमि	लि० सं० १६८३
६. काष्ठमण्डपमहानगर	लि०सं०१४२९		
७. काष्ठमण्डप महानगर	लि०सं०१४५६		

शिवदेव (प्रथम):

इतिहासमा राजा गुणकामदेव अथवा गणदेवको मृत्युपछि शिवदेव प्रथम नेपालको सिंहासनमा विराजमान भए। वंशावलीकारले यिनलाई लिच्छवी राजाहरूको क्रममा २८औं पुस्तामा राखेको छ। तर पशुपतिको जयदेवको अभिलेखमा अरू धेरै राजाहरूको नाम बढ़ाएर ४९ औं पीढीमा अथवा पुस्तामा दिइएको छ। वंशावलीकारहरूले यिनलाई अत्यन्त धार्मिक आस्था भएका व्यक्तिमा स्थान दिएका छन्। राजा शिवदेवले आफ्ना सूर्यवंशी लिच्छवी कुलको मान-मर्यादा बढ़ाउने ठूलो कोशिश गरेका थिए। तसर्थ यिनको अभिलेखहरूमा यिनले आफ्ना प्रशस्तिमा "लिच्छवी कुलकेतु" भनी उपाधि ग्रहण गरेका थिए। वंशावलीअनुसार यिनले राज्यको काम-काज छोड़ी अन्त्यमा भिक्षु-दीक्षाको निर्वाण प्राप्त गरी सधैं गुरुको सेवामा तल्लीन भएका थिए। यिनले आफ्नो राज्यकालको समयमा श्री अंशुवर्मा नाम गरेका एक ठकुरी वंशका व्यक्तिलाई जागीरमा भर्ना गरेका थिए। यिनैबाट प्रतिनिधित्व कायम गराई शासन गरेका थिए। यिनको कुशल राजनीति र कूटनीति देखेर राजाले यिनीसँग आफ्ना छोरीको बिहे गरिदिएका थिए। अंशुवर्मा प्रजापालक र धार्मिक आस्था भएका तथा देश-सेवाको निम्ति दिलोज्यान दिने व्यक्ति, कुशल राजनीतिज्ञ भएकाले राजा शिवदेव प्रथमले यिनको रायबिना कुनै काम पनि गर्दैनथे। तसर्थ राजा शिवदेव प्रथमले यिनलाई महासामन्तको उपाधिको विभूतिले सुशोभित गर्न लगाई ठूलो पदमा भर्ना गरेका थिए। कुनै-कुनै वंशावलीकारले अंशुवर्मालाई राजाका आफ्नै भानिज हुन् भनी उल्लेख गरेका छन् त राजाले आफ्नै छोरी विवाह गराइदिई ज्वाइँ तुल्याई राज्यको सर्वेसर्वा गरी यिनैलाई छोडिदिएका थिए भनी उल्लेख गरिएको छ। श्री महा-सामन्त अंशुवर्माले आफ्नो आज्ञा नमान्ने र नटेर्ने अथवा अरूलाई भड़काई राज्यमा अशान्ति मचाउने व्यक्तिलाई ठूलो-ठूलो दण्ड-सजायँ दिने गर्दथे। उक्त कुराहरूको अनुकरण पछिका राजाहरूले गरेको (भ० पु० इ० अनन्त लिङ्गेश्वरको र वसन्तदेवको थानकोटको) अभिलेखबाट विदित हुन्छ। यिनले आफ्नो देश-रक्षा र सुरक्षाको लागि द्रंग र कोट्टहरू स्थापना गरी अधिकारीहरूको नियुक्ति गराएका थिए। तर उक्त अधिकारीहरूमा राजाले ज्यादाजसो आफ्नै राजखान्दानका व्यक्तिहरूलाई भर्ना

गर्ने गर्दथे । यसबाट यो बुझिन्छ कि यिनले प्रजालाई बाहिरी प्रभावबाट भड्काउन नपाउने गरी बाहिरी हमला हुने बेलामा तुरुन्त खबर गर्न सक्तथे । उक्त कुराको आशय चांगुको अभिलेखमा पनि केही उल्लेख गरेको पाइन्छ । कोटबाट प्रशासन व्यवस्था मिलाइन्थ्यो ।

द्रङ्ग :

यो कतै सानो शहर, कतै गाउँ मान्दछन् । कतै-कतै बजार-अड्डाको रूप अथवा आयात-निर्यात हुने चीज-वस्तुहरूको कर-महसूल असूल गर्ने ठाउँ मान्दछन् । भादगाउँको गोलमढी टोलमा भएका राजा शिवदेव प्रथमको शिलालेखमा माखोप्रिय सप्तम द्रगका निवासी गाउँले र त्यहाँका मुखियाहरूलाई सम्बोधन गरिएको छ । तसर्थ यहाँ द्रंगको दुई किसिमको अर्थ देखिन आउँछ ।

कोट्ट :

कोट्ट धेरै ठाउँको अभिलेखहरूमा उल्लेख भएको पाइन्छ । कुनै-कुनैले त कोट्टको अर्थ किल्ला (Fort) मानेका छन् । चांगुको अभिलेखमा सीमानाको अर्थ उल्लेख भएको छ अथवा प्रशासनको काम गर्ने अड्डा मानिएको छ । सतुङ्गलको अभिलेखमा उही फरि कोट्टको बसोबास गर्ने मानिसहरूको चर्चा गरिएको छ त अर्कोतिर कोट्टको अर्थ एक क्षेत्र नभई एक इलाकाको प्रशासनिक केन्द्र पनि हो भन्ने बुझिन आउँछ अथवा यो पनि देखिन आउँछ कि ठाउँ-ठाउँमा बनाइराखेको कोट्टहरूले राष्ट्रको रक्षा साथै ऐन-कानून विरुद्ध काम गर्ने अपराधीहरूलाई यहाँका नाइकेद्वारा पक्राउन सजिलो पार्न यो कोट्टको बन्दोबस्त भएको हो ।

अधिकरण :

लिच्छवी कालका शिलालेखहरूमा अधिकरण र करणको उल्लेख ठाउँ-ठाउँमा पाइन्छन् । यसको अर्थ कतै अड्डा, कतै अदालत र कतै प्रशासनको केन्द्र अथवा राजधानी र कतै प्रशासनको ठूलो विभाग मात्र मान्दछन् । कुनै-कुनै अभिलेखमा कुँदेर अधिकरण अङ्कित भएको छ त कुनै अभिलेखमा त कुँदेर मात्र पनि अङ्कित भएको पाइन्छ । बसन्तदेवको चौकीटार वलम्भूको अभिलेखमा कुँदेर अधिकरणको अधिकारीहरूलाई जग्गा दिएको चर्चा छ । शिवदेव प्रथमको पाटनको मङ्गल बजारको अभिलेखमा कुँदेर वृत्ति लिएका अथवा कुँदेर अधिकरणका तालुकदारहरूले त्रिकर अथवा तीन किसिमका कर लिन पाउने व्यवस्था मिलाएका थिए । यी हुन् :–(१) शोल अधिकरण; (२) मापचोक अधिकरण; (३) भट्ट अधिकरण ।

गुठी तथा गोष्ठी :

राजा शिवदेव प्रथमले राज्यको सुव्यवस्थाको लागि गुठी तथा किसिम किसिमका गोष्ठीहरू स्थापना गरेका उनैका पालामा लेखिएका अभिलेखबाट झल्किन्छ । यी गोष्ठी चलाउन आर्थिक स्रोतको आधारमा बन्दोबस्तको लागि जग्गाहरू राखेका हुन्थे । यी गोष्ठीहरू निम्न प्रकारका छन् :—

१–ब्राह्मण गोष्ठी (अर्काको कर्मकाण्ड गर्ने), २–प्रदीप गोष्ठी (बत्तीको व्यवस्था गर्ने), ३–पानीय गोष्ठी (खाने पानी, पोखरी, धाराको बन्दोबस्त गर्ने), ४–मल्ल-युद्ध गोष्ठी (पहलमानी खेल, कुश्ता-कुश्ती, मनोरञ्जनको लागि), ५–धूप गोष्ठी (सुगन्धित धूपको व्यवस्था गर्ने), ६–इन्द्र गोष्ठी (इन्द्रजात्रा र पर्वकाल चलाउन व्यवस्था गर्ने), ७–वादित गोष्ठी (समाजको लागि बाजा-गाजाको व्यवस्था गर्ने), ८–अर्चा गोष्ठी (देवी-देवताको मूर्तिको अनेक व्यवस्था गर्ने), ९–ध्वजा गोष्ठी (देशमा झण्डा, ध्वजाको व्यवस्था गर्ने), १०–प्रपाली गोष्ठी (गाउँको लागि कुलो र ढलको व्यवस्था गर्ने), ११–नाट्य गोष्ठी (सांस्कृतिक नृत्य र नाटकको व्यवस्था गर्ने), १२–प्रवहण गोष्ठी (यातायात र सवारी आगमन व्यवस्था गर्ने) १३–अर्दनीय गोष्ठी ।

शिवदेव प्रथमको शासनकालमा उनेको नाउँ अङ्कित जम्मा १६ वटा अभिलेखहरू प्राप्त छन् । प्राप्त अभिलेखबाट यिनले संवत् ५१२ देखि ५२६ सम्म जम्मा पन्ध्र वर्ष मात्र राज्य चलाएको अनुमान गर्न सकिन्छ । तर योभन्दा पनि अगाडि यिनले राज्याभिषेक ग्रहण गरेका थिए भन्ने अनुमान हुन्छ । सं० ४९० देखि ५११ भित्रको यिनको अभिलेखहरू प्राप्त भएका छैनन् । यस बीच कुनै राजा नभएको देखिनाले यिनै राजा भइसकेको अड्कल गर्न सकिन्छ । यस आधारमा विचार गर्दा यिनले १५ वर्षअगाडिदेखि नै राज्य हातमा लिएका थिए भन्ने कुरा कुनै-कुनै इतिहासकारहरूले तर्क गरेको ठीक हुन आउँछ । तर शिवदेव प्रथमको प्रत्येक अभिलेखहरूमा अंशुवर्माको नाउँ उल्लेख भए तापनि यो १५ वर्षपछि मात्र निज शिवदेवको नाउँ हटाएर सिर्फ अंशुवर्माको मात्र नाउँ अङ्कित भएका अभिलेखहरू देखा पर्छन् । ठाउँ-ठाउँमा पाइएका र प्रकाश भएका १६ वटा अभिलेखहरू यिनै हुन् :—

१–बूढानीलकण्ठको अभिलेख, सं० ५१२; २–च्यासल टोल, पाटनको अभिलेख, सं० ५१५; ३–मङ्गल बजार, पाटनको अभिलेख, सं० ५१६; ४–गोलमढी, भक्तपुरको अभिलेख, सं० ५१६; ५–टुलाछें टोल, भक्तपुरको अभिलेख, सं० ५१७; ६–धरमपुरको अभिलेख, सं० ५१७; ७–बूढानीलकण्ठको अभिलेख, सं० ५१७; ८–सतुङ्गलको अभिलेख, सं० ५१९; ९–टोखाको अभिलेख, सं० ५१९; १०–धरमपुरमको अभिलेख, सं० ५२०; ११–खोपासीको अभिलेख, सं० ५२०; १२–लेलेको अभिलेख, सं० ५२६; १३–घापासीको अभिलेख, सं० ५२६; १४–वज्रवाराही, चापागाउँको अभिलेख, सं० भग्न; १५–बनेपाको अभिलेख, सं० भग्न; १६–चांगुनारायणको अभिलेख, सं० भग्न ।

शिवदेव प्रथमलाई कुनै-कुनै भाषा वंशावलीमा विश्वदेव नाउँ दिएको छ । शिवदेवको नाउँ विश्वदेव किन हुन गयो, खोजीको विषय भएको छ । शिवदेवले बानेश्वरको दरबार छोडी पाटनमा नौतले राजदरबार निर्माण गरे र कोट्ट स्थापना गरेको उल्लेख पाइन्छ तर पाटनमा कुन ठाउँमा, कहाँ थियो अथवा कैलाशकूट भवन

बसलाई नै मानेको हो कि ? केही अत्तो-पत्तो छैन। वंशावलीअनुसार त यिनले आफ्नो दरबारको ढोकामा श्री भैरवनाथ पनि स्थापना गरेका थिए। यिनको धार्मिक प्रवृत्तिको स्वभावले गर्दा यिनले वत्सला देवीको पीठमा नरबलि कर्म रोक्न लगाई प्रतिवर्ष शान्तिको यज्ञमा छागबलि दिने कर्म चलाएका थिए। तत्कालीन समयमा श्री बागेश्वरी देवीको मानसरोवरबाट ल्याएर शाली नदी तरेर आएको मुहूर्त विचार गरी वैशाख सुदी१५ अथवा पूर्णिमाको दिनमा श्रीकुमारीगणहरू स्थापना गरी यज्ञ गरेर देवी खुशी पारेको कथा पनि पाइन्छ। फेरि यिनै वंशावलीमा श्री नवदुर्गा देवीकहाँ बलि चढाई प्रतिवर्ष पूजा चढाउने नियम बनाएका थिए भन्ने उल्लेख छ। यिनले पशुपतिनाथको पश्चिम ढोकामा श्री नृत्यनाथ पनि स्थापना गरेका थिए। फेरि यिनले आफ्नो देश-रक्षाको निमित्त चार गणेश, चार भैरव, चार नृत्यनाथ र चार कुमारीगणहरू स्थापना गरेर प्रजाहरूको सेवा गरेको वंशावलीमा वर्णन छ।

राजा शिवदेव प्रथमले आफ्ना प्रजाको अकाल मृत्यु हरणको लागि महामृत्युञ्जयेश्वर देवताको मूर्ति बनाई स्थापना गरेका थिए। यिनले आफ्ना प्रजाको सुख-सुविस्ताको निम्ति ठाउँ-ठाउँमा इनारहरू खनाउने र पानी-धाराहरू निर्माण पनि गर्न लगाएका थिए। यिनले वनकाली देवी र वनविनायक प्रकाश गराई सिद्धि प्राप्त गरेको कुरा पनि उल्लेख छ। यिनले प्रजाको सुविधाको निमित्त प्रजाहरू मरण हुँदा मुर्दा लैजाने बाटो निर्धारण र मुर्दा जलाउन बागमतीको किनारमा जातअनुसार मसान स्थापना गरेको कुरा पनि पाइन्छ। वंशावलीमा त यिनले हरेक वर्षको पिशाच चतुर्दशीको दिनमा बलि पूजा गर्ने र त्रयोदशीको दिनमा कुमारीगणहरूलाई भोजन गराउने रीत पनि चलाएका थिए। राजा महाज्ञानी भएकोले तत्कालीन समयमा देवी-देवताहरू प्रत्यक्ष रूपमा प्रगट भई राजालाई दर्शन दिई राजासँग कुरा गर्ने गर्दथे भन्ने पनि वंशावलीमा उल्लेख छ। त्यस बेलासम्म देवताहरू प्रगट भई देवतासँग कुरा गर्न पाउने, त्यसपछि देवताहरू लोप भएर जाने कुराको वंशावलीकारले पुष्ट्याइँ गर्न खोज्दछन्। वंशावलीमा यो पनि उल्लेख छ कि यिनले पशुपतिनाथ मन्दिरको गजुरमा पाटाको एक टुप्पा बाँधेर त्यसको अर्को टुप्पा आफ्नो राजदरबारको बारदलीमा बाँधेर चार दिनसम्म पूजा गरी विधानअनुसार विसर्जन गराएका थिए। तत्कालीन अवस्थामा श्री भुवनेश्वरी, श्री बागेश्वरी, श्री वत्सला देवीकहाँ मानिसलाई जिउँदै नरबलि दिने प्रथा थियो। सो अनर्थ कामको विरोध जनाउँदै एकजना महात्माले आएर राजासँग सो कार्य रोक्न अनुरोध गरेका थिए। यसमा राजा र महात्मा एकमत भई श्री व्रजयोगिनीकहाँ क्षमा-पूजा गरी सो कार्य रोकाएका थिए। यसमा राजा खुशी भएर सो महात्मालाई गुरुत्व ग्रहण गराएको कुरा वंशावलीमा उल्लेख छ। यसमा गुरुको सम्झनामा राजाले गोदावरी सन्धिमा श्री नारायणको मूर्ति स्थापना गरी साथै ताम्रेश्वर महादेवको पनि स्थापना गरेका थिए भनी वंशावलीमा

वर्णन छ। यिनले टाढ़ा-टाढ़ाका मानिसहरूको सुबिस्ताको लागि वास बस्न पाउने गरी श्री ताम्रेश्वर महादेवकहाँ धर्मशाला निर्माण गर्न लगाई श्री पशुपति क्षेत्रलाई नै अत्यन्त मनोहर पार्न लगाएका थिए। यी माथिका निर्माण तथा धार्मिक आस्थाबारे वंशावली तथा इतिहासमाथि विचार गर्दा यो राजा दूरदर्शी र देशभक्त रहेछन् भन्ने यथार्थ ज्ञान प्राप्त गर्न सकिन्छ।

सूर्यवंशी लिच्छवी राजाहरूमा अन्तिम राजा शिवदेव प्रथमलाई मानेका छन्। त्यसपछि अंशुवर्माको कालदेखि ठकुरी सूर्यवंशी लिच्छवी काल निर्धारण गरिएको छ। अन्त्यका राजा शिवदेव प्रथमले राज्यको सबै बागडोर अंशुवर्मालाई सुम्पी आफू संन्यासी भएको इतिहासमा उल्लेख छ।

●

खण्ड—६

ठकुरी सूर्यवंश

अंशुवर्मा :

राजा शिवदेव प्रथमको राज्याभिषेक भएको बेलामा अंशुवर्मा जागीरमा नियुक्त भैसकेका थिए। यिनको उदार धार्मिक नीति, सामान्य न्याय, कुशल राजनीतिज्ञ र सारा दुनियाँ यिनकै पक्षमा देखेर राजा शिवदेवले आफ्नी छोरी यिनैसँग विवाह गरिदिएका थिए भन्ने वंशावलीको कथन छ। राजकाजमा यिनको चातुर्य तथा कुशल कार्य देखेर राजाले यिनलाई महासामन्तको पदवी प्रदान गरेका थिए। यो पद उस बेला आजको प्रधानमन्त्रीको पदभन्दा ठूलो थियो। राजाले यिनको नाउँ छुट्न नपाओस् भनेर आफ्ना अभिलेखहरूमा यिनको धेरैजसो गुणगान गरिराखेको पाइन्छ। राजा

(अंशुवर्मा)

शिवदेवले आफ्नो शेषपछिको रोलवाला उदयदेवलाई नियुक्त गरेका थिए। उक्त कुरा यिनैका शिलालेखहरूमा उल्लेख छ। तर राजाले संन्यास ग्रहण गरेपछि

अंशुवर्माले आफ्नै बाहुबलले रोलवाला उदयदेवलाई हटाई आफूलाई राजा घोषित गरी राजसिंहासनमा आसीन भई महाराजाधिराज भट्टारक भन्ने पदवी ग्रहण गरेका थिए। यिनको चातुर्यले पुरानो लिच्छवीहरूको वंशलाई निर्मूल पारी आफ्नो ठकुरी वंशलाई लिच्छवी ठकुरी वंश नामले इतिहासमा नाम चलाउने प्रयास गरेका थिए। यिनले राजा हुनुभन्दा पहिले प्रजाहरूलाई आफूतिर ध्यानाकर्षण गराउन प्रजाको हित र सुविधा हुने काममा आफूले सकेसम्म दिलोज्यान दिई काम गर्न पछि हट्दैनथे। तसर्थ यिनीउपर प्रजा पनि ठूलो विश्वास गर्दथे भन्ने कुरा इतिहासमा वर्णन गरिएको छ। यिनले आफ्ना शत्रुहरूलाई निर्मूल पार्न आफ्नो बाहुबलले सकेसम्म प्रयत्न गरी आफूतिर लगाउने ठूलो कोशिश गरेका थिए।

उदार नीति :–राज्यको जग बलियो पार्ने नै जागिरे कर्मचारी हुन् तसर्थ यिनीहरूको राम्रो टहल-सेवा पुऱ्याउनु नै राजनीतिक कुशलता हो भन्ने यिनको विचार थियो। तसर्थ यिनले आफ्ना कर्मचारीहरूको तलब वृद्धि गरेर भत्ताको समेत बन्दोबस्त गरिदिएका थिए। यसबाट विरोधीहरू कम भई धेरै कर्मचारीहरू यिनको पक्षमा लागेर देशको लागि दिलोज्यान दिई त्यति बेलाको प्रशासन बलियो पार्न लगाएका थिए।

कर माफी :—यिनलाई थाहा थियो कि आफ्ना प्रजाको आर्थिक स्थिति बलियो भए राज्य पनि बलियो हुन्छ। यही महसूस गरी यिनले प्रजालाई बोझ भइरहेको अनावश्यक करहरू माफी गरिदिएका थिए। यसबाट प्रजा खुशी भएर यिनको गुणगान गरेर धेरैजसो प्रजा राजाको पक्षमा भई राज्यको काम-काजमा प्रजाले दिलोज्यानले मद्दत गरेका थिए।

न्याय :—आफ्नो राज्यमा अन्याय नगर्नु, सामान्य न्याय सबैले पाउनुपर्छ र बलियाले निर्धालाई थिचो-मिचो पर्न नपाउन् भन्ने यिनको सिद्धान्त थियो। यिनले देशमा न्यायको लागि प्रशस्त ध्यान दिएका थिए। यिनले दोषीहरूलाई ठूलो-ठूलो सजायँ दिई दण्ड दिने गर्दथे। साथै दोषीहरूलाई निर्दोषी र निर्दोषीहरूलाई दोषी ठहऱ्याउने कर्मचारीहरूलाई पनि डबल दण्ड-सजायँ दिई देशबाट निकाला गर्ने र अन्याय परेकालाई न्याय दिलाउन लगाउने कुरामा ठूलो जोड दिन्थे। धनको लोभमा न्यायको अन्याय गर्नेलाई सर्वस्व हरण गरी राज्य-कोषमा जम्मा गर्ने गर्दथे। यो कुरा उनैका अभिलेखबाट विदित हुन्छ। फेरि यिनले न्याय विभागको नै राम्रो बन्दोबस्त गरेका थिए।

फौजी बन्दोबस्त :—देशको जग बलियो पार्न यिनले फौजको राम्रो बन्दोबस्त गरेका थिए। यी फौजी जवानहरूको कदर गरी योग्यताअनुसार पदमा नियुक्ति गरी

फौजी विभागको राम्रो बन्दोबस्त गरेका थिए। फौजमा दुई विभाग खड़ा गरेका थिए। यिनले यी विभागका नाइकेलाई बलाध्यक्ष र महाबलाध्यक्ष पद सृजना गरिदिएका थिए। फौजी सेनापतिलाई बलाध्यक्ष र त्यसभन्दा माथिका प्रधान सेनापतिलाई महाबलाध्यक्ष नामकरण गरी फौजी जवानहरूको तलब वृद्धि गरी पदअनुसार तलबको व्यवस्था मिलाउन लगाएका थिए। यस कामबाट देश-रक्षामा ठूलो बल मिली बाहिरी हमलाबाट देशलाई उनले बचाएका थिए।

धार्मिक उद्धार :—धार्मिक कार्यमा अंशुवर्माको उदार नीति थियो। यिनले हिन्दू, बौद्ध र अरू सम्प्रदायका सबै धर्महरूलाई बराबर गरी व्यवहार गर्दथे। यिनले आफ्नो देशमा ठूला-ठूला देवालय, शिवालय स्थापनाको लागि खर्च तोकेर देशको ठूलो सेवा गरेका थिए। तसर्थ उनको प्रेरणाले नेपाल देशमा प्रसिद्ध-प्रसिद्ध शक्तिशाली देवी-देवता र बौद्ध चैत्यहरू स्थापना भई नेपाल पवित्र भूमि बनेको थियो। भाषा वंशावलीमा त यिनी प्रयागसम्म गई त्यहाँका भैरवलाई खुशी पारेर साथमा नै ल्याई आफ्नो देशमा स्थापना गरेको कथन छ। वंशावलीमा यो पनि वर्णन गरेको पाइन्छ कि त्यस बेलासम्म देवी-देवताहरू प्रत्यक्ष प्रकट हुन्थे। त्यस बेला देवतासँग कुरा गर्नु, देवताको आशीर्वाद पाउनु र आफूलाई दु:ख परेको अवस्थामा देवता आह्वान गरी दु:ख निवारण गर्न पाइन्थ्यो। त्यसपछि मात्र देवता लोप भएर गएको कुरा उल्लेख छ।

कैलाशकूट भवन :—यिनले राज्यको काममा ठूलो दृष्टि पुऱ्याउनका निमित्त र राज्यको कामकाजमा अन्त धाउन नपर्ने गरी तुरुन्त खबर पाउने गरी सबै सुविधा पुऱ्याउन एकै ठाउँमा काम लिन पाउने गरी नौतले ठूलो महलको पनि निर्माण गर्न लगाएका थिए। यो महलको नाउँ आजसम्म कैलाशकूट भवनको नामले प्रसिद्ध भएको छ। उक्त भवनबारे इतिहासमा ठूलो चर्चा छ। त्यसको कला र बनावट अहिलेसम्म प्रसिद्ध छ। सो भवनको विषयमा चिनियाँको ताङ्ग वृत्तान्तमा यस्तो लेखेको पाइन्छ—"भवनको मध्यमा तामाको झिगटी हालेको बुर्जावाल साततले अति राम्रो महल थियो (वंशावलीमा नौतले)। यसका बार्दली, आंगन, खम्बा, दलिन एवं प्रत्येक वस्तुहरू उच्चतम कोटिका बहुमूल्य वस्तुहरूले सिंगारिएका, बुर्जाबाट अनेक घुमाउरो नलीबाट पानीको झरना निस्केर अत्यन्त शोभायमान देखिने र यसमा धेरै चोकहरू पनि भएको अति सुन्दर महल छ" आदि। तर उक्त महल यहाँ थियो भनी आजसम्म कसैले यकीन गर्न सकेको छैन। कसैले देउपाटनमा, कसैले गोकर्णमा, कसैले देउपाटनको मध्य लखु भन्ने ठाउँमा थियो भनी तर्क मात्र पेश गरेका छन्। बंशावलीमा त यी राजाले शंखमूलको दक्षिण दिशामा हालको लगनखेलमा जंगल फाड़ी अत्यन्त ठूलो महल बनाई १२,००० को बस्ती बसालेको कुरा

उल्लेख छ। त्यो महल नै कैलाशकूट भवन हो कि ? अथवा यो अर्कै महल हो ? खोजीको विषय बनेको छ।

वंशावलीमा एउटा आश्चर्यको कुरा वर्णन गरेको पाइन्छ कि तत्कालीन समयमा केै देवता प्रगट हुन छोडेपछि यी राजालाई सपनामा भगवानबाट भने "आज्ञा मिलेछ कि अब उप्रान्त तिमीले बौद्धमतबाट धर्मराजलाई जटाधारी लोकेश्वर, नामले स्थापना गरी प्रतिवर्ष जात्रा चलाउनु।" सोही सपनाको आज्ञाबमोजिम यिनले देवता स्थापना गरी जात्रा चलाएको कुरा वर्णन छ। तत्कालीन राजाको पालाअघि नेपालमा चामलको भात खानु, धानको च्यूरा बनाउनु, धान रोप्नु, कोदाली लगाउनु, धान झार्नु, धान घाममा सुकाउनु, धानको चामल बनाउनु भन्ने कुनै उपायको ज्ञान थिएन। भोजन गर्नेमा फल-फूल, मेवा अथवा प्राकृतिक चीज-वस्तु मात्र खाने चलन थियो। पछि यी चीजहरू धूलो पारी सतुमम मात्र बनाई दूध, दही, घ्यूसँग मात्र खाने चलन चल्यो। अन्त्यमा यसै राजा अंशुवर्मालाई सपनाबमोजिम एकजना बलभद्र नामका देवता मानिस रूप लिई जन्म भई तत्कालीन राजासँग हुकुम बक्साई दुनियाँलाई खेत कमाउने रीत चलाएका थिए। यसमा नेपालका दुनियाँले निज बलभद्रलाई ठूलो शक्तिशाली देवता सम्झी स्थापना गरेर सिद्धि प्राप्त गरेका थिए। यिनै देवताको नाउँमा हरेक वर्ष मार्ग शुक्ल पूर्णिमाको दिनमा धानको पीठो बनाई उक्त पीठोको रोटीमा चाकु-तिल मिसाई लट्टूको आकार आउने गरी रोटी, अर्को त्रिकोणाकारमा मसलादार मुँगी र केराउ (दाल)·को धूलो भित्र राखेर रोटी आगोको बाफले मात्र पाक्ने गरी 'यो मऱ्हो' नामको रोटी तयार पारी धानको रासमा राखेर पूजा गर्ने र चार दिनपछि प्रसादको रूपमा खाने चलन चलाएका थिए। सोही नियमबमोजिम आजसम्म नेपालका नेवारहरूले उक्त दिनमा ठूलो चाड मानेर आइरहेका छन्। फेरि उही वंशावलीमा यो पनि वर्णन गरेको पाइन्छ कि तत्कालीन राजाको समयअगाडि-सम्म बालक जन्म हुँदा बालकको नाल काट्ने रीत थिएन। अब उप्रान्त यी राजाले बालक जन्म हुँदा बालकको नाल काट्ने रीत चलाएका थिए। त्यस बेला अगाडि व्याकरणको ज्ञान मानिसमा थिएन। यी राजाले व्याकरण·शास्त्र पढ्ने र पढ़ाउने रीत पनि चलाएका थिए भन्ने उल्लेख छ।

राजा अंशुवर्माले तत्कालीन नेपालको उन्नति गरेकोले उनको निर्मल कीर्ति टाढ़ा-टाढ़ासम्म पनि फैलिएको थियो। यसमा छिमेकी राष्ट्रहरूले ठूलो ईर्ष्या गर्न लागेका थिए तैपनि राजा अंशुवर्माको अगाडि कसैले केही गर्न नसकी कसैको केही जोड चल्दैनथ्यो। त्यस बेला छिमेकी भोटमा स्रोङचन गम्पोको ठूलो प्रभाव थियो। यिनले नेपाल प्रति नराम्रो आँखा गाड्न लागेका थिए तर हाम्रा कूटनीतिज्ञ राजा अंशुवर्माले

आफ्नै देशका उदयदेवकी छोरी भृकुटीको निजसँग विवाह गरिदिएर नेपालको



(भृकुटी तारा)

इज्जतमा ठूलो टेवा पुऱ्याई लडाइँ-झगड़ामा फस्नु नपर्ने व्यवस्था मिलाएका थिए ।

मित्र ह्याम्री भृकुटीले पनि त्यस्तो जंगली व्यवहार गर्ने ल्हासाको ठाउँमा आफ्ना पति स्रोङ्चन गम्पोसँगै भएर त्यहाँ बौद्ध धर्मको प्रचार गरेर नेपालबाट लगेका बुद्ध-मूर्ति त्यहाँ नै स्थापना गरेर यिनले त्यहाँ पनि नेपालकै जस्तो माटोको भाँडा बनाउने चक्र, तान आदि जस्ता सामान उपयोग गर्न लगाई आर्थिक अवस्था बलियो पार्न लगाएकी थिइन् । यसको परिणामले दुवै देशको मित्रतामा बलियो गाँठो बाँधिन गयो । भृकुटीको गुणले गर्दा उनलाई ल्हासामा लक्ष्मीको रूपमा देवी मानेर 'हरित तारा'-को नामले पूजा गरी त्यति बेला पनि उनको ज्योति टाढ़ा-टाढासम्म फैलिएको थियो ।

नेपालकी भृकुटी ताराको ढुङ्गाको सालिक बनारसको सारनाथस्थित म्यूजियममा बड़ो सुरक्षित ढङ्गले सबै दर्शकहरूलाई देखाउने गरी राखिएको छ । 'उक्त सालिकमा खुट्टाको पैताला फुटेकोले सिमेन्ट लगाएर ठूलो जतनले राखिएको छ । 'भृकुटी तारा, पाँचौं शताब्दी' अंकित गरी बोर्ड पनि राखिएको छ । यो सालिक कहाँबाट, कुन समयमा त्यहाँ लगेर सुरक्षित गराई राखिएको हो, सो खोजी गर्नु बाँकी नै छ ।

मुद्रा व्यवस्था :–राजा अंशुवर्माले आफ्नो देशमा व्यापार बढ़ाई आर्थिक अवस्था सुधार गर्न धेरै कोशिश गरेका थिए । यिनले जनतामा लेन-देनको कारोबारमा सुविधाको लागि आफ्नै नाममा धेरै किसिमका मुद्राहरू प्रचलनमा ल्याएका थिए । ती मुद्राहरू अहिले ४ प्रकारकासम्मन् प्राप्त भैसकेका छन् । यी ४ प्रकारका मुद्राको आकृति यस प्रकार छ :-(१) पहिलो मुद्राको अग्रभागमा देब्रे पट्टिको खुट्टा उचालेको पखेटावाल सिंहको मूर्तिमा राजाको नामको अभिलेख र पृष्ठ भागमा देब्रे तिर फर्केको गाईले आफ्ना बाछालाई दूध खुवाइरहेको चित्र अंकित छ । (२) दोस्रो मुद्राको अग्रभागमा कलश र दायाँ-बायाँ अंशु भन्ने अभिलेख र पृष्ठ भागमा कामदोही (?) अभिलेख मात्र छ । (३) तेस्रो मुद्राको अग्रभागको घेराभित्र माथितिर राजाको नाम अंकित अभिलेख र मुनि पखेटावाल सिंह नै छ र पृष्ठ भागमा सिंहको टाउकोमाथि अर्द्धचन्द्रको आकार छ । (४) चौथो मुद्राको अग्रभागमा सूर्यको चक्रवरिपरि महाराजाधिराजस्य अभिलेख र यसको पृष्ठ भागमा अंशो अभिलेख र त्यसको मुनि सिंहको चित्र अंकित छ ।

राजा अंशुवर्माले नेपालमा संवत् फेरेका थिए भन्ने कुरा यिनैले राख्न लगाएका अभिलेखहरूबाट स्पष्ट झल्किन्छ । यिनले लिच्छवीहरूले चलाएका संवत्लाई एकातिर पन्छाई आफ्नै वंशको संवत् चलाएका थिए । तर यो संवत् राजा शिवदेव प्रथमले राजकाजबाट संन्यास लिएपछि चलाएको वा शिवदेव गद्दीमा छँदा नै राजालाई चित्त बुझाई अगाड़िको समयमा चलाएको हो, सो अध्ययनको विषय भई निष्कर्षमा पुग्न बाँकी नै छ । संवत् ५२६ सम्म शिवदेवको अभिलेख प्राप्त थियो । त्यहाँपछि निज-

को नाउँ हटाएर अंशुवर्माको मात्र नाम अंकित देखिन्छ । यस बेलासम्म राजा शिवदेव प्रथम दिवंगत भइसके अथवा अंशुवर्माले आफ्नो पौरुषबाट राजालाई संन्यास लिन लगाएको, प्राप्त इतिहासमा कुनै उल्लेख भएको पाइँदैन, खालि अड्कल मात्र गरेको देखिन्छ ।

संवत् ५२६ पछिका १५ वटा अभिलेखहरूमा शिवदेवको नाम हटाई अंशुवर्माले महाराजाधिराज परम भट्टारक भन्ने पदवी लिई कुनैमा अंशु मात्र, कुनैमा श्री मात्र अंकित गरेको पाइन्छ । यिनै प्राप्त १५ वटा अभिलेखहरूको स्थान र मिति निम्न हुन्, जसमा सबै संवत्हरू अंशुवर्माले चलाएको ठकुरी संवत् हुन्—

(१) बुङ्गमतिको अभिलेख, संवत् ३९; (२) हाँडीगाउँको अभिलेख, संवत् ३०; (३) हाँडीगाउँको नै अभिलेख, सं० ३२; (४) भ०पू०ई० सांगाको अभिलेख, सं० ३२; (५) पाटन, सुनधाराको अभिलेख, सं० ३४; (६) नक्साल, गैह्रीधाराको मन्साहिटीको अभिलेख, सं० ३७; (७) चौपाटनको अभिलेख, संवत् ३९, (८) काठमाडौं, वटु टोलको अभिलेख, सं० भग्न; (९) किसीपिढी, लच्छी टोलको अभिलेख सं० भग्न; (१०) काठमाडौं, रानीपोखरीको अभिलेख, सं० ४५, (११) पशुपति, वनकालीको अभिलेख, सं० भग्न; (१२) भण्डारखालको अभिलेख, सं० भग्न; (१३) संग्रहालयको अभिलेख, सं० भग्न; (१४) टिस्टुङको अभिलेख, सं० भग्न; (१५) टिस्टुङ भटुवलको अभिलेख, सं० भग्न । भर्खर मात्र भोटाहिटी बाटोको उत्खननमा प्राप्त ढुङ्गेधाराको सं० ४५ ज्येष्ठ शुक्लको अभिलेख सोह्रौं हुन गएको छ ।

माथिका प्राप्त अभिलेखहरूमा राजा अंशुवर्माको आखिरी अभिलेखमा संवत् ४५ सम्मको उल्लेख छ । त्यसपछि उनको अभिलेख लोप भएको हुँदा भेटिंदैनन् । संवत् ४५ मा नै उदयदेव र अंशुवर्मा नाम अंकित भएको चिल्लाङको अभिलेख देखा पर्न आउँदा अंशुवर्माको आखिरी अभिलेख यसैलाई मान्नुपर्छ अर्थात् छिन्नमस्ता मन्दिरको सं० ४५ को ध्रुवदेव र जिष्णुगुप्तको संयुक्त शासनको अभिलेखबाट यो विदित हुन्छ कि सं० ४५ देखि सं० ४८ भित्र अंशुवर्मा दिवंगत भैसकेका हुनुपर्छ ।

अंशुवर्माको जीवित अवस्थामा नै शिवदेवले उदयदेवलाई युवराज अथवा आफ्नो शेषपछि गद्दीको हकदार घोषित गरे तापनि अंशुवर्माको शेषपछि मात्र यिनले हक पाउनु एक विचारणीय कुरा थियो । तर उदयदेव शिवदेवको छोरा थिए अथवा अंशुवर्माको छोरा थिए—इतिहासमा टुङ्गो लगाई तथ्य निकाली खोजी गर्नु बाँकी नै छ भनी कोही भन्दछन् । शिलालेखअनुसार शिवदेवले संन्यास लिएपछि अंशुवर्मा महाराजाधिराज घोषित भएको पहिलो तिथि संवत् २९ को थियो र आखिरी तिथि सं० ४५ को थियो । यसबाट अंशुवर्मा जम्मा १६ वर्ष जति मात्र एकलौटी शासनमा

आसीन थिए भनी मान्नुपर्छ। अंशुवर्माको काल गणनामा अंशुवर्माको १६ वर्षे छोटो शासन भए तापनि उनलाई ऐतिहासिक व्यक्तिमा ठूलो स्थान दिनुपर्दछ।

उदयदेव :

यिनी शिवदेव प्रथमका छोरा थिए। यिनलाई राजा शिवदेव प्रथमले उत्तराधिकारी बनाएको कुरा केही अभिलेखमा देखाइएको छ। यस कुराको प्रमाण वटु टोल, काठमाडौंको भग्न अभिलेख र लच्छी टोल, किसीपिढीको अभिलेखमा पाइन्छ। समयको तारतम्य मिलाउँदा अंशुवर्मापछि मात्र उदयदेवले एक-डेढ़ वर्षसम्म मात्र शासन चलाएको प्रमाण देखिन आउँछ तर इतिहासमा भने यिनले शासन चलाएको प्रमाणहरू देखाइएको छैन, सिर्फ शासनकर्ताहरूको क्रममा मात्र समावेश गरिएको छ। इतिहासमा यति मात्र खुलस्त छ कि उदयदेव नरेन्द्रदेवका बाबु थिए। चिनियाँ वृत्तान्तमा भने नरेन्द्रदेवको बाबुलाई उनका भाइ ध्रुवदेवले शासन-बाट हटाइदिएकोले नरेन्द्रदेव असहाय भई भागेर तिब्बतमा पुगेर त्यहाँ उनले शरण पाए। यस आधारमा नरेन्द्रदेवका बाबु उदयदेव हुन् भनी थाहा पाउन सकिन्छ तसर्थ उदयदेवको इतिहासमा नाम-निशान नभएको हुन सक्छ। त्यसैले अंशुवर्माको शेषपछि तारतम्य र कायदामा मात्र क्रममा समावेश गराएर शासनकर्तामा उनको नाम हटाएको हुनुपर्छ भनी विद्वान्हरूले अड्कल गरेका छन्। यो पनि पुष्ट्याइँको कुरा छ कि एक-डेढ़ वर्षमात्र शासन गरेको छोटो समयमा यिनको विषयमा धेरै शिलालेख तथा अरू अभिलेखहरू राख्न नपाउनु आश्चर्य मान्नुपर्ने केही आवश्यकता देखिदैन। तर अहिलेसम्म प्राप्त अभिलेखहरूमा संवत् ४५ को चित्लाङको एकमात्र अभिलेख छ जसमा उदयदेव राजाको शासनकालको बयान छ। राजा उदयदेवकी छोरीको नाताले ल्हासामा भृकुटीले बाबुलाई शरण दिएको कुरा देखाई इतिहासका-रहरूले बयान गराइराखेको छ। तर भृकुटीलाई कसैले अंशुवर्माकी छोरी, कसैले शिवदेव प्रथमकी छोरी भनी इतिहास गन्द्रयाङ्ग-गुन्द्रुङ्ग पारी विभिन्न थरीका कुरा लेख्दछन्[१]। वास्तवमा यिनी शिवदेव प्रथमका छोरा उदयदेवकी छोरी हुन् भन्ने धेरै प्रमाण देखिन्छन्।

ध्रुवदेव + जिष्णु गुप्त :

इतिहासमा अंशुवर्माको मृत्युपछि ध्रुवदेव सिंहासनमा बसी राज्य चलाएका थिए भनी उल्लेख गरिएको छ। तर रोलवाला उदयदेवलाई छोड़ेर इतिहासकार-

---

१. (क) नेपालको ऐतिहासिक विवेचना, पृष्ठ ५६ र ८०।
(ख) प्राचीन नेपालको राजनीतिक इतिहास, पृष्ठ १५२।
(ग) 'नेपालका इतिहासका ५ स्वर्णीम पृष्ठ' पाना २०।

हरूले अंशुवर्माको शेषपछि ध्रुवदेवलाई स्थान दिनु विचारणीय कुरा हो। अंशुवर्माको आखिरी अभिलेख ध्रुवदेव र जिष्णु गुप्तको अभिलेखमा शुरू तिथि-मिति विचार गर्दा उदयदेवले डेढ़-दुई वर्ष राज्य गरेको हुनुपर्छ भनी विद्वान्हरूले अड्कल गरेका छन्। वंशावलीमा त अंशुवर्मापछि उदयदेव नै राजा भए भन्ने उल्लेख गरी क्रममा मिलाई राज्य भोगसमेत दिइएको पाइन्छ, तसर्थ लगनसाथ अनुसन्धान गरी खोजी गरेको खण्डमा यसको तथ्य अवश्य पनि विदित हुनेछ। अभिलेखबमोजिम रोलवाला उदयदेवलाई शासनबाट हटाएपछि ध्रुवदेव र जिष्णु गुप्त दुवै मिली द्वैध शासन चलाएका थिए। यो द्वैध शासन चलाउँदा ध्रुवदेवले मानगृहमा र जिष्णु गुप्तले कैलाशकूट भवनमा वसेर अथवा बेग्लाबेग्लै महलमा बसेर शासन चलाएका अभिलेखबाट देखिन आउँछ। यो द्वैध शासन किन चलाउनुपरेको, अर्थात् ध्रुवदेवले मात्र एक्लै किन शासन चलाउन नपाएको ?—यो कुरा विचार गर्दा उदयदेव शक्तिशाली राजा भए तापनि ध्रुवदेवले जिष्णु गुप्तसँग मिली राज्य गर्दा अरू गुप्तहरूले गोलमाल गर्न नपाओस् भनेर नै जिष्णु गुप्तको साथ मिलो द्वैध शासन चलाएको हुनुपर्छ। ध्रुवदेवभन्दा जिष्णु गुप्त शक्तिशाली व्यक्ति थिए तसर्थ उदयदेवले अंशुवर्माको शेषपछि शासन गर्दा ध्रुवदेवलाई राजा मान्ने जिष्णु गुप्तले कबूल गरी सन्धि गरेका थिए तसर्थ जिष्णु गुप्त शक्तिशाली व्यक्ति भएकोले ध्रुवदेवसँग मिली उदयदेवलाई हटाई दुवै मिली संयुक्त शासन चलाएको हुनुपर्छ। अंशुवर्माको मृत्युपछि उदयदेव राजा भएको केही सालमा नै यो द्वैध शासन चलेको अभिलेखहरू प्राप्त छन्। यो द्वैध शासनले गर्दा राजनीतिमा ठूलो परिवर्तन आयो र लिच्छवी वंश र गुप्त वंशका राजाहरूको संयुक्त शासन इतिहासमा यो दोस्रो मानिन्छ। पहिलो संयुक्त शासन संवत् ४७९ मा नै फर्पिङ्गको गणदेव र भौमगुप्तको थियो। प्राप्त शिलालेखहरूको आधारमा ध्रुवदेव र जिष्णु गुप्तको संयुक्त शासन लगभग ५-६ वर्षसम्म मात्र रहेको अनुमान गर्न सकिन्छ। ध्रुवदेव र जिष्णु गुप्तको प्रकाशमा आएको अहिलेसम्म ६ वटा अभिलेखहरू निम्न हुन्, जसमध्ये दुईवटाको अं० संवत् ४८ र अं० संवत् ४९ हो, बाँकी चारवटा अभिलेखहरूमा संवत् खिइएकोले भग्न अवस्थामा पाइन्छ :—

(१) पाटनको छिन्नमस्ता मन्दिरको अभिलेख, संवत् ४८; (२) वलम्भूको मालटारको अभिलेख, सं० ४९; (३) काठमाडौं, भैरव ढोकाको अभिलेख, संवत् भग्न; (४) आदेश्वर मन्दिरको अभिलेख, संवत् भग्न; (५) प० १ नं० केवलपुरको अभिलेख, संवत् भग्न; (६) लम्भू, भेल्बुको अभिलेख, संवत् भग्न।

उपर्युक्त माथिका अभिलेखमा यिनै दुईजनाले संयुक्त शासनको कार्य-संचालन मानदेवको मानगृह र अंशुवर्माको कैलाशकूट भवन दुवै स्थानबाट भएको विदित हुन्छ। यिनीहरूको केही वर्ष संयुक्त द्वैध शासन चलेपछि अन्त्यमा ध्रुवदेव र जिष्णु-

गुप्तको झगड़ा शुरू भयो । तर ध्रुवदेव जिष्णु गुप्तको अगाडि ज्यादै कमजोर व्यक्ति भएकाले जिष्णु गुप्तको अगाड़ि यिनी टिक्न सकेनन् । अन्त्यमा जिष्णु गुप्तले भीमार्जुन देवको साथ लिई उनैका मद्दतबाट ध्रुवदेवलाई शासनबाट हटाइदिएका थिए । उक्त कुरा तलका तीनवटा अभिलेखहरूबाट ज्ञात हुन आउँछ । यी ३ अभिलेखहरू-मध्ये लगनटोलको अभिलेखमा संवत् भग्न छ ।

जिष्णु गुप्त र भीमार्जुन देवको अभिलेख—१–वलम्भू मलखुंको अभिलेख, संवत् ५६; २–थानकोटको अभिलेख, संवत् ५९ र ३–लगनटोल, यंगाहिटीको अभिलेख, संवत् भग्न ।

जिष्णु गुप्त :

प्राप्त अभिलेखहरूको तारतम्य मिलाउँदा जिष्णु गुप्त र भीमार्जुन देवले लगभग ४ वर्ष मात्र संयुक्त शासन चलाएका अनुमान गर्न सकिन्छ । अभिलेखमा यी संयुक्त भई द्वैध शासन चलाएको वलम्भू मलखुंको संवत् ५५ हो । यो द्वैध शासनको पहिलो तिथि यसैलाई मान्नुपर्छ र आखिरी तिथि संवत् ५९ को नै मान्नुपर्छ । कारण जिष्णु गुप्तले एकलौटी शासन गरेको तिथि सवत् ५९ थियो । यो अभिलेख मालीगाउँको हो । प्राप्त अभिलेखहरू विचार गर्दा जिष्णु गुप्त राजनीतिक दाउ खेल्नमा सिपालु व्यक्ति रहेछन् । भनाइको तात्पर्य यो हो कि भीमार्जुन देव जिष्णु गुप्तभन्दा एक पाइला तल नै भएका विदित हुन्छ । मौका पाउनासाथ नै दुईजनाको झगड़ामा जिष्णु गुप्तले भीमार्जुन देवलाई शासनबाट बर्खास्त गराई एकलौटी शासन चलाएका थिए । यो घटना अं० संवत् ५९ को नै थियो । भीमार्जुन देवलाई शासनबाट बर्खास्त गरिसकेपछि यिनलाई एकलौटी शासन चलाउन गाह्रो भएन र यिनले आफैं शासनको हर्ताकर्तामा सर्वेसर्वा भई राज्य चलाउन थालेका थिए । त्यसपछि यिनले आफ्नै नामबाट मुद्राहरू चलनमा ल्याए । उक्त मुद्राको अग्रभागमा जिष्णु गुप्त नामको अभिलेख र मुनि पखेटावाल जन्तुको चिन्ह थियो । उक्त जन्तु साँढे वा सिंह हो, निश्चित गर्न सकिएको छैन । पृष्ठ भागमा भने अलंकृत वस्तुको चित्र थियो । यसलाई पनि कसैले वज्र, कसैले शिवजीका मन परेका त्रिशूल भन्ने अड्कल गरेका छन् । यसरी राजा जिष्णु गुप्तले अंशुवर्माले जस्तै आफ्नै मुद्रा चलाएर आफूलाई वास्तविक राजा भएको प्रमाणित गर्न खोजेका थिए ।

अहिलेसम्ममा प्राप्त अभिलेखहरूमा राजा जिष्णु गुप्तले एकलौटी शासन चलाएको ४ वटा अभिलेखहरू मात्र देखा पर्दछन् । तर यी ४ वटा अभिलेखमध्ये मालीगाउँको अभिलेख एउटामा मात्र तिथि संवत् पाइन्छ, अरू ३ वटा अभिलेखहरूमा त तिथि संवत् भग्न अवस्थामा देखिन्छ । अभिलेखहरू यिनै हुन् :—

(१) मालीगाउँको अभिलेख, संवत् ५९; (२) पशुपति छत्र चन्द्रेश्वरको अभिलेख, सं० भग्न; (३) पशुपति, छत्र चन्द्रेश्वरको नै अर्को अभिलेख, सं० भग्न; (४) भ० पु० ई० वोडे नीलवाराहीको मन्दिरको अभिलेख, सं० भग्न ।

जिष्णु गुप्त धेरैजसो शैव अथवा पशुपत सम्प्रदायको धर्म मान्ने व्यक्ति थिए। यो उनैका पशुपति मन्दिरका आँटमा उनिएका श्री छत्र चन्द्रेश्वरको मूर्तिमा ओढेको छाताको अभिलेखबाट स्पष्ट हुन्छ। उक्त अभिलेखमा यिनले आफूलाई भगवत्पशुपति भट्टारक पादानुध्यात भन्ने उपाधि ग्रहण गरेकोबाट थाहा पाउन सकिन्छ। यिनले आफ्ना छोरा विष्णु गुप्तलाई युवराज घोषित गरेका थिए। यिनको प्राप्त अभिलेखहरूमा विचार गर्दा सं० ५९ देखि सं० ६४ सम्म अर्थात् अशुवर्मा सं० ५-६ वर्ष मात्र लगभग एकलौटी शासन चलाउन पाएका थिए । त्यसपछि अंशुवर्मा संवत्-६४ मा नै उनको छोरा विष्णु गुप्त र भीमार्जुन देवले शासन गरेका अभिलेखहरू प्राप्त भैसकेका छन् । अब भने यहाँदेखि जिष्णु गुप्तको नाम बिलाएर गएको पाइन्छ अथवा त्यस बखत नैं जिष्णु गुप्त स्वर्गारोहण भइसकेका हुनुपर्दछ । संवत् ६४ को उनका छोरा विष्णुगुप्त र भीमार्जुन देवको द्वैध शासन शुरू भैसकेकोले जिष्णु गुप्तको शासनकालको अंतिम काल यसैलाई नै मान्दछन् । तर एउटा आश्चर्य मान्नुपर्ने कुरा यो छ कि बाबुले हटाएको भीमार्जुन देव छोरासँग मिलेर फेरि द्वैध शासनमा कसरी संलग्न हुन आए ? यसबाट बुझिन आउँछ कि जिष्णु गुप्त स्वर्गारोहण हुनासाथ भीमार्जुन देवले शासन हात पार्न ठूलो गोलमाल शुरू गर्दा रोलवाला छोरा विष्णु गुप्तले बाबुले हटाएको भीमार्जुन देव भए तापनि उनलाई चित्त बुझाई गोलमाल गर्न नदिई दुवै मिली संयुक्त भई द्वैध शासन चलाएको हुनुपर्दछ ।

विष्णु गुप्त र भीमार्जुन देव :

अभिलेखहरूको खोज-विचार गर्दा लगभग ४–५ वर्ष एकलौटी शासन जिष्णु गुप्तले भोग गरिसकेपछि उनैका छोरा विष्णु गुप्त र भीमार्जुन देवको संयुक्त शासनको प्रमाण देखा पर्दछन् । विष्णु गुप्त, जिष्णु गुप्तका छोरा थिए भन्ने अभिलेखमा वर्णन गरिएको छ । बाबुको शेषपछि उनले आफ्नै नाममा नै शासन गर्ने अधिकार पाएका थिए । किनभने बाबु जिष्णु गुप्तले आफ्ना जीवनकालमा नै यिनलाई युवराजाधिराज घोषित गरी अधिकार प्रदान गरिसकेका थिए । तर बाबुको मृत्यु हुनासाथ नै अथवा शासनबाट हटेर गएपछि विष्णु गुप्त एक्लोले शासन किन चलाउन सकेनन् अथवा भीमार्जुन देव र विष्णु गुप्तको द्वैध शासन किन चलाउनुपर्‍यो, यो विचारणीय कुरो हो । विष्णु गुप्त र भीमार्जुन देव दुवैको संयुक्त शासनको संवत् ६४–६५ का अभिलेखहरू पाइएका छन् । यी अभिलेखहरू यिनै हुन् :—लगनटोल, यंगाहिटीको संवत्

६४ को अभिलेख र सुनागुठी, भृगारेश्वर मन्दिरको संवत् ६५ को अभिलेख। यिनै अभिलेखअनुसार भीमार्जुन देव मानगृहमा र विष्णु गुप्तचाहिं कैलाशकूट भवनमा बस्दथे। यिनीहरूले यहाँबाट नै राज्यादेश जाहेर गर्ने गर्दथे। विष्णु गुप्तले आफ्ना छोरा श्रीधर गुप्तलाई युवराज घोषित गरेका थिए। बाबु जिष्णु गुप्तले हटाइसकेका भीमार्जुन देवलाई छोरा विष्णु गुप्तले फेरि शासनमा शामेल गराई द्वैध शासन चलाउनुपर्ने कारण, आफू भीमार्जुन देवको अगाड़ि लम्रनुपरेको कारण खोजीको विषय बनेको छ। वंशावलीमा भीमार्जुन देवले शिखरापुर नाम राखेर ४८,००० को शहर बसालेर ठाउँ-ठाउँमा देवताका मूर्तिहरू भएका पीठ स्थापना गरेका कुरा उल्लेख छ। तर यो द्वैध शासन पनि धेरै वर्षसम्म दिगो भई चल्न सकेन, कारण अभिलेखको खोजीमा संवत् ६९ देखि नरेन्द्रदेवका अभिलेखहरू पाइन थाल्दछन्। विष्णु गुप्त नाम अंकित एउटा मात्र अभिलेख प्राप्त छ। यिनले ब्राह्मणहरूको लागि एउटा कुवाँ खनाएर त्यसबाट झिकिने जल समान रूपमा वितरण गर्नुपर्ने बन्दोबस्त मिलाई ब्राह्मणहरूलाई भोज खुवाएको उल्लेख पाइन्छ। यसबाट विष्णु गुप्त देव धार्मिक तथा सामाजिक कार्यमा ठूलो अभिरुचि राख्दथे भन्ने बुझिन आउँछ। वंशावलीमा विष्णु गुप्तलाई वैष्णव धर्ममा ज्यादा अभिरुचि भएका व्यक्तिमा स्थान दिइराखेको छ।

नरेन्द्र देव :

२०–२१ वर्षसम्म विदेशिएका नरेन्द्र देवले विष्णु गुप्त र भीमार्जुन देवको संयुक्त शासनलाई मौका पाउनासाथ हमला गरी यी दुवैलाई नेपालको शासनबाट हटाई आफूले शासनको बागडोर आफ्नो हातमा लिएको इतिहास तथा अभिलेख-हरूद्वारा थाहा पाउँछौं। चिनियाँ ताङ वृत्तान्तअनुसार नरेन्द्र देव तिब्बतमा शरणार्थीका रूपमा रहेका थिए। तर उनले आफ्ना पैतृक सिंहासन अथवा नेपाल अधिराज्यको अधिकार हात पार्ने दाउ यिनले १५-१६ वर्ष अगाडि नै रचेका थिए। तिब्बती शासकहरूको सहायताले मौका पाउनासाथ विष्णु गुप्त र भीमार्जुन देव दुवैको संयुक्त शासनमाथि आक्रमण गराएर छिन्न-भिन्न पारी पराजित गराएर तिब्बतमा शरण लिइरहेका नरेन्द्र देव नेपालका राजा भई सिंहासनमा आसीन भएका थिए। राजा विष्णु गुप्त र भीमार्जुन देवको आखिरी अभिलेख संवत् ६७ को प्राप्त भएको छ। यो पशुपति देउपाटनको अभिलेख हो। संवत् ६५ देखि संवत् ६७ भित्र नै नरेन्द्र देवले यो गोलमाल गरेको अनुमान गर्न सकिन्छ। यसै समयभित्र नै नरेन्द्र देवको व्यक्तित्वको अगाडि विष्णु गुप्त र भीमार्जुन देवको केही जोड नचली नेपालको शासनबाट च्युत हुनुपरेको थियो भनी विद्वान् इतिहासकारहरूले अड्कल गरेका छन्।

यसरी अंशुवर्माको मृत्यु भएको १५-१६ वर्ष बितेपछि मात्र नरेन्द्र देवले नेपालको शासनाधिकारमा हस्तक्षेप गरी नेपालमा फेरि आफ्नै एकलौटी शासन कायम गरेका थिए ।

अहिलेसम्म राजाको रूपमा नरेन्द्र देवको तेह्रवटा अभिलेखहरू प्राप्त छन् । यिनको पहिलो अभिलेख सं० ६७ को र आखिरी सं० १०३ सम्मको पाइन्छ । यसबाट यिनले ३६ वर्षसम्म राज्यको शासन चलाएको देखिन आउँछ, तर भाषा वंशावलीमा त यिनको राज्यकाल ४२ वर्षको दिएको छ जुन गलत साबित हुन आउँछ । वंशावलीमा यिनको राज्यकालमा श्री गोरखनाथ नेपाल प्रवेश गरेर नाग-राजहरूलाई र सबैजसो नागहरूलाई आफ्नो वशमा राखेर सबैमाथि आसन गरी बस्दा आकाशमा जल शून्य भई दुर्भिक्ष भई बर्सातविना देशमा ठूलो हाहाकार भएको बर्णन पाइन्छ । यसमा राजा नरेन्द्र देवले श्री बन्धुदत्त आचार्यको सहयोगले कामरूप-कामाक्षासम्म गई श्री आदिलोकेश्वर मच्छिन्द्रनाथलाई नेपाल प्रवेश गराएका कुराहरू पनि समावेश गरेको पाइन्छ । श्री आदिलोकेश्वर मच्छिन्द्रनाथ नेपाल प्रवेश भएको सुसमाचारले श्री गोरखनाथले आफू आसन गरी बसेका सबै नागहरूलाई छोड़ी आफ्ना गुरु श्री मच्छिन्द्रनाथको दर्शन गर्न गएका थिए । सबै नागहरू आ-आफ्ना ठाउँमा गई बस्न पाएपछि नेपालमा फेरि वृष्टि भई दुर्भिक्ष हटेर गई सहकाल शुरू भयो भनी वंशावलीमा वर्णन छ । वृष्टि त भयो तर खेतमा रोपाइँ गर्नलाई भएको खेतको बीजहरू सबै नष्ट भैसकेका थिए । यसमा श्री मच्छिन्द्रनाथले फेरि नेपालमा सहकालको लागि खेतका बीजहरू प्राप्त गर्न हालको भक्तपुर शहरदेखि करीब १½ कोस जति दूरीमा उत्तर-पूर्व हालको जितपुर भन्ने क्षेत्रमा सहबुङ्गा नामले धान्यकुण्ड स्थापना गरिदिएका थिए । उक्त कुण्डबाट प्राप्त हुने सप्त धान्यादिका बीजहरूको प्रयोगबाट सहकाल ल्याउन श्री आदिलोकेश्वर मच्छिन्द्रनाथले आज्ञा भएछ कि अनावृष्टि भई दुर्भिक्ष हुने बेलामा त्यहाँबाट प्राप्त हुने सप्त धान्यादिको प्रयोगबाट दुर्भिक्ष हटेर जानेछ । सो धान्यकुण्ड अहिलेसम्म पनि त्यहाँ स्थायी रूपमा रहेको छ । अहिले पनि उक्त कुण्डबाट सप्त धान्यादि निरन्तर उत्पत्ति भैरहनु अन्वेषणकर्ता-हरूको लागि अनौठो अनुभव हुन गएको छ[१] ।

राजा नरेन्द्र देवले सहयोग पाई आफूले पैतृक सिंहासन प्राप्त गर्न पाएकोले ल्हासा सरकारउपर कृतज्ञताज्ञापन गरी ल्हासासँग मित्रता गाँसेको कुरा चिनियाँ

---

१. हेर्नुहोला लेखकको नै हजार वर्षअगाडिदेखिको ऐतिहासिक कथा संग्रह, पृष्ठ २९ ।

ताङ वृत्तान्तमा उल्लेख भएको छ। यसै बेलादेखि नै नेपाल र ल्हासाको दुर्गम क्षेत्रको बाटो-घाटो खोलिएको कुरा इतिहासकारहरूले अड्कल गरेका छन्। उक्त बाटो खुल्नासाथ नै नेपालका व्यापारीहरू ल्हासासम्म गई व्यापार गर्ने र ल्हासाका व्यापारीहरू नेपालसम्म आई आफ्ना व्यापार क्षेत्रमा वृद्धि गरेको कुरा उल्लेख छ। यसै बाटोको सहायताले चिनियाँ यात्री हुएन-साङ एशियाको यात्रा गर्न आएका थिए। उक्त यात्री आफ्नो अध्ययनको लागि भारतवर्षमा १७ वर्षसम्म बसेका र धेरै ठाउँको स्थिति, रीति-रिवाज, आहार-व्यवहार सबै अध्ययन गरी स्वदेश फर्केका थिए। यस बखत यिनले धेरै दुःखको सामना गरी आफूलाई डाँकाहरूले फेला पारी लगेर देवताको अगाडि बलिको भोग दिन लगाएकोमा आफू बचेको कथा पनि समावेश गरेका थिए[1]। भारतवर्षमा हुएन-साङको यात्राको समयमा नेपालमा पनि यिनले यात्रा गरेका थिए। यिनले नेपालको दक्षिणी सीमा-नामा बसेर नेपालको केही विवरण पनि लेखेका थिए। यस बेला नेपालमा राजा नरेन्द्र देव राज्य गर्दथे। हुएन-साङले नेपालको दक्षिणी सीमानमा बसेर तयार पारेका तसबीरअनुसार नेपालको क्षेत्रफल ४००० लि० थियो र राजा नरेन्द्र देव ठूलो राज-महलमा बस्दथे। त्यो राजमहल नौतले भई अत्यन्त ठूलो, माथिको तल्लामा १०,००० मानिस बस्न पुग्ने कोठाहरू, भुइँतल्लामा १०,०००-१२,००० सैनिकहरू बसिराखेका, महलका खम्बाहरू बहुमूल्य सामानले सिंगारिएका, तल्ला-तल्लामा अति रमणीय बार्दली भएको, बीच-बीचमा बुर्जाहरूमा अनेक घुमाउरो नलीबाट पानीको झरना निस्केर अत्यन्त रमणीय शोभा भई, राजा बस्ने कोठामा अत्तर छरी अत्यन्त सुगन्धित बास्नाले युक्त भैराखेका हुन्थे, आदि लेखेका थिए। यही कुराको अर्को विवरण वि० सं० ७०० देखि वि० सं० ७१४ को समयमा भारतमा चिनियाँ राजदूत भई आउने नाङपुन्चे वा वाङपुन्चे नेपालको बाटो गरी धेरै पटक ओहोर-दोहोर गरेका थिए। यिनले पनि नेपालका राजा नरेन्द्र देवले कानमा सुनको चौकडीले सुशोभित भई मोती, मुँगा, पन्ना आदि जुहारातले सिंगारिएर बस्दथे साथै कम्मरमा बुद्धको मूर्ति कुँदिएका कमरपेटी लगाई बस्दथे भन्ने कुरा ताङ वृत्ता-न्तमा नै उल्लेख छ।

भाषा वंशावलीमा राजा नरेन्द्रदेव अत्यन्त धार्मिक प्रवृत्ति भएका व्यक्तिमा स्थान दिएको छ। यिनले पशुपतिनाथ कहाँ ठूलो विधिले पूजा गरी अत्यन्त बहुमूल्य हीरा, मोती र रत्नहरू चढ़ाएका कुरा पनि उल्लेख छ। यिनले श्री जयबागीश्वरीमा पूजा चढ़ाई त्यस क्षेत्रको नाउँ देउपाटनमा नै समावेश गरी नामकरण गरेका थिए। श्री पशुपतिनाथको क्षेत्रभित्र पनि यिनले धारा स्थापना गर्न लगाई धाराको हिटी-

१. 'हिमवर्ष और नेपाल' नामक पुस्तकको पृष्ठ ३०७ हेर्नुहोला।

मंग:लाई सुनको मोलम्मा भएको बनाउन लगाई त्यस क्षेत्रलाई अत्यन्त रमणीय स्थान पारेका कुरा पनि उल्लेख गरेको पाइन्छ। तर त्यो धारा कुन स्थान, कहाँनिर थियो, यो आजका अन्वेषकहरू खोजीमा तल्लीन छन्।

राजा नरेन्द्र देवले आफ्ना प्रजाले न्याय पाउन् र अन्याय कसैमाथि नपरोस् भनी उचित न्याय दिलाउनका लागि तह-तहका विभागहरू खोली हार, प्रतिहार नामले राज्यको ठाउँ-ठाउँमा अड्डाहरू स्थापना गरिराखेका यिनैका अभिलेखहरूमा वर्णन गरिराखेको पाइन्छ।

हार :—राजाकहाँ जाहेर गर्ने उजुरीहरू जम्मा गर्ने कर्मचारीहरू भएका राजसभालाई त्यति बेला हार भन्ने नामले प्रचलित थियो।

प्रतिहार :—जम्मा भएका उजुरी जाहेर गर्ने कर्मचारीहरू भएका राजसभालाई प्रतिहार भन्ने चलन थियो।

महाप्रतिहार :—राजाकहाँ जाहेर गरी राजाबाट हुकूम भएका निर्णयहरू सबै एकत्रित गरी जम्मा पारिराख्ने कर्मचारीहरूलाई महाप्रतिहार नाम अलंकृत भएका राजसभा भनी सम्बोधन गर्ने गरिन्थ्यो।

उपरोक्त हार, प्रतिहार, महाप्रतिहारजस्तै अड्डाहरू अंशुवर्माको पालामा पनि स्थापना भएको थियो तर उस बेला प्रतिहारलाई अन्तरमासन र महाप्रतिहारलाई परमासन भन्ने गरिन्थ्यो। यो कुरा अंशुवर्माको अभिलेखहरूमा उल्लेख भएको छ।

राजा मानदेवले बनाउन लगाएको मानगृह, अंशुवर्माको पालोमा तयार भएको कैलाशकूट भवनको प्रतिस्पर्द्धामा राजा नरेन्द्र देवले पनि एउटा अत्यन्त रमणीय ठूलो महल निर्माण गर्न लगाएका थिए। उक्त भवनको नाम भद्राधिवास भवन नामले त्यति बेला प्रख्यात भएको थियो। यो महल मानगृह, कैलाशकूट भवनभन्दा अति ठूलो र अन्य बहुमूल्य वस्तुहरूले सिंगारी नवीन कलाले भरिपूर्ण गरी तयार पारिएको थियो तर यो भद्राधिवास भवन त्यतिको नाउँ चलेको थिएन जति मानगृह र कैलाशकूट भवनको नाम इतिहासमा प्रख्यात छ। तैपनि ताङ वृत्तान्तका विवरण माथि नै भइसकेको छ।

राजा नरेन्द्रदेवले छिमेकी देशहरूसँग व्यापार बढाउन ठूलो प्रयत्न गरेको कुरा माथि नै गइसकेको छ। यिनले भोटसँग व्यापार बढाउन वर्षमा कमसे कम पाँचजनासम्म भरियाहरूद्वारा मालहरू बोकाएर पठाउने व्यवस्था मिलाएका थिए जसलाई झाडा पठाउने भन्ने गर्दथ्यो। सो झाडा जाने मानिसहरूलाई राजाबाट केही सहुलियतहरू दिइन्थ्यो। यो कुरा राजा नरेन्द्र देवले सबै खेतालाहरूलाई यो झाडामा लाग्नु

नपर्ने गरी पाटनको यँगुबहाल टोलको अभिलेखमा खेतीवालहरूलाई दानपत्र गराई उक्त झाडामा लाग्नु नपर्ने कुरा उल्लेख भएको पाइन्छ ।

भारतवर्षमा हर्षवर्धनको मृत्युपछि चिनियाँ राजदूत भई आएका नाङ युन्चेलाई हर्षका सामन्त अरुणाश्वले ज्यादै अपमान गर्दा लडाइँ शुरू भएको थियो । यसमा राजा नरेन्द्र देवले आफूलाई शरण दिई सहायता गरेको गुण सम्झेर ७००० अश्वारोही सैनिकहरू दिई सहायता गरेका थिए भनी चीनको ताङ बृत्तान्तमा उल्लेख गरिएको पाइन्छ । यसबाट पनि राजा नरेन्द्र देवले धेरै फौजहरू जम्मा (तयार) पारिराखेका थिए भन्ने बोध हुन आउँछ । उस बेला फौज अथवा सेनालाई चार प्रकारमा विभाजित गराइराखेको थियो : (१) रथमा चढेर लड्ने, (२) हात्तीमा चढेर लड्ने, (३) घोडामा चढेर लड्ने, र (४) पैदल लड्ने । तर त्यस बेला रथमा चढेर लड्ने फौजी संख्या थोरै मात्र भएको विदित हुन्छ । त्यस बेला प्रधान सेनापतिलाई महाबलाध्यक्ष भनिन्थ्यो र उनको स्थान अधिकारी वर्गमा सबभन्दा उच्च हुन्थ्यो ।

राजा नरेन्द्र देवले ३६ वर्षसम्म अनकंटक लामो राज्य चलाएका थिए भन्ने कुरा उनैका १३ वटा अभिलेखहरूबाट ज्ञात भएको कुरा माथि नै उल्लेख भइसकेको छ । यिनले आफ्ना छोरा शिवदेव द्वितीयलाई आफ्नै जीवनकालमा युवराजाधिराजको पदवीले सुशोभित गर्न लगाइसकेका थिए । यिनको समयमा स्थापित भएका अभिलेखहरूमा प्राप्त १३ वटा अभिलेखहरू यिनै हुन् :—

(१) पशुपति, देउपाटनको अभिलेख, सं० ६७; (२) लुँह्या, पाटनको अभिलेख, सं० ६९; (३) कैलाश, देउपाटनको अभिलेख, सं० ६९; (४) यँगाहिटी, लगन टोलको अभिलेख, सं ६९; (५) कसाइँ टोल, देउपाटनको अभिलेख, सं० ७१; (६) नक्साल, जलद्रोणीको अभिलेख, सं० ७१; (७) अनन्तलिङ्गेश्वर मन्दिरअगाडिको अभिलेख, सं० ८०; (८) गैह्लीधारा, पाटनको अभिलेख सं० ८३; (९) बटुकभैरव मन्दिर पाटनको अभिलेख, सं० ८९; (१०) वलम्भूको अभिलेख सं० ९०; (११) च्यासल टोल, पाटनको अभिलेख सं० ९५; (१२) पशुपति, देउपाटनको वज्रधरको अभिलेख, सं १०३; (१३) यागं बहालको अभिलेख, सं० १०३ ।

राजा नरेन्द्र देवको आखिरी संवत् १०३ सम्मको अभिलेखहरू मात्र प्राप्त भएका छन् । यसपछिको अभिलेखहरू अहिलेसम्म प्राप्त भएको छैन । यसैले यिनको अन्तिम तिथि यसैलाई नै मानिएको छ । यिनको शेषपछि उनैको छोरा शिवदेव द्वितीय राजा भएको इतिहास तथा वंशावलीमा वर्णन भएको पाइन्छ तर यिनका छोराको अभिलेखको तिथि संवत् १०९ मात्र प्राप्त भएको छ । संवत् १०३ देखि सं० १०९ सम्म अर्थात् ५-६ वर्षभित्रको अभिलेखहरू प्राप्त गर्ने खोजी गर्नु बाँकी नै छ ।

अतः त्यस बेलासम्मको राजनैतिक अवस्थामाथि कुहिरो लागेको अनुभव इतिहासकारहरू गर्दछन् । यिनको स्कन्ददेव, शौर्यदेव र शिवदेव द्वितीय नाम गरेका तीन छोराहरू थिए ।

शिवदेव द्वितीय :

राजा नरेन्द्र देवको शेषपछि उनैका छोरा शिवदेव द्वितीय राजा भए । तर छोरा शिवदेव द्वितीयको अभिलेखहरूमा सं० १०९ अगाडिको अभिलेखहरू अहिलेसम्म प्राप्त भएका छैनन् भनी माथि नै बयान भइसकेको छ । यसबाट यो अनुमान हुन्छ कि सं० १०४ देखि सं० १०८ भित्र ५-६ वर्षको भित्र नेपालमा राजा थिएनन् तर भाषा वंशावलीमा भने बाबुको मृत्युपछि छोरा शिवदेव द्वितीय गद्दीमा बसेका थिए भन्ने उल्लेख छ । यो आधारमा इतिहासकारहरूको अनुमान छ कि अभिलेखहरू प्राप्त हुनुभन्दा पहिले नै राजा शिवदेव द्वितीय गद्दीमा बसेका हुनुपर्छ । यिनको अहिलेसम्म जम्मा आठवटा मात्र अभिलेखहरू प्राप्त भएका छन् । यी अभिलेखहरूमा पहिलो तिथि सं० १०९ हो । यी आठवटा अभिलेखहरूमा अंतिम तिथि सं० १२९ थियो । उक्त अभिलेखहरू विचार गर्दा संवत् १०९ देखि संवत् १२९ सम्म जम्मा २० वर्ष जति यिनले शासन गरेका थिए भन्ने पुष्टि हुन्छ । उक्त प्राप्त अभिलेखहरूको स्थान र तिथि संवत् यिनै हुन् :–

(१) मलखु, वलम्भूको अभिलेख, सं० १०९; (२) मच्छिन्द्र बहाल, पाटनको अभिलेख, सं १०९; (३) लगन टोल, भ० पु० इ० नालाको जलद्रोणीको अभिलेख, सं० ११८; (४) लगन टोल, काठमाडौंको अभिलेख, सं० ११९; (५) भृगारेश्वर महादेव, सुनागुठीको अभिलेख सं० १२५; (६) भ० पु० इ० ठिमीको अभिलेख, संवत् भग्न; (७) नक्सालको अभिलेख सं० भग्न; (८) वलम्भू इन्दुमति खोलाको अभिलेख, सं० १२९ ।

इतिहासकारहरूको वर्णनबमोजिम राजा शिवदेव द्वितीयले कैलाशकूट भवनमा नै बसेर राज्यका कामकाजहरू संचालन गरेका थिए । मानदेव प्रथमले स्थापना गरेका मानगृह र आफ्ना बाबु नरेन्द्र देवले निर्माण गर्न लगाएका भद्राधिवास भवनमा नै बसेर शासन चलाउन यिनले किन मन नपराएको ?—यो यिनको कुनै अभिलेखमा पनि बयान गरेको पाइँदैन । यिनै राजा शिवदेव द्वितीयका छोरा जयदेव द्वितीयको पशुपतिको अभिलेखबमोजिम आफ्ना बाबु शिवदेव द्वितीयले मगधका महाराजा आदित्यसेनकी नातिनी (दौहित्री) र मौखरी राजा भोग वर्माकी छोरी वत्सला देवीसित विवाह गरी भारतका उच्च राज-परिवारसँग नाता जोडेको कुरा छ । उक्त राज-

परिवार गुप्त सम्राटहरूमा नाउँ चलेका वंश हुन् भनी 'रूपरेखा' मा उल्लेख भएको छ।

रानी वत्सला देवी पनि पतिजस्तै पशुपत सम्प्रदाय-धर्मका अगुवी थिइन्। यिनले आफ्ना पति शिवदेव द्वितीयको पुण्य वृद्धिको लागि पशुपतिनाथकहाँ विधि-बमोजिम पूजा चढाई चाँदीको कमल चढाएको कुरा पनि छ। यिनै वत्सला देवीलाई कुनै-कुनै इतिहासमा भने वत्स देवी मात्र लेखेको पाइन्छ। राजा शिवदेव द्वितीय पनि पशुपतिका नै भक्त थिए। उनले धेरै मन्दिरहरू मर्मत गरेर रक्षाको लागि कृषिलायक प्रशस्त भूमिदान गरेको कुरा उल्लेख छ। धर्मात्माहरूको लागि उनको अनुराग गाढा थियो। पशुपतिको अभिलेखमा यिनको जुन बयान गरिएको छ, त्यसलाई इतिहास-कारहरू बड़ो महत्वपूर्ण मान्दछन्।

जयदेव द्वितीय :

शिवदेव द्वितीयको मृत्युपछि यिनैका छोरा जयदेव द्वितीय नेपालको गद्दीमा बसे। जयदेव द्वितीयको जन्म रानी वत्सला देवीको गर्भबाट भएको थियो। यिनी शिवदेव द्वितीयका छोरा हुन् भन्ने कुरा यिनैले राखेका पशुपतिको अभिलेखमा बाबु शिवदेव द्वितीय भनी उल्लेख भएको पाइन्छ। यिनैका बाबु शिवदेव द्वितीयका अन्तिम अभिलेखमा वलम्भू इन्दुमती खोलाको सं० १२९ को थियो। यसपछि उनैका छोरा जयदेव द्वितीयको पहिलो अभिलेख सं० १३७ को च्यासल-टोलको हो। यस-भन्दा अगाडिको सं० १३० देखि सम्वत् १३६ सम्मको अभिलेख प्राप्त भएको छैन। जयदेव द्वितीयको सिंहासनारोहण यही ६ वर्षभित्र नै हुनुपर्छ भनी अड्कल गरिएको छ। यिनका अभिलेखहरूको खोजीमा सं० १३७ देखि सं० १५७ सम्म जम्मा २० वर्षको राज्यकाल देखिन्छ। यही अभिलेखहरूको अन्तिम तिथिको अभिलेख सं० १५७ को पशुपति डबलीको थियो। यिनको प्राप्त अभिलेखहरूको विचार गर्दा यिनी धार्मिक आस्थामा बाबुभन्दा कम थिएनन्। यिनी धेरैजसो पशुपत सम्प्रदायका धर्ममा व्यथित भएका बुझिन्छन्। यिनको ४-५ वटा प्राप्त भएका अभिलेखहरूको स्थान र तिथि यिनै हुन् :–

(१) च्यासल टोल, पाटनको अभिलेख, सं० १३७; (२) मीननाथ मन्दिर, पाटनको अभिलेख, सं० १४७; (३) पशुपति डबलीको अभिलेख, सं० १५७; (४) टुंगाःहिटी, पाटनको अभिलेख, सं० भग्न; (५) ज्ञानेश्वर, काठमाडौंको अभिलेख सं० भग्न।

यिनको उपरोक्त अभिलेखहरू विचार गर्दा यिनी ठूला विद्वान् थिए र ठाउँ-ठाउँको अभिलेखहरूमा साहित्यिक पदहरू जोडेर रसिला कविताहरू रचेका लेखाइबाट

यिनी ठूला कवि पनि थिए भन्ने देखिन्छ । यिनले आफ्ना लिच्छवी कुल अथवा पुर्खाका राज्यकालको इतिहास सबैलाई बोध गराउने कोशिश गरेका थिए । दृष्टान्तको लागि यिनले स्थापना गर्न लगाएको पशुपतिको स्तम्भमा सुपुष्पदेखि आफ्ना राज्यकाल-सम्ममा पुर्खाका जम्मा ५६ पुस्तासम्म नाम अंकित गराई वर्णन गरेको पाइन्छ । यसबाट यिनी पुर्खाका ज्ञाता थिए भन्ने देखिन आउँछ । आज उपरोक्त पशुपतिको स्तम्भलाई आधार लिई इतिहासकारहरूले इतिहास प्रमाणित गर्न खोजिरहेका छन् । हुन पनि इतिहासकारहरूले लिच्छवी राज्यक्रम यसैलाई मान्ने गर्दछन् । उक्त अभिलेखमा संस्कृत भाषामा श्री पशुपतिको बड़ो राम्रो स्तुति पद्यमय गरी कविता कोर्न लगाएका थिए, जसबाट जयदेव द्वितीय संस्कृत भाषाका साहित्यिक कविमा पण्डित थिए भन्ने इतिहासकारहरूले आ-आफ्नो ग्रन्थमा वर्णन गरेका छन् ।

कलहर्न साहेबको वंशावलीमा त यिनले पनि आफ्ना बाबुले जस्तै अन्तरराष्ट्रिय सम्मान बढाउन विदेशीहरूसँग सम्बन्ध जोडेर पराक्रमी राजा भगवत्वंशी हर्षदेवकी छोरी राज्यवती नाम गरेकी कन्या विवाह गरेर आफ्नो सम्मान वृद्धि गराएका थिए भन्ने उल्लेख गरिएको छ । भगवत्वंशी हर्षदेव हालका भारतको दरांग जिल्ला, तेजपुर, आसामका राजा मानिएका छन् । भाषा वंशावलीअनुसार राजा जयदेव द्वितीयले पनि शिवदेव द्वितीयकी रानी वत्सला देवीकै जस्तै श्री पशुपतिनाथकहाँ चाँदीको कमल चढ़ाई विधिबमोजिम पूजा गरी सेवा गरेका थिए । जयदेव द्वितीयपछि लिच्छवी राजाहरूको इतिहास फेरि अस्त-व्यस्त भई बिस्तारसँग, क्रमैसँग बिलाएर गएको देखिन्छ अथवा यहाँपछिका अभिलेखहरू अन्धकारमा ढाकिएका छन् । माथिका अभिलेखहरू याने जयदेव द्वितीयको अभिलेखमा युवराज विजयदेवको नाउँ घोषित गरिएको छ तर उनी राजा भए अथवा भएनन् भन्नेबारे कुनै अभिलेखहरू अहिलेसम्म प्राप्त भएका छैनन् । अभिलेखहरूको खोजीमा जयदेव द्वितीयपछि मानदेव द्वितीयको अभिलेख प्राप्त भएको छ । यो अभिलेख पाटन यँगबहालको संवत् १८० को हो । योभन्दा अगाडिको संवत् १५८ को हो । यसपछिको संवत् १८० को हो । संवत् १५८ देखि संवत् १८० भित्र २२-२३ वर्षसम्मका अभिलेखहरू प्राप्त नभई कुइरोले ढाकिएका छन् । भनाइको तात्पर्य यो हो कि २२-२३ वर्षसम्मका कुनै अभिलेखहरू प्राप्त नहुनु र त्यसपछि मात्र सं० १८० को मानदेव द्वितीयको अभिलेख प्राप्त हुनु एक किसिमले विचारणीय कुरा छ ।

यसपछि अभिलेखहरूको खोजीमा गणदेव द्वितीयको पाली आउँछ । यो अभिलेख पाटन, गाःबहालको हो तर यसको संवत् यकीन छैन अथवा उनी कसका छोरा हुन्, खोजी गर्न बाँकी नै छ । यहाँपछि बलिराज देवको अभिलेख प्राप्त छ । त्यो अभिलेख ल० पु० ई० मोतीटार (हाल मट्टार) हो र यसको संवत् २५० हो । यसको

पनि अरू अभिलेखहरू प्राप्त गर्न सकिएको छैन। इतिहासकारहरूले त यिनको विषयमा नाउँसम्म नलिई त्यसै चूप लागेर बसिरहेका छन्। चांगुनारायणको मूल ढोकामा एउटा अभिलेख प्राप्त छ, त्यसको मिति संवत् २७१ अंकित भई राजा बलदेवको नाउँ अंकित छ। विद्वान्‌हरूले यो संवत्‌लाई अंशुवर्मा संवत् नै हो भनेर अड्कल गरेका थिए तर ती बलदेव राजा पनि कसका छोरा अथवा कहाँका हुन्, केही उल्लेख भएको छैन। भाषा वंशावलीमा भने यिनका बयानहरू लम्बा-चौड़ा गरिएको छ। कुनै-कुनै वंशावलीमा त यिनलाई बलिराज पनि नाउँ दिइएको छ। यी राजाको पालामा ललित भन्ने एक किसान घाँसी दिनदिनै यिनका दरबारको नगीचको घाँस काटेर लैजाने गर्दथ्यो। राजाले उसको लक्षण विचार गर्दा त्यो ठूलो मानिस रहेछ भन्ने बुझी उनको कथाको कृति निमित्त अथवा उनको पुरुषार्थको बयानको लागि उनैको नामले ललितपट्टन नाम राखेर बागमतीको किनारमा ठूलो अति राम्रो देश बनाएको कथा पनि पाइन्छ। तर ललितपट्टन उनले (राजा बलदेवले) स्थापना गरेका अभिलेखहरू कतै प्राप्त भएका छैनन्। सिर्फ चांगुनारायणको मूल ढोकाको अभिलेख संवत् २७१ अंकित एकमात्र अभिलेख प्राप्त छ। तसर्थ यिनको इतिहास पनि खुलस्त नभई अन्धकारले ढाकिएको छ। यसपछि अभिलेखको खोजीमा मानदेव तृतीयको पालो आउँछ। यिनी पनि बलदेवका छोरा हो-होइन, निश्चित रूपमा यकीन भएको छैन। तर कुनै कुनै इतिहासकारहरूले यिनी बलदेवकै छोरा हुन् भनी अड्कल गरेका छन्। तर निश्चित प्रमाण प्रस्तुत गर्न सकिने इतिहास प्रकाश गर्न सकेका छैनन्। यिनका अरू अभिलेखहरू यहाँ छन् भनी किटान गर्न सकिएको छैन। सिर्फ एउटा ताडपत्रमा लेखिएका "सहोत्तर तन्त्र" नामक पुस्तकमा भने संवत् ३०१ अंकित राजा मानदेव तृतीयको विजय-कालमा पूर्ण गरेको भनी तिथि अंकित प्राप्त भएको छ। यसबाट यो प्रमाणित हुन आउँछ कि मानदेव तृतीय राजा भएको वर्णन तथ्य हुन आउँछ। वंशावलीमा भने यिनको शेषपछि उनैका छोरा राघवदेवको उल्लेख भएको पाइन्छ। यिनको पालामा शंखधर कृत नेपाल संवत् चलाएका कुरा धेरैजसो इतिहासकारहरूले बयान गरेका छन्। यी राघवदेवको पनि अभिलेखहरू प्राप्त भएका छैनन्। यिनको कुनै-कुनै पुस्तक तथा तन्त्रहरूमा मात्र वर्णन गरिएको छ। वंशावलीमा त यिनको समयको शक संवत् ८०२ तथा नेपाल संवत् १ अंकित भएको पाइन्छ। उक्त वंशावलीहरूमा राजाहरूको क्रम तालिका निम्नांकित रूपमा दिई वर्णन गरिएको पाइन्छ :—

(१) जयदेव द्वितीय, (२) मानदेव द्वितीय, (३) गणदेव द्वितीय, (४) बलिराज देव, (५) बलदेव, (६) मानदेव तृतीय, (७) राघवदेव, (८) बालार्जुन देव, (९) विक्रम देव, (१०) गुणकाम देव द्वितीय, (११) निर्भय देव, (१२) रुद्रदेव, (१३) भोजदेव, (१४) लक्ष्मीकाम देव, (१५) मित्रदेव।

६

राघवदेव :

इतिहासको क्रममा मानदेव तृतीयपछि राघवदेव नै नेपालको सिंहासनमा आरूढ भएको लक्षित हुन आउँछ । माथि उल्लेख भएबमोजिम शिलालेखको आधारमा बलदेवसम्मका अभिलेखहरू प्राप्त छन् । त्यसपछि ताडपत्रमा लेखेको 'सहोत्तर तन्त्र' भन्ने ग्रन्थमा मानदेव तृतीयको नाउँ अंकित भएको पाइन्छ । धेरैजसो वंशावलीमा राघवदेवको नाम-निशाना नै देखिदैन । नेपाली इतिहासकारहरूका घटनाहरूको वर्णनमा राजा बलदेवको राज्यकालमा श्रीमच्छिन्द्रनाथको कथा समावेश गरेको पाइन्छ । तर यो कथाको घटना वर्णन धेरै वर्षअगाडिका राजा नरेन्द्रदेवको राज्यकालमा नै भएको माथि उल्लेख गरिएको छ । भक्तपुरका राजा नरेन्द्रदेव, कान्तिपुरका बन्धुदत्त आचार्य, ललितपुरका ज्यापु आदिको कथा विचार गर्दा यो घटना बलदेवको राज्यकालमा नभई धेरै वर्ष अघिका राजा नरेन्द्रदेवको पालामा नै घटेको कथाको वर्णनबाट पनि यो पक्का हुन आउँछ । वंशावलीमा त वर्णित बलदेवको राज्यकालमा भारतबाट एक विद्वान् ब्राह्मण नेपाल प्रवेश भएको कुरा मात्र हुन सक्छ । काश्मीरको इतिहासमा भने राजा बलदेवलाई युद्ध-कलामा कुशल योद्धाको रूपमा चित्रण गरेको पाइन्छ ।

कलिंघमले 'इण्डियन एरा' भन्ने आफ्नो ग्रन्थमा श्री राघवदेवको निकै प्रशंसा गर्दै उनलाई ठूलो स्थान दिएका थिए । यिनैको पालामा नेपाल सं० चलेको हो भनी उनले वर्णन गरेका थिए। तर धेरैजसो वंशावली तथा इतिहासमा भने धेरै पुस्तापछिका मल्ल राजाहरूको समयमा राजा अनन्तमल्लको सिंहासनारोहण भैसकेपछि एक सङ्खवाल नाम गरेका किसानले नेपालका सबै प्रजालाई ऋण मुक्त पारी यो नेपाल संवत् चलाएका थिए भन्ने वर्णन पाइन्छ । यो दुविधाको सृजना गर्दै धेरैजसो इतिहासकारहरूले ऐतिहासिक तथ्य लुकाउन खोज्नु बडो आश्चर्यको कुरा हो । इतिहासको खोजीमा भने राजा राघव देवको ऐतिहासिक तथ्यहरू अहिले धमाधम प्राप्त हुँदैछन् । यसै माथिका वंशावलीअनुसार राघवदेवपछि क्रमश: बालार्जुन देव, विक्रमदेव, गुणकामदेव द्वितीय, निर्भयदेव, रुद्रदेव, भोजदेव र लक्ष्मीकामदेव नेपालको सिंहासनमा बसेका थिए । तर बालार्जुन देव र विक्रमदेवका अभिलेखहरू प्राप्त भएका छैनन् । त्यसपछि गुणकामदेव द्वितीयको अभिलेखहरू साथै ऐतिहासिक तथ्यहरू मात्र उल्लेख भएको देखा पर्दछन् ।

गुणकामदेव द्वितीय :

वंशावलीअनुसार राघवदेवपछि बालार्जुन देव र विक्रमदेव क्रमश: राजा भए । त्यसपछि मात्र गुणकामदेव द्वितीय राजा भए । वंशावलीमा तथा इतिहासमा राजा

गुणकामदेव द्वितीयलाई लामो शासनकर्तामा ठूलो स्थान दिई राजनीतिज्ञ, धार्मिक आस्थामा लुब्ध भएका र निर्माणकार्यमा सुधारक राजामध्ये वर्णन गरिएको पाइन्छ । धेरैजसो वंशावलीहरूमा यिनी श्री महालक्ष्मी देवीका उपासक थिए भन्ने उल्लेख भएको पाइन्छ । वंशावलीअनुसार यिनै देवीको कृपाले चारै दिशामा आफ्ना विजय-पताका फहराई धेरै धन प्राप्त गरेका थिए । यिनलाई महालक्ष्मी देवीबाट बरोबर सपनामा दर्शन दिई पथ-निर्देशन दिने गर्दथे भन्ने वंशावलीकारहरूले कथामा समावेश गरेका छन् । एक दिन सपनामा यिनलाई देवीबाट आज्ञा मिल्यो कि स्वर्गबाट इन्द्र आदि देवताहरू आई पुराण सुन्न आउने उत्तम स्थानलाई मध्य पारी खड्गाकार आकृतिमा देश निर्माण गर्दा प्रतिदिन एक लाख रुपियाँको कारोबार भई देशका प्रजाले आनन्दमा जीवन बिताउन पाउनेछन् । त्यस बेला राजा गुणकामदेवले राज्य-कार्य संचालन गर्ने राजदरबार हालको पाटनमा थियो । सपनामा भएको देवीको आज्ञाबमोजिम यिनले सो राजदरबारलाई हटाई कान्तिपुरको निर्माण गरी त्यहीं नै राजदरबार स्थापना गरी राज्य संचालन गरेका थिए । उक्त कान्तिपुर शहर निर्माण गर्दा पूरा नभएसम्म प्रतिदिन एकलाख रुपियाँ खर्च गरी निर्माण गरेको कुरा वंशावलीमा वर्णन पाइन्छ । उक्त शहर पूर्ण निर्माण भैसकेपछि यिनले अठार हजार घरको बस्ती बसालेको वर्णन पनि पाइन्छ । यिनको निर्माण-कालको समयमा याम्बा हिल (?)-मा पनि एक सुन्दर गाउँको निर्माण भएको थियो । यिनले प्रजाहरूको मरण हुँदा दाह-संस्कार गर्न निमित्त बागमतीको किनारमा एक करवीर मसान स्थापना गरेका थिए । देशको पूर्ण निर्माण भैसकेपछि यिनले देशको चारैतर्फ देवी-हरूका मूर्तिहरू स्थापना गरेर सिद्धि प्राप्त गराई देश खड्गाकारमा तयार पारेका थिए ।

यिनले नेपालमा सर्वप्रथम आश्विन शुक्ल पंचमीको दिन कान्तिपुरमा इन्द्रजात्रा चलाई नेपाली सांस्कृतिक परम्परा बसालेको कुरा पनि वंशावलीमा वर्णन भएको पाइन्छ । कान्तिपुरमा स्थापना भएका देवी-देवताहरूको जात्रा पनि प्रतिवर्ष चलाउने र प्रबन्ध मिलाउने राजाहरूमा राजा गुणकामदेव द्वितीयलाई नै श्रेय दिइएको छ । कान्तिपुरका श्री नवदुर्गा, लुमडी देवी, रक्तकाली आदि देवी-देवताहरूको पनि स्थापना यिनै राजाले गराएका थिए । वंशावलीअनुसार यिनले कान्तिपुर शहर पुन: निर्माण भैसकेपछि यिनले हिले जात्रा, कृष्ण जात्रा, लाखे जात्रा, श्रृङ्गभेरी जात्रा आदि प्रचलित गराई श्री वासुकी, रक्तकाली, कङ्केश्वरी, पांचाली भैरव, मनमैजु आदि देवी-देवताकहाँ पूजा चढ़ाई प्रतिवर्ष नै जात्रा चलाउनुपर्ने रीत बसाली गुठीहरूको बन्दोबस्त गरिदिएका थिए ।

अर्को एक वंशावलीअनुसार राजाको सपनामा भएको एक अनौठो कुराको पनि

कथा वर्णन गरिएको पाइन्छ। एक रात सुकुला भएको बेलामा सपनामा एकजना स्कन्द नाम गरेका स्वामीले दर्शन दिई राजालाई भने कि तिम्रो भलो हुने गरी मलाई खुशी पार्ने हो भने अथवा देशको रक्षा गर्ने नै भए कङ्केश्वरी कालिका स्थान-मा शहरभरिका ठिटा-ठिटीहरू एकत्रित पारेर आपस-आपसमा ढुङ्गा-इँटाहरू हाना-हान गरी खेल्न लगाई तमाशा गरी खेल खेल्न लगाउनु। सोही सपनाबमोजिम राजा-ले केटा-केटीहरू जम्मा गर्न लगाई यो खेल खेल्ने चलन प्रतिवर्ष चलाएका थिए भन्ने कुरा उपाख्यानमा भएको पाइन्छ[1]।

इतिहासकारहरूले राजा गुणकामदेव द्वितीयलाई धार्मिक आस्था भएका तथा निर्माण कार्यमा दत्तचित्त भएका मात्र होइनन् कि शूर-वीर र ठूला योद्धामा स्थान दिएका थिए। यिनले देशको चारै दिशामा आफ्ना विजय-पताका फिजाई आफ्ना अधीनवर्ती क्षेत्र पारी धेरै धन जम्मा पारेर त्याई देउपाटनका श्री पशुपतिनाथको मन्दिरलाई तामामा सुनको मोलम्मा भएको छाना हालेर जीर्णोद्धार गरी अति आक-र्षक सुन्दर मन्दिर पारेर श्री पशुपतिनाथकहाँ विधिबमोजिम पूजा चढाई श्री पशु-पति क्षेत्रलाई नै मनोहर स्थान पारेको वर्णन पनि उल्लेख भएको पाइन्छ।

निर्भयदेव :

हस्तलिखित ग्रन्थहरू तथा शिलालेखहरू र अभिलेखहरू विचार गर्दा गुणकाम-देव द्वितीयपछि निर्भयदेव नै नेपालको सिंहासनमा आसीन भएका थिए। तर राजा निर्भयदेवले धेरै वर्षसम्म राज्य चलाएका प्रमाणहरू प्राप्त भएका छैनन्। भक्तपुर टौमढी टोलको भैरवस्थानमा प्रवेश गर्ने श्री भैरव देवताको मूल ढोकाअगाडिको इना-रसँगैको ढुङ्गाको अभिलेखमा ने० सं० १२५ अथवा वि० सं० १०६२ चैत्रशुक्ल त्रयोदशीको दिनमा महाराजाधिराज श्री निर्भयदेवको विजय राज्यमा श्री खपु (भक्त-पुर)-मा शिवगलको उत्तरमा रहेको धेनकमा बस्ने जयचठुक्षाकले देव मन्दिरको लागि १२ मनिका राखेको बयान छ। अरू अभिलेखहरूको खोजी गर्दा राजा निर्भयदेवले दुई-तीन वर्षसम्म मात्र एकलौटी शासन चलाएको प्रमाण देखिन आउँछ तर वंशावलीमा भने यिनलाई ५ वर्षको शासनकाल दिइएको छ। ग्रन्थ तथा अभिलेखहरूको खोजीमा ने० सं० १२० (वि० सं० १०६४)-मा राजा निर्भयदेव र राजा रुद्रदेवको द्वैध शासन चलेको अवस्थामा "प्रज्ञापारिमिता" भन्ने ग्रन्थ लेखी सिध्याएको वर्णन

१. प्रतिवर्ष चलाइराखेको उक्त खेललाई धेरै वर्षपछि यसरी इँटा-ढुङ्गा हाना-हान गरी खेल्न लगाउनु हुँदैन भनी प्राइममिनिस्टर जंग बहादुर राणाले रोकी प्रतिबन्ध लगाएका थिए।

पाइन्छ । तर कुनै-कुनै वंशावलीमा भने गुणकामदेवको शेषपछि यिनैका छोरा भोज-देवले राज्य गरेको कुराको उल्लेख भएको पाइन्छ। यसपछि यिनका छोरा लक्ष्मीकामदेवले राज्य गरेका थिए। राजा लक्ष्मीकामदेवको राज्यभोग २० वर्षको मानी निर्भयदेवको एकलौटी शासन र राजा निर्भयदेव र राजा रुद्रदेवको नाम नै हटाइदिएको देखिन्छ। यसबाट इतिहासकारहरूलाई ठूलो दुविधामा पारी थरी-थरीका तर्क गराउने स्थान दिइएको छ। वंशावलीमा गुणकामदेवका छोरा भोजदेव भनी वर्णन गरेको देखिन्छ तर धेरैजसो अभिलेखहरू-मा पनि भोजदेवलाई निर्भयदेवका भतिजा भनी वर्णन गरेको पाइन्छ। फेरि कुनै-कुनैमा निर्भयदेवका भतिजाका छोरा भनी वर्णन गरेका छन्[1]। अभिलेखहरूको खोजी गर्दा राजा निर्भयदेवले ३-४ वर्ष मात्र एकलौटी शासन चलाएका थिए भन्ने पाइएको छ। त्यसपछि निर्भयदेव र रुद्रदेवको द्वैध शासन चलेको अभिलेखहरू प्राप्त भएको छ तर कुनै-कुनै वंशावलीमा राजा निर्भयदेवले ७ वर्षसम्म राज्य गरे भन्ने पाइन्छ। भोजदेव र रुद्रदेवले ९ वर्ष ७ महिना राज्य गरे भन्ने वर्णन पनि पाइन्छ जुन गलत ठहर्छ।

निर्भयदेव + रुद्रदेव :

राजा निर्भयदेवले एकलौटी शासन चलाउन नपाएका प्रमाणहरू इतिहासहरूले देखाएका छैनन्। यिनले आफ्नो बुद्धि र बलले ३-४ वर्षसम्म त एकलौटी शासन गरेका थिए। तर दाजु-भाइहरूको राजनैतिक दाउपेंचले गर्दा अन्त्यमा यिनले रुद्र-देवको सहायता नलिई सुखै पाएनन्। यिनले रुद्रदेवको सहायताले द्वैध शासन चलाएका थिए। ने० सं० १२७ (वि० सं० १०६४)-को 'प्रज्ञापारिमिता' भन्ने ग्रन्थ लेखाई पूर्ण गरेको आखिरी वर्णनमा राजा निर्भयदेव र राजा रुद्रदेवको द्वैध शासनको विजय राज्यकालमा सिध्याएको वर्णन दिई उक्त मिति दिएको देखिन्छ। यसबाट यो बुझिन आउँछ कि यस बेला राजा निर्भयदेवले श्री रुद्रदेवलाई गोद नलिई काम गर्न नपाएको हो, तसर्थ यहाँदेखि द्वैध शासन चलेको हो। तर वंशावली र ग्रन्थहरू र अभिलेख-हरूमा यो द्वैध शासनमा घटेका राजनैतिक तथा आर्थिक अवस्थाको विषयमा केही उल्लेख नपाइएकोले अन्धकारले छोपेको छ। अहिले प्राप्त ग्रन्थहरूको आधारमा यो द्वैध शासन सिर्फ ४ वर्षभन्दा बढी चलेको देखिंदैन। त्यसपछि ने० सं० १३१ (वि० सं० १०६८) ज्येष्ठ महीनामा लेखिएको पाटन इलाननीको चिबहालको थकाली श्री तेजमान शाक्यज्यूको संग्रहालयमा भएको 'प्रज्ञापारिमिता' भन्ने अर्को ग्रन्थमा

---

१. भोजदेवको नाता विषय 'पूर्णिमा' अङ्क ३० मा श्री दिनेश राज पन्तज्यूको लेख हेर्नुहोला।

राजा भोजदेवको एकलौटी शासन भएको बेलामा यो ग्रन्थ पूर्ण गरेको हो भन्ने राजाको नाउँ समेतको मिति दिई वर्णन गरिएको छ । यसबाट यो अनुमान हुन आउँछ कि राजा निर्भयदेव र राजा रुद्रदेवको द्वैध शासनलाई भोजदेव एक्लैले हमला गरी बर्खास्त गरेका थिए । यसमा राजा निर्भयदेव र राजा रुद्रदेबले विरोध नगरी त्यसै चूप लागेर बसेको हो वा के हो, प्रमाणका साधनहरूको कमीले यहाँ केही उल्लेख गर्न नपाएको हो ।

भोजदेव ;

नेपाल सं० १३१ को प्रज्ञापारिमिता ग्रन्थबाट यो विदित हुन्छ कि राजा निर्भयदेव र राजा रुद्रदेवको द्वैध शासनलाई भोजदेव एक्लैले च्युत गराई आफू नेपालको गद्दीमा बसेका थिए । तर यो द्वैध शासनलाई एक्लैले कसरी अन्त गराए, साधनको कमीले गर्दा यसरी नै शासन चलाएको हो भनेर ठोकेर भन्न गाह्रारो छ । ग्रन्थ तथा प्राप्त केही ऐतिहासिक लेखहरूको आधारमा यतिमात्र कुरा विदित हुन्छ कि भोजदेव रुद्रदेवका भतिजा थिए । ने० सं० १२७ देखि ने० सं० १३१ सम्म प्राप्त ग्रन्थहरूको आधारमा यस बेलासम्म निर्भयदेव र रुद्रदेवको द्वैध शासन थियो । यसपछि ने० सं० १३१ मा मात्र यिनले शासन गरेका थिए । अर्को प्राप्त अभिलेख पाटनको त्यागल टोल गचाननीको श्री उमा महेश्वर स्थापना भएको तिथि ने० सं० १३२ को हो, यहाँ पाटनको भोजदेव र रुद्रदेवको द्वैध शासन भएको देखिन्छ ।

वंशावलीमा भोजदेवलाई प्रजापालक र धार्मिक आस्थामा लुब्ध भएका व्यक्तिहरूमा एक हो भनी चित्रण गरिएको छ । यिनले बाबुले स्थापना गरेका देवी-देवताहरूको वर्ष बन्धन पूजा र जात्राहरू चलाई स्थायी गरेका वंशावलीमा उल्लेख छ । अभिलेख तथा ग्रन्थहरूको खोजी गर्दा राजा भोजदेवले १ वर्ष मात्र एकलौटी शासन चलाएको देखिन आउँछ । त्यसपछि ने० सं० १३२ को उमा महेश्वरको अभिलेखमा भोजदेव र रुद्रदेवको संयुक्त शासन देखिएको छ । पहिले नै हटाइसकेको रुद्रदेव फेरि भोजदेवको शासनकालमा पुनः रुद्रदेवलाई नै गोद लिई भोजदेवले संयुक्त द्वैध शासन किन चलाउनुपऱ्यो ?–विचारणीय छ । यिनलाई फेरि शासनमा समावेश गर्नुपर्ने कारणका प्रमाणहरू प्राप्त भएको छैन तर यतिमात्र अन्दाज गर्न सकिन्छ कि रुद्रदेवको व्यक्तित्वमा ठूलो प्रभाव थियो तसर्थ यिनको शासन-कालमा संयुक्त शासन गर्नुपरेको थियो ।

भोजदेव+रुद्रदेव :

एक वर्षसम्म नेपालमा एकलौटी शासन चलाइसकेपछि भोजदेवले पहिले नै हटाई शासनबाट च्युत भएका रुद्रदेवलाई आफ्नो शासनमा समावेश गराई राजा

भोजदेव र राजा रुद्रदेवले संयुक्त भई द्वैध शासन चलाएका थिए। यो संयुक्त शासन भएको प्रमाण ने० सं० १३२ को पाटनको त्यागल टोल गचाननीको श्री उमा महेश्वर स्थापना भएको अभिलेखमा उल्लेख छ। यो अभिलेखको सम्पूर्ण भाग संशोधन-मण्डलबाट प्रकाशित भएको छ[१]। अभिलेख तथा ग्रन्थहरूको अध्ययन गर्दा भोजदेव र रुद्रदेवले पनि धेरै वर्षसम्म राज्य चलाएको देखिँदैन। तिथि विचार गर्दा ३ वर्ष मात्र संयुक्त भई द्वैध शासन चलाएको देखिन आउँछ। अभिलेखहरूको खोजीमा ने० सं० १३५ (वि० सं० १०७१)-मा लक्ष्मीकाम देवसमेत तीनजनाको नै समावेश भई संयुक्त त्रय शासन देखा पर्न आउँछ। भोजदेव र रुद्रदेवको पालामा घटेका घटनाहरूबारे खोजी गर्नु बाँकी नै छ। भोजदेव, रुद्रदेव र लक्ष्मी कामदेवले त्रय शासन किन चलाउनुपऱ्यो, साधनको कमीले यसै हो भनेर भन्न गाह्रारो छ। या त लक्ष्मी कामदेव र रुद्रदेवको द्वैध शासनमा ठूलो विरोधले गर्दा अथवा यिनको अगाडि यी दुवै टिक्न नसकी अथवा यिनको अगाडि दुवैले जबरजस्ती झुक्न परेको हो— खोजीको विषय छ। विनाप्रमाण अड्कल गर्नु ठीक नभई इतिहास बाङ्गिएर जाने भएकोले यस विषयमा धेरै मन्थन गर्न उचित देखिँदैन।

भोजदेव + रुद्रदेव + लक्ष्मी कामदेव :

भोजदेव र रुद्रदेव दुवैले संयुक्त भई द्वैध शासन चलाई बसेको ३-४ वर्षपछि श्री लक्ष्मी कामदेव समेत समावेश भई तीनजनाले संयुक्त शासन गरेका थिए। यो कुरा ठाउँ-ठाउँमा अंकित अभिलेखहरू र ग्रन्थहरूमा उल्लेख भएको छ। एउटा ग्रन्थमा त आधा राज्य श्री भोजदेव र रुद्रदेव, र आधा राज्य श्री लक्ष्मी कामदेवले शासन गरेको हो भन्ने उल्लेख छ तर यस ग्रन्थको भनाइ यो होइन कि सम्पूर्ण राज्यबाट नै च्युत गरी आधा-आधा गरी सीमाना नै छुट्याई राज्य चलाइएको नभई राज्यमा शासनको कामकाज आधा-आधा गरी त्रय राज्य संचालन गरेको बुझिन आउँछ। यो संयुक्त त्रय राज्यकालमा श्री लक्ष्मीकामदेवको नाउँ समेत अंकित भएको ने० सं० १३५ (वि० सं० १०७१)-को अष्ट सहस्रिका प्रज्ञापारिमिता भन्ने ग्रन्थमा पनि उल्लेख छ[२]। यो ग्रन्थको लेखाइमा राजा-राजाहरूको गुणगान गरी राजा रुद्रदेवलाई धेरै गुणले युक्त भएको र राजा लक्ष्मी कामदेवलाई शत्रुरूपी हात्तीमा अंकुश भएका थिए भनी विश्लेषण गरिएको छ। यसबाट यो अनुमान गर्न सक्छौं कि राजा लक्ष्मी कामदेव, भोजदेव र रुद्रदेव दुवै राजाभन्दा शक्तिशाली राजा थिए। उनको

---

१. 'पूर्णिमा' अंक ३०,पृष्ठ १२१ हेर्नुहोला।

२. उक्त ताडपत्रको ग्रन्थ कैम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा सुरक्षित छ।

शक्तिको अगाडि टिक्न नसकेर राजा भोजदेव र रुद्रदेव दुवैले आफ्नो संयुक्त द्वैध शासनमा श्री लक्ष्मी कामदेवलाई पनि समावेश गराई त्रय संयुक्त शासन चलाउनु-परेको अनुमान हुन आउँछ। प्राप्त अभिलेख तथा ग्रन्थहरूमा प्राप्त तिथि-मितिले गर्दा यो त्रय संयुक्त शासन लगभग ९ वर्षसम्म चलाइएको थियो भन्ने प्रमाणित हुन आउँछ। यसपछि आफ्नै बाहुबलले राजा भोजदेव र राजा रुद्रदेव दुवैलाई हुत्याई राजा लक्ष्मी कामदेवले एक्लै गद्दीमा बसेर एकलौटी शासन चलाएका थिए।

लक्ष्मी कामदेव :

भोजदेव, रुद्रदेव र लक्ष्मी कामदेव तीनैजनाले लगभग ९ वर्षसम्म संयुक्त त्रय सरकार (शासन) चलाइसकेपछि राजा भोजदेव र रुद्रदेव दुवैलाई आफ्नै बाहुबल-ले, कूटनैतिक चालबाजीले पन्छाई नेपाल राज्यमा श्री लक्ष्मी कामदेव एक्लै आसीन भई एकलौटी शासन चलाएका थिए। यो कुरा नेपालको वीर पुस्तकालयमा भएको तेस्रो ३५९ को संख्याको "भगवत्या स्वेदाया यथा लब्ध तन्त्र राज" भन्ने ग्रन्थमा पनि उल्लेख भएको छ।

वंशावलीमा त लक्ष्मी कामदेवलाई २१ वर्षको शासन काल दिएको छ। वंशा-वलीमा उल्लेख भएबमोजिम यिनले आफ्ना बाजेले जस्तै चारै दिशामा विजय-पताका फैलाएर धेरै धन प्राप्त गरेका थिए। उक्त धन श्री कुमारी देवीको सहायताबाट नै प्राप्त भएको हो भनी यिनले विचार गरी यिनले पाटनका बाँडाकी छोरीलाई श्री कुमारी देवी स्वरूप मानेर पूजा गरी यिनको लागि लक्ष्मी विहार नाम गरेको राज-दरबार निर्माण गर्न लगाई राजा त्यहाँ नै बस्न गएका थिए भनी वर्णन गरेको पाइन्छ। यी राजाले बाँडाकी छोरीलाई श्री कुमारी देवी स्वरूप प्रतिदिन पूजा गर्ने आवश्यक बन्दोबस्त गरेर पूजा गर्नुपर्ने रीत चलाएका थिए। यी राजा लक्ष्मी काम-देवले पहिले लोप भएर जान लागेको वासुकी नागको पूजा गर्ने रीत फेरि चलाए-का थिए भन्ने वंशावलीमा वर्णन छ। यिनको शासनकालमा लेखिएका धेरैजसो ग्रन्थ-हरूमध्ये केही ग्रन्थहरूका नाम र मिति यस प्रकार छन् :—

१–स्वेहा भगवती तन्त्र, ने० सं० १४४ (वि० सं० १०८१) श्रावण शुक्ल द्वितीया।

२–शिव धर्म, ने० सं० १५६ (वि० सं० १०९३) श्रावण शुक्ल द्वादशी (छिपा, गजाधर सिंहले पाठ गर्ने ग्रन्थ)।

३–लुब्जिका मत ग्रन्थ, ने० सं० १५८ (वि० सं १०९५) ,, (सुहर्षजीव विश्वकर्माले लेखेर सिध्याएको ग्रन्थ)।

४–सिद्धर्म पुण्डरीका, ने० सं० १५९ (वि० सं० १०९६) वैशाख शुक्ल तृतीया, (हर्ष गुप्त शाक्य भिक्षुले दान-धर्मको लागि बनाएको ग्रन्थ) ।

५–महाभैरव हंसयामल तन्त्र, ने० सं० १५९ (वि० सं १०९६) वैशाख कृष्ण द्वितीया ।

उपरोक्त माथिका प्राप्त केही ग्रन्थहरुको तिथि-मिति विचार गर्दा राजा लक्ष्मी कामदेवले ने० सं० १४४ देखि ने० सं० १५९ सम्म (वि० सं० १०८१ देखि वि० सं० १०९६) जम्मा १५ वर्ष जति मात्र एकलौटी शासन गरेको देखिन आउँछ । आखिरी मिति ने० सं० १५९ मा महाभैरव तन्त्रको लेखनी पूर्ण गरी सिध्याएको बेलामा भादगाउँ (भक्तपुर)-मा ठूलो लड़ाईं चलिरहेको थियो भन्ने उल्लेख छ । राजा लक्ष्मी कामदेवको राज्यकालको अन्तिम तिथि यसैलाई मानिएको छ । यहाँ-देखि यिनको शासन टुटेको देखाइएको छ । यस भादगाउँको युद्धमा लक्ष्मी कामदेव लडाईंमा शामेल भई बाँचे बाँचेनन्, केही प्रमाण प्राप्त भएको छैन । विनाप्रमाणले यसै हो भनेर ठोकेर भन्न गाह्रारो छ ।

माथिका अभिलेख तथा ग्रन्थहरूको अध्ययन गर्दा राजा निर्भयदेवदेखि राजा लक्ष्मीकाम देवसम्म शासनकाल ने० सं० १२५ देखि ने० सं० १५९ सम्म जम्मा ३४ वर्षसम्म शासन पूरा गरेको कुरा निम्न तालिकाबाट स्पष्ट हुन्छ :—

१–ने० सं० १२५ (वि० सं० १०६२) वैशाखमा निर्भयदेवको एकलौटी शासन ।

२–ने० सं० १२८ (वि० सं० १०६५) फागुनमा निर्भयदेव र रुद्रदेवको संयुक्त शासन ।

३–ने० सं० १३१ (वि० सं० १०६८) ज्येष्ठमा भोजदेवको एकलौटी शासन ।

४–ने० सं० १३२ (वि० सं० १०६९) आषाढ़मा रुद्रदेवको र भोजदेवको संयुक्त शासन ।

५–ने० सं० १३५ (वि० सं० १०७२) चैत्रमा रुद्रदेव, भोजदेव र लक्ष्मी कामदेवको संयुक्त शासन ।

६–ने० सं० १४४ (वि० सं० १०८१) श्रावणमा लक्ष्मी कामदेवको एकलौटी शासन ।

७–ने० सं० १४५ (वि० सं० १०८२)-मा लक्ष्मी कामदेवको नै एकलौटी शासन ।

८–ने० सं० १४७ (वि० सं० १०८४)-मा पनि लक्ष्मी कामदेवको एकलौटी शासन ।

९–ने० सं० १५९ (वि० सं० १०९६)-मा भादगाउँमा लडाइँ भैरहेको बेलामा लक्ष्मी कामदेवको एकलौटी शासन ।

कुनै-कुनै वंशावलीमा लक्ष्मी कामदेवलाई जय कामदेव नाउँ दिइएको छ । वंशावलीमा लक्ष्मी कामदेवलाई निःसन्तान राजामा स्थान दिइएको छ । नेपालमा यिनको शासन टुटेपछि नुवाकोटे ठकुरीहरूको हातमा शासन पर्न गई लिच्छवी शासनको अन्त भई यहाँपछि नुवाकोटे ठकुरीहरूको शुरुआत भई नयाँ वंशको क्रम उल्लेख गरिएको छ ।

लिच्छवीकालीन अवस्था

राजनैतिक अवस्था :

नेपालको लिच्छवीकालीन राजनैतिक अवस्थालाई स्वर्ण युग अथवा नेपालको जागरण युग मान्दछन् । हुन त तत्कालीन अवस्था बुझ्न इतिहास नै अस्पष्ट भई ठूलो समस्या बनेको छ । कारण तत्कालीन अवस्थाका जतिका साधनहरू उपलब्ध छन्, त्यतिले पूर्ण इतिहास यस्तै हो भनेर ठोकेर कलम चलाउने कोही इतिहासकार निस्केका छैनन् । राजनैतिक दृष्टिकोणबाट लिच्छवी कालको अध्ययन गरेको खण्डमा यो युगमा राजतन्त्रको प्रभुसत्ता नै देखिन्छ । राजाको पद अक्सर गरेर वंशानुगत नै भएको पाइन्छ । भनाइको तात्पर्य यो हो कि बाबुको शेषपछि जेठा छोराको र छोरा नभए धर्मपुत्रको, सो पनि नभएको भए मात्र भाइहरूको राज्यको अधिकारको हकदारको रोल चल्दथ्यो । प्राप्त शिलालेखहरू तथा अभिलेखहरूबाट यो विदित हुन्छ कि शासन-प्रणाली अथवा शासनको कार्यपालिका पंचायती पद्धतिबाट लक्षित भए तापनि शासन व्यवस्थामाथि राजाको पूरा नियन्त्रण भएको हुन्थ्यो । राज्यमा शान्ति-सुव्यवस्था कायम राख्ने कार्य नै राजाको वैधानिक परम कर्तव्य हुन्थ्यो । इतिहासको क्रममा लिच्छवी राज्यमा द्वैध अथवा त्रय शासन पनि भएको थियो भन्ने विष्णुगुप्त र भीमार्जुन देव तथा भोजदेव, रुद्रदेव र लक्ष्मी कामदेवको राज्यकालका प्राप्त अभिलेखहरूबाट देखिन आउँछ तापनि राज्यमा प्रजागणमा असन्तोष भएको

देखिदैन । शिलालेख तथा ग्रन्थहरुको अध्ययनबाट यो प्रष्ट विदित हुन आउँछ कि तत्कालीन अवस्थामा राजाहरू सदैव प्रजालाई खुशी पार्न र प्रजाको आर्थिक अवस्थाको स्रोत सुधार्न अनेक राजकीय करको झमेलाबाट प्रजालाई मुक्त गराएका थिए ।

लिच्छवी कालमा दूरदर्शी राजाहरूले आफूले जितेका राज्यलाई बसौनी कर मात्र असूल गरी त्यहाँका सामन्तहरूको हातमा नै सम्पूर्ण राज्य सुम्पी आफ्ना अधीनवर्ती तुल्याइराखेको कुरा चाँगुको मानदेव प्रथमको अभिलेखबाट विदित हुन्छ । अर्को कुरा तत्कालीन अवस्थामा नै यस्ता राजाहरू पनि देखा पर्दछन् कि आफूले जित्न नसक्ने राजाहरूसँग ती राजाहरूले वैवाहिक सम्बन्ध स्थापित गरेर भए पनि आफ्नो राजनैतिक अवस्था बलियो पारेका थिए । तत्कालीन अवस्थामा धेरैजसो जाति अथवा खलकले शासन गरेका थिए । ती हुन्–लिच्छवी ठकुरी, वैश्य ठकुरी, गुप्तहरू र सोमवंशी आदि । यिनीहरूले आ-आफ्नो शिलालेखहरूमा सामन्त, महासामन्त, महादण्डनायक, महाप्रतिहार तथा भट्टारक महाराजाधिराज आदि उच्च राजकीय पदका उपाधिहरूका प्रशस्तिले विभूषित भई ग्रहण पनि गरेका थिए ।

राज्य तथा देशको आर्थिक अवस्था :

लिच्छवी कालमा देशको आर्थिक अवस्था बड़ो राम्रो भएको लक्षित हुन्छ । तत्कालीन अवस्थाको राज्यको आम्दानीको स्रोत नै मुख्यत: कर थियो । छिमेकी देशहरूसँग विदेशी मालहरू पैठारी भएका र स्वदेशबाट विदेशमा नेपाली कस्तूरी, ऊन, चँवर, जड़ी-बूटी आदि सामानहरू निकासी गरेर भंसार कर असूल गरी लिने प्रथाले देशमा विकास गर्न बाटो खुलेको र विकास भएको विदित हुन्छ । अर्को अधीनस्थ सामन्तहरूसँग हर्जानाको रूपमा अर्थ असूल गरी लिनु र भेटी लिनु आदिबाट पनि देशको आर्थिक अवस्था सुधार गरिएको पनि इतिहासबाट देखा पर्न आउँछ । आफ्नै देशका प्रजालाई पनि सम्झाई-बुझाई ज्यादा मर्का पर्ने ठहरेकालाई करबाट मुक्त गराइदिने व्यवस्थाले गर्दा थोरै कर तिर्ने प्रजाहरूमा त्यतिको असन्तोष नदेखिएकोले तत्कालीन अवस्थामा करको यस्तो व्यवस्था भएको लक्षित हुन्छ । तत्कालीन अवस्थामा कृषकहरूलाई पनि कृषि-करको व्यवस्था भएको अभिलेखहरूबाट बोध हुन आउँछ ।

लिच्छवी कालको राजनैतिक, आर्थिक, सामाजिक र धार्मिक आदि व्यवस्थाहरू सबै गहिरिएर अध्ययन गरेमा तत्कालीन अवस्थाका जनता ठूलो उन्नत अवस्थामा पुगेको विदित हुन्छ । त्यस बेला प्रजागण धन-धान्यले समृद्ध भई सुखी अवस्थामा सुसम्पन्न थिए भनी अभिलेख, इतिहास तथा वंशावली आदिले उल्लेख गरेका छन्,

जो उचित भएर यो कुरा सत्यको नगीच पुगेको थियो भन्ने लक्षित हुन आउँछ। तत्कालीन अवस्थामा यातायातमा आजको जस्तो विकास नभए तापनि दुर्गम पहाडी क्षेत्रबाट अर्को क्षेत्रमा जान अथवा घुम-फिर गरी डुल्न पूर्ण स्वतन्त्रता थियो, जसले गर्दा व्यापारमा निकै उन्नति भएको थियो भन्ने कुरा बोध हुन आउँछ। शारीरिक शक्तिले नभ्याएका चीज-वस्तुहरूमा घोडा, खच्चर र ऊँट द्वारा यातायातको प्रबन्ध मिलाई देशको व्यापारमा आदान-प्रदान भई समृद्ध अवस्थामा पुगेको थियो भन्ने अभिलेखहरूबाट बोध हुन आउँछ। त्यस बेला शासक र प्रजामा अक्सर गरेर धार्मिक सहिष्णुताको भावना व्याप्त भएकोले देशमा उन्नति भई विकास भएको थियो। साँचै भन्ने हो भने तत्कालीन अवस्थामा कुनै देशसँग वैवाहिक सम्बन्ध, कुनै देशसँग आफ्नो प्रभुसत्ताले गर्दा प्रजालाई त्यतिको असुविधा नभएको महसूस हुन्छ। लेन-देनको कारोबारमा आफूसँग भएको चीज-वस्तुहरू अरू-लाई दिई अरूसँग भएका चीज-वस्तुहरू पनि आफूले लिई साटासाट गरेर व्यावहारिक चलनचलती भए तापनि यसलाई खुकुलो पार्न देशमा सुवर्ण अथवा चाँदीका मुद्राहरू चलनचल्तीमा ल्याई सुविधा पारेका कुरा मानदेवको मनाङ्क र गणदेवको गुनाङ्क नामको मुद्राले अवगत गराउँछ। त्यस बेलाका शासक वर्ग तथा प्रजागणमा आफ्नो देशमा देव मन्दिरहरू निर्माण गरेर देवी-देवताहरू स्थापना गर्नु; चैत्य, विहारहरू स्थापना गर्नु; देशमा महल र सडकमा ढुङ्गा बिछाई सुन्दर पार्नु आदि सबैमा जागृति भई ठूलो रुचि तथा उत्सुकता भएको लक्षित हुन्छ। देव मन्दिरमा छाना तथा गजुरमा सुनले ढाकेका हुन्थे। तत्कालीन अवस्थामा देशका गुणी विद्वान्-हरूको ठूलो स्वागत-सत्कार गर्ने प्रथाले गर्दा राजदरबार हमेशा गुञ्जायमान भैरहने र साथै राजाहरू विद्वान्हरूको पनि सत्संगतले स्वतः आफू ठूला विद्वान् वा गणितज्ञ हुन्थे। राजाहरू राजदरबारमा भेला हुने बेलामा मन्त्रीगण तथा प्रजागणको अगाडि अकसर गरेर बहुमूल्य रत्न तथा सुवर्णले शरीर सिंगारी राम्रो-राम्रो वस्त्र लगाएर शामेल हुने गर्दथे। माथिका कुराहरू गहिरिएर अध्ययन गरेको खण्डमा लिच्छवी राजा र प्रजाहरू साधारण अवस्थादेखि लिएर प्रत्येक कुरामा बडो सन्तोषजनक देखिएकोले नेपालको इतिहासमा लिच्छवी काललाई बडो महत्त्वपूर्ण स्थान दिइएको कुरा साबित हुन आउँछ। अथवा तत्कालीन अवस्थामा राजा र प्रजा धन-धान्यले समृद्ध भई राष्ट्रको बलियो जग खड़ा भएको बोध हुन्छ। तसर्थ लिच्छवी काललाई नेपालको सर्वप्रथम जागरण युग मानिएको छ।

सामाजिक अवस्था :

तत्कालीन लिच्छवी समयमा सामाजिक व्यवस्था धर्मको आधारमा व्यवस्थित भएको सम्भावना स्पष्ट देखिन्छ। हिन्दू समाजको मुख्य लक्ष्य नै वेद, पुराण, रामायण,

महाभारत आदि प्रचलित ग्रन्थहरू नै हुन् भन्ने कुरा साक्षी छ । त्यस बेला वर्णाश्रम व्यवस्थाले समाजमा ऊँचा-नीचा त्यतिको प्रभाव नभएको बुझिन्छ । वैवाहिक, व्यावसायिक र खान-पानको दृष्टिले हेर्दा त्यस वेला सामाजिक एकरूपतामा बाँडिको बोध हुन्छ । अतः त्यस बेलाको सामाजिक व्यवस्था पूर्ण रूपले हिन्दू धर्म, हिन्दू संस्कृतिको आधारमा व्यवस्थित भएको स्पष्ट देखिन्छ । भनाइको तात्पर्य यो हो कि तत्कालीन नेपालमा विभिन्न जाति विभिन्न कार्यक्षेत्रमा बाँडिए तापनि आपसमा साम्प्रदायिक भावनाले प्रेरित नभएकोले धेरैजसो जात्रा तथा चाडबाडहरू मिलीजुलीकन राष्ट्रको संस्कृति सफल बनाउन सामाजिक व्यवस्था लुब्ध भएर राष्ट्रिय भावनाको विकास भएको विदित हुन्छ । यस समय कुटुम्ब नियमानुसार पिताको मृत्युपछि जेठा छोरा नै पारिवारिक मालिक हुन्थ्यो । आमाबाबु नै सन्तानको भाग्य-निर्माता हुन्थे । विवाह भएपछि माइतमा छोरीको केही अधिकार हुँदैनथ्यो । पिताको मृत्यु भएमा काज-क्रिया गर्ने अभिभारा जेठा छोराको नै हुन्छ । तर आमाले भने कान्छा छोरालाई ज्यादा प्रेम र माया गर्ने भएकोले आमाको मृत्युमा काज-क्रिया र पिण्डको कर्मकाण्ड इत्यादि कान्छा छोराले गरे पनि बाधा पर्दैन भनी कान्छा छोरालाई अधिकार दिइराखेको कुरा अवगत हुन आउँछ । तर विधवा-विवाह, सती प्रथा देशमा कहाँसम्म प्रचलित भएको थियो, तत्कालीन समयको अभिलेखहरूमा उतिको उल्लेख नभएकोले अध्ययन गर्नु बाँकी नै छ । तर एउटा दुःखको कुरा यो छ कि उस बेला नारीलाई पुरुषले थिची स्त्रीहरूलाई स्वतन्त्रताबाट अलग राखेर पुरुषउपर भाव-भक्ति अर्पण गरी देवता मान्नुपर्ने स्थिति थियो । यो एउटा कुरा छोड़ेर तत्कालीन सामाजिक अवस्था धेरै नै उन्नत अवस्थामा थियो ।

धार्मिक अवस्था :

लिच्छवी कालमा राजाहरू अक्सर गरेर हिन्दू संस्कृतिको धर्मानुसार हिन्दू धर्मानुयायी र बौद्ध धर्मानुयायी भई दुवै धर्मका साथसाथै समान रूपले मान्यता प्रदान गरिराखेको कुरा अवगत हुन आउँछ तापनि प्रजाहरूको धार्मिक सहिष्णुता-बमोजिम राजाहरू पनि हरेक धर्मका अनुयायी भई प्रत्येक धर्मलाई आफूले सकेको सेवा प्रदान गरी सहायता गरेका थिए भन्ने अभिलेखहरूबाट बोध हुन आउँछ । तसर्थ प्रजाहरूले एकै देशमा बौद्ध मठ स्थापना गर्नु र हिन्दू देवी-देवताहरूको मूर्ति स्थापना गर्नु र मन्दिरहरू निर्माण भएकोले देशको प्राकृतिक दृश्य सुन्दर भई देश विकास भएको लक्षित हुन आउँछ । यति मात्र होइन कि हरेक प्रचलित धर्ममा रोकटोक नभई राजाबाट नै हर प्रकारको सहयोग प्रदान गरी धार्मिक कार्यलाई उन्नत अवस्थामा पुऱ्याएको कुरा विदित हुन्छ । त्यस बखत शक्तिको उपासना ज्यादा

बढ्दै गएर देवी-देवताहरूको दर्शन पाउनु र देवी-देवताबाट आशीर्वादरूपी निर्देशन पाउनु मामूली भई प्रत्येक धर्मकै आधारमा राष्ट्र समृद्धिशाली भएर अत्यन्त विकसित अवस्थामा पुगेको कुरा बोध हुन्छ। अभिलेखहरूको अध्ययनबाट वैदिक देवता इन्द्र, वरुण, मरुत, सूर्य, चन्द्र, ब्रह्मा, विष्णु, उमा-महेश्वर आदि मूर्तिहरूको ठूलो विकास भई निर्माण कार्य तीव्र गतिले चलेको कुरा औंल्याउन सकिन्छ। तसर्थ तत्कालीन वैष्णव मत, शैव मत र बौद्ध मत र सबैको साथसाथै समान रूपले आ-आफ्नो क्षेत्रमा विकसित भएको तथ्य बोध हुन आउँछ। अभिलेखहरूको खोजीमा राजाहरूले धार्मिक कार्यमा प्रेरित भएर आफ्नो अधीनवर्ती क्षेत्र गाउँलाई नै देवताको लागि दानको रूपमा अर्पण गरेका कुरा शिवदेव द्वितीयका अभिलेखबाट देखिन आउँछ। अतः तत्कालीन अवस्थामा धार्मिक आस्था कहाँसम्म राजा-प्रजाना प्रेरित थियो भन्ने प्रष्ट्याउन सकिन्छ।

न्याय व्यवस्था :

तत्कालीन अवस्थाका अभिलेखहरूमा उल्लेख भएअनुसार जनताले पूर्ण न्याय पाऊन्, कसैमाथि अन्याय हुन नपाओस् भन्ने अभिप्रायले राजाद्वारा न्याय-व्यवस्था सुदृढ पार्न ठूलो जमर्को गरेको कुरा विदित हुन्छ, तर त्यस कालमा राजाले आफूलाई देवताको अवतारजस्तै सम्झेर धर्मकै आधारमा जनतालाई न्याय दिलाउन अत्यन्त चिन्तित भइरहन्थे। जनताले पूर्ण न्याय पाऊन्, कसैमाथि अन्याय हुन नपाओस् भनेर राजाबाट यो भइरहन्थ्यो कि राजाको आज्ञा नमान्ने व्यक्तिलाई ठूलो अपराधी मानी राजद्रोहीको संज्ञा दिने गर्दथे। अर्काकी स्वास्नीलाई हत्या गर्ने वा अर्काकी स्वास्नी हरण गर्ने वा बलात्कार गर्ने र अर्काको धन-सम्पत्ति चोरी गर्ने अपराधी व्यक्तिहरूको सबै धन-सम्पत्ति नै जफत गराई सो जफत भएको धन-सम्पत्ति राजाको नै सम्पत्ति हुने व्यवस्था भएको तथ्य पनि अवगत हुन आउँछ। यो कुरा भीमार्जुन देव र विष्णुगुप्तको यंगाहिटी, लगनटोलको अभिलेखबाट प्रमाणित हुन आउँछ।

शिक्षा, साहित्य तथा कला :

लिच्छवी कालका अभिलेखहरू, देवताका मूर्तिका अभिलेखहरू, इतिहासका ग्रंथहरू र वंशावलीहरू आदि अध्ययन गरेमा तत्कालीन अवस्थामा संस्कृत भाषाको प्रधानता देखिन आउँछ। त्यो संस्कृत भाषामा ठूलो उन्नति भई स्थानीय भाषा भएकोले जन-साधारणले ठूलो रुचि र आदर गर्दै यसलाई देवभाषा भनी मान्दथे। त्यस भाषाको साहित्यिक छन्द र विश्लेषण आदि यतिका चाखिला छन् कि संसारका

यावत् भाषा-भाषीहरूले अनुकरण गर्दै यसलाई सर्वश्रेष्ठ भाषामा शामेल गरेको स्वतः विदित हुन्छ। तत्कालीन अवस्थामा आजको जस्तो शिक्षालय, दीक्षालय, विद्यालय, पुस्तकालय नभए तापनि मानिसहरू कतिका विद्वान् रहेछन् भन्ने यस भाषाको लेखनीबाट नै अवगत हुन आउँन्छ। त्यस बेला आजको जस्तो टोल-टोलमा, ठाउँ-ठाउँमा स्कूल खोलिराखेको नभए तापनि विद्वान्-पण्डितहरूको घर-घरमा बिनाशुल्क पढाइ हुन्थ्यो। यिनै विद्वान् पण्डितहरूको सत्संगत र निर्देशनमा शिक्षा हासिल गरेर ठूल-ठूला चमत्कारी विद्वान् भई देशका राजभक्त भई निस्केका कुरा ग्रन्थहरूबाट अवगत हुन्छ। राजदरबारमा यिनै विद्वान्हरूको प्रवेशले गर्दा तत्कालीन राजाहरू स्वतः विद्वान् नै हुन्थे। यस कालमा अक्सर गरेर गणित विद्या र ज्योतिष विद्या ठूलो उन्नतिको शिखरमा पुगेर पण्डित-ब्राह्मणहरूको ठूलो आदर भएको विदित हुन आउँछ। यस कालमा राजाहरूको तर्फबाट कुनै न-कुनै गाउँमा जमीन दिईकन विद्वान् ब्राह्मणहरूलाई अध्यापनको निमित्त आदर गर्ने चलन थियो। यो दानको रूपमा दिएको जमीनको आम्दानीबाट शिक्षकहरूले आफ्नो जीविका चलाउने र छात्रहरू पनि पढाइको शिक्षाबाट देशको विकास कार्यमा लागेका अभिलेखहरू प्रशस्त पाइन्छन्। यस प्रकार दानको रूपमा दिइएको गाउँको जमीनलाई अग्रहार नाउँ दिएको अभिलेखबाट विदित गर्न सकिन्छ।

यस कालमा वास्तु-कला चरम उन्नत अवस्थामा पुगेको कुरा मानदेवले निर्माण गर्न लगाएका मानगृह, अंशुवर्माको कैलाशकूट भवन र नरेन्द्र देवको भद्राधिवास भवनका कला र कृति तथा देव मन्दिरहरू आदिमा भएका मूर्तिहरू आदिको बयान नै उदाहरणको रूपमा खडा भएका छन्। अथवा अहिलेसम्म प्राप्त देवी-देवताका मूर्तिको उत्खनन्को अध्ययन गर्दा तत्कालीन अवस्थामा कला कहाँसम्म फस्टाएको थियो भन्ने प्रस्ट्याउन सकिन्छ। त्यस बखतको मलिलो माटोद्वारा निर्मित ईंटा र रूखको काठमा कोरिएको कला र ढुङ्गामा कोरिएका मूर्ति पनि अहिलेसम्म केही मात्रामा प्राप्त छन् र त्यसको अध्ययनबाट तत्कालीन अवस्था एकदम समृद्ध अवस्थामा भएको अनुमान लगाउन सकिन्छ। तसर्थ यस युगलाई वास्तु कलाको चरम उन्नतिको युग मान्न कर लाग्छ। अतः लिच्छवी कालका कला, साहित्य, शिक्षा, ग्रन्थहरू तथा राजनैतिक, सामाजिक, आर्थिक र धार्मिक अवस्थाका साथै उस बेलादेखि प्रचलित जात्राहरू र चाडबाड-पर्वहरू आदि अध्ययन गर्दा यो युग अत्यन्त समृद्ध भई उन्नत अवस्थामा पुगेको कुरा विदित भई त्यस युगलाई सुवर्ण युग भन्न हामीलाई बाध्य हुनुपर्छ।

तत्कालीन अवस्थामा मनोरञ्जनको लागि आजको जस्तो नाटक, सिनेमा नभए तापनि कसरतको लागि पहलमानी युद्ध र साँढेको जुधाईमा ठूलो शोख भई लोकप्रिय

भएका राजा नरेन्द्र देवको अनन्त लिङ्गेश्वरको र भीमार्जुन देव तथा विष्णुगुप्तको थानकोटको अभिलेखहरूमा यो युद्धमा लागेको कर माफी गराएका आदि अध्ययन-बाट विदित गर्न सकिन्छ । अथवा संक्षेपमा भन्ने हो भने तत्कालीन अवस्थामा देशमा विकसित प्रशासन, धार्मिक जागरण, साहित्यिक प्रगति, कलामा उन्नत अवस्था आदि विकसित भएको बोध हुन्छ । यही लिच्छवी कालको व्यवस्था सुदृढ पार्न संगठित रूपमा गोष्ठी र गुठीहरूको बर-बन्दोबस्तले गर्दा प्रत्येक संघ-संस्था अत्यन्त नै उन्नत अवस्थामा भएको तथ्य हामी पाउँछौं ।

परिशिष्ट

(अभिलेखका सूचीहरू)

मानदेव प्रथम :

१. श्री चांगुनारायण स्तम्भ, संवत् ३८६
२. लाजिम्पाट त्रिविक्रम मूर्ति, संवत् ३८९
३. तिलगङ्गा त्रिविक्रम मूर्ति, संवत् ३८९
४. लाजिम्पाट शिवलिङ्ग अभिलेख संवत् ३९०
५. बूढानीलकण्ठ शिवलिङ्ग, संवत् ३९६
६. टेबहाल सूर्य मूर्ति अभिलेख, संवत् ४०२
७. पशुपति मन्दिरको जलहरी अभिलेख, संवत् ४१३
८. टुकुचा शिवलिङ्गको अभिलेख, संवत् ४१९
९. पलाञ्चोक भगवतीको अभिलेख, संवत् ४२५
१०. पाटाटोल, देउपाटनको अभिलेख, संवत् ३९९
११. चांगुनारायणको अभिलेख, संवत् ४२७
१२. सूर्यघाट शिवलिङ्गको अभिलेख, संवत् ४२७
१३. धोपाटन, शिवलिङ्गको अभिलेख, संवत् भग्न
१४. केलटोलको अभिलेख, संवत् भग्न
१५. सिम्भूको अभिलेख, संवत् भग्न ।

वसन्तदेव :

१. बहालुखा टोल पाटन, संवत् ४२५
२. आदित्यनारायण, थानकोट, संवत् ४२८
३. सितापाइला, संवत् ४३०
४. नगनटोल, जैसी, संवत् ४३५
५. किसीपिढी, संवत् भग्न
६. खपिछैं, पाटन, संवत् ४५२
७. खपिस्य, वलम्भू, संवत् ४५४
८. चौकीटार वलम्भू, संवत् ४५४
९. वलम्भू खाचौं, संवत् भग्न ।

मनुदेव :

१. गैह्लीगाउँको अभिलेख, संवत् भग्न ।

वामनदेव :

१. ढुङ्गाहिटी, साँखुकी विष्णुमूर्ति, संवत् ४६२

रामदेव :

१. मृगस्थली, शिवलिङ्गको अभिलेख, संवत् ४६९
२. लगन, काठमाडौं, अवलोकितेश्वर, संवत् भग्न ।

गणदेव :

१. केलटोल, काठमाडौंको अभिलेख, संवत् ४७९
२. ठाडोढुङ्गा, बलम्भूको अभिलेख, संवत् ४८२
३. लुकु महादेव, बलम्भूको अभिलेख, संवत् ४८२
४. कुलाछें टोल, किसीपिढीको अभिलेख, संवत् ४८२
५. किसीपिढीको अभिलेख, संवत् ४८२
६. महालक्ष्मी मन्दिर, बलम्भूको अभिलेख, संवत् ४८२
७. त्यागल टोल, देउपाटनको अभिलेख, संवत् ४८७
८. चपलिगाउँको अभिलेख, संवत् ४८९

शिवदेव (प्रथम) :

१. बुढानीलकण्ठको अभिलेख, संवत् ५१२
२. च्यासल टोल, पाटनको अभिलेख, संवत् ५१५
३. मङ्गल बजार, पाटनको अभिलेख, संवत् ५१६
४. गोलमढी टोल, भादगाउँको अभिलेख, संवत् ५१६
५. टुलाछें टोल, भादगाउँको अभिलेख, सं० ५१७
६. धरमपुरको अभिलेख, सं० ५१७
७. बुढानीलकण्ठको अभिलेख, सं० ५१७
८. सतुङ्गलको अभिलेख, सं० ५१९
९. टोखाको अभिलेख, सं० ५१९
१०. धरमपुरको अभिलेख, सं० ५२०
११. खोपासी, भ० पु० ई० को अभिलेख, संवत् ५२०
१२. लेले, पाटनको अभिलेख, सं० ५२६
१३. घापासीको अभिलेख, सं० ५२६
१४. वज्रवाराही, चापागाउँको अभिलेख, सं० भग्न
१५. बनेपा, भ० पु० ई० को अभिलेख, सं० भग्न
१६. चाँगुनारायणको अभिलेख, सं० भग्न ।

अंशुवर्मा :

१. बुङ्गमतिको अभिलेख, सं० २९
२. हाँडीगाउँको अभिलेख, सं० ३०
३. हाँडीगाउँको अभिलेख, सं० ३२
४. सांगा, भ० पु० ई० को अभिलेख, सं० ३२
५. सुनधारा, पाटनको अभिलेख, सं० ३४
६. मंसाहिटी, गैह्लीधाराको अभिलेख, सं० ३७
७. द्यौपाटनको अभिलेख, सं० ३९
८. वटुटोल, काठमाडौंको अभिलेख, सं० भग्न
९ लच्छी टोल, किसीपिढीको अभिलेख, सं० भग्न
१०. रानीपोखरी, काठमाडौंको अभिलेख, सं० ४५
११ पशुपति वनकालीको अभिलेख, सं० भग्न
१२. भण्डारखालको अभिलेख, सं० भग्न
१३ संग्रहालयको अभिलेख, सं० भग्न
१४ टिष्टुङ्गको अभिलेख, सं० भग्न
१५. टिष्टुङ्ग, भटुवलको अभिलेख, सं० भग्न ।

उदयदेव :

१. चितलाङबाट प्राप्त अभिलेख, संवत् ४१ ।

संयुक्त शासन

ध्रुवदेव+जिष्णुगुप्त :

१. छिन्नमस्ता मन्दिरको अभिलेख, सं० ४८
२. मालटार, वलम्भूको अभिलेख, सं० ४९
३. भैरव ढोका, काठमाडौंको अभिलेख, सं० भग्न
४. आदेश्वर मन्दिरको अभिलेख, सं० भग्न
५. केवलपुरको अभिलेख सं० भग्न ।

भीमार्जुन देव+जिष्णुगुप्त :

१. मलखु, वलम्भूको अभिलेख, सं० ५५
२. थानकोट, काठमाडौंको अभिलेख, सं० ५९
३. यंगाहिटी, लगनको अभिलेख, सं० भग्न ।

जिष्णुगुप्त (एकलौटी) :

१. पशुपति, छत्रचन्द्रेश्वरको अभिलेख, सं० भग्न । २. पशुपति, छत्रचन्द्रेश्वरको अभिलेख, सं० भग्न । ३. नीलवाराही, बोडे, भ० पु० ई० को अभिखेख, सं० भग्न ।

भीमार्जुन देव + विष्णुदेव :

१. यंगाहिटी, लगनटोलको अभिलेख, सं० ६४ २. भृगारेश्वर मन्दिर, सुनागुठीको अभिलेख, सं० ६५ ।

नरेन्द्रदेव :

१. लुंझ्या, पाटनको अभिलेख, सं० ६९

२. कैलाश, द्योपाटनको अभिलेख, सं० ६९

३. यंगाहिटी, लगनटोलको अभिलेख, सं० ६९

४. कसाई टोल, द्योपाटनको अभिलेख, सं० ७१

५. नक्साल, जलद्रोणीको अभिलेख, सं० ७८

६. अनन्तलिङ्गेश्वर, भादगाउँको अभिलेख, सं ८०

७. हरिधारा, पाटनको अभिलेख, सं० ८३

८. बटुक भैरव मन्दिर, पाटनको अभिलेख, सं० ८९

९. वलम्भूको अभिलेख, स० ९०

१०. च्यासल टोल, पाटनको अभिलेख, सं० ९५

११. पशुपति, वज्रधरको अभिलेख, सं० १०३

१२. यागँबहाल, पाटनको अभिलेख, सं० १०३

१३. पशुपति, देउपाटनको अभिलेख, सं० ६७

शिवदेव द्वितीय :

१. मुलखु, वलम्भूको अभिलेख, सं० १०९

२. मच्छेन्द्र बहाल, पाटनको अभिलेख, सं० १०९

३. लगनटोल नाला, भ० पु० ई० जलद्रोणी, सं० ११८

४. लगनटोल, काठमाडौंको अभिलेख, सं० ११२

५. भृगारेश्वर मन्दिर, सुनागुठीको अभिलेख, सं० १२५

६. भ० पु० ई० ठिमीको अभिलेख, सं० भग्न

७. नक्साल, का० ई० अभिलेख, सं० भग्न

८. वलम्भू, इन्द्रामति खोलाको अभिलेख, सं० भग्न ।

जयदेव द्वितीय :

१. ब्यासल टोल, पाटनको अभिलेख, सं० १३७
२. मीननाथ मंदिर, पाटनको अभिलेख, सं० १४७
३. पशुपति मन्दिर, देउपाटनको अभिलेख, सं० १५७
४. टुंगाहिटी, पाटनको अभिलेख, सं० भग्न
५. ज्ञानेश्वर, का० ई० को अभिलेख, सं० भग्न ।

मानदेव द्वितीय :

सौगल टोल, पाटन, अवलोकेश्वरको अभिलेख, सं० १८० ।

गणदेव (द्वितीय) :

पाटन, गाबहालको अभिलेख, सं० भग्न ।

बलिराज देव :

ल० पु० ई०, मोतीटारको अभिलेख, सं० २५० ।

बलदेव :

चांगुनारायणको मूल ढोकाको अभिलेख, सं० २७१ ।

मानदेव तृतीय :

सहोदर तन्त्र, ताडपत्रको लेख, सं० ३०१ ।

निर्भयदेव :

भक्तपुर, टौमढी टोल, भैरव स्थानको इनारको ढुङ्गा अभिलेख, ने० सं० १२५, चैत्र शुक्ल त्रयोदशी ।

निर्भयदेव + रुद्रदेव :

प्रज्ञापारिमिता हस्तलिखित ग्रन्थको लेखनी, ने० सं० १२८, फाल्गुण शुक्ल, सोमवार ।

भोजदेव :

प्रज्ञा पारिमिता हस्तलिखित ग्रन्थ (तेजमान शाक्यको संग्रहमा), ने० सं० १३१, ज्येष्ठ शुक्ल द्वितीया, सोमवार ।

रुद्रदेव + भोजदेव :

पाटन, गचानती त्यागल टोलको उमामहेश्वरको अभिलेख, ने० सं० १३२, आषाढ़ शुक्ल त्रयोदशी, बृहस्पतिवार ।

भोजदेव + रुद्रदेव + लक्ष्मीकामदेव (संयुक्त) :

अष्ट सहस्रिका प्रज्ञापारिमिता हस्तलिखित ग्रन्थ, ने० सं० १३५, चैत्र शुक्ल दशमी, बृहस्पतिवार ।

लक्ष्मीकामदेव (एकलौटी) :

१. स्वेहा भगवती तन्त्र हस्तलिखित ग्रन्थ, ने० सं० १४४, श्रावण शुक्ल द्वितीया ।
२. शिवधर्म ग्रन्थ हस्तलिखित ग्रन्थ, ने० सं० १५६, श्रावण शुक्ल द्वादशी (गजाधरसिंहको पाठ गर्ने ग्रन्थ) ।
३. लुब्जिका मत ग्रन्थ हस्तलिखित ग्रन्थ, ने० सं० १५८, (सुहर्ष जीव विश्वकर्मा लिखित) ।
४. सिद्धर्म पुण्डरीका हस्तलिखित ग्रन्थ, ने० सं० १५९, वैशाख शुक्ल तृतीया (हर्षगुप्त शाक्यद्वारा दान-धर्मको लागि लिखित)
५. महाभैरव, हंसयामल तन्त्र, ने० सं०, १५९, वैशाख कृष्ण द्वितीया ।

प्रद्युम्न कामदेव :

१. पाटन, थापाहिटी धाराको सूर्यमूर्तिको अभिलेख, ने० सं० १८५, आषाढ़ शुक्ल त्रयोदशी ।
२. पाटनमा लिखित पञ्चरकसा तंत्र, ने० सं० १८३, चैत्र ११ ।
३. सद्धर्म पुण्डरीका ग्रन्थ, ने० सं० १८५, वैशाख शुक्ल एकादशी ।
४. नाम नभएको हस्तलिखित ग्रन्थ, ने० सं० १८६, माघ कृष्ण द्वादशी ।

खण्ड ७

नुवाकोटे ठकुरी वंश

भास्करदेव :

वंशावलीमा लक्ष्मीकामदेवलाई नि:सन्तानी राजामा स्थान दिइएको छ। यिनले आफू जीवित अवस्थामा ने० सं० १५० मा नै नुवाकोटे ठकुरी वंशका जयदेव अथवा जयकामदेव नाम गरेका अर्के व्यक्तिलाई गोद लिई राज्यको अधिकार प्रदान गरेका थिए। ने० सं० १५९ मा राजा लक्ष्मीकामदेवको मृत्युपछि यिनले पाटनमा राजधानी बनाई त्यहाँबाट नै शासन गरेका थिए। तर यसमा पाटनका भारदारहरूले असन्तोष जाहेर गरी ठूलो विरोध गरेर शासनबाट हटाई जयकामदेवका बदला अर्के नुवाकोटे ठकुरी वंशका भास्करदेवलाई गद्दीमा राखेर राजा तुल्याएको वर्णन वंशावलीले गरेको छ। यो घटना ने०सं० १६५ को थियो। यसरी राजा भास्करदेवलाई आफ्ना सहयोगी भारदारद्वारा मनोनीत गरी जबर्जस्ती सिंहासनमा आसीन गराएका थिए त यिनलाई अर्को वंशावलीले पाटनका एक करद सामन्तको रूपमा चित्रण गरेका छन् तर काठमाडौं वीर पुस्तकालयमा भएको ने० सं० १६७ अंकित नेवारी भाषाको विष्णु धर्म नामक हस्तलिखित ग्रन्थमा यिनको नाउँअगाडि परम भट्टारक महाराजाधिराज परमेश्वरको उपाधि प्रदान गरेका थिए। यसबाट यो अनुमान हुन आउँछ कि यिनले पैतृक राजमुकुट जस्तै राज्य ग्रहण गरेर स्वतन्त्र शासन गरेका थिए। धेरैजसो वंशावलीहरूले यिनले पाटनमा नै बसेर नेपालको शासन गरेका थिए भनी उल्लेख गरेका छन्। यिनले आफ्नो शासन कालमा नौल बिहार र हेमवर्ण विहार (स्वर्णवर्ण बिहार ?) नामका विहारहरू निर्माण गरेको वर्णन छ। तर यिनले सिर्फ ३ वर्ष मात्र राज्य चलाएको अनुमान हुन्छ, तापनि यिनलाई वंशावलीकारहरूले ऐतिहासिक व्यक्तिमा स्थान दिई वैधानिक राजा मानेका छन्।

बलदेव :

राजा भास्करदेवको निधनपछि अथवा यिनको पछि बलदेव नेपालका राजा भएका थिए। वंशावलीअनुसार यिनलाई नुवाकोटे ठकुरी वंशका दोस्रो राजामा स्थान दिएको छ। तर कर्कप्याट्रिक महोदयको वंशावलीमा भने भास्करदेवपछि अर्के उदयदेव नामका राजालाई क्रममा राखिएको छ। धेरैजसो वंशावलीमा नुवाकोटे ठकुरी राजाहरूको क्रममा भास्करदेव, बलदेव, पद्मदेव, नागार्जुन देव र शंकरदेव नाम प्रस्तुत गरेका छन्। वंशावलीकारले बलदेवलाई १२ वर्ष शासनकाल दिएका

छन् । काठमाडौं, वीर पुस्तकालयमा प्राप्त ने० सं० १८० मा 'निश्वासाख्य महातन्त्र' नामक हस्तलिखित ग्रन्थ राजा बलदेवको राज्यकालमा रचना गरेको भन्ने देखिएको छ । यसपछि राजा पद्मकामदेवको समयको ग्रन्थको मिति सं० १८० नै देखिएकोले आखिरी तिथि संवत् यसैलाई मान्नुपर्दछ । वंशावलीकारले यिनको समयमा भादगाउँ र पाटन दुई राज्य भएको देखिएको उल्लेख गर्दै वर्णन गरेका छन्[1] । उनको राज्यकालमा लेखिएका केही ग्रन्थहरू यिनै हुन्—१. अष्ट सहस्रिका प्रगना प्रमिता, ने० सं० १७३, वैशाख शुक्ल षष्ठी; २. ब्रह्मयामल तन्त्र, ने० सं० १७२ माघ शुक्ल । यी माथिका ग्रन्थहरूमा राजाको नाउँ उल्लेख भएको थियो ।

पद्मदेव वा प्रद्युम्नकामदेव :

वंशावलीअनुसार बलदेवपछि पद्मदेवले नेपालको राज्य गरेका थिए । कुनै इतिहास तथा वंशावलीमा उनको नाउँ प्रद्युम्नकामदेव पनि दिइएको छ । पाटन थापाहिटीको अभिलेखमा प्रद्युम्न मात्र लेखिएको छ । वंशावलीकारहरूले यिनको राज्यकाल एघार वर्ष दिएका छन् । यिनको राज्यकालमा रचना गरेको नेपाल संवत् १८५ मा सद्धर्म पुण्डरीका नामक ग्रन्थमा राजा पद्मदेवको नामअगाडि परम भट्टारक महाराजाधिराज भन्ने प्रशस्ति उपाधि जोरिएकोले यिनलाई वैधानिक राजा मानी यिनको शासनकालको शुरू यसैलाई मान्दछन् । यिनको शासनकालमा घटेका कुनै घटना पनि वंशावलीमा उल्लेख भएको पाइँदैन । साथै अभिलेखमा प्रद्युम्न राजाको राज्यकालमा आनन्द स्थापना भएको भन्ने मात्र छ, अरू विवरण चित्रण गरिएको छैन । यिनको राज्यकालमा निर्माण भएको एउटा अभिलेख पाटनको थापाहिटी धारामा सूर्यमूर्तिको अभिलेखमा ने० सं० १८५, आषाढ़ शुक्ल त्रयोदशी अंकित भएको छ[2] । प्राप्त तीन ग्रन्थहरू यिनको पालामा रचना भएका यिनै हुन् :—

१—पाटनमा रचना भएको पञ्चरकसा तन्त्र, ने० सं १८३, ज्येष्ठ कृष्ण ११;

२—सद्धर्म पुण्डरीका ग्रन्थ, ने० सं० १८५, वैशाख शुक्ल एकादशी;

३—ऐ. ऐ. अर्को हस्तलिखित ग्रन्थ, ने० सं० १८६, माघ कृष्ण द्वादशी ।

नागार्जुन देव :

पद्मदेव अथवा प्रद्युम्न कामदेवपछि नेपालमा नागार्जुन देव राजा भएका थिए । वंशावलीकारले यिनको २-३ वर्षको मात्र छोटो शासनकालको वर्णन गरेका छन् ।

---

१. हेर्नुहोला श्री डी० आर० रेग्मी लिखित 'मेडियभल नेपाल' को पृष्ठ १३० ।

२. पाटन, थापाहिटीको जलद्रोणीको अभिलेख :—"पञ्चसिरि नियुक्तते भत्सरे सतम् प्रपेषु शममूल दिस्य युतविश्च धवलेश्रद्ध त्रयोदस्यापि श्री पद्यम्न महिपतेश्च शुखभद्रजां प्रतिस्थापित तत्श्रयं भरेनस प्रति कृति रत्न करेष्माने (आषाढ़ शुक्ल त्रयोदशी १८५)

यिनी छोटो शासनकर्तामा गनिए तापनि इतिहासकारहरूले ठूलो स्थान दिएका छन्। काठमाडौंको पश्चिम-उत्तरमा स्थित पर्वत यिनैको नाउँबाट नामकरण भए तापनि वंशावलीकारहरूले यिनको कार्य र राजनैतिक गतिविधि भने बयान गरेको देखिँदैन। यिनको पालामा रचना भएका ग्रन्थहरू तथा अभिलेखहरू प्राप्त गर्न सकिएको छैन।

लक्ष्मीकामदेवदेखि नागार्जुनदेवसम्मका राज्यकालको विवरण[1]

१. लक्ष्मीकामदेवको राज्यकाल	ने०सं०१३८देखि	ने०सं०१५९ सम्म	जम्मा २१	वर्ष
२. जयदेवको ,,	,, १५९ देखि	,, १६५ सम्म	जम्मा ६	,,
३. भास्करदेवको ,,	,, १६५ देखि	,, १६८ सम्म	जम्मा ३	,,
४. बलदेवको ,,	,, १६८ देखि	,, १८० सम्म	जम्मा १२	,,
५. प्रद्युम्न कामदेवको ,,	,, १८० देखि	,, १८६ सम्म	जम्मा ६	,,
६. नागार्जुनदेवका ,,	,, १८६ देखि	,, १८९ सम्म	जम्मा ३	,,

शंकरदेव :

पद्मदेवको राज्यकालमा शंकरदेवले कमाण्डर-इन-चीफजस्तै उच्च पदवी ग्रहण गरी राज्यको संचालन गरेका थिए। नागार्जुन देवको शेषपछि शंकरदेव नेपालको राजा नै भएका थिए। वंशावलीमा यिनलाई नुवाकोटे ठकुरी वंशका अन्तिम राजा मानिएको छ। यिनले पनि पाटनमा नै बसेर राज्यको संचालन गरेका थिए। वंशावलीकारहरूले यिनको राज्यकाल १७ वर्षको समय प्रस्तुत गरेका छन्। यिनको शासनकालमा रचना गरेका पाँचवटा हस्तलिखित ग्रन्थ प्राप्त भएका छन्। त्यसको रचना काल नेपाल संवत् १८९, १९२, १९८ र २०२ क्रमशः हुन्। यी पाँचवटा ग्रन्थहरूको नाम पनि क्रमशः यिनै हुन्—धर्म पत्रिका, अष्ट सहस्रिका, बोधि धर्मावतार, बोधिचार्य भटर पुञ्जिका, र सद्धर्म पुण्डरीका। यी ग्रन्थहरूको तिथि-मितिको आधारमा राजा शंकरदेवले ने० सं० १८९ देखि ने० सं० २०२ सम्म जम्मा १३ वर्ष राज्य चलाएको प्रमाणित हुन आएको छ। वंशावलीमा यिनको राज्यकालमा कीर्तिपुर र मातातीर्थको बीचमा भएको झुल नाम गरेको गाउँ आगो लागेर नष्ट भएको घटना वर्णन गरिएको छ। यिनले उक्त झुल नाम गरेको गाउँलाई पहिलाको अवस्थामा तुरन्त निर्माण गर्न लगाई कीर्ति फैलिएको कुरा वंशावलीले वर्णन गरेको छ। वंशावलीकारले यिनलाई निर्माण गर्ने कार्यमा प्रख्यात व्यक्ति भनी ठूलो स्थान दिइराखेको छ। श्री नन्दिकेश्वर वा शान्तेश्वर महादेवको ठूलो मन्दिर यिनैको राज्यकालमा निर्माण भई तयार भएको थियो। यो मन्दिर पशुपति जाने बाटोमा हाल उत्तरतर्फ अवस्थित छ। श्री नवसागर भगवतीको वार्षिक जात्रा चलाउने श्रेय पनि यिनैलाई दिइएको छ।

१. हेर्नुहोला, श्री डी० आर० रेग्मीज्यूको 'मेडियभल नेपाल', पृष्ठ १३३।

ग्रन्थ तथा अभिलेखहरूको खोजीमा नुवाकोटे ठकुरी वंशका प्रथम राजा भास्करदेव-देखि अन्तिम राजा शंकरदेवसम्मका प्राप्त ग्रन्थ तथा अभिलेखहरूको काल मिति विचार गर्दा ने० सं० १६७ देखि ने० सं० २०२ सम्म जम्मा ३५ वर्ष मात्र देखिन आउँछ। यहाँपछि नुवाकोटे ठकुरी वंश टुटेर अंशुवर्माका सन्तानहरूको हातमा नेपालको शासन पर्न गएको कुरा वंशावलीमा वर्णन गरिएको छ। राजा शंकरदेवको पालामा रचना भएका ग्रन्थहरूका मितिहरू यस प्रकार छन् :—

१—धर्मपत्रिका ग्रन्थ, ने० संवत् १८९; आषाढ़ शुक्ल तृतीया; २—अष्ट सहस्रिका ग्रन्थ, ने० संवत् १८९, भाद्र; ३—अष्ट सहस्रिका प्रजन परिमित, ने० संवत १९१, माघ शुक्ल दशमी; ४—बोधिचार्य भार पञ्जिका, ने० संवत् १९२, श्रावण कृष्ण पञ्चमी र ५—सद्धर्म पुण्डरीका ग्रन्थ, ने० सं० २०२, चैत्र शुक्ल।

वामनदेव :

वंशावलीमा वामनवेवलाई अंशुवर्माका सन्तान भनेर वर्णन गरिएको छ। वामनदेवले नेपाल उपत्यकाको पाटनबाट राज्य संचालन गरेको र नुवाकोटे वैश्य ठकुरी राजा शंकरदेवलाई पदच्युत गरी आफूलाई राजा घोषित गरेका थिए। यिनले त्यहाँका सामन्त तथा भारादारहरू सबैलाई पनि पराजित गरी आफ्ना पक्षमा मिलाएका थिए। इतिहास तथा वंशावलीकारहरूले अंशुवर्मालाई सूर्यवंशी ठकुरी वंशका स्तम्भ ठह्-याएका थिए तर अंशुवर्मापछिका राजाहरूले भने यिनलाई लिच्छवी कुलका प्रमाणित गरी अभिलेखहरू स्थापना गर्न लगाएका थिए। परन्तु वामनदेवदेखि प्रारम्भ हुने नयाँ वंशका राजाहरूको नामसंग लिच्छवी शब्द नजोडी सिर्फ अंशुवर्माका सन्तानका वंशज सूर्यवंशी ठकुरी शब्द मात्र जोड्नु आश्चर्यको कुरा छ। वंशावलीमा वामनदेवलाई एक पराक्रमी वीर योद्धाको रूपमा चित्रण गरेका छन्। राजा वामनदेवसम्बन्धी थोरै विवरण "शेष निर्देश प्रज्ञिका" नामक हस्तलिखित ग्रन्थको रचना काल ने० सं० २०० दिई उल्लेख गरेका छन्। यसबाट राजा वामनदेवको शासनको शुरू मिति यसैलाई मान्नुपर्ने हुन आउँछ। माथि सं० २०२ को सद्धर्म पुण्डरीका भन्ने हस्तलिखित ग्रन्थमा राजा शंकरदेवको शासनकालमा रचना गरेको भन्ने उल्लेख विचारणीय हुन आई यसको एक-दुई वर्षअगाडि नै राज्यमा हात हाल्न पुगेका थिए भन्ने अनुमान हुन आउँछ। तर वंशावलीमा राजा वामनदेवले दुई-तीन वर्ष सिवाय राज्य गर्न नपाई यिनको मृत्यु भएको उल्लेख भएको छ।

हर्षदेव :

राजा वामनदेवको मृत्युपछि हर्षदेव राजसिंहासनमा आसीन भएका थिए। यिनको शासनकालको प्रारम्भदेखि अन्त्यसम्म लेखिएका ग्रन्थहरूमध्ये अहिले पाँचवटा ग्रन्थ मात्र प्राप्त भएका थिए। ती प्राप्त हस्तलिखित ग्रन्थहरूमध्ये एउटा ग्रन्थमा

ने० सं० २१९ तोकिएको छ। प्राप्त पाँचवटा हस्तलिखित ग्रन्थहरूमा अन्तिम तिथि ने० सं० २१९ उल्लेख छ। इतिहासकारहरूले यसलाई आखिरी मानेर शासनकालको अन्तिम समय मानेका छन्। वंशावलीमा त यिनको राज्यकाल र यिनको समयमा घटेका घटनाहरू केही उल्लेख गरेको भेटिँदैन। इतिहासमा यिनको मृत्यु ने० सं० २१९ मा नै भएको उल्लेख छ। यसबाट यो बुझिन आउँछ कि यिनको शासनकाल १४-१५ वर्ष मात्र थियो। यिनको राज्यकालमा रचना भएका प्राप्त पाँचवटा ग्रन्थहरू र मिति यिनै हुन् :—

१—अष्ट सहस्रिका ग्रन्थ, रचनाकाल, ने० सं० २०९; २—विष्णु धर्म ग्रन्थ, रचनाकाल, ने० सं० २१०; ३—कुब्जिका मत ग्रन्थ, रचनाकाल, ने० सं० २१३; ४—सद्धर्म पुण्डरीका ग्रन्थ, रचनाकाल, ने० सं० २१३; ५—भैरवनाथ तन्त्र ग्रन्थ, रचनाकाल, ने० सं० २१९।

शिवदेव तृतीय :

वंशावलीअनुसार हर्षदेवको शेषपछि शिवदेव तृतीय नेपालका राजा भएका थिए। वंशावलीको क्रममा अंशुवर्माका सन्तानहरूमा सूर्यवंशी ठकुरीमा यिनलाई तेस्रो स्थान दिइएको छ। यिनका समयमा रचना गरिएका ३-४ वटा ग्रन्थहरू प्राप्त भएका छन्। त्यसमा ने० सं० २३० देखि ने० सं० २४३ सम्मको तिथि अंकित भएका छन्। स्फिटिका वैद्य नामक हस्तलिखित ग्रन्थमा भने शिवदेव नाम अगाडि महाराजाधिराज परमेश्वर भन्ने उपाधि उल्लेख गरिएको छ। त्यस बेला हस्तलिखित ग्रन्थहरूको रचना गर्दा रचनाकारहरूले तत्कालीन राजाको नाउँ दिई रचना पूर्ण गरेको मिति संवत् अंकित गर्ने चलन थियो। तसर्थ उस बेलाका राजाहरूको इतिहास ग्रन्थहरूद्वारा नै संकलन गरेर तयार पार्ने गरिन्थ्यो। विदेशी इतिहासकार डेनियल राइट महोदयले पनि तत्कालीन अवस्थाका ग्रन्थहरूको आधारमा नै इतिहासमा कलम चलाएका थिए।

प्राप्त वंशावलीमा राजा शिवदेव तृतीयलाई पराक्रमी राजाको रूपमा चित्रण गरिएको छ। यिनले नेपाल राज्यका आसपासका धेरै इलाकाहरू दखल गरेर जितिलिई अधीनवर्ती क्षेत्र तुल्याएका थिए। यिनले त्यसरी जितेका इलाकाहरूबाट धेरै धनहरू ल्याएर देउपाटनका श्री पशुपति मन्दिरलाई दुईतले छाना भत्काउन लगाई तीनतले सुनको छाना हालेर जीर्णोद्धार गराएको कुरा वंशावलीमा उल्लेख भएको पाइन्छ। यिनले ललितपट्टन अथवा ललितपुर र काठमाडौं नजीकको पहाडको छेउमा एक ठूलो शहर निर्माण गरेको पनि वंशावलीमा उल्लेख छ। यिनले उक्त निर्माण गर्न लगाएका शहरको नाम कीर्तिपुर राखेका थिए। यो नयाँ शहर निर्माण भएको केही वर्षपछि यहाँ एउटा घटना घटेको कुरा किंवदन्ती कथा प्रचलित भएको छ। कथा यस प्रकार छ :—

एक दिन यस नवीन शहरका गोठालाहरूले गाईहरू चराइरहेको बेलामा माटोको बाघ बनाई खेलिरहँदा अकस्मात् त्यस माटोको मूर्तिबाट जिउँदो बाघ भएर आई श्री बाघ भैरव प्रादुर्भाव भई सिद्ध भएको थियो। त्यसपछि त्यस माटोको मूर्तिलाई सर्वशक्तिमान् श्री बाघ भैरव देवता नामले प्रख्यात गराई पूजाआजा चढाई आइरहेको थियो। त्यस माटोका मूर्तिको देवता सर्वशक्तिमान् देवता भनेर टाढ़ा-टाढ़ासम्म नाउँ फैलिई प्रख्यात भएको कुरा उल्लेख छ। त्यस बाघ भैरव देवताको चमत्कारी शक्ति टाढ़ा-टाढ़ासम्म फैलिएर आजसम्म त्यहाँ दर्शनार्थ तथा पूजा-आजाको लागि भक्तजनहरूको घुइँचो लागिरहन्छ।

राजा शिवदेव तृतीयले आफ्नो देशमा कारोबारको लेनदेन सजिलो पार्न पचीस पैसाको सुकिचा नामको मुद्रा प्रचलनमा ल्याएका थिए। उक्त सुकिचा नामको मुद्राको बनावट पहिले तामा र फलामको मिश्रणमा तयार पार्न लगाएका थिए। सो मुद्राको एकातिर सिंहको मूर्तिको आकृति अंकित गर्न लगाई तयार पार्न लगाएका थिए। सो मुद्रा एक रुपियाँको चार भागको एक भाग थियो। वंशावलीकारहरूले पछि पच्चीस पैसाको सुकिचा मुद्रा प्रचलनमा ल्याउने पहिलो राजा शिवदेव तृतीयलाई नै मानेका छन्।

वंशावलीमा राजा शिवदेव तृतीयले ने० सं० २३९ मा आफ्ना छोरा महेन्द्रदेवलाई युवराजाधिराज घोषित गरेका थिए। यिनले आफ्नो छोराको नाममा एउटा रमणीय तलाउ खन्न लगाई पोखरी निर्माण गर्न लगाएका थिए। उक्त पोखरी ने० सं० २३९ वैशाख पूर्णिमाको दिनमा उद्घाटन गरेका थिए। इतिहासकारहरूले राजा शिवदेव तृतीयलाई २७ वर्ष ५ महीनाको राज्यकाल दिएका छन् तर प्राप्त हस्तलिखित ग्रन्थहरूमा ने० सं० २१९ देखि ने० सं० २४३ सम्म तिथि-मिति विचार गर्दा २२-२३ वर्षभन्दा बढ़ी शासन देखिँदैन। इतिहासकारहरूले यिनको आखिरी शासनको मिति ने० सं० २४३ दिएका छन्। तिथि-मितिको खोजीमा ग्रन्थहरूमा ने० सं० २२० देखि ने० सं० २३९ सम्म प्राप्त भैसकेको छ। तर कुनै-कुनै इतिहासमा भने ने० सं० २२० देखि ने० सं० २३० सम्ममा रामपाल, सिंहदेव तथा नान्यदेवलाई समेत समावेश गराइराखेको पाइन्छ। यिनीहरू राजाको रूपमा खड़ा गरेका अथवा दूतको रूपमा भएका, कुनै विवरण दिइएको छैन। वंशावली तथा इतिहासमा नान्यदेवको नेपाल आगमनको तिथि-मिति तथा राज्यकालको क्रममा विचार गर्दा ठूलो दुविधा खडा भई विवादास्पद बनेको छ।

नान्यदेवको आगमन :

वंशावलीमा दक्षिण भागस्थित कर्नाटक देशका राजा नान्यदेव आफ्ना दलबल सहित नेपालमा प्रवेश भएको कुरा उल्लेख छ। राइट महोदयको वंशावलीमा उनको नेपाल प्रवेशको तिथि शक संवत् ८११ तदनुसार ने० सं० ९ श्रावण शुक्ल सप्तमी

शनिश्चरवार दिइएको छ । राजा नान्यदेवको नेपालको जंगलमा प्रवेश हुँदा यिनलाई जंगलको बीचमा नै श्री देवीले एक अपरिचित स्त्रीको रूपमा दर्शन दिई ठूलो वरदान मिलेको थियो । सोही वरदानबमोजिम भादगाउँको दुईमाज्यू देवीको नामले सिद्ध भई पूजा-आजा चलिराखेको वंशावलीमा उल्लेख भइराखेको छ । कर्नाटकी राजा नान्यदेव केही दिनपछि यहाँबाट तिरहुततिर लाग्दा त्यहाँका बंगालका सेनवंशी राजा विजयसेनले राजा नान्यदेवलाई युद्धमा पराजित गरी बन्दीसम्म बनाएको वर्णन देवपादा शिलालेखमा उल्लेख भएको छ । त्यसपछि कर्नाटकी राजा नान्यदेवले नेपालको जंगल सिमरोनगढ भन्ने स्थानमा देश बनाई त्यहाँ नै बसेर जीवन व्यतीत गर्दै थिए भन्ने वंशावलीकारहरू धेरैजसोले उल्लेख गरेका छन् । वंशावलीमा यिनको छः पुस्तासम्म नाम दिइएको छ जुन यी हुन् :—१. गंगदेव, २. नरसिंहदेव, ३. रामसिंहदेव, ४. शक्तिसिंह देव, ५. भूपालसिंह देव, ६. हरिसिंह देव ।

इतिहासमा चौथो कर्नाटकवंशी शक्तिसिंह देवले आफना योग्य मन्त्री चण्डेश्वरको सहायताले नेपाल उपत्यकामा आक्रमण गरेको घटना उल्लेख गरिएको छ[१] ।

राजा नान्यदेव दलबल सहित नेपाल प्रवेश भएको बेलामा नायर देशका फौजी जवानहरू पनि साथमा ल्याएका थिए । यिनीहरू यहाँ नै बसोबास भएकोले यही नायरबाट नेवारहरूको नेपालमा बसोबास भई शासकको रूपमा देखा परेको भन्ने विद्वान्हरूले उल्लेख गरेका थिए तर यो कुरा एकदम गलत साबित भैसकेको छ । पौराणिक कथा, पुराणहरू तथा इतिहासका खोजकर्ताहरूको खोजीमा नेपालको ऋषिकालदेखि नै बसोबास गरिरहेको पहिलो मानिस नै नेवार जातिको संख्यामा गणना गरेका धेरै पुस्तकहरूबाट सिद्ध भैसकेको छ । कोही इतिहासकारहरूले भने नेवार जाति नायरबाट नेपाल प्रवेश भएको हो भनी भ्रम फैलाई कर्नाटक वंशसँग नेवारहरूको संस्कृति र व्यवहारमा मिलजुल भएको छ भनी तर्कसमेत निकाल्नुभएको झुट्टा साबित भइसकेको छ[२] ।

यी नेवार जातिका उपजातिको व्यवसाय र पेशाहरू निम्न प्रकार छन् :—
१. इल्लकार (ब्राह्मणको घरमा काम गर्ने), २. स्वरूपकार (राजकीय भ्रमण र राजदरबारमा काम गर्ने), ३. पाद मङ्गलकार (देव-देवीहरूको मन्दिरमा काम गर्ने र पूजा गर्ने), ४. इतच्चेरी नायर (गाई-भैंसी पाली घ्यू, दही, दूधको काम गर्ने), ५. मारन (मन्दिरमा बाजा बजाउने र गाउने), ६. चेम्पु कोट्टि (तामा,

१. श्री स्वयम्भूलाल श्रेष्ठद्वारा लिखित नेपाल भाषाको "झिजि" भन्ने पुस्तकमा उल्लेख छ ।

२. कृपया हेर्नुहोला–'The Land of Gorkha,' by W. Brund, 'History of Nepal' by Pt. Gunananda, 'History of Nepal' by Daniel Wright. etc.

कांसको भाँडा बनाउने), ७. ओटठ्टे नाथर (इँट बनाउने), ८. कलम कोट्टि (माटाका भाँडा बनाउने कुम्हाले), ९. चेटिट्ट (तरकारी, घरेलु आवश्यक सामान-हरूको व्यापार गर्ने), १०. वालियन (कपड़ा बुन्ने काम गर्ने), ११. वेल्टट्टम (लुगा धुने काम गर्ने), १२. किलक्की टनवल (कपाल खौरने नाउ) ।

महेन्द्रदेव :

राजा शिवदेव तृतीयपछि नेपालको राजगद्दीमा यिनैका छोरा महेन्द्रदेव बसे । कुनै-कुनै वंशावलीमा भने यिनको नाम नै उल्लेख छैन तर एक हस्तलिखित ज्योतिष ग्रन्थमा भने महेन्द्रदेवको नामको अगाडि राजाधिराज परमेश्वर भन्ने उपाधि दिई राजाको रूपमा उनको नाम उल्लेख भएको छ । उक्त हस्तलिखित ज्योतिष ग्रन्थ ने० सं० २४९ मा सारिएको उल्लेख छ । यसबाट यो प्रमाणित हुन आउँछ कि यिनले राजकीय वैधानिक रीतिअनुसार राजा भई पैतृक सिंहासन पिताजस्तै शासन-कर्तामा स्थान प्राप्त गरेका थिए । वंशावलीमा उनको शासनकाल १२ वर्ष उल्लेख गरिएको छ । एक अर्को वंशावलीमा भने राजा महेन्द्रदेव र इन्द्रदेव एकै व्यक्ति हो भनेर विवरण दिइएको छ । राजा इन्द्रदेवको पालामा रचना भएको र यिनै राजा इन्द्रदेव नाम समावेश भएका ६ वटा ग्रन्थहरूको नाम र मिति यिनै हुन :—

१. यामरी तन्त्रमण्डल पयिका, सं० २४७, आषाढ़ कृष्ण षष्ठी; २. नक्षत्र जातक, सं० २४८, फाल्गुण शुक्ल दशमी; ३. अष्ट सहस्रिका प्रजन परिमिता, सं० २५१, पौष चतुर्दशी; ४. पञ्चरसका, सं० २५३, आश्विन सुदी तृतीया; ५. चन्द्रव्याकरण मृति, सं० २५४, चैत्र शुक्ल सप्तमी; ६. नाम सन गिटी, सं० २५६, कार्तिक शुक्ल पंचमी[1] ।

मानदेव चतुर्थ :

राजा महेन्द्रदेवपछि मानदेव चतुर्थ नेपालको राजसिंहासनमा आसीन भएका थिए । उक्त कुरा ने० सं० २५९ मा अष्ट सहस्रिका नामक हस्तलिखित ग्रन्थबाट विदित हुन्छ । राइट महोदयको वंशावलीको क्रममा मानदेव उल्लेख गरी यिनलाई १० वर्षको शासनकाल दिएको छ तर बेण्डोल महोदयको काठमाडौंमा नै ने० सं० २५९ मा नै भेटिएको एक अभिलेखमा राजाधिराज परमेश्वर परम भट्टारक श्री महादेवले पानीको बन्दोबस्त गरी पानीको धारा (जलद्रोणी) स्थापना गरेका थिए भन्ने उल्लेख छ । यस अभिलेखमा महादेव लेखे तापनि मानदेव नै हुन् भनी अड्कल गरिएको छ । अभिलेख बनाउने कालीगढ़को भूलले मानदेवको बदला महादेव हुन गएको हुनुपर्छ । यिनको राज्यकालमा रचना गरेका दुई ग्रन्थ र एक अभिलेख प्राप्त

१. कृपया डो० आर० रेग्मीज्यूको 'मेडियभल नेपाल' पुस्तकको पृष्ठ १६७ हेर्नुहोला ।

छन् जुन यिनै हुन् :—१. पञ्चरसका, ने० सं० २५८, पौष कृष्ण त्रयोदशी, २. अष्ट सहस्रिका प्रज्ञा परिमिता, नेपाल सं० २५९, कार्तिक र अभिलेखको ने० सं० २५९, भाद्र कृष्ण सप्तमी। धेरैजसो वंशावलीमा त यिनले १० वर्षसम्म राज्य चलाइसकेपछि आफ्ना मनमा परिवर्तनको भावना जाग्रत भई बौद्ध धर्म ग्रहण गरेर राजकाजको सबै काम छोड़ी आफ्नै छोरा युवराज नरसिंह देवलाई राज्यको भार सुम्पी आफू भिक्षु भई चक्र विहार नाम गरेको विहारमा बस्न गएका थिए। यिनले त्यहीं नै बसेर आफ्नो जीवनकाल बिताएको उल्लेख गरिएको छ। यिनै नरसिंह देवलाई धेरैजसो ग्रन्थकारहरूले नरेन्द्रदेव नाम उल्लेख गरी आ-आफ्नो ग्रन्थको रचनाकाल दिइराखेका सातवटा तन्त्रहरू प्राप्त भएका छन्। यी तन्त्रको नाम र मिति यिनै हुन् :—

१. प्रतिस्था तन्त्र, ने० सं० २५४, फाल्गुण शुक्ल सप्तमी; २. पञ्चरसका सूत्रम् ने० सं० २६१, पौष शुक्ल त्रयोदशी; ३. मितापद पञ्जिका, ने० सं० २६१, चैत्र कृष्ण षष्ठी; ४. नाम सम्गिटीका, ने० सं० २६३, आश्विन शुक्ल; ५. लुइपा साधना टीका, ने० सं २६२, भाद्र शुक्ल द्वादशी; ६. हरिवंश, ने० सं० २६४, कार्तिक शुक्ल चतुर्दशी; ७. सप्तशती चण्डी, ने० सं० २६४, कार्तिक शुक्ल त्रयोदशी।

नरेन्द्रदेव :

राजा मानदेव चतुर्थले आफू भिक्षु भई बौद्ध धर्म ग्रहण गरिसकेपछि उनका जेठा छोरा नरेन्द्रदेव अथवा नरसिंहदेव गद्दीमा बसे। मानदेव चतुर्थका दुई छोरा थिए। पहिला नरेन्द्रदेव र दोस्रा इन्द्रदेव। यिनीहरूको पालामा रचना भएका प्रतिस्था तन्त्र भादगाउँबाट र पञ्चरसका सूत्रम् नामक ग्रन्थ पाटनबाट प्रकाशित भएको थियो। राजा मानदेव चतुर्थले आफू राजा भएको बेलामा नै आफ्ना छोराहरूलाई राज्यको अधिकार प्रदान गरी (राज्यको कामकाज गर्न लगाई) योग्य शासक बनाउने कोशिश गरेका थिए। तसर्थ आफू राजा छँदा नै जेठा छोरालाई राजाधिराज पदवी ग्रहण गर्न लगाई राज्यको काममा तल्लीन गराएका थिए। यसैले त्यस बेला ग्रन्थमा रचनाकालको तिथि-मिति लेख्ने चलनअनुसार ग्रन्थकारहरूले पनि आफ्नो ग्रन्थमा नरेन्द्रदेवलाई महाराजाधिराज पदवी दिई विजय राज्यकालमा रचना भएको भनी उल्लेख भएको कुरा अवगत हुन आउँछ। इतिहासमा यिनलाई कसैले नरेन्द्रदेव, कसैले नरसिंह देव र कसैले सिंहदेव मात्र नाम दिई १० वर्ष शासनकर्तामा गणना गरेको कुरा छ। तर प्राप्त ग्रन्थहरूको काल विचार गर्दा यिनले १० वर्ष नै राज्य गरेका नभई कम समय मात्र राज्य गरेको अनुमान हुन आउँछ। राजा मानदेव चतुर्थको राज्यकालमा नै तिथि समावेश भएमा मात्र १० वर्ष राज्य चलाएको स्पष्ट हुन आउँछ। राजा नरेन्द्रदेवका चार छोरा थिए। छोराहरूको नाम यस प्रकार छन् :—१. महेन्द्रदेव, २. आनंददेव, ३. रुद्रदेव र ४. अमृतदेव।

नरेन्द्रदेव वा सिंहदेव

महेन्द्रदेव	आनन्ददेव	रुद्रदेव	अमृतदेव
	ने० सं० २६७-२८७	ने० सं० २८७-२९५	ने० सं० २९५-२९८

महेन्द्रदेव
|
सोमेश्वरदेव
ने० सं० २९९-३०३

राजा नरेन्द्रदेवको जन्म ने० सं० १९९ वैशाख पूर्णिमाको दिनमा भएको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्। कुनै-कुनै इतिहासकारहरूले राजा नरेन्द्रदेवको शेषपछि यिनका जेठा छोरा महेन्द्रदेवले आफ्ना भाइहरूको कलहले गर्दा गद्दी हात पार्न नसकेको बयानहरू उल्लेख गरेका छन्। यिनको ६५ वर्षको उमेरमा ने० सं० २६४ मा मृत्यु भएको थियो। महेन्द्रदेवका छोराको नाम सोमेश्वरदेव थियो। यिनको जन्म ने० सं० २३९ फाल्गुण कृष्ण त्रयोदशीको दिन भएको थियो। इतिहासको क्रममा नरसिंहदेव वा नरेन्द्रदेवको शेषपछि यिनका दोस्रा छोरा आनन्ददेव गद्दीमा बसेको कुरा उल्लेख छ। राजा नरेन्द्रदेवपछि आफ्ना भतीजा सोमेश्वरदेव-सम्मको राज्यकाल विचार गर्दा यिनाहरूको शासनकालको अवधि जम्मा ३६ वर्ष मात्र देखिन आउँछ।

भास्करदेव देखि सोमेश्वरदेवसम्म वंशका राज्यकाल

भास्करदेव	ने० सं०	१६५	दखि	१६८	सम्म	जम्मा	३ वर्ष
बलदेव	„	१६८	„	१८०	„	„	१२ वर्ष
प्रद्युम्नकामदेव	„	१८०	„	१८६	„	„	६ „
नागार्जुनदेव	„	१८६	„	१८९	„	„	३ „
शंकरदेव	„	१८९	„	२०३	„	„	१४ „
वामनदेव	„	२०३	„	२०५	„	„	२ „
हर्षदेव	„	२०५	„	२१९	„	„	१४ „
शिवदेव तृतीय	„	२१९	„	२४६	„	„	२७ „
महेन्द्रदेव	„	२४६	„	२५७	„	„	११ „
मानदेव चतुर्थ	„	२५७	„	२६०	„	„	३ „
नरेन्द्रदेव	ने० सं०	२६०	देखि	२६६	सम्म	जम्मा	६ वर्ष

महेन्द्रदेव	आनंददेव	रुद्रदेव	अमृतदेव
↓	(ने० सं० २६७-२८७)	(ने० सं० २८७-२९५)	(ने० सं० २९५-२९९)

सोमेश्वरदेव (ने० सं० २९९-३०३)

आनन्ददेव :

राजा नरसिंहदेव अथवा नरेन्द्रदेवको शेषपछि यिनेका दोस्रा छोरा आनन्ददेव सिंहासनमा आसीन भएको कुरा इतिहासको क्रममा देखिन आउँछ। पहिला छोरा महेन्द्रदेवको कमजोरीले हो वा के भई शासन चलाउन नसकेको हो, यथेष्ठ प्रमाणहरू प्राप्त भएका छैनन्। इतिहासको क्रममा राजा नरेन्द्रदेवपछि दोस्रा छोरा आनन्ददेव नेपालको गद्दीमा बसेका थिए। इतिहास तथा अभिलेखहरूको पानामा आनन्ददेवको ठूलो स्थान छ। अहिलेसम्म प्राप्त अभिलेख तथा ग्रन्थहरू जम्मा २१ वटा तलका हुन्। यिनै तलका २१ वटा अभिलेख र ग्रन्थहरूमा आनन्ददेवलाई कुनैमा महाराजाधिराज परमेश्वर, कुनैमा महासामन्त, कुनैमा नेपालेश्वर आदि राजकीय प्रशस्तिले सुशोभित गराइराखेको पाइन्छ। यी ग्रन्थ तथा अभिलेखहरूको रचनाकाल भादगाउँ, पाटन, काठमाडौं, नगदेश र फर्पिङ आदि स्थानमा भएका अभिलेखबाट प्राप्त भएका छन्। अभिलेखहरूमा भादगाउँ, टौमढी टोलको तिलमाधव नारायणको अगाडिको खम्बा र पाटनमा बटुक भैरवको भित्तामा टाँसिको धाराको अभिलेखका बयानहरू हाम्रा सामु खडा छन्। प्राप्त दुईवटा अभिलेख र १९ वटा ग्रन्थहरूमा तिथि ने० सं० २६७ देखि ने० सं० २८७ सम्मको विचार गर्दा २० वर्षसम्म यिनले शासन चलाएको कुरा अवगत हुन आउँछ। यिनीहरूमा सबै संवत्हरू नेपाल संवत् मात्र प्रयोग भएका छन्। यी संवत्हरू ने० सं० २६७, २६८, २७०, २७२, २७३, २७५, २७६, २७८, २७९, २८०, २८२, २८४, २८५, २८६, २८७ सम्म हुन्। यसमा शुरू मिति २६७ देखि आखिरी मिति २८७ सम्म हुन्। इतिहासकारहरूले यिनको मृत्यु यही आखिरी मिति २८७ मा मानेका छन्। राजा आनन्ददेवको जन्म ने० सं० २१९ वैशाख कृष्ण ५ का दिनमा भएको कुरा उल्लेख छ। यसबाट यिनी ६८ वर्षसम्म बाँचेर ६८ वर्षकै उमेरमा यिनको मृत्यु भएको देखिन आउँछ। यिनले भक्तपुरमा त्रिपुर नामको राजदरबार बनाउन लगाएर त्यहाँबाट नै शासन चलाएका थिए। यिनले अनेक मन्दिर पनि बनाउन लगाई देवता स्थापना गरेका थिए। वंशावलीमा यिनलाई योग्य शासक भई धार्मिक आस्थामा प्रबल भएका राजनीतिज्ञ व्यक्तिमा स्थान दिई चित्रण गरेको पाइन्छ।

आनन्ददेवको समयमा रचना भएका अभिलेख र ग्रन्थहरू २१ वटाका समय र तालिका यिनै हुन् —

ग्रन्थहरू—१. सर्वप्रकरण संग्रह, तिथि ने० सं० २६७; २. अष्ट सहस्रिका प्रज्न परिमिता, तिथि ने० सं० २६८, पौष पूर्णिमा; ३. चन्द्र व्याकरण, तिथि ने० सं० २७६, पौषकृष्ण चतुर्दशी; ४. स्मृति मञ्जरी, ने० सं० २७९ कार्तिक; ५. अष्ट सहस्रिका प्रज्न परिमिता, ने० सं० २८५, फाल्गुण शुक्ल अष्टमी; ६. अष्ट सहस्रिका प्रज्न परिमिता, ने० सं० २७०; ७. अष्ट हस्रिका प्रज्न परिमिता, ने० सं०

२७२, वैशाख शुक्ल पूर्णिमा; ८. अष्ट सहस्रिका प्रज्ञ परिमिता, ने० सं० १..; ९. प्रतिस्था तन्त्र, ने० सं० २७९, कार्तिक शुक्ल अष्टमी; १०. कुलाली काममय, ने० सं० २८०, पौष कृष्ण चतुर्दशी; ११. अष्ट सहस्रिका प्रज्न परिमिता, ने० सं० २८७ कार्तिक शुक्ल २; १२. नगदेशमा भएको नाउँ जीर्ण भएको, ने० सं० २७०, श्रावण कृष्णा दशमी; १३. भादन्य यतिका, ने० सं० २७२ श्रावण कृष्ण एकादशी; १४. चतुष्पीठ मण्डल पद्दक मन्त्र, ने० सं० २७१, आश्विन शक्ल; १५. पञ्च रकसा, ने० सं० २७५, चैत्रकृष्ण पंचमी; १६. स्वामल शास्त्र, ने० सं० २७९, भाद्र कृष्ण षष्ठी; १७. सप्तशती, ने० सं० २८२, फाल्गुण शुक्ल चतुर्दशी; १८. अष्ट सहस्रिका प्रज्न परिमिता, ने० सं० २८४ माघ शुक्ल द्वादशी; १९. गण्ड व्यूह, ने० सं० २८६; फाल्गुण शुक्ल एकादशी।

अभिलेखहरू:—१. भादगाउँ, टौमढीको तिलमाधव खम्बाको अभिलेख, ने० सं० २८३; २. पाटन, बटुक भैरव स्थानको अभिलेख, ने० सं० जीर्ण भएको।

रुद्रदेव :

आनन्ददेवको मृत्युपछि उनैका भाइ रुद्रदेव राजसिंहासनमा बसेका थिए। यिनको राज्यकालको शुरू मिति ने० सं० २८८ देखि आखिरी मिति ने० सं० २९५ हो। यसबाट यिनले करीब ७-८ वर्ष मात्र राज्य चलाएका थिए भन्ने देखिन्छ। वंशावलीमा यिनले शासन चलाउन सजिलो पार्न र प्रजाले न्याय सुलभ तरीकाले पाऊन् भन्ने उद्देश्यले आफ्नै दरबार नजीकै पञ्चपुरीको दक्षिणमा नै अड्डाहरू बनाउन लगाई घरको बन्दोबस्त गर्न लगाएको कुरा उल्लेख छ। वंशावलीकारले यिनको राज्य काल ८ वर्ष र एक महीना दिएका छन्। यिनको जन्म ने० सं० २२८ फाल्गुण शुक्ल त्रयोदशीको दिनमा भएको थियो। ६७ वर्षको उमेरमा ने० सं० २९५ फाल्गुण शुक्लको महीनामा यिनको मृत्यु भएको थियो। वंशावलीमा यो पनि उल्लेख भएको छ कि ने० सं० २८३ मा उनका एउटा छोराको जन्म भएको थियो। तर २६ वर्षको नौजवान उमेरमा नै उनको मृत्यु भएको थियो। वंशावलीमा यिनको राज्यकालमा घटेका राजनैतिक र सामाजिक घटनाहरू र निर्माण कार्य उन्नत अवस्थामा पुग्यो-पुगेन, केही वर्णन भएको देखिदैन। यिनको राज्यकालमा रचना भएको हस्तलिखित ग्रन्थहरू र अभिलेखहरू गरी जम्मा ११ वटा मात्र प्राप्त भएका छन्।

राजा रुद्रदेवको मृत्यु हुनासाथ यिनका भतीजा सोमेश्वर देवले रोलवाला आफ्ना काका अमृतदेवको विरोध गरी शासन हात पार्न कोशिश गरेर ठूलो उत्पात मचाई आफ्नो शक्ति प्रयोग गरेका थिए। यिनी महेन्द्रदेवका छोरा थिए। तर काका अमृतदेवको अगाडि यिनको केही जोड नचल्दा आखिर यिनलाई अमृतदेवले दबाई छोड़ेका वर्णन वंशावलीमा पाइन्छ। रुद्रदेवको मृत्युपछि रोलबमोजिम नै अमृतदेव गद्दीमा बसेका थिए। यिनका पिता नरेन्द्रदेव अथवा नरसिंहदेवले भतीजा छोराहरूको

कलह नहोस् भनी आफ्ना चार छोरालाई नै जेठा छाराको शेषपछि माहिला छोरा, त्यसपछि साहिला र त्यसपछि कान्छा छोराको गद्दीको हकदारको रोल-नियम बसाली गएका थिए। महेन्द्रदेवपछि आनन्ददेव, त्यसपछि रुद्रदेव, त्यसपछि मात्र अमृतदेवको राजसिंहासनमा अधिकार भएको थियो। वंशावलीकारले रुद्रदेवको मृत्यु ने० सं० २९५ र २९६ बीच मानेका छन्। यिनै राजा रुद्रदेवको समयमा रचना भएका ग्रन्थहरू र अभिलेखहरू र मिति यिनै हुन् :—

अभिलेखहरू:—१-शंखुको वज्रयोगिनीको ढुङ्गेधारा, ने० सं० २८८, फाल्गुण कृष्ण चतुर्दशी, २-पाटन, कुम्भेश्वरको ढुङ्गेधारा, ने० सं० २९१, कार्तिक शुक्ल षष्ठी; ३-काठमाडौं (दक्षिणतिर) -को ढुङ्गेधारा, ने० सं० २९१, ज्येष्ठ पूर्णिमा ४-पाटन, नागहिटीटोलको पूर्णचण्डीको श्रीगणेश मूर्तिसँगको धारा, ने० सं० २९२, कार्तिक।

ग्रन्थहरू:—१. कालोन्तरा तन्त्र, ने० सं० २९०, ज्येष्ठ शुक्ल द्वादशी; २. शिव-धर्म शास्त्र, ने० सं० २९०, पौष शुक्ल पूर्णिमा; ३. योग सार समुच्चय, ने० सं० २९१, ज्येष्ठ एकादशी; ४. धर्म समुच्चय धर्म परम, ने० सं० २९३, वैशाख कृष्ण चतुर्दशी; ५. धर्म समाकाय, ने० सं० २९३, वैशाख कृष्ण चतुर्दशी; ६. पिङ्गलामत, ने० सं० २९४, चैत्र शुक्ल पूर्णिमा; ७. भागवत्य प्रज्न परिमिता, ने० सं० २९५…।

वंशावलीमा राजा रुद्रदेवलाई धार्मिक पुरुषमा एक थिए भनी वर्णन गरेको छ। बौद्धधर्ममा पनि यिनको आस्था थियो। यिनको धेरैजसो समय धार्मिक कृत्यमा नै व्यतीत भएको उल्लेख पाइन्छ।

अमृतदेव :

पिता नरसिंहको रोल नियमबमोजिम रुद्रदेवको मृत्युपछि उनैका भाइ अमृतदेवले नेपालको गद्दीमा बसेर शासन चलाएका थिए। कुनै-कुनै इतिहासकारहरूले अमृतदेवलाई मित्रदेव उल्लेख गरेको पनि पाइन्छ। यिनको समयमा कोरिएका दुईवटा अभिलेख र रचित तीनवटा हस्तलिखित ग्रन्थहरू पनि प्राप्त भएका छन्। यिनको राज्यारोहण ने० सं० २१६ मा भएको कुरा उल्लेख छ। वंशावलीकारले यिनी गद्दीमा बसेको समयमा नेपालमा ठूलो अनिकाल परेर अशान्त वातावरण भएको थियो भनी उल्लेख गरेको छ। त्यस बेला दादुराको रोग फैलिएर धेरैजनाले ज्यान गुमाएका थिए। बजारमा चीज-वस्तुहरू धेरै महँगो भई जनताले ठूलो कष्ट भोग्नुपरेको थियो। यसै मौकामा नेपालमा विदेशीहरूले हमला गर्दा भयङ्कर लडाइँ भएको पनि वंशावलीमा उल्लेख भएको पाइन्छ।

राजा अमृतदेवको जन्म ने० सं० २३३, आश्विन शुक्ल ३ मा भएको थियो। ६६ वर्षको आयु भोग गरेर यिनी ने० सं० २९९, भाद्रकृष्ण नवमीको दिन परलोक

भएका थिए। इतिहासकारहरू र वंशावलीकारहरूले यिनको ३ वर्ष ११ महीनाको छोटो शासनकाल प्रस्तुत गरेका छन्। यिनले नेपालका जनताले सुख-शान्तिले जीवन बिताउन पाई देश उन्नत अवस्थामा पुगोस् भन्ने अभिप्रायले निकै प्रयास गरेका थिए। आफ्ना अधीनमा शासन आउनासाथ यिनले आफ्ना दाज्युले गरेको काममा सुधार गरी शासन कार्य सजिलो पार्न लगाएका र प्रजाले पूर्ण न्याय पाउन् भनी एक अदालत (कोर्ट) पनि स्थापित गरेका थिए। यिनको समयमा रचना भएका तीनवटा ग्रन्थहरू र दुईवटा अभिलेखहरू यिनै हुन् :-

ग्रन्थ :—१. कुलानी कामनय, ने० सं० २९८, माघशुक्ल द्वितीया; २. दश क्रिया पद्धति, ने० सं० २९६, चैत्र शुक्ल पूर्णिमा; ३. कुसन्दी कर्म वैदिक मन्त्र संग्रह, ने० सं० २९६, ज्येष्ठ शुक्ल चतुर्दशी।

अभिलेख :—१. पशुपति मृगस्थलीको टुटेको ढुङ्गे धारा (तर हाल भादगाउँको खौमाटोलको बगैंचामा फालिराखेको)—को अभिलेख, ने० सं० २९५ वैशाख शुक्ल तृतीया; २. चांगुनारायण मन्दिरको पूर्वतिर रहेको श्री गणेश मूर्तिमा भएको अभि ख, ने० सं० २९६, ज्येष्ठ····।

सोमेश्वरदेव :

राजा नरसिंहदेवका कान्छा छोरा अमृतदेवको मृत्युपछि नेपालको राजगद्दीमा जेठा दाज्यु (महेन्द्रदेव)-का छोरा सोमेश्वरदेव बसेका थिए। यिनको जन्म ने० सं० २३९ फाल्गुण शुक्ल १३ मा भएको थियो। इतिहासकारहरूले दाज्यु-भाइहरूको परस्पर झैं झगडाले गर्दा यिनका बाबु महेन्द्रदेवले शासन चलाउन नपाई यिनका काकाहरूले (आनन्ददेव, रुद्रदेव र अमृतदेव) शासन चलाएका थिए भनी माथि नै उल्लेख भइसकेको छ। सोमेश्वरदेवले राज्याधिकार ने० सं० २९९, कार्तिक कृष्ण ६ का दिन प्राप्त गरेका थिए। त्यस बेला यिनी ६० वर्ष पुगिसकेका थिए। यिनका बाजे नरसिंहदेवले छोराहरूलाई पालैसँग राज्य चलाउने नियम बनाएर गएका थिए भन्ने कुरा माथि नै बयान भैसकेको छ। तसर्थ जेठा छोरा महेन्द्रदेवको शेषपछि छोरा सोमेश्वरदेवको राज्य नभई काका अमृतदेवपछि मात्र यिनले राज्य चलाउन पाएको हो भन्ने बुझिन आउँछ। प्राप्त ग्रन्थहरूको आधारमा ६० वर्ष पुगेका राजा सोमेश्वरदेवले धेरै लामो शासन गर्न पाएका थिएनन्। वंशावलीकारहरूले यिनको राज्यकालमा पनि गृह युद्ध भएको अड्कल गरेका छन्। अरू बाँकी विवरण खोजी र मनन गर्नु शेष छ। ग्रन्थहरूको तिथि र नाम यिनै हुन् :—१. केशर पुस्तकालयमा भएको प्राश्चितो प्रदेश, ने० सं०··· ···; २. केशर पुस्तकालयमा भएको महामन्त्रज भैरव तन्त्र, ने० सं० ३०० फाल्गुन शुक्ल पूर्णिमा; ३. दरबार पुस्तकालयमा भएको सप्तशती, ने० सं० ३०१, कार्तिक शुक्ल···।

गुणकामदेव द्वितीय :

इतिहासमा सोमेश्वरदेवपछि गुणकामदेव द्वितीय नेपालका राजा भएका थिए। त्यसपछि लक्ष्मीकामदेव द्वितीय, त्यसपछि विजयकामदेव द्वितीय नेपालका राजा भएका थिए। तर वंशावलीमा भने यिनीहरूको राज्यकाल नदेखाई अन्धकारमा डुबाइराखेका छन्। नेपाल दरबारको वीर पुस्तकालयमा भएको व्रजपक्ष संहिता भन्ने हस्तलिखित ग्रन्थमा भने ने० सं० ३०७ मा राजा गुणकामदेव अंकित भएको पाइन्छ। बेन्डोल साहेबको वंशावलीमा पनि यिनको तीन महीनाको छोटो शासन देखाई राजाको रूपमा देखाइएको छ तर राजा गुणकामदेव द्वितीय कसका छोरा थिए र कसरी नेपालको गद्दीमा आसीन हुन आए, यस बारे कुनै विवरण दिएको छैन। इतिहासका शोधकर्ता-हरूले चाँडै नै यसतिर खोज शुरू गरी तथ्य पाठकसामु राख्नुहुने नै छ भन्ने आशा छ। नेपाल राष्ट्रीय पुस्तकालयमा ने० सं० ३०५ को अर्को एक हस्तलिखित ग्रन्थमा यसरी अंकित भएको देखिन्छ :—

"संवत् ३०५ प्रथमाषाढ़ शुक्ल तृतीयांश आदित्यवासरे पुष्यनक्षत्रे राजाधिराज परमेश्वर परम भट्टारक श्रीमद् गुणकामदेवस्य राज्ये लिखित मिति।"

यसबाट उल्लिखित तीन महीनाको शासनकाल मिल्दो छैन।

लक्ष्मीकामदेव द्वितीय :

श्री गुणकामदेव द्वितीयपछि लक्ष्मीकामदेव द्वितीय राजा भएका थिए तर यिनको राज्यकालमा घटेका घटनाहरूको विवरण न त वंशावलीमा उल्लेख छ न कुनै इति-हासमा। नेपालको ऐतिहासिक रूपरेखा भन्ने श्री बालचन्द्र शर्माज्यूको ग्रन्थमा ने० सं० ३१३ मा एउटा हस्तलिखित ग्रन्थ प्राप्त भएको उल्लेख छ। यसैको आधारमा यिनले शासन चलाएको प्रमाण प्राप्त हुन आएको वर्णन गर्नुभएको छ। तर यो ग्रन्थ कहाँ छ र कहाँबाट प्राप्त भएको हो, सो उल्लेख छैन। ने० सं० ३१३ मितिको लक्ष्मीकामदेव द्वितीय अंकित भएको भए यिनले लगभग १० वर्षसम्म त शासन चलाएको हुनुपर्छ। विजयकामदेव द्वितीयको संवत् ३१६ को हस्तलिखित ग्रन्थ प्राप्त छ।

विजयकामदेव द्वितीय :

लक्ष्मीकामदेव द्वितीयपछि विजयकामदेव द्वितीय नेपालका राजा भएका थिए। यिनको शासन कालको विवरण र घटनाहरू कुनै इतिहासमा देखिँदैनन् न त कुनै वंशावलीमा छ। नेपालका इतिहासमा यहाँपछि आदिदेव मल्लदेखि मात्र इतिहासमा लेखनी शुरू गराई मल्ल शासनको अभ्युदय गराइराखेको पाइन्छ। यिनको शासनकाल-मा घटेका घटना र कुनै विवरण प्रस्तुत नगरी अंधकारमा डुबाइराखेको देखिन्छ। तर यिनको पालामा रचना भएका ग्रन्थहरूमा ने० सं० ३१६ र ३१७ प्राप्त छ। इति-हासमा यिनीलाई निःसन्तानी राजा उल्लेख गर्दै त्यसपछि नेपालमा नयाँ वंश खडा भएको छ, त्यो हो—मल्ल वंश अरिदेव मल्ल।

●

सहयोगी पुस्तकहरूको विवरण

नेपाली

पुस्तकको नाम	लेखक
१. लिच्छवी संस्कृति	डा० जगदीशचन्द्र रेग्मी.
२. मध्यकालीन इतिहास	श्री सूर्यविक्रम ज्ञवाली
३. नेपालको ऐतिहासिक विवेचना	प्रो० ढुण्ढिराज भण्डारी
४. नेपालको ऐतिहासिक रूपरेखा	श्री बालचन्द्र शर्मा
५. नेपालको इतिहास	श्री हेमलाल जोशी
६. नेपालको संक्षिप्त इतिहास	हे० मा० इन्द्रप्रसाद शर्मा
७. नेपालको इतिहास	श्री ईश्वरराज बराल
८. नेपालको इतिहास	पं० अम्बिकाप्रसाद उपाध्याय
९. नेपालको संक्षिप्त वृत्तान्त	इ० शि० बाबुराम आचार्य
१०. नेपाल महात्म्य	अनु० मुक्तिलाल खनाल
११. अभिलेख संग्रह	संशोधन मण्डल
१२, प्रमाण प्मय	,, ,,
१३. 'पूर्णिमा' पत्रिकाका केही अंकहरू	,, ,,
१४. मध्यकालीन नेपाल	श्री भैरवबहादुर
१५. महाभूकम्प	श्री ब्रह्मशम्शेर ज० ब० राणा
१६. नेपाली राष्ट्रीय मुद्रा	श्री सत्यमोहन जोशी
१७. नेपालका इतिहासका परिचयहरू	श्री चित्तरञ्जन नेपाली
१८. नेपाल र चीनको मित्रता	रा० ने० एकेडेमी प्रकाशन
१९. भीमसेन थापा र तत्कालीन नेपाल	श्री चितरञ्जन नेपाली
२०. नेपाल इतिहास, भाग–१	योगी नरहरिनाथ
२१. गोर्खा वंशावली	,, ,,
२२. पृथ्वीनारायण शाह	श्री सूर्यविक्रम ज्ञवाली
२३. प्राचीन नेपालको राजनीतिक इतिहास	डा० जगदीचन्द्र रेग्मी
२४. नेपाल गढ	श्री सोमध्वज विष्ट
२५. नेपाल परिचय	प्रका० पा० विकास केन्द्र
२६. नेपाल परिचय	श्री हेमलाल श्रेष्ठ
२७. देवमाला वंशावली	योगी नरहरिनाथ

२८. भाषा वंशावली (दुवै भाग) प्रका० नेपाल राष्ट्रीय पुस्तकालय
२९. हाम्रा चाड पर्वहरूका विशेषता श्री मनवज्र वज्राचार्य
३०. हाम्रो संस्कृति : एक सिंहावलोकन श्री शान्ति सुरभ
३१. 'प्राचीन नेपाल' पत्रिका प्रका० पुरातत्व विभाग
३२. नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठ प्रका० नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
३३. नेपाली चाड-पर्व श्री सत्यमोहन जोशी
३४. नेपालको धार्मिक इतिहास डा० जगदीशचन्द्र रेग्मी
३५. प्राचीन नेपाली मूर्तिकलाको इतिहास श्री लैनसिंह बाङ्गदेल
३६. नेपालको इतिहास श्री रामजी उपाध्याय
३७. नेपालको राजनैतिक दर्पण श्री गृष्मबहादुर देवकोटा
३८. नेपालको इतिहास श्री यज्ञ आचार्य

हिन्दी

१. नेपाल की कहानी श्री काशीप्रसाद श्रीवास्तव
२. हिम वर्ष और नेपाल श्री शेखरसिंह गौतम
३. राजतरंगिणी कल्हण
४. भरतखण्ड और नेपाल श्री शेखरसिंह गौतम
५. गुप्तकालका सांस्कृतिक इतिहास श्री भगवत्शरण उपाध्याय
६. मध्यभारतका इतिहास श्री हरिहर निवासी द्विवेदी
७. मध्यकालीन भारतीय संस्कृति श्री रामबहादुर महामहोपाध्याय
८. प्राचीन भारतीय परम्परा और इतिहास डा० रांगेय राघव
९. भारतमें अंग्रेजी राज्यके दो सौ वर्ष श्री केशरकुमार साकुछो
१०. तपोभूमि पं० रामगोपाल मिश्र
११. आसामकी गोदमें श्री जनक अरविन्द
१२. भारतवर्षका इतिहास श्री टी० पी० सिन्हा
१३. असमको इतिहास ने० अनु०–कृष्णप्रसाद ज्ञवाली

अंग्रेजी

1. Le Nepal S. Levi
2. ,, ,, Vol I, II, III Selvellvy
3. Festival of Nepal Marry Anderson.
4. Inscription of Nepal Nolly (Gnoli)
5. History of Nepal Daniel Wright
6. An Account of the Kingdom of Nepal Kirkpatrick

7. Ancient & Medieval Nepal (Vol. 1 to 5)	Dr. D. R. Regmi
8. History of Nepal	Nolly (Gnoli)
9. Insrciption of Nepal	Bhagwan Lal Indra
10. Cronology of Nepal	D. P. Jaiswal
11. Cronology of Nepal	Bhawan Lal Indra
12. History of Nepal	Bikramjit Hasrat
13. The Coinage of Nepal	Walsh
14. Picturesque Nepal	Percy Brown
15. Medieval History of Nepal	L. Patech
16. Rana Polity in Nepal	Kumar Satish

—x—

खण्ड–८

मल्लकालीन नेपाल

भक्तपुर

भक्तपुरको परिचय :—

यो शहर काठमाण्डू उपत्यकाको ३ शहरमध्ये एक हो। भक्तपुर शहर, करीब ९५,००० जनसंख्या भएको, धेरै राज्य मिली जिल्लाको मुख्य मुकाम नेपाल राजधानीको केन्द्र काठमाण्डू उपत्यकाको तेस्रो शहर हो। यो शहरलाई नेवारी भाषामा खप्पो भन्दछन्। यो शहर समुद्रतलदेखि ४५०० फीटको उँचाइमा रहेको छ। काठमाण्डूबाट पूर्व ७ माइलको दूरीमा रहेको यो एउटा शहर हो। राजा आनन्द मल्लले यस शहरलाई अष्टाकारको आकृतिमा देवदेवीहरू विराजमान गराई बनाएको हो। पूर्वमा ब्रह्मायणी, आग्नेय कोणमा माहेश्वरी, दक्षिणमा कुमारी र वैष्णवी, नैऋत्य कोणमा वाराही, पश्चिममा इनागाल गणेश, वायव्य कोणमा इन्द्रायणी, उत्तरमा महाकाली, ईशान कोणमा महालक्ष्मी र बीचमा श्री त्रिपुर सुन्दरी आदि देवीगणहरू (अष्टमातृका)-ले विराजमान भएको यो धार्मिक स्थान हो। फेरि यस शहरलाई उत्तर खासांखुसुं र दक्षिणमा हनुमन्ते खोलाले जिल्लाको शहर छुट्याइदिएको छ। यस नगरको हाल जनसंख्या करीब ४५००० जति छ। यहाँ गर्मीमा औसत तापक्रम ८५° फ० र हिउँदमा ४५° फ० सम्म पुग्दछ। यहाँ वर्षभरि नै न त अति गर्मी न अति जाड़ो हुन्छ। त्यसर्थ यहाँको हावापानी रम्य छ। मनसुनी हावाको बाटोमा परेकोले जेष्ट, आषाढ़ र श्रावण महिनामा प्रशस्त पानी पर्दछ। यसै बेला यहाँ धानको खेती हुन्छ।

यस भक्तपुर जिल्लाको प्रशासन हाल विकेन्द्रीकरण भई जिल्ला पंचायतको जिम्मामा अञ्चलाधीशका सहायकबाट र नगरको स्वायत्तशासन नगर पञ्चायतद्वारा सञ्चालित भएको छ। यो शहर देव-देवीहरूको कलापूर्ण मन्दिरहरूले भरिभराउ छ। यहाँ देवदेवीहरूको पूजा-आजा तान्त्रिक मतानुसार नै हुन्छ।

यहाँका मानिसहरूको मुख्य व्यवसाय खेतीमा नै निर्भर गर्दछ। व्यापार पनि अलि-अलि चल्दछ र कोही-कोही जागीरतिर लागेका छन्। यहाँका मानिसहरूले माटाका भाँड़ाकुँड़ा बनाउनमा ठूलो ख्याति प्राप्त गरेका छन्। हातबाट बुनेको

आरखण्डा, घरबुनाका कपड़ाको पनि खूब तारीफ छ। फेरि यहाँका मानिसहरूले बनाएको तकुवा टोपी (भादगाउँले टोपी) संसारका मानिसहरूले बड़ो प्रेमपूर्वक किनेर लैजान्छन्। खाने विषय पनि, यहाँ बनाएको 'जुजुधौ' भन्ने दही खूब प्रख्यात् छ। यस जिल्लाको एक ठाउँ ठिमीमा तर्कारीको खेती हुन्छ, जसलाई नेपाल राज्यको तरकारी-बगैंचा भने पनि हुन्छ।

भक्तपुर को आकृति



नेपालको सांस्कृतिक र प्राचीन शिल्पकला, चित्रकला र हस्तकलाको लागि यो शहर उदाहरणीय छ। मल्ल राजाहरूको पालामा बनेको ५५ झ्यालको दरबार, सुनढोका, भूपतीन्द्र मल्लको शालिक, साथै राजा भूपतीन्द्र मल्लबाट नै निर्माण गरिएको ५ तल्ले मन्दिर र भवदवाका भगवती, भैरवनाथ मन्दिर तथा यक्ष मल्लले

शिलान्यास गरेको दत्तात्रय मन्दिर, सुन-धारा पोखरीजस्ता अत्यन्त कलापूर्ण कृतिहरूबाट यस शहरलाई आजसम्म जिउँदो गराई उज्ज्वल बनाइराखेको छ ।

शैक्षिक क्षेत्रमा पनि भक्तपुर शहरले अत्यन्त उन्नति गरेको छ । यहाँ धेरै हाईस्कूलहरू र एक कालेज पनि छ । यहाँ धेरै अड्डाखानाहरू र मनोरञ्जनका लागि एक सिनेमाहॉल समेत छ । काठमाण्डू शहरदेखि ७ माईल टाढ़ा भए तापनि यहाँ यातायातको सुगम र सस्तो बन्दोबस्त भएको छ ।

पूर्व वृतान्त

ईसाभन्दा लगभग ७५० वर्ष अघिदेखि नेपालको इतिहास प्राचीन मान्दछन् । तर प्राचीनकालको शुरूमा एकहजार वर्षसम्म त अन्धकार नै थियो । तैपनि नेपालमा श्री पशुपतिनाथको मूर्ति स्थापित भैसकेको छ । गाई-पूजा, गोदान, ब्राह्मणलाई मान्ने आदि सनातन धर्म-कर्म मान्दै आइरहेका थिए । त्यसपछि लिच्छवीकाल आरम्भ हुन्छ । यस बेला नेपाल उन्नतिको चरम सीमासम्म पुगेको थियो र ठूला-ठूला तान्त्रिकहरू निस्की अपूर्व कुराहरू देखाए । देव-देवीउपर आफ्नो श्रद्धा दर्शाए । उनीहरूको चमत्कारका बयानहरू इतिहासको पानामा स्वर्णाक्षरले अङ्कित भै गुणगानहरू यत्रतत्र फैलिए । यिनीहरू (लिच्छवीहरू)-को शासन लगभग ६३० वर्षसम्म त चलि नै रह्यो । मानदेवको निधनपछि छोरो महिदेवलाई शासनबाट जबरजस्ती पतन गराई वैश्यहरू शक्तिशाली भै अभिभावकको रूपमा देखा परे । यिनीहरूको शासन पनि लगभग ३२० वर्षजति चल्यो । यसै बेला नेपालमा टोलटोलमा एक-एक राजा स्थापना भए । त्यसपछि मल्लहरूले नेपाल प्रवेश गरेर यी वैश्यहरूलाई आफ्नो अधीनमा पारी शासकको रूपमा नेपाल खाल्डालाई उपत्यका नामकरण गरे अनि मध्यकाल अथवा मल्लकाल नामले संज्ञा दिए । यसै बेला छिमेकी भारतमा मुसलमानी शासन विद्यमान भयो । तर नेपालमा भने नेवारहरू मल्ल राजाको नामले सुशोभित भए र भारत चीनसंग दौत्य सम्बन्ध मजबूत गरे । यिनीहरू यस बेला धर्मपरायण, कलामर्मज्ञ, साहित्यकार तथा पौराणिक ज्ञाता भए । यसै बेला नेपाल उपत्यकामा पाइलो-पाइलोमा देव-देवीहरूको मन्दिरले भरिभराउ भयो र समय-समयमा चाड़बाड़ र पर्व तथा यात्राहरूले स्थान जमाएका कुराहरू लेखिएको वंशावली, ठ्यासफू, सुवर्णपत्र, ताम्रपत्र र शिलापत्र आदि नेपालीहरूका आँखाका सामुन्ने आए । यसैलाई आज इतिहासमा संस्कृति भनी संज्ञा दिइयो । यही कुरालाई यहाँ मल्लकालीन इतिहास नामले प्रस्तुत गरिएको छ । यो हो पूर्व वृतान्त ।

अरिमल्ल :

बुद्धको समयभन्दा पहिले भारतको बिहार प्रान्तमा कुशीनगर (पावा) भन्ने

शहर थियो । त्यहाँ मल्ल राजाहरूको स्वतन्त्र रूपबाट राजतन्त्रात्मक शासन चलाउने सूर्यवंशी राजपूत क्षत्रीय राजाहरूका वंशज पहिला राजा विजयकामना देवपछि नेपाल खाल्डामा अरिमल्ल देव राजा भए । यिनी प्रख्यात लड़ाकू पहलवान राजा थिए । एक दिन कुस्ती खेलिरहेको बेलामा छोराको जन्म भएको सुसमाचार सुनेर यिनले आफ्नो छोराको नामपछाड़ि मल्ल जोड़िदिएका थिए । त्यसभन्दा पछिका राजाहरूले पनि आफ्नो नामपछाड़ि मल्ल जोड्ने चलन चलाइल्याएको कारणले गर्दा वंशावलीमा पनि मल्ल-शासन लेखिएर आएको बुझिन्छ ।

ती राजाका पालामा महादुर्भिक्ष भैं ठूलो अनिकाल परेको थियो र एक दामको दुई कुरुवा चामल बजारमा हुन गएको थियो । यिनले पछि आफ्नो राज्य भानिजलाई सुम्पेका थिए । यिनले ने. सं. ३६४ मा सिद्धपोखरी बनाई त्यसको पूर्व घाटमा शिवलिङ्गको डिलमा सोही कुरा लेखाएर गएका थिए[1] । यिनै राजाको पालामा तिर्हुतका एक नरसिंह ठाकुरले गुहेश्वरी देवीको धेरै पुरश्चरण गर्दा बागमतीको किनारमा जवा पुष्पको छेउतिर झिंगा छोपिरहनेछ, त्यहाँ तिमीले देख्न पाउनेछौ भनी सपना हुँदा नेपाल आई खोजतलास गरी हेर्दा श्री गुहेश्वरी देवीले त्यसलाई एक हातसम्म मात्र दर्शन दिई तिमीहरूको सन्तानलाई विद्या, धन र इलममा कसैले पनि जित्न सक्दैन भनी वर दिई लोप भइन् । यिनले लगभग ९ वर्षसम्म मात्र राज्य चलाएको अनुमान गरिएको छ ।

अभय मल्ल :

अरिमल्लपछि नेपाल खाल्डामा स्वतन्त्र रूपले शासन चलाउने राजा अभय मल्ल थिए । वंशावलीमुताबिक यिनले धेरै ग्रन्थहरू लेखेको बुझिन्छ । यिनको पालामा नेपालमा धेरै पटक भूकम्प गई देशमा हाहाकार मचेको थियो । जनताहरूले धनमाल छोड़ी विदेशिनुपरेको थियो । सो उपद्रव शान्त गर्न यी राजाले पशुपतिमा पक्ष-पक्षमा श्राद्ध र वर्षमा लक्ष होम गर्ने रीत चलाएका थिए । यिनका जयदेव मल्ल, अनन्त मल्ल र आनन्द मल्ल नाम गरेका छोराहरू थिए । यिनै राजाको पालामा ने. सं. ३७४ आषाढ़ शुक्ल तृतीयाको दिनमा पनि ठूलो भूकम्प गई धेरै देवमन्दिरहरू तथा धनजनको नोकसान भएको थियो । साथै यी राजा अभय मल्ल पनि यसै भूकम्पबाट स्वर्ग भए । बाबुको शेषपछि जेठा छोरा जयदेव मल्ल काठमाडूका राजा भए । बाँकी अरू भादगाउँतिर लागे ।

---

१. विजय राजदेव ...... संम्वत् ३६४ ...... यति अक्षर प्रष्ट छन् । तर कुनै-कुनै इतिहासमा सो पोखरी यक्ष मल्लले बनाएको भनी लेखिएको छ ।

अनन्त मल्ल :

राजा अनन्त मल्ल धार्मिक प्रवृत्तिका राजा थिए । यिनी अलि सोझा पनि थिए तर यिनी केही कमजोर राजा थिए । यिनी दरबारका भारदारहरूलाई राम्ररी कजाउन सक्तैनथे । तसर्थ भादगाउँमा त्यस बेला केही आतंक भैरहेको थियो । यी राजाका पालामा एक ज्योतिषीले यस मुहूर्तमा चखुं तीर्थमा सुन बगाई ल्याउने थाहा पाएर राजा अनन्त मल्ललाई बिन्ती चढ़ाउन गएका थिए । राजाले पनि उत्तिनैखेरि शूद्रहरूलाई खर्पन दिई बालुवा लिन पठाएका थिए भन्ने एउटा कथा छ । कथामा नेपाली सम्वत्लाई शंखधरकृत सम्वत् चलाएको कुरा यस प्रकार छ—लिच्छवीकालमा सोमवंशी (पालवंशी) राजा श्री राघवदेवको पालामा ईस्वी सन् ८८० मा ज्योतिषीहरूले ८ को अंक अशुभ छ भनी राजालाई विन्ती चढ़ाए । राजा राघवदेवले सो अशुभ हटाउने विचार गरे । त्यस वेलादेखि नेपाली अथवा नेवारी सम्वत् चलेको हो । यही कुरा बेण्डोलका वंशावलीमा पनि उल्लिखित भएको छ ।

पछि मल्ल राजाहरूको पालामा भक्तपुरका राजा अनन्त मल्ललाई ज्योतिषीले यस मुहूर्तमा चखु तीर्थमा सुन बगाई ल्याउनेछ र सबै बालुवा सुन हुने साइतको कुरा विन्ति चढ़ाए । राजाले तुरन्त भरियाहरू जम्मा गरी खर्पनहरू दिएर त्यस मुहुर्तको वेलामा चखुं तीर्थमा बालुवाका भारीहरू लिन पठाए । राजाको हुकूमबमोजिम त्यस मुहूर्तमा भरियाहरू बालुवा लिन गए । बाटोमा ल्याएको बालुवाका भारीहरू सुन भएको देखेर कान्तिपुरका एक शंखधर नाम भएका व्यापारीले (जसलाई सख्वाल पनि भन्दछन्) ती भरियाहरूलाई लोभ देखाई केही दाम दिई सो बालुवाका भारीहरू आफ्नो घरको छिंड़ीमा खन्याउन लगाई फेरि अर्को बालुवाका भारीहरू लिन पठाई भक्तपुरमा पठाए । भरियाहरूले ल्याएको बालुवाका भारीहरू सुन नभएको देखेर राजा अनन्त मल्लले त्यस ज्योतिषीलाई झुट्टा ज्योतिषी भनी गाली गरे । ज्योतिषीले आफ्नो शास्त्र झूठो साबित भएकोले आफ्नो त्यो शास्त्र आगोमा पोलिदिए । पछि बालुवा बोकेर ल्याएको खर्पनमा सुन टाँसिरहेको पत्ता लागेर आएकोले राजाले ती भरियाहरूलाई कार-केर गरी हेर्दा यथार्थ कुराहरू पत्ता लाग्यो ।

आफ्नो छिंड़ीमा खन्याइराखेको बालुवाका भारीहरू सबै सुन भएकोले व्यापारी शंखधरले कान्तिपुरका राजा जयदेवसंग अनुमति लिई त्यस सुनको आधारमा सब दुनियाँको ऋण चुक्ता गरिदिएर आफ्नो घरको अगाड़ि चैत्य स्थापना गरी देउपाटनका पशुपतिनाथ महादेवको अगाड़ि दक्षिण ढोकामासमेत शालिक स्थापना गरे । यसमा भक्तपुरका राजा अनन्त मल्लले आफ्नो भाग्यलाई धिक्कारे । त्यसै बेलादेखि नेपाल सम्वत्लाई शंखधरकृत नेपाल सम्वत् नाम राखियो । यो कार्तिक महीनामा

लक्ष्मी-पूजाको भोलिपल्ट गोवर्धन पूजादेखि नयाँ वर्ष शुरू भै अर्को साल लाग्दछ, तर यो विक्रम सम्वत्जस्तै गते वारबाट शुरू हुने होइन ।[1] नेपाल सम्वत् तिथिबाट शुरू हुन्छ ।

आनन्द मल्ल :

बाबुको शेषपछि आनन्द मल्लले कान्तिपुरदेखि लगभग ३।४ कोस पूर्व अघि ग्राम भैरहेको ठाउँलाई (भक्तग्राम) ठूलो गराई १२००० घर भएको बस्ती बसाली भादगाउँ शहर बसालेका थिए । यिनले ७०० घरको बनेपा शहरसहित खड्पु, पनौती, सांगा, धुलीखेल, चौकोट र नाला नामकरण गरी ७ गाउँ बसालेका थिए । यिनले भक्तपुर शहर बसाउन घोड़ा चढ़ी जगाहरू अनुसन्धान गरिरहेको बेलाको निम्नलिखित एउटा कथा पनि छ ।

हालको भद्रकालीको पीठमा घना जंगल थियो । त्यस जंगलको बीचमा बगिरहेको हनुमन्ते खोलाको किनारमा एकान्तमा हाड़ र छालामात्र भएकी, करुण अवस्थामा कपाल फुकाई बसिरहेकी एक वूढ़ी आइमाईलाई देखी आश्चर्य मानेर त्यो स्त्री अवश्य मनुष्य होइन भनी विचार गरी, त्यस बूढ़ीसंग तपाई को हुनुहुन्छ ? किन यसरी घना जंगलमा एक्लै बसिरहेकी भनी सोधे । बूढ़ीरूप भएकी भद्रकाली देवीले राजालाई ' यहाँदेखि उत्तरतिर लाग्दा विपरीत कुराहरू देख्न पाउनेछौ" भनी अदृश्य भइन् । राजाले आश्चर्य मानी उत्तरतिर जाँदा आखिर महाकालीको सत्तलपछाड़ि एक ठाउँमा एउटा सानु मुसो र एउटा ठूलो बिरालोको भिड़न्त देखे । त्यस भिड़न्तमा त्यो सानु मुसोले त्यत्रो ठूलो बिरालोलाई कायल पा-यो । त्यस भिड़न्त भएको ठाउँमा ठूलो खाडल बन्यो । अन्त्यमा त्यस्तो सानु मुसोले त्यत्रो ठूलो बिरालोलाई घिसार्दै लग्यो । राजाले अनौठो कुरो देख्न पाएकोले आश्चर्य मानी तिनीहरूको पीछा गरे । त्यो भिड़न्त भएको ठाउँमा ठूलो खाडल बनी पोखरी बनेकोले त्यो खाल्डो आजसम्म 'भौल्वा पुखु' भन्ने नामले प्रचलित भएको छ । सोही नामबाट नै आसपासका ठाउँको समेत 'भौल्वाछें' (हाल भोलाछे टोल) नाम रह्यो । राजाले त्यस मुसोले त्यत्रो ठूलो बिरालोलाई जंगलको बीचसम्म तानीकन एक ठूलो रूखको प्वालभित्र लगी अदृश्य भएको देखे । राजा त्यस रूखभित्र के रहेछ भनी प्वालबाट भित्र हेर्दा गणेशको मूर्तिको दर्शन पाए । राजा खुशी भएर त्यस रूखलाई काटी, त्यस ठाउँमा श्री गणेशको मूर्तिको स्थापना गरी सिद्धि प्राप्त गराई देवल बनाइदिए । राजाले त्यस ठाउँमा मुसो खोज्न गएको ठाउँ भएकोले त्यस गणेशको नाम नेवारी भाषामा

१. यी राजालाई कुनै-कुनै इतिहासमा आनन्द मल्ल पनि भनेको छ ।

'छुम्ह गणेश' नाम राखेको भन्ने बूढ़ापाकाहरूले भनेको हो। हिजोआज त्यस ठाउँलाई चोछे टोल भन्दछन्।

यिनै राजालाई कुनै-कुनै इतिहासकारले अनन्त मल्ल नै हुन् भनी लेखेका छन्। राजा आनन्द मल्ल ज्ञानी र पुरुषार्थी थिए। यिनले आफ्नो देशरक्षाको लागि अष्टमातृका देवीगणको पीठ बसाई देवीहरूको मूर्ति स्थापना गरी २४ टोल नामकरण गरेका थिए। यिनले यिनै देवीहरूको हरेक वर्षको वैशाख १ गतेको दिनमा खट बनाई सो खटमा राखेर जात्रा चलाउनुपर्ने रीत चलाइदिएका थिए। यो राजालाई श्री नवदुर्गा भवानीबाट सुदृष्टिको निगाह भएको थियो।

यी राजाको पालामा पश्चिम बुटवल शहरबाट मुकुन्द सिंहले धेरै फौज लिई लड़ाइँ गरी शहरका देवलहरू इत्यादि भत्काई लूटमार मचाई रोपिराखेको धान, मूला काटेर खाडलमा गाडी यत्र तत्र पारी कुहाइदिएका थिए। यसबाट श्री पशुपतिनाथ र महामाया देवीहरू कोप भै विभिन्न रूपमा प्रगट भै दुष्टहरूको फौजलाई यमलोक पठाइदिए। मुकुन्द सिंहमात्र संन्यासीको भेष गरी बुटवल नै फर्केका थिए। त्यस बेलादेखि नेपालमा हकुवा चामल र गुन्द्रुक सिन्की भन्न चलन आएको वंशावलीमा पाइन्छ।

हरिसिंह देव :

सिमरौनगढ़मा (जो बारा जिल्लाको कलैया भन्न ठाउँबाट चार कोस पूर्व पर्दछ) नान्यदेवका छः पुस्तापछिका कर्नाटक राजा हरिसिंह देव राज्य गरिरहेका थिए। सुल्तान गयासुद्दीन तुगलकले बंगालमा हमला गरेर आफ्नो आधिपत्य स्थापित गरी फर्केपछि सिमरौनगढ़मा (जसलाई नेवारी भाषामा सिमधनीगु गढ़ भन्दछ) पनि हमला गर्न लागे भनी आशंकाले फौजसंग राजा हमला गर्न गए। राजा हरिसिंह देव



तलेजु मन्दिर, भक्तपुर मूलचोक

उनीहरूको मुकाबिलामा टिक्न नसकी पराजित भए। फलत: दलबलसहित हरिसिंह देव त्यहाँबाट भागी नेपाल आई भादगाउँमा आनन्द मल्ललाई पराजित गरी साथमा ल्याएको श्री तुलजा भवानीलाई इष्ट देवता गरी स्थापना गरी राज्य चलाई बसे। सो तुलजा भवानी स्थापना गरेको ठाउँलाई मूलचोक नाम राखे।

यी राजाको साथमा सिमरौनगढ़बाट चार ब्राह्मण भण्डेल, आचार्य (कर्माचार्य), जोशी वैद्य, खड्गे र रजक इत्यादि थरका नेवारहरू पनि आएका थिए। राजा हरिसिंह देवले भादगाउँमा केही दिन राज्य चलाइसकेपछि श्री दुइमाजु देवीको दर्शन पाई अघि नान्यदेवले लुकाइराखेको धेरै धन प्राप्त गरे। राजा खुशी भएर त्यस दुइमाजु देवीको सालिन्दा देवाली पूजा गर्न धेरै गुठीहरू राखिदिए जो आजसम्म चली नै राखेको छ। केही महिनापछि राजा हरिसिंह देवले सिमरौनगढ़मा मुसलमानहरूले राज्य छोड़ी गएको थाहा पाएर आफ्ना छोराहरूको हातमा राज्य सुम्पी फेरि सिमरौनगढ़मा नै फर्केर गए तर बीच बाटोमा दोलखातिर पुग्दा तीन पाटन भन्ने ठाउँमा ने०सं०४४६, माघ शुक्ल तृतीयाको दिनमा हरिसिंह देवको मृत्यु भयो भनी इतिहासकारहरूको मत भएको छ। उनको शेषपछि मति सिंह (मान सिंह), शक्ति सिंह, गमन सिंह र श्याम सिंहले उपत्यकाको सम्पूर्ण राज्य चलाएका थिए। मति सिंह र श्याम सिंहको पालामा चीनसंग दौत्य सम्बन्ध स्थापना गरी राजदूतहरूको आदानप्रदान गरेको कुराहरू चीनका राजाहरूको वृत्तान्तबाट थाहा हुन्छ। हरिसिंह देवले आफूले जिती लिएको शहर भए तापनि मल्ल राजाहरूको सहायताले शासन चलाइगए। आफू राजामात्र कहलिए। राजा हरिसिंह देवले आफूले साथमा ल्याएको तुलजा भवानीविषय एउटा लामो कथा छ। कथा यस प्रकार छ :—

सत्ययुगमा स्वर्गको देवराज इन्द्रले हज्जार वर्षसम्म महादेवको तपस्या गरेपछि महादेवले देवराजको तपस्याबाट सन्तुष्ट भएर प्रगट भै वर माग्ने आज्ञा दिए। देवराजले सदा हजूरको सेवामा रहन पाउँ भनी विन्ती चढ़ाए। श्री शिवजीले इन्द्रलाई मन्त्र सुनाई एउटा यन्त्र दिएर यसलाई भोग-बलि दिई पूजा गरी बस्नु, म त्यसैमा लीन हुनेछु भनी आज्ञा दिई श्री शंकर अन्तर्ध्यान भए। स्वर्गका राजा इन्द्रले त्यस यन्त्रलाई दिनदिनै पूजा गर्दै रहे।

पछि रावणका छोरा मेघनादले पनि तपस्या गरे। श्री महादेवले यिनको भक्तिदेखि सन्तुष्ट भै प्रगट भएर वर माग्ने आज्ञा दिए। रावणका छोरा मेघनादले स्वर्गमा राज्य गर्न पाउँ भनी विन्ती चढ़ाए। श्री महादेवले उनको इच्छालाई स्वीकार गरिलिए। स्वर्गमा देवराज इन्द्र र राक्षसगणसहितको ठूलो लड़ाई भयो। अन्त्यमा देवगणको पराजय भै राक्षसहरूको विजय भयो। त्यस बेलादेखि रावणका छोराको नाम इन्द्र-

जीत हुन गयो र रावणका छोराले स्वर्गमा राज्य गरे । स्वर्गमा भोग सिद्धिन लागेको बेलामा इन्द्रजीतले त्यस यन्त्रलाई साथै ल्याई लंकामा राखी बलि-भोग चढाई दिनदिनै पूजा गर्दै राखे । त्यस बेला अयोध्याका रामचन्द्र वनवास गइरहेका बेलामा सीतालाई लंकाका राक्षस राजा रावणले छल गरी हरेर लैजांदा ठूलो युद्ध भै श्री रामचन्द्रले रावण-लाई मारी लंका शहरको राज्य रावणका भाइ विभीषणको जिम्मामा छोड़िदिए र लंकामा इन्द्रजीतले पूजा गरिराखेको यन्त्रलाई श्री रामचन्द्रले साथमा लिई अयोध्या-मा पुगेपछि दिनदिनै भोग-बलि चढ़ाई पूजा गर्दै रहे । जब श्री राजा रामचन्द्र स्वर्गा-रोहण हुन लागे त्यस यन्त्रलाई सपनाबमोजिम सरयू-गंगामा फालिदिए । ५।६ पुस्ता-पछिका राजा नलले पनि त्यस यन्त्रको महिमा ठूलो जानेर सरयू-गंगामा खोजी पत्ता लगाएर तन्त्र-मन्त्रद्वारा भोग-बलि दिई पूजा गर्दै रहे । राजा नलले पनि स्वर्गारोहण-को समयमा यो यन्त्रलाई सरयू-गंगामा नै फालिदिए । पछि पुरुरवाले पनि यन्त्रको उही गंगामा खोज-तलास गरी पत्ता लगाई पूर्व नीतिअनुसार नै पूजा गर्दै रहे । राजा पुरुरवाको भोग सिद्धिएपछि पनि राजा अलर्कले बिनामन्त्रबाट बिनाभोग-बलिले पूजा गर्दै रहे । राजा अलर्क ब्रह्मज्ञानी भएकाले निजलाई सपनामा मलाई सरयू-गंगामा फालिदिनु भनी श्रीयन्त्रले आज्ञा दिए । ब्रह्मज्ञानी राजाले त्यस श्रीयन्त्रलाई सरयू गंगामा नै फालिदिए ।

पछि सूर्यवंशी राजाहरूलाई पराजित गरी म्लेच्छहरूले अयोध्या शहर लिए । सूर्यवंशी राजा अलर्कका सन्तान नान्यदेवले जीविका चलाउनका निमित्त मुसलमान बादशाहको नोकरी गरे । संयोगवश नान्यदेवकी स्वास्नी, आमा-बाबु इत्यादि सबै परिवारको मृत्यु भयो । नान्यदेव हिन्दू धर्मका प्रबल समर्थक भएकाले बादशाहको नोकरी छोड़ी एक नोकर्नीसहित ज्यादै दुःख पाई यत्र-तत्र घुम्दै जीविका चलाउँदै रहे । एक दिन यिनको वास त्यहीं सरयू-गंगाको किनारामा भयो । अर्धरात्रिको सम-यमा नान्यदेवले सपनामा एक अति सुन्दरी स्त्रीलाई देखे । त्यस स्त्रीले नान्यदेवलाई भनिन्—"म तिमी सूर्यवंशीहरूको इष्ट देवता हूँ । मलाई यहीं सरयू-गंगामा तिम्रै अघिका पुस्ताले फालिराखेका छन् । तिमीले भमराहरूले छोपिराखेको गंगामा खोज-तलास गर्दा पाउनेछौ र तिम्रो भाग्य खुल्नेछ ।" यति भनी अन्तर्ध्यान भइन् । भोलि-पल्ट बिहानै निद्राबाट ब्यूँझेपछि खोज-तलास गरी हेर्दा गंगाजीमा भमराहरूले छोपिराखेको देखे । त्यस ठाउँमा खोज-तलास गरी हेर्दा एउटा तामाको पेटारो फेला परेछ । त्यो पेटारो खोली हेर्दा भित्र सुनको बट्टामा एउटा यस्तो श्लोक लेखिरा-खेको देखेछन् :—

"रामो वेति, नलो वेति वेतिराजा पुरोरवा,
अलर्कस्य धनं प्राप्य नान्यदेव भविष्यति"

त्यो सुनको बट्टा पनि खोली हेर्दा पूजा गराइराखेको 'श्रीयन्त्र' प्राप्त भयो। अर्को रातमा नान्यदेव सुतिरहँदा सपनामा मलाई जनकपुरको ठूलो जंगलमा लगी स्थापना गर्नु भनी यन्त्रबाट वाणी हुँदा भोलिपल्ट बिहान त्यस ठाउँलाई छोडेर जंगलतिर हिंडे। त्यस जंगलमा अजंगको कालो ... छ, नजानु भनी धेरैले मनाही गर्दा पनि नमानी नान्यदेवले जंगलभित्र पसी ए ... ढुङ्गामा वास बसे। अर्द्धरात्रिको बीचमा नान्यदेवले निद्रामा सपना देखे ... को किनारामा देखेको उही सुन्दरी स्त्रीले भनिन्—"यहाँ एउटा ठू ... आई मणि छोडी यता-उति खेल्न जानेछ। त्यस बेला सो मणिलाई ... छोपिदिनु, अनि नागले तिमीलाई हमला गर्न आउनेछ। त्यस बेला य ... ढुङ्गामुनि भएको खड्गले नागको शिर छेदन गरिदिनु। त्यसपछि यही ढुङ्गामुनि धेरै द्रव्य (धन)-ले भरिएका ७ वटा इनारहरूबाट धन झिकेर १२ मल्हारहरू र आफ्ना जातका मानिसहरू ल्याई देश बनाई देवल (मन्दिर) बनाएर मलाई स्थापना गर्नु भनी अदृश्य भइन्। नान्यदेव निद्राबाट बिउँझी झट्पट ढुङ्गामुनि हेर्दा एउटा खड्ग देखे। सोही खड्ग लिई नान्यदेव जागा भई बसे। सपनामा भनेजस्तै नाग आएर खेल्न लागेको बेलामा झट्ट मणिलाई गोबरले छोपिदिंदा नाग रीसको वेगमा नान्यदेवलाई हमला गर्न आइपुगे। नान्यदेवले आफूले समातिराखेको खड्गले नागको शिर छेदन गरिदिए। पछि मृत्युको समयमा पुगेका नागको शिर हेर्दा पहिले सरयू-गंगामा पाएको बट्टामा लेखिएको उही श्लोक सुनले लेखिराखेको देखे। नागको मृत्युपछि नान्यदेवले आफू वास बसिरहेको ढुङ्गा पल्टाई हेरे र असंख्य धनले भरिभराउ ७ वटा इनारहरू फेला पारे। त्यस धनबाट जंगल फाँडी १२ मल्हारहरू र आफ्ना जातका प्रजाहरू खोजेर ल्याई देश बनाउन शुरू गरे। नान्यदेवसंग एकजना नोकरनी पनि थिइन्। यी नोकरनीसंग रातमा निदाउने बेलामा सपनामा सधैं एकजना राक्षसनी क्रीड़ा खेल्न आउने गर्थिन्।

एक दिन राति निद्रामा सधैंजस्तै क्रीडा खेल्न आएको बेलामा त्यस युवतीले राक्षसनीसंग भनिन्—"मेरा मालिकले बनाएको देश कहिलेसम्म तयार होला ?" राक्षसनीले भनी कि यो ठूलो काम होइन, एकछिनमा तयार पारिदिन सक्दछु। कसरी हुने हो ? भनी फेरि सोधिन्। राक्षसनीले वृत्तान्त भन्न लागिन् कि यदि सवेरै नै सबै सुत्न गई कोही बाहिर नआइदिए मैले यो देश फलानो दिनमा एकै रातमा तयार पारिदिउँला भनी राक्षसनी विदा भइन्। भोलिपल्ट बिहान सो कुरा तिनले नान्यदेवलाई जाहेर गरिन्। त्यस दिनमा नान्यदेवले सबैलाई चाँडै सुत्न जानु, रातमा कोही पनि बाहिर नआउनु भनी उर्दी जाहेर गरे। ठीक त्यसै दिनमा त्यस जंगलमा बनाउन लागेको देशका कालिगढ़हरू सबैजना चाँडै सुत्न गए र रातमा कोही पनि बाहिर आएनन्।

त्यस दिनको राती उही राक्षसनीले आफ्ना सहयोगी धेरै राक्षसनीहरूलाई त्यस जंगलमा ल्याई देश बनाउन लागी। उत्तर दिशाबाट शुरू गरी दक्षिण दिशातिर त्यस जंगलमा गढ बनाउन आरम्भ गरी। केही मात्र बाँकी भएको बेलामा प्रातःकाल भैदिएकोले बाँकी त्यसै छोड़ी राक्षसनीहरू गए। भोलिपल्ट बिहान नान्यदेव तथा अरू सबै उठेर आएको बेलामा देश बनिरहेको देखेर आश्चर्य भए। नान्यदेवले त्यस देशलाई अलि तयार हुन बाँकी भएकोले 'सिमधनीगु गढ' (सिमरौन गढ) नाम राखेर देव मन्दिर बनाई आफूले ल्याएको श्रीयन्त्रलाई स्थापना गरी दिनदिनै मन्त्रद्वारा भोग-बलि दिई पूजा गर्दै त्यस ठाउँमा राज्य गर्दै रहे।

५।६ पुस्तापछि राजा हरिसिंह देवको पालामा मुसलमानहरूले दिल्ली कब्जा गरी देश बढ़ाउन लागेको देखेर यहाँ पनि म्लेच्छहरू आउन लाग्यो, मलाई नेपालमा लैजाऊ भनी त्यस श्रीयन्त्रबाट वाणी हुँदा राजा हरिसिंह देव त्यस यन्त्रलाई बोकेर जंगलै जंगलको बाटो गरी नेपालतिर लागे। बाटोमा भोग-बलि रोकिंदा त्यस यन्त्रले बाटोमा भेटिने जो कोही जनावरलाई भए पनि भोग-बलि दिनु भनो भनेकाले भोलिपल्ट बिहान एक ठूलो अर्ना भेटिएकोलाई पक्रेर ल्याई पूर्वतिर चाक गरी झाड़ा फिरिरहेको एकजना मानिसद्वारा बलि चढाउन दिएका थिए। हरिसिंह देव भादगाउँ शहरमा पुगेपछि त्यस यन्त्रलाई तुलजा भवानीको नामले एक अग्निहोत्र ब्राह्मणको घरमा स्थापना गरे।

श्री तुलजा भवानीले हरिसिंह देवलाई सपनामा जुन ठाउँमा माटो झिकी खाडल खन्दा फेरि सो झिकेको माटो पुरिदिंदा पहिलेजस्तै जमीन बराबर भै टम्म हुन्छ, त्यस ठाउँमा मलाई स्थापना गर्नु भनी आज्ञा भयो। राजा हरिसिंह देवले दत्तात्रय नजिकै बने लायकू भन्ने ठाउँमा खाडल खनेर माटो झिकी फेरि त्यो झिकेको माटो पुरी हेरे तर पहिलेजस्तै जमीन बराबर (सम्म) नभै अलि खाडल देखियो, त्यसपछि फेरि मेगेजिन भन्ने बगैंचाको ठाउँमा जमीन खनेर माटो झिकी सोही झिकेको माटो पुरिदिए तर माटो केही बढ्ता भै त्यस खाडलमा अटाएन। फेरि क्वाछेटोल भन्ने ठाउँमा पनि यसरी खाडल खनेर माटो झिकी हेरे, त्यहाँ पनि त्यस्तै भयो। अन्त्यमा अग्निहोत्र नाम गरेका ब्राह्मणको घरमा जमीन खनेर माटो झिकी पहिलेजस्तै फेरि माटो पुरिदिंदा पहिलेको अवस्थामा नै माटो टम्म भै जमीन बराबर भयो। राजा हरिसिंह देवले त्यस ठाउँमा आसपासका सबै ब्राह्मणलाई इच्छाबमोजिमको त्यस जग्गाको बदला अरू जग्गा भर्ना दिए। कसैले राम्रो घर रोजे, घर रोज्नेलाई घर नै भर्ना गरिदिए। पछि त्यस भर्ना पाउने ठाउँको नाउँ नेवारी भाषामा 'पलिसा छें' हुन गयो। अन्त्यमा देवताहरूमध्ये डरलाग्दो छत्रपाल (भैरव)-लाई आसन गरी गणेशको मूर्ति भएको दुर्गाका खम्बाका चार खुट्टा भएको ठूलो ढुङ्गाको खाटमा बस्ने एक सिद्धिप्राप्त

ठूला तान्त्रिक अग्निहोत्र ब्राह्मणलाई पनि धेरै दाम र अर्को ठाउँको जग्गा बदलामा दिन लागे तर सो अग्निहोत्र ब्राह्मणले ध्यान छोड्न परे तापनि आफ्नो ठाउँ छोड्न मन्जूर गरेनन् । राजा हरिसिंह देवले जबरदस्तीसँग त्यस ब्राह्मणलाई त्यस ठाउँबाट धपाई पठाए र श्रीयन्त्रलाई स्थापना गरी श्री तुलजा भवानी नाम राखे र भवानी स्थापना गरेको ठाउँको मूलचोक नाम राखेको हो । यसमा त्यस तान्त्रिक अग्निहोत्र ब्राह्मणको ठूलो चित्त दुख्यो र अवहेलना गरेको सम्झेर त्यही ठाउँदेखि केही दक्षिण-तिरको महादेवको मन्दिरमा गई सेसिएर आत्महत्या गरी मरे र प्रेतको रूप लिई राजा हरिसिंह देवलाई धेरै दुःख दिए । राजा हरिसिंह देवले त्यस तान्त्रिक अग्नि-होत्र बस्ने ढुङ्गाको खाटलाई टुक्रा-टुक्रा पार्न लगाई तितर-बितर हुने गरी अन्यत्र फ्याँक्न लगाए र आत्महत्या गरेको ठाउँ महादेवको मन्दिरलाई पनि भत्काउन लगाई, शान्ति-स्वस्ति गराई वर्ष-वर्षमा पासा चन्हेको दिनमा त्यस ठाउँमा बलि दिनका निमित्त गुठी पनि राखिदिए । सो ब्राह्मणले आत्महत्या गरेको ठाउँ जमद्वार चोकमा आज-सम्म निसाना राखेको छ । त्यो तान्त्रिक बस्ने ढुङ्गाको खाटलाई टुक्रा-टुक्रा गरी फ्याँ-किराखेको खम्बाका गणेशहरू सिद्ध भै जाग्रत भएर आएको, पछि मल्ल राजाहरूले थाहा पाए र ठाउँ-ठाउँमा स्थापना गर्न लगाए । एक खम्बालाई आफ्नो दरबारको ढोकामा 'पध्वाका' गणेशको (पालेको रूपमा) नामले स्थापना गराई देवल बनाइदिए । दोस्रो खम्बाको गणेशलाई तुलाछेंको विद्यापीठमा र आत्महत्या गरेको ठाउँको महादेवको मूर्तिलाई श्री इन्द्रायणीको पीठमा स्थापना गर्न लगाए । खाटको बीचको ढुङ्गालाई बगैंचामा फ्याँकिराखेको आजसम्म उस्तै नै रहेको छ र सो ढुङ्गा ९० सालमा पल्टाई हेर्दा ठूलो भूकम्प भै धेरै धन-जन नोकसान भयो भन्ने पनि धेरै मानिस भए । त्यो तान्त्रिक ब्राह्मणले आसन गरी बसेको छत्रपाल (भैरव) हाल वेकोचुकःमा आज-सम्म यथावत् नै रहेको छ । श्री तुलजा भवानीको बलि दिने काममा पहिले त्यस छत्रपाललाई पन्छाइसकेपछि मात्र अरू ठाउँमा हुन्छ भन्ने लोकमत चलेको छ ।

श्री गमनसिंह देव :

हरिसिंह देवका शेषपछि यिनका छोरा गमनसिंह देव भादगाउँको गद्दीमा बसे । यिनी पनि बाबुजस्तै विद्वान् थिए । यी राजाको पालामा भोटेहरूले श्री तुलजा भवानी ल्याएको थाहा पाएर धेरै लश्करहरू लिएर श्री तुलजा भवानीलाई हरेर लैजानलाई आएका थिए । सबै लश्करहरू खासाँखुसुं खोलामा पुग्दा भादगाउँ शहर नै आगोले दनदन बलिरहेको देखे । सबै आश्चर्य मानी एक-एक डल्लो माटो सबैले राख्दा पहाड़ नै बन्यो तैपनि आगो बलेको नै देखेर सबै आश्चर्य मानी त्यसै फर्की गएका थिए । श्री तुलजा भवानीले छल गरी देखाएको बेलामा भोटेहरूले राखेको

माटोका डल्लाहरू जम्मा पारेको पहाड़ आजसम्म 'दनेपाचो'-को नामले प्रख्यात भएको छ।

गमनसिंहको शेषपछि श्यामसिंह राजा भए। यी राजा कर्नाटक वंशका अन्तिम राजा थिए। राजा श्यामसिंहले पनि बाबुले आदर साथ राज्यमा काम-काज चलाउन लगाइराखेका पुराना घरानाका मल्ल राजाहरूलाई चित्त नदुःखाई राज्यको काम-काजमा लगाइराखेका थिए। राजा श्यामसिंह निसन्तान थिए। शक्तिसिंह बनेपामा राजधानी बसाली वहाँ नै बसेका थिए। राजा गमनसिंहलाई कुनै-कुनै इतिहासकारले मतिसिंह नै हुन् भनी लेखेको छ।

जयरुद्रदेव (जयभद्रदेव):

श्यामसिंहको मृत्युपछि जयरुद्रदेव मल्ल नै गद्दीमा बसे। यी राजालाई जयभद्रदेव मल्ल पनि भन्दछन्। यिनको जन्म ने० सं० ४१६ मार्ग कृष्ण त्रयोदशीको दिनमा भएको थियो। यिनी ठूला योद्धा तथा बहादुर थिए। यिनले ने० सं० ४३४ ज्येष्ठ शुक्ल पंचमीका दिनमा गोकर्णमा हमला गरी त्यसलाई जितेका थिए। ने०सं० ४३९, आश्विन कृष्ण सप्तमीका दिनमा उनले नेपाल उपत्यकाको राजधानी भक्त-पुरको 'त्रिपुर' भन्ने स्थानमा राजवास भन्ने किल्ला बनाएका थिए। तर सो राजवास किल्ला निर्माण भएको दुई वर्षपछि अर्थात् ने०सं० ४४१ को चैत्र शुक्ल द्वितीयाको दिनमा खसहरूले हमला गरी उक्त किल्ला भत्काइदिएका थिए। यी खसियाहरूको हमलामा अगुवा हुने राजा जितारी मल्ल र उनका सन्तानहरू नै थिए। यी खसियाहरूको राज्य हालको कर्णाली प्रदेशमा थियो। आदित्य मल्ल जितारी मल्लका छोरा थिए। यिनले पनि नेपाल उपत्यकामा पसेर ने० सं० ४४८ फाल्गुण शुक्ल सप्तमीको दिनमा नुवाकोटमा हमला गरी कब्जा गरेर ५ दिनपछि उपत्यकामा प्रवेश गरी तीनै शहरमा उत्पात मच्चाई आगो लगाई ठाउँ-ठाउँमा नष्ट-भ्रष्ट पारेर यहाँका जनतालाई धेरै दुःख दिएका थिए भन्ने गोपाल वंशावलीमा उल्लेख छ। राजा जयरुद्र देव मल्लको पालामा यी खसियाहरूले मात्र होइन, अरू ठाउँहरूबाट पनि नेपाल उपत्यकामा हमला भएको थियो। राजा जयरुद्रदेव मल्लले यी हमला गर्ने सबैसंग ठूलो वीरता देखाई मुकाबिला गरेका थिए। नेपाल उपत्यकाको हमलामा खसियाहरूको हमला भक्तपुरमा भयंकर भएको थियो। राजा जयरुद्रदेव मल्लले ठूलो वीरता देखाई लड्दा-लड्दै अन्त्यमा आफ्नो मातृभूमिलाई त्यागेर वीरगति प्राप्त गरे। उनका रानीहरूमध्ये चार रानीहरू मात्र सती गए। यिनै राजाको समयमा नेपालमा ठूलो भूकम्प पनि आएको थियो। वंशावली-अनुसार उक्त भूकम्पबाट श्री मच्छिन्द्रनाथको मन्दिर र देशका धेरै भागहरू भत्की

असंख्य धन-जनको नाश भएको थियो । राजा जयरुद्रदेव मल्लको मृत्यु ने०सं० ४४६ आषाढ महिनाको पूर्णिमाको दिनमा भएको थियो, जुन बेला यिनी ३० वर्ष ८ महिनाका मात्र थिए भन्ने उल्लेख छ ।

रानी देवल देवी :

आफ्ना पति जयरुद्रदेव मल्लको लड़ाईंमा वीरगति प्राप्त भएपछि रानी देवल देवी गद्दीमा बसी राजकाज चलाउन लागिन् । स्वास्नीमानिस भएर पनि यिनले पुरुष जातिले जस्तै बहादुरी र योग्यता देखाउँदै शासन चलाएकी थिइन् । पुरुष जातिले जस्तै यिनले पनि श्री महाराजाधिराज परमेश्वर परम भट्टारक भन्ने राज-प्रशस्ती पदवी ग्रहण गरेकी थिइन् । तर जयराजदेव मल्लको मृत्युपछि मात्र उनी मरिन् । जयरुद्रदेव मल्लको मृत्यु हुँदा यिनका छोरा नभई एकमात्र सानी छोरी नायक देवी नाम गरेकी बालिका जीवित थिइन् । यिनै नायक देवीका पिता जयरुद्रदेव मल्लको मृत्युमा सती गएकी चार रानीहरूमा यिनकी आमा पनि एक थिइन् । तसर्थ जयरुद्रदेव मल्लको मृत्यु भएको बेला सानी छोरी नायक देवीको हेरचाहको भार उनकी बज्यै अर्थात् जयरुद्रदेव मल्लकी आमा यदूमल्ल देवीले लिनुपरेको थियो, तर यदूमल्ल देवीको ज्यादै वृद्ध अवस्थाले गर्दा पहिले दरबारमा शरण लिइबसेकी र पछि राजा जयरुद्रदेवको भित्रिनी रानी भएकी रानी देवल देवीले राजकाजको काममा हात हाल्न पाउने भएकी थिइन् । यसै कारणले गर्दा यिनी राजकाजको काममा शक्तिशाली भएर निस्केकी थिइन् । यिनले आफूले पालन-पोषण गरेकी नायक देवीलाई ८/१० वर्षको उमेरमा अर्थात् ने०सं० ४४९ मा (वि०सं० १३८६ मा) काशीका एक राज-वंश हरिश्चन्द्रसंग विवाह गराइदिएकी थिइन् । विवाह भएको केही वर्षपछि यी नायक देवीले आफ्ना पति हरिश्चन्द्रलाई विष खुवाई मारिन् र पछि अर्के एक क्षत्रिय राजकुमार जगत सिंहसंग दोस्रो विवाह गरिन् । दोस्रो विवाह गरेका जगत सिंहको बीजबाट ने०सं० ४६७ पौष कृष्ण दशमीका दिन यिनले राजल्ल देवी नाम गरेकी छोरी जन्माइन् । यिनै राजल्ल देवीको विवाह ८/१० वर्षको उमेरमा जयस्थिति मल्लसंग सुसम्पन्न भयो[1] ।

जयराजदेव मल्ल :

देवल देवीको जीउ छउञ्जेल नै ज्वाइँ जगतसिंह तथा नायक देवीको मृत्यु भयो । यिनीहरूको मृत्युपछि जयराजदेव मल्ल राजा भए । तैपनि राज्यको सर्वेसर्वा सबै देवल

---

१. गोपाल वंशावलीमा देवल देवीलाई हरिसिंह देवकी रानी भन्ने उल्लेख गरिएको छ । 'प्राचीन नेपाल' २०३०, संख्या २४ को पृष्ठ ३६ मा हेर्नुहोला ।

देवी नै भइन् । यिनका पालामा अर्थात् ने० सं० ४७० मा बंगालका सुल्तान समसुद्दीनले नेपालमा आक्रमण गरी अनेकौं ठूला-ठूला मूर्तिहरू फोडी ठूलो लुटमार गराई दुनियाँमा हाहाकर मचाइदिए । देउपाटनको (हालको श्री पशुपतिनाथको) मूर्तिलाई पनि ३ टुक्रा गरी फोडिदिएका थिए भन्ने वंशावलीमा उल्लेख छ । नेपाल उपत्यकाको हमलामा यो हमला भयंकर थियो तर नेपालका देव-देवीहरूको प्रबल शक्तिले गर्दा यिनीहरू नेपालीहरूको अगाडि टिक्न नसकी नेपालबाट भागेर फर्की गएका थिए । यसपछि देवल देवीले राज्यको भार सबै आफ्नी नातिनी राजल्ल देवीलाई सुम्पेकीले स्वास्नीको नातामा प्रतिनिधि भएर जयस्थिति मल्लले नै सम्पूर्ण शासन चलाउन लागेका थिए । तर गद्दीमा सम्पूर्ण अधिकार जयराज देवको नै थियो ।

नाग मल्ल :

यी राजा बड़ा धर्मात्मा थिए । यिनी विशेष गरी देव-देवीको पूजामा नै लागिरहन्थे । यी राजाले आफ्ना पालामा दरबारमा श्री राधाकृष्णको स्थापना गरी २ तल्ले छाना राखी देवल बनाइदिए । देवतालाई प्रतिवर्ष फागुन शुक्ल पूर्णिमाको दिनमा यात्रा चलाइदिने गुठी राखी बरबन्दोबस्त गराइदिएका थिए । यी राजादेखि श्री नवदुर्गा भवानी खुशी भै हमेशा शुभ पावोस् भनी वर दिएकी थिइन् ।

जयार्जुन मल्ल :

जयराज देव र नाग मल्लको मृत्युपछि जयार्जुन मल्ल (अर्जुन मल्ल) गद्दीमा बसे । त्यस बेला जयार्जुन मल्ल १४ वर्षका मात्रै थिए । जयस्थिति मल्लले उपराजा भै सारा राजकाज संयुक्त भै चलाएका थिए । यो कुरा भारदारहरूलाई मन परेन । तसर्थ पाटनका भारदारहरू तथा प्रजाहरू मिली भक्तपुरमा आक्रमण गर्न ठिमीसम्म आइपुगे । जयस्थिति मल्ल स्वयं ठिमीसम्म गै आक्रमणकारीहरूलाई मारी भगाइ (लखेटी)-पठाएका थिए । यस्तो अवस्थामा भक्तपुरको शासनको भार सबै भक्तपुरका भारदारहरूको हातमा थियो । जयस्थिति मल्ल र जयार्जुन मल्ल खालि गद्दीको शोभा बढ़ाउने मात्र भए । आखिर कूटनीतिद्वारा पावरमा आइपुगेपछि भारदारहरूको सम्मति लिई जयार्जुन मल्ललाई ठूलो बेइज्जती गराई जयस्थिति मल्लले बनेपामा धपाई पठाइदिए । २२ दिनपछि जयार्जुन मल्ल फेरि भक्तपुरमा नै पसे । जयस्थिति मल्लले पुनः फर्केर आएको थाहा पाएर जयार्जुन मल्ललाई भक्तपुरको त्रिपुर क्वाछेमा कैद गरी राखे । वास्तवमा जयार्जुन मल्लको जयस्थिति मल्लसंग केही जोड चल्दैनथ्यो । आखिर जयार्जुन मल्ल ने० सं० ५०१ मा कैदमा नै मरे[1] ।

---

१. कुनै-कुनै वंशावलीमा कैदमा नै आत्महत्या गरी मरे भनी लेखेको छ ।

जयस्थिति मल्ल :

जयार्जुन मल्ललाई जालझेल गरी कैदमा राखेपछि ने०सं० ५०० मा जयस्थिति मल्लले आफूलाई राजा घोषित गरे। यी मल्ल राजाहरूमा ठूला कहलिएका छन्। यिनी प्रख्यात् राजा थिए। यिनी सूर्यवंशी राजा थिए। यिनकी आमा कर्नाटक वंश र बाबु मल्ल वंशका थिए। यिनी सिमरौनगढ़का हरिसिंह देवका सन्तान तथा अशोक मल्लका छोरा थिए। यिनले ने० सं० ५०० देखि ने० सं० ५४५ सम्म याने ४५ वर्ष-सम्म राज्य गरे भनी धेरै इतिहासकारहरूले लेखेका छन्। तर, यिनले १६ वर्ष याने ने० सं० ५०० देखि ने० सं० ५१६ सम्म पनि राज्य गर्न पाएनन्। यिनकी स्वास्नीको नाम राजल्ल देवी थियो। राजा जयस्थिति मल्लको राजकाजको बन्दोबस्तदेखि सबै (संसार) चकित भएका छन्। यिनीसंग राजामा हुनुपर्ने सबै गुणहरू थिए। यिनी बड़ा अनुभवी र योग्य व्यक्ति थिए। यिनी विद्वान् मात्र नभै ठूला कवि पनि भए। यिनी अत्यन्त ठूला राजनीतिज्ञ, वीर तथा ठूला सुधारक थिए। यिनले आफ्नो दरबारमा विद्वान्हरूको ठूलो आदर तथा सत्कार गर्दथे। यिनी स्वास्नीको नाताले सानु उमेरदेखि नै राजकाजसम्बन्धी काम गरी बसेकाले यिनीलाई राज्य चलाउन गाऱ्हो भएन तर राजाको जीउ छउञ्जेल नै ने० सं० ५०६ कार्तिक द्वितीयाको दिनमा रानी राजल्ल देवीको मृत्यु भयो।

आफू राजा हुना साथ यिनले नेपाल उपत्यकाको सारा राज्य आफ्नो अधीनमा राखे। यिनको विदेश नीति राम्रो भएको देखेर उसबेला चीनले पनि सम्बन्ध राखेका थिए। यिनी हमेशा देश सेवा र दुनियाँको भलाई गर्न निमित्त लागिरहन्थे। यिनले गरेका सुधारहरूले गर्दा उस बेला यिनी अद्वितीय राजा कहलिएका थिए। यिनले गरेका मुख्य सुधारहरू ४ प्रकारका छन्—(क) सामाजिक; (ख) भूमि, तौल, नाप र आर्थिक; (ग) धार्मिक; (घ) साहित्यिक।

(जयस्थिति मल्ल, भक्तपुर)

सामाजिक सुधार :

सबभन्दा पहिले राजा जयस्थिति

मल्लले जातिको मर्यादा मिलाउन लागे। यिनले धर्मशास्त्रबमोजिम श्री कान्यकुब्जी कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, मैथिली श्रीनाथ भट्ट, र रामनाथ झा समेतको मद्दत लिई जातको ठेगाना गरी स्थिति बाँधिदिएका दिए। पहिरनमा पनि जात हेरी पहिरन गर्नुपर्ने नियम बाँधिदिए। ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्ण र ६४ जात बनाइदिए।

ब्राह्मणले देव-देवीको पूजा गरी खाने, क्षत्रीले राजकाजसम्बन्धी काम गर्ने, वैश्यले व्यापार इत्यादि र शूद्रले खेती-पाती तथा चारै वर्णको सेवा गरी खाने र पानी नचल्ने, जस्तो पोडे इत्यादि पेशाबाहेक अरू काम गर्न नपाउने नियम बनाइदिएका थिए। यसभन्दा पनि कसाईहरूले बाहुला नभएको लामो लबेदा लगाउनुपर्ने, पोडेहरूले झिंगटीवाल घर बनाउन नपाउने तथा सुनको गहना, टोपी, जुत्ता इत्यादि लगाउन नपाउने र देशभित्र आउनुपर्दा पोडेहरूले कपालमा जाल ढाकेर (छोपेर) आउनु-पर्ने इत्यादि नियमहरू बाँधिदिएका थिए। माथिका जातले तल्लो जातसंग पोइल गएमा तल्लो जात नै हुनुपर्ने र भोज-भतेर नियम, विवाह, जन्म-मृत्यु सबै नियमहरू बनाई खान पिउन, छूआछूत सबै किसिमको बन्धेजको बन्दोबस्त गरिदिएका थिए। मुर्दा पोल्दा जात हेरी पोल्न पर्ने गरी ठाउँ-ठाउँमा जग्गाहरू किनी मसान बनाइदिएका थिए। अपराधीलाई पहिले बेसगरी कुटेर सजाय गर्नुपरेमा अबउप्रान्त दण्ड-जरीबाना मात्र तिरे पुग्ने गराइदिएका थिए। यसले गर्दा राजबन्दीहरू बर बर नभै मुद्दामामिला हेरी दण्ड गर्न सजिलो हुने भयो। यसरी राजा जयस्थिति मल्लले सामाजिक व्यवस्थामा ठूलो परिवर्तन ल्याएका थिए।

भूमि, नाप, तोल र आर्थिक सुधार :

जमीनलाई राम्रो सुधार गर्ने हेतुले सबै जमीनलाई औवल, द्वयम, सिम र चहार गरी ४ प्रकारको नाम राखी स्थिति बाँधिदिएका थिए। जमीन नाप्ने जंजीरलाई १० हातबाट घटाएर ७॥ हातमात्र गराइदिएका थिए। जनतालाई पैसाको खाँचो हुने बेलामा जमीनलाई बेचबिखन तथा बन्धक राख्न पाउने गरी नियम बनाइदिए। जग्गाको मोल तोक्दा औवल जग्गाको ९५ हात, द्वयम जग्गाको १०९ हात, सिम जग्गाको ११२ हात र चहार जग्गाको १२५ हातको जग्गाको मोल बराबर गरि-दिए। खेत या बाली लाग्ने जग्गा नाप्नेलाई 'क्षत्रकार' र घरको जग्गा नाप्नेलाई 'तक्षकार' भन्ने चलन चलाए। घरको मोल निर्धारण गर्दा शहरको घरलाई ८५ हातको घेरा, गल्लीको घरलाई ९५ हातको घेरा र गल्लीभित्रको घरलाई १०१ हातको घेराको मोल बराबर गरी लिने-दिने चलनको नियम बनाइदिएका थिए।

यसबाहेक व्यापारको सुधार होस् भन्नाखातिर नाप गर्ने पाथी, कुरुवा, माना र चौठी र तौल गर्ने धार्नी, आधा धार्नी, पाउ, छटाक र तोला इत्यादि चलन-चल्तीमा तराजुको पनि राम्रो सुधार गरी व्यापारको लेनदेनमा सजिलो पारिदिएका थिए। यसले गर्दा नेपाल उपत्यकामा व्यापार खूब चली नेपाली व्यापारीहरू धनाढ्य भएँ।

राजा जयस्थिति मल्लको नियमले गर्दा अपराधीहरूको दण्ड-जरीबाना तथा अरू इत्यादि रकमबाट सरकारी कोषको ढुकुटी मजबूत भयो। फेरि सबै किसिमका अपराधी-हरूलाई जेलमा मात्र राखिछोड्दा भोजनमा ज्यादा खर्च भै सरकारको नोकसानी र एक ठाउँमा कैदीहरूलाई निगरानी राख्दा उत्पन्न हुने ठूलो गोलमालबाट समेत सर्कारलाई बचाएका थिए।

धार्मिक सुधार :

राजा जयस्थिति मल्ल ज्यादा नै धर्मात्मा थिए। यिनको देव-देवीहरू र मन्दिर-हरू बनाउनमा ठूलो सोख थियो। यिनले धेरै मन्दिरहरू बनाई देव-देवीका मूर्तिहरू स्थापना गरी चाहिने गुठीहरूको बरबन्दोबस्त गराइदिएका थिए। पाटनमा कुम्भेश्वरको पोखरी खन्दा अथवा सफा गर्दा भेटिएका नारायण, गणेश, वासुकी, शीतला र वराह इत्यादि देव-देवीहरू ठाउँ-ठाउँमा स्थापना गरिदिए। यिनले गोकर्णेश्वर र गोरख-नाथको पूजा चलाउन गुठीहरूको बन्दोबस्त गराइदिए। यिनले पशुपतिदेवअगाडि आफ्नो सालिक पनि राखिदिए। भादगाउँको टौमढी टोलनेर गाहिटीसंगै पनि २ तल्ले मन्दिर बनाई नृसिंहको मूर्ति स्थापना गरी शिलापत्र देवलभित्र नै राख्न लगाए। पशुपतिको मन्दिरको दक्षिणतिर उन्मत्त भैरव पनि यिनैले स्थापना गरेका हुन्। यिनले पशुपतिको बागमतिपारिपट्टि रामघाटमाथि लवकुशसहित रामको मूर्ति स्थापना गरी मन्दिर पनि बनाइदिए। यिनैले यसरी नेपाल उपत्यकामा ठाउँ-ठाउँमा देव-देवीका मूर्तिहरू स्थापना गरी धेरै मन्दिरहरू जीर्णोद्धार गराई धार्मिक सुधार गरिराखेको आजसम्म प्रशस्त पाइन्छन्। देशमा शान्ति-सुव्यवस्थाका लागि यिनले बराबर कोटि-होम पनि गरेका थिए। पाटनमा कुम्भेश्वरको मन्दिर पनि यिनैले निर्माण गरेका हुन्।

साहित्यिक सुधार :

राजा जयस्थिति मल्लले साहित्यमा पनि ठूलो उन्नति गरेका थिए। उनको समयमा संस्कृतमा र नेपाल (नेवारी) भाषामा ठूलो उन्नति भएको थियो। यिनले आफैले संस्कृत भाषामा राम्रा-राम्रा रसिला कविताहरू रचेका थिए। यिनले रामायण र भैरवानन्द नाटक लेखी आफैले अभिनयसाथ नाटक खेलाई देखाए। यिनले

उस बेला गरेको साहित्यको उत्थान संसारमा आजसम्म पनि ठूलो महत्वको छ। इतिहासहरूमा पनि यिनको उत्तिकै सोख थियो। यिनी पुराना इतिहासहरू संकलन गरी आफै हेर्ने गर्दथे। यिनको गाना गाउन र बाजा बजाउनमा ठूलो सोख भएकोले गान-बजानमा ठूलो सुधार भएको थियो। राज-घरानाको शवयात्रा लिएर जाने बेलामा र दाहसंस्कार गर्ने बेलामा 'दीपक राग' गाउने चलन पनि चलाइदिए जो आजसम्म छँदैछ।

यी माथिका कारणबाट राजा जयस्थिति मल्ल कतिका विद्वान् तथा कतिका ठूला व्यक्ति रहेछन् भन्ने कुरा स्वतः सिद्ध हुन्छ। तसर्थ उनलाई त्यस बेलाको स्वर्णभूषक अद्वितीय भन्न सकिन्छ। यिनका धर्ममल्ल, ज्योतिर्मल्ल र कीर्तिमल्ल नाम गरेका ३ छोराहरू थिए। राजा जयस्थिति मल्लको ने. सं. ५१५ तिर मृत्यु भएको थियो।

६४ जातको तालिका :

१. चर्मकार, २. मातंगी (छालाको काम गर्ने), ३. नियोगी, ४. रञ्जीत (छीपा) ५. धोबी (लुगा धुने), ६. क्षेत्रकार, ७. लोहंकार, ८. कुण्डकार, ९. नादि छेड़ी, १०. तन्कार, ११. धान्यमारी, १२. बदी, १३. किरात, १४. कसाई (मासु बिक्री गर्ने), १५. माली, १६. व्यञ्जनकार (भोजन बनाउने), १७. मानधुर, १८. नटिजीव, १९. सुरावीज, २०. चित्रकार (पुं), २१. गाइने (बाजा बजाउने), २२. बाथहोम, २३. नतेवरुड, २४. सुरप्पकार, २५. विमारो, २६. टंकधारी, २७. तयो रुत, २८ कांजीकार, २९. भायला चन्चु, ३०. गोपक (ग्वालाहरू), ३१. ताम्रकार, ३२. सुवर्णकार, ३३. कांस्यकार, ३४. कर्निक, ३५. तुलाधर, ३६. कुम्भकार, ३७. क्षत्रीकार, ३८. स्रिखरी, ३९. तक्षक, ४०. दारुकार, ४१. लेपित, ४२. नापित (नाउ), ४३. भारिक, ४४. शिल्पकार (लोहंकर्मी), ४५. मरिकार, ४६. चिछक, ४७. सुपिक, ४८. सुजिकार (भुजिकार), ४९. स्रिचान्ते, ५०. अलम, ५१. दैवज्ञ (पत्रज्याक [जोशी]), ५२. गणिक (ग्रहज्याक [जोशी]), ५३. ज्योतिषि (दशाफल ज्याक [जोशी]), ५४. ग्रह चिन्तक (ग्रह ज्याक [जोशी]), ५५. आचार्य, ५६ देवचिन्त, ५७. पूजित, ५८. अमात्य (महान सैनिक काम गर्ने), ५९. सचिव, ६०. मन्त्री, ६१. कायस्थ (कसजु), (कायस्थ ६ प्रकारका छन्—ड्ाब्रुकस, भेंपुकस, इनाचोकस, भारवाचोकस (भाजुकस), चिलंकस र क्वाच्छेकस।) ६२. लेखक, ६३. भूप, राजा, नरेन्द्र, क्षत्री, ६४. द्विज, विप्र अथवा ब्राह्मण[१]।

---

१. ६४ तालिकाभित्र नै पर्ने ६ ठहर जातका तालिका—१. हाडा (बिजुकछे), २. होरा (बिजुकछे), ३. रायठोर (उझांथाछे), ४. चलादेव (जोंछे), ५. भण्डेल (भारी), ६. देव (चोछेबहाल)।

धर्म मल्ल :

बाबुको मृत्युपछि भक्तपुरको राजगद्दीमा ने. सं. ५१५ मा धर्ममल्ल बसे। जेठा राजकुमार गद्दीमा बसे तापनि धर्ममल्ल, ज्योतिर्मल्ल र कीर्तिमल्ल तीनै भाइहरूले संयुक्त शासन चलाए। यिनै तीनै भाइहरूले १३ वर्षसम्म शान्तिपूर्वक शासन चलाएका थिए। यिनीहरूको पालामा पनि धेरै धर्मकीर्तिहरू राखेर गएको आजसम्म ठाउँ-ठाउँमा पाइन्छन् र साथै दुनियाँलाई पनि धर्मकीर्तिहरू राख्न लगाउनमा राजाहरूले ठूलो प्रोत्साहन दिएका थिए। यिनीहरूले तौलाछे टोलको वाकुपति नारायण-कहाँ ढुङ्गाको खम्बामा गरुड पनि स्थापना गर्न लगाएको आजसम्मन् विद्यमान छ। पछि दाजुभाइहरूको वैमनस्य भै संयुक्त शासन चलाउन पाएनन्।

ज्योतिर्मल्ल :

१३ वर्षसम्म ३ भाइहरूले शांतिपूर्वक शासन चलाइसकेपछि आफ्नै पौरुषबाट ज्योतिर्मल्लले एक्लै गद्दीमा बसी एकलौटी शासन चलाएका थिए। राजा ज्योतिर्मल्लले धेरै उपाधिहरू प्राप्त गरे। यिनी विद्वान् तथा बुद्धिमान राजा थिए। यिनी विद्वानहरूको ठूला आदर गर्दथे। यिनी सबै धर्मलाई बराबर सम्झँदथे। यी राजा ज्योतिषशास्त्रमा निपुण थिए। यिनले पशुपति मन्दिर र स्वयम्भूको चैत्य पनि जीर्णोद्धार गरेका थिए। यिनले पशुपतिमा लक्षहोम पनि गरेका थिए। यिनले यिनै पशुपतिमा स्वर्णकलश पनि चढाए। यिनले ज्योतिष-शास्त्रमा सिद्धिसार ग्रंथ लेखे। यिनैले कुवलयाश्च नामक नाटक पनि रचेर प्रचार गराएका थिए। राजा ज्योतिर्मल्लले साहित्यको विकास गर्न निमित्त उत्सव-उत्सवमा नाटकको रचना गरी ठाउँ-ठाउँमा खेलाई देखाए। साथै अरूहरूले रचना गरेका नाटकहरूलाई यिनले प्रोत्साहन दिई मद्दत गर्दथे। राजा ज्योतिर्मल्लकी रानीको नाम संसारदेवी थियो। यिनै रानीबाट ने० सं० ५२८ मा जेठा छोरा यक्ष मल्लको जन्म भएको थियो। राजाले छोरा यक्ष मल्ललाई राजकाज चलाउन बराबर तालीम दिन्थे। यी राजाको राज्यकाल ने० सं० ५५९ सम्म भएको अनुमान हुन्छ।

यक्ष मल्ल :

ज्योतिर्मल्लको मृत्युपछि भादगाउँको गद्दीमा राजकुमार यक्ष मल्लले राजतिलक लिए। बाबुको तालीमले गर्दा यिनलाई शासन-कार्यमा ठूलो ज्ञान मिलेको थियो। यिनी नेपालका शक्तिशाली राजाहरूमा एक थिए। यिनी ठूला बुद्धिमान तथा वीर योद्धा थिए। यिनी हिन्दू धर्मका प्रबल समर्थक थिए। यिनी आफै ठूला विद्वान् थिए। यिनी विद्वान्हरूको ठूलो आदर तथा सत्कार गर्दथे। यिनले पशु पतिनाथको पूजा

चलाउन दक्षिण भारतबाट ४ जना भट्ट ब्राह्मणहरू बोलाईकन पुजारी बनाएका थिए। यिनी दूरदर्शी राजा थिए। वंशावलीको कथनअनुसार यिनले श्री चण्डेश्वरी देवीबाट एककोटी द्रव्यको प्रसाद प्राप्त गरेका थिए। सोही द्रव्यबाट देश निर्माण गरी बाकी दाम मूलचोकमा गाडी राखेका थिए। उक्त भट्ट ब्राह्मणहरूको सन्तानबाट आजसम्म पशुपतिमा पुजारी हुने चलन कायम भएको छ। यी राजालाई देव-देवीहरूको मन्दिरहरू बनाई देवताहरू स्थापना गर्ने ठूलो सोख थियो। यिनले ठाउँ-ठाउँमा स्थापना गरेका देवता तथा मन्दिरहरूका कीर्तिहरू धेरैजसो आजसम्म मौजूद नै छन्। यिनै राजाले कान्तिपुरमा लोकेश्वर र पाटनमा मीननाथको मूर्ति स्थापना गरेका थिए। यिनले भक्तपुरमा दत्तात्रय मन्दिर बनाउन लगाई देवता स्थापना गरेका थिए र वर्ष-वर्षमा जात्रा चलाउन गुठी राखी आफ्नो शालिक पनि चढ़ाए। यिनैले हाल ५५ झ्याल भएको दरबारको पनि शिलान्यास गरेको हो। यिनै राजाले आफ्नो दरबारको दक्षिणतिर पशुपतिनाथ महादेव स्थापना गरी यक्षेश्वर महादेव नाम राखी नित्यार्चनको लागि गुठीसमेत राखी इताछे टोल बस्ने सदन झालाई ताड़पत्रको सनद गरी पूजाहारी बनाएको ताड़पत्र मन्दिरभित्र नै राख्न लगाएका थिए। श्री यक्षेश्वर महादेव स्थापना भएको विषयमा निम्न कथा प्रचलित छ :—

राजा यक्ष मल्ल प्रतिदिन पशुपतिनाथको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे। एक दिन वर्षाको समयमा बाग्मतीमा ठूलो बाढी आएकोले राजा यक्ष मल्ल बाग्मती तर्न सकेनन्। त्यसैले त्यस दिन राजा पशुपतिनाथको दर्शन नगरी भक्तपुर राजदरबारमा नै फर्के। तर, पशुपतिनाथको दर्शन गर्न नपाउँदा त्यस दिन राजा निराहार बसे। त्यसै रातको सपनामा राजालाई पशुपतिनाथको दर्शन मिल्यो र "अबदेखि यसरी दु:ख गरेर तिमीले यहाँसम्म कष्ट गर्नुपर्दैन, भक्तपुरमा नै मेरो मूर्ति स्थापना गरी दर्शन गर्ने गर, म त्यसैमा लीन हुन्छु" भन्ने श्री पशुपतिनाथबाट सपनामा आज्ञा मिल्यो। त्यसपछि पशुपतिनाथको आज्ञाबमोजिम राजा यक्ष मल्लले पशुपतिनाथको ढाँचामा मन्दिर बनाउन लगाई पशुपतिनाथ महादेव स्थापना गरिदिएकोले यक्षेश्वर महादेव नाम हुन गयो।

ने० सं० ५६७ भाद्र शुक्ल तृतियाको दिनमा राजा यक्ष मल्ल गोसाईं कुण्डमा तीर्थयात्रा गर्न गए र भाद्र शुक्ल द्वादशीका दिनमा कुण्डमा स्नान गरी चार दिनसम्म बसेर गाई दान गरी फर्केका थिए। यी राजाले आफ्नै नातेदार यक्षराजको मृत्यु हुँदा शोकाकुल भै निजको आत्म-शान्तिको निमित्त ने० सं० ५९१ माघमा गाहिटीको ढुङ्गेधारामा नारायणको मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा गरेर नारायणको आसनमा शिलालेख लेख्न लगाएका थिए। जो आजसम्म पनि इनारसंगै मौजूद छ।

उक्त ढुङ्गेधारा वैशाख संक्रान्तिको दिनमा लिङ्ग उभ्याउन र ढाल्न भैरव र भद्रकालीको रथ लैजानलाई अपठ्यारो भएकोले पछिका मल्ल राजाहरूले इनार एकमात्र राखी धारालाई पुरिदिए भन्ने कुरा वंशावलीबाट थाहा भएको छ ।

राजा यक्ष मल्लले ने० सं० ५६० जेष्ट सुदी १० का दिनमा टौमढी टोलमा सुनको धारा स्थापना गरी देवता प्रतिष्ठा गरेर सुनको छाना र गजूरसमेत चढाई ठूलो ढुङ्गामा बयानहरू लेखेको आजसम्म टौमढी टोलमा विद्यमान छ ।

यिनले (राजा यक्ष मल्लले) ने० सं० ५८८ कार्तिक कृष्ण द्वितीयाको दिनमा आफ्ना दिवंगत छोरा जयराज मल्लको नाममा छोराजत्रो अग्लो ठूलो सुनको नारायणको मूर्ति स्थापना गरेर प्रतिष्ठा गरी सत्तल, कुवाँ, धारा आदि बनाई शिलापत्र राखिदिएका दिए ।

राजा यक्ष मल्ल ठूला पराक्रमी तथा वीर योद्धा भएकाले यिनलाई आफ्नो राज्य बढ़ाउन ठूलो सोख भएको थियो । यिनले सबभन्दा पहिले सामन्तहरूलाई आफ्नो अधीनमा ल्याए । नेपाल खाल्डाका राज्यहरूमा आफ्नो प्रभुत्व जमाइसकेपछि राज्य विस्तार गरे । यिनले ने० सं० ५८८ फागुन शुक्ल द्वादशीका दिनमा नुवाकोटमा हमला गरी वैश्यहरूलाई पराजित गरेर बिजय प्राप्त गरेका थिए । यिनले पूर्वमा मोरंग, पश्चिममा गोरखा, उत्तरमा शिकारजोङ्ग, र दक्षिणमा तिर्हुतसम्म आफ्नो प्रभुत्व कायम गरेका थिए । यिनले आफ्नो राजधानी भादगाउँ शहरको चारैतिर किल्ला (पर्खाल) बनाई देशको रक्षा मजबूत गरेका थिए । किल्लाको रक्षा निमित्त नियमहरू पनि जारी गरेका थिए । यिनकी रानीको नाम कीर्तिलक्ष्मी देवी थियो । यी रानीले पनि धेरै कीर्तिहरू राखेर गइन् । तर राजा यक्ष मल्लको मृत्यु हुँदा यिनी सती जान पाइनन् । यिनले ने० सं० ६०७ आषाढ़ शुक्ल सप्तमीमा आफ्ना पतिले स्थापना गरेको श्री यक्षेश्वर महादेवकहाँ २४ वटा सुनका जलप लगाएका सिंहका टाउकाहरू चढाएकी थिइन् । राजा यक्ष मल्ल ने० सं० ६०२ मा नै स्वर्गवास भएका थिए ।

यिनका छःवटा छोरा र एक छोरी थिए । छोराहरूको नाम क्रमशः—रायमल्ल, रत्नमल्ल, रणमल्ल, राममल्ल, अरिमल्ल र पूर्णमल्ल (प्रभुमल्ल) तथा छोरीको नाम धर्मवती थियो । राजा यक्ष मल्लले आफ्नो जिऊ छउन्जेल झगड़ा हुन नपाओस् भन्ने हेतुले आफुले जिती लिएका देशहरु यिनै छः छोरा र एक छोरीलाई लगभग ने० सं० ५९५ तिर बाँडिदिएका दिए । जेठा छोरा रायमल्ल भक्तपुर, माहिला छोरा रत्नमल्ल कान्तिपुर, कांछा छोरा रणमल्ल बनेपा र छोरी धर्मवती र अरू बाँकी छोराहरूले ललितपुर (पाटन) पाएका थिए । बखले गर्दा एकताको गाँठोमा

मस्काएर बाँडेको नेपाल राज्य यक्ष मल्लको मृत्युपछि टुक्रा--टुक्रा भएर फुस्कन गयो । विचारको कमीले अर्थको अनर्थ हुन गएको थियो । बाबुको मृत्युपछि यी दाज्यु भाइहरूको वैमनस्य बढ्दै झगड़ा हुन थाल्यो । फलस्वरूप लड़ाई-झगड़ामा फँस्नुपर्दा नेपाल कमजोर हुँदै गयो । यही अदूरदर्शिताले गर्दा कालान्तरमा गोरखाका राजा पृथ्वीनारायण शाहलाई सजिलैसंग नेपाल खाल्डा विजय गर्न बाटो मिल्यो । फलस्वरूप मल्लशासन नै सदाका लागि खतम भै शाह-शासन शुरू भयो ।

राय मल्ल :

ने० सं० ६०२ मा बाबुको मृत्युपछि जेठा छोरा राय मल्ल भक्तपुरको गद्दीमा बसे । त्यस बखत भक्तपुरको राज्य पूर्व बनेपा, पश्चिम बागमतीको किनारसम्म

दत्तात्रय मन्दिर, भक्तपुर

पुगेको थियो । राजा हुनासाथ यिनले आफ्नो राज्य दूधकोशीसम्म बढ़ाएका थिए । यिनको पालामा अनिकाल परेको थियो । यिनी कवि पनि थिए । यिनै राजाको समयमा ने० सं० ६१६ मा गीत गोविन्द नाम गरेका पुस्तकहरू प्रचार भएको थियो । सो पुस्तकमा कृष्ण चरित्रको बयान गरिएको थियो । राजा राय मल्लले आफ्नै सहोदर माहिला भाइ रत्न मल्लसंग दीक्षासम्बन्धी अधिकार विषयमा झगड़ा पर्दा ठूलो चित्त दुखाएका थिए । राजा राय मल्ललाई कसै कसैले जयराज मल्ल पनि भनेर लेखेका छन् । ने० सं० ६१४ भाद्र शुक्ल चतुर्दशीका दिनमा बाबुले स्थापना गरेको यक्षेश्वर महादेव (पशुपति)-को पूजा चलाउन र पर्व-काल मनाउन गुठीहरू राखिदिएको

सोनापत्र आजसम्म देवलको दक्षिण ढोकामा टाँसिराखेको छ। यिनै राजाले बाबुले स्थापना गरेको दत्तात्रय मन्दिरलाई तल्ला थपेर मन्दिरको शोभा बढाइदिएका थिए। इतिहासकारहरूले यिनले १५ वर्ष राज्य चलाए भनी लेखेका छन् तर यिनले २८ वर्षसम्म राज्य गरेको देखिन आउँछ। ने० सं० ६०४ मा यिनले एकातिर पञ्चायन र अर्कोतिर रायमल्ल नाम र सम्वत् अंकित चाँदीको मुद्रा पनि निकाले भनी भनिएको छ। यिनका धेरै छोराहरू थिए। अन्त्यमा ने० सं० ६३० मा यिनको मृत्यु भयो। केशर पुस्तकालयमा रहेको ग्रन्थ संख्या १६६ को टिपोटमा पनि ने० सं० ६३० मार्ग कृष्ण सप्तमी सोमवारको दिनमा उनको मृत्यु भएको र उनको लाश भोलिपल्ट ने० सं० ६३० मार्ग कृष्ण अष्टमी मंगलवारको दिनमा शङ्खमूलमा दाह संस्कार भएको उल्लेख छ।

सुवर्ण मल्ल:

राजा राय मल्लको मृत्युपछि भादगाउँको राज्यमा सुवर्ण मल्लले राजतिलक लगाए। यी राजालाई कुनै-कुनै इतिहासकारले भुवन मल्ल पनि लेखेका छन्। यिनी ठूला शक्तिशाली राजा थिए। यिनी गद्दीमा बस्नासाथ पहिले सानासाना राज्य-हरूलाई आफ्नो अधीनमा राखी साँखु, चाँगु इत्यादि राज्यहरू बढाएका थिए। यिनले ७०० घरको ठिमी शहर, ५०० घरको नगदेश शहर र ५०० घरको बोडे शहर बसालेका थिए। यिनको पालामा देशमा ठूलो अनिकाल परेको थियो। त्यस बेला मानिसहरूले ठूलो आपत सहनुपर्दा धेरैजसोले आफ्नो धनमालहरू छोडी विदे-शिनुपरेको थियो। यी राजा ठूला धर्मात्मा थिए। यिनी प्रजापालक पनि थिए। यिनले दुनियाँको भलाइको लागि मेरु आदि तन्त्रको सहायताले दमनारोहन (धन्छू) पूजा र देवाली पूजा गर्ने चलन चलाएका थिए। यिनलाई नाटक लेखी नचाउने देखाउने ठूलो सौख थियो। यिनले बोडेमा महालक्ष्मी नाच चलाए। भादगाउँमा नवदुर्गाको नाच चलाउने पनि यिनै थिए। श्री नवदुर्गा भवानीको नाचको विषयमा निम्न प्रकारको बयान भएको छ :—

नवदुर्गा :

नवदुर्गा ज्वोल भन्ने जंगलमा अष्टमातृकागण देवीहरूलाई कुनै एक ब्राह्मणले स्थापना गरे। पछि गुणकामना देव राजाको पालामा सोही अष्टमातृकागण देवीहरू कोप भै धेरै दुनियाँलाई छल गरी लगेर जंगलको बीचमा पुगेपछि सबै गण प्रगट भै भोग लिई दुनियाँलाई धेरै दुःख दिन्थे। अन्त्यमा एक तांत्रिक सुनन्द नाम गरेका आचाजु (कर्माचार्य)-लाई देवीगणले फेला पारेर लगी पूर्व नीतिअनुसार भोग लिन

लागेको बेलामा पहिले मेरो पूजालाई ग्रहण गरिबक्सियोस् अनि मात्र मलाई भोग गरिबक्सिएला भनी ठूलो बिलौना गरी बिन्तिभाव आचाजुले गरे। आचाजुले धेरै बिलौना गरेको देखेर देवीगणले त्यस सुनन्द आचाजुको पूजा थाप्न लागे। आफ्नो तन्त्रको जोडबाट आचाजुले सबै देवीगणलाई चल्न नसक्ने गरी आफ्नो वशमा पारिसकेपछि अब मेरो भोग लिनुहोस् भनी बिन्ति गर्दा देवीगणले ठूलो लाज मानेर यस्तो नगरिदेउ भनी देवीगणले आचाजुसंग क्षमा मागे। आचाजुले पनि सबै देवीगणलाई सानु ढुङ्गामा बसिदिनुहोस् भनी अनुरोध गरे। कसैले थाहा नपाउने गरी र कसैले नदेखिने गरी गुप्ती तवरबाट पूजा गरी बस्ने कबूल गरेमा मात्र तिम्रो इच्छा पूरा हुनेछ भनी देवीगणले आज्ञा दिए। सुनन्द आचाजुले सो कुरा मन्जूर गरी सबै देवीगणलाई सानु ढुङ्गामा प्रवेश गराई आफ्नो पूजासामान राख्ने भाँडा 'कँलाई'मा राखेर गुप्ती तवरबाट नै आफ्नो घरमा ल्याई दिनदिनै पूजा गरी बसे।

केही कालपछि आचाजुले देवीगणलाई पूजा गरी राखेको एक सिद्धिप्राप्त सोमरा भन्ने ब्राह्मणले थाहा पाए। देवीगण पूजा गरी बस्ने सुनन्द आचाजु सोमरा ब्राह्मणको आफ्नै जजमान (शिष्य) थिए। तसर्थ सिद्धिप्राप्त सोमरा ब्राह्मणले आफ्नो जजमान आचाजुसंग मागेर आफ्नो 'पसछे' भन्ने घरमा ल्याई ईष्ट देवता गरी तन्त्र विधिबमोजिम नै भोगबलि दिई दिनदिनै पूजा गर्दै रहे।

एक दिन तन्त्रद्वारा देवीगण सबैलाई नचाई पूजा गरिरहेको बेलामा दीक्षाको अधिकार प्राप्त नभएको एक कुनै व्यक्ति (आफ्नै मत्याही स्वास्नी ?)-ले खापाको प्वालबाट हेरी रही। सो कुरा देवीगणलाई थाहा भएर सबै अष्टमातृकागण कोप भै त्यस खापाको प्वालबाट नै निस्केर हेरिरहने व्यक्तिलाई भोग लिई रीसको वेगमा चूर भै पूर्वको बाटो भरी गए। देवीगण गएको बेलामा बाटोमा एक सुंगुर भेटेकोलाई भोग लिए। देवीगण कोप भै गएको सोमरा ब्राह्मणले थाहा पाउनासाथ, स्थिरको मन्त्र पढ्दै डमरू बजाउँदै देवीगणको पीछा गरे। अन्त्यमा सिद्धिप्राप्त सोमरा ब्राह्मणले 'सोंगलोहं' भन्ने ठाउँमा स्थिरको मन्त्रद्वारा रोकेर कोप शान्त गराई ठूलो बिलौना गरेर फर्कने अनुरोध गरे। देवीगणले तिमीले कबोल-वाचा छाडेको र अरू देख्न नहुनेले थाहा पाई देखेकोले र रीसको वेगमा नहुने चीजको भोगमा भक्ष भै अभक्ष भैसकेको अब फर्केर आउन भएन भनी भने। तसर्थ अबदेखि सबले देखिने गरी तान्त्रिक नाटक देखाई पूजा गर्नु। त्यसैमा हामीहरू सबै प्रवेश हुनेछौं भनी देवीगणबाट वर पाउँदा सिद्धिप्राप्त ब्राह्मण सोमराले केही दिनपछि गंछे टोलसम्म लगेर स्थापना गरी देवल बनाइदिए। सोमरा ब्राह्मणले चिन्तामणि यन्त्र पनि प्राप्त गरेका थिए। अब गुप्ती कुरा प्रकाश गर्न पर्ने भएकोले माली (गथुहरू)-लाई राखेर नाच बाँडी त्यहीं नै सिद्ध गराएका थिए।

तन्त्रद्वारा विधिपूर्वक पूजा गर्नुपर्दा सुरापानको निमित्त एक भाँडाको आवश्यक भएकोले तन्त्रद्वारा नै वर्षको ३ पटक मानिसको खप्पर (टाउको) निकाल्ने चलन चलाए जसले गर्दा दुनियाँमा ठूलो हाहाकार मच्चियो। तान्त्रिक मतानुसार कसैले थाहा नपाउने गरी खप्पर निकालेको मानिस ६ महिनाभित्र मर्नुपर्ने हल्ला चलेको थियो। अन्त्यमा खप्पर लिन निमित्त एक सिद्धिप्राप्त बाँडालाई फेला पारेर लगी तान्त्रिक मतानुसार नै पूर्व नीतिजस्तै खप्पर निकाल्न लागेको बेलामा सिद्धिप्राप्त बाँडाले गथुहरू (मालाकार)-संग ठूलो बिन्तिभाव गरी अनुरोध गरे कि यसरी दुनियाँमा हाहाकार हुने गरी जसतसको खप्पर निकाल्ने काम छोडिदिनुहोस्। बरू मसंग भएको 'जोला न्हायकं' (काँसको ऐना)-को शक्तिले भेट्ने मानिसको मात्र खप्पर निकाल्ने काम होस् भनी आफुसंग भएको 'जोला न्हायकं' अगाडि राखिदिए। सो जोला न्हायकंले ३ लक्षणले युक्त भएको मानिसको खप्पर मात्र निकाल्न सक्तथ्यो। तैपनि गथुहरूले त्यस बाँडाको पनि खप्पर निकाली नै दिए। तर त्यसभन्दा पछि गथुहरूले त्यस जोला न्हायकंको शक्तिले भ्याउने मानिसको मात्र खप्पर निकाल्ने चलन चलाए। पछि-पछि उक्त काम सिद्धिप्राप्त तान्त्रिकहरूले मात्र थाहा पाउने भए। सर्वसाधारणले थाहा नपाउने भए। जो आजसम्म चलेको छ भनी उखान भएको छ।

धेरै कालपछि तान्त्रिक मतानुसार विधिपूजामा कुनै कामको त्रुटि हुन जाँदा नवदुर्गाको नाच नै थचक्क बन्द हुन गयो। फेरि यी राजाभन्दा पछिका राजा प्राण मल्लले नवदुर्गाको महिमा ठूलो जानेर फेरि नवदुर्गाको नाच चलाउन पर्ने गराई देशमा शांतिको लागि हरेक वर्षको माघे संक्रान्तिको दिनदेखि टोल-टोलमा लगेर नाच नचाउनुपर्ने गराइदिए जो आजसम्म यथावत् कायम भएको छ। राजा प्राण मल्लले पनि आफुले सर गरी लिइराखेको सबै ठाउँ, जस्तै ठिमी, बोडे, नगदेश, सांगा बनेपा इत्यादिसम्म पनि नाच लैजानुपर्ने गराए। हिन्दूहरूमा नवदुर्गाको नाच विषय आजसम्म ठूलो भक्तिभाव र नवदुर्गाउपर ठूलो विश्वास जमेको छ। नवदुर्गा देवीगणलाई सबैले भलभल अष्टमीको दिनसम्म मात्र देख्न र दर्शन गर्न पाइने भएको छ, त्यसपछि हरेक वर्षको विजयादशमीको दिनमा मात्र देख्न र दर्शन गर्न पाइन्छ।

राजा सुवर्ण मल्ल तान्त्रिक विद्यामा ठूलो विश्वास गर्दथे। यिनलाई दुनियाँको ठूलो समर्थन प्राप्त भएको थियो तर यिनले धेरै वर्षसम्म राज्य गर्न पाएनन्। यी राजाको पालामा पाटनको राजाका छोराले केही सिपाहीहरू लिएर भादगाउँमा लड़ाइँ गर्न आएका थिए। तर सारा जनताले आफ्नो राजाको पक्ष लिई सबै मिलेर पाटने राजाका छोरासंग आएका सबै सिपाहीहरूलाई भगाई पठाएका थिए। पाटने राजकुमार पनि तेखाचो टोलको दक्षिण बाटो गरी भागेर गहुँ चुटिराखेको भूसको

थुप्रो राखेको ठाउँमा लुक्न गएको थाहा पाई त्यो भूस भएको ठाउँमा आगो लगाइदिए । फलतः राजकुमार त्यहीं आगोले डढ़ेर मरे । पछि पाटनका राजकुमारकी आमाले थाहा पाइन् । आफ्नो छोराको आत्मशान्तिका लागि त्यस ठाउँमा शान्तिस्वस्ति गरी नारायणको मूर्ति स्थापना गरी पूजा चलाउन निमित्त गुठी राखिदिएकी थिइन् । सो ठाउँलाई आजकाल 'देगमना' भन्ने चलन छ । राजा सुवर्ण मल्ल (भुवनमल्ल)-ले भक्तपुरको तचपाल टोलको दत्तात्रय मन्दिरलाई पनि जीर्णोद्धार गरेका थिए ।

प्राण मल्ल र जीतमित्र मल्ल :

सुवर्ण मल्लको मृत्युपछि प्राण मल्ल र जीतमित्र मल्ल दुवै दाज्युभाइहरू भक्तपुरको गद्दीमा बसे । केही वर्षसम्म दुवै दाज्युभाइले संयुक्त रूपबाट आनन्दपूर्वक शासन चलाएका थिए । तर १४।१५ वर्षपछि कुनै कारणले दाज्युभाइको वैमनस्य हुन गै झगड़ा शुरू भयो ।

प्राण मल्ल :

भाइ जीतमित्र मल्ललाई शासनबाट हटाइसकेपछि प्राण मल्लले भादगाउँमा एकलौटी शासन चलाएका थिए । यसमा प्रजाहरूको विरोध भएको कतैबाट पनि देखिएन । यी राजाको पालामा तुलजा भवानीलाई महाअष्टमीका दिनमा (कालरात्रिमा) सबभन्दा ठूलो निकुथु भन्ने रांगालाई बलि दिने गरेका थिए । यिनै राजाको पालादेखि देवीलाई रांगा-बलि चढ़ाउँदा रगतको नसा छिनेर रगतको धारा छर्किने गरी बलि दिने चलन चलाएका थिए । त्यस वेला देवीलाई रांगाको नसा छिनेर रगतको भोग चढाउँदा छाना नाघेर अर्को चोक (जन्हंचोक)-सम्म पुगेको निस्सा राखिछोड़ेको आजसम्म नै छ । श्री तुलजा भवानीलाई निकुथु भन्ने रांगालाई बलि चढ़ाएको विषयमा एउटा कथा यस प्रकार छ :—

श्री तुलजा भवानीलाई महाअष्टमी (कालरात्रि -को दिनमा बलि चढ़ाउन बेकुचुकः (मूल चोकदेखि पूर्वको चोक)-मा बाँधिराखेका निकुथु भन्ने ठूलो रांगा डोरी फुस्काई भागेकोले कसैले पनि समात्न सकेन । एक सालमा एक ठाउँको जगामा देखियो भने अर्को साल अर्कै ठाउँको जगामा आई पाकेको बाली नष्ट गरिदिन्थ्यो । १२ बर्षपछि मात्र सबै प्रजाहरूले मिली त्यसलाई पक्री ल्याए । त्यस रांगाले बदमाश भै जनतालाई धेरै दुःख दिएकोले त्यस बदमाश निकुथु रांगालाई रीसको आवेशमा राजाले रगत छर्किने गरी नसा काटेर देवीलाई बलि दिने आदेश दिएका थिए । त्यस बेलादेखि देवीहरूलाई रांगा-बलि चढाउँदा नसा छिनेर काटी रगत छर्कने गरी बलि चढाउने चलन नेपालमा आएको हो भनी किंवदन्ती छ । श्री तलेजु भवानीलाई

महाअष्टमी (कालरात्रि)-का दिनमा १२ किसिमका रांगाहरू बलि दिनुपर्ने चलन आजसम्म छ। रांगाको नाम थुगुचोथु, व्यासीथु, निकुथु, टौमढीथु, लंसाथु, किगथु, जेलाथु र वाकुचोथु इत्यादि हुन्।

राजा प्राण मल्लले अघिदेखि बन्द भैराखेको श्री नवदुर्गाको नाच फेरि चलाई पहिलेजस्तै ठिमी, बोडे, नगदेश आदि ठाउँमा पनि लैजानुपर्ने बन्दोबस्त मिलाएका थिए। यी राजा देवीभक्त थिए। यिनले अरूहरूबाट अघिदेखि मिची राखेको जग्गा-हरू सबै सर गरी लिएका थिए। यी राजा हमेशा 'गरुडदह'-मा स्नान-ध्यान गरि-सकेपछि मात्र भोजन गर्ने गर्दथे। गरुडदह विषयको बयानहरू निम्न प्रकार छन् :—

भक्तपुर गछे टोलदेखि पूर्वतिर अलि गहिरो परेको ठाउँमा एक प्रसिद्ध गरुडदह नाम भएको सानु दह (पोखरी) छ। गरुडमाथि चढेका नारायणको मूर्ति रहेको त्यस गरुडका नाभिबाट धाराको रूपमा पानी बगेर आई त्यो सानु पोखरी बनेको छ। गरुडको नाभीबाट बगेको पानी जम्मा भै दह (सानु पोखरी)बनेकोले त्यो ठाउँ 'गरु-डदह' नामले प्रचलित भएको हो। त्यो दह अन्दाजी ७ हात लामो, ५ हात चौड़ा र ४ हात गहिरोमा बनेको छ। त्यस शिला (गरुडको नाभि)-बाट बगेको पानीसंग बराबर एउटा ५ हातजति लामो कालो सर्प निस्केर त्यस ढुङ्गाको नारायण-मूर्तिलाई बेह्री रहन्थ्यो र जब मानिसहरू नजिक जान्थे, त्यो बगेको पानीसँग फेरि बगेको पानीमा नाभिबाट नै भित्र गै अदृश्य हुन्थ्यो। त्यस दहको पानीको रंग हमेशा रोजको ३ रंग-मा परिवर्तित हुन्थ्यो। त्यस धाराबाट बगेको पानी जम्मा भै पोखरीमा रहेको पानी निर्मल, स्वच्छ तथा अति ठण्डा भएकोले त्यस ठाउँका आसपासका मानिसहरू सोही धारा र पोखरीको पानीबाट नै काम लिने गर्दथे। अर्को कुरा, त्यस ठाउँका आस-पासका मानिसहरूले श्राद्ध क्रिया इत्यादि जो परेको सबै कार्य ठूलो तीर्थ सम्झी त्यसै ठाउँमा गई चलाउँथे। त्यस गरुडदहको नामबाट आसपासका ठाउँलाई समेत गरुड टोल भनी आजसम्म प्रचलित भएको छ। त्यस 'गरुड दह'मा बराबर आवाज आई पानीको फोका माथिसम्म आइरहन्थ्यो। तर, आजभोलि धाराबाट पानी बन्द भै सानु पोखरीको रूपमा मात्र छ तैपनि आवाज आउने र दिनमा ३ रंग पानी फेरि नै रहने कायम भैराखेको छ। अघि-अघि त्यस दहमा मध्यरातमा एक अति सुन्दरी लुगा धुन आई लुगा पिटेर बस्ने बराबर बुढापाकाहरूले देखेका छन्। तर मानिसहरू अगाडि हेर्न जाँदा अदृश्य भैजाने पनि भन्दछन्।

मल्ल राजाहरूले त्यस ठाउँको महिमा ठूलो जानी मरम्मत गरेर नित्य पूजा चलाउन तलेजुका कामदार जोशीहरूको जिम्मामा गुठीहरू पनि राखिदिएका थिए। केही कालपछि जोशीका सन्तानहरूले पनि त्यस ठाउँमा महादेव स्थापना गरी देवल बनाइदिए जो आजसम्म मौजूद छ।

मल्लकालमा राजा प्राण मल्ल त्यस ठाउँमा सँधै नुहाइसकेपछि त्यसै ठाउँमा पूजा-पाठ गरेर मात्र भोजन गर्ने गर्दथे। यदि राजालाई दरबारमा काम विशेषले त्यहाँ स्नान-ध्यान गर्न जान नपाएमा राजाले निराहार बस्ने कुरा पनि वंशावलीमा लेखिराखेको छ।

विश्व मल्ल :

प्राण मल्लको मृत्युपछि छोरा विश्व मल्ल भादगाउँको गद्दीमा बसे। यिनी कवि र ठूला धर्मात्मा राजा थिए। यिनले पनि 'विद्या विलाप' नाम गरेको नाटक रचेका थिए। यिनको देवदेवीहरूको मन्दिरहरू बनाउनमा ठूलो सोख थियो। यिनले कान्तिपुरका राजा अमर मल्लसंग मेलमिलाप गरी पशुपतिनाथको चारैतिर नारायणको मूर्ति स्थापना गरी मन्दिरहरू निर्माण गरेका थिए। यी राजाले भादगाउँ तचपाल टोलको दत्तात्रय मन्दिरलाई अघि २ तल्ले मात्र भैरहेकोमा फेरि एक तल्ला थपेर ३ तल्ले गरी बनाउन लगाई पूजा निमित्त मठ बनाउन लगाई गुठीहरू राखिदिए। यो पूजाको व्यवस्था र मन्दिरको सुरक्षाको सबै जिम्मा संन्यासी महन्तहरूको हातमा सुम्पिदिएका थिए। यी राजाले विस्केट जात्रालाई विस्तृत रूपले चलाई देखाउने बन्दोबस्त गरिदिए। यी राजाले भैरव-भद्रकालीको रथ बनाउन कान्तिपुरका राजासंग अनुमति लिई पशुपतिको जंगलबाट काठ ल्याउने बन्दोबस्त गराइदिएका थिए। यो श्री भैरव-भद्रकाली रथयात्रा हरेक वर्षको चैत्र महिनाको मसान्तको दिनमा चुपींघाटनेर लिंग उभ्याउने यात्रामा श्री भैरव-भद्रकालीको रथयात्रा ठूलो रमिता गरी यात्रा चलाई लैजाने गर्दथे। यसै बेला श्री भैरवनाथकहाँ राखिछोडेको चामलका गेडा एक जोड़ा पनि पुरानो बाजा र घण्टा बजाई लैजाने गर्दछन्। सो चामलको गेड़ा लगभग एक हातजति लामो थियो। नेपालमा सहकाल भएको बेलामा उब्जनी भएको यो चामल हो। परन्तुसम्म यस्तै नै जमीनबाट उब्जाउ हुन पावोस् भनी कामना लिई सो चामल नमूना लागि श्री भैरवनाथकहाँ चढाएको हो। कृषकहरूलाई आफ्नो खेतमा उब्जा बढाउन प्रोत्साहन पाउन निमित्त तामाले मोडी राखेर आजसम्म त्यस चामललाई पूजाआजा गरी आएको हो भन्ने कथन छ। यिनले अघि टौमढी टोलमा उम्रेको ठूलो रूखलाई काटी त्यसै रूखको काठबाट त्यहीं नै 'एस्वमढी' भन्ने सत्तल बनाइदिएका थिए। कानफटा जोगीले त्यहीं नै बसी देशको शान्ति स्थापना गर्न जात्रामा चक्र दिने गुठी यिनै राजाले राखिदिएका थिए। सो चक्र दिने सामानहरू तयार पार्ने र ठूलो रोटी पकाउन निमित्त एक घरको पनि निर्माण गर्न बन्दोबस्त मिलाइदिएका थिए। उक्त चक्र दिने चलन आजसम्म नै कायम भएको छ।

भक्तपुर टौमढी टोलमा भैरवनाथको अगाड़ि जोगीचक्र दिने बेलामा १२ घ्यापा,

बोका, हाँस, कुखुरा इत्यादि काममा प्रयोग गर्नुपर्दथ्यो। यसरी नै वैशाख २, ३ गतेमा पनि दरबारको अगाडि पनि चक्र दिने काम हुन्थ्यो। यहाँ पनि ध्याम्पा १८, राँगा, हाँस इत्यादि प्रयोग गर्दथे।

यी राजाका रानीको नाउँ गंगादेवी थियो। रानी गंगादेवी पनि धर्मकीर्तिहरू राख्न र धर्मकार्य गर्न राजाभन्दा कम थिइनन्। यिनले टोल-टोलमा राखेर गएका इनार, नारायणको मूर्ति, ढुङ्गेधारा, पौवा-पाटी इत्यादि कीर्तिहरू धेरैजसो आजसम्म उस्तै नै छन्। यिनले भक्तपुर शहरमा पानीको अभावको पूर्ति गरी दुनियाँको धेरै नै सेवा गरिन्। यिनले बनाएको इनारमध्ये तुँछे मल्लको इनार आजसम्म प्रख्यात भएको छ। यिनले अष्टमातृका देवीको हरेक वैशाख संक्रान्तिको दिनमा रात्रिपूजा चलाउन भेडा १, पूजा सरजामको निमित्त धेरै जग्गाहरू राखेर गुठीहरू राखी गएकी थिइन्। जो आजसम्म उनको कीर्तिलाई अमर गराइराखेको छ। यिनले अष्टमातृका देवीलाई घण्टा १, ढुङ्गाको वर्त्ती बाल्ने पानस १ र सुनको फरिया १ पनि चढाएकी थिइन्। यिनले देशबाहिर एक अवधूत (अघोरी) आसन गरी बसेका ठाउँमा पूर्व १ कवल दक्षिण ९ कवलको दुइनाले र दुइतल्ले सत्तल (पाटी बनाई वंशी गोपाल स्थापना गरी पूजा चलाउन चाहिने जग्गा हाली गुठी राखिदिएकी थिइन्। यसैको नामबाट आस-पासको ठाउँ नै वंशी गोपाल टोल (आजभोलि वंश गोपाल)-ले आजसम्म प्रख्यात भएको छ। यिनले उपत्यकाबाहिर ७ गाउँमा पनि ठूलो कीर्तिहरू स्थापना गराई गएकी थिइन्। धेरैजसो उनको कीर्तिलाई आजसम्म देख्न र हेर्न पाइराखेको छ। तीमध्ये धुलिखेलको वत्वा भन्ने ठाउँको ढुङ्गेधाराको देवता र चोछे टोलको पौवापाटी तथा पुरे बुगाको अभिलेख प्रख्यात भएको छ। यिनै रानी गंगादेवीले श्री सूर्यविनायक गणेशकहाँ पनि वर्ष-वर्षमा थाय्पूजा चलाउनुपर्ने गुठी राखेकी थिइन्। श्री सूर्यविनायकको स्थापना विषयको कथा यस प्रकार छ :—

प्रकाण्ड वनमा श्री गुणनिधिको र निजकी पतिव्रता स्त्री लीलावतीले आश्रम बाँडी दिन-दिनै देउपाटनसम्म गई बागमती नदीमा स्नान गरी श्री पशुपतिनाथको दर्शन गरेर श्री सूर्यभगवानको तपस्यामा बस्ने गर्दथे। पतिव्रता स्त्री लीलावतीको गर्भबाट तेजिलो राम्रो स्वभाव भएको छोरा पैदा भयो। जसले गर्दा स्त्री-पुरुष दुवै आनन्दमा थिए। गुणनिधि ब्राह्मण र स्त्री लीलावती छोरासहित दिन-दिनै पहिलेजस्तै बागमतीमा स्नान गरी श्री पशुपतिनाथको दर्शन गरी फर्केर त्यस वनमा जीवन बिताउँदै रहे। बालख ५ वर्षको उमेरमा पुगेको थियो। एक दिन स्त्री-पुरुष दुवै देउपाटनसम्म श्री पशुपतिको दर्शन गरेर फर्केर आएको बेलामा थकाइले गर्दा बालखलाई भुइँमा राखे तर दैवसंयोगले प्यारो छोरो मूर्च्छा भै प्राण त्याग गऱ्यो। सो खबरले गर्दा त्यस

वनमा आश्रम बाँडी बसेका यावत् ऋषिमुनिहरू जम्मा भएर आफू-आफूले सकेको वन-औषधिले इलाज गर्दा पनि बालख बाँचेन र सबै शोकाकुल भए। अन्त्यमा ऋषिजन-हरूले श्री पशुपतिनाथको दोषले गर्दा बालखलाई यस्तो अवस्था भएको भनी श्री गुणनिधि ब्राह्मणलाई सान्त्वना दिए।

त्यसपछि गुणनिधि ब्राह्मण र निजकी पतिव्रता स्त्री लीलावतीले आफ्नो प्यारो छोरोको लाशलाई पिठ्यूँमा बोकी देउपाटनमा श्री पशुपतिनाथको अगाडि गएर ठूलो विलौना गरी ध्यानमा बसे। श्री गुणनिधिको र निजकी स्त्री लीलावतीको भक्तिदेखि संतुष्ट भएर श्री पशुपतिनाथ प्रगट भै दर्शन दिएर वर माँग भनी आज्ञा भयो। श्री गुणनिधि र लीलावती दुवैले एकै स्वरमा प्यारो बालख बचाइदिई बक्सियोस् भनी विन्ती गरेर वर मागे। श्री पशुपतिनाथबाट यो तिमीहरूको दोष होइन, मेरो प्यारो पुत्र श्री गणेश तहाँ मसंगै बस्न निमित्त र मेरो दर्शन पाउन यसरी तिम्रो छोराको मृत्यु भएको हो भनी आज्ञा भयो। तसर्थ तिमीहरू आश्रम बाँडी बसेको वनमा नै पहिले जहाँ सूर्यको किरण प्रवेश हुन्छ त्यस ठाउँमा यो मरेको बालख राखेर गणेशको भक्ति पूजा गरी आह्वान गर्नु। मरेको छोरो बाँची पहिलेजस्तै आनन्दमा बस्न पाउनेछौ, म पनि हेर्न आउनेछु भनी आज्ञा भई श्री शिवजी अन्तर्ध्यान भए। त्यसपछि खुशी भएर ब्राह्मण र स्त्री दुवैले आफ्नो छोराको लाशलाई फेरि पिठ्यूँमा नै बोकेर आफ्ना आश्रममा आए। भोलिपल्ट सबेरै नै पहिले जहाँ सूर्यको किरण परेको थियो त्यो ठाउँ खोजेर त्यस बालखको लाशलाई अगाडि राखेर गुणनिधि ब्राह्मण र निजकी स्त्री लीलावतीले ठूलो भक्तिपूर्वक ध्यानमा बसेर श्री गणेशको आह्वान गरे। उनीहरूको भक्तिदेखि श्री गणेश संतुष्ट भई प्रगट भएर वर माग भनी आज्ञा दिए। त्यस बेला त्यसै ठाउँमा देउपाटनमा राज भएका श्री पशुपतिनाथ पनि प्रगट भए। श्री गुणनिधि ब्राह्मण र स्त्री दुवैले एकै स्वरमा हाम्रो प्यारो छोरालाई जिलाई पहिलेजस्तै खेल्न सक्ने गरी हामीहरू आनन्दसंग बस्न पाउँ भनी विन्ती गरी वर मागे। तथास्तु भनी श्री गणेश र श्री पशुपति दुवै अन्तर्ध्यान भए। सो खबर पाएर त्यस वनमा आश्रम बाँडी बसेका यावत् ऋषि-मुनिहरू जम्मा भै त्यसै ठाउँमा श्री गणेशको स्थापना गरी सिद्धि प्राप्त गरे। अब त्यस प्रकाण्ड वन-लाई सूर्य प्रकाश भएको ठाउँमा श्री गणेश प्रगट भएकोले सूर्यविनायक नाम राखे। सो सुसमाचारले गर्दा त्यहाँ जम्मा भएका ऋषिजनहरूका नाइके श्री मंगला नाम गरेका ऋषिले अरु सबै ऋषिहरू साथ लिई त्यस ठाउँदेखि उत्तरतिर बगेको हनुमन्ते खोलामा स्नान गरी मंगलघाट नाम राखी केही पर मंगलेश्वर महादेव स्थापना गरी सिद्धि प्राप्त गरी फेरि मंगला भैरव, मंगला गणेश आदि पनि स्थापना गरी आफ्नाआफ्नो आश्रममा खुशियाली मनाउँदै फर्के।

स्कन्द पुराणमा सोही दिन पर्ने योगमा, अथवा मंगलवार चौथीको दिनमा मंगल तीर्थमा स्नान गरी मंगलेश्वर महादेव, मंगला भैरव, मंगला गणेश र श्री सूर्य विनायक गणेशको दर्शन गर्ने भक्तजनहरूलाई सन्तान प्राप्त भै इच्छित फल मिल्नेछ भनी लेखिएकोले आजसम्म त्यो योग पर्ने दिनमा ठूलो मेला लागी दर्शनार्थीहरूको ताँती लागिरहन्थ्यो । आजभोलि मंगलवार र शनिश्चरवारको दिनमा पनि त्यस रमणीय स्थानको दृष्यावलोकन र श्री सूर्यविनायकको ठूलो महिमा सम्झेर दर्शन गर्न आउनेहरूको घुइँचो लागिरहन्छ ।

राजा विश्व मल्लका त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल नाम गरेका छोराहरू थिए । यो राजाले लगभग १० वर्षमात्र राज्य चलाए भनी धेरै इतिहासकारहरूले लेखेका छन् तर यिनले २५ वर्षसम्म राज्य गरेको प्रमाण देखिन्छ ।

त्रैलोक्य मल्ल :

विश्व मल्लको शेषपछि छोरा त्रैलोक्य मल्ल भादगाउँको गद्दीमा बसे । वंशावलीअनुसार यिनी अति दुर्बल राजा थिए । यी राजाको पालामा मयूरगढबाट दुईजना फकीरहरू ल्याइएका थिए । एकजना दनाचेपमा बसे । अर्को ल्हासामा भिक्षा माग्न गै त्यहाँ नै शिवलिङ्ग स्थापना गरी गुठी राखिदिएका थिए । फेरि त्यहाँबाट उक्त फकीरले दत्तात्रयको पूजा चलाउन सालिन्दा सुन तोला एक र चाँदी तोला एक पठाइदिने बन्दोबस्त गराइदिएका थिए । शिलापत्र दत्तात्रय मन्दिरभित्र नै राखिदिएका थिए । यिनै राजाको पालामा दत्तात्रय मठको प्रख्यात् महन्तले दत्तात्रयको अगाडि ठूलो लामो खम्बामा आफुले हात जोडिराखेको शालिक राख्न लगाएका थिए । तर पछि देवलभन्दा माथि राख्न नहुने कुरा आएकोले त्यस शालिकलाई झिकेर पछि गरुडको मूर्ति स्थापना गरिदिए भन्ने लोकमत छ ।

पालुँ मालुँ द्य:

यिनले भक्तपुरको पालुं मालुं देवताकहाँ पनि आफ्नो श्रद्धा अर्पण गरेका थिए । वंशावलीअनुसार पालुं मालुं देवताको बखान यस प्रकार छ :—

भक्तपुर तचपाल टोल जाने इनाचो टोलको मूल सडकमा श्री माहेश्वरी देवीको सत्तल (देग: छें)-देखि दक्षिणतिर पातोगाबाट हनुमानघाट जान केही ओरालो लाग्नुपर्ने एउटा बाटो छ । त्यस बाटोको मोडमा बौद्ध विहारदेखि उत्तरतिर श्रोर किल्लादेखि केही पूर्व बाटोको कुनामा याने गथुहरूको घरदेखि अलि पच्छिमतिर कुनामा लहरैसंग ५ वटा ढुंगाका देवताहरू नै बाटोमा त्यसै पड़िराखेका छन् । ती ढुंगाका

देवतालाई श्री पंचकुमारी देवी नामले प्रख्यात् भै पूजाआजा गर्दै आइरहेका छन् । करीब १००।१५० वर्षअगाडिसम्म उक्त पंचकुमारी देवीहरू मानिसजस्तै कुमारीको रूप लिई त्यहाँनिर आउने-जाने मानिसहरूको काँधमा चढ्न आउँथिन् । आफ्नो लागा (इलाका) छोडेपछि त्यसै अदृश्य भै (लोप भै) जाने गर्थिन् । त्यसैले ती पंचकुमारीहरू नेवारी भाषामा 'पालुं मालुं द्य:' नामले प्रख्यात भएको हो । फेरि मध्यरातको बीचमा ती कुमारीहरू पाँचैजना हात समातेर चाक:हिला पौं-पौं गरी खेलिरहन्छिन् भनी बुढापाकाहरूको कथन पनि छ । हात्ती, घोड़ा, भैंसी आदि सवारी गर्ने त्यहाँबाट लैजान हुँदैनथ्यो । यदि त्यहाँबाट लगेमा भोलिपल्ट नै मरिराखेको पाउँछन् । तसर्थ ती कुमारी देवीहरू शक्तिशाली भएकोले अद्यापि ठूलो प्रख्यात् भएको हो । तर आजभोलि त्यस ठाउँका मानिसले उस्तो महत्व मान्दैनन् । तैपनि केटाकेटीहरूलाई अन्तरिक्ष रोग तथा बुढा-बुढीहरूलाई कम्मर दुख्ने रोग लागे ती कुमारी देवीहरूलाई श्रद्धापूर्वक पूजाआजा गरिदिए रोग निको भैजानेछ भनी ठूलो विश्वास तथा भरोसा मानिसहरूले लिइराखेका छन् । फेरि घरको झ्याल तथा छानाबाट संयोगवश खसेर घाउचोट लागी ज्यादै पीडा भैराख्दा त्यस पंचकुमारी देवीहरूलाई श्रद्धापूर्वक भक्तिले पूजा गरी हाँसको फुल फुटाइदिए पीडा भएको सबै निको भैजानेछ भनी मानिसले विश्वास पनि गरेका छन् ।

यी कुमारी देवीलाई अष्टमातृकागणले पनि मानिआएका छन् । हरेक वर्षको वैशाख महिनाको शुरू हप्तामा (देवताहरू माथि जाने बेला) श्री माहेश्वरी देवीलाई खटमा राखी त्यहाँ ल्याउने गर्दथे । त्यसै बेला ती पंचकुमारी कहाँ ठूलो मेला लाग्दछ । त्यसै बेला त्यहाँ आसपासका टोलका मानिसहरूले ठूलो चाड सम्झन्छन् ।

राजा त्रैलोक्य मल्लको नाम चलेको जगज्योति मल्ल नाम गरेको छोरो थियो । इतिहासकारहरूले त्रैलोक्य मल्लले लगभग १५ वर्षजति राज्य चलाए भनी लेखेका छन् । तर यिनले ने० सं० ७०५ देखि ने० सं० ७२६ सम्म अर्थात् २१ वर्ष राज्य चलाएको प्रमाण देखिन आएको छ ।

जगज्योति मल्ल :

राजा त्रैलोक्य मल्लको मृत्युपछि भादगाउँमा जगज्योति मल्ल गद्दीमा बसे । यिनी भादगाउँका राजाहरूमा नामी राजा थिए । यिनको संस्कृत साहित्य र संगीतमा ठूलो दखल थियो । ज्योतिषशास्त्रमा यिनी धुरन्धर विद्वान् थिए । यिनले संस्कृत भाषामा धेरै ग्रन्थहरू लेखेका थिए । नाटक लेखेर देखाउनेमा पनि उत्तिकै रुचि यिनको थियो । यिनले हरगौरी विवाह, कुन्जबिहारी र कुलनयाश्व आदि नाटकहरू

लेखी आफैंले अभिनय साथ खेलाई देखाएका थिए। 'हरगौरी विवाह' भन्ने नाटक तुलादान गरेको उपलक्ष्यमा सूर्यग्रहण परेको बेलामा खेलाई देखाएका थिए। यिनी



मंगलेश्वर मन्दिर, भक्तपुर

नेपाल भाषामा पनि निपुण थिए। यिनले नेपाल भाषाका काव्यहरू लेखी नेवारहरू-लाई ठूलो प्रोत्साहन दिएका थिए। यिनको हरेक भाषामा दखल भएको थियो। त्यस बखत साहित्यको जुन विकास भयो त्यो आजसम्म अत्यन्त प्रशंसनीय भैराखेको छ। यिनलाई देव-देवीहरूको मन्दिरहरू बनाई देवताहरू स्थापना गर्नमा पनि उत्तिकै ठूलो सोख थियो। टौमढी टोलमा भैरवनाथको मन्दिर यिनैले शिलान्यास गरेका थिए। यिनले ने० सं० ७४९ मा तलेजुको चोकमा तुलादान गरेको ढुंगाका खम्बाहरू तलेजुको मूल चोकमा आजसम्म यथावत् मौजूद नै छन्। यिनले आफ्नो इष्टदेवता श्री तुलजा भवानीको मन्दिरमा आफ्ना परिवारको शालिक भएको र अत्यन्त कलापूर्ण देवदेवीको मूर्ति भएको तुदाल हाली मन्दिरको ठूलो शोभा बढाइदिएका थिए, जो आजसम्म मौजूद छ। यिनले ने० सं० ७५० पौष कृष्ण द्वादशीका दिनमा टुँडिखेलको पुछारमा न्हुपुखु बनाई शिवलिङ्ग स्थापना गरी त्यहीं सिंह फलको गारोमा शिलापत्र राखिदिएको आजसम्म मौजूद नै छ। त्यही न्हुपुखु आजभोलि रानी पुखु भन्ने नामले प्रचलित भएको छ। यिनले ने० सं० ७५१

वैशाख शुक्ल अक्षय तृतीयाको दिनमा पनि दरबारनेर पाटी (सत्तल) बनाई प्रतिष्ठा गरे। यिनै राजाले नासंमना टोलमा श्री नृत्यनाथ र मङ्गलेश्वर महादेवको देवल लिङ्गाकार गरी बनाई देवलको गजूरमा साल र मिति लेखिदिएका थिए। यिनले चांगुनारायणको इलाका आफ्नो अधीनवर्ती राज्य तुल्याई श्री चांगुनारायणकहाँ पनि विधिविधानबमोजिम पूजा गरी चाँदीका भाँडाकुँडाहरू अर्पण गरे। यिनले चढाएका भाँडाकुँडाहरूमध्ये लगभग २ पाउजति चाँदी भएको अर्घा र शंख आजसम्म विद्यमान छ। अर्घाको अभिलेख यस प्रकार छ :—

ॐ स्वस्ति श्री यास्तु। श्री श्री गरुड नारायण सके जेष्ट कृष्ण अमावाश्या सूर्य्यास श्री श्री जगज्योतिर्मल्ल सन उलायन व महादान न थ्व अर्घादुंता ।। सम्वत् ७४९ जेष्ठ वदि ।।

यो राजाले कान्तिपुरका राजासंग मेलमिलाप गरी कान्तिपुरमा कुमारी देवलको अगाडि ३ तल्ले देवल बनाउन लगाई श्री विष्णुको मूर्ति स्थापना गरी ने० सं० ७५३ मा त्यही देवलमा शिलापत्र राखिदिएका थिए। ने० सं० ७५१ मा नै यिनले आफ्नो दरबारमा नृत्यनाथ, शिवलिङ्ग र भीमसेन समेतको मूर्ति स्थापना गरी लिङ्गाकारको देवल बनाई देवताको आसनमा नै शिलालेख कुँद्न लगाए। यिनै राजाले पाटनका राजालाई चित्त बुझाएर पाटनको दरबारभित्र नै निसन्तानेश्वर महादेव (शिवलिङ्ग) र धारा एक स्थापना गरिदिएका थिए। तर उक्त कीर्ति ९० सालको भूकम्पले ध्वस्त भएको थियो। ने० सं० ७५२ वैशाख शुक्ल तृतीयाको दिनमा पनि यिनै राजाले दरबारमा लिङ्गाकार देवल बनाउन लगाई दक्षिण मूर्ति श्री महादेवको स्थापना गरी ताम्रपत्र देवलभित्र नै राखिदिएका थिए।

यी राजा बड़ा शक्तिशाली र ठूला योद्धा पनि थिए। कैयौं पटक कान्तिपुरमा हमला गरी कान्तिपुरका राजालाई हायल-कायल पारेका थिए। यिनै राजाको राज्यकालमा 'पादरी ग्रोवर' नामक अंग्रेज यात्री नेपालको बाटो गरी आएका थिए। यिनले मेष संक्रान्तिको दिनमा भैरव-भद्रकालीको रथयात्रा चलाई देशमा ठूलो रमिता देखाएका थिए जो आजसम्म चलिराखेको नै छ। यी राजादेखि श्री तुलजा भवानी खुशी भै मानिसको रूप लिई सधैं पासा खेलिरहन्थिन्। तर पछि राजाले चियोचर्चा गरेकोले दुर्गा लोप भइन् भनेर वंशावलीमा लेखेको छ। त्यस-पछि सपनामा यी राजालाई मेरो बदला शुभ मुहूर्तमा चंडालकी छोरी ल्याई आह्वान गरी पूजा गर्नु, म त्यसैमा लीन हुन्छु भनी भवानीले सपनामा आज्ञा भएकोले चंडालकी छोरी ल्याई आह्वान गरी कुमारी-पूजा चलाएका थिए। दशैंमा महानवमीको दिनमा सोही कुमारीलाई कुमारी चोकमा ल्याई पूजा गर्ने चलन आज-

सम्म कायम भएको छ। भक्तपुर मूलचोकको पच्छिमतिरको भित्री चोक राजा जगज्योति मल्लले निर्माण गरेका थिए। सो चोक कुमारीलाई पूजा गर्ने ठाउँ भएकोले नै त्यो चोकको नाम कुमारी चोक हुन गएको हो। हरेक वर्ष दशैंको समयमा नौमीको दिनमा कर्मचण्डालकी छोरी ल्याई देवीस्वरूप आह्वान गरी त्यहाँ ढुङ्गाको खाटमा विराजमान गराइन्छ। सो ढुङ्गाको खाट (सिंहासन) आजसम्म तयार छ।

यी राजाले आफ्नो देशको उब्जा बढ़ाउन पूर्वबाट मकै र कोदोको बीउ ल्याई खेती गर्न लगाउने विचार गरेका थिए। तर प्रजाहरूले उक्त कामलाई अशुभ चिताएकोले सो विचार छोड़िदिए। यी राजा आफ्नो देशका प्रजाहरूको विरोध हुने काममा कहिले पनि लाग्दैनथे भनी वंशावलीमा लेखेको छ। यी राजाका छोरा जंगलमा खेलिरहँदा मरेकाले प्रेत भएका थिए। दरबारमा भांसाखण्डमा सँधै मेरो भाग ल्याऊ भनी कराउन आउने भएकोले राजालाई जाहेर गर्दा पण्डितहरूको सल्लाहले देशावरबाट जङ्गमहरू बोलाई प्रेत लिङ्ग साधन गरी स्थापना गराई रोजको २४ माना चामलको भात पकाई १ भाग प्रेत लिङ्गलाई र ९ भाग अरू देवताहरू, कुकुर र गाईलाई समेत खुवाउने पर्वकाल मनाउने, दान-दातव्य राखी मठको बन्दोवस्त गराई टौमढी टोलको मठमा शिलापत्र राखिदिएका थिए। तर कुनै-कुनै भाषा वंशावलीमा कांछीआमाको कुप्रवृत्तिले गर्दा खोलामा डुबी मरेकोले चुपीं घाट नाम हुन गयो भनी लेखेको पनि छ। यी राजाको नरेश मल्ल नाम गरेका छोरा थिए। राजा जगज्योति मल्ल ने० सं० ७५३ मा स्वर्गारोहण भए।

नरेश मल्ल (नरेन्द्र मल्ल) :

राजा जगज्योति मल्लको मृत्युपछि छोरा नरेश मल्ल भादगाउँको गद्दीमा बसे। यी राजालाई कोही-कोही नरेन्द्र मल्ल पनि भन्दछन्। यी राजाको पालामा काठमाण्डूका राजा महेन्द्र मल्लका छोरा सदाशिव मल्ल बदमाश भै दुनियाँका छोरीबेटीहरूलाई व्यभिचार गरी सार्है नै दुःख दिएकोले सबैले मिली भादगाउँमा धपाई पठाइदिएका थिए। राजा नरेश मल्ल (नरेन्द्र मल्ल)-ले त्यस बदमाशलाई पक्री मूलचोक (मूचुकः)-देखि भित्र द्वाफां स्वीचोकमा थुनिराखेका थिए। पछि त्यस चोकको 'सदाशिव' चोक नाम रह्यो। बदमाश राजा सदाशिव मल्ल श्री भैरवका उपासक थिए। यिनले भक्तपुरका राजासंग अनुमति मागेर आफूलाई थुनिराखेको चोकमा १८ किसिमका भैरवहरू स्थापना गर्न लगाई सदाशिव मल्ल देवताको ध्यानमा बस्न लागे। त्यसैले पछि त्यो चोक सदाशिव चोक नामले प्रख्यात भएको हो। त्यो चोक बनाउन लगाएको बेलामा भक्तपुरका राजा नरेश मल्लले झ्याल र बरण्डा ढोका आदिमा भविष्यमा हुने कुराको चित्रहरू अंकित गर्न लगाएका थिए भन्ने कथन छ।

तर आज भएको चित्रण उनैले बनाउन लगाएको हो भन्ने कथन भरपर्दो छैन। उस बेलाको कला र आजको कला भिड़ाई हेर्दा एकदम झुट्ठा साबित हुन आउँदछ। यहाँ भएका भ्यागुताले हात्तीलाई खाइरहेको चित्रण त एकदम नौलो कल्पना नै हो। यी राजा धर्मात्मा थिए। यिनले श्री तुलजा भवानीको मन्दिरमा आँखीझ्याल राखी त्यसैमा साल मिति लेखिदिएको आजसम्म यथावत् छ। ने० सं० ७६१ आश्विन सुदी ८ मा पनि सोही मन्दिरमा शोभा बढाउन ढोकाको दायाँ-बायाँ अत्यन्त राम्रा र कलापूर्ण मानिसजत्रो ठूलो सुनको मोलम्वा भएको लक्ष्मी र सरस्वतीको स्थापना गरी सोनापत्र राखिदिएका थिए। ने० सं० ७६३ वैशाख शुक्ल ११ को दिनमा पनि यिनले बोडेको पिठ्युँमा देवल बनाई आफैले देवलको प्रतिष्ठा गरेका थिए।

यी राजाको शासनकालमा अघि भागिसकेका किरातीहरू फेरि भादगाउँमा लड़ाई गर्न आए। राजा नरेश मल्लले प्राचीन श्री तिलमाधव नारायणको अगाडि सहायताको लागि भक्तिपूर्वक ठूलो यज्ञ गरेका थिए। राजाको भक्तिदेखि नारायण सन्तोष भई राजालाई किरातीहरूको हमलाबाट बचाउन उक्त शिला नारायणको बाहु फुटी असंख्य भमराहरू निस्केका थिए। ती भमराहरूको टोकाइले गर्दा विष



तिलमाधव मन्दिर, भक्तपुर

लागेर धेरै किरातीहरू मरे र बाँकी भएका सबै भागेर गएका थिए। किरातीहरूले छोड़ेर गएका भाला, धनुष, फलामे टोपी र भोटे लुगाहरू आदि सबै लड़ाईका सामानहरू टौमढी टोलको श्री तिलमाधव नारायणको सत्तलमा राखिछोड़े। कुनै-कुनै सामान-

हरू अद्यापि छँदैछन् । श्री तिलमाधव नारायणको कथा यस प्रकार छ :—

अघि कान्तिपुर शहरमा एक धर्मदत्त नाम गरेको इमानदार बनियाँ थियो । त्योसंग पसल थापी व्यापार गर्न धेरै धन नहुँदा डुल्दै दुःख उठाई जीविका चलाउँदथ्यो । त्यो धर्मदत्त विष्णुको परम भक्त थियो । तर बोली-वचनमा त्योदेखि सबै छक्क पर्दथे । धर्मदत्त ठूलो इमान्दार र सन्तोषी बनियाँ थियो । एक दिन आधा भारी तिल धोक्रामा राखी गाउँ गाउँमा घुम्दै थियो । त्यस दिनमा सबै तिल बिक्री गर्न पाएन । कुनै गाउँमा नै त्यसले रात बितायो । अन्त्यमा २१४ दिन गाउँमा घुम्दा घुम्दै बेहान सबेरै माघ कृष्ण द्वादशी बुधवार मकर संक्रान्तिको दिनमा हनुमानघाटको हनुमन्ते खोलाको दोभानमा स्नान गरी भादगाउँ शहरको ७ बाटो भएको ठाउँमा (हाल टौमढी टोल) आफुसंग भएको तिल भूईंमा खन्यायो । तिल ज्यादै सस्तो भएकोले धेरै मानिसहरू जम्मा भए । धर्मदत्त बनियाँको बोली-वचन सुनेर थुप्रै मानिसहरू तिल किन्न आए । तिल बेच्दा-बेच्दै आखिर थुप्रै अशर्फीहरू जम्मा भए तैपनि खन्याएको तिल अलिकति पनि घटेन । बरू झन्-झन् तिल बढ्दै गयो । धर्मदत्तले आश्चर्य मानी यो के भएको ? भनी श्री विष्णु भगवानको सम्झना गर्दै आराधना गर्न थाल्यो । सबैले देख्ने गरी त्यस तिलको थुप्रोबाट त्यही दिनमा नै पिताम्बर धोती लगाएको, शंख, चक्र गदा र पद्म सुसज्जित चार बाहु भएको तेजिलो रूपको श्री विष्णु भगवान प्रगट भए । आकाशबाट पनि मधुर गतिको लयमा गंधर्व देव-देवीहरूले पुष्प वृष्टि गराए र धर्मदत्त बनियाँ र त्यहाँ जम्मा भएका मानिसहरूले श्री विष्णु भगवानको दर्शन पाए । आखिर त्यस धर्मदत्त बनियाँलाई आजको दिनमा जसले मेरो दर्शन गर्छ त्यसले इच्छारूपी फल प्राप्त गर्नेछ भनी श्री नारायण अन्तर्ध्यान भए । धर्मदत्त बनियाँले त्यस ठाउँमा नै आफूले व्यापार गरेको पैसाबाट श्री नारायणको स्थापना गरी सिद्धि प्राप्त गरायो र तिलको थुप्रोबाट उत्पन्न भएकोले श्री तिलमाधव नारायण नाम राख्यो । पछि सिद्धि वर्मा राजाले तिलमाधव नारायणको महिमा ठूलो सम्झी देवल बनाई नित्य पूजाको निमित्त गुठी राखिदिए । पछि ने० २८३ ज्येष्ठ महिनामा श्री आनन्द देवले त्यस नारायणको अगाडि ठूलो ढुङ्गाको खम्बामाथि बसेको गरुड चढाए । जो आजसम्म मौजूद नै छ । मल्ल राजाहरूले पनि श्री तिलमाधवको महिमा ठूलो जानी धेरै सेवा गरे । राजा नरेश मल्लको पालामा किरातीहरूले भादगाउँ शहरमा धेरै शस्त्र अस्त्र-जम्मा गराई हमला गर्न आए । राजा नरेश मल्लले त्यस नारायणकहाँ यज्ञ गरी ठूलो भक्तिपूर्वक प्रार्थना गरेको कुरा माथि नै गइसकेको छ । राजा नरेश मल्लले यज्ञ गरेको ठाउँमा ढुङ्गाले छोपिराखेको आजसम्म छँदैछ । यस युगमा पनि देशमा उपद्रव हुने अथवा अशुभ हुने भयो भने त्यस तिलमाधव नारायणको विधिपूर्वक पूजा गर्‍यो भने संकट मोचन हुन्छ भनी धेरैजसोमा विश्वास परेको छ ।

राजा नरेश मल्ल बड़ा इमान्दार थिए । यिनको समयमा पाटनका एक व्यापा-

रीले भादगाउँ शहरमा एक भारी पालुङ्गो (साग) बिक्री गर्न ल्याएको थियो। त्यसले देशभरि ३ पटकसम्म डुल्दा पनि पालुङ्गो बिक्री गर्न नसेकेकोले दिगदार भएर राजाको दरबारनिर आएर भारी बिसायो। सो कुरा राजाले थाहा पाएर आफ्नो देशको इज्जत राख्न अबउप्रान्त माल-सामानहरू नबिकेमा दरबारमा बेच्न ल्याउने हुकुम दिई त्यस पालुङ्गको दाम दिएर त्यसलाई पठाए। त्यो कुरा पाटनका राजाले थाहा पाएर, राजा नरेश मल्लको बेइज्जती गर्न ढुङ्गाको कुलक्ष्मीको मूर्ति बनाउन लगाई भादगाउँ शहरमा बेच्न पठाएका थिए। त्यस कुलक्ष्मीको पनि बजारमा बिक्री हुन नसकेको कुरा राजालाई बिन्ती चढाए। राजाले आफ्नो कबोलमुताबिक कुलक्ष्मीको मूर्ति पनि किनिलिए। तर कुलक्ष्मी भएको ठाउँको सत्य नबस्ने हुँदा भोलिपल्ट बिहानसम्ममा दरबारबाट त्यसलाई हटाएर नपठाएमा सत्यले दरबार त्याग्ने कुरा राजाले सपना देखे। तसर्थ राजाले भोलिपल्ट बिहान सबेरै झट्पट तुलाछे टोलमा देवल बनाउन लगाई त्यस कुलक्ष्मीलाई स्थापना गर्न पठाइदिएका थिए। पछि राजाले पनि बदला लिन एक फलामे शनिश्चर बनाउन लगाई एकजना पाटने ब्राह्मणलाई दान दिएर पठाएपछि त्यो दान लिने ब्राह्मणलाई शनिश्चरी रोग लागेर धेरै धन खर्च गर्नुपऱ्यो भनी वंशावलीमा लेखिराखेको छ। हिजोआज तुलाछे टोलमा स्थापना गरिराखेको कुलक्ष्मीको मूर्ति चोरी लगेकोले भग्नावशेषको रूपमा मात्र त्यो मन्दिर बाँकी छ।

धेरैजसो इतिहासकारहरूले यी राजाले २० वर्षसम्म राज्य गरे भनेका छन् तर राजा नरेश मल्लले ने०सं० ७५५ देखि ने०सं० ७६३ सम्म अर्थात् जम्मा ९ वर्षभन्दा बढ़ी राज्य गर्न पाएनन्. यिनका जगतप्रकाश मल्ल नामका छोरा थिए।

जगतप्रकाश मल्ल :

राजा नरेश मल्लको मृत्युपछि छोरा जगतप्रकाश मल्लले भादगाउँको गद्दीमा राजतिलक लिए। ने० सं० ७५९ कार्तिक कृष्ण चतुर्दशीका दिनमा यिनको जन्म भएको थियो। यी राजा संस्कृतका धुरंधर विद्वान् थिए। यी राजा आफूलाई कवि सम्झन्थे। यिनको मैथिली, बंगाली, हिन्दी, संस्कृत तथा नेवारी भाषामा राम्रो दखल थियो। यिनले 'परिजात हरण' भन्ने नाटक रचेका थिए। यिनी कला मर्मज्ञ पनि थिए। यिनी पनि आफ्ना बाबु-बाजेले जस्तै देव-देवीहरूको मन्दिरहरू निर्माण गर्न विशेष जोड दिन्थे। तसर्थ यिनले धेरै देव-देवीहरूको स्मारक बनाए।

राजा जगतप्रकाश मल्लको कुण्डली



सम्वत् ७५९ कार्तिक कृष्ण ॥ च २८ वि. २५ प्र. आमाव्यास्या "अनुराढा ४८ शु प्रघृती । शनिश्चर वाल ॥ ततो जात वेला सां प्रवर वि तदा सिंह लग्न तुरांश प्रथम द्रेकान्ये ॥ श्री श्री नरेश मल्ल या पुत्र जात ।

यी राजा काठमाण्डू तथा पाटनका राजाहरूसंग कहिले झगडा र कहिले मित्रता गर्दथे । यिनले ने० सं० ७८२ मा तुलजा भवानीको पूजा चलाउन मूलचोकमा एक स्नेहमण्डप बनाए । यिनले ने० सं० ७८७ मा भवानी शंकरको मूर्ति र तौलाछे टोलको नारायण चोकमा ठूलो ढुङ्गाको खम्बामा गरुडको मूर्ति स्थापना गरी त्यसै ढुङ्गामा शिलालेख कुँदन लगाएका थिए । यिनले 'पद्म समुच्चय' नाम गरेको काव्य-ग्रंथ पनि लेखेका थिए । यिनले ठूला-ठूला ढुङ्गामा धेरै भाषाका श्लोकहरू लेखी ठाउँ-ठाउँमा स्थापना गरिदिए जो आजसम्म पाइन्छन् । यिनको देवदेवीहरूको कलाकृति मन्दिरहरू बनाउने र जसले जुन जग्गा मागे पनि दिने बानी भएको थिए । ने० सं०७७५ पौष बदी तृतीयाको दिनमा दर्रसिंह र बारसिंह नाम गरेका दुई दाज्यू-भाइहरू नेपाल आई तनपाल टोलमा मन्दिर निर्माण र भीमसेनको मूर्ति स्थापना गरी ढोकामा दायाँ-बायाँ सिंहको मूर्ति राखिदिएका थिए । फेरि यिनै राजालाई पाटनका राजाले झुक्याएर दरबारको माझमा नै ३ तल्ले छाना भएको र विलंपुमा नवमुद्रा प्रकाश गरी ने० सं० ७७७ मा लार्पां देवल बनाई विष्णुको मूर्ति स्थापना गराइदिएका थिए । फेरि यिनै राजालाई काठमाण्डूका राजाले पनि फकाई-फुल्याई दिन नहुने वाचा खुस्काई दरबारको माझमा नै च्यासिमण्डप बनाइदिए । राजा जगतप्रकाश मल्लले ने० सं० ७८७ मा खौमा टोलमा उमामहेश्वर स्थापना गरी अजंगको मन्दिर बनाइदिएका थिए । यिनै राजासंग पाटनमा कृष्ण मन्दिरको अगाडि आफ्नो अधिकार भएको जग्गा बकस लिई ने० सं० ७७८-७८० सम्ममा तयार हुने गरी दुईतल्ले छाना भएको देवल निर्माण गरी शिवजीको मूर्ति स्थापना गर्ने लगाई शिलापत्र देवलभित्र नै राखिदिए । ने० सं० ७९२ मार्ग सुदीमा दरबारअगाडि कलापूर्ण ९ गजूर भएको लोहँ देग: (ढुङ्गाको मन्दिर) बनाई श्री वच्छला देवीको मूर्ति स्थापना गर्ने पनि यिनै राजा थिए ।

राजा जगत्प्रकाश मल्लले हालको ५५ झ्यालको आग्नेय कोणमा ढुङ्गाको

मन्दिर बनाउन लगाई श्री सिद्धिलक्ष्मी देवीको मूर्ति स्थापना गर्न लगाएका थिए। उक्त मन्दिर निर्माण गर्न लगाउँदा नेपालमा प्रयोग हुने वाद्यवादनका बाजाहरूको चित्रहरू अंकित गर्न लगाई नेपालको संस्कृति दर्शाउन लगाएका थिए। तर पछि सो मन्दिर भूकम्पले भत्केकोले उक्त वाद्यवादनका चित्रहरू हटाई देवी-देवताहरूका चित्रहरू हाल्न लगाई जीर्णोद्धार गरेका थिए भनी बूढापाकाहरूको भनाइ छ।

श्री सिद्धिलक्ष्मी देवी, भक्तपुर

यी राजाले पद्मपुराणको शास्त्रबमोजिम भाद्र बदी परेवाका दिनमा 'गाईयात्रा' चलाएका थिए। त्यस यात्राको महिमा एक हप्तासम्म रहन्थ्यो। यिनै राजाले त्यस मेलामा प्रजाहरूको राजाउपर कति विश्वास रहेछ भन्ने हेर्नलाई जसले जसरी भए पनि हिंड्न पाउने गराएका थिए। राजाको विरुद्ध बोल्न पनि पाउने

गरिदिए। यसले गर्दा आफ्नो देशमा कस्तो परिस्थिति भैरहेछ र यस्तो कामको आवश्यकता पर्छ भन्ने विचार गर्नुपर्ने कुरा पनि राजाले हेर्न पाउने भए। फेरि देवी-पुराणको प्रमाणबमोजिम यी राजाले इन्द्रपुत्र स्थापना गरी टोल-टोलमा दीपदान दिने चलन चलाई 'इन्द्रजात्रा' चलाएका थिए। यस जात्राको विषयमा एउटा किंव-

जगतप्रकाश, भक्तपुर

दन्ति यस प्रकार छ :—

इन्द्रजात्रा आश्विन कृष्ण द्वादशीदेखि ३ दिनसम्म चल्दछ। अनन्त चतुर्दशीका दिनमा स्वर्गवासी राजा इन्द्रका छोरा 'जयन्त'-ले व्रत बस्नको लागि फूल तथा फलहरू जम्मा गर्न बगैंचा तथा वनहरू चहारे। संयोगवश जयन्त राक्षसहरूको बगैंचामा पुगेछन् र फलहरू टिपेर बसेको मौकामा राक्षसहरूले पक्रे र बाँधिराखे। राक्षसका राजाले यिनको हात काटिदिने हुकुम दिए।

यता स्वर्गमा राजा इन्द्रले आफ्ना छोरा बेपत्ता भएको थाहा पाएर इन्द्रको विश्वासी सेवक ऐरावत हात्तीलाई पत्ता लगाएर आउने हुकुम दिए। तीनै लोक चहारी सकेपछि राक्षसहरूले जयन्तलाई पक्रिराखेको थाहा पाई इन्द्रकहाँ ऐरावत हात्तीले गएर सबै वृत्तान्त जाहेर गऱ्यो। राजा इन्द्रले राक्षसहरूकहाँ जयन्तलाई छोड़ि-

खिने समाचार पठाए । तर राजा इन्द्रको कुरालाई राक्षसहरूले वास्ता नै गरिदिएनन् । इन्द्रले स्वर्गमा सबै देवगणहरूको सभा गरे । राक्षसहरूसंग सबैले लडाई

लोहँ देगः (ढुङ्गा मन्दिर), भक्तपुर

गर्ने निश्चय गरे । त्यस दिनदेखि देवगण र राक्षसहरूको संग्राम शुरूभयो । ९ दिनसम्म संग्राम भइसकेपछि दशौं दिनमा संग्राम समाप्त भै देवगणले विजय प्राप्त गरे । सोही देव पुराणको आधारमा राजा जगतप्रकाशले इन्द्रजात्रा चलाए भन्ने जनश्रुति चलेको छ ।

राजा जगतप्रकाश मल्ल विशेष गरेर विलासी थिए । यिनले रानीहरूको आमोद-प्रमोदको निमित्त वसन्तपुरमा वसन्त-विहार नाम गरेको एक ठूलो रङ्गशाला निर्माण गरेका थिए । यी राजाले जात्रामा दुर्घटना भै मरेका प्रजाहरूको आत्म-शान्ति र देशमा सुव्यवस्था कायम राख्न तलेजु मूलचोकको मण्डप (डबली)-मा जोगीहरूलाई 'घासापा' भन्ने चक्र दिने चलन चलाए । हरेक वर्ष वैशाख १ गते लिङ्ग ढाल्नुभन्दा-पहिले नै सो चक्र दिने काम गर्नुपर्दथ्यो । सो 'घासापा' चक्र तलेजुका रकमी (कामदार) कुशलेहरूले बाहेक अरूले लिन नपाउने नियम पनि बनाइदिए । ने० सं० ७८२ मा पनि यिनै राजाले दरबारको अगाडि (रणजीत मल्लको घण्टामुनि) जोगीचक्र पूजा चलाउन गुठी राखी शिलापत्र राखिदिए ।

यो राजालाई मन्त्री चन्द्रशेखरले देश विकास गर्न ठूलो मदत गरेका थिए। तसर्थ राजाले पनि धेरैजसो शिलालेखहरूमा मन्त्री चन्द्रशेखरको गुणगान गरेको पाइन्छ। फेरि यिनै राजाको दरबारमा दुवैले मिलेर जगत-चन्द्र देवको नामले पनि ठूलो ख्याति प्राप्त गरेका थिए। यिनै जगत-चन्द्र देवले ने० सं० ७९२ मा दरबारको भंडारखाल

राजा जगतप्रकाश र मन्त्री चन्द्रशेखरको शालिक

पोखरीमा पानीभित्र गोडा पसाउन, दंतमंजन गर्न र अशुद्धमा परेकी स्त्रीहरूले (रजस्वला भएकी) नुहाउन नपाउने इत्यादि नियमहरू लेखी राग विजयतालमा शिलालेख राखिदिएका थिए, जो आजसम्म मौजूद नै छ। फेरि यिनैले ने० सं० ७८८ मा टौमढी टोलको भैरवनाथकहाँ आफू र मन्त्री ढाल-तरवार भिरी हातमा बत्तीको देवा लिई ध्यानमा बसिरहेका सुनको जलप लगाएको पित्तलको शालिक पनि चढाएका थिए। यिनैले ने० सं० ७९२ भलभल अष्टमीको शुभदिनमा पनि राजा जगतप्रकाश मल्लको शालिक तुलजा भवानीकहाँ प्रतिष्ठा गरी 'थापूजा' चलाए।

राजा जगतप्रकाश मल्लले पाटनमा राजा श्रीनिवास मल्लसंग मेलमिलाप गरी ने० सं० ७७६ श्रावणमा काठमाण्डूमा हमला गरे। यिनले ने० सं० ७८० मा चाँगुको छाउनीमा आगो लगाई धावा गरी ८ जना मानिस मारे र २४ जनालाई कैदी बनाए। फलस्वरूप फेरि पाटन र काठमाण्डू मिली राजा जगतप्रकाश मल्ललाई हराएका थिए। यसमा राजा जगतप्रकाश मल्लले हात्ती र धेरै धन दिई काठमाण्डूसंग मेलमिलाप गरे तैपनि काठमाण्डू र पाटन मिली फेरि पनि ने० ७८३ जेष्ट अष्टमीका दिनमा भादगाउँ शहरमा हमला गरी टुँडिखेल पुछारको जगज्योति मल्लले बनाएको न्हुपुखु

बिमारी त्यहाँ भएको वासुकी नागको टाउको र सुनको गजुर लुटेर काठमाण्डू हनुमान-ढोकामा सिगार्न लगेका थिए ।

यस बेला ३ शहरका राजाहरूमा भक्तपुरका राजा एकलो भएको कुरा यस वाक्यबाट विदित हुन्छ र पाटन र कान्तिपुर मिली एक गुट भै भक्तपुरमा हमला गर्न आएको कुरा ठ्यासफूमा पनि देखिन्छ । वाक्य यस प्रकारको छ :—

"थ्व वेला स ख्प्पो याका तयाव यर उ राङा ।"

यिनै राजाले राज्यारोहणको वर्षमा ने० सं० ७६५ अङ्कित गराई आफ्ना नयाँ मुद्रा प्रचलित गराएका थिए । यिनैले फेरि ने०सं० ७८३ अङ्कित आफ्ना छोराको नाममा राज्यारोहण गरेर मुद्रा प्रकाश गरी छोरो जितमित्र मल्ललाई राजतिलक लगाइदिएका थिए । यी राजाले ने० सं० ७७१ जेष्ट शुक्ल सप्तमीको दिनमा घत्या टोलको श्री प्रकार नारायणलाई 'तालादफो'-मा गणेश स्थापना गर्न आर्थिक सहायता दिई सहयोग गरेका थिए । 'तालादफो' विषयको कथा यस प्रकार छ :—

अघि ज्योतिषीहरूले राजा शंकर देवलाई हाम्रो देश दक्षिण ओऱ्हालो परेकोले अशुभ भै राजाको काममा बाधा परेको भनी विन्ती चढ़ाए । अब के गर्नुपऱ्यो भनी राजाले सबै ज्योतिषीहरूलाई दरवारमा भेला गरी राय लिए । ज्योतिषीहरूले ओऱ्हालो परेको ठाउँमा माटो पुरिदिँदा कुलक्षण नाश भैजानेछ भनी राजालाई विन्ती चढ़ाए । राजा शंकर देवले उत्तिनैखेरि ओऱ्हालो परेको ठाउँ खोजेर (हाल वोलाछे टोलनिर) ज्योतिषीहरूको शास्त्रबमोजिम धेरै ज्यामीहरूद्वारा त्यस ठाउँमा माटो पुर्न लगाई थुम्को बनाउन लगाए । पछि त्यस ठाउँमा शास्त्रबमोजिम शान्ति-स्वास्ति गर्न ठूलो यज्ञ गराई 'तालादफो' नाम राखे । राजाले अबउप्रान्त मानिस मर्दा त्यस ठाउँका आसपासका मानिसहरूले ५ दिने अथवा ७ दिने पालि (उष्यानुह्म न्हेन्हुमा दिने) जोगीहरूलाई दिन भात पकाउने चूल्हो बनाएको माटोको डल्लो कामक्रिया सिद्धिएपछि जहाँतहीं नफाली त्यही ठाउँमा नै फाल्न लैजानु-पर्ने उर्दी दिए । यज्ञ-यागादि गरेको ईंटका टुक्राहरू र सतबीजहरू पनि त्यहीं तालादफोमा फाल्न लैजानुपर्ने पनि गराए । अरू टाढा-टाढाका मानिसहरूले पनि शहरमा जहाँतहीं फोहर नहुने गरी पपरदफो (हाल भद्रकाली पीठको उत्तरतिर)-मा नै फाल्न लैजानुपर्ने नियम बनाइदिए । दुनियाँले पनि राजाको हुकूम शिरोपर गरी यज्ञ गरिसकेपछि ईंटका टुक्राहरू र आगोमा परेका सतबीजहरू तथा ५ दिने अथवा ७ दिने पालि दिइसकेपछि भात पकाउन चूल्हो बनाएको माटोका डल्लाहरू आदि तालादफो नजिकका मानिसले तालादफोमा नै र टाढाका मानिसहरूले 'पपरदफो'-मा फाल्न लैजाने गर्दथे । हिजोआजसम्म त्यस ठाउँमा माटो खनेर

हेर्दा यज्ञ गरेको सतबीजहरू र चूल्हो बनाएको माटोका डल्लाहरू प्रशस्त पाइन्छन् भन्ने लोकमत भएको छ। तर हिजोआज त्यस ठाउँ (तालादफो)-मा घर-पसलहरू बनाइराखेका मालिकहरूले रोकेको हुँदा मानिसहरूले खोलासम्म गई यज्ञ गरेको सतबीजहरू तथा चूल्हो बनाएको माटोका डल्लाहरू फाल्न लैजान्छन्।

राजा जगतप्रकाश मल्लको पालामा घत्या टोलका एक भक्तालु श्री प्रकार नारायणले त्यस तालादफोको चुचुरामा गणेशको मूर्ति स्थापना गरी देवल बनाई ने० सं० ७७१ जेष्ट शुक्ल सप्तमीका दिनमा प्रतिष्ठा गरी देवलमा नै शिलापत्र राखिदिएको आजसम्म मौजूद छ।

यसरी देश-सेवा गरिरहेका राजा जगतप्रकाश मल्ललाई अन्त्यमा बिफरको रोगले शिकार बनायो। सो विफर पाकेकोले नौजवान राजा जगतप्रकाश मल्लको ने० सं० ७९३ मंगसिर कृष्ण चतुर्दशी बृहस्पतिवारको दिनमा मृत्यु भयो। राजा जगतप्रकाश मल्लको लाशलाई पलंगमा राखेर लगी श्मशानमा दाहसंस्कार गर्न लागेको बेलामा ९ जना रानीहरू सती गएका थिए। यिनको दुई छोरा थिए। जेठा जितामित्र र कान्छा उग्र मल्ल।

सुमति जयजितामित्र मल्ल :

राजा जगतप्रकाश मल्लको मृत्युपछि जेठा छोरा जितामित्र मल्ल भादगाउँको गद्दीमा बसे। यी राजा पनि बाबुजस्तै धर्मात्मा र संस्कृतका धुरंधर विद्वान् थिए। यिनी ठूला कवि, कलामर्मज्ञ तथा सुधारवादी राजा थिए। यिनलाई संस्कृत-श्लोक बनाउन र कीर्तिहरू राख्नमा ठूलो सोख थियो। यिनले राजा भएको केही वर्षपछि ने० सं० ८१० पौष सुदी ११ मा 'सुमति' नाम गरेको ग्रंथ लेखका थिए। जुन ग्रन्थ जाति, नियम-निष्ठाले भरेको थियो। यिनै ग्रन्थको नामबाट नै उनका शिलापत्र, र सोनापत्र आदिमा राजा सुमति जयजितामित्र मल्ल भन्ने लेखेको बुझिन्छ। यिनले संस्कृत भाषामा 'जेमिनी' र 'अश्वमेध' नाम गरेको नाटक पनि रचेका थिए। साथै 'सुमति तन्त्र' भन्ने ग्रंथ पनि खूब प्रचलित भएको छ।

राजा सुमति जयजितामित्र मल्लको भागीराम भन्ने मंत्री र भाजुकस, धौकाजी, भौकाजी, र तिमलाकाजी नाम गरेका ४ काजीहरू थिए। भागीराम भन्ने मन्त्रीबाट राजालाई देशविकास गर्ने काममा ठूलो मद्दत मिलेको थियो। यिनले बाबुको जीउ छँदैमा ने० सं० ७९२ मा तेखाचो टोलमा वाराही मन्दिरको जीर्णोद्धार गरेका थिए। यी राजाले ने० सं० ७९७ साल कार्तिक कृष्ण नवमीका दिनमा श्री विश्वनाथ महादेव स्थापना गरी मठ बनाई गुठी राखेर मठमा नै पाश्चायन स्थापना गरी तामापत्र देवल-

भित्र नै राखिदिएका थिए। ने० सं० ७९७ भाद्र शुक्ल द्वितीयाको दिनमा नै राजाले पाटनका राजासंग चाहिने ढुङ्गा मगाई कुमारीचोकलाई जीर्णोद्धार गरी उत्तर लाइनको भित्तामा अति सुन्दर कला-कृति अष्टमातृकाको मूर्ति स्थापना गरी

जितामित्र मल्ल, भक्तपुर

देवीहरूको आसनमा नै देवीको ध्यान अंकित गराई कुमारीचोकको शोभा बढ़ाइदिए। यिनै राजाले ने० सं० ७९७ कार्तिक सुदी नवमीका दिनमा पनि कुमारी-चोकमा कोटखा ढुङ्गाको जलद्रोणी बनाई जीवदान दिई स्त्री र पुरुषहरूको श्रृंगारको दृष्यहरू अंकित गराई स्थापना गरे। त्यो जलद्रोणीमा श्रृंगारको बाहेक नवरसको चित्रण पनि अंकित गराएका थिए। त्यो जलद्रोणको नाग जीवित भएर जाग्रत भई आएकोले धेरै मानिसलाई दुःख दियो। पछिका राजाहरूले ढुङ्गाको नाग जाग्रत भई आएको थाहा पाई शास्त्रोक्त विधिबमोजिम त्यो जलद्रोणीको नागको टाउको नै काटिदिए। त्यस बेलादेखि जलद्रोणीको नाग लोप भैगयो। त्यसैले नै त्यो जल-द्रोणीको नागको टाउको नभएको हो भन्ने किंवदन्ती अद्यापि चलेको हो।

यिनले कुमारीचोकको दक्षिण लँगमा काठको अत्यन्त कलापूर्ण कलशलाई नाग-हरूले सुरक्षा गरिरहेको ढोकालाई स्याकहरूले घेरी राखेको काठको ढोका हालेर कसैले खोल्न हुँदैन भनी अभिलेख अंकित गराइराखेको छ। अभिलेख यस प्रकार छ—

श्रीश्री सुमति जयजितामित्र मल्ल देवसन खसिस्व (शो) मा निमितन दयका चाय्के मदु ॥ सं० ८०१ नेपाल ॥ सम्वत् १७३७ विक्रम ॥ सम्वत् १६०२ शाके ॥

सम्वत् ४७४१ कलिगत ॥ माघमासे शुक्लपक्ष रवि, सप्तमि स कुन्हु दयका दिन जुरो शुभः ।

यिनले ने० सं० ७९८ मा पनि श्री तलेजु भवानीकहाँ चढाएको रोटी (मिठाई) बिक्री गर्न नपाउने गरी चारजना प्रतिष्ठित व्यक्तिहरू साक्षी राखेर सोनापत्र राख्न लगाएका थिए ।[1]

यिनले बडादशैं पर्वमा गर्नुपर्ने पूजापद्धतिको लागि आवश्यक भाँडा-बर्तनहरू धेरै नै चढाएका थिए, जो आजसम्म पनि मौजूद छन् । फेरि यिनले पर्व-पूजामा



सुनधारा तलेजु, भक्तपुर

धार्मिक आस्था जागरण गराउन देवीदेवताका चित्रहरू, श्लोकहरू, देवताका ध्यान आदि हस्तलिखित चित्रहरू, देवताका कथाहरू पर्व-पर्वको दिनमा मूलचोकमा

---

१. **सोनापत्रको नेपाली रूपान्तर—**

श्री तलेजुमा चढाएको पूजाको रोटी नाइके आचार्य, नाइके जोशी, नाइके ब्राह्मण आदिले एक महीनासम्म बिक्री गर्न पाइनेछैन । आवश्यक भएमात्र राजासंग हुकुम लिई चढाएको रोटीमा थान ८ र झिंगटीवाल रोटी थान ४० सम्ममात्र बिक्री गर्न पाइनेछ । अन्यथा पंच महापातक लाग्नेछ । दृष्ट साक्षी चन्द्रशेखर उपाध्याय, दुखी, भागराम र भागी राम प्रधानांग ॥ नेपाल सम्वत्, ७९८ ।

झुण्डयाई सबैलाई देखाउनुपर्ने गराएका थिए। उक्त चित्रहरू झुण्डयाउने मूलचोकमा ठोकिराखेका किल्लाहरू अहिलेसम्म नै छन् तर आजभोलि पर्वपर्वको पूजाको दिनमा उक्त चित्रहरू (पौभाहा) झुण्डयाई देखाउने चलन बन्द भैसकेको छ। हाल सबै चित्रहरू भण्डारमा नै छोडिराखेको नै छ।

ने० सं० ७९८ आषाढ़ शुक्ल दशमीका दिनमा मन्त्री भागीरामको मद्दतद्वारा राजकुलो देशभित्रसम्म ल्याई तुलजा भवानीको मन्दिर पूर्वतिरको दहमा सुनजलप लगाएको नाग स्थापना गरी ठूलो यज्ञ गराई अपूर्व कलापूर्ण सुनको धाराबाट पानी निकाली श्री तुलजा भवानीलाई दिनदिनै स्नान गराउने चलन चलाई दिए[1]। यसै धाराको प्रतिष्ठा गर्दा पोखरीमा एक जोड़ा सेतो हाँस छाड़िएको थियो, सो हाँस त्यसै कुलोबाट मुहानसम्म गई बेपत्ता भयो, तर फेरि बराबर देखनमा आउँथ्यो फेरि तुरन्त लोप भएर जान्थ्यो। त्यो हाँस धेरै वर्षपछि अथवा एक-दुई पुस्तासम्म पनि देखिन आउँथ्यो भनी बुढ़ापाकाहरूको भनाइ छ। यिनै राजाले ने० सं० ८०१ माघ महिनामा नै कुमारीचोकमा नै चण्डी भगवती देवीहरूको बीचमा पञ्चमुखे हनुभैरव मूर्तिको स्थापना गरे। यिनले ने० सं० ८०३ मा राजकुलोको पानी खेतमा लगी धान रोप्न अथवा अरू खेती गर्नलाई समान रूपबाट पानी वितरण गर्ने प्रबन्ध मिलाई ढल-नाइकेहरूको बर-बन्दोबस्त गराइदिए। ने० सं० ८०५ मार्ग कृष्ण नवमीका दिनमा श्री तुलजा भवानीको मन्दिरको शोभा बढ़ाउन ढोकामा सुनको जलप लगाएको खापासहित कलाकृति देवीको मूर्ति भएको तोरण पनि चढ़ाए। ने० सं० ८०५ मा यिनै राजाले इष्टदेवता श्री तुलजा भवानीको पूजा चलाउन धेरै पूजाका भाँड़ाहरू र ने० सं० ८०५ माघ सुदी पञ्चमीको दिनमा एक जोड़ा ठूलो देवा पनि चढ़ाए, जुन धेरैजसो भाँडाहरू आजसम्म छँदै छन्। यिनले ने० सं० ८१२ माघ सुदी

---

१. सुनधारा प्रतिष्ठा गरेको अभिलेख

ॐ स्वस्ति। श्री ३ भावान्यै नमः। यात नेपाल शाके गज गगण गजैः सन्मिते चाति गण्डे वैशाखे भानुवारे सुललित दिवसे शुक्ल तृतीयां तिथौ। नूनं तोय प्रणाली सुजल सरमा प्रीतय स्वेष्ट देव्या भानौ वंशावतंसः सुमति नरपति प्राकरोच्च प्रतिष्ठां। भूमण्डल मण्डितभूषण मणिभूत नेपाल खण्डे भक्तपट्टन मध्ये नाना सुवर्ण सुपर्व्वान मूर्ति गवाक्ष कपाट द्वार तोरण चित्रा नेक रचना सन ध्व इति पुखुर दव, इतिचुक तुथि, तुथचुक, ललिम विलास दुमाजु चुक, किसिगर, तोगन तुथि छवते प्रतिस्था याउण जुरो। भागिरामयावेरस॥ सम्बत ८०८॥ कलि ४७८९॥ विक्रम १७४५॥ शाके १६१०॥ बैशाख शुदि तृतिया शुभम्॥

पञ्चमीका दिनमा कुमारीचोकको ढुङ्गे खाटमा सुनको जलप लगाएको तामाको छाना हाले। यी राजाले कुमारीचोकलाई १५ वर्ष लगाएर जीर्णोद्धार गरी अति सुन्दर पारे, जसले गर्दा तलेजु चोकहरूमा कुमारीचोक आजसम्म प्रख्यात तथा रमणीय स्थान मानिएको छ। ने० सं० ८१५ श्रावण सुदी ५ मा पनि तुलजा भवानीको



कुमारीचोक (ढुङ्गे) खाट, भक्तपुर

मन्दिरपछाडिको चोकमा सुनको जलप लगाएको जलद्रोणी (धारा) स्थापना गरे। सोही धाराको नामबाट आजसम्म जन्हंचुक: (जलद्रोणी चोक) भन्ने प्रख्यात भएको छ। तलेजु मन्दिरभित्र देवीको दर्शन गर्न जानेले त्यस धारामा हात-गोडा सफा गरिसकेपछि मात्र जान पाउने नियम चलाए र सो जलद्रोणीमा पानी हमेशा भरिई राख्नुपर्ने नाक: (पानी ओसार्ने)-हरूको बन्दोबस्त गराई धेरै जग्गाको गुठी पनि राखिदिए। यिनले श्री तुलजा भवानीकहाँ आइमाईहरूले गर्नुपर्ने कामको लागि जग्गाहरूको बर-बन्दोबस्त गरी ती जग्गाको बालीबाट आयस्ता खाने गरी गुठीहरू राखेर ज्यापुनीहरू बन्दोबस्त गराइदिएका थिए। ती ज्यापुनीहरू बस्नको निमित्त तलेजु चोकभित्र कोठाको पनि बन्दोबस्त गराइदिएका थिए। श्री तलेजुकहाँ

आइमाईले गर्नुपर्ने कामकाज सबै गर्ने ज्यापुनीहरूलाई तलेजु नकीं भन्ने आजसम्म प्रचलित भएको छ ।

ने०सं० ८०१ पौष कृष्ण अष्टमीका दिनमा दिगदाह (देशको चारैतिर आगो बलेर आउने) भएको थियो र ४ महिनापछि रातमा ठूलो भूकम्प भै धेरै धन-मालहरू र बड़े-बड़े मन्दिरहरू नोक्सान भएको थियो । राजाले तुरन्त धेरै नोक्सान परेको जनतालाई आर्थिक सहायता गरे र नोक्सान भएको ठूला-ठूला मन्दिरहरूलाई पनि सकेसम्म चाँडै नै पहिलेको अवस्थामा नै तयार पार्न लगाए । भक्तपुर शहरभरिमा सबभन्दा ठूलो थंथु दरबारको केही पूर्वमा रहेको मन्दिर पनि त्यसै भूकम्पबाट नष्ट भएको थियो ।

ने० सं ७९८ माघ शुक्ल पञ्चमीका दिनमा राजा जगज्योति मल्लले बनाएको

तलेजु नकींहरू

न्हुपुखुलाई जोर्णोद्धार गरी बुर्जा भएको घर बनाउन लगाई पर्खालले घेरी फेरि बासु-

को नाग स्थापना गरिदिए। ने० सं० ८०५ माघ सुदीको दिनमा महाभारत नाच सिकाएको उपलक्ष्यमा नासंमना टोलको नृत्यनाथलाई ठूलो घण्टा चढाए जो आजसम्म तमाखु पसलमा छ। यी राजाले ने० सं० ८१५ मा आफ्नो जन्मदिनको उपलक्ष्यमा मूलचोक जाने ढोकामा कलापूर्ण काठको तोरण चढाई त्यसँमा साल मिति राखिदिएको पनि आजसम्म छ। यिनले तुलजा भवानीको मन्दिरमा सुनजलप लगाएको तामाको छाना राखे र सल्लाघारीको भुपूजोल सड़क बनाई शिलापत्र राखिदिए। यिनले आफ्नो दरबारअगाडि दुईतल्ले धर्मशाला निर्माण गरी महादेव र नारायणको मूर्ति पनि स्थापना गरे। हिजोआज त्यस धर्मशालामा पञ्चायत-पसलहरू खोलिराखेको छ। यिनले दरबारको दक्षिणतिरको यक्षेश्वर महादेव (पशुपतिनाथ)-को मन्दिर पनि दुईतल्ले गरी बनाई जीर्णोद्धार गरिदिए। ने० सं० ८१६ माघ कृष्णपक्षको दिनमा लापा देवलको पछाडि श्री सिद्धिलक्ष्मी देवी स्थापना गरी यन्त्र प्रतिष्ठा गरी देवल बनाई कोट्याहुति यज्ञ गराई सुनको गजूर चढाएको शिलालेख देवताको आसनमा नै लेखाइदिएका थिए। यिनले ने० सं० ८०६ आश्विन महिनामा श्री तुलजा भवानीलाई एउटा ठूलो हतियार (खोण्डा) चढ़ाएका थिए। सो हतियारको बीँडमा सुनले मोड़ी ठाउँ-ठाउँमा बहुमूल्य वस्तुहरू जड़ी साल, मिति र राजाको नाम अंकित गराई देवीकहाँ अर्पण गरेका थिए। श्री तुलजा भवानी दशैं-कोठामा लैजाने बेलामा सो हतियार पनि देवीसँगै यात्रा गरी लैजाने गर्दछन्। जसलाई नेवारी भाषामा द्यः कोहाँ बिज्या व थाहाँ बिज्याकिगु भन्दछन्। यिनले आफ्नो इष्टदेवता तुलजा भवानीलाई वर्षमा थापूजा चलाउन धेरै जग्गा राखी गुठीको बन्दोबस्त गराइदिए। यिनले तुलजा भवानीलाई लगभग ३४० तोला सुन भएको अति राम्रो कलापूर्ण सिंहासन पनि चढ़ाए। यिनले ने० स० ७९८ मा कुनै थंथु दरबारको निर्माण गरेका थिए। यिनले ने० सं० ८११ फागुन बदी ११ का दिनमा अध्यात्म रामायण सिकाएको उपलक्ष्यमा नासंमना टोलमा श्री वत्सलाको यन्त्र स्थापना गरी मन्दिर निर्माण गर्न लगाई देवताको आसनमा शिलालेख कुँद्न लगाएका थिए। सो अभिलेख यस प्रकार छ :—

ॐ श्री श्री श्री स्वस्त देवता प्रति कामना स सु शाष्ट्र संगितादि सकल तन्त्र विद्या पालग गान्धार्व विद्या निपूण सकल शाष्ट्र चक्रधीस चूडामनि महाराजाधिराज सूर्यो वंशोद भव, श्री श्री सुमति जय जितामित्र मल्ल देव सन अध्यात्म रामायण प्याखन दयाका व शिद्धि पूजायाय यात्रा श्री श्री श्री स्वकुलाम्नाय कर्म वच्छला स्थापना याङा, महामहा कर्मार्चन यायतेन, अनेक तन्त्र शास्त्रादि स विचार याङा व महावस्त सिधयका यत्नपूर्बक न निदान यायमाल, अन हेला याय मते व सेनका व ………………थाङा व सानेमते व सामसा सॉं, बालक, मिसा, त्वाच, ब्राह्मण, नृप

वधादि पाप लाक, निदान याङा न पून्य लाक जुरी ।। सम्वत् ८११ फागुन बदी ११ ।। शुभ ।।

यिनले चुपींघाटको पारिको भीमसेनको देवललाई पनि परखाल घेरी ठूलो विधिपूर्वक पूजा गरेका थिए । राजाले भीमसेनलाई पूजा गरेको निम्न कथा छ :—

राजा जितामित्र मल्लको समयमा पनौतीमा एउटा ठूलो हात्तीले धेरै जनतालाई दु:ख दिएको खबर राजाकहाँ आएकोले राजाले धेरै फौज दिई पक्रन पठाए । फौज र प्रजाहरू मिलेर त्यस हात्तीलाई पक्री दरबारमा ल्याउन चुपींघाटको पारि भीमसेनको स्थानमा आइपुगेपछि सो हात्तीलाई त्यस ठाउँबाट जति कोशिश गर्दा पनि दरबारमा ल्याउन सक्दै सकिएन । राजाले यहाँ के रहेछ भनी ज्योतिषीहरूसंग शास्त्रार्थ गरी बुझ्दा प्राचीन कालदेखि भएको श्री भीमसेनको डरले नआएको बुझियो । राजाले तुरन्त त्यस भीमसेनलाई विधिपूर्वक पूजा गरिदिए । पछि-पछिमात्र हात्ती सरासर दरबारतिर लाग्यो । अब राजाले ठूलो देवता सम्झी त्यो भीमसेनको मन्दिर मरम्मत गरी परखाल घेरी विधिपूर्वक भोग-बलि दिई पूजा गरे । भीमसेनको त्यो परिचय मानिसहरूलाई आजसम्म याद छ । परदेश जाने जहानहरूको धेरै दिनसम्म पनि खबर नआएमा त्यस भीमसेनलाई पूजा गरिदिएमा १५ दिनभित्र नै खबर आइपुग्छ भन्ने सबैमा विश्वास परेको छ । त्यसैले भीमसेनलाई परदेशी भीमसेन भन्ने आजसम्म नाम प्रख्यात् भएको छ ।

सुमति जयजितामित्र मल्ल शान्तिप्रिय राजा थिए । यिनी सबैसंग मेलमिलाप गर्न चाहन्थे । तर राजा सुमति जयजितामित्रले भक्तपुरमा ठूलो उन्नति गरेको देखेर कान्तिपुरका मन्त्री लक्ष्मीनारायण जोशीलाई ठूलो डाह भयो र भक्तपुरतर्फ कुदृष्टि दिन लागे । कान्तिपुरका राजा पार्थिवेन्द्र मल्ल विष प्रयोगद्वारा मारिएपछि राजा जितामित्र मल्लले कान्तिपुरको राजदरबारमा धर्ना कसी बसेका विद्रोही जनतालाई शान्त गराई जेठा राजकुमार भूपालेन्द्र मल्ललाई गद्दीमा बसालेर भक्तपुर फर्कन लागेको बेलामा हर्ताकर्त्तामा पुगेका मन्त्री लक्ष्मीनारायण जोशीले राजासंग मन्त्री भागीराम प्रधानाङ्गलाई शासनबाट हटाउने अनुरोध गरे तर राजा जितामित्र मल्लले आफ्ना विश्वासी मन्त्रीलाई बिनाकसूर शासनबाट हटाउन मञ्जूर गरेनन् । केही दिनपछि मौका पारी पाटन र कान्तिपुर एक गुट भै भक्तपुरमा हमला गर्न आए । जनताले एक व्यक्तिको लागि हामी भक्तपुरवासीहरूलाई यस्तो दु:ख पऱ्यो भनी हल्ला चलाए । हल्लामा लागेर केही भड्किएका जनताहरू राजदरबारमा धर्ना कस्न

राजा भूपतीन्द्र मल्लको कुण्डली



सम्वत् ७९५ कार्तिक शुक्ल षष्ठी ५४ पूर्व्वाषाढ नक्षत्र १६ धृतियोग ७ शनैश्चर वासरे ।। तदा जात वेला उप्रघटि २ बि ४७ तदा विच्छ लग्न सिंहन वां शके प्रथम द्रेककाणे अस्या बेलायां, श्री जय जितामित्र मल्ल देवस्य विवाहिणी भार्य्यायां प्रथम पुत्र जातः ।। शुभं ।।

गए । तर मन्त्री भागीरामलाई त्यहाँ भेट गर्न नपाउँदा भड्किएका केही जनता फर्केर आई भागीरामको घरमा गएर आगो लगाई धेरै धन लुटे । बिचरा मन्त्री भागीराम लुकी-लुकी अन्यत्र लागे । अब भने दरबारमा भाजुकस हर्ताकर्ता हुन आए । केही दिनपछि पाटनका राजाले कान्तिपुरका मन्त्री लक्ष्मीनारायण जोशीको कुचक्र थाहा पाई राजा जितामित्र मल्लसंग भूल स्वीकार गरी मन्त्री भागीरामलाई फेरि पहिलेको पदमा नै राख्न लगाएका थिए । आखिर ने० सं० ८१६ भाद्र महिनामा राजा सुमति जयजितामित्र मल्ल स्वर्ग भए । सुमति जयजितामित्र मल्लका दुई रानी थिइन् । जेठी रानी लालमतीको भूपतीन्द्र मल्ल नाम गरेका छोरा भए । ने० सं० ७९५ कार्तिक शुक्ल ६ का दिनमा भूपतीन्द्र मल्लको जन्म भएको थियो । कान्छी रानी निसन्तान भइन् तर दरबारमा भने भाजुकस काजीको मद्दतद्वारा कान्छी रानीको प्रभुत्व जमेको थियो ।

भाजुकस र जितामित्र मल्लकी कान्छी रानी

राजा जितामित्र मल्लको स्वर्ग हुँदा राजकुमार भूपतीन्द्र मल्लको, बाबुबाट तालीम पाए तापनि बालखजस्तै स्वभाव हुन गयो । तसर्थ भाजुकसको मद्दतद्वारा कान्छी रानी गद्दीमा बसी शासन चलाउन थालिन् । यिनलाई काजी भाजुकसले ठूलो बाहुबल देखाई राजकाजको काममा मद्दत गरेका थिए । परिणाममा भाजुकस रानीका ठूला प्रेमपात्र बन्न गए । केही समयमा नै रानीको हैसियतले काजी भाजुकसले मिली उत्तराधिकारी राजकुमार भूपतीन्द्र मल्ललाई देशबाट हटाएमा पछिसम्म निष्कंटक राज्य चलाई दुवै प्रेमपूर्वक बसी सुख-चैन गर्ने कुभावना र कुधर्म चिताएका थिए । फलस्वरूप गुप्तरूपबाट जल्लादहरूको हातमा बिचरा भूपतीन्द्र मल्ल जंगलमा मार्न पठाएका थिए । जल्लादहरूले पनि विहावर जंगलको बीचमा पुगेपछि, भूपतीन्द्र मल्लको मुखको तेज र राजकुमारको स्वभावमाथि दया लागेर राजकुमार भूपतीन्द्रलाई मारी आएको सबूत देखाउनको लागि कुनै जन्तुलाई मारी सो जन्तुको कलेजा झिकी रानीलाई छल गरी सो सबूत बुझाइदिएका थिए ।

यसपछि गद्दीको काँटा हट्यो भनी काजी भाजुकसले स्वयं गद्दीमा बसी आफूलाई राजा घोषित गरेका थिए। रानी पुतलीजस्तै भइन्। तिनीहरूले पनि पूर्वज मल्ल राजाहरूले जस्तै नाम कमाउन देवमन्दिर तथा गुठीहरू राखेर पूजा चलाउन कोशिश गरेका थिए। यिनीहरूले तुलाछे टोलमा मानिसजत्रो ठूलो बलभद्र, सुभद्रा र कृष्णको मूर्ति स्थापना गरी जगन्नाथ नामले ठूलो अजंगको देवल बनाई शिव र विष्णुका मूर्तिहरू स्थापना गरी दैनिक पूजा (नित्यपूजा) र हरेक वर्ष आषाढ़ शुक्ल द्वितीयाको दिनमा वर्षोत्सव मनाउन धेरै जग्गाहरू राखेर गुठी राखी पूजा चलाई खाने शिलापत्र मन्दिरमा नै राख्न लगाएका थिए। आफ्नी रानीको आमोद-प्रमोद तथा विलासको लागि सिद्धपोखरीदेखि दक्षिणतिर एउटा ठूलो पोखरी बनाउन लगाएका थिए, तर सिध्याउन पाएनन्। सोही पोखरी आजसम्म भाजुपुखु (भाज्या-पोखरी) नामले प्रसिद्ध छ। आखिर यिनीहरूले धेरै दिन राज्य गर्न पाएनन्। यिनीहरूले जगन्नाथ (भारतको पुरी भन्ने ठाउँ)-मा पनि गुठीहरू राखेर दिनदिनै भोग चलाउनुपर्ने गराई गएका थिए भन्ने जनश्रुति छ।

भूपतीन्द्र मल्ल :

श्री सुमति जयजितामित्र मल्लकी कान्छी रानी तथा भाजुकसबाट मार्न पठाइएका राजकुमार भूपतीन्द्र मल्ल (जल्लादहरूको दयाबाट बाँचेका)-लाई जल्लादहरूको दयाले नमारी त्यतै विहावर जंगलमा छोडिआएको, ठूलो हुँदै बुद्धि पाको भैसकेपछि बाबुको गद्दी लिन कोशिश गर्दै रहे। राजकुमार भूपतीन्द्र मल्लले भाजुकस र रानी-बाट असन्तुष्ट भएका भारदारहरू तथा जागीरदारहरू (धौकाजी, भौकाजी र तिमलाकाजी)-लाई गुप्त तरीकाबाट संगठन गर्न लागिरहेका थिए। पछि फौजहरू तयार भैसकेपछि सुकुलको निसाना राखी (जुन ठाउँ हिजोआज सुकुल ढोका टोल नामले प्रचलित भएको छ) घमासान लड़ाई गरी विजय प्राप्त गरेर राजकुमार भूपतीन्द्र मल्ल दरबारभित्र पसे। कुभावना चिताई धर्म नष्ट गरेकी कान्छीआमा (जितामित्रकी कान्छी रानी)-लाई पक्री थंथु दरबार भन्ने बगैंचाको घरमा आजन्म कैद गराई नजरबन्द गरिदिए। दुष्ट भाजुकस त्यहाँबाट भागेर सुकुल ढोकाको आगंछेंमा लुकि-रहेकोलाई फेला पारेर पक्री सुकुल ढोकाको मूल सड़कमा ठूलो बेइज्जतीसाथ उत्तानो पार्न लगाई हात-खुट्टामा किल्ला ठोकेर मार्न लगाए। ती दुष्टको मरेको लाशको टाउको काटेर दुनियाँका धेरैजना आवत-जावत हुने ठाउँमा खाडल खन्न लगाई त्यो टाउको राखी बाटोमा आउने-जाने यात्रुहरूलाई त्यस टाउको माथि मुत्न लगाएको थियो। पछि त्यो ठाउँ चोकुंगाछें नामले प्रसिद्ध भयो। हिजोआज त्यस ठाउँलाई चोंगा पाख भन्दछन्।

राजा भूपतीन्द्र मल्लको शालिक, भक्तपुर

त्यसपछि ने० सं० ८१७ मा राजकुमार भूपतीन्द्र मल्ल बाबुको गद्दीमा बसे। भूपतीन्द्र मल्ल ठूला विद्वान् तथा धार्मिक प्रवृत्ति भएका राजा थिए। यिनीलाई विशिष्ट कलाले भरीपूर्ण वस्तुहरू बनाउनमा ठूलो सोख थियो। किनभने यिनलाई वनमा पाउने भोटे कर्मीले आफ्नो घरमा लगी कालीगड़ी सिकाई भोट (ल्हासा) मा तालीम गर्न लगिराखेको थियो। थोरै दिन भोटमा बसे तापनि भूपतीन्द्र मल्ल कला पारखी र भोटे भाषामा निपुण भै निस्के। तसर्थ यिनले कलापूर्ण मन्दिरहरू तथा घर-बगैंचाहरू आदि बनाई शिलापत्र, तामापत्र र सोनापत्रहरू राखिदिएको कीर्तिहरू आजसम्म प्रशस्त मात्रामा पाइन्छन्। राजा भूपतीन्द्र मल्ल ठूला शक्तिशाली तथा दुनियाँको हितचिंतक र हिन्दू धर्मका प्रबल समर्थक थिए। साथै यिनी शान्तिवादी पनि थिए। यिनले देशमा शान्ति स्थापना गर्न कान्तिपुर र पाटनका राजाहरूसंग आपसमा नलड्ने सन्धि पनि गरेका थिए। तसर्थ यिनको शासनकाल शान्तिपूर्ण वातावरणमा बितेको थियो। यिनले भारतका राजा-रजौटाहरूसंग पनि सम्बन्ध जोड़े।

मल्ल राज्यकालमा यिनको राजनीति धेरै नै सफल भएको थियो। यिनलाई कुनै छिमेकी राज्यहरूले अँठ्याउन सकेनन्। बरू यिनले सबै छिमेकीहरूलाई आफ्नै अधीनमा राखेका थिए। यिनको कूटनीति, राजनीति, सामाजिक काम आदि देखेर कसैले पनि यिनको अगाड़ि चुइँसम्म पनि बोल्न सक्दैनथे।

कान्तिपुर र ललितपुरका दुवै राजाहरूले यिनीसँग सन्धि गर्न आएका थिए। राजा भूपतीन्द्र मल्ल तीनै शहरका प्रजाहरू आपसमा झगडा नगरी मेलमिलाप गरेर उपत्यकाको उन्नति हुन पावोस् भन्ने कामना राख्ने व्यक्ति थिए। तसर्थ यिनले भक्तपुर र कान्तिपुरको साँगुरो र लामो बाटो चौड़ा गर्न लगाई बटुवाहरूलाई सुविस्ता गर्न लागि बाटोको दुवैपट्टि रूखहरू रोप्न लगाए र साथै बटुवाहरूलाई वास बस्ने पौवा-पाटीहरू ठाउँ ठाउँमा बनाउन लगाएका थिए। यिनले सिकाएका नाटकहरू पनि बराबर कान्तिपुर र ललितपुरमा पनि देखाउन लगेका थिए। नाटक देखाउँदा भेटीस्वरूप केही दाम प्राप्त भएको थियो। सो प्राप्त दामबाट राजा भूपतीन्द्र मल्लले भक्तपुरको नृत्यनाथकहाँ विधिबमोजिम पूजा गरी ढुङ्गा-पानस र घण्टा चढाएका थिए।

निर्माण र धार्मिक कार्य :

भूपतीन्द्र मल्ल राजा भएपछि एक अनौठो ऐनासहितको झ्याल भएको दरबार बनाए जो दिल्लीका मुगल बादशाहले कोसेलीको रूपमा ऐनाहरू भेट गरी पठाएका



न्यात पो (पाँचतल्ले) मन्दिर, भक्तपुर

थिए। उस बेला नयाँ चीज राखेको झ्याल भएकोले त्यस झ्यालको नाम नै

'ज्हायक्कथा' भन्ने खूब प्रसिद्ध थियो । ने० सं० ८१८ मा त्यस दरबारको ढोकाको दायाँ-बायाँ ठूलो सिंह राखी नृसिंह र हनुमान स्थापना गरी सिंह ढोका नाम राखे । सो ढोकाको नृसिंह र हनुमानलाई पूजा गर्न धेरै जग्गा राखी गुठी पनि राखिदिएका थिए । त्यस दरबारमा ठूलो बैठक थियो जो आजसम्म लालबैठकको नामले प्रसिद्ध छ । हाल त्यस बैठकमा चित्र संग्रहालय खोलिराखेको छ । ने० सं० ८१९ मा यिनले राजा यक्ष मल्लले शिलान्यास गरेको दरबारमा धेरै किसिमका काठहरूबाट कालिगड़ी-कलाले पूर्ण सीप देखाई रंगबिरङ्गका काँचहरू जड़ेका झ्यालसहित ५५ झ्याल भएको दरबार बनाइदिएका थिए, जुन आजसम्म पनि संसारभरि प्रसिद्ध छ र मल्ल राजाहरूको कीर्तिहरूलाई यसै दरबारबाट नै आजसम्म भक्तपुरको कलामा यतिको निपुणता छ भनी देखाइराखेको छ ।

राजा भूपतीन्द्र मल्ल जात्रा चलाई देशमा ठूलो रमिता गर्न उत्सुक थिए । तसर्थ यिनले ने० सं० ८२१ फागुन कृष्ण द्वादशीको दिनमा सुनजल्प लगाएको तामाको ३ तल्ले छाना राखेर ठूलो मन्दिरको रूपमा बड़े-बड़े अजंगको पांग्रा राखी ठूलो रथ तयार पारी भैरव-भद्रकालीको रथयात्रा चलाई देशमा ठूलो रमिता देखाए । साल मिति रथको मुठलमा नै लेखिदिएका थिए । त्यो आजसम्म मौजूद छ । यिनले ने० सं० ८२२ सम्ममा तयार हुने गरी टौमढ़ी टोलमा ९०° डिग्रीको सोझाइमा र छाना सबै ४५° डिग्रीमा ५ तल्ले मन्दिर बनाई कालिगड़ी कलाले युक्त भएको

दरबार स्क्वायर, भक्तपुरको ५५ झ्याले दरबार

मानिसजत्रो अग्लो एउटै ढुङ्गाको बेतालमाथि आसन गरेका भैरवको मूर्तिमाथि चढ़ेकी श्री सिद्धिलक्ष्मी देवी (भगवती)-को स्थापना गरी मन्दिरभित्र भूईंमा ढुङ्गा ओछ्याइदिएका थिए । त्यस श्री सिद्धिलक्ष्मी देवीको दायाँ-बायाँ श्री मसान भैरव र

महाकाल भैरवको मूर्ति पनि स्थापना गर्न लगाएका थिए। सो मन्दिर कलापूर्ण देव-देवीहरूको १०८ टुदाल हाली निर्माण गरेका थिए। उस बेला श्री भैरवनाथले ज्यादै दुःख दिएकाले तान्त्रिक मतानुसार भैरव आसन गरी स्थापना गरेको हो भन्ने किंवदन्ती भएको हो। तसर्थ त्यस मन्दिरभित्र सबैको निमित्त दर्शन प्राप्त छैन। राजा भूपतीन्द्र मल्लले त्यस मन्दिरभित्र देवी स्थापना गर्न पाएको खुशियालीमा उक्त मन्दिरको देवी, भैरव र बेताललाई सुनको केटुकी-पत्र सहित चाँदीको मुकुट र प्रत्येक भुजा (हात)-को लागि चाँदीको बाजु साथै दायाँ-बायाँका श्री मसान भैरव र आकाश भैरवलाई पनि चाँदीको मुकुट आदि गहनाहरू चढ़ाई प्रत्येक वर्ष आषाढ़ सुदी १ रोजका दिनमा वर्षबन्धन पूजा र आषाढ़ सुदी २ रोजका दिनमा थाय पूजा चलाउनुपर्ने व्यवस्था गरी कोट्याहुति यज्ञ गराई पुरोहितलाई सुनको मुकुट लगाइदिएका थिए। धेरैजसो गहनाहरू वर्षबन्धन पूजामा लगाउने चलन छ। उक्त गहनाहरू धेरैजसो अहिलेसम्म तयार नै छन् साथै वर्षबन्धन पूजा र थाय पूजा यथावत नै चलिराखेको छ। पछि-पछि पनि त्यहाँ पूजा गर्नजाने भक्तालुहरूले देवताप्रति थुप्रै गहनाहरू चढाएका थिए। भक्तपुर टेखाचो टोल बस्ने खर्दार श्री उपेन्द्रलाल (जैमल) प्रधानांगले र निजकी श्रीमतीले ६० तोला भएको चाँदीको तुल्सीको माला एक र थाय पूजा भोजको लागि ढलौटे (काँस)-को अम्खोरा गोटा ४ चार पनि चढाएका थिए जो अहिलेसम्म छँदै छन्। त्यसै मन्दिरभित्र आग्नेय कोणमा ने० स० ८२४ आषाढ़ सुदी ४ मा ठूलो घण्टा चढ़ाए[1]।

यो मन्दिरको निर्माणले गर्दा आजसम्म भक्तपुर शहरको निकै शोभा बढ़ाएको छ। उक्त मन्दिर निर्माण गरेकोमा भजन गुठी-गुठीहरूमा पनि गीत गाउने चलन छ। सो गीतको अंक पछाडिबाट मिति शुरू गराइराखेको छ। गीत यस प्रकार छः—

जय भूपतीन्द्र मल्ल धरम मूरती ॥ ध्रु ॥
वसन देगोल दाङा देवी प्रतिन।
नसेच्या या दथु स नसे तङाव॥
दितरा थोक या पादु जुवो दिन गाव ॥ धरम॥
कुथुफले जय प्रताप वया चोसं किसी ॥
सिंह शार्दूल अना अति शोभा जुल ॥ धरम ॥
देगःया पेंगु कुने दिगं गणेश तल ॥
ताकं ताके फले अना अति शोभा जुल ॥ धरम ॥

---

१. घण्टाको अभिलेख :—"ॐ ३ श्री जय भूपतीन्द्र मल्ल देवसन ङातापोल देवलया देवता सम दुंता ने० सं० ८२४ आषाढ़ शुदी ४ सुभम्।"

ङातापोल या चोसं छाल गजूल ।।
बस न यज्ञ यात कोटी आहुति ।।
बिल पुरोहित यात लु मुकुति ।।

धरम मूरति—

यो मन्दिर निर्माण गर्दा राजा आफैले इंट बोकेर जनतालाई तथा कालिगड़हरूलाई ठूलो हौसला बढ़ाई मन्दिर चाँड़ै सिध्याउन लगाएका थिए। त्यस मन्दिरमा जाने सिढ़ीमा दायाँ-बायाँ तल्लैपिछे दश-दश गुणा शक्तिले युक्त भएका अति सुन्दर ढुङ्गाका मूर्तिहरू स्थापना गरी मन्दिरको शोभा बढ़ाइदिए। आजसम्म उक्त देवल (मन्दिर)-को कला, ऊँचाइ र चौड़ाइ देखेर संसारका मानिसहरू आश्चर्य मानी मुक्त कण्ठले तारीफ गरी एक दिनमा नै सयौं फोटो लिएर जान्छन्। राजा भूपतीन्द्र मल्लले त्यस देवलको देवी पूजा गर्न र वर्ष-वर्षमा भुसारा गर्न केही गुठी पनि राखिदिए जो आजसम्म येनकेन प्रकारले चलिराखेको छ। त्यस ५ तल्ले मन्दिरमा पछि शाह राजा रणबहादुर शाहले देव-देवीहरूका मूर्तिहरू नष्ट-भ्रष्ट गर्न लागेको बेलामा पाटनमा भएका लगभग एक हात चारपाते सुनको मोलम्मा भएको कठोर परिश्रमको कलायुक्त श्रीयन्त्र एउटा बचाउन त्यो मन्दिरभित्र लुकाउन ल्याइराखेका थिए तर सो यन्त्र हिजोआज कहाँ छ, के भैराखेको छ, अत्तोपत्तो छैन। यो मन्दिर तयार हुन लागेको बेलामा प्रचलित भएको एउटा कथा यस प्रकारको छ —

राजा भूपतीन्द्र मल्लले ५ तल्ले मन्दिर बनाउन सिध्याइसकेपछि मन्दिरको सिढ़ीमा बसेर आफ्ना मन्त्रीहरू तथा कालिगड़हरूसंग मन्दिरभित्र देवता स्थापना गर्ने विषयमा सल्लाह गरी बसेका बेलामा अकस्मात् एउटा चील आएर पूर्व कुनाको छानामा बसेर कराउन लाग्यो। राजा भूपतीद्र मल्लले पनि माथि आकाशमा चीलतिर हेरेर चीलको जस्तै आवाज निकालेर कराउन लागे। त्यहाँ जम्मा भएका भारदारहरू तथा कालिगड़हरूले आश्चर्य माने तर कुनै भारदारले पनि चीलसंग गरेको कुराबारे राजासंग सोधनी गर्ने हिम्मत गर्न सकेनन्। एक मन्त्रीले सरासर दरबारमा गई रानीलाई राजाले चीलसंग कुरा गरेको बयान चढ़ाए। सो कुरा रानीले सुन्नेबित्तिकै राजासंग कुरा बुझ्न बहुतै उत्सुक भइन्। राजा दरबारमा भएको बेलामा रानीले चीलसंग कुरा गरेको विषयमा विन्ती चढ़ाइन्। तर राजाले आइमाईलाई वृत्तान्त कुरा सुनाउन इन्कार गरे। यसमा रानीले ठूलो दुःख मानिन्। पतिव्रता भै बसेकी स्त्रीमाथि समेत विश्वास नभएकोले रानी राजाको अगाडि आत्महत्या गर्न आँटिन्। आखिरमा राजाले विवश भै सबै कुरा सुनाउन लागे। अब ५ तल्ले मन्दिर बनाउन सिध्याइसकेपछि फर्केर आउने कुरा चीललाई कबूल गरी पठाइसकेको छ।

ल्हासाका ३ गुम्बा लामाहरूमध्ये राजा भूपतीन्द्र मल्ल पनि एक गुम्बा लामा हुन् । नेपालमा रमिता हेर्न निमित्त मानिसको कोखमा उनको जन्म भएको कुरा पनि रानीलाई सुनाए । तसर्थ केही सुर्ता नगरी छोरो रणजीत मल्ललाई राजकाजको काममा राम्रो तालीम गरी मद्दत गर्नु भनी रानीलाई सल्लाह दिई, एक किताबको पोका पारी लिन पठाएको बेलामा दिएर पठाइदिनु भनी अलग राख्न लगाए । पछि राजा भूपतीन्द्र मल्ल स्वर्ग भएको १२ वर्ष बितेपछि सोही किताबको पोका एक गुम्बा लामाको हातमा ताड़पत्र लेखी लिन पठाए । भूपतीन्द्र मल्लकी रानीले झट्पट अघिको कुरा सम्झी १२ वर्ष अघिदेखि राखिछोड़ेको उक्त किताबको पोको लिन आउने गुम्बा लामाको हातमा राखी अरू धेरै सौगातहरूसमेत दिएर विदा गरी पठाइन् । सोही किताप लिन पठाएको ताड़पत्र तलेजु मन्दिरको भाँड़ाकुँड़ा राख्ने भण्डारमा खोजतलास गरेमा अहिले पनि पाइन्छ भन्ने किंवदन्ती छ ।

राजा भूपतीन्द्र मल्लले ने० सं० ८२५ जेष्ट शुक्ल द्वितीयाको दिनमा तुलजा भवानीलाई मूलचोकमा ठूलो घण्टा चढाई वर्षमा थापूजा चलाउनुपर्ने गराइदिएका थिए । यिनले ने० सं० ८२८ जेष्ट कृष्ण चौथीका दिनमा तलेजु मन्दिरमा दायाँ-बायाँ सिंह र बेताल राखी सुन-जलप भएको छाना जीर्णोद्धार गरी तलेजु मन्दिरको भित्तामा ठूलो-ठूलो अक्षरले सोना-पत्र राखिदिएको आजसम्म नै मौजूद छ । यिनले ने० सं०

भगवती मन्दिर, भक्तपुर

८३१ मा तलेजु मन्दिरमा सुनको जलप लगाएको ढोका थप गरेर ने० सं ८३१ मा नै सदाशिव चोकमा जलद्रौंणी (पानीको धारा) राखिदिएका थिए । जो आजसम्म

यथावत् छ। यिनले मूलचोकको उत्तर लाइनको दरबारमा खयर, श्रीखण्ड र सतिसाल इत्यादि थरिथरीका काठबाट कालिगड़ी-कलाले पूर्ण झ्यालहरू हालेर कोठाको भित्तामा आफ्नो वंशावली पनि चौताल रागमा लेख्न लगाएका थिए। यिनले ने० सं० ८३७ श्रावण शुक्ल तृतीयाको दिनमा बोडेमा पनि नील वाराही देवीगणको नाच चलाउन ६ रोपनीको जग्गा हाली तामापत्र राखिदिएको आजसम्म बोडेको महालक्ष्मी मन्दिरमा छ। ने० सं० ८२७ वैशाख शुक्लको दिनमा वसन्तपुर जाने ढोकाको दायाँ-बायाँ ठूलो सिंह राखेर श्री उग्रचण्डी भगवती र श्री भैरवको मूर्ति स्थापना गरी ९९ चोक भएको राजप्रसाद र ९ तल्ले वसन्तपुर नाम् भएको दरबार बनाएका थिए। यी राजाले ९९ चोकमध्ये मालती चोकमा श्रीखण्ड (चन्दन)-को झ्याल हालेका थिए। वसन्तपुर दरबार हाल पाताल भएकोले त्यस ठाउँमा श्री पद्म हाईस्कूल बनाएको छ। यिनले त्यसै दरबारको दक्षिणतिर ४ धामका देवताहरूको मूर्तिहरू स्थापना गरी मन्दिरको निर्माण पनि गरेका थिए। यिनले ने० सं० ८२८ माघ कृष्ण नवमी पर दशमीका दिनमा सिपादोलमा दोलेश्वर महादेवको मन्दिर जीर्णोद्धार गरी शिलापत्र राखिदिए। यिनले ने० सं० ८३२ माघ शुक्ल पञ्चमीको दिनमा हनुमान घाटमा पञ्चायतनसहित ठूलो महादेव स्थापना गरी, अर्थात् शिवलिंग स्थापना गरी शिलापत्र पाटीको गाह्रोमा टाँसिदिएका थिए। यिनले ने० सं० ८३३ चैत्र कृष्ण नवमीका दिनमा टौमढ़ी टोलको पूर्वतिर 'भवध्वाका' भन्ने ठाउँमा ढुङ्गे-धारा, सत्तल बनाई १८ भुजा भएकी भगवती देवी स्थापना गरिदिएका थिए। यी राजाले दरवारअगाडि कोट्याहुति यज्ञ गराई लामो ढुङ्गाको खम्बामाथि आफू हात जोड़ी बसेको सुनको शालिक स्थापना गरे। यसमा आफूले प्रयोग गर्ने ढाल-तलवार र कर्मीका ज्यावलहरूसमेत अंकित गराइदिएका थिए जसले गर्दा आजसम्म भक्तपुर दरवार स्क्वायरको शोभा राम्रो गराएको छ। योबाहेक यिनले बाराही, कुमारी र वैष्णवीका देवलहरूसमेत बनाइदिएका थिए। ने० सं० ८२९ श्रावण सुदी ८ मा आफ्नो इष्टदेवता श्री तुलजा भवानीकहाँ वर्ष-वर्षमा पवित्रारोहण पूजा चलाउने गुठी पनि यिनले राखे। ने० सं० ८३७ मा यिनले टौमढी टोलमा भैरवनाथको एक तल्ले मन्दिरलाई ठूलो पारी तीन तल्ले गरी सुनको गजूर हाली जीर्णोद्धार गरिदिए। ने० सं० ८४० श्रावण बदी द्वितीयाको दिनमा यिनले सोह्र राज्य जिताई मंगलाछे टोलमा पञ्चसमुय गरी श्री ३ वाराही देवीलाई केतकी-पत्र चढ़ाएका थिए। यिनले ने० सं० ८४१ फागुन बदीमा श्री वत्सला देवीलाई 'खिचाखो गँ' (कुकुर भुक्ने घण्टा) चढ़ाएका थिए। सो घण्टा राजा जितामित्र मल्लले बनाएको ८ घण्टामध्ये एक हो। यी राजाको पालामा आफ्नी आमा लालमती देवीले पति जितामित्र मल्लको सुनजलप लगाएको शालिक र छोरा भूपतीन्द्र मल्लको शालिक श्री तुलजा

भवानीकहाँ चढाएकी थिइन् । राजा भूपतीन्द्र मल्लले हरेक वर्षको महाअष्टमी र नवमीको बीचमा पर्ने कालरात्र को समयमा श्री तुलजा भवानी कुमारीचोकमा हुने बेलामा श्री तुलजा भवानीकहाँ ८४ प्रकारको रोटीबाट देवीको मन्दिर बनाई चढ़ाउने बन्दोबस्त गराइदिएका थिए । सो मन्दिर बनाएको रोटी विजयादशैंको दिनमा देवीको प्रसाद दिने बेलामा वितरण गर्दछन् ।



भैरव मन्दिर, भक्तपुर

यी माथि उल्लेख गरिएका निर्माण तथा धार्मिक कामबाट राजा भूपतीन्द्र मल्ल कलामा कतिका निपुण तथा धार्मिक प्रवृत्तिमा कतिका बाखिला रहेछन् भन्ने कुरा स्पष्ट देखिन आउँछ ।

यी राजाले देश-विदेश सबै ठाउँमा राम्रो सम्बन्ध राख्न ठूलो कोशिश गरेका थिए । भारतका मुसलमान बादशाहसंग राम्रो सम्बन्ध जोड़ेका थिए । सोही नाताबाट राजाले आफ्नो दरवार राम्रो पार्न किसिम किसिमका नयाँ-नयाँ ऐनाहरू कोसेलीको रूपमा लिए । भोटसंग पनि राम्रो सम्बन्ध जोड्न आफ्नो मुद्राहरू पठाई दुवै देशको व्यापारमा राम्रो सम्बन्ध पारी आफ्ना देशको फायदा निमित्त धेरै कोशिश गरे । यिनले आफ्ना प्रजाहरूलाई बौद्धिक तथा आर्थिक विकास गराउन ठूलो योगदान दिए । यिनले दरवारमा केही ठूलो काम गर्नुपर्दा आफ्ना प्रजाहरूलाई भेला गराई सल्लाह लिने गर्दथे । यिनले आफ्नो देशमा शान्ति-सुव्यवस्था कायम गर्ने हेतुले पाटनका राजा योगनरेन्द्र मल्ल, कान्तिपुरका राजा भाष्कर मल्लसंग ने० सं० ८२३

श्रावण सुदी २ मा सन्धि गरेका थिए जुन ताम्रपत्र नलेजु चोकको उत्तर लाइनको निदालमा टाँसिराखेको आजसम्म यथावत् नै छ । यी कामहरूबाहेक राजा भूपतीन्द्र मल्लले देशको अनेक उन्नति गराई शान्ति र सुव्यवस्था कायम राखेकाले आफ्ना प्रजाहरूमा ठूलो विश्वास-पात्र बनेका थिए ।

यो राजाकी रानीको नाम विश्वलक्ष्मी देवी थियो । यिनै रानीको गर्भबाट ने०सं० ८२३ मा रणजीत मल्लको जन्म भएको थियो ।

राजा रणजीत मल्लको कुण्डली



सम्वत् ८२३ मार्ग शिर्ष शुक्ल ।। न० वि० १० प्र० दशमी ।। उत्त भद्र ५८ वि० ३२ ।। शुद्धि ।। अंगार वार ।। उ० प्र० २५ वि० २३ वृष लग्ने कुमांशे, श्री खप्व या राजा या जन्मदिन जुरो ।।

यसरी राजा भूपतीन्द्र मल्लले देशमा अनेक ठूलाठूला कीर्तिहरू राखेर देशमा शान्ति सुव्यवस्था मिलाई राज्यमा अमन-चैन गरी आखिर ने० सं० ८४२ वैशाख शुक्ल शुक्रवारको दिन बेहानको समयमा परलोक भए । यसै वर्षमा छोराका सम्झनामा आमा लालमती देवीले ने० सं० ८४२ वैशाख शुक्ल पूर्णिकाको दिनमा इष्टदेवताप्रति फेरि पुत्र भूपतीन्द्र मल्लको सुनजलप लगाएको शालिक चढाइन् । शालिकको अभिलेख यस प्रकार छः—

ॐ स्वस्ति श्री श्री लालमती देवीसन पुत्र भूपतीन्द्र मल्ल देव सन्स प्रतिमा दयका व श्री श्री श्री स्वष्ट देवताप्रतिन दुंता ।। सम्बत् ८४२ वैशाख शुदि १५ ।। शुभम् ।।

इतिहासकारहरूले यिनले ३३ या ३६ वर्षसम्म अकंटक राज्य चलाए भनी लेखेका छन्, तर यिनले २५ वर्षभन्दा बढ़ी राज्य चलाउन पाएनन् ।

रणजीत मल्ल :

बाबुको मृत्युपछि रणजीत मल्ल ने० सं० ८४२ मा भादगाउँको गद्दीमा बसे । यो राजा बहुतै शान्त स्वभावका थिए । यिनी बहुतै दयालु पनि थिए । यिनलाई लड़ाई-झगड़ा भनेको पटक्कै मन पर्दैनथ्यो । यिनी ठूला विद्वान् पनि थिए । यिनलाई नाटक खेलाउने र बहुमूल्य वस्तुहरू संकलन गर्ने ठूलो सोख थियो । मल्ल राजाहरूमा यिनी अन्तिम राजा थिए । यिनले गद्दीमा बस्नासाथ ने० सं० ८४२ मा

आफ्नो नाम अंकित गराई मुद्रा चलन-चल्तीमा ल्याए। बाबुले बनाएका कीर्तिहरूमा यिनले धेरै सुधार गरे। यिनले ने० सं० ८५७ मा ५५ झ्याल भएको दरबार-अगाडि ठूलो घण्टा स्थापना गरेका थिए। जुन इष्टदेवताको थापूजा हुने बेलामा र दिनदिनै नित्यपूजा गरेको बेलामा बजाउनुपर्ने गराए। यिनले ने० सं० ८४७ चैत्र सुदीमा दुईवटा ठूलो नगाडा चढ़ाए जो बाजे सुमति जयजितामित्र मल्लले ने० सं० ८११ मा बनाएका थिए। राजा रणजीत मल्लले अघि बाजेले स्थापना गरेको नगडा जोडा एक श्री तलेजू भवानीको नित्य बिहानको पूजा र साँझ आरती पूजाको

राजा रणजीत मल्ल र राजा जयप्रकाश मल्ल

समयमा बजाउने व्यवस्था मिलाई बाजा बजाउने कुसलेहरू र नगडा बजाउनेलाई आयस्ता बाली आउने जग्गाको गुठी बन्दोबस्त गराइदिएका थिए। उक्त नगडालाई जीर्णोद्धार गरी दुवै नगडामा अभिलेख कोर्न लगाएका थिए। नगडामा कोरिएको अभिलेख यस प्रकार छ—ॐ श्री श्री सुमति जय जितामित्र मल्ल देवसन दयका थ्व नगरा। सम्वत् ८११ कार्तिक सुदी ७ बुधवार थ्व कुन्हु ॥ शुभ ॥ श्री श्री तलेजु ॐ श्री श्री जय रणजित मल्ल देवसन दुन्ता सम्वत् ८४७ चैत्र कृष्ण अमावस्या।

भक्तपुर श्री तलेजु भवानीको दिनदिनै बिहान पूजा र राति आरती गर्ने पूजामा उक्त नगडा बजाउने र कुसलेहरूले शहनाई बाजा बजाउने

चलन आजको ४० वर्ष अगाडिसम्म सुचारु रूपले चलेको नै थियो । त्यस बेला-सम्म उक्त नगडा बजाउने काम भक्तपुर नाला बस्ने आसु दमाई नाम गरेको व्यक्ति दिनदिनै हाजिर भै कुशलेहरू (दर्शनधारीहरू)-को बाजासहित नै बजाउने गर्दथे । उक्त बाजा बजाउने आसु दमाईले किस्ताबन्दीको रूपमा २२ मुरी सरुवा चामल लिन पाउने थियो तर पछि प्रजातन्त्र आएपछि उक्त बाली उठाई लिन नपाउँदा भक्तपुर जिल्ला अदालतमा मुद्दा पर्दा सोहीबमोजिम कायम भए-को थियो । उक्त आसु दमाई मरेपछि उक्त नगडा बिग्रियो र बनाउन कसैले ध्यान दिएनन् । पछि सरकारका तर्फबाट नै छेभडेल नाम गरेको अड्डाले मर्मत गरी जीर्णोद्धार गरी बेहान-बेलुका पूजा बेलामा बजाउने गरिन्थ्यो । गुठी संस्थान खडा भैसकेपछि आसु दमाईका सन्तानले ठेकिएको बालीमा साखु नुवाकोट जग्गा कमाउने मोहीहरूबाट बाली आएन भनी गुठी संस्थानमा जाहेर गर्दा



सुनढोका, भक्तपुर

गुठी संस्थानले राम्रो कार्वाई गरी नदिएको बहानाले त्यसै धर्म लोप भइगयो । हिजोआज उक्त नगडा गोटा दुई पहिले राखेको ठाउँबाट हटाई श्री तलेजूको मूल-

चोक बाहिरको चोकमा फर्याकिएर रहेका छन्। यिनले ने० सं० ८५० जेष्ठ बदी १० मा पनि तौलाछे टोलको वाकुपति नारायणको मन्दिर जीर्णोद्धार गरी सुनको जलप लगाएको तामाको छाना हाली मुठलमा सोनाको लेख लेखिदिएका थिए। यिनले ने० सं० ८७४ मा श्री तुलजा भवानी मन्दिरमा तथा दरबारभित्र पस्ने कला र कालिगड़ीपूर्ण भएको एउटा सुनको ढोका बनाएका थिए जसको सोनापत्र त्यहीं ढोकाको भित्तामा टाँसिराखेको छ। त्यस ढोकाको कलाबारे स्वदेश र विदेशका इतिहासकारहरूले मुक्त कण्ठले प्रशंसा गरेका छन्। यी राजाले आफ्ना बाबुले बनाएको दरबारमा धेरै चोकहरू र धेरै ढोकाहरू थपेर नौलो र कलापूर्ण तरीकाबाट बनाएका थिए। यिनले भोटसंग सम्बन्ध राखी धेरै सुन र चाँदी लिएका थिए। जसको बदला राजाले मुद्राहरू पठाउने गरेका थिए। सो मुद्रा भोटमा 'नाग-ताङ्क' अथवा 'कालोताङ्क'को नामले प्रख्यात् भएको छ। यसबाट राजालाई वर्षको कमसे-कम एक लाख रुपियाँको आर्थिक फायदा भयो। यी राजाले रानी बुद्धिलक्ष्मी र युवराज देवेन्द्र मल्लको (वीरनरसिंह) नाममा ने० सं० ८७४ चैत्र बदी २ का दिनमा तेखाचो टोलको श्री ३ वाराही देवीलाई सुनको फरिया र केतकीपत्र चढ़ाएका थिए जो आजसम्म मौजूद छ। यी राजाले हरेक अष्टमातृकापिच्छे एकै किसिमको घण्टा १ र सुनको फरिया १ चढ़ाएका थिए। यिनले ने० सं० ८८० मार्ग सुदी ११ को दिनमा तलेजु मूलचोकको चारै कुनामा लामो सिक्रीमा झुंड्याए-को सुनजलप लगाएको बत्ती बाल्ने देवाको जीर्णोद्धार गरी देवमन्दिरको ठूलो शोभा बढ़ाइदिए। राजा रणजित मल्लले हिन्दू ग्रन्थबमोजिम र हिन्दू संस्कृति-अनुसार हरेक वर्षको बडा दशैं पर्व धूमधाम गरी मनाउन धार्मिक जागरणमा उत्साह र भक्तिमा आस्था बढाउन प्रजाहरूलाई नवरात्रको बिहान-बिहानै नौ दिनसम्म नौ दुर्गा भवानीको तीर्थमा नुहाई नव दुर्गा भवानीको दर्शन गर्न गई पर्व मनाउन आह्वान गरेका थिए। नवरात्रको समयमा निद्रामा सुतिरहने भक्तजनहरूलाई निद्राबाट बिउँझाउन कुसलेहरूद्वारा टोलटोलमा सहनाई बाजा (कर्नाटक बाजा) बजाउन जानुपर्ने गरी आवश्यक बन्दोबस्त पनि गराइदिएका थिए। भक्तपुर शहरमा बडा दशैंको समयमा बिहानै सहनाई बाजा बजाउने चलन अहिले पनि छ। यिनले आफ्ना इष्टदेवता श्री तुलजा भवानीलाई ३०० तोला सुनको सिंहासन पनि चढ़ाएका थिए।

यिनै राजाले आफ्नो देशको तल्लो टोल र माथिल्लो टोलका प्रजाहरूमा नुहाउने विषयको संकुचित भावना चिताई आपसमा झगड़ा पर्दा हनुमानघाटको पारितिर खोलामा अर्को नयाँ घाट बनाउन लगाई श्री गणेश र नारायणका मूर्तिहरू स्थापना गरी पूजा चलाउन जग्गाहरू राखेर गुठीको बन्दोबस्त गराइदिएका थिए। यसले

गर्दा माथिको टोलका मानिसहरू नयाँ घाटमा नुहाउने र तल्लो टोलका मानिसहरूले पहिलेको पुरानो घाटमा नै नुहाउने गरी बन्दोबस्त मिलाइदिएकाले झगडा



वाकुपति नारायण मन्दिर, भक्तपुर

शान्त भयो। यी राजाले नयाँ घाटमा ढुङ्गाको खाटमा बेहानको मुहुर्तमा हमेशा पूजा-ध्यान गर्ने गर्दथे। यी राजाकी ल्याइते स्वास्नी मनमैजु पनि राजाजस्तै धार्मिक प्रवृत्तिमा आस्था भएकी थिइन्। यिनले पनि हरसिद्धि नाच चलाउन धेरै जग्गा हालेर गुठीको बन्दोबस्त गराइदिएकी थिइन्। राजाकी ल्याइते स्वास्नी मनमैजुको कथा यस प्रकारको छ :—

राजा रणजीत मल्लको पालामा आफ्नी ल्याइते स्वास्नी मनमैजुतिरका ससुराली उदांथाछेका एक व्यक्तिलाई राठौरहरूसंग जग्गाविषय झगड़ा पर्दा थथुबहीमा कैदी बनाइराखेका थिए। १२।१२ बर्षपछि ल्याउने हरिसिद्धिको नाच त्यस थथुबहीमा नै राख्ने चलन थियो। सो देवता त्यहाँ राख्न लगेको बेलामा थुनुवा भैबसेका उदांथाछेका व्यक्तिले ठूलो भक्तिपूर्वक बिलौना गरी अनुरोध गरे कि म कैदबाट मुक्त हुन पाउँ। भोलिपल्ट बिहान परम्पराअनुसार दरबारबाट राजाले देवता लिन पठाए। तर सो देवताले यहाँ थुनुवा गरिराखेको कैदीलाई छुटकारा गरी नदिएसम्म हामी त्यहाँ आउने छैनौं र कैदी भएको ठाउँमा विधि गर्न हुँदैन भनी राजाकहाँ खबर पठाए। राजाले सो खबर सुन्नासाथ थथुबहीमा थुनुवा गरी राखेको कैदीलाई तुरन्त कैदबाट मुक्त गराई हरसिद्धिको नाच दरबारमा लगेर विधिअनुसार काम चलाए।

कैदबाट मुक्त भएका उदांथाछेका व्यक्तिले, जसलाई पानी-खेती पनि भन्द-छन्, खुशी भई मलाई कैदबाट मुक्त गराइदिने देवता भनी इष्टदेवता गराई धेरै गुठीहरू राखिदिए। राजा रणजीत मल्लकी ल्याइते स्वास्नी मनमैजुले पनि माइ-तीघरतिरका व्यक्तिले कैदबाट छुटकारा पाएको खुशियालीमा १२।१२ वर्षपछि ल्याउने बेलामा पूजा चलाउने र बिधि गर्नलाई जो चाहिने खर्चको निमित्त धेरै जग्गाहरू राखेर गुठीहरूको बन्दोबस्त गराइदिएकी थिइन्। रानी मनमैजुलाई पहिले उदांथाछेका व्यक्तिले जो चाहिने कर्मकाण्ड चलाई धर्मपुत्री पालिराखेका थिए। सोही रानीको आयस्ताबाट नै धेरै समयसम्म हरसिद्धिको नाच चलाउने गर्दथे। तर ने० सं० १०१४ मा अर्थात् विक्रम सम्वत् १९५१ सालमा वीर शम्शेर जंगबहादुर राणाले सो गुठी सबै हरण गरी सर्कारी गुठीमा परिणत गराइदिए। उदांथाछेका व्यक्ति कैदबाट मुक्त भएको बेलादेखि हरसिद्धिलाई इष्टदेवता गरी सबै उदांथाछेहरूले आजसम्म मानिराखेका छन्।

राजा रणजीत मल्ल कान्तिपुरका राजा जयप्रकाश मल्लसंग कहिले मित्रता कहिले झगड़ा गर्दथे। ने० सं० ८५० तिर कान्तिपुर, ललितपुर र गोरखाका ३ राजा-हरू मिलेर भक्तपुरको अधीनमा भएको जिल्ला 'ओभू'-को किल्ला दखल गरी सोमलिंगतारसम्म पनि थाना हाल्न आइसकेका थिए तर ठिमी, नगदेश, बोड़े आदि सबै मिली यी तीनै आक्रमणकारीहरूलाई तितरबितर हुने गरी मारी भगाइपठाएर आफ्नो 'ओभू' किल्ला फिर्ता लिए। यसमा राजा रणजीत मल्लले खुशी भएर सहयोग गर्ने आफ्ना प्रजाहरूलाई कुनैलाई सुनको गहना, कुनैलाई जग्गा-जमीन, घर आदि र कुनैलाई हात्तीसमेत बकस दिएका थिए। त्यस बेला पाटनको शासन ६ प्रधान काजीहरूको हातमा थियो। यी बदमाश काजीहरूले भक्तपुरका राजा रणजीत मल्ललाई बोलाई लगी त्यहाँका राजा बना-एका थिए। तर तिनीहरूलाई राजा रणजीत मल्लको व्यवहार मन परेको थिएन। एक वर्ष पनि राज्य गर्न नपाउँदै राजा रणजीत मल्ल शंखमूलमा स्नान गरिरहेको मौका पारी यी दुष्टहरूले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई गद्दीमा राखी राजा रणजीत मल्ललाई त्यहाँबाट लखेटी पठाइदिए। यसमा बूढ़ा र सोझा राजा रणजीत मल्लको ठूलो चित्त दुख्यो।

यिनले आखिर यी दुष्टहरूको तथा जयप्रकाश मल्लको बदला लिन गोरखाका राजा नरभूपाल शाहसंग सम्बन्ध राखे। फलस्वरूप राजा नरभूपाल शाहले सबै कुरा बुझ्न छोरा पृथ्वीनारायण शाहलाई पठाइदिए। राजा रणजीत मल्लले पृथ्वीनारायण शाहसंग छोरा वीर नरसिंह मल्ल (देवेन्द्र मल्ल)-को मित्रता गाँसिदिएका थिए। (कुनैकुनै इतिहासमा देवेन्द्र मल्ल राजा रणजीत मल्लकी

पत्नी वृद्धिलक्ष्मीका दोस्रा छोरा हुन् भनी लेखेको पनि छ ।) सो नाताबाट पृथ्वीनारायण शाह ३ वर्षसम्म भक्तपुरमै बसी काठमाण्डू र पाटनको सबै हाल बुझ्दै रहे । यसै मौकामा महाअष्टमीको दिनमा कुमारी चोकमा कुमारीले राजा रणजीत मल्ललाई छोड़ी पृथ्वीनारायण शाहको हातमा प्रसाद (फूल) राखिदिइन् । ३ वर्षसम्म भक्तपुरमा बसिसकेपछि अब काम फत्ते हुने भयो भनी पृथ्वीनारायण शाह कुमारीबाट संकेत पाएकोले गोरखा फर्केर गए ।

राजा रणजीत मल्लकी ल्याइते पत्नीका ७ राजकुमार छोराहरू थिए । यी राजकुमारहरूको नाम 'बहाले' भनेर प्रख्यात् भएको छ ।

राजकुमारहरूको नाम यस प्रकार छन्—

१. मनोरथ सिंह मल्ल
२. धन सिंह मल्ल
३. उपेन्द्र सिंह मल्ल
४. अच्युत सिंह मल्ल
५. अवधूत (अद्‌भुत) सिंह मल्ल
६. लक्ष्मीनरसिंह मल्ल
७. जयनारायण सिंह मल्ल

बहालको नाम यस प्रकार छ—

१. थथु बहाल
२. दथु बहाल
३. कुथु बहाल
४. दुवसी बहाल
५ शान्त बहाल
६. खौमा बहाल
७. नासमना बहाल

यी बहाले राजकुमारहरूसंग उत्तराधिकारको विषयमा राजा रणजीत मल्लको सँधै मतभेद भइरहन्थ्यो । उत्तराधिकारी छोरा वीरनरसिंह मल्ललाई यी सात बहाले छोराहरूले बाबुको जीउ छँदैमा मारिदिएका थिए । 'घर फुट्यो गँवार लुट्यो'—शत्रुहरूले दाउ पाए । त्यस समय आन्तरिक गृहकलहले गर्दा यी ७ भाइ छोराहरूले राजदरबारको लोभले घर (भक्तपुर) छोड्न सकेका थिएनन् । यता वीरनरसिंहको हत्याले गर्दा राजकाजको काममा ठूलो चिन्ता भै राजा रणजीत मल्ल उदास भैरहेका थिए ।

यसै बखतमा गोरखाका पृथ्वीनारायण शाहले ने० सं० ८८८ अनन्त चतुर्दशीको दिनमा कान्तिपुरमा हमला गरी विजय प्राप्त गरिसकेका थिए । कान्तिपुरका राजा जयप्रकाश मल्ल उनको मुकाबिला गर्न नसकी त्यहाँबाट केही मदेशी सिपाहीहरू साथमा लिएर भागी पाटनमा राजा तेजनरसिंह मल्लको शरणमा गइसकेका थिए ।

त्यहाँ पनि ६ काजीहरू पृथ्वीनारायण शाहतिर लागेकाले त्यहाँका राजा तेजनरसिंहलाई साथ लिई भक्तपुरका राजा रणजीत मल्लको शरणमा आए। तर दयालु स्वभाव भएका राजा रणजीत मल्लले पुराना झगड़ाहरू सबै बिर्सी यिनीहरू दुवैलाई आश्रय दिएका थिए। शरण लिन आएकालाई मरण गरेनन्।

पृथ्वीनारायण शाह यिनीहरूको पिछा गर्दै थिए। पृथ्वीनारायण शाहले कान्तिपुर र पाटनका राजाहरूलाई बुझाइदिनु भनी राजा रणजीत मल्लको दरबारमा लालमोहर (पत्र) पठाइदिए। तर राजा रणजीत मल्लले त्यस लालमोहरलाई रद्दीको टोकरीमा फ्याँकिदिए। यसपछि काठमाण्डू तथा पाटनका नयाँ राजा पृथ्वी-



दरबार स्क्वायर, भक्तपुर

नारायण शाहले पाटन कब्जा गरेको केही महिनापछि नै भक्तपुरका साना-साना सबै राज्यहरू दखल गरी मितबाबुको नातालाई तोड़ी ने० सं० ८९० कार्तिक शुक्ल द्वादशीको दिनमा भादगाउँ शहरलाई नै घेरा हालिदिए। ३ दिनसम्म घमासान लड़ाई चलेको थियो। आखिर ने० सं ८९० मार्ग १ गते चतुर्दशीका दिनमा तीनै राजाहरू पक्रिए। राजा रणजीत मल्लले आत्मसमर्पण गरेका थिए। राजा रणजीत मल्ल शान्त स्वभावका र पुराना मितबाबु भएका हुनाले पृथ्वीनारायण शाहले यिनलाई चार भञ्ज्याङ्गबाहिर बनेपामा स्वतन्त्रतापूर्वक शासन गर्ने बन्दोबस्त मिलाइदिए। तर, राजा रणजीत मल्ल ज्यादै स्वाभिमानी भएकाले राज्य नगरी आफू काशीवास जाने

पृथ्वीनारायण शाहसंग अनुरोध गरे । सोही इच्छाबमोजिम स्वाभिमानी बूढा राजा रणजीत मल्ललाई केही आवश्यक खर्च दिई काशीवास गर्न पठाइदिएका थिए । यसरी पृथ्वीनारायण शाहले भक्तपुरका मल्ल राजाहरूलाई सदाको लागि खतम पारी भक्तपुर शहर सजिलैसंग हात लगाएका थिए ।

पृथ्वीनारायण शाहको भक्तपुरमाथि हमला :

पृथ्वीनारायण शाहले कान्तिपुर शहरमा विजय प्राप्त गरिसकेपछि राजा जयप्रकाश मल्ल त्यहांबाट भागी पाटनमा राजा तेजनरसिंह मल्लको शरणमा गएका थिए । तर पाटनका ६ प्रधान काजीहरू नयाँ राजा पृथ्वीनारायण शाहसंग मिल्न गएकाले पाटनमा पनि हमला हुने सम्भावना भयो । तैपनि जयप्रकाश मल्ल निराश हुने व्यक्ति थिएनन् । पाटनका प्रधान काजीहरू तथा प्रजाहरूलाई नेपालको स्वतन्त्रता बचाउन आह्वान गरी आफ्नो वशमा पारेर गोरखालीहरूलाई धपाई पठाउने ठूलो सुर थियो र यतिञ्जेलसम्ममा आफ्नो सहायताको निमित्त मागिराखेको अंग्रेजी फौजहरू पनि आइपुग्ने ठूलो आशा लिएका थिए । तर पाटनमा प्रलोभनको झुकाउमा परेका काजीहरूको मद्दतद्वारा गोरखालीहरू फाट्फुट देखिन थाल्यो । आफ्नो ज्यान जोगाउन राजा जयप्रकाश मल्ल र राजा तेजनरसिंह मल्ल दुवै भक्तपुरका राजा रणजीत मल्लको शरणमा आएका थिए । ती दुवै भगुवा राजाहरूलाई सुम्पिन ल्याउनु भन्ने संदेश नयाँ राजा पृथ्वीनारायण शाहले राजा रणजीत मल्लको दरबारमा पठाएका थिए । राजा रणजीत मल्लले आफ्ना २४ टोलका प्रतिनिधिहरू बोलाएर दरबारमा भेला गराई राय मागे । सबै प्रतिनिधिहरूले पुरानो वैर-भावलाई बिर्सी शरण आएकोलाई मरण नगर्ने र लड्नै परे तापनि लड्ने भनी राजालाई बिन्ति चढ़ाए । राजाले पृथ्वीनारायण शाहको संदेशलाई लंगोटी लगाइदिए ।

राजा रणजीत मल्लकी ल्याइते पत्नीका सात छोराहरूले भने भक्तपुरको राज्य हात लगाउने अभिप्रायले पृथ्वीनारायण शाहलाई भक्तपुरमा पनि हमला गराउनमा मद्दत गरिरहेका थिए । तसर्थ, यिनीहरूको सहायताले भक्तपुरका साना-साना राज्यहरूमा धावा गरी जिताई ने० सं० ८९० कार्तिक शुक्ल द्वादशीको दिनमा भक्तपुर शहरलाई पृथ्वीनारायण शाहले आफ्नो फौजद्वारा घेरा हाल्न लगाए । दुई दिनसम्म घेरा हाल्दा फौज भित्र जान नपाएकोले यी सात बहाले राजकुमारहरूको मद्दतबाट नयाँ राजा पृथ्वीनारायणशाहले स्वयं फौजको संचालन गरी भक्तपुर शहरको परखाल फोड़ी देशभित्र पसेर भक्तपुर मंगलाछे टोलमा न्हुछे घरको टकसार पनि घेरेका थिए । त्यस वेला भक्तपुर शहरमा लड़ाईको बिगुल बजिरहेको थियो । ठाउँ ठाउँमा फाट्फुट गोली चलि नै रहेको थियो । आखिर जय-

प्रकाश मल्लले साथमा ल्याएका मदिशे फौजले गोरखालीहरू नजिक आएको देखी सुनढोकामाथि राखेको मेसिनगनबाट गोली बर्साएकोले गोरखाली फौजहरू तीनै राजा बसिरहेको हिटी चोक दरबारको छानामा चढ्न लागे र दरबार कब्जा गर्न आइपुगे। त्यहाँ जयप्रकाश मल्लले ल्याएका मदिशे सिपाहीहरूको ठूलो भिडन्त गोर-



बिस्केट जात्रा, भक्तपुर

खालीहरूसंग भयो। त्यस दरबारमा पनि सुरक्षा नहुने देखेर तीनै राजाहरू फेरि अर्को चौकोट भन्ने दरबारमा भागेका थिए। राजा रणजीत मल्ल र राजा तेजनरसिंह मल्ल ठूलो युक्तिसाथ घरको माथिल्लो भागमा पुगे। तर काठमाण्डूका राजा जयप्रकाश अलि पछि परेकाले छाना चढेका गोरखाली फौजको सिपाहीले चलाएको गोली जयप्रकाश मल्लको दाहिने खुट्टामा लागेर हिंड्न नसक्ने भए। राजा रणजीत मल्ल र राजा तेजनरसिंह मल्लले घाइते राजा जयप्रकाश मल्ललाई तानेर लगी कोठाभित्र पुऱ्याइहाले। अन्त्यमा भक्तपुर शहरभरि कुनै ठाउँमा पनि रक्षा नहुने देखेर राजा रणजीत मल्लले आफूले लगाइराखेको पगड़ी फुकाली झ्यालबाहिर झुण्ड्याइदिए। यस प्रकार दुश्मनहरूका अगाड़ि भक्तपुरका राजाले नै आत्मसमर्पण गरेको देखेर गोरखालीहरूले युद्ध बन्द गराइदिए।

यसरी युद्ध बन्द भैसकेपछि पृथ्वीनारायण शाह केही सशस्त्र सैनिक साथ लिई चौकोट दरबारका माथि तीनै राजाहरू बसिरहेका कोठामा गए । कुनै-कुनै वंशावलीमा तलेजुको चोकको फलैंचामा भेटे भनी लेखिएको छ । तीनै राजाहरू एकै ठाउँमा बसिरहेको देखेर पृथ्वीनारायण शाहले साथमा लागेका गोरखाली फौजका सिपाहीहरू दङ्गदास भै खित्का छोड़ी हाँसेको देखेर रिसले चूर भई गोली लागेका जयप्रकाश मल्लले कड़केर भने—"गोरखाली हो ! आज आफ्नै मानिसले विश्वासघात गरिदिएकोले तिमीहरू यसरी हाँस्न पाएका छौ नत्र भने हाँसो कस्तो हुने हो, तिमीहरूले थाहा पाउने थियौ । आज तिमीहरूको हातमा परिसकेका छौं जे गर्न इच्छा छ गर !" तब हाँसो बन्द भैसकेपछि जयप्रकाश मल्लको बहादुरीको प्रशंसा गर्दै पृथ्वीनारायण शाहले ती भगुवा राजाहरूसंग आफ्नो अन्तिम इच्छा भन्न भने । जयप्रकाश मल्लको इच्छामुताबिक उनलाई पशुपति आर्य घाटमा पुऱ्याए । मितबाबु रणजीत मल्ललाई बनेपामा आनन्दपूर्वक राज्य चलाउने सल्लाह दिए तर स्वाभिमानी राजा रणजीत मल्लले ७ छोराहरूको वैमनस्यताले गर्दा उदास भै राज्य नगरी काशीवास जाने अनुरोध गरेका थिए ।

भक्तपुरको पुरानो दरबार

पृथ्वीनारायण शाहले राजा रणजीत मल्लसंग भादगाउँको मूल ढुकुटीको साँचो लिई जम्मै धन-दौलत आफ्नो जिम्मामा लिए र बूढो राजालाई केही मात्र खर्च दिई

काशीवास पठाइदिने व्यवस्था मिलाइदिए । राजा रणजीत मल्ल काशीवास जाँदा चन्द्रागिरि पहाडमा पुगेपछि आफ्नो आँखाबाट बर-बर आँसु बगाउँदै आफ्ना इष्टदेवता श्री तुलजा भवानीलाई भक्तिपूर्वक नमस्कार गरी अनेक विरहका गीतहरू गाएर गएका थिए । राजा रणजीत मल्ललाई विदा गर्न गएका मानन्धरहरूलाई तिमीहरूको जातले लखपति हुन पावोस् र दुष्ट सात बहाले मेरा सन्तानहरू 'पटुजासी हासारुयों, पुतू जनी' हुन पावोस् भनी श्राप दिएर गएका थिए भन्ने जनश्रुति छ । पाटनका राजा तेजनरसिंह मल्लचाहिँ मौनसाथ पूजाको ध्यानमा बसिरहेकाले पृथ्वीनारायण शाहले लक्ष्मीपुरमा नजरबन्द गराई आजन्म कैदमा हाल्ने आदेश दिए । आखिर तेजनरसिंह मल्लको कैदमा नै मृत्यु भयो । कुनै कुनै इतिहासमा तेजनरसिंह मल्ल कैदमै आत्महत्या गरी मरे भनी लेखेको पनि छ । यसरी पृथ्वीनारायण शाहले तीनै शहर आफ्नो हातमा पारेर मल्ल-शासन सदाको लागि खतम पारी शाह-शासन शुरू गरिदिए र ३ शहरका मल्ल राजाहरूको अधीनवर्ती राज्यहरू सबै हात पर्न आएकोले नेपाल विशाल राज्य हुन गयो ।

●

भक्तपुरको मुद्रा-मिति

जगतप्रकाश मल्ल ...... ने० सं० ७६४, ७६९, ७८२, ७८३ ।

सुमति जयजितामित्र मल्ल ...... ने० सं० ७९३ ।

भूपतीन्द्र मल्ल ...... ने० सं० ८१६ ।

रणजीत मल्ल ...... ने० सं० ८२९, ८४२, ८८२ ।

●

भक्तपुरका राजाहरूको राज्यकाल

(ने० सं० ५००—ने० सं० ८९०)

जयस्थिति मल्ल	ने० सं० ५०० देखि	ने० सं० ५१६ सम्म	जम्मा वर्ष	१६
धर्म मल्ल र ३ भाईहरू	ने० सं० ५१५ देखि	ने० सं० ५२८ सम्म	जम्मा वर्ष	१३
ज्योतिर्मल्ल	ने० सं० ५२८ देखि	ने० सं० ५५९ सम्म	जम्मा वर्ष	३१
यक्ष मल्ल	ने० सं० ५५९ देखि	ने० सं० ६०२ सम्म	जम्मा वर्ष	४३
राय मल्ल	ने० सं० ६०२ देखि	ने० सं० ६२१ सम्म	जम्मा वर्ष	१९
सुवर्ण मल्ल	ने० सं० ६२१ देखि	ने० सं० ६२८ सम्म	जम्मा वर्ष	७
प्राण मल्ल, रंजित मल्ल	ने० सं० ६२८ देखि	ने० सं० ६४३ सम्म	जम्मा वर्ष	१५
प्राण मल्ल	ने० सं० ६४३ देखि	ने० सं० ६७० सम्म	जम्मा वर्ष	२७
विश्व मल्ल	ने० सं० ६७० देखि	ने० सं० ७०५ सम्म	जम्मा वर्ष	३५
त्रैलोक्य मल्ल	ने० सं० ७०५ देखि	ने० सं० ७२६ सम्म	जम्मा वर्ष	२१
जगज्योतिर्मल्ल	ने० सं० ७२६ देखि	ने० सं० ७५३ सम्म	जम्मा वर्ष	२७
नरेश मल्ल	ने० सं० ७५३ देखि	ने० सं० ७६३ सम्म	जम्मा वर्ष	१०
जगतप्रकाश मल्ल	ने० सं० ७६३ देखि	ने० सं० ७९३ सम्म	जम्मा वर्ष	३०
जितामित्र मल्ल	ने० सं० ७९३ देखि	ने० सं० ८१६ सम्म	जम्मा वर्ष	२३
भाजूकस र जितामित्र मल्लकी कांछी रानी	ने० सं० ८१६ देखि	ने० सं० ८१७	जम्मा महीना	९
भूपतीन्द्र मल्ल	ने० सं० ८१७ देखि	ने० सं० ८४२ सम्म	जम्मा वर्ष	२५
रणजीत मल्ल	ने० सं० ८४२ देखि	ने० सं० ८९० सम्म	जम्मा वर्ष	४८

नोट—बाल्यअवस्थामा आमाहरूले राज्यको काममा सहयोग गरेको देखिन्छ।

भादगाउँ (भक्तपुर)-का राजाहरूको वंशावली

जयस्थिति मल्ल

(५०७-५१६ ने० सं०)

↓

धर्म मल्ल — ज्योतिर्मल्ल — कीर्ति मल्ल

ज्योतिर्मल्ल
↓

यक्ष मल्ल (ने० सं० × × ने० सं० ६०२) जीव मल्ल

यक्ष मल्ल
↓

राय मल्ल — रत्न मल्ल — राम मल्ल — पूर्ण मल्ल — अरि मल्ल — रण मल्ल

राय मल्ल (ने०सं० (६०२–काठमाण्डू) ने० सं० ६२१) भादगाउँ

रण मल्ल (बनेपा)

राय मल्ल
↓

भुवन मल्ल (ने० सं० ६२१–ने० सं० ६२८)

↓

जित मल्ल — प्राण मल्ल

प्राण मल्ल
↓

विश्व मल्ल (ने० सं० ६७०–ने० सं० ७०५)

↓

त्रैलोक्य मल्ल — त्रिभुवन मल्ल

त्रैलोक्य मल्ल
↓

जगज्ज्योतिर्मल्ल (ने० सं० ७२६–ने० सं० ७५३)

↓

नरेश मल्ल (ने० सं० ७५३–ने० सं० ७६३)

↓

जगत्प्रकाश मल्ल (ने० सं० ७६३–ने० सं० ७९३)

↓

जितामित्र मल्ल (ने० सं० ७९३–ने० सं० ८१६)

↓

भूपतीन्द्र मल्ल (ने० सं० ८१६–ने० सं० ८४२)

↓

रणजित मल्ल (ने० सं० ८४२–ने० सं० ८९०)

परिशिष्ट

राजा जयस्थिति मल्लको घर-व्यवहार गर्ने स्थिति र दण्ड-नीति

राजा जयस्थिति मल्लले देश-विदेशका ठूला-ठूला विद्वान्‌हरूको सहमति लिई आफ्नो देशको घर-व्यवहार र दण्ड-नीति, कर्म-काण्ड आदि नियमहरू जाहेर गरी सबै दुनियाँले मानी कर्मकाण्ड चलाई जीविका चलाउनुपर्ने नियम-नीतिको बन्दोबस्त गरेका थिए। उनले ४ वर्ण, ३६ जातको ७२५ शाखा-उपशाखाहरू स्थापित गराई सुनाघर, सुनाखेत वा सुनाबारी कायम गरेका थिए।

ब्राह्मणले देवी-देवताको पूजा गरी, जजमानी गरी जीविका चलाउनुपर्ने थियो। आफ्नो जातअनुसार कर्मकाण्ड नचलाउनेलाई दण्ड-जरीबाना यस प्रकार थियो— ब्राह्मणलाई दण्ड गर्ने तुरु (?) १०००, आचार्यलाई तुरु ५००, गुभाजुलाई तुरु ५००, ज्यापुलाई तुरु २५, सुध्यानीलाई तुरु २५, छिपानीलाई तुरु १२, नाउलाई तुरु १२, भाटलाई तुरु १२, कहारलाई तुरु १२, कुम्हालेलाई तुरु १२, चित्रकारीलाई तुरु १२, कसाईंलाई तुरु १२ र पोडेलाई तुरु १२।

जागीरदारहरूले ब्राह्मणहरूलाई पाउलागु भनी सम्बोधन गर्नुपर्ने र ब्राह्मणहरूले जवाफमा कल्याण, स्वस्ति, दीर्घायु भनी आशीर्वाद दिनुपर्ने र नेवारहरूले ब्राह्मणहरूलाई राम-राम भनी सम्बोधन गर्ने चलन र प्रपञ्च मिलाइदिएका थिए। मानिसको जन्मदेखि मरणसम्म घर-व्यवहारको स्थिति बसाली नियम बनाई पालन गर्ने र पालन नगर्नेलाई दण्ड-जरीबानासमेतको बन्दोबस्त गरिदिएका थिए। दुनियाँदारहरूको बच्चा जन्मँदा सुध्यानीलाई च्यूरा कुरुवा १०, चामल कुरुवा १० दस्तुर दिने र बालक जन्मेदेखि न्वारानसम्म बालकलाई चढाएको भेटी सुध्यानीलाई नै दिनुपर्ने थियो। बालक जन्म हुने बेलामा सुध्यानी बोलाउन जाँदा आएन भने तुरु २४-२४ दण्ड गर्ने। बालक जन्म भएको दिनमा अजिमा (अजिचा)-लाई बालकलाई सिन्दूर सुपारी चढाउन दिनुपर्ने थियो र इष्ट-मित्रले पुरोहितलाई दक्षिणा दिई सिन्दूर-सुपारी चढाउनुपर्ने थियो। एक-दुई दिनपछि असल दिन हेरी पिछिनी बोलाउन पठाई बालकको नाल कटाउन दिई पिछिनी (कतचा)-लाई दस्तुरबापत च्यूरा कुरुवा ५ र चामल कुरुवा ५ दिई पठाउनुपर्ने थियो। बालक जन्मेको चौथो दिनमा अजिमा (अजिचा)-लाई नुन, अदुवा, ज्वानो र क्वादायवास (औषधि) चढाउनुपर्ने थियो। नाल काट्ने पिछिनी (कतचा) बोलाउन जाँदा आएन भने तुरु १२ दण्ड गर्ने नियम पनि थियो। छैठौं दिनमा फुफूले सेतो भोटो १, पहेंलो रुमाल १, बिमिरा १, औंठी १, चामल कुरुवा १, खाने तेल पाथी १ ल्याई जन्म भएको बालकलाई दीपमाला

राखेर गाजल थापी बालकको आँखामा गाजल लगाइदिई पुरोहितद्वारा सहास्वधा कर्म गर्न लगाई दक्षिणा भेटी दाम ६ वा तुरु २४ दिनुपर्ने थियो। पुरोहित आएन भने तुरु २½ दण्ड गर्ने र कजीले आफ्नो पुरोहित छोडी अर्को पुरोहित बोलाई काम चलाएमा कजी (घरको मालिक)-लाई तुरु ५-५ दण्ड गरिन्थ्यो। हर्ष बढाइँ गर्न आउने बाजावालालाई नुन, अदुवा र दस्तुर दिई विदा गरी फर्काउनुपर्थ्यो। फुपूलाई पेटभरि खुवाई चोलो १ र भेटी दिई विदा गरी फर्काउनुपर्थ्यो। सोही बमोजिम पुरोहितलाई पनि दक्षिणा-भेटी र सिधा दिएर विदा-बारी गरिन्थ्यो।

दशौं दिनमा नाउ र नाउनी डाक्न पठाई घरको कजी र बाबु हुनेको कपाल खौराउनु र सबै परिवारहरूको नङ् कटाई चोख्याउनु आदि काम गर्न सिध्याएपछि नाउ-नाउनीलाई पेटभरि खुवाई बिदावारी दिई वर्ष दिनसम्म घरमा परेको काममा चोख्याइदिने नाउ-नाउनीलाई खेत-खेतमा नै उठाइलिने गरी ठेक्कावारीको पनि बन्दोबस्त भएको थियो। नाउ-नाउनीले खेतमा बाली उठाई लिई काम पर्ने बेलामा काम रोकिदिएमा नाउ-नाउनीलाई पटकैपिच्छे तुरु १२ दण्ड गर्नुपर्ने थियो। घरमा काम परेको दिनमा नाउ-नाउनीले कपाल खौरी, नङ् काटी चोख्याइदिए बापत पटकैपिच्छे च्युरा कुरुवा १ र चामल कुरुवा १ दिई पठाउनुपर्थ्यो। संघटनी (ज्यापुनी)-लाई सुत्केरीको लुगा धुन दिई १ पाथी च्यूरा र दाम १४ दिनुपर्थ्यो। ज्यापुनी बोलाउन जाँदा आएन भने तुरु ३ दण्ड गर्ने नियम थियो। सूतकभित्र राम्रो दिन हेरी ज्योतिषी घरमा बोलाई चिना लेख्न लगाई चामल कुरुबा १ र दाम १२ दस्तुर हाली दिने र चिना लेख्न सिद्धिएपछि तुरु २ दस्तुर दिई बुझी लिनुपर्थ्यो। ब्राह्मण र राजपूतले बालकको न्वारान १२ दिनमा र अरूहरूले न्वारान १० दिनमा नै गर्नुपर्ने थियो। दशौं दिनमा पुरोहितले कलशार्चन गराई सुध्यानी वा अजिमाले बालकलाई पञ्चामृतले स्नान गराई बालकको आमाको माइतीबाट ल्याएको लुँ अंगु (सुनको औंठी), माक लँ (मिठ्लँ), मिमिचा लँ (प्वाकलँ) लगाई ध्यू प्राशन गर्न लगाउने र चो (नून), पालु (अदुवा), इमु (ज्वानो) आदि चढाउन लगाई देवताको भोज भाग अलग्ग राख्न लगाइनुपर्दथ्यो। उक्त भोज-भाग १२ मा केराउ-दालको बारा, इसिचाको तर्कारी, साग र अन्य तर्कारी आदि व्यञ्जन तयार गर्नुपर्थ्यो। माइतीबाट ल्याएको पूजा सर-सामान पनि चढाइसकेपछि माइतीबाट आएका सबैलाई पेटभरि खुवाई भेटी दाम २ दिई टीका लगाई विदा गर्नुपर्थ्यो। त्यस दिनमा पूजा गरेका सबै सामानहरू सफा गरेर अजिमा (अजिवा)-को हातबाट दोबाटोमा फाल्न लगाउनुपर्थ्यो। त्यस दिनेदेखि बालकलाई मह घोटी औषधि सेवन गराउन पाइन्थ्यो।

तेस्रो महीना लागेपछि असल दिन हेरी लग्नको साइतमा कलशार्चन गरी जेठो (थकाली)-ले नरिवलको गिरी, गुलियो फल-फूल, उखुको रस, कपूरको रसमा मिलाई प्राशन गराई ब्राह्मणलाई सीधा र दक्षिणा-भेटी दिई विदा गरी पठाइसकेपछि

कलशार्चन गरी पूजा गरेका सर-सामानहरू सफा गरी सुध्यानीद्वारा बलि फाल्न लेजानुपर्थ्यो। त्यस दिनदेखि मात्र बालकलाई फल प्राशन गराउन पाउने भयो। बालकको आमाको माइतीबाट आएका सबैलाई खुवाई २-२ दाम दस्तुर दिई बिदा गर्नुपर्थ्यो।

बालक छः महीना लागेपछि शुभ लग्नको साइतमा अन्नप्राशनको दिन घरमा कलशार्चन गरी पुरोहित, ब्राह्मण, जोशी, आचार्यद्वारा विधि-विधानपूर्वक पूजा-पाठ गराई ब्राह्मण, जोशी, आचार्यलाई सीधा, भेटी-दक्षिणा चढाइसकेपछि चौरासी व्यञ्जनले युक्त भएको र एक कुरुवा शाली धानको चामलको भात पकाई त्रिखुट्टी (तीन खुट्टा भएको)-मा काँसको थालमा राखी, हाँसको टाउको, बोकाको दाहिने आँखा र तारेको हाँसको फुल आदि सगुनको सामानले युक्त गरी आगं देवतालाई चढाउन अजिमालाई पठाइसकेपछि सोहीबमोजिमका सामानले युक्त शाली धान कुरुवा १ को चामलको भात भएको काँसको थालमा त्रिखुट्टी (तीन खुट्टे) माथि भोजनका सर-सामानहरू राखेर घरका थकालीले देवी देवतालाई नौ भाग चढाई शुभ मुहूर्तको साइतमा बालकलाई पञ्चग्रास गरी भात खुवाउनुपर्थ्यो। त्यसपछि बालकलाई मामाले बोकी सबै इष्ट-मित्रसाथ जात्रा गरी कुलदेवता र श्री गणेश देवताको दर्शन गराउन लैजानुपर्दथ्यो। अन्नप्राशनको उत्सवको बेलामा इष्ट-मित्र र आफन्तहरू सबैलाई भोज खुवाई माइती-तिरबाट आएका सबैलाई भेटीस्वरूप २-२ दाम दस्तुर दिई बिदा गरी पठाउनुपर्थ्यो। त्यस दिनदेखि बालकलाई अन्न ख्वाउन पाउने भयो।

चूडाकर्म :

असल दिन हेरी शुभ लग्नको साइतको अघिल्लो दिन नै घरको भूइँ गाइको गोबरले लिपी सफासुग्घर गरी घरका थकालीले कपाल खौरी, नङ् काटी, सबै जहान-परिवारले नाउ-नाउनीको नङ् काट्ने हतियारले छुवाई माहुर लगाई अथवा नङ् काटी पिनाले नुहाई शुद्ध भई घरको थकालीले ब्राह्मण, जोशी आचार्यद्वारा श्री गणेश पूजा, पीठदेवता पूजा र पितृ देवताको निमन्त्रणा गर्दै श्राद्ध कर्म गर्न लगाई ब्राह्मण, जोशी, आचार्यलाई सीधा र दक्षिणा दिई पठाउनुपर्दथ्यो। भोलिपल्टको शुभ लग्नको साइतमा ब्राह्मण, जोशी, आचार्य र मामातर्फका सबैलाई निमन्त्रणा पठाउनुपर्दथ्यो। अनि घरका थकालीले चूडाकर्म गरिने केटोलाई एक कुरुवा चामलको भात ८४ व्यञ्जनयुक्त भएको काँसको ठूलो थालमा भोजन राखी पञ्चग्रास गरी भोजन गराउनु पर्दथ्यो। त्यसपछि राति सुत्ने बेलामा रजस्वला नभएकी कुमारी कन्याको हातबाट चूडाकर्म गरिने केटोको हातमा श्रीखण्डको सिन्दूरले स्वस्ति लेखाई सगुनादि हातमा राख्न लगाई नवरत्न जडेको औंठी केशमा बाँध्न लगाई देवताकहाँ दक्षिणा-भेटी चढाउने काम गर्नुपर्दथ्यो। अनि राति ८४ व्यञ्जनले युक्त भएको एक कुरुवा चामलको भात भएको भोजन केटोले गरेपछि थालमा बाँकी रहेका खानेकुरा आफ्नो घरको ढोका-अगाडिको चौबाटोमा अथवा कलं देवता मानिराखेका देवताकहाँ घरका थकालीले फाल्न लैजानुपर्दथ्यो।

भोलिपल्ट बिहान हुनेबित्तिकै शुभलग्नको साइत विचार गरी यज्ञ-मण्डप तयार पारी ब्राह्मण पुरोहितद्वारा कलशार्चन गराई श्री गणेश देवको आह्वान गरी होम गर्न लगाई काँसको थालमा चन्द्र मण्डप लेखी पूजा गरेर चूडाकर्म गरिने केटालाई सर्वखौ (सर्वशुद्ध प्रकारको मिसिएको पिना)-ले कपाल भिजाउन लगाई उसको केशमा पञ्चपल्लव बाँधेर नाउको अगाडि मिमिचामा मासु, गोबर, सरस्यूँ, शुद्ध पिना आदि राखी केटोको फुपूले चन्द्रमण्डप लेखेको काँसको थालमा नाउले खौरेको केश भूइँमा नपर्ने गरी थापेर लिनुपर्थ्यो। यसरी केटोको खौरेको जम्मै केश फुपूले थालमा थापेर लिइसकेपछि सुनको सियोले यहाँनिर प्वाल पार्नु भनी कानमा प्वाल पार्ने निशाना राखेर केटोलाई नुहाउन लगेपछि नाउले सो चिन्ह लगाएको ठाउँमा सुनको सियोले प्वाल पारी चित्रकारले तयार गरेको कागतको कुण्डल झुण्ड्याई कपालमा श्रीखण्डले स्वस्ति लेखी पञ्चपल्लव बाँधी यज्ञमण्डपमा पूजा गर्न लैजानुपर्दथ्यो। यज्ञमण्डपमा अभिषेक भइसकेपछि ब्राह्मण, जोशी, आचार्यलाई दक्षिणा-भेटी र सिधा चढाएर श्री सूर्य भगवान्को दर्शन गराएपछि केटोको मावलीतर्फबाट ल्याएका लुगा-गहना लगाई पूजा गरी केटोलाई टीका लगाई सगुन हातमा राखी शुभकामना दिनुपर्दथ्यो। त्यसपछि पीठ-पूजा भनी टोलका मुख्य मानी पूजा गरिआएको देवताकहाँ हाँस, बोका, आदिको बलि चढाई पूजा गरिन्थ्यो। यो काम सिद्धिएपछि घर फर्केर घरको र मामा-कहाँबाट ल्याएको सगुनादि चूडाकर्म गरेको केटोको हातमा राखी मंगलकामना गर्दै दहीको टीका लगाइन्थ्यो।

व्रतबन्ध :

माथि बयान गरिएको चूडाकर्म जस्तै अघिल्लो दिनमा नाउ-नाउनीबाट घरको थकालीले कपाल खौरी हात र खुट्टाको नङ काटी माहुर लगाई शुद्ध गरी पिनाबाट नुहाई गाईको गोबरले घर लिपी घर-दैलो सफा सुघर गरी श्री गणेश र इष्ट देवता पूजा गरी, पितृलाई निमन्त्रणा गर्दै श्राद्ध गरिसकेपछि ब्राह्मण, जोशी, आचार्यलाई दक्षिणा र सिधा दिइसकेपछि भोलिपल्टको शुभ लग्नको साइत सुनाई विदा गरिसके-पछि चूडाकर्म जस्तै विधि गर्नुपर्थ्यो। भोलिपल्ट यज्ञ-मण्डप तयार पारी यज्ञ मण्डपमा कलशार्चन गरी श्री गणेश र सूर्यदेवको आह्वान गरी शुभ लग्नमा पात-कपड़ाले तयार गरिएको लंगोटी र मामाकहाँबाट ल्याएको लंगोटी समेतलाई विधिपूर्वक पूजा गरी देवतालाई चढ़ाई उक्त लंगोटी घरको थकालीले दाहिने गाँठो पर्ने गरी गाँठोलाई विधि-पूर्वक पूजा गरी केटोलाई लगाइदिन्थे। त्यसपछि मामाले पनि आफूले ल्याएको लंगोटी लगाइदिन्थे। अनि लंगोटी लगाएको केटोले श्री गणेश, सूर्यस्वरूप बत्तीलाई र कलश-लाई पूजा गरेर लंगोटी लगाएको उपलक्ष्यमा पुरोहित, ब्राह्म , जोशी, आचार्यलाई भेटीस्वरूप दक्षिणा र सीधा टक्र्याई आशीर्वाद लिने गरिन्थ्यो। त्यसपछि आफ्नो-टोलको मानिराखेको मुख्य देवताको थानमा गई मोहनी थापेको बोका, हाँस आदि

बलि चढ़ाई भक्ति-भावले पूजा गर्नुपर्थ्यो। पीठ देवताको पूजा सिध्याई घरमा पुगेपछि घरका थकाली-थकालिनीले सगुन हातमा राखेर टीका लगाइदिई प्राशन गराइन्थ्यो। त्यसअनन्तर मावलीतर्फबाट आएका सबैलाई तुरु २-२ भेटी चढ़ाई पेटभरि खुवाई र माल-ताल बोकेर आएका भरियाहरूलाई पेटभरि खुवाई बिदा गरिन्थ्यो। व्रतबन्ध गरिएको केटाको केश फुपूले थापेको चन्द्रमण्डप लेखिएको काँसको थाल फुपूलाई नै दिई चोलो १ समेत दिई बिदा गर्नुपर्थ्यो। व्रतबन्ध गरिने केटोको कपाल खौरँदा उसले लगाएको लुगा-फाटा नाउलाई दिई नाउ-नाउनीले खायो भने पेटभरि खुवाएर अन्यथा भाग दिई र दस्तुर बापत चामल कुरुवा नौ, च्यूरा कुरुवा नौ र तुरु १२।४ दिई बिदा गरी पठाउनुपर्थ्यो। उक्त कार्यमा नआई धोखा दिएमा नाउलाई तुरु ३६, पुरोहित ब्राह्मणलाई तुरु १२, जोशीलाई तुरु ६, आचार्यलाई तुरु ६, फुपू र मामालाई तुरु ८, चित्रकारीले यज्ञ मण्डप नलेखिदिएमा तुरु १२, कुम्हालेलाई तुरु १७ आदि माथिका सबैलाई दण्ड जरीबाना गर्ने नियम थियो। माथिका काम गर्ने जजमानले सो काम गरिआएकोलाई छोडी अरूबाट काम चलाई नियम तोड्यो भने तुरु २४-२४ दण्ड गर्ने नियम थियो। चूडाकर्म र व्रतबन्ध गर्ने केटोले त्यस दिनदेखि पानी चल्ने आफ्नो जातबाहेक अरू पानी नचल्ने जातको हातबाट पानी नखाने अथवा कुल्लु, कुसले आदि जातको हातबाट पानी खाने बन्द गर्नुपर्थ्यो। कदाचित् भूलले आफूले नजानी खाएको भए गोदान गरी, ब्राह्मणलाई सिधा र दक्षिणा चढ़ाई र सरकारलाई तुरु १२० दण्ड तिरी गंगाजल सेवन गरी आफ्नो जातमा भूल-सुधारको क्षमा प्राप्ति निम्ति जातका सबै मानिसलाई भोज खुवाई आफू सँगै बसी खानुपर्ने नियम थियो।

जनै लगाउने अधिकार :

बाबु ब्राह्मण, विधवा आमा भएका राजपूत, नेवार, जोशी आदिले मात्र गायत्री मन्त्र सुनी जनै लगाउन पाइन्थ्यो। अरूहरूले जनै लगाउन पाउँदैन थियो। यिनीहरूले आफ्नो व्यवसायमा ज्योतिष शास्त्रबमोजिम पात्रो बनाउने, ग्रहहरूको योग लेख्ने, मानिसहरूको जन्म पत्रिका (चिना) लेख्ने विद्याध्ययन गरेर सो लेख्न पाउने नियम बनाएका थिए। पूजा, कर्मकाण्डादिमा ब्राह्मणलाई जोशीले सहयोग दिई ब्राह्मणको वचन लिई जजमानीको काममा मद्दत गर्नुपर्दथ्यो। ब्राह्मणको आज्ञाविना जोशीले नै बढ्ता काम गरेमा तुरु १२ दण्ड तिर्नुपर्ने नियम थियो। ब्राह्मणको आज्ञाविना जजमानीको सम्पूर्ण कार्य गर्नेलाई जनै छिनाली श्रेष्ठको जातमा मिसाई तुरु २४ दण्ड गरिन्थ्यो। बाबु ब्राह्मण र आमा क्षेत्रिनीबाट जन्मेका मानिसलाई मात्र आचार्यले ब्राह्मणको काममा देवताको पूजा-पर्व चलाउन दिई ब्राह्मणको मद्दत गर्नुपर्ने र श्री तलेजु भवानीका गहना, सर-सामानहरूको देखरेख गर्ने, पालोपहरा दिई अखण्डित पूजा चलाइदिने र दुनियाँदारको अरूले छुन नहुने इष्टदेवता बोकेर ल्याई पूजा चलाइदिनुपर्ने गरी गराउन सक्दये। आफूले पाएको अधिकारको काममा धोका

दिने र जनै लगाउने अधिकार नभएकोले अधिकारवाला हूँ भनी ढाँटी जनै लगाएमा त्यसको जनै छिनाली फलामको डोरी (तार) आगोमा तताई सास्ती हुने गरी लगाइदिई दण्ड दिने व्यवस्था थियो। यसबाट जनै लगाउने अधिकार प्राप्त नभएका व्यक्तिले जनै लगाउन नपाउने र पूजा-पर्वमा अरूहरूले काममा लाग्नु नपर्ने भयो।

बिहाबारीको दण्ड-सजायँ :

कुसलेसँग ब्राह्मणी पोइल गएमा अथवा कुसलेले ब्राह्मणीलाई स्वास्नी तुल्याएमा ब्राह्मणीलाई कुसले जात नै गराई तुरु १२० दण्ड गर्ने र ब्राह्मणले कुसले आइमाईसँग विवाह गरे तुरु १२० नै दण्ड गरी पानी चलाउन प्रजापत्य चन्द्रायण (पतिया लिने)-लाई थप तुरु २४ दण्ड गरी गंगाजल, शालिग्रामको जल तुलसीपत्रको रस सेवन गर्न लगाई आफ्नो जातमा सबैसँग क्षमा मागी तारा हेरी भात खाने नियम थियो। ब्राह्मणले टेपिनी, मोसिनी, सालिमनी, चित्रकारिनी, भोटियानी, कुम्हालनी, नाउनी अथवा संघटनी आदिसँग विवाह गरेमा तुरु १२० दण्ड तिर्नुपर्ने गरी माथिका बमोजिम नै दण्ड-सजायँ गर्ने नियम पनि थियो। त्यस्तै नाउले संघटनीसँग विवाह-सम्बन्ध गरेमा तुरु १४० दण्ड तिर्नुपर्ने थियो। त्यसै गरी ठूलो जातले लोहकरनी, पुल्पुलुनी, गढु माहुत्यानी, पिछिनी (कतचा), मालिनी, चित्रकारिनी, कसाइनी, श्रेष्ठनी, छेत्रकारिनी, सौलिनी, सुध्यानी, कुसलेनी आदि तल्लो जातसँग विवाह-सम्बन्ध राखेमा तुरु ४८० सम्म दण्ड सजायँ गरी तल्लो जातमा नै मिलाइदिने र प्रजापत्य चन्द्रायणीको लागि डब्बल दण्ड-सजायँ गर्ने नियम पनि थियो। उपरोक्त काम आफूले नजानी भूलबाट गरे-गराएको भए उपरोक्त दण्ड-सजायँमा आधामात्र दण्ड-सजायँ भोग्नुपर्ने नियम थियो। जानी-जानीकन पोडेनी, कुसलेनी अथवा कुलुनीसँग वैवाहिक सम्बन्ध गरेमा प्रजापत्य चन्द्रायणी नपाई सो जातमा नै हुनुपर्ने तर नजानेर भूलबाट भएको भए अथवा गरे-गराएको भए तुरु २४० मात्र जरीबाना तिर्नुपर्ने र प्रजापत्य चन्द्रायण-को लागि माथि भनेबमोजिम नै गर्नुपर्ने नियम थियो। यी माथिका सबै जातले पोइ भएकी स्वास्नीमानिससित यौन-सम्पर्क राखी स्वास्नी तुल्याएको खण्डमा सुनसिही मो० रु० ६० दण्ड तिर्नुपर्दथ्यो। यस्तोमा ल्हासा गएको भए दोब्बर दण्ड जरीबाना गरी प्रजापत्य चन्द्रायणको लागि मात्र आधा दण्ड-जरीबाना तिरे पुग्दथ्यो। कसैले पानी चल्ने स्वजातिका पोइ हुने आइमाईसँग विवाह गरे-गराएको भए सुनसिही मो० रु० ६० नै जरीबाना तिर्नुपर्ने थियो। कसैले कुजातिकी आइमाईसँग विवाह नगरी त्यसै प्रेममा भुली बसेको तर आइमाई गर्भवती नभएकोमा प्रचलित दण्डको चार खण्डको एक खण्ड अर्थात् एक-चौथाइ मात्र दण्ड तिरी प्रजापत्य चन्द्रायणीको लागि दोब्बर दण्ड तिर्नुपर्दथ्यो।

ब्राह्मणले पोइ भएकी ब्राह्मणीसँग विवाह गरे-गराएको भए चन्द्रायण नपाउने गरी स्वजातिबाट वंचित गराई उसको लिंगलाई सासना गरी देशबाहिर गर्ने गरिन्थ्यो।

तर ब्राह्मणले विधवा ब्राह्मणीलाई बिगारेको भए सुनसिही मो० रू०३० दण्ड गरी ब्राह्मणको जातबाट वंचित गरिन्थ्यो। क्षत्रीले पोइ भएकी ब्राह्मणीलाई स्वास्नी तुल्याएमा खोला पारिसम्म लगेर चाण्डालको हातबाट एकैचोटी हानेर मार्ने र क्षत्रीले विधवा ब्राह्मणीसँग विवाह गरेकोमा लिंगलाई सासना गरी सुनसिही मो० रू० ३० दण्ड तिर्नुपर्ने र स्वजातिमा मिल्न नपाउने रीत थियो। त्यस्तै पोइ भएकी ब्राह्मणीसँग वैश्यले वैवाहिक सम्बन्ध गऱ्यो भने वैश्यको लिंग काटी सुनसिही मो० रू० १२० दण्ड गरी दुवैलाई प्रजापत्य चन्द्रायण (जातमा मिल्न हुने) नपाउने व्यवस्था थियो र वैश्यले विधवा ब्राह्मणीसँग विवाह गरे-गराएमा वैश्यको लिंगलाई सासना हुने गरी काटेर सुनसिही मो० रू० ६० दण्ड गरी, ब्राह्मणीलाई प्रजापत्य चन्द्रायण नपाउने र वैश्यलाई चन्द्रायणको लागि सुनसिही मो० रू० १० थप दण्ड गर्नुपर्दथ्यो। त्यसै गरी पोइ भएकी ब्राह्मणीसँग शूद्रले विवाह गरेमा शुद्रको लिंग नै चाण्डालद्वारा कटाएर सो काटिएको लिंग शूद्रलाई खुवाउने र शूद्रले विधवा ब्राह्मणीसँग विवाह गरेमा शूद्रको लिंग सासना गरी काटेर चाण्डालद्वारा नै मार्न लगाइन्थ्यो र ब्राह्मणीलाई प्रजापत्य चन्द्रायण पाइन्नथ्यो।

यसरी राजा जयस्थिति मल्लले जन्मदेखि मरणसम्मको जाति र पेशाअनुसार घर-व्यवहार चलाउनुपर्ने बन्दोबस्त मिलाइदिई त्यसको उल्लंघन गर्नेलाई दण्ड-सजायँ पनि तोकिदिई देशमा राम्रो नियम-निष्ठा कायम गरी देशलाई उन्नत अवस्थामा पुऱ्याई आफ्नो कीर्ति टाढा-टाढासम्म फैलाई वंशावलीमा प्रमुख स्थान पाएका छन्। त्यस्तै मानिसको मृत्यु हुँदा सबै जातले व्यवहारमा मद्दत गरी लोकको सेवा गरे देशका सबै प्रजा एकै हुन् भनी देखाइदिएका थिए।

●

जयस्थिति मल्लका ३६ जातका जम्मा ७२५ शाखाहरू

३६ जातलाई श्रेष्ठ भनी नामकरण गरी तीमध्ये १३ जातले तागाधारी हुने गरी चन्देरी, सुवेदी, भण्डारी, आचार्य, देवज्ञ, मल्ल, प्रधानांग, मुनंकर्मी, अमात्य, कायस्थ, जोशी आदि नाम दिएका थिए। ब्राह्मण जात जतिले द्राविड जम्मा १० जात गराइदिएका थिए। त्यसमा जैसी ब्राह्मणलाई अपूज्य गराइदिएका थिए। ज्यापु जातमा ३६, कुम्हार जातमा ८, कसाई जातमा ७२, कुसले जातमा ६४, बाँडामा ४, कुसुल्यामा ४, पोडेमा ४, चर्मकार, कुल्लु आदिको उपशाखा गराई जम्मा ७२५ जात ठह्र्याइदिएका थिए। त्यसमा सानो जातको हातबाट ठूलो जातले पानी चलन-चल्ती गराएमा कुलको नाश भई आयु-क्षय हुने बन्दोबस्त गरिदिएका थिए। ठूलो जातको छोरी-बेटी सानो जातमा पोइल गएमा सानो जात नै हुने गरी थिति बसालिदिएका थिए। यसरी राजा जयस्थिति मल्लले ने० सं० ५१५ माघ सुदी १०, रोहिणी नक्षत्र, वृद्धि योग, बिहानको १३ घडी चढ्दा कलश स्थापना गरी कोटयाहुति यज्ञ गरी जातिको व्यवस्था घोषित गरी, ब्राह्मणलाई रोजगार दिई सुनाबिर्ता भनी जग्गाको बन्दोबस्त गरिदिएका थिए। यसरी राजा जयस्थिति मल्लले सानो-ठूलो जातअनुसार व्यवसाय गरी जीविका चलाउने बन्दोबस्त गरिदिएका थिए। जोशी, अमात्य, मल्ल, प्रधानाङ्ग, चोछेबहाल (मुनंकर्मी), हाडा-होरा (त्रिजुद्धे) आदि छः थर जात गरी त्यसभन्दा मुनिका जातलाई ५ थर भनी नामकरण गरेका थिए। केही जातिको व्यवहार र पेशा निम्न प्रकारको छ :—

जाति, पेशा र व्यवहारको केही विवरण :

कुलु : लोकको कपाल खौरनु, काटिदिनु, छालाको कुपा बनाउनु, छालाको थैला बनाउनु, बाजाको पेटारोमा छाला मोडिदिनु आदि काम गरी जीविका चलाउने व्यवस्था थियो। आफ्नो जात दबाई आफूभन्दा ठूलो जातसँग विवाह सम्पर्क गर्न नपाउने, आफ्नो रकम छोडी रकम गर्नेलाई तुरु १२० दण्ड-सजाय गर्ने बन्दोबस्त पनि थियो। व्यवहारमा मृत्यु सूतक १० दिनसम्म मानेर ४५ दिनमा पिण्ड कार्य गर्ने साथै घरका थकाली (नाइके)-ले गर्नुपर्ने व्यवस्था मिलाइएको थियो।

पोडे : आफ्नो जातको कपाल खौराउनु, नङ् काटिदिनु, देवताको पीठ-पीठमा देवताको गहना जिम्मा लिई पूजा गर्न आउनेसँग नैवेद्य मागी खाने, सुँगुरको मासु खाने, माछा-भङ्गेरा मारी बिक्री गरेर जीविका चलाउने साथै मुर्दाको लुगा टिपेर लिन पाउने बन्दोबस्त भएको थियो। देशभित्र आउन-जान पर्दा कपाल जालले ढाकेर मात्र प्रवेश गर्न पाउने र सूर्य अस्त भएपछि देशभित्र प्रवेश गर्न नपाउने र अरू जातले लगाएको लुगाको नकल गर्न नपाउने, सुन-चाँदीको गहना लगाउन नपाउने

आदि व्यवस्था पनि थियो। तर सूर्य ग्रहण वा चन्द्र ग्रहणको समयमा भने ग्रहणको सूचना दिई ग्रहणको दान गर्नेसँग मागेर खान पाउने पनि गरिएको थियो। मसानमा मुर्दा जलाउन ल्याउनेसँग दस्तुर-बापत एक दाम लिएर मात्र मुर्दा जलाउन दिने अधिकार पनि थियो। यतिमात्र होइन, मुर्दा जलाउँदा स्वास्नी-मानिस पोइसँगै सती गई मर्न नसकेमा अर्थात् प्राण त्याग गर्न नसकेमा पोडे जातसँगै मिल्ने र अन्य ठूलो जातलाई छुन नपाउने बन्दोबस्त पनि मिलाइएको थियो।

डोम : कुसलेसँग ढोलक बजाई, आफ्नी स्वास्नी नचाई पैसा मागेर लिई जीविका चलाउनुपर्ने बन्दोबस्त भएको थियो। मृत्यु सूतक २ दिनमा मानेर पिण्ड कार्य ४५ दिनमा गर्नुपर्ने व्यवस्था थियो।

टटि : लोकको कात्रो बनाई मोलबापत १ टका लिने र सतीको पुतला बनाउनु परे मोल टका २ लिई बिक्री गरी जीविका चलाउने बन्दोबस्त गरेका थिए। सूतक ६ दिनमा र मृत्यु जुठो १० दिनमा मानेर पिण्डकार्य ४५ दिनमा पुरोहित, गुभाजु-द्वारा गराइने व्यवस्था बसालिएको थियो।

कुसले : बाजा फुकाई जीविका चलाउने, सुमंगलको दस्तुर दाम १२, विवाहको दस्तुर रु० ११, पासनी, चूडाकर्म र व्रतबन्धमा दस्तुर दाम ६ दिई कजिले पेटभरि खुवाउनुपर्ने बन्दोबस्त गरिएको थियो। काममा नआई अड्काइदिने कुसलेले तुरु १२ दण्ड तिर्नुपर्ने चलन थियो। पालो पर्ने अथवा आफ्नो लगाभित्रको कुसलेलाई बोलाउन छाडी अरू कुसले बोलाई काम चलाउने कजिलाई तुरु १२ दण्ड गर्ने चलन पनि थियो। कुसलेले टोल-टोलमा र दुनियाँदारको घर-चोकमा सफा-सुघर गरी मागेर खाने र कपाली भेष गरी डमरू बजाई मागेर खान पाउने साथै खेत-बारी कमाई खान पाउने पनि बन्दोबस्त थियो। सूतक ६ दिनमा, मृत्यु-सूतक ७ दिनमा मानेर ४५ दिनमा पिण्ड-कार्य गर्न पुरोहित आफ्नै जातले गराई काम चलाउने गरिएको थियो।

कसाई : आफ्नै जातले नङ् काटिदिने, कपाल खौरिदिने, दुनियाँको मुर्दा लेजाने बेलामा बाजा बजाई सबैले ३-३ दाम दस्तुर लिन पाउने, सती जाने बाजा बजाउनुपरे दस्तुर टका १ लिई सबैले ३-३ दाम दस्तुर पाउने बन्दोबस्त गरिएको थियो। दुनियाँदारको काम-काजमा राँगो काटिदिनुपरे दस्तुर बापत एक पैसा लिई काम गरिदिने। सो राँगा काट्ने आफ्नो ठाउँ नभए चोरमा राँगा काटिदिनुपरे सरकारलाई रु० १ दस्तुर नदिएमा राँगा काटि नदिने र मासु बिक्री गर्नको लागि राजालाई दोब्बर दिनुपर्ने बन्दोबस्त भई भलादमीले मासु बिक्री गर्न नपाउने गराएका थिए। कुनै दुनियाँको बँदेल काटिदिनुपरे दस्तुर आठ आना लिई बँदेलको टाउको सरकारमा चढाउनुपर्ने गरी मासु टुक्रा-टुक्रा पारिदिने बन्दोबस्त पनि मिलेको थियो। फेरि आफूभन्दा माथिका जातलाई घ्यू, दूध, दही बिक्री गर्न नपाउने गराएका थिए।

यो बाहेक कसाईंले खेत कमाई जीविका चलाउन पाउने तर दुनियाँको च्यूरा कुट्ने मुसल समाउन नपाउने गरी सूतक ६ दिनमा मानी ४५ दिनमा पिण्ड कार्य पुरोहित गुभालद्वारा गराउन पाउने बन्दोबस्त गराइदिएका थिए ।

नरिजात : नङ् काटिदिने र घरको भित्तामा चित्रकारी रंग गरी फर्माइसी बुट्टा लेखिदिने आदि व्यवसाय गरी सूतक ६ दिनमा मानेर ४५ दिनमा पिण्ड कार्य पुरोहित गुभालद्वारा गराउने बन्दोबस्त मिलेको थियो ।

संवल (बुम) : मानिसको ज्यू (शरीर) बोकी कमाई खाने साथै खेत जोती कमाई जीविका चलाउने गराइदिएका थिए । सूतक ६ दिनमा, जुठो १० दिनमा मानेर ४५ दिनमा पिण्डकार्य गुभालद्वारा चलाउने बन्दोबस्त गराइदिएका थिए ।

गढु : वन-जंगलमा फूल टिपेर जम्मा पार्दै बेची अथवा चामल सटही गरेर जीविका चलाउने र खेत पनि कमाई खान पाउने गरी सूतक र जुठो ऐं, ४५ दिनमा गुभाल पुरोहितद्वारा चलाउने बन्दोबस्त गराइदिएका थिए ।

माली : रङ्ग बिरङ्गका फूलका बिरुवाहरू रोपी फूलबारी बनाउने र फूल टिपेर जम्मा गरी फूल बिक्री गरेर अथवा चामलबाट सटही गरी जीविका चलाउने र जुठो सूतक ऐं. मानेर गुभाल पुरोहितद्वारा ४५ दिनमा पिण्ड-कार्य गराउन पाउने व्यवस्था थियो ।

छीपा : नील रंग आदि पाँच रंगको धागो र कपडा रंगी ज्याला लिई जीविका चलाउने र कसाईंबाट नङ् कटाउने, कपाल खौराउने, खेत पनि कमाउन पाउने र सूतक ६ दिन, जुठो १० दिन मानेर ४५ दिनको पिण्डकार्य पुरोहितद्वारा गराउन पाउने बन्दोबस्त भएको थियो ।

पुलुपुलु (देवाकर) : दुनियाँको मुर्दा लेजाँदा अघि-अघि दियो (आरती) बाली दोपात-दोपातमा ताला (बाजा) बजाई मसानसम्म पुऱ्याइदिई दस्तुरबापत ४ दाम र चामल १ कुरुवा लिई जीविका चलाउनुपर्ने र कसाईंबाट नङ् कटाउने, कपाल खौराउने, माहुर लगाउने काम गराउने र सूतक ६ दिनमा, जुठो १० दिनसम्म मान्नुपर्ने तथा ४५ दिनमा पिण्डदानको कार्य पुरोहितद्वारा गराउने गराइदिएका थिए ।

नकर्मी : फलामको काम गरेर जीविका चलाउने, खेत पनि कमाउन पाउने, कसाईंबाट नङ् कटाउने, कपाल खौराउने काम गराउनुपर्ने तथा सूतक ६ दिन, जुठो ऐं० मानी ४५ दिनको पिण्डकार्य पुरोहितद्वारा गराउन पाइन्थ्यो ।

पिछिनी (कसवा) : बालक जन्म हुँदा असल दिन हेरी जन्मेको बालकको नाल काटी दोबाटोमा फाल्न लगी सुध्यानीले पाउने रकमको आधा दस्तुर लिने र खेत पनि कमाई खान पाउने तथा सूतक ६ दिनमा जुठो १० दिनमा मानेर ४५ दिनको पिण्ड-कार्य पुरोहित, नाउ र कसाईंद्वारा गराउने गराएका थिए ।

संघट : दुनियाँको लुगा धोइदिने, वर्ष दिनको कबूलमाफिक बाली खान पाउने र हरेक जुठोको काममा ६ कुरुवा च्यूरा, ६ कुरुवा चामल र दस्तुर बापत १६ दाम लिन पाउने तथा सूतक र जूठो ऐ, मानेर ४५ दिनको पिण्ड-कार्य पुरोहितद्वारा गराउन पाउने गराइदिएका थिए ।

नाउ : ब्राह्मणदेखि ज्यापुपर्यन्तको कपाल खौरने, नङ् काटिदिने, माहुर लगाउने (नङ्मा रंग लगाइदिने), हरेक सूतकमा र जुठोमा ६-६ कुरुवा चामल दस्तुर लिन पाउने, व्यापारको निम्ति पसल थाप्न नपाउने र सूतक र जुठो १० दिन मानी ४५ दिनमा पिण्ड-कार्य गर्नु पर्ने व्यवस्था गराइदिएका थिए ।

महाब्राह्मण (भा) : पाखी-पटुका रंगिदिई जीविका चलाउनुपर्ने, मानिस मर्दा एकादशाहको दान लिने, खेत पनि कमाई खान पाउने तर व्यापार गर्न नपाउने आदिका साथै सूतक र जुठो १० दिनमा मानेर ४५ दिनको पिण्डक्रिया पुरोहितद्वारा गराउन पाउने बन्दोबस्त गराइदिएका थिए ।

चित्रकारी (पुं) : देवताका चित्रहरू लेख्ने, अष्ट-मण्डप लेख्ने, रक्सी-जाँड बनाई व्यापार गर्ने र खेत पनि कमाउन पाउने बन्दोबस्तका साथै सूतक र जूठो मानेर ४५ दिनको श्राद्ध र पिण्ड-कर्म गुभाल पुरोहितद्वारा गराउन पाउने र नाउको काम कसाईद्वारा लिन पाउने व्यवस्था मिलाइएको थियो ।

साल्मी : खाने तेल पेली बिक्री गरी जीविका चलाउने र खाटमा बजिया बाँध्ने काम गर्ने र सूतक र जूठो मानेर ४५ दिनको पिण्डकार्य पुरोहित गुभालद्वारा गराउन पाउने बन्दोबस्त थियो ।

मोसट : कसाईको मासु बेच्ने पसलमा ग्राहकहरूको मासु पोको पारिदिने र दस्तुर लिई जीविका चलाउने र जुठो र सूतक मानेर ४५ दिनमा पुरोहितद्वारा श्राद्ध-कर्म गराउन पाउने व्यवस्था मिलेको थियो ।

टेपोच : खेतमा पालुङ्गो रोपी सरकारमा दस्तुर तिरी बिक्री गरी र खेत कमाई, कहाल बाजा बजाई जीविका चलाउनुपर्ने र सूतक, जुठो र ४५ दिनको श्राद्धकर्म गर्नु पर्ने गराइराखिएको थियो ।

खुसल : मानिसको जिउ बोकी जीविका चलाउने र खेती गरी कमाउने साथै कहाल बजाई खाने र साल्मीले खाटमा बजिया बाँध्ने काममा मद्दत गरी जुहार गर्ने तथा सूतक-जुठो मानेर ४५ दिनमा नै पिण्ड कार्य गर्ने बन्दोबस्त मिलाइएको थियो ।

लुँकमी (सुनार) : सुन-चाँदीको गहना बनाई ज्याला लिई जीविका चलाउने, सूतक ६ दिनमा, जुठो ७ दिनमा मानेर ४५ दिनको श्राद्ध-कर्म गुभाल पुरोहितबाट गराउन पाइन्थ्यो ।

ग्वाल : गाईको पालन-पोषण गरी दूध, दही, घ्यू, नौनी बिक्री गरी जीविका चलाउने र सरकार र जनतालाई गाई चाहिएमा खोज-तलास गरी मिलाइदिनुपर्ने र

सूतक १० दिनमा जुठो १२ दिनमा मानी पुरोहित ब्राह्मणद्वारा ४५ दिनको श्राद्ध-क्रिया गराउनुपर्ने बन्दोबस्त मिलेको थियो।

कुम्हाल : माटो जम्मा पारी माटोको भाँडा बनाई सरकारलाई दस्तुर बुझाई बिक्री-वितरण गरी जीविका चलाउनुपर्ने र वृद्धि-सूतक १० दिन, मृत्यु-जुठो १२ दिनसम्म मानी ४५ दिनको पिण्ड-कार्य गुभाल पुरोहितद्वारा गराउन पाउने बन्दोबस्त थियो।

उदास : ल्हासा गई कोठी राखेर व्यापार गर्न पाउने, सूतक ६ दिनमा र जुठो १० दिनमा मानी ४५ दिनको क्रिया-कार्य गुभाल पुरोहितबाट गराउनुपर्ने गराइदिएका थिए।

टटी परबटु : धागोको जनै बनाएर बिक्री गरी जीविका चलाउने, सूतक १० दिनमा जुठो १२ दिनमा मानी ४५ दिनको श्राद्ध-क्रिया पुरोहित ब्राह्मणद्वारा गराउने गराइदिएका थिए।

तमोट (ताम्राकार) : तामा, काँस आदि धातुको भाँडा बनाई वा मर्मत गरी ज्याला-दस्तुर लिने, सुनको जलप लगाए बापत ज्याला लिई जीविका चलाउने र सूतक १० दिन, जुठो १२ दिन मानेर ४५ दिनको श्राद्ध-क्रिया पुरोहित ब्राह्मण, जोशी, आचार्यद्वारा गराउने तथा बौद्धमार्गी भए गुभाल पुरोहितद्वारा गराउन पाउने गराइदिएका थिए।

गुल्मी श्रेष्ठ : रानीको व्यवहार गर्नुपर्ने काम, माइतितिर कोही नभएमा माइतिले व्यवहार गर्ने सबै काम गुल्मी श्रेष्ठले गराइदिनुपर्ने बन्दोबस्त थियो। मिलले व्यापार पनि गर्न पाउँथे। सूतक र जुठो मानेर ४५ दिनको काम पुरोहित-ब्राह्मणद्वारा गराउन पाउँथे।

किसान (ज्यापु) : खेत कमाई खाने, देवी-देवताको पूजा-सामानहरू बोकी हिँड्ने, दोबाटोमा देवताको बलि फाल्न लगिदिने आदि काम गरी जीविका चलाउनुपर्ने, सूतक १० दिनमा जुठो १२ दिनमा मानेर ४५ दिनको कार्य पुरोहित गुभालद्वारा गराउन पाउने बन्दोबस्त गराइदिएका थिए।

बैद्य : दुनियाँको नाडी हेरी रोगअनुसार औषधि गरिदिई, लोकान्तर हुने (मर्ने) बेलामा वैतरणीको व्यवस्था मिलाई रु० १ दस्तुर लिई ल्वांगादि औषधि सेवन गराई बिरामीलाई तीर्थ स्थानमा पुऱ्याइदिने तथा सूतक १० दिन र जुठो १२ दिनमा मानेर ४५ दिनको श्राद्ध क्रिया पुरोहित ब्राह्मणद्वारा गराउन हुने गराइदिएका थिए।

लोहकर्मी : ढुङ्गाको देवी-देवताको मूर्ति बनाउने, ढुङ्गामा बुट्टा भर्ने, ढुङ्गा फ़ोड्ने आदि काम गरी जीविका चलाउने र सूतक १० दिन जुठो १२ दिन मानेर ४५ दिनको श्राद्ध कर्म पुरोहित गुभालद्वारा गराउने बन्दोबस्त थियो।

सिकर्मी : काठमा मसिनो बुट्टा भर्ने, फर्मायसी काममा साथै अन्य काठको काम गर्ने, चर्खा बनाउने, धूप बनाई बिक्री गरेर जीविका चलाउने तथा सूतक र जुठो मानेर ४५ दिनको काम शिवमार्गी भए पुरोहित, ब्राह्मणद्वारा र बौद्धमार्गी भए पुरोहित गुभालद्वारा गराउनुपर्ने गराइदिएका थिए ।

हलवाई : किसिम-किसिमका रोटी बनाई बिक्री गर्ने, गुभालसँग मन्त्र सुनी गुरु मान्ने, सूतक १० दिनमा, जुठो १२ दिनमा मान्नुपर्ने र ४५ दिनको पिण्ड कार्य गुभाल पुरोहितद्वारा गराउनुपर्ने व्यवस्था मिलेको थियो ।

गुवाल विषुवाडा : मुलं (चोलो) बनाई बिक्री गर्ने, पञ्चपताका बनाई बिक्री गर्ने, गुभालसँग मन्त्र सुनी दीक्षा लिने, सूतक ६ दिन जुठो १० दिनसम्म मानी ४५ दिनको क्रिया-कर्म पुरोहित गुभालद्वारा गराउनुपर्ने रीत थियो ।

बाँडा : सुन-चाँदीको गहना बनाई ज्याला लिने, सुन-चाँदी र गहनाहरू बिक्री गर्ने, ढलौटमा बुट्टा भर्ने साथै सुन चाँदीको जलप लगाइदिने र काँसको कचौरा र थाल बनाई बिक्री गरी जीविका चलाउने व्यवस्थाका साथ सूतक, जूठो र ४५ दिनको क्रिया-कर्म पुरोहित गुभालद्वारा नै चलाउनुपर्ने गरी बन्दोबस्त गराइदिएका थिए ।

वज्राचार्य : गुभालले श्रेष्ठ, ज्यापु, हलवाइ, बराही, सिकर्मी, लोंहकर्मी, चित्रकारी आदिलाई मन्त्र सुनाई दीक्षा दिई गुरुत्व ग्रहण गरी सूतक ६ दिनमा, जूठो ७ दिनमा मानेर ४५ दिनको श्राद्ध पुरोहित गुभालद्वारा गराउनुपर्ने गरी बन्दोबस्त मिलाइदिएका थिए ।

शिवाचार्य : शैव मत ग्रहण गरी शिवको पूजा गर्ने, आफ्नो अधिकारसम्म जजमानीको काम गर्ने, सूतक जूठोको घर शुद्ध गर्न घरको थकालीलाई जजमान तुल्याई यज्ञ होमादि गराई शुद्धि गर्ने, ब्राह्मण र श्रेष्ठको विवाहको कार्यमा मद्दत गरी यज्ञ-यागादि गराई कर्म चलाइदिने, ब्राह्मणद्वारा मन्त्र सुनी जनै लगाउने र सूतक १० दिनमा, जूठो १३ दिनमा मानी पितृ कार्य गर्नुपर्ने गरी बन्दोबस्त मिलाइएको र खेत कमाउनेसंग वर्ष-वर्षमा बाली उठाई लिन पाउने व्यवस्था थियो ।

गुर्वाचार्य : श्रेष्ठलाई मन्त्र सुनाई दीक्षा दिने, ब्राह्मणद्वारा मन्त्र सुनी जनै लगाउन पाउने, आफ्नो अधिकारसम्म जजमानी चलाउन पाउने बन्दोबस्तका साथै सूतक १० दिनमा र जुठो १२ दिन मानेर ४५ दिनको पिण्ड कार्य पुरोहित ब्राह्मण-द्वारा गराउन पाउने व्यवस्था मिलाइएको थियो ।

कर्माचार्य : श्री तलेजु भवानीको सेवा-टहल गरी चौकी (पालो) बस्ने, श्री भवानीको गहनाहरूको रेखदेख गर्ने, आफ्नै जातबाट मन्त्र सुनी दीक्षा ग्रहण गर्ने र जनै लगाउने, आफूले विधिपूर्वक जजमानीको कार्य चलाउने बन्दोबस्तका साथै सूतक

१० दिनमा, जूठो १२ दिन मानेर ४५ दिनको पिण्ड-दान पुरोहित ब्राह्मणद्वारा गराउन पाउने व्यवस्था थियो।

पीठाचार्य : पीठ-पीठमा देवी-देवताको पूजा गर्न जाने, विधानबमोजिम बलि-महाबलि आदि सम्पन्न गर्ने, सो कार्य थकाली जजमानद्वारा चलाइदिने, आफ्नै जातद्वारा मन्त्र सुनी दीक्षा लिई जनै धारण गर्ने; ब्राह्मण, झा ब्राह्मण, श्रेष्ठ आदिको विवाहमा घर-शुद्धिको लागि र बलि-महाबलि र यज्ञ-होमादि गर्ने बन्दोबस्तका साथै सुतक १० दिन, जूठो १२ दिन मानेर ४५ दिनको श्राद्ध कर्म पुरोहित-बाहुनद्वारा गराउन पाउने व्यवस्था मिलाइएको थियो।

देवाचार्य : आफ्नो घरको थकाली (नाइके)-बाट मन्त्र सुनी दीक्षा ग्रहण गरी शुकार्यमा जजमानहरूको होमादिको कार्य गरी जीविका चलाउने र सूतक १० दिन जूठो १२ दिन मानी ब्राह्मणद्वारा ४५ दिनको पिण्डकार्य गर्नुपर्ने व्यवस्था थियो।

राजलवट : ब्राह्मणबाट मन्त्र सुनी दीक्षा ग्रहण गर्ने, राजाको सेवामा रही राज्य-कार्यमा मद्दत गर्ने, ढाल-तरवार भिर्न पाउने, सूतक १० दिन, जूठो १२ दिन मानी ४५ दिने पिण्ड-कार्य बाहुनद्वारा गराउन पाउने बन्दोबस्त थियो।

ठकुर : बाहुनद्वारा मन्त्र सुनी दीक्षा पाई जनै लगाउन पाउने, ढाल-तरवार भिरेर राजाको सेवा गरी जीविका चलाउने, शैव र बौद्ध दुवैमा कुनै पनि मत मान्न पाउने, सूतक १२ दिन, जूठो १५ दिन मान्नुपर्ने, ४५ दिनको श्राद्ध-कर्म ब्राह्मणद्वारा गराउने बन्दोबस्त मिलेको थियो।

ठाकुर : ब्राह्मणद्वारा मन्त्र सुनी दशकर्म गराई जनै लगाउन पाउने र दीक्षा ग्रहण गर्ने, ढाल-तरवार भिरेर राज-काजमा मद्दत गरी राज्यको सेवा गर्ने साथै वाणिज्य-व्यापार गर्न पाउने, सूतक १२ दिन, जूठो १२ दिन मानी ४५ दिनको श्राद्धकार्य बाहुनद्वारा गराउनुपर्ने बन्दोबस्त मिलेको थियो।

अमात्य : ब्राह्मणबाट मन्त्र सुनी दीक्षा ग्रहण गर्न पाउने, उत्तम श्रेष्ठसँग विवाह-सम्बन्ध राख्न पाउने, राज्य-कार्य गर्ने, सूतक १० दिन, जूठो १२ दिन मान्नुपर्ने, ४५ दिनको क्रिया-कर्म ब्राह्मणद्वारा नै गराउनुपर्ने थियो।

कायट (कायस्थ) : स्तको मोहर लेख्ने, दानपत्र, सुक्री-बिक्रीको तमसुक-पत्र लेख्ने, साथै भाखा-पत्र आदि लेखी सो लेखेको बापत दस्तुर लिई जीविकोपार्जन गर्ने, ब्राह्मणद्वारा मन्त्र सुनी सूतक १० दिन, जूठो १२ दिन मानी ४५ दिनको श्राद्ध-क्रिया ब्राह्मणद्वारा गराउन पाउने बन्दोबस्त बसालिएको थियो।

जोशी : गायत्री र दीक्षा मन्त्र बाहुनबाट सुनी जनै लगाउन पाउने, पूजा शुरू गर्दा संकल्प भनिदिने, उत्तम श्रेष्ठसँग वैवाहिक सम्बन्ध गर्न पाउने, ज्योतिषशास्त्र पढ्ने-पढाउने, पात्रो र ग्रह योगादि, स्नान-दानको टिपन लेखिदिने, मानिसको चिना

सिल्ने, आफ्नो अधिकारभित्रसम्मको जजमानी कार्य गरी जीविका चलाउने, सूतक १० दिन, जूटो १२ दिन मान्नुपर्ने र ४५ दिनको श्राद्ध-कर्म पुरोहित बाहुनद्वारा गराउने बन्दोबस्त थियो।

राज-ब्राह्मण : राजा तथा राज-खलकको दशकर्मादि चलाइदिने, गायत्री मन्त्र सुनाई जनै लगाइदिने, नीतिभन्दा बढ्ता काम गर्न नपाउने, ढाल-तर्वार भिरेर राजाको सेवामा रहनुपर्ने, तर लोकको देलो-दैलोमा गई कथा-पुराण सुनाउन नपाउने, सूतक १२ दिनमा, जूठो १२ दिनमा मान्नुपर्ने, ४५ दिनको पिण्ड-दान स्व-जातिको ब्राह्मण पुरोहितबाट नै गराउनुपर्ने तथा राज-ब्राह्मणले माथि लेखिएको बाहेक अरूलाई मन्त्रादि सुनाउन नपाउने पनि बन्दोबस्त गरिएको थियो।

देव-ब्राह्मण : स्व-जातिलाई मन्त्र सुनाई दीक्षा दिने, श्रेष्ठसम्मको मात्र जजमानी गर्ने र पुरोहित, गुरु पद ग्रहण गर्ने, लोकलाई कथा-पुराण सुनाई धार्मिक जागृति ल्याउने, सूतक १० दिन, जूठो १२ दिन मान्नुपर्ने, ४५ दिनको कार्य पुरोहित ब्राह्मण-द्वारा नै गराउनुपर्ने व्यवस्था थियो।

●

खण्ड—९

पाटन

पाटन (ललितपुर) शहरको परिचय

यो काठमाण्डू उपत्यकाको तीन शहरमध्ये एक हो। ७१ मील क्षेत्रमा १,५०,००० जनसंख्या भएको पाटन जिल्लाको मुख्य मुकाम ललितपुर अथवा पाटन, राज्यको केन्द्रीय क्षेत्र काठमाण्डू उपत्यकाको दोस्रो मुख्य शहर हो। यो शहरलाई नेवारी भाषामा 'यल' पनि भन्दछन्। समुद्रतलदेखि ४३५० फीटको उँचाइमा काठमाण्डू उपत्यकाको दोस्रो मुख्य नदी बागमतीको बायाँ किनारमा यो शहर बसेको छ। चक्राकार आकृतिमा बसेको यो शहरको क्षेत्रफल ३ वर्गमील छ। यहाँको आबादी करीब ५० हजारको छ। नेपालमा सबभन्दा बढ़ी जनघनत्व भएका प्रदेशहरूमध्ये यो शहर पनि एक हो। यहाँको जनघनत्व करीब १६०० वर्गमील अनुमान गरिएको छ।

यहाँको हावापानी रम्य (साधारण) छ। यहाँ गर्मीमा औसत तापक्रम ८५° फ० र हिउँदमा ४५° फ० सम्म पुग्दछ, तसर्थ यहाँ वर्षभरिनै न अति गर्मी न अति जाड़ो हुन्छ।

यस जिल्लाको प्रशासन बागमती अञ्चलको शाखाबाट र पाटन शहरको स्वायत्त शासन (स्थानीय नगरपंचायत)-द्वारा संचालित हुन्छ। शहरिया क्षेत्रबाहेक ग्रामीण क्षेत्रको स्वायत्त शासन ग्राम पञ्चायतद्वारा हुन्छ।

यहाँका मानिसहरूको मुख्य व्यवसाय कृषिबाहेक व्यापार, यथा—तामा, पित्तल काँसका भाँड़ाकुँड़ा बनाउनु, हस्तिहाड़ तथा काठ इत्यादिबाट क्युरिओका अति सुन्दर-सुन्दर माल तयार गर्नु हो। क्युरिओको माल-सामान तयार गर्नमा पाटन शहर नेपालमा सर्वश्रेष्ठ मानिएको छ। यहाँका कुशल कालिगड़का कालिगड़ीबाट निस्केका काठ र हस्तिहाड़का सामान काठमाण्डू आउने संसारका पर्यटकहरू लोभिएर किनेर लैजान्छन्।

नेपालको संस्कृति र प्राचीन शिल्पकला, चित्रकला तथा हस्तकलाको लागि यो शहर उदाहरणीय छ। अशोकको पालादेखि मल्ल राजाहरूको पालासम्म बनेका

स्तूपहरू, राता मच्छिन्द्रनाथ, बालकुमारी, महालक्ष्मी, धनवन्तवाराही, यापा वैष्णवी इत्यादि देवी-देवताहरूका साथै सुन्दर राजदरबार, २१ गजूर भएको ढुङ्गाको कृष्ण



बौद्ध मन्दिर, पाटन

मन्दिर, टुसाहिटी, सुनका झ्याल, हस्तिहाड़का झ्याल, भण्डारखाल, बगैंचा, योगनरेन्द्र मल्लको शालिक, भीमसेन मन्दिर, तलेजु मन्दिर, ढुङ्गे धारा, सत्तल र पोखरी इत्यादि अत्यन्त नै राम्रा कलापूर्ण कृतिहरूले यस शहरको प्राचीन उज्ज्वल इतिहासलाई आजसम्म जीउँदो राखेको छ ।

वर्तमान नेपालको आधुनिककरणको साथै यो शहरको पनि उन्नति हुँदै गएको छ। करीब २ मीलको दूरीमा काठमाण्डूदेखि दक्षिणपूर्व दिशामा पर्ने यस शहरमा जान सुगम र सस्तो यातायातको व्यवस्था छ। वर्तमानमा यो शहर काठमाण्डू उपत्यकामा औद्योगिक क्षेत्र बनेको छ।

शैक्षिक क्षेत्रमा पनि पाटन शहरले प्रशंसनीय उन्नति गरेको छ। यहाँ धेरै स्कूलहरू र कलेजहरू छन्। यहाँ अस्पताल, चिड़ियाखाना र सिनेमा-भवन पनि छन्। यहाँ एक दमकल पनि छ।

पाटन

राजा यक्ष मल्लको शेषपछि छोरी धर्मवतीले पाटन (ललितपत्तन)-मा राज्य चलाइन्, तर स्वास्नीमानिसमा शासन दिगो नहुने सम्भावना भएकोले अंशबण्डामा भाग नपाउने अरि मल्ल, पूर्ण मल्ल र राम मल्ल सबैले मिली केही कालसम्म संयुक्त शासन चलाए। यिनीहरूको शेषपछि पाटनमा जय सिंह, कीर्ति सिंह, कुसुम सिंह, विष्णु सिंह र पुरेन्द्र सिंहले क्रमशः राज्य चलाए। पुरेन्द्र सिंहको पालामा चार नारायणको मन्दिर बन्यो। ने० सं० ७१० कार्तिक शुक्ल द्वितीयाको दिनमा नृसिंह स्थापना गरे। पुरेन्द्र सिंहको पालामा लगभग ने० सं० ७१७ तिर काठमाण्डूका राजा शिव सिंह मल्लले पाटनमा हमला गरी अधिकार जमाएका थिए। तर शिव सिंह आफै नआई आफ्ना छोरा हरिहर सिंहलाई पाटनमा राजा हुन पठाएका थिए। राजा हरिहर सिंहले पहिले त काठमाण्डूको निर्देशनमा राज्य चलाएका थिए तर पछि काठमाण्डूसंग ठूलो झगड़ा भयो। बाबु शिव सिंहको शेषपछि पाटनका राजा हरिहर सिंहले काठमाण्डूसंग सम्बन्ध विच्छेद गराई, पाटनलाई स्वतंत्र गराई एकलौटी शासन चलाएका थिए।

राजा हरिहर सिंह ज्यादै उपद्रयाहा र झगड़ालु व्यक्ति थिए। उनको मिजास कसैसंग नमिल्ने खालको थियो तापनि यिनले लगभग २७ वर्षसम्म स्वतंत्र राज्य चलाए। यिनका दुई छोरा थिए—लक्ष्मीनरसिंह र हरिहर सिंह। हरिहर सिंहकी विवाहिता रानीको गर्भबाट सिद्धिनरसिंह मल्ल जन्मिए। सिद्धिनरसिंह मल्लको जन्म ने० सं० ७२६ आषाढ़ कृष्ण अष्टमीको दिनमा भएको हो। यिनको राज्याभिषेक ने० सं० ७३७ मा नै भएको थियो। यिनको जन्मकुण्डली अगाड़ि दिइएको छ।

सिद्धिनरसिंह मल्ल

हरिहर सिंहको मृत्युपछि ने० सं० ७४२ मा द्वितीय छोरा सिद्धिनरसिंह मल्ल पाटनको गद्दीमा बसे। यिनी ठूला विद्वान् तथा दुनियाँको हितचिंतक राजा थिए। यिनी लड़ाई-झगड़ा भनेको पटक्कै मन पराउँदैनथे। यिनी भोग-विलासदेखि टाढा रहन्थे। यिनी अत्यन्त दानी राजा थिए। बाबु पशुपति (देउपाटन)-मा गैबसेको बेलामा यिनको देउपाटनमा नै जन्म भएको थियो। यिनी धार्मिक तथा बुद्धिमान राजा थिए। यिनी विशेष समय धार्मिक काममा नै बिताउन चाहन्थे। यिनी नृत्य-कलाका पनि प्रेमी थिए। यिनी आफैले नाटक लेखी आफै पनि अभिनयसाथ नाच देखाउँथे। यिनले लोकप्रसिद्ध कार्तिक-नाच चलाए, जसले आजसम्म यिनको कीर्तिलाई

अमर गराइराखेको छ। यिनी भक्ति-रसमा डुब्दै गएका थिए। यसैले पछि योगीको

श्री सिद्धिनरसिंह मल्लको कुण्डली



सं० ७२६ आषाढ कृष्ण ।। अ० प्र० नवमी ।। भरणी ।। गंड ।। बृहस्पतिवार ।। मीन लग्न, सिहानु शके ।। श्री २ हरिहर सिंह बर्म्मण स विवाहिनी भार्य्यायां श्री सिद्धिनरसिंह मल्ल देव जात: ।।शुभं।।

रूपमा जीवन बिताउन लागे। यिनले कठोर-कठोर तपस्या पनि गरे। जस्तै, वैशाख-ज्येष्ठजस्तो महिनाको कड़ा घाममा आगो बाली बस्नु, र जाड़ो महिनाको समयमा चिसो ढुङ्गामा बिनाओछ्यान सुत्नु। उस बेला बनाएको ढुङ्गाको खाट सुन्दरीचोकमा टुसाहिटीको अगाड़ि आजसम्म छँदैछ। भोजनको लागि पनि १ मुट्ठीदेखि लिएर एक पाथीसम्म भोजन गर्ने र फेरि एक पाथीबाट घटाएर १ मुट्ठीसम्ममात्र भोजन गर्ने नियममा रहे। ने० सं० ७७३ मा मच्छिन्द्रनाथको जात्रा भैरहेको बेलामा कसैले थाहा नपाउने गरी विदेशमा तीर्थयात्रा पनि यिनी गर्न गएका थिए।

राजा सिद्धिनरसिंह मल्ल, पाटन

यिनको देव-देवीहरूको मन्दिरहरू बनाउन लगाउनमा ठूलो सोख थियो। यिनले राजा हुनासाथ गुरु विश्वनाथ उपाध्यायको सल्लाह बमोजिम दरबारभित्र तुलजा भवानीको मन्दिर बनाए। यिनी कृष्णका परम भक्त थिए। एक दिन स्वप्नमा श्री राधाकृष्णले दर्शन दिएकोले ने० सं० ७५० मा शुरू गरेर ने० सं० ७६७ सम्ममा तयार पारी नवीन कालिगड़ीले युक्त भएको २१ गजुर भएको ढुङ्गाको अति सुन्दर विशाल मन्दिर बनाई भित्ता तथा निदाल र खम्बाहरूमा ठूलो ठूलो चित्रकारी

व्यक्तिहरूको जीवनचरित्र र रामायण, महाभारतजस्ता धार्मिक कथाहरू अंकित गराइदिए जुन आजसम्म विश्वमा प्रख्यात् भएको छ। उक्त देवलको कलाको कुरा सुनेर संसारका मानिसहरू दृश्यावलोकन गर्न आउने आजसम्म ताँती लागिरहेकै छन्। त्यस मन्दिरमा भाद्र कृष्ण अष्टमीका दिनमा ठूलो मेला लाग्दछ। त्यस मेलामा टाढ़ा-टाढ़ाका कृष्णभक्तहरू जम्मा भै मेला भर्न आउँछन्। राजा सिद्धिनरसिंह मल्लले यसै कृष्ण मन्दिरको अगाड़ि ४० दिन लगाएर कोटयाहुति यज्ञ पनि गराई तण्डुल पर्वत, कल्पद्रुम र हस्तलिखित अठाह्र पुराणहरू र असंख्य असर्फीहरू विद्वान् ब्राह्मणहरूलाई दान दिएका थिए। ने० सं० ७५१ श्रावण कृष्ण चौथीका दिनमा पनि यिनले नेपाल राज्यभरिका सन्यासीहरूलाई भोज खुवाई सन्तुष्ट पारेका थिए।



टुसा हिटी (धारा), पाटन

गाई, ब्राह्मण र धर्मशास्त्रमा यिनको ठूलो विश्वास थियो। तर, पछि यिनी बौद्धधर्ममा पनि लुब्ध भए। यसै बखतमा यिनले बहालहरू स्थापना गरी धेरै बहालहरू जीर्णोद्धार गरे। हरेक बहालहरूमा एक-एक भिक्षुक नायक बनाई कर्म चलाउनुपर्ने गराए। ने० सं० ७६१ मा यिनै राजाले मुद्रा पनि चलन-चल्तीमा ल्याए। यिनले ७६१ फाल्गुण कृष्ण द्वितीयाका दिनमा ५ तल्ले मन्दिर बनाई देवता स्थापना गरेर प्रतिष्ठा गरेका थिए।

यिनले देश-निर्माणका लागि ठूलो योगदान दिए। यिनले आफ्नो देश ठूलो तथा सुन्दर बनाई पाटन शहरलाई नै ठूलो गराई २४,००० को बस्तीको घर बसाइनिए।



कृष्ण मन्दिर, पाटन

पहिले-पहिले देवलभन्दा अग्लो घर बनाउन नहुने मानिसमा विश्वास थियो। तर यी राजाले आधुनिक तरीकाबाट घर बनाउने व्यक्तिलाई पुरस्कार दिई पुरानो परम्परालाई तोड़िदिए। यी राजाले दुनियाँको सुविस्ताको लागि ठाउँ-ठाउँमा पाटी, पोखरी, धर्मचाहरू इत्यादि बनाउन लगाए। आफ्नी आमाको नाममा ज्याउलाखेल पोखरी, भण्डारखाल पोखरी र धारा राखेको ने० सं० ७९६ कार्तिक शुक्लका शिलापत्रहरू आजसम्म विद्यमान छन्। ने० सं० ७७७ मा ठूलो हुरी चली धेरै देव-मन्दिरहरू, पौवा-पाटी तथा सत्तलहरू नष्ट भएका थिए। यी राजाले भत्केका र नष्ट भएका मन्दिरहरू, पौवा-पाटीहरू इत्यादि तुरन्तै जीर्णोद्धार गराई तयार पारिदिए। उस बेला कर्मीहरू धेरै नभएका हुनाले गुभाजू बाँड़ाहरूले पनि कर्मीको काममा ठूलो सहयोग दिए। यी राजाले आफ्नो दरबारमा हस्तिहाड़को झ्याल राखी सिद्धिगणेश र नृसिंहको मूर्ति स्थापना गरेको आजसम्म नै छ।

यी राजा आफ्नो देशको व्यापार बढ़ाउन, ठूलो उन्नति गराउन र धन-जनबाट परिपूर्ण पार्ने चिन्तामा हमेशा व्यस्त रहन्थे। यिनले गोरखाका राजा राम शाहसंग सम्बन्ध जोड़ी मित्रता गरेका थिए। गोरखाका व्यापारीहरू पनि पाटनमा बसी व्यापार गर्न पाउने गराएका थिए। साथै, पाटनका व्यापारीहरू पनि गोरखामा गई कोठीहरू खोल्न जान पाउने गराएका थिए। ल्हासामा पनि ३२ कोठी खुलाईकन पाटन र ल्हासासंग सम्बन्ध जोड़ेर आफ्नो देशको व्यापारमा ठूलो उन्नति गराएका थिए। यी राजाले कान्तिपुरसंग पहिले त आपसमा नलड्ने सन्धि गरेका थिए तर कान्तिपुरले नून तेल नदिई कोटयाहुति-यज्ञ गरिरहेको मौका पारी हमला गर्दा गोरखा र पाटन मिली कान्तिपुरका राजा प्रताप मल्ललाई धपाई पठाएका थिए। पाटनलाई चाहिने दैनिक सर-सामानहरू, जस्तो—नून-तेल, कपास इत्यादि जो चाहिने चीज-बीजहरू गोरखासंग लिने बन्दोबस्त गराई कान्तिपुरका राजा प्रताप मल्ललाई ठूलो हाँक दिएका थिए। ने० सं० ७६८ भाद्रमा प्रताप मल्लकी रानी लालमतीको मृत्यु हुँदा सिद्धिनरसिंह मल्लले जुठो नबारी दशैं मनाए। यसै ईबीमा कान्तिपुरले पनि पाटने व्यापारीहरूलाई काठमाण्डूमा थुन्ने काम पनि गरेका थिए।

ने० सं० ७६८ मा भानुमती नाम गरेकी रानी मरेकीले राजा विरक्त भए। राजा सिद्धिनरसिंह मल्लका दोस्रो छोरा ज्योतिन्द्रसिंह मल्लको पनि ने० सं० ७७२ आश्विन शुक्ल ६ का दिनमा मृत्यु भयो। ने० सं ७७७ मा यी राजा सिद्धिनरसिंह मल्लले राजकाजको काम सबै आफ्ना छोरा श्रीनिवास मल्लको हातमा सुम्पी संन्यास लिई काशीवास गर्न गए। आखिर बुढ़ेसकालमा सिद्धिनरसिंह मल्लको काशीमै देहावसान भयो। यी राजाका पालामा ठूलो उन्नति भै देशमा ठूला-ठूला सिपालु कालिगढहरू निस्केका थिए। यथा राजा तथा प्रजा—भनेजस्तै दुनियाँहरू पनि धार्मिक भै निस्के। यिनै सबै कारणबाट पाटनमा सिद्धिनरसिंह मल्लको समय महत्वपूर्ण मानिएको छ।

श्री निवास मल्ल

ने० सं ० ७७७ मा बाबु सिद्धिनरसिंह मल्ल राज्य छोडी संन्यासी भई हिंड़ेपछि श्रीनिवास मल्ल पाटनको गद्दीमा बसी राजकाज हेर्न लागे। यिनको जन्म ने० सं० ७४७ आश्विन कृष्ण द्वितीयाको दिनमा भएको थियो। श्रीनिवास मल्ल राजा हुँदा योग्य भएर निस्किसकेका थिए। यिनले ने० सं० ७८१ अंकित मुद्रा पनि निकालि-सकेका थिए। यिनको कुण्डली अगाड़ि दिइएको छ। यिनले बाबुको नीतिमा परिवर्तन नगरी राजकाज गर्ने विचार गरेका थिए। पहिले त बाबुले जस्तै धर्मकर्ममा लागी राज्य गर्न लागे। त्यस बेला कान्तिपुरमा प्रताप मल्ल र भक्तपुरमा जगतप्रकाश मल्ल राजाहरूले राज्य गरिरहेका थिए। तर, केही वर्षमा नै बाबुले देखाएको धर्म-

कर्मबाट राजा श्रीनिवास मल्लले हट्नुपर्‍यो । कारण, काठमाण्डू र भक्तपुरका राजा-हरूको परस्पर वैमनस्यले गर्दा काठमाण्डूका राजा प्रताप मल्लको श्रीनिवास मल्ललाई लड़ाईमा शामेल हुने निम्तो आयो । राजा श्रीनिवास मल्लले पहिले दुवै राजालाई बराबर तौलना राखी लड़ाई-झगड़ा छोड्न लगाउने नीति लिए । आखिर विवश भै आफूले पनि लड़ाई-झगड़ाको झमेलामा फस्नुपर्‍यो ।

ने० सं० ७७८ मा प्रताप मल्लले निकै रवाफ र फूर्ति देखाएकोले भादगाउँका राजा श्री जगतप्रकाश मल्लसंग मिली श्रीनिवास मल्लले काठमाण्डूसंग लड़ेर धेरै जिल्लाहरू हात पारे । त्यो हात परेको जग्गामा केही हिस्सा भादगाउँका राजा जगतप्रकाश मल्लले मागे । यस कुरामा श्रीनिवास मल्ललाई झोंक चल्यो र राजा जगतप्रकाश मल्लसंग चिढ़िए । सो कुरा थाहा पाएर काठमाण्डूका राजा प्रताप मल्ल श्रीनिवास मल्लसंग सन्धि गर्न आए । यस कुरामा भादगाउँका राजा जगतप्रकाश मल्ललाई ठूलो डाह भयो । ने० सं० ७८० मा चांगुको छाउनीमा आगो लगाई राजा जगतप्रकाश मल्लले हमला गरी ८ जना मानिसलाई मारे र २१ जनालाई कैदी बनाएका थिए । भोलिपल्ट ती पक्रिएका मानिसको ज्यान लिए भन्ने समाचार सुन्नासाथ पाटनका राजा श्रीनिवास मल्लले आफ्ना सेनापति श्री विश्वरामलाई भादगाउँमा घेरा हाल्न पठाए । यस कुरामा काठमाण्डूका राजा प्रताप मल्ल पनि सहायक बन्न आए । बोड़े गाउँ, चम्पारण छाउनी, चोरपुर इत्यादि ७।८ गाउँहरूमा उपद्रव मचाई नगदेश र ठिमी हात पारे । भादगाउँका राजा जगतप्रकाश मल्लले अब भएन भनी एउटा हात्ती र धेरै धन दिएर क्षमा माँगी क्रोध शान्त भएपछि पाटन र भादगाउँको फेरि सन्धि भयो । अब काठमाण्डूका राजा प्रताप मल्लले फसाद पर्ने देखेर फेरि मित्रता गर्न आए । यस मित्रताबाट पाटनका राजा श्रीनिवास मल्लले धेरै जग्गा पाई काठमाण्डूदेखि

श्रीनिवास मल्लको जन्म-कुण्डली



ने० सं० ७४७ आश्विन कृष्ण ।। द्वि० २२ प्र. तृतीया तिथौ जात कृ०प्र० रोहिणी नक्षत्रे ।। वलियांन योगा अंगालवार ।। बेला सं. प्र. घटि १३ बि० ४० क. कर्कट रान तुरांश द्वितीय द्रेकान्ये श्री श्री सिद्धिनरसिंह मल्ल स श्री श्री पुत्र जात ।।

पाटनसम्म बाटो बनाइदिने काठमाण्डूका राजाले खुकुरी साक्षी राखेर कबूल गरे। भादगाउँका राजाले पनि भादगाउँदेखि पाटनसम्म बाटो बनाइदिने बन्दोबस्त मिलाए। यसरी तीनै शहरका राजाहरू मिलेको देखेर गोरखाका राजा पृथ्वीपति शाह, तनहुँका राजा दामोदर सेन पनि त्यस गुटमा मिल्न आए। अब यिनीहरू सबै मिली ने० सं० ७८८ मा मकवानपुरका राजा शुभ सेनलाई हमला गरी हराए। यस कुरामा पनि पाटनले हात्ती पायो। फेरि यिनीहरू सबै मिली मकवानपुरको आग्रहले एकै गुट भै विजयपुरमा पनि हमला गरी विजय प्राप्त गरे। यस कुरामा पनि पाटनले ४ हात्ती पायो।



दरवार स्क्वायर, पाटन

यसरी श्रीनिवास मल्लले कूटनीतिद्वारा सबैमा मेल-मिलाप गराई आफ्नो देशको ठूलो गौरव बढ़ाए। ने० सं० ७८६ मा यी राजाले आफ्ना नामको मुद्रा पनि निकाले। काठमाण्डूका राजा प्रताप मल्ल र भक्तपुरका जगत प्रकाश मल्ल दुवै मरे-काले श्रीनिवास मल्लले फेरि सबैलाई डाकी मित्रता गर्न खोजे। यस कुरामा भादगाउँका राजा जितामित्र मल्ल र काठमाण्डूका राजा नृपतीन्द्र मल्लले पनि मन्जूर गरे। अब पाटनका राजा श्रीनिवास मल्लले र भादगाउँका राजा जितामित्र मल्ल काठमाण्डूका राजा नृपतीन्द्र मल्ल, मकवानपुरका राजा श्री शुभ सेन, गोरखाका राजा श्री पृथ्वीपति शाह, तनहुँका राजा दिग्विजय सेन सबैले अबदेखि यसरी कहिल्यै नछुट्टिने गरी मिली रहनुपर्छ भनी किरिया खाई सन्धिपत्रमा हस्ताक्षर गरेर लड़ाई-झगड़ा रोकी, श्रीनिवास मल्लले शान्ति-सुव्यवस्था स्थापना गरे।

अब राजा श्रीनिवास मल्ल फेरि बाबुजस्तै धर्म-कर्म र कीर्तितर्फ लागे। यिनले

देव-देवीहरूका मन्दिरहरू धेरै जीर्णोद्धार गरी ३ तल्ले बनाए। राजा शिवसिंहले तान्त्रिक मतअनुसार कर्म गरी त्यस देगुतले मन्दिरमा देवी-प्रतिमा स्थापित गरे। राजा सिद्धिनरसिंह मल्लले त्यस मन्दिरलाई राम्रो पारी ठूलो गराई ५ तल्ला सुनको छाना हालिदिएका थिए। तर केही वर्षपछि त्यो देगुतले मन्दिर ने० सं० ७८३ कार्तिक शुक्ल १० का दिनमा ठूलो आगलागी भएर नष्ट भयो। राजा श्रीनिवास मल्लले आगलागी भएको छः महिनाभित्र नै तयार हुने गरी पुनः सुनको छाना हालिदिएको हो। ने० सं० ८०१ मा उनले भीमसेनको ठूलो मन्दिर पनि बनाए। ने० सं० ७८७ मा मच्छिन्द्रनाथको मन्दिर पनि जीर्णोद्धार गरेर यिनले मन्दिरको व्यवस्था र पूजाको लागि गुठीहरू राखिदिएका थिए। ने० सं० ७८६ को आश्विन शुक्लमा यिनले इष्टदेवतालाई खुशी पार्न मूलचोक बनाएर बीचमा देवल बनाई सुनको देवता स्थापना गरी पूजाको निमित्त कुचुपो जग्गा र सोनापत्र राखिदिएका थिए। यिनैले कुम्भेश्वर महादेवको मन्दिरलाई पनि तल्ला थपेर पाँचतल्ले गरी बनाई त्यहाँको पोखरीमा श्रावण पूर्णिमाको दिनमा मेला लाग्ने चलन चलाइदिएका थिए। जयस्थिति मल्लले त्यस कुण्डलाई सफा पार्न लगाउँदा भेटिएका मूर्तिहरू आजसम्म ठाउँ-ठाउँमा यथावत् नै छन्। यिनले बाबुले चलाएको कार्तिक-नाचलाई १५ दिनबाट बढाएर २५ दिनसम्म नचाउनुपर्ने गराइदिए। यिनले एक रात पूर्वतिरको झ्यालमा बसिरहँदा अष्ट-मातृकागणहरू दरबारको चोकभित्र आई नाचेर अन्तर्ध्यान भएको देखे। राजाले खुशी भएर बकुंबहाल, नकबहिल र बकुंबहालका वज्राचार्यहरूद्वारा दशैंमा यो नाच नचाउने प्रथा चलाए।

यी राजाका चौतारा (मन्त्री) भगीरथ भैयाले देश विकास गर्न तथा देशमा शान्ति-सुव्यवस्था गर्न भरसक कोशिस गरे। ने० सं० ७१४ मार्ग शुक्ल एकादशीका दिनमा चौतारा भैयाले उमामहेश्वर स्थापना गरी लामो धर्मशाला (सत्तल) बनाएका थिए। हिजोआज सो धर्मशाला 'लामो पाटी' नामले प्रसिद्ध छ। फेरि यिनैले दरबारको अगाड़ि ने० सं० ७९८ माघ शुक्ल षष्ठीका दिनमा ३ तल्ले मन्दिर बनाउन लगाएर विश्वनाथ महादेव स्थापना गरेका थिए। जसलाई हिजोआज भैया देवल (भाइ देवल) पनि भन्दछन्। सो मन्दिर प्रतिष्ठा गर्दा निम्तोमा आएका धेरै राजा-रजौटाहरूलाई सो लामो पाटीमा नै राखी सत्कार गरेका थिए। भारतका मुगल बादशाह औरङ्गजेबले काशीमा हिन्दूहरूका देवता विश्वनाथको मन्दिर भत्काइदिएकोले नेपालीहरूले यहीं दर्शन गर्न पाउन् भनेर चौतारा भागीरथ भैयाले ८ वर्षपछि पाटनमा विश्वनाथको स्थापना गरेको हो भनी कुनै विद्वान्ले लेखेका छन्। ने० सं० ८०० जेष्ट कृष्ण पक्ष चतुर्दशीका दिनमा पनि यिनले कुम्भेश्वरनजिकै वंशीगोपालको स्थापना र अरू धेरै मन्दिरहरू जीर्णोद्धार गरेका थिए। राजा श्रीनिवास

मल्लले धर्मकार्य गर्नुपर्दा चौतारा भागीरथ भैयासंग सल्लाह गर्दथे । तसर्थ राजाले श्रीनिवास मल्ल र भागीरथ भैयामा फरक छैन भनी घोषणा पनि गरेका थिए ।

यसरी राजा श्रीनिवास मल्लले देशमा शान्ति-सुव्यवस्था स्थापना गरी धेरै सुधार गरे । यिनले लगभग २५ वर्ष राज्य चलाई आफ्नो जीवित अवस्थामा नै ने० सं० ८०५ पौष कृष्ण पञ्चमीका दिनमा आफ्ना छोरा श्री योगनरेन्द्र मल्लका निम्ति राज्य छोड़िदिए । तर दुई वर्षभित्र नै राजा श्रीनिवास मल्लको स्वर्गवास भयो । श्रीनिवास मल्लकी रानी मृगावतीको पनि ने० सं० ८०० मा नै मृत्यु भएको थियो ।

योगनरेन्द्र मल्ल

ने० सं० ८०५ मा यिनो बाबु छँदै पाटनका राजा भएका थिए । राजा योगनरेन्द्र मल्लको राज्याभिषेक ने० सं० ८०५ पौष कृष्ण पंचमीका दिनमा मात्र भएको थियो । राजा योगनरेन्द्र मल्ललाई जोगनरेन्द्र सिंह मल्ल पनि भन्दछन् । यो कुरा ने० सं० ७९३ को रातो मच्छिन्द्रनाथको देवलको पूर्वढोकामा बाबु श्रीनिवास मल्लले राखेको शिलालेखबाट विदित हुँदछ । योगनरेन्द्र मल्ल राजा हुनुभन्दापहिले ने० सं० ८०२ मा बाबुसंग विरोध गरी दरबारको धन ओसारी पाटनको लगन स्थानतिर बस्न गएका थिए । योग्य छोराले आफूसंग विरोध गरेकोले आफ्नो जीवित अवस्थामा नै राजा श्रीनिवास मल्लले छोरा योगनरेन्द्र मल्लको हातमा शासन सुम्पिदिएको हो भन्ने कुरा कुनै-कुनै ठ्यासफुले बयान गरेको छ । राजा योगनरेन्द्र मल्ल गद्दीमा बस्दा भर्खरका पट्ठा अर्थात् १८ वर्षका युवक थिए । राजा योगनरेन्द्र मल्लले बाबुका विश्वासी मन्त्री भागीरथ भैयादेखि ठूलो डाह तथा वैर-भाव गरेका थिए । अब राजा हुनासाथ योगनरेन्द्र मल्लले पुराना चौतारा भागीरथ भैयालाई शासनबाट हटाउन अरू भारदारहरूसंग सहयोग मागेका थिए । यी सहयोगीहरूले पनि रानीको शिष्टाचार पुर्याएनन् भनी मन्त्री भागीरथ भैयालाई आरोप लगाई दुनियाँको नजरबाट गिराइदिए । अब मौका पाउनासाथ आफ्ना भारदारहरूद्वारा राजाले बाबुका इमान्दार चौतारा भागीरथ भैयालाई सुटुक्क मार्न लगाए । अनि आफ्नो मतलब साध्य भैसकेपछि राजा योगनरेन्द्र मल्लले राजकाजको काममा जोरजुलूमसंग ध्यान दिन लागे । ने० सं० ८०७ मा श्रीनिवास मल्लको स्वर्गारोहण भयो । राजा योगनरेन्द्र मल्लले गद्दीमा बस्नासाथ बाजेले चलाइगएको कार्तिक-नाचलाई एक महिनासम्म चलाउनुपर्ने गराइदिएका थिए । यिनले आफू गद्दीमा बस्नासाथ ने० सं० ८०५ को आफ्नो नामको मुद्रा चलन-चल्तीमा ल्याएका थिए । यिनले पाटन दरबारको उत्तरमा 'मणि मण्डप' नाम भएको एक घर बनाउन लगाए जो आजसम्म छ । सो

घर मच्छिन्द्रनाथको यात्रा चलाउन मुहूर्त विचार गर्ने ज्योतिषीहरूलाई बस्नानिमित्त बनाउन लगाएका थिए । जसलाई हिजोआज सोह्रखुट्टे पाटी अथवा 'साहु पाटी' भन्दछन् । मच्छिन्द्रनाथ र हरसिद्धिको निमित्त गुठीहरू पनि राखिदिएका थिए । यी राजा संगीतका ज्यादै प्रेमी थिए । तर यिनी ज्यादै विलासी पनि थिए । ने० सं० ८२१ मार्ग शुक्ल षष्ठीका दिनमा यिनले भीमसेनको मूर्ति भाइ दुःशासन मारी बसेको जागृत र क्रोधित मूर्ति बनाउन लगाई प्राणप्रतिष्ठा गरेर भीमसेनको यात्रा पनि चलाए । यिनले ने० सं० ८१३ माघ शुक्ल १० रोज १ को दिनमा देगुतले देवलको अगाड़ि एक ठूलो ढुङ्गाको खम्बामा खड़ा गरी आफ्नो र आफ्ना प्यारा छोरा सिद्धिनरसिंहको मूर्ति राखेका थिए । तर आफू जीउँदा छउञ्जेल नै उत्तराधिकारी छोरा मरे । भादगाउँका राजाले दरबारका माझमा नै निःसन्तानेश्वर (भष्मेश्वर) महादेवको स्थापना गरिदिए । फलस्वरूप राजा योगनरेन्द्र मल्लका प्यारा उत्तराधिकारी छोरा बाबुको जीवित अवस्थामा मरे भन्ने गुनासो चलेको थियो । यिनले ने० सं० ८१६ फागुन शुक्ल द्वादशीको दिनमा भादगाउँका राजा सुमति जयजितामित्र मल्लसंग झगड़ा नगर्ने सन्धि गरेको तामापत्र आजसम्म भादगाउँको तलेजुको मूलचोकमा नै छ । तैपनि काठमाण्डूका राजासग मिली यिनले भादगाउँमा हमला गरेका थिए ।



राजा योगनरेन्द्र मल्लको शालिक, पाटन

आफ्ना प्यारो छोरा बाल्यअवस्थामा नै मरेकोले पुत्रशोकले व्याकुल भएर राजाले संन्यासीजस्तो भई राजकाजको काम सबै छोड़ी मन्त्रीहरूको हातमा सुम्पिदिए ।

ने० सं० ८२६ मा यिनी ३१ रानीहरू साथमा लिई चांगुमा बस्न गए। चांगुमा बस्न जानुभन्दा पहिले मन्त्रीहरूलाई "जबसम्म मेरो शालिकको चरा रहीरहन्छ र रंग उज्ज्वल भइ नै रहन्छ तबसम्म म जीवित नै रहनेछु भन्ने सम्झी दरबारको झ्याल खुल्ला र कोठामा बिछ्यौना तयार पारी राख्नु" भनेर गएका थिए। त्यस



भीमसेन मन्दिर, पाटन

बेलादेखि दरबारको एउटा झ्याल खुल्ला राख्ने र कोठामा ओछ्यान ओछ्याई राख्ने चलन चलेको हो जो आजसम्म चलेको छ। ने० सं० ८२६ कार्तिक शुक्ल एकादशीका दिनमा भादगाउँमा एक अपरिचित व्यक्तिले खानेकुरामा विष हालिदिनाले चांगुमा नै राजा योगनरेन्द्र मल्लको मृत्यु भयो। उनको लाश शंखमूलमा जलाउन लैजांदा साथमा गएकी ३१ रानीहरू सती भएकी थिइन्। राजा योगनरेन्द्र मल्लले भीमसेन स्थापना गरेको विषयको कथा यस प्रकार छ :—

कलिगताब्द सम्वत् ४२००-४२०८ तिरको कुरा हो। मुकुन्द सेन राजाले नेपाल खाल्डामा हमला गर्न आउँदा नेपालीहरूका अगाडि टिक्न नसकी सूर्यवंशी राजाहरूलाई त्यसै छोडी आफ्नो देश पाल्पामा नै फर्केर गएको बेलामा हालको पाटन

मंगल बजारका एक मठघाहा ठकुर्नीको घरमा, घरको भित्ताको खोपामा श्री भीमसेन देवता भनी मानेर पूजा गरिराखेका थिए। एक दिन कुनै व्यक्तिले श्री कुम्भेश्वरको दक्षिणतिर एक ढुङ्गामा 'बौ' (बलि) हाल्न ल्याएको थियो। त्यस मठघाहा ठकुर्नीले सोही पर्खीकिराखेको बलि (बौ) टिपेर माटोको भाँडोमा राखेर ल्याई बलि जम्मै आफूले खाई खालि माटोको भाँडोमात्र त्यो भीमसेन भएको खोपामुनि राखिछोड्निन्। त्यसपछि त्यस घरको खोपामा रहेका श्री भीमसेन जागेर देशमा अनेक उत्पात मचाए। यो के भएको हो भनी श्री भीमसेनकहाँ हेर्न जाँदा त्यो बलि खाएर खालि माटाको भाँडोमात्र त्यसै छोड्रिराखेको देखे, अनि श्री भीमसेन भूत भै बलि खाएको दोष लागी श्री भीमसेन यस्तो बहुलाजस्तै जागेर आएको हुनुपर्छ भनी सबैले विश्वास गरे। त्यसपछि सबैले त्यो भीमसेनलाई 'बौ-खु' (बलि-चोर) भूत चपाल भन्ने नामले प्रख्यात गराए। यसको शान्ति गर्नुपर्‍यो भनी माटोको भूत-भूतनी बनाई पाटन शहरको चौबाटोमा स्थापना गरिदिए। पछि राजा योगनरेन्द्र मल्लले ऐतिहासिक महत्व भएको भीमसेनको मूर्ति बिग्रेको हुँदा फेरि बनाउन निमित्त पाटनका सबै कलाकारहरूलाई बोलाई बनाउन लगाए। तर कुनै कलाकारले पनि राजाको इच्छाबमोजिमको मूर्ति बनाउन सकेनन्। राजा जागेर (रिसाएर) ती कलाकारहरूका नाइकेलाई पनि बनाउन नसक्ने भनी घाँटी समातेर भूइँमा पछारी मार्नलाई तम्से। त्यस कलाकारले "अब बनाउन सक्ने भएँ, छोड्बिक्स्योस्" भनी ठूलो बिलौना गरी बिन्ती चढ़ायो। राजाले अब एक-पल्ट हेरौं भनी त्यस कलाकारलाई छोडिदिए। त्यस कलाकारले तुरन्त नै राजाले आफूलाई मार्न लागेको दृश्यको कल्पना गरी, जागृत र क्रोधित अवस्थामा दुःशासन मारिबसेका भीमसेनको शिला-मूर्ति बनायो। सो मूर्ति देखी राजा खुशी भए। त्यस मूर्तिलाई पूर्णानन्द उपाध्यायद्वारा कोटी होम-यज्ञ गर्न लगाई स्थापना गरिदिए। पछि प्रतापसिंह राजाको पालामा सो भीमसेनको जात्रा केही कालसम्म रोक्न जाँदा राजालाई सपनामा भीमसेन कोप भै मेरो जात्रा चलाउनु र जात्रा चलाउनुभन्दा पहिले पूजा गर्दा कपालको ३ टुक्रा फूल नखसेसम्म जात्रा नचलाउनु भने। राजाले पनि सो भीमसेनको महिमा ठूलो जानी सपनाबमोजिम फेरि वर्ष-वर्षमा नै पाटनको झतापोल टोलका कर्माचार्यहरूद्वारा पूजा गर्न लगाई जात्रा चलाउनुपर्ने गराइदिए। सोही जात्रा आजसम्म चलेको हो भन्ने किंवदन्ती चलेको छ।

राजा स्थापना गर्ने ६ काजीहरू

राजा योगनरेन्द्र मल्लले राज्य छोडी गएपछि पाटन-राज्यको बागडोर ६ प्रधान काजीहरूको हातमा पर्न गयो। राजा योगनरेन्द्र मल्लको पालासम्म पाटन

१५

आन्तरिक अवस्थामा उस्तो बिग्रेको थिएन । जब यी ६ प्रधान काजीहरूको हातमा शासन पऱ्यो, पछि गोलमाल शुरू भयो । पाटनमा ठूलो अराजकता फैलियो । त्यहाँ यी ६ काजीहरूको रजाइँ चल्यो र खूब शक्तिशाली भै निस्केर जसलाई चाहे पनि राजा बनाउन सक्ने भए । यिनीहरूले आफूलाई मन नपराउने अथवा कुनै विरोधको आवाज उठाउनेलाई तुरन्त जेलमा ठुसिदिन्थे अथवा मारिदिन्थे । यिनीहरूलाई मानिस मार्नु भनेको काम मामूली थियो । तसर्थ यिनीहरूका अगाडि कसैले केही चुइँक्क-सम्म पनि आवाज निकाल्न सक्तैनथ्यो । यिनीहरूले कहिले काठमाण्डू अथवा कहिले भादगाउँमा गई छुल्याइँ फुटानी गरी आपसमा वैमनस्य गर्नलाई झगड़ा पार्न खोज्दथे ।

राजा योगनरेन्द्र मल्लका उत्तराधिकारी सन्तान कोही नहुनाले राजगद्दी कसलाई दिने भन्ने सवाल उठ्यो । यी ६ प्रधान काजीहरूले मठ्याहापट्टिका सन्तानहरूलाई राजा तुल्याउन इच्छा गरेनन् । यसरी गड़बड़ भैरहेको मौका पारी काठमाण्डूका राजाले पाटन मेरो नै हो भनी दावी गरे । तर यी ६ प्रधान काजीहरूले मानेनन् । काठमाण्डूसित ठूलो तकरार भयो । आखिर यी ६ प्रधान काजीहरूको जोड़ले योग-नरेन्द्र मल्लकी छोरी योगमतीका छोरा श्री लोकप्रकाशलाई पाटनको गद्दीमा राखे । यिनै लोकप्रकाशको राज्याभिषेक ने० सं० ८२६ कार्तिक कृष्ण ११ का दिनमा भएको थियो । ने० सं० ८२६ मा लोकप्रकाश मल्लको नामबाट मुद्रा पनि चलन-चल्तीमा निकालिदिए । परन्तु एक वर्ष पनि राज्य गर्न नपाउँदै राजा लोकप्रकाशको अचानक ने० सं० ८२७ आश्विन कृष्ण षष्ठीको राती स्वर्गारोहण भयो । यसले गर्दा यी ६ प्रधानहरूको शक्ति झन् बढ्यो । यिनीहरूको जसलाई पनि राजा बनाउन सक्ने काममा झन् बल मिल्यो । यी ६ प्रधान काजीहरूमध्ये काजी भिख्वा, काजी कालि-दास र काजी धनवन्त नामी थिए । अन्त्यमा यी काजीहरूले योगनरेन्द्र मल्लका भानिज जयइन्द्र मल्ललाई पाटनको गद्दीमा राखे । ने० सं० ८२६ मा जयइन्द्र मल्ल नाम अंकित टक पनि निकालिदिए । यिनले पनि धेरै वर्ष राज्य गर्न पाएनन् । ने० सं० ८२९ मा नै यिनको पनि अचानक मृत्यु भयो । सो खबर पाउनासाथ तनहुँका राजाले यी ६ प्रधान काजीहरूलाई धमकी दिई तनहुँमा नै जन्म भएका योगनरेन्द्र मल्लका मठ्याहा छोरा महेन्द्रसिंहलाई पाटनको गद्दीमा राख्न लगाए । यसरी तनहुँका राजाको धमकीले बेरोलवाला बालख पाटनका राजा हुन आए । तर उनी पनि शीतलाको प्रकोपले चाँड़ै नै मरे ।

यसपछि यी ६ प्रधान काजीहरूले योगनरेन्द्र मल्लकै भानिज रुद्रेन्द्र मल्लका छोरा ऋद्धिनरसिंहलाई गद्दीमा राखे । यिनी पनि दैवसंयोगले अचानक केही समयमा नै मरे । यसरी बालख राजाहरू पनि पटापट मरेकोले यी ६ प्रधान काजीहरू झन् शक्तिशाली भए र राजा हुनेहरूले पनि यिनीहरूको दयामा रहनुपर्दथ्यो । अब

काठमाण्डूका राजाको धमकीले गर्दा पाटनमा पनि काठमाण्डूका राजा महीपतीन्द्रलाई राजा घोषित गरे, तर यिनले पनि पाटनमा धेरै दिन राज्य गर्न पाएनन्। यिनी पनि दैवसंयोगवश केही वर्षमा नै मरे। फेरि उही मन्त्री-परिषद्का ६ प्रधान काजीहरूको हातमा नै राजा थाप्ने काम पऱ्यो। पाटनको आन्तरिक अवस्था यस्तो नाजुक भैसकेको थियो कि त्यहाँ सरकार नभएको देशजस्तै अराजकता फैलियो। तैपनि फेरि यी ६ प्रधान काजीहरूले काठमाण्डूकै महीपतीन्द्रका छोरा योगप्रकाशलाई राजा थापे। योगप्रकाश राजा भए। ने० सं० ८४२ मा योगप्रकाश नाम अंकित मुद्रा पनि निस्क्यो। राजा योगप्रकाशका मन्त्री-पदमा मुख्य मन्त्री (प्रधानमन्त्री) गणेशशंकर नियुक्त भए।

राजा योगप्रकाश ठूला धर्मात्मा राजा थिए। यिनले कोटी होम पनि गरेका थिए। यी दुनियाँका हितचिन्तक राजा थिए। यिनले पनि धेरै वर्ष राज्य चलाउन पाएनन्। केही समयमा नै यिनको पनि मृत्यु भयो। कुनै-कुनै ठ्यासफुमा यिनको मृत्यु ने० सं० ८४९ भाद्र कृष्णमा भएको हो भन्ने मिति टिपोट गरिराखेको पनि पाइन्छ। यसरी पाटन राज्यको बागडोर सम्हाल्ने ने० सं० ८२६ देखि ने० सं० ८४२ सम्म जम्मा १६ वर्षभित्र नै ६ जना राजाहरू नियुक्त भए। यतिञ्जेलसम्ममा मन्त्रीपरिषद्का गुट यतिको बलियो भयो कि कान्तिपुर र भक्तपुरका राजाहरूले पनि यी मन्त्रीपरिषद्उपर केही शिकायत र षड्यन्त्र रचाउन सकेनन्।

विष्णु मल्ल

राजा योगप्रकाशको मृत्युपछि यी ६ प्रधान काजीहरूले राजा योगनरेन्द्र मल्लकी भान्जी पुण्यमतीका छोरा विष्णु मल्ललाई राजा तुल्याए। यी राजा काठमाण्डूका राजा जगज्जय मल्लका जुवाइँ थिए। यिनी शूर तथा बहादुर राजा थिए। यिनी फूर्तिला राजा भएकाले र काठमाण्डूका राणा जगज्जय मल्लका नाताले गर्दा पहिले त यिनले प्रधान काजीहरूलाई दबाइराखे। यिनी दयावान् तथा धार्मिक प्रकृतिका थिए। यिनले ने० सं० ८४९ अंकित आफ्नो नामको मुद्रा पनि चलाए। यिनलाई मन्दिरहरू बनाएर देवताहरू स्थापना गर्ने ठूलो सोख थियो। यिनले आर्यावलोकेश्वरको स्वर्णमूर्ति स्थापना गरी मन्दिर निर्माण गरेका थिए। सो मन्दिर निर्माण गराउँदा राजाले आफै हात्तीमा चढी ईंट बोकाई ल्याई पाटने-प्रजाहरूलाई र कालिगड़हरूलाई उत्साह बढ़ाई चाँड़ै नै मन्दिर तयार पार्न लगाएको कुरा छ। यी राजाको समयमा अनावृष्टि भै ठूली अनिकाल परेको थियो। यिनले महाबौद्धका पण्डित सर्वानन्दलाई बोलाई पुरश्चरण गर्न लगाएर नागको साधन गरी प्रशस्त पानी पार्न लगाएका थिए। नागको साधन दरबारको कौसीमा बसेर गरेकोले त्यसको निशाना आजसम्म त्यस दरबारमा राखिछोड़ेको छ भन्दछन्। यी राजाले भादगाउँसित निकै लड़ाईं गरे। यी राजाले शत्रुहरूलाई पर्काउन

र देवतालाई खुशी पार्न ने० सं० ८५७ माघ सुदी पंचमीका दिनमा मूलचोकको अगाड़ि ठूलो घण्टा राखे। यिनले पशुपतिमा जलहरी पनि चढ़ाएका थिए। यिनले ने० सं० ८९२ जेष्ट महिना शुक्लपक्षको दिनमा शंखमूलमा धर्मशाला पनि बनाउन लगाएर अहोरात्र यज्ञ पनि गरेका थिए।

यिनले ने० सं० ८५५ जेष्ट कृष्ण दशमीका दिनमा श्री वज्रवाराहीको मन्दिर जीर्णोद्धार गरी सुनको मोलम्मा भएको भैंसी चढ़ाएका थिए। घरमा पालिराखेको भैंसीले दूध नदिएमा अथवा रोगव्याधिले आफ्ना पालुवा भैंसीलाई दुःख भयो भने ती वज्रवाराहीको भैंसीलाई पूजा गरी भावभक्ति दर्शाउँदा दूध नदिने भैंसी अथवा रोगव्याधिले ग्रस्त भैंसी निको भई दूध दुहुन पाइन्छ भन्ने अद्यापि लोकमा चलन छ। राजा विष्णु मल्लले कीर्तिपुरको बाघभैरवको मन्दिर पनि जीर्णोद्धार गरेका थिए। सो मन्दिरको भूमिबाट आएको आम्दानीबाट नै जीर्णोद्धार गरेको हो भन्ने धेरैको कथन छ। यिनको मृत्यु ने० सं० ८६५ श्रावण शुक्ल ८ का दिनमा भएको हो।

यी राजा पनि निःसन्तान थिए। यी राजाले काठमाण्डूका जयप्रकाश मल्लका भाइ राज्यप्रकाश मल्ललाई शरणमा लिएका थिए। राजा विष्णु मल्ल निःसन्तान भएकाले राज्यको उत्तराधिकार आफूले शरण लिई पालिराखेका राज्यप्रकाश मल्ल-लाई नै सुम्पिदिए। यिनले ने० सं० ८४७ अंकित, एकातिर विष्णु मल्ल र अर्कोतिर राज्यप्रकाश मल्ल नामको माटोको अष्टकोण आकृति मुद्रा पनि निकालेका थिए।

राज्यप्रकाश मल्ल

राजा विष्णु मल्लको मृत्युपछि पाटनमा राज्यप्रकाश मल्ल नै राजा भए। राज्य प्रकाशले गद्दीमा बस्नासाथ आफ्नो नामको मुद्रा निकालेका थिए। राजा राज्य-प्रकाश मल्ल पहिले त काठमाण्डूका राजा दाज्यु जयप्रकाश मल्लसंग मिलेका थिए। गोरखालीहरूले काठमाण्डूमा हमला गर्दा दुवै दाज्यू-भाइ मिली गोरखालीहरूलाई धपाई पठाएका थिए। पछि पाटनमा गोरखाबाट नून, तेल र कपास ल्याउने विचा-रले राजा राज्यप्रकाशले गोरखाका राजासंग सन्धि गरे। यस कुरामा राजा जय-प्रकाश मल्ल रिसाए।

राजा राज्यप्रकाश मल्ल बड़ा सरल स्वभावका थिए। यिनी प्रजाहरूले जाहेर गरेको उचित कुरामा भरमग्दूर कोशिश गरी लागिरहन्थे। यिनी काठमाण्डूका राजा जगज्जयका जेठा छोरा थिए। दरबारमा भारदारहरूको यिनले समर्थन प्राप्त गरे तापनि दाज्यू जयप्रकाश मल्लको कूटनीतिमा टिक्न नसकी यिनले पाटनमा राजा विष्णु मल्लको शरणमा आई पाटनको राज्य हात लगाएका थिए। यिनी धर्मात्मा

राजा थिए। यिनको विशेष समय पूजा-पाठमा नै व्यतीत हुन्थ्यो। यिनले ने० सं० ८७१ श्रावण मासे शुक्ल पक्षे त्रयोदशीका दिनमा फर्पिङ्का नारायणको पूजा चलाउन निमित्त गुठी राखिदिएका थिए। यिनले चोभारका चन्द्रविनायक गणेशको मन्दिरलाई राम्रो पारी बनाउन लगाई सुनको गजूर चढ़ाएका थिए। श्री चन्द्र-विनायक गणेशविषयक कथा यस प्रकार छ :—

सत्युगमा श्री महादेवलाई ब्रह्महत्याको पाप लागेकोले सो पाप मोचन गर्न श्री गणेशलाई आफ्नो काँधमा बोकेर तीर्थयात्रा गर्न गए। बाटोको थकाइले गर्दा चोभार-को डाँडामा पुग्दा विश्रामको लागि श्री गणेशलाई भूइँमा राख्नासाथ भुइँ भासियो र काप पर्न गयो। त्यहीँ श्री गणेश सिद्ध भै चन्द्रविनायक, अर्थात् चोभार गणेश नामले प्रसिद्ध भए। धेरै वर्षपछि भक्तहरूलाई त्यस ठाउँमा श्री गणेशको दर्शन गर्न अँध्यारो भै प्रष्ट नदेखिएकोले राजा श्रीनिवास मल्लले त्यस ठाउँलाई फराकिलो गरी ने० सं० ७८७ साल वैशाख शुक्लपक्षका दिनमा ठूलो मन्दिर बनाउन लगाई प्रतिष्ठा-कर्म गरी गजूर चढ़ाई नित्यपूजाको लागि गुठीसमेत राखिदिए। त्यस गणेशको माथि श्री महादेव, भैरवको मूर्ति स्थापना गराइराखेको आजसम्म यथावत् छ। पछि राजा राज्य-प्रकाश मल्लले ने० सं० ८७१ तिर त्यो मन्दिर जीर्ण भै ठाउँठाउँमा भत्केर गएकोले जम्मै देवल नै भत्काई अति राम्रो पारी बनाइदिए।

श्री चन्द्रविनायक गणेशको महिमा यस्तो छ कि जसले मंगलबारको दिनमा श्री गणेशको दर्शन गर्दछ त्यसले इच्छारूपी फल प्राप्त गर्दछ र सन्तान नहुनेलाई सन्तान प्राप्त भै सुख र चैनले जीवन बिताउन पाउँदछ भन्ने हिन्दूधर्ममा विश्वास गर्ने भक्तजनहरूको कथन छ। तसर्थ मंगलबारको दिनमा त्यहाँ भक्तजनहरूको घुइँचो लागिरहने गरेको हो। श्री चन्द्रविनायक गणेशलाई कसै-कसैले जलविनायक गणेश नै हुन् भनेर सम्बोधन गर्दछ। मानिसहरूको अर्को एउटा कथन पनि छ कि खोलानाला नजिकमा पर्ने खेतमा पानी ज्यादा भै दुःख भएमा ती गणेश-लाई भक्तिपूर्वक पूजाआजा गरिदिए बाली बिग्रन नपाई उब्जा राम्रो हुनेछ भनी खेतालाहरू श्री चन्द्रविनायक गणेशकहाँ टाढ़ा-टाढ़ादेखि नै आफ्नो भक्ति दर्शाउन जाने गर्दछन्।

राजा राज्यप्रकाशको धार्मिक तथा निर्माण कार्यदेखि दुनियाँको नजरमा विश्वासको लहर फैलिँदै आयो तर निमकहराम ६ प्रधान काजीहरू त्यसबाट त्रस्त भए।

राजा राज्यप्रकाश मल्लको पालामा आपसी कलहले गर्दा उपत्यकाको तीनै शहरमा अशान्तिको वातावरण थियो। यता यी निमकहराम ६ काजीहरू भने राजा राज्यप्रका-शको कार्यदेखि असंतुष्ट थिए। यिनीहरू अर्के राजाको खोज गर्दै थिए। आखिर यी दुष्ट निमकहराम ६ प्रधान काजीहरूको राजा राज्यप्रकाशसंग मेल हुन सकेन। यी ६ प्रधान

काजीहरूले कुचक्रद्वारा सौता-सौतीको आपसी कलहबाट फाइदा उठाई राजा राज्यप्रकाशको आँखा फोड़िदिए। अब भने यी दुष्ट काजीहरू मनमानी गर्न पाउने भए। आखिर नेत्र-शोकले दु:खित भएका अभागी बिचरा राजा धेरै कालसम्म बाँचेनन्। उनी यस लोकबाट ने० सं० ८७८ आश्विन सुदी ८ को दिनमा देह त्याग गरी सदाको लागि विदा भए।

विश्वजित मल्ल

राजा राज्यप्रकाश मल्लको मृत्यु भएपछि पुन: ६ प्रधान काजीहरूको मनमानी शुरू भयो। यिनीहरूले विष्णु मल्लकी छोरीका छोरा विश्वजित मल्ल नाम गरेका एक ठकुरीलाई गद्दीमा राख्न ल्याए। यी विश्वजित मल्ललाई पहिले-पहिले राजदरबारमा नै पालन-पोषण गरी डिट्ठा दर्जामा भर्ना गरी जागिरे गराइराखेका थिए। यिनीहरूले विष्णुमल्लकी छोरीका छोरा श्री विश्वजित मल्ललाई गद्दीमा राख्न



तलेजु मन्दिर, पाटन

ल्याए। त्यस काममा काजी कालिदास, काजी भिख्वा र काजी धनवन्तले भरमकदूर कोशिश गरेका थिए। विश्वजित मल्ल राजा हुनासाथ यिनैको नामको टक पनि चलाइदिए। राजा विश्वजित मल्ल पनि यिनीहरूका कठपुतली भए। आखिरमा यी राजा पनि यी काजीहरूसंग मिल्न सकेनन्। यी दुष्ट काजीहरूले मिली षड्यन्त्र

रचाई, काजी चकबहिलकी बुहारी कालीदासकी छोरीलाई उड़ाएर ल्याएको षड्यन्त्र रची राजा विश्वजित मल्ललाई काट्न धेरै मानिसहरू जम्मा गराई हुल पठाए। बिचरा राजा विश्वजित मल्ल भागेर श्री तलेजु मन्दिरमा जान लाग्दा ढोकानिर नै एक संन्यासीद्वारा काटिए। यस किसिमबाट अभागी राजा विश्वजित मल्लको इहलीला समाप्त भयो। यिनको अष्टकोण आकृतिमा माटाको मुद्रा पनि निकालिदिएका थिए।

जयप्रकाश मल्ल

राजा विश्वजित मल्ललाई काटिसकेपछि काजी धनवन्त काठमाण्डू गई काठमाण्डूका राजा जयप्रकाश मल्ललाई बोलाई ल्याई पाटनमा राजा बनाउन लगाए।

राजा जयप्रकाश मल्ल, पाटन

त्यस बेला गोरखाका राजा पृथ्वीनारायण शाहले पाटनका केही गाउँहरू दखल गरीलिइसकेका थिए। यी काजीहरूले आशा गरे कि जयप्रकाश मल्ल पाटनका राजा भएपछि गोरखालीहरूलाई धपाई पठाइदिनेछन्। तर जयप्रकाश मल्ल पाटनका राजा हुनासाथ यी ६ प्रधान काजीहरूलाई मनमानी गर्न दिएनन्। राजा जयप्रकाश मल्लले आफ्नो पौरख देखाई यी काजीहरूलाई दबाउन खोजे। यसबाट यी दुष्ट ६ प्रधान काजीहरू जयप्रकाश मल्लदेखि चिढिन लागे र जयप्रकाश मल्ललाई पनि धपाउने मौका हेर्न लागे।

यी दुष्ट काजीहरूले भादगाउँका राजा रणजीत मल्ललाई पाटनको राजा हुन बोलाउन गए र फकाइ-फुलाइ गर्न लागे। राजा जयप्रकाश मल्ल टेकु दोभानमा स्नान गरिरहेको मौका पारी यिनीहरूले भादगाउँका सोझा राजा रणजीत मल्ललाई पाटनको गद्दीमा राखी राजा बनाउन ल्याएको थाहा पाउनासाथ राजा जयप्रकाश मल्ल पाटन शहरमा कुनै सुधार गर्न नपाउँदै त्यहाँबाट कुलेलम ठोकी काठमाण्डू नै फर्केर गए।

रणजीत मल्ल

जयप्रकाश मल्ल काठमाण्डू फर्केपछि यी ६ प्रधान काजीहरूले भादगाउँका बूढ़ा राजा रणजीत मल्ललाई पाटनको गद्दीमा बसालेर राजा रणजीत मल्लको नामबाट मुद्राहरू पनि निकालिदिए। राजा रणजीत मल्ल ज्यादै सरल स्वभावका थिए। तर यी राजा विशेष गरेर पाटनको भन्दा भादगाउँको काममा नै जोड दिन्थे। ६ प्रधान काजीहरूसंग यिनको हरेक काममा बराबर मतभेद भैरहन्थ्यो। तसर्थ यी काजीहरूलाई राजा रणजीत मल्लको काम पनि ज्यादै मन परेन। यता काठमाण्डूका राजा जयप्रकाश मल्ललाई पाटनमा रणजीत मल्ललाई राजा बनाएको तथा निम्न-लिखित कारणले गर्दा रीसको सीमा रहेन। तसर्थ राजा जयप्रकाश मल्ल लड़ाईं गर्न कोशिश गर्दै फौजहरूको बन्दोबस्तमा लागिरहे। (१) यी प्रधान काजीहरूले पहिले (अघि) काठमाण्डूबाट भागेका आफ्ना भाइ राज्यप्रकाशलाई शरण लिई गद्दीमा राखे; (२) काठमाण्डूबाट भागेर पाटनको गद्दीमा बसी भाइ राज्यप्रकाशले पनि नून, तेल र कपास इत्यादि लिन भनी शत्रु गोरखालीहरूसंग सम्बन्ध राखे; (३) यता भादगाउँका राजा रणजीत मल्लले पनि आफ्ना भाइ नरेन्द्र प्रकाशलाई शरण लिए; (४) भादगाउँका राजाले काठमाण्डूका केही गाउँहरू हमला गरी लिए। इत्यादि कारणले लड़ाकू राजा जयप्रकाश मल्ल त्यसै चूप लागी बस्न सकेनन्। लड़ाई गर्नमा नै व्यस्त भए। सो कुरा सबै थाहा पाएर यी दुष्ट ६ प्रधान काजीहरूले सोझा बूढ़ा राजा रणजीत मल्ललाई शंखमूलमा स्नान गरिरहेको मौका पारी, एक वर्ष पनि पाटनको राज्य चलाउन नपाउँदै अघिकै राजाहरूलाई जस्तै लखेटी पठाइदिए। त्यसपछि पुनः काठमाण्डू गई फेरि जयप्रकाश मल्ललाई पाटनको राजा हुन बोलाउन गए।

जयप्रकाश मल्ल

राजा रणजीत मल्ललाई भादगाउँमा लखेटी यी ६ प्रधान काजीहरू काठमाण्डू गई राजा हुन बोलाउन आए तापनि राजा जयप्रकाश मल्लले पाटनमा हमला गरी नै छोडे। यी दुष्ट ६ प्रधानहरूलाई पक्की ठूलो बेइज्जत गरी आइमाईको भुत्रो पोशाक पहिराई देशमा घुमाएर ठूलो यातना दिई कैदमा हाले। पुनः दोस्रो पटक पनि जय-प्रकाश मल्ल पाटनको राजा घोषित भएका थिए।

राजा जयप्रकाश मल्लले ६ प्रधान काजीहरूको ठूलो बेइज्जत गरेकोले यिनीहरूमध्ये एक काजीले जेलमा नै आत्महत्या गरे । बाकी पाँच प्रधान काजीहरूले राजभक्त भै सरकारको वफादारीसाथ निमकको सोझो चिताई काम गर्नेछौं भनी माफी मागेका थिए । पाटनका प्रजाहरूले पनि बाकी पाँच काजीहरूलाई कैदबाट छुटाइदिने ठूलो अनुरोध गरेकाले राजा जयप्रकाश मल्लले यी दुष्टहरूलाई छोड़ी फेरि आफ्नो-आफ्नो पदमा नै सुशोभित गराइदिए । तर यी दुष्ट काजीहरूले भने गुप्त तवरबाट षड्यन्त्र गर्न कहाँ छोड्दथे र ? यिनीहरूले फेरि मौका पाउनासाथ गोरखाका राजा पृथ्वीनारायण शाहलाई पाटनको राजा हुन बोलाउन गए । तर चतुर पृथ्वीनारायण शाह आफू राजा हुन नआई आफ्ना साहिला भाइ दलमर्दन शाहलाई पाटनको राजा हुन पठाइदिए । सो कुरा राजा जयप्रकाश मल्लले थाहा पाउनासाथ भविष्यको कुरा विचार गर्दै आफूसंग प्रशस्त फौज भए तापनि लड़ाईं नगरी पाटन शहरको गद्दी छोड़ी फेरि सुटुक्क भागेर काठमाण्डू फर्किहाले ।

दलमर्दन शाह

पाटनका यी बदमाश पाँच काजीहरूले राजा जयप्रकाश मल्ल भागेको थाहा पाउनासाथ गोरखाका पृथ्वीनारायण शाहका साहिला भाइ दलमर्दन शाहलाई पाटनको गद्दीमा बसाई राजतिलक लगाइदिए । यसरी गोरखाका शाह पनि केही समयसम्म पाटनका यी दुष्टहरूको कठपुतली बनी राजा भए । दलमर्दन शाहको नाम अंकित मुद्रा पनि निकालिदिएका थिए ।

उस बेला गोरखाका राजा पृथ्वीनारायण शाहले उपत्यकाको चारैतिर दखल गरी काठमाण्डू कब्जा गर्न तन-मन-धन दिई काममा लागिरहेका थिए । नेपाल खाल्डाभित्र आर्थिक संकट उत्पन्न गराउन दिनहुँ चाहिने सर-सामान, जस्तो—नून-तेल इत्यादिमाथि पृथ्वीनारायण शाहले नियंत्रण गरी बन्द गराइसकेका थिए । पाटनका यी प्रधानहरूले पृथ्वीनारायण शाहका भाइ पाटने राजा भएपछि सो संकट हटेर जानेछ र यस्तो आपत सहनुपर्नेछैन भन्ने विचार तथा आशा गरेका थिए । राजा दलमर्दन शाहले पहिले त दुनियाँको आँखामा छारो हाल्न दाज्यु पृथ्वीनारायण शाहसंग दिनहुँ चाहिने सर-सामान छोड़ाउन लेखापढ़ी गरे । तर पृथ्वीनारायण शाहले भाइको कुरालाई कुनै मान्यता नदिई वास्ता नै गरेनन् । त्यो देखी यी दुष्ट प्रधानहरूले पाटनका राजा दलमर्दन शाहलाई पनि दाज्यूतिर लागेको शंका गरे । राजा दलमर्दन शाहबाट यी दुष्टहरूको इच्छा पूरा भएन । आखिर यी काजीहरू फेरि पाटनमा अर्के राजा खोज्न व्यस्त भए । राजा दलमर्दन शाहलाई यी काजीहरूले आफूले चिताए का कुराको फायदा नभएकोले फेरि धपाई नै दिए ।

तेजनरसिंह मल्ल

राजा दलमर्दन शाहलाई पाटने प्रधानहरूले पाटनबाट हटाइसकेपछि विश्वजीत मल्लका सम्बन्धी तेजनरसिंह मल्ललाई पाटनको गद्दीमा राखे। ने० सं० ८८८ मा तेजनरसिंह नाम अंकित मुद्रा पनि निकालिदिएका थिए। तर ने० सं० ८८८ अनन्त चतुर्दशीका दिनमा अर्थात् इन्द्रजात्राको दिन प्रजाहरू आनन्दमा बसिरहेको बेलामा गोरखाका राजा पृथ्वीनारायण शाहले तीनतिरबाट काठमाण्डूमा हमला गरी हनुमान ढोकामा बनाइराखेको गद्दीमा बसे। काठमाण्डूका जनता ने० सं० ८८८ आषाढ़ महिनामा एक दिनमा २४ पटक भूकम्प गई त्राहि त्राहि भैरहेको बखत र चाड-पर्वमा आनन्दमा बसिरहेको मौकाले गर्दा रातभा पृथ्वीनारायण शाहको मुकाबिला गर्न कोही पनि निस्केनन्। तसर्थ राजा जयप्रकाश मल्ल शत्रुसंग राम्ररी लड्न सकेनन्। काठमाण्डूका राजा जयप्रकाश मल्ल पराजित भै तलेजुको मन्दिरमा लुक्न गए। त्यहाँ जाँदा भऱ्याङ्गमा बारूद छरी गएका थिए। राजा जयप्रकाश मल्ल त्यहाँ भएको थाहा पाएर गोरखालीहरूले तुलारामको नेतृत्वमा त्यो मन्दिर घेर्न लगाए। राजा जयप्रकाश मल्ल त्यहाँबाट ठूलो जुक्तिले उम्की पाटनमा राजा तेजनरसिंह मल्लको शरणमा आए। भऱ्याङ्गमा छरेर गएको बारूद पड्केर मन्दिरभित्र खोज-तलास गर्न गएका तुलाराम पाण्डेको ज्यान गयो।

अब पाटनमा पनि पृथ्वीनारायण शाहको हमला हुन आँटेको देखेर अब भएन भनी प्रधान काजीहरू काठमाण्डू गई पृथ्वीनारायण शाहसंग मिल्न गए। राजा जयप्रकाश मल्ल र राजा तेजनरसिंह मल्लको त्यहाँ पनि ज्यानको आशा भएन। पृथ्वीनारायण शाहलाई साथ लिई यी बदमाश काजीहरूबाट पाटनमा हमला हुने कुचक्र थाहा पाई पाटनका राजा तेजनरसिंह र काठमाण्डूका राजा जयप्रकाश मल्ल दुवै पाटन छोड़ी भक्तपुरमा दत्तात्रय मन्दिरमा लुक्न गएर भादगाउँका राजा रणजीत मल्लकहाँ शरण माग्न समाचार पठाए। त्यस बेलासम्म राजा जयप्रकाश मल्ल निराश भएनन्। भक्तपुरका जनतालाई स्वतन्त्रता बचाउन आह्वान गरी राजा तथा प्रजाहरू सबैलाई आफ्नो हातमा लिने उनको ठूलो सुर थियो। यतिञ्जेलसम्म त आफूलाई सहायताको निमित्त मागिराखेका अंग्रेज फौज पनि आइपुग्ने राजा जय-प्रकाशले आशा गरेका थिए। फौजहरू आइपुगेपछि भक्तपुरका जनतासित संयुक्त भै गोरखालीहरूलाई धपाउने विचारले पाटन छोड़ेर राजा जयप्रकाश र राजा तेजनरसिंह मल्ल दुवै भक्तपुरतिर लागेका हुन्।

काठमाण्डू विजय गरेको केही महिनापछि पृथ्वीनारायण शाह पाटनमा गई बिनालड़ाईबाट नै पाटनको पनि राजा घोषित भै ठूलो उत्सव मनाए। राजा पृथ्वी-

नारायण शाह केही दिन पाटनमा बसिसकेपछि काठमाण्डू फर्केको बेलामा झुकाउमा परेका यी दुष्ट काजीहरू पनि नयाँ राजालाई काठमाण्डू पुऱ्याउन साथै गएका थिए तर चतुर पृथ्वीनारयण शाहले यी दुष्टहरू सबैलाई पक्री उनीहरूको सर्वस्व हरण गरी कैदमा राखे । धनवन्त काजी एकजना संयोगले भागेर पाटनमा नै पुगे । एक रातमा आफ्नो सर्वस्व अरु गरीबहरूलाई दान दिई पाटनबाट भागेर गोरखा पुगे । यसरी पाटन शहर पनि मल्ल राजाहरूबाट सदाको लागि खतम पारी आफ्नो अधीनमा राखे ।

●

पाटनको मुद्रा-मिति

सिद्धिनरसिंह मल्ल	ने० सं० ७५१, ७६१;
श्रीनिवास मल्ल	ने० सं० ७८६
योगनरेन्द्र मल्ल	ने० सं० ८०५, ८०६; ८०८; ८०९; ८२०
लोकप्रकाश मल्ल	ने० सं० ८२६
इन्द्र मल्ल	ने० सं० ८२५, ८२६
वीरनरसिंह	ने० सं० ८२९
महीन्द्र मल्ल	ने० सं० ८३५, ८३७; ८३९
ऋद्धिनरसिंह	ने० सं० ८३५, ८३७
योगप्रकाश	ने० सं० ८४२
विष्णु मल्ल	ने० सं० ८४९, ८५१; ८५९
जननीलक्ष्मी देवी	ने० सं० ८६६
राज्यप्रकाश	ने० सं० ८६९, ८७५
विश्वजीत मल्ल	ने० सं० ८७८
दलमर्दन शाह	ने० सं० ८८४
तेजनरसिंह	ने० सं० ८८५, ८८८
जयप्रकाश	ने० सं०
रणजीत मल्ल	ने० सं० ८८२

●

पाटनको राज्यकाल

(ने० सं० ७१७—ने० सं० ८८९)

हरिहर (शिव) सिंह मल्ल ......ने० सं० ७१७ देखि ने० सं० ७४२ सम्म
जम्मा वर्ष २५

सिद्धिनरसिंह मल्ल ......ने० सं० ७४२ देखि ने० सं० ७७७ सम्म
जम्मा वर्ष ३५

श्रीनिवास मल्ल ......ने० सं० ७७७ देखि ने० सं० ८०५ सम्म
जम्मा वर्ष २८

योगनरेन्द्र मल्ल ......ने० सं० ८०५ देखि ने० सं० ८२६ सम्म
जम्मा वर्ष २१

लोकप्रकाश मल्ल
जयइन्द्र मल्ल
महिन्द्र सिंह
ऋद्धिनरसिंह
महिपतीन्द्र
योगप्रकाश
} ने० सं० ८२६ देखि ने० सं० ८४२ सम्म
जम्मा वर्ष १६

विष्णु मल्ल ......ने० सं० ८४२ देखि ने० सं० ८६० सम्म जम्मा वर्ष १८

राज्य प्रकाश ......ने० सं० ८६० देखि ने० सं० ८७६ सम्म जम्मा वर्ष १६

विश्वजित मल्ल ......ने० सं० ८७६ देखि ने० सं० ८८० सम्म जम्मा वर्ष ४

जयप्रकाश मल्ल ......ने० सं ८८० देखि ने० सं० ८८२ सम्म जम्मा वर्ष २

रणजीत मल्ल ...... ने० सं० ८८२ देखि ने० सं० ८८३ सम्म जम्मा
११ महिना

जयप्रकाश मल्ल ......ने० सं० ८८३ देखि ने० सं० ८८४ सम्म जम्मा वर्ष १

दलमर्दन शाह ...... ने० सं० ८८४ देखि ने० सं० ८८५ सम्म जम्मा वर्ष १

तेजनरसिंह ...... ने० सं० ८८५ देखि ने० सं० ८८९ सम्म जम्मा वर्ष ४

●

पाटनका राजाहरूको वंशावली



↓

राज्यप्रकाश

↓

विश्वजित मल्ल

↓

जयप्रकाश मल्ल

↓

रणजीत मल्ल

↓

जयप्रकाश मल्ल

↓

दलमर्दन शाह

↓

तेजनरसिंह मल्ल

●

खंड-१०

कान्तिपुर

कान्तिपुर (काठमाण्डू) जिल्लाको परिचय

कान्तिपुर--यो नेपाल राज्यको राजधानी हो । यो शहर समुद्रतलदेखि ४२७० फीटको ऊँचाइमा रहेको छ । राजा गुणकामना देवले बागमती र विष्णुमती नदीको बीचमा खड्गाकार आकृतिमा अष्टभैरवले विराजमान गराईं बसालेका थिए । यो अति रमणीय कलाकृति, देवमन्दिरहरू तथा अति सुन्दर दरबारहरूले भरीभराउ भएको छ । यहाँ एकै रूखका काठबाट मरुमत्तल बनेकोले काष्टमण्डप अथवा काठमाण्डू नाम हुन गएको हो । यो शहर पूर्व भक्तपुर, दक्षिण ललितपुर, पश्चिम धादिङ्ग र उत्तरमा हिमालय चार किल्लाभित्र रहेको छ । हाल यो शहर करीब दुई लाख बाइस हज्जारको जनसंख्याले भरिएको छ । हाल यहाँ ८२ ग्राम पञ्चायत र १ नगर पञ्चायत रहेको छ । यहाँको हावापानी रम्य (साधारण) छ । गर्मीमा औसत तापक्रम ९०° र हिउँदमा ४५° फ० सम्म पुग्दछ । यहाँ गर्मीको समयमा दक्षिणबाट बग्ने मनसुनी हावाले जेष्ट, आषाढ़ र श्रावण महिनामा प्रशस्त पानी पर्दछ ।

यहाँका मानिसको व्यवसाय--व्यापार, खेती र जागीरमा निर्भर गर्दछ । ऊन चुरोट, जुत्ता, सिमेण्ट तथा काठ चिर्ने कारखानाहरू पनि यहाँ धेरै छन् । यहाँ मुला, आलु, प्याज, काउली तथा अरू किसिम-किसिमका साग-तर्कारीहरू रोपी मौसम-अनुसार बान्है महिना खेती गर्दछन् । यहाँका मानिसहरू हिन्दू, बौद्ध, तान्त्रिक तथा अरू-अरू धर्ममा विश्वास गर्दछन् । यहाँको राष्ट्रभाषा नेपाली हो ।

यहाँ वर्ष-वर्षमा शिवरात्री, बालाजु, बालाचतुर्दशी इत्यादि किसिम-किसिमका मेलाहरू लाग्दछन् । यहाँ जात्राहरू पनि बराबर हुन्छन् । तीमध्ये इन्द्रजात्रा र घोड़ाजात्रा हेर्ननिमित्त टाढ़ा-टाढ़ाबाट मानिसहरू भेला हुन आउँछन् । व्यापारमा यो शहर अघिदेखि नेपालमा पहिलो छ । यस शहरमा देशविदेशबाट कपड़ा, धागो, कपास, नून, तेल, मसला, किराना-मसला, सिंगारका सामान तथा कल-पुर्जाहरू इत्यादि पैठारी हुन्छन् । यहाँबाट आलु, खोर्सानी, लसुन, प्याज, काठ तथा जड़ीबूटी इत्यादि निकासी हुन्छन् । यहाँ रानी वन, गोकर्ण वन तथा अरू जंगलमा प्रशस्त जनावरहरू पाइन्छन् । यहाँ पोल्ट्री फर्म पनि चलाइएका छन् ।

यहाँका सड़कहरू धेरैजसो पक्की भएको छ । यहाँ संस्कृत कलेज, आर्ट कलेज, साइन्स कलेज, संगीत कलेज तथा त्रिभुवन विश्वविद्यालयजस्ता उच्च शिक्षालयहरू छन् । स्कूल र हाईस्कूल अनेकौं अनगिन्ती नै छन् । यहाँ घण्टाघर, धरहरा, रमणीय महलहरू, सर्वोच्च अदालत, हवाईअड्डा, ठूला-ठूला पुस्तकालय, म्यूजियम, बिजुली


काठमाडौं उपत्यका
ककनी
पाँचमाने भञ्ज्याङ
शिव पुरी
टिका भञ्ज्याङ
बुढानीलकण्ठ
वज्रयोगिनी
साँखु
नगरकोट
भक्तपुर
बौद्ध
पशुपति
काठमाडौं
स्वयम्भु
कीर्तिपुर
पाटन
कृष्ण मन्दिर
चम्पादेवी
(७३००)
चन्द्रागिरि
दक्षिण काली
फर्पिङ
हरिसिद्धि
लुभु
लेले
फुलचोक
(९०५०)
गोदावरि
साँगा
पनौती
बाग्मती
हनुमन्ते
ठिमी
बोडे
रा. प्र. राजभण्डारी.

कार्पोरेशन, श्री ५ को सरकारको छापाखाना, गोरखापत्र कर्पोरेशन, टेलीफोन कम्युनिकेशन, खादी विभाग, घरेलु उद्योग इत्यादि उच्च-उच्च अड्डाहरूले भरिएको छ। राष्ट्र बैङ्क, नेपाल बैङ्क र वाणिज्य बैंकले आर्थिक काममा ठूलो मदत गरिराखेको छ। श्री ५ महाराजाधिराजको नारायणहिटी दरबार पनि यहीं नै छ। सिंह दरबारमा मन्त्रीहरू तथा अरू उच्च अफिसरहरू बसेर राज-काजको काम गर्छन्। विभिन्न मंत्रालयहरू यसै दरबारभित्र छ।

भूगोलपार्क–नयाँ सड़क, कान्तिपुर

श्री पशुपति, गुहेश्वरी र स्वयम्भू भगवानको दर्शन गर्न र रमणीय नेपाल हेर्न टाढ़ा-टाढ़ाबाट विदेशी पर्यटक यात्रीहरू दिनहुँ हज्जारौंका संख्यामा यहाँ भेला हुन्छन्। यहाँ यातायातको सुगम र सस्तो व्यवस्था छ।

रत्न मल्ल

रत्न मल्ल यक्ष मल्लका कान्छा छोरा हुन्। यी राजा साहसी, धैर्यवान, नीति कुशल, अत्यन्त बाठा, महत्वाकांक्षी तथा कूटनीतिज्ञ पनि थिए। उस बेला कान्तिपुरमा १२ जना ठकुरीहरूको दबदबा खूब बढ़ेको थियो। ने० सं० ६०२ मा राजा यक्ष मल्लको मृत्यु भएपछि भक्तपुरमा जेठा छोरा राय मल्लसंग दीक्षित अधिकार-

विषय झगड़ा हुँदा पाटनमा बसी काठमाण्डूका १२ ठकुरीहरूलाई देवी शक्तिको प्रलोभन देखाई एक ठकुरीलाई हातमा लिएर ११ जना ठकुरीहरूलाई भोजमा निम्तो गरी विष खुवाएर मारे। वंशावलीमा देवीले रत्न मल्ललाई १२ ठकुरी मारेपछि तिम्रो कान्तिपुरको राज्य हुनेछ भनी सपनामा भनेकोले नै यसरी रत्न मल्ललाई कान्तिपुरको राज्य प्राप्त भएको हो भनी लेखिएको छ। आखिर ने० सं० ६०४ मा ११ ठकुरीहरूलाई सखाप पारी पूर्णतया आफ्नो अधिकार भएपछि आफूले हात लिएका एक ठकुरीलाई पनि मारिदिए।

राजा हुनासाथ रत्न मल्लले आफ्नो राज्य विस्तार गर्न लागे। राजाको आज्ञा-बिना राजेश्वरीको मन्दिरमा रंग-रोगन हालेको बहाना गरी ने० सं० ६११ मा नुवाकोट हमला गरी विजय प्राप्त गरेर पश्चिम सिमाना यिनले बढ़ाए। त्यस विजयका उत्सवमा नुवाकोटको बगैंचाबाट फलफूलहरू ल्याई पशुपतिमा पूजा गरी चढ़ाए।



तलेजु मन्दिर, कान्तिपुर

राजा हुनासाथ रत्न मल्लले बाहिरी मानिसहरूको सामना गर्नुपर्‍यो। ककु नाम गरेको भोटेको नेतृत्वमा धेरै फौजले नेपालमा हमला गर्न आए। राजा रत्न मल्लले त्यस फौजसंग लड्न हिम्मत गर्न नसकेर चारजना तिरहुते ब्राह्मणहरूको सहायता लिए। ती ब्राह्मणहरूले आफ्ना शिष्य पाल्पाका राजा मुकुन्द सेनबाट धेरै फौजको

मदत ल्याएका थिए। राजा रत्न मल्लले त्यस फौजसंग मिलेर हमलावर फौजलाई तितर-बितर पारी ककु नाम गरेका भोटेलाई मारिदिए। त्यस ठाउँलाई पछि 'ककु स्याना स्यो' नाम भनियो। राजा रत्न मल्लले ती ब्राह्मणहरूलाई प्रशस्त जग्गा-जमीन दिई आदरपूर्वक नेपालमा नै राखे।

स्वामी शेखरानन्द नाम गरेका एक व्यक्तिले नेपालमा प्रवेश गर्दा राजाले निजलाई पशुपतिमा पुजारी बन्दोबस्त गराई पशुपतिमा धेरै गुठीहरू राखिदिए। त्यस गुठीमा बनेपाका दुई नेवारलाई भण्डारीको पदमा र कान्तिपुरका एक नेवारलाई गुठी र सम्पत्ति हेर-देख गर्ने हाकिमको पदमा नियुक्त गरे। स्वामी शेखरानन्दको प्रेरणाले पशुपतिमा राजा रत्न मल्लले दक्षिणकाली, सप्तर्षि र अष्ट-मातृकाको स्थापना गरे। यिनले ने० सं० ६२१ मा कान्तिपुरमा श्री तुलजा भवानी स्थापना गरी एउटा सानू मन्दिर पनि बनाए। यी राजाको पालामा दक्षिणकाली देवीकहाँ अष्ट-मातृकागणहरू स्थापना भएका थिए।



पशुपति मन्दिर, देउपाटन

यिनले आफ्नो देशको व्यापार बढ़ाउन ठूलो कोशिश गरेका थिए। पाटनको सहायताबाट यिनले चितलाङ्गमा तामाको खानि पत्ता लगाएर सो खानिबाट झिकेका तामाले सुक्कीको बदला तामाको पैसा बनाउन लगाई टक चलाई व्यापारमा राम्रो आदान-प्रदान गराए। यिनै राजाको पालामा व्यापारको बहाना गरी भारतबाट

मुसलमानहरूले नेपालमा प्रवेश गरेका थिए। अन्त्यमा ने० सं० ६४० मा यी राजाको असामयिक मृत्यु भयो। यिनले ३६ वर्षसम्म लामो शासन चलाए।

सूर्य मल्ल

राजा रत्न मल्लको मृत्युपछि कान्तिपुरको राजगद्दीमा छोरा सूर्य मल्लको राजतिलक भयो। यिनी पनि बाबुजस्तै धार्मिक प्रवृत्तिका राजा थिए। यिनी शूरा पनि थिए। यिनको विवाह ने० सं० ६१६ वैशाख शुक्ल ११ का दिनमा मात्र भएको थियो। यिनले भक्तपुरका धेरै राज्यहरू जिती लिएका थिए। यिनले चांगु र शंखपुर (साँखु) पनि आफ्नो अधीनमा राखेका थिए। यसरी भक्तपुरका इलाकाहरू जबर-जस्तीसंग हात पारिसकेपछि पूर्व १ नं० को सिंधुपाल्चोक पनि दखल गर्न गएर कुती जाने बाटो पनि अधीनमा गरे। बाबु रत्न मल्लले हात पारिराखेको केरुङ्ग जाने बाटो पनि आफ्नै हातमा आउने स्वाभाविकै हो। यसबाट सूर्य मल्ललाई तिब्ब-तसम्म जाने बाटोमा एकलौटी हुन आएको थियो जसले गर्दा काठमाण्डूको आर्थिक अवस्था बलियो भयो। यिनले ६ वर्षसम्म साँखुमा नै जीवन बिताएका थिए भनी कुनै-कुनै वंशावलीले बयान गरेको छ। यिनले साँखुको वज्रयोगिनीको रथयात्रा पनि चलाए जसले आजसम्म उनको कीर्तिलाई अमर गराइराखेको छ। यिनले कान्तिपुरको राज्य छोरो अमर मल्लको हातमा छोड़िदिए। आखिर ने० सं० ६५० कार्तिकमा राजा सूर्य मल्लको मृत्यु भयो।

अमर मल्ल (नरेन्द्र मल्ल)

राजा सूर्य मल्लको मृत्युपछि कान्तिपुरको गद्दीमा छोरा अमर मल्ल बसे। यिनी विद्वान् राजा थिए। यिनी धर्म-परायण, कला-मर्मज्ञ तथा वीर थिए। यिनले धेरै मन्दिरहरू जीर्णोद्धार गरी धेरै देव-देवीहरू स्थापना गरेका थिए। कोटि होम पनि गराएका थिए। राजा अमर मल्ललाई नरेन्द्र मल्ल पनि भन्दछन्। यिनको नाच-गानमा ठूलो शौख थियो। यिनले हरसिद्धिको नाचलाई संरक्षण प्रदान गरेका थिए। खोखनाको महालक्ष्मी यात्रा यिनै राजाको पालामा चलेको हो। मनमैजू, हरिचोक देवी, पांचाली भैरव, नवदुर्गा, भद्रकाली, कंकेश्वरी नाच तथा अरू धेरै देव-देवीहरूको नाच पनि यिनले चलाएका थिए। देवपाटनको त्रिशूल यात्रा पनि यिनैले चलाएका हुन् भनी वंशावलीमा लेखिएको छ।

राजा हुनासाथ यिनले आफ्नो देश विस्तार गर्न लागे। ललितपुर, बंदे गाउँ, केचन्ह सिद्धि, लुभू, चापा गाउँ, फर्पिङ्ग, बुङ्गमती, खोकना, पांगा, कीर्तिपुर, थानकोट

कोट, बलंखु, संतगल, हलचोक, कुटुम, धर्मस्थली, टोखा, लेले, चुकग्राम, गोकर्ण, देउपाटन, नन्दीग्राम, नकसाल, मालि गाउँ इत्यादि राज्यहरू जिती यिनले आफ्नो अधिकारमा राखेको कुरा पनि वंशावलीमा लेखिएको पाइन्छ। यिनले अघि कुनै धनीले खड़ा गरेको मल्लग्राम दैवी दुर्घटनामा परी आगो लागेर भस्म हुँदा 'नन्दीग्राम' नामकरण गरी देश बसालेका थिए। स्वयम्भूनिरको चैत्यको शिलालेखबमोजिम यिनी ने० सं० ६८० सम्म जीवित भएको देखिन्छ। यिनलाई राजकाजको काममा मन्त्री मुकुन्द शर्माले ठूलो योगदान गरेका थिए। वंशावलीअनुसार यिनले लगभग ३३ वर्ष राज्य चलाएका थिए।

महेन्द्र मल्ल

राजा अमर मल्लको मृत्युपछि कान्तिपुरको गद्दीमा छोरा महेन्द्र मल्ल बसे। यिनी नैतिकता, न्यायी, उद्योगी, कूटनीतिज्ञ, धार्मिक, जागृतिक, विवेकी र सत्यता आदि कुराहरूका धुरन्धर ज्ञाता थिए। श्री रेग्मीज्यूको 'मिडेभल नेपाल' नामक पुस्तकबमोजिम यिनको मृत्यु ने० सं० ६९४ मा मात्र भएको हो। यिनी सँधै धर्म-कार्यमा लुब्ध रहन्थे। यिनले आफ्नो देश ठूलो तथा सुन्दर बनाउन ठूलो योगदान दिए। यिनले आफ्नो देशको आबादी बढाउन बाहिरबाट धेरै मानिसहरू बोलाई आबाद गर्न लगाएका थिए। यिनले आफ्ना प्रजाहरूलाई घर-खेत नभएकोलाई घर-खेत दिई र दाम नभएकोलाई आर्थिक सहायता दिई देश बनाउन लगाउनमा ठूलो हौसला बढ़ाइदिएका थिए। यिनले आफ्नो देशमा अग्लो-अग्लो घर बनाउन लगाई अति सुन्दर पार्न लगाएर कलायुक्त देश बनाउन लगाएका थिए।

राजा महेन्द्र मल्ल (तात्कालिक चित्रबाट)

यिनले देशमा व्यापार बढ़ाउन छिमेकी राज्यहरूसंग मेलमिलाप गरेका थिए। यिनले विदेशी राज्य भारतको राजधानी दिल्लीमा मुगल बादशाह हुमायुँकहाँ एक जोड़ा सेतो हाँस र शिकारी बाज सौगातको रूपमा लगेर बादशाहसंग आफ्नो देशको आर्थिक अवस्था सुधार्ने सल्लाह लिए। मुगल बादशाहले पनि अपनो देशमा जस्तै

तामाको सिक्काको बदला चाँदीको ६ मासाको सिक्का बनाई चलन-चल्तीमा ल्याउने सल्लाह दिए। राजा महेन्द्र मल्ल नेपाल फर्केपछि ६ मासा चाँदी भएको सिक्का बनाउन लगाई बजारमा चलन-चल्तीमा ल्याए। चाँदीको पहिलो सिक्का भएकोले त्यस सिक्कालाई आजसम्म महेन्द्रमल्ली मोहर भनी दुनियाँमा प्रचलित भएको छ। पछि सो सिक्का भोटमा पठाई भोटसंग चाँदी लिने गरी राम्रो सम्बन्ध जोड़ेका थिए। यसबाट नेपाललाई धेरै आर्थिक फायदा भयो।

त्यसपछि राजा महेन्द्र मल्ल धर्म-कीर्तितिर लागे। यिनले दरबारको उत्तरतिर मैदान भैरहेको ठाउँमा राम्रो-राम्रो घर बनाउन लगाई बस्ती बसाली ने० सं० ६८२ फागुन शुक्ल तृतीयाको दिनमा पशुपतिनाथ महादेव स्थापना गरी महेन्द्रेश्वर नाम राखी देवल बनाइदिए र पूजा चलाउन गुठीहरू पनि राखिदिए। हिजोआज त्यस ठाउँलाई मखन टोल भन्ने नाम प्रचलित भएको छ। भक्तपुरका राजा विश्व मल्ल समकालीन थिए। राजा विश्व मल्लले राजा महेन्द्र मल्ललाई निम्तो गरी ६ दिनसम्म भक्तपुरमा नै सत्कार गरिराखेका थिए। दुवै राजा संगसंगै श्री तुलजा भवानीको पूजामा लागिरहने कुरा पनि वंशावलीमा लेखिएको छ। त्यसपछि राजा महेन्द्र मल्ल दिनदिनै कान्तिपुरदेखि भक्तपुरसम्म आई तुलजा भवानीलाई दर्शन गरिसकेपछि मात्र भोजन गर्ने कुरा वंशावलीमा लेखिएको छ, तर कुनै-कुनै इतिहासकारले त्रैलोक्य मल्लको समकालीन भनी लेखेको पनि छ। राजा महेन्द्र मल्लको भक्तिदेखि श्री तुलजा भवानी खुशी भै देवीले राजालाई सपनामा अबदेखि यहाँसम्म आउनुपर्दैन, राजा रत्न मल्लले स्थापना गरेको तलेजु देवीको ठूलो मन्दिर बनाउनु म त्यसैमा लीन हुनेछु भनी आज्ञा भएछ। त्यसपछि राजा महेन्द्र मल्लले भक्तपुरको तलेजु देवीलाई दर्शन गर्न जान छोड़ी ठूलो मन्दिर बनाई कान्तिपुरको तलेजुको नै दर्शन गर्न लागे भनी वंशावलीमा बयान गरेको छ।

राजा महेन्द्र मल्लले भीमसेनको ठूलो मन्दिर पनि बनाए र आसपासका ठाउँलाई नै भीमसेन स्थान नाम राखे। यिनले पुराना-पुराना धेरै मन्दिरहरू जीर्णोद्धार गरी गुठीहरू पनि राखिदिएका थिए। यिनले पशुपति मन्दिरलाई पनि तीन छाना भएको मन्दिर बनाउन लगाएका थिए।

राजा महेन्द्र मल्लले कान्तिपुर शहरलाई निकै उन्नत गराइदिए। यिनको प्रयत्नले कान्तिपुर शहरको व्यवसाय यतिको सुध्र्यो कि सारा प्रजाले सुख-शान्ति-

मा जीवन बिताउन पाएका थिए। उपत्यकाका छिमेकी राज्यहरूसंग पूर्ण रूपमा शान्ति कायम भएको थियो।

राजा महेन्द्र मल्लले आफ्ना नेपाली प्रजाहरूलाई हरेक प्रजाको घरमा ढिकी, जाँतो र लुगा बुन्ने तान खाली नगराउने सल्लाह दिई आफ्नो देशमा घरेलु उद्योग बढ़ाएका थिए। यिनले प्रजाहरूलाई समय खेर जान नपावोस् भन्ने हेतुले राज्य-भरमा सबैले बेहान नौ, दश घड़ीभित्र र बेलुका आठदेखि दश घड़ीसम्ममा भात खाइसक्नुपर्छ भनी उर्दी दिई घण्टा बजाउने चलन चलाए। आफ्ना प्रजाहरूलाई जुवा नखेल्ने र नाच-गानमा लाग्ने कुराको सल्लाह पनि दिएका थिए। जुवा खेल्नेलाई कड़ासे कड़ा सजायँ हुने कुरा सबैलाई यिनले सुनाए। यिनले टोल-टोल-मा कचहरी बन्दोबस्त गराई साधारण मुद्दा-मामिलामात्र पंच भलाद्मीहरूले नै छिन्नुपर्ने गराए। यिनले पंचायती शासन-पद्धति चलाउने ठूलो कोशिश गरेका थिए यसमा उनी सफल पनि भए।

यी राजाका दुई रानी थिइन्। यी रानीहरूका एक-एक छोरा भए। जेठी रानीबाट सदाशिव मल्ल र कान्छी रानीबाट शिवसिंह मल्ल। राज्यमा कुनै प्रकारको अशान्ति थिएन। यिनको शासनकाल ने० सं० ६९८ सम्म देखिएकोले यिनको मृत्यु त्यसभन्दा पछिमात्र भएको देखिन्छ।

सदाशिव मल्ल

राजा महेन्द्र मल्लको निधनपछि जेठा छोरा श्री सदाशिव मल्ल कान्ति-पुरका राजा भए। यिनी व्यभिचारी राजा थिए। यिनी दया र माया भनेको कुराको ख्यालै गर्दैनथे। यिनी अद्‌भुत स्वभावका राजा थिए। यिनी घोड़ाका बड़ा शौखीन थिए। यिनले दरबारमा किसिम-किसिमका घोड़ाहरू पाल्न लगाइरा-खेका थिए। दुनियाँमा जसरी नोकसान हुन्छ त्यसरी नै काम गर्न उनको दैनिक नियम थियो। यिनलाई दुनियाँको पाकेको बालीमा घोड़ा दगुराउनमा ठूलो शोख थियो। तसर्थ यिनले दुनियाँको पाकिराखेको बालीमा घोड़ा दगुराएर सान्है दुःख दिएका थिए। प्रजाहरू यिनीसंग बदला लिन मौका पर्खिरहेका थिए। यिनलाई अर्काका राम्रा-राम्रा तरुनी छोरी-बेटीहरूको बलात्कार गरी सतीत्व नष्ट गर्नु नै एक किसिमको बानी लागेको थियो। तसर्थ त्यस बेला तरुनी आइमाईहरू घरबाट बाहिर आउन र देव-देवीको मन्दिरमा पूजा अथवा दर्शन गर्न जान अत्यन्त त्रस्त थिए।

एक दिन राजा मनहरातिर घुम्न गएका बेलामा राजाको अत्याचार सहन नसकेर मौका पारी केही मानिसले राजालाई नोल र मुगदलले बेसरी ठोकी उतैदेखि देशबाट (राज्यबाट) बाहिर धपाए । राजा मनहरबाट भागी भक्तपुरका राजाको शरणमा गए । भक्तपुरका राजाले उनको कुख्याति कुरा सुनेर उनलाई पक्री आफ्नो दरबारको एक चोकमा थुनेर राखे । राजा सदाशिव मल्ल भैरवका उपासक थिए । यिनले आफूलाई थुनिराखेको चोकमा भैरवहरूका विभिन्न मूर्तिहरू राजाको आज्ञा पाई बनाउन लगाएर १८ किसिमका भैरवहरू स्थापना गरी पूजामा लागिरहे । राजा सदाशिव मल्ल मौका पाउनासाथ पर्खाल फोड़ी त्यहाँबाट भागी बेपत्ता भए । भक्तपुरमा उनलाई थुनेर राखेको चोकलाई आज-सम्म सदाशिव चोक भन्ने चलन छ । हिजोआज त्यो चोकको दृश्यावलोकन गर्न जाने आगन्तुकहरूको ताँती लागिरहन्छ ।

यिनै राजाको पालामा पाटनमा जीवराज भन्ने बौद्ध पण्डित छोराहरूसंग नमिली गयामा बस्न गए र पछि नेपाल फर्केपछि भारतको गयाको ढाँचामा अत्यन्त कलापूर्ण मन्दिर बनाए जो आजसम्म प्रख्यात छ ।

शिवसिंह मल्ल

राजा सदाशिव मल्ल कान्तिपुरबाट धपिएपछि ठकुरीगद्दिका भाइ शिवसिंह मल्ल कान्तिपुरको राजगद्दीमा बसे । यी राजा बड़ा बुद्धिमान र प्रजापालक थिए। यिनी ठूला धर्मात्मा पनि थिए । यिनले काशीबाट एक महाराष्ट्री पण्डित झिकाई राजगुरु बनाएका थिए। यिनले धेरै देवालयहरू पनि बनाए। अक्सर गरेर धेरैजसो देवालयहरू तान्त्रिक विधिले बनाएका थिए । यिनले आफ्ना प्रजाहरू सुखी बनाउन र देशलाई समृद्धिशाली बनाउन भरमगदुर कोशिश गरे । यिनले छिमेकी राज्यहरूसंग राम्रो सम्बन्ध राखेका थिए । राजाले आफै पनि भक्तपुर तथा पाटनका राजाहरूले बनाएको भन्दा राम्रो नीतले दरबार बनाउन लगाई देशको ठूलो गौरव बढ़ाएका थिए ।

राजा हमेशा प्रजाहरूलाई सुखी बनाउन चिन्तामा डुबिरहन्थे । देशभित्रका प्रजाहरूले एक छाकसम्म भए पनि भोकै बस्न नपरोस् भन्थे । वंशावलीमा लेखिए-अनुसार त्यस दरबारबाट आफ्ना प्रजाहरू भोका नहुन् भनी घरमा चूल्हाको धुवाँ आएको हेर्ने गर्दथे । चुल्होको धुवाँ नआउने घरका प्रजाहरूलाई तुरन्त आफ्ना सिपाही पठाई धुवाँ नआउने कारणहरू सोध-पूछ गर्ने गर्दथे । केही गरी पैसा नभै खान नपाउने प्रजाहरूलाई आर्थिक सहायता अथवा बाहिने सरजामहरू दिएर हौसला

बढ़ाईं सहायता गर्ने गर्दथे । तैपनि ने० सं० ६९९ देखि ने० सं० ७०३ सम्म ४ वर्ष तक त घरझगड़ाले गर्दा देशमा केही अशान्तिको वातावरण फैलिन खोज्यो तर यिनको कूटनीतिले गर्दा वातावरण धमिल्याउन नदिई शान्ति कायम गरिदिएका थिए ।

यी राजाले मोरंग र मकवानपुरसंग झगडा पर्दा मकवानपुरको अन्याय थाहा पाई मोरंगलाई सहायता प्रदान गरेका थिए । अब राजा धर्म-कर्मतिर लागे । यिनले पशुपति, स्वयम्भू र चांगुनारायण तथा अरू धेरै मन्दिरहरूको जीर्णोद्धार गरी सुन्दर पार्न लगाएका थिए । स्वामी नित्यानन्दको सुझावअनुसार यिनले पशुपतिनाथको गजुरमाथि चढ़ाएको ध्वजाको एक टुप्पा पशुपति मन्दिरको गजुरमा र अर्को टुप्पा आफ्नो दरबारको बारदलीमा डेढ़ कोससम्मको लामो बाटोमा बाँधेका थिए । पशुपतिदेखि दरबारसम्मको बाटोमा ठाउँ-ठाउँमा धेरै देवमन्दिरहरू पनि बनाउन लगाएका थिए । ने० सं० ७१५ वैशाख कृष्ण पंचमीको दिनमा राजा शिवसिंह मल्लले लक्षहोम पनि गरेका थिए ।

यिनकी रानीको नाम गंगादेवी थियो । यिनी धर्मकार्यमा र बुद्धिमानीमा राजा-भन्दा कमकी थिइनन् । यिनले स्वयम्भूको मन्दिरलाई जीर्णोद्धार गरिदिइन् । यिनले बुढ़ानीलकण्ठ र कान्तिपुरको बीचमा पर्ने वनलाई बगैंचा बनाउन लगाई फलफूलका बिरुवाहरू लगाउन लगाएकी थिइन् । सो वन आजसम्म रानीवनको नामले प्रख्यात भएको छ । यिनले पशुपतिनाथको मन्दिर वरिपरि धेरै कीर्तिहरू पनि राखेकी थिइन् । रानी गंगादेवीको धार्मिक कामविषय यस प्रकारको एउटा कथा वंशावलीमा लेखिराखेको छ :—

राजा शिवसिंहलाई स्नान र पूजा गराउन रानी गंगादेवी आफैं चोखो पानी लिन जान्थिन् । पानी लिन जाने धारा कमल रोपिराखेको पोखरी नाघेर जानुपर्दथ्यो । धर्मको प्रभावले रानी गंगादेवीको शरीर हलुका भै पानीमाथि परिराखेको कमलको पातमा टेकेर सँधै चोखो पानी ल्याउने गर्दथिन् । एक दिन रानी गंगादेवीले सुनको गहना लगाई आएकी प्रजाको आइमाईलाई देखिन् । सो देखेर रानी गंगावतीले राजासंग गहना लगाउने झिझो गरिन् । तर राजाले रानीलाई यस्तो कुरा नगर्ने सल्लाह दिए । तैपनि रानीले मानिनन् । साधारण प्रजाले समेत सुनको गहना लगाउन पाउने, पतिव्रता भै बसेकी राजाजस्ताकी रानीले लगाउन नपाउँदा राजालाई रानीले ढिपी गरिन् । आखिर राजा विवश भै राजकोषको धनबाट गहना बनाउन लगाएर रानीलाई लगाउन लाए । भोलिपल्ट त्यो गहना लगाई रानीले सँधैजस्तै चोखो पानी लिन पोखरीमाथिको कमलको पातमा टेकेर जान लागिन् । तर त्यस बेला रानी पानीमा डुबिन् । मानिसहरूले सो घटना देखी रानीलाई तुरन्त पानीबाट

उतारिदिए । सो घटना राजाकहाँ बिन्ति चढाउन गएपछि राजाले राजकोषको धन खर्च गरी यसरी गहना लगाएकोले यस्तो भएको हो भनी रानीको चित्त बुझाए । यसपछि रानीले सुनको गहना लगाउन छोड़िदिइन् भनी वंशावलीमा लेखिएको छ ।

यस्तैमा पाटनमा पुरन्दर सिंहको निःसन्तान भै मृत्यु भयो । ठीक यही मौका पारी राजा शिवसिंह मल्लले पाटनमा हमला गरी विजय प्राप्त गरेर आफ्नो अधिकारमा लिए । राजा शिवसिंह मल्लका हरिहर सिंह र लक्ष्मीनरसिंह नाम गरेका दुई छोराहरू थिए । राजा शिवसिंहले कान्छा छोरा हरिहर सिंहलाई पाटनको राजा बनाएर पठाएका थिए । यसरी देशमा ठूलो सुख-शान्ति कायम गरिसकेपछि राजा शिवसिंह मल्लको मृत्यु भयो । राजा शिवसिंह र रानी गंगादेवीको मृत्युविषयक पनि वंशावलीमा एउटा रोचक कथा छ । राजा र रानीको एकै समयमा मृत्यु हुँदा पशुपतिमा ठूलो आवाज आयो र सुन्नेजति बहिरा भए ।

लक्ष्मीनरसिंह मल्ल

राजा शिवसिंह मल्लको मृत्यु भएपछि जेठा छोरा लक्ष्मीनरसिंह मल्लले कान्तिपुरको गद्दीमा राजतिलक लिए । यी राजा गद्दीमा बसेपछि आफ्नो नामले अंकित मोहरको टक पनि निकालेका थिए । राजा लक्ष्मीनरसिंह मल्ल बड़ा सोझा प्रकृतिका थिए । यिनको दिल साह्रै कोमल थियो । यिनी ठूला विद्वान् थिए । यिनको १५-१६ भाषामा दखल थियो । यिनले बनाएका श्लोकहरू अद्यापि ठाउँ-ठाउँमा पाइन्छन् । तर यिनको बानी अरूहरूको लहै-लहैमा लाग्ने थियो । राजकाजको निमित्त आफू अलि समर्थ नभएकाले यिनले राज्यको काम-काजहरू सबै आफ्ना ज्वाईं भीम मल्ललाई काजी पदवी दिई उनको हातमा सुम्पिदिएका थिए । काजी भीम मल्ल बड़ा इमान्दार तथा प्रजाको भलाइ हुने कुरामा दिलोज्यान दिने व्यक्ति थिए ।

वंशावलीमा, राजा लक्ष्मीनरसिंह मल्लको पालामा लगन टोलमा सेतो मच्छिन्द्रनाथको यात्रा भैरहेको बेलामा एक 'बिसेत' नाम गरेका तान्त्रिक व्यक्तिले श्री गोरखनाथ मनुष्य रूप लिएर यात्रा हेर्न आएकोलाई पक्रेकोले काष्ट-मण्डप नाम हुन गएको हो भनी लेखिएको छ । सेतो मच्छिन्द्रनाथको यात्रा हेर्न श्री गोरखनाथ मनुष्य रूप लिई हेरी बसेको बेलामा कान्तिपुर निवासी एक ठूला तान्त्रिक बिसेत नाम गरेका व्यक्तिले देवता सम्झी पक्रिराखे । बिसेतको कीर्ति राख्न एउटा ठूलो सत्तल बनाउन पुग्ने गरी रूख पठाइदिने कबूल गरेपछि मात्र त्यसले श्री गोरखनाथलाई छोड़िदियो । चौथो दिनमा एउटा ठूलो अजंगको कल्पवृक्ष रूख पठाइदिए । त्यसै रूखको काठबाट सत्तल बनाएकोले काष्ट-मण्डप (पछि काठमाण्डू) नाम हुन गएको हो । तर राजा

जयस्थिति मल्लले त्यो सत्तल बनाएको कुरा त्यहाँ भएको ताम्रलेखबाट विदित भएकोले सो नामकरण विषय शंका लागेको छ ।

काठमाण्डूका राजा लक्ष्मीनरसिंह मल्ल र पाटनका राजा भाइ हरिहर सिंह मल्लको कुनै कुराविषयक झगड़ा भै मतभेद हुँदा पाटनले काठमाण्डूसंग छुटेर स्वतन्त्र राज्य स्थापना गरे । ने०सं० ७४३ मा राजा लक्ष्मीनरसिंहका छोरा प्रताप मल्ल जन्मे ।

राजा प्रताप मल्लको कुण्डली



राजा लक्ष्मीनरसिंह मल्लले दरबारमा भारादारहरूसंग नमिल्दा काजी भीम मल्ललाई ल्हासामा पठाए। त्यहाँ तिनलाई ३२ कोठीहरू खुलाई ल्हासामा नेपालीहरू निःसन्तान भई मरे सर्वस्व नेपाल सर्कारकै हुने गरी सन्धि गराई ल्हासा (भोट)-बाट धेरै सुन लिई नेपाल फर्केको बेलामा विरोधी भारदारहरूको कुचक्रको कुरा सुनेर राजा लक्ष्मीनरसिंह मल्लले इमान्दार काजी भीम मल्ललाई प्राणदण्ड दिए। पछि वास्तविक कुराहरू सबै थाहा पाएपछि राजा लक्ष्मीनरसिंह मल्ल पश्चात्तापले सिल्लीजस्तो उन्मादको रोगको शिकार बने । छोरा प्रताप मल्लले राजकाजको काममा अयोग्य सम्झी ने० सं० ७६१ मा वृद्ध पिता लक्ष्मीनरसिंह मल्ललाई नजरबन्द गराई कैदमा हालेर काठमाण्डूको गद्दीमा स्वयं राजा घोषित भए। ने० सं० ७६१ को आफ्नो नामको मुद्रा पनि निकाले। अन्त्यमा १६ वर्षसम्म कैदमा नै बसी ने० सं० ७७७ मा वृद्ध राजा लक्ष्मीनरसिंह मल्लले मृत्यु शैय्यामा पल्टी सदाका लागि यो संसार त्यागे ।

शुभ ।। सम्वत् ७४३ जेष्ट मासे शुक्ल पक्षे ।। अष्टमी प्र. नवम्यान्तिथौ जातः ।। अंगार बासरे ।। तदा जात बेला ... तथा तुङ्ग सुभरी धन मेष लग्ने।। अस्यां वेलायां कुल श्री श्री जय लक्ष्मी नरसिंह मल्ल देवस्य द्वितीय पुत्र श्री श्री जय प्रताप मल्ल नाम जातः । दीर्घमायुरस्तु ।।शुभ।।

भीम मल्ल

काजी भीम मल्लले राजकाज सबै आफ्नो गराए तापनि उनी राजा होइनन् । राजा लक्ष्मीनरसिंह मल्लको राज्यव्यवस्थामा काजी भीम मल्लको ठूलो हात थियो । राजा लक्ष्मीनरसिंह मल्लले आफ्नै कान्छी छोरी यिनै भीम मल्ललाई विवाह गरि-

दिएका थिए। यस कारण राजाले यिनलाई दरबारमा काजी पदवी दिई राज्यको बागडोर सुम्पिदिएका थिए। यिनी अर्थशास्त्रका निकै ज्ञाता (विशारद) थिए। काजी भीम मल्ल बुद्धिमान, दूरदर्शी तथा व्यवसाय कुशल थिए। यिनी स्वामीभक्त तथा देशभक्त पनि थिए। यिनले राजा लक्ष्मीनरसिंहको राज्य बढ़ाउन निकै कोशिश गरेका थिए। काठमाण्डूको व्यापार बढ़ाई समृद्धिशाली देश बनाउन जीवन-दान दिन पनि तयार भए। उनी स्वयं ल्हासामा गै आफ्नै बुद्धिले तिब्बतलाई नेपालको अधीन-वर्ती राज्य तुल्याउन संधि गरेका थिए। त्यस सन्धिले गर्दा तिब्बतमा व्यापार गर्ने अधिकार प्राप्त गराए। भोटमा नेपालका व्यापारीहरूको ३२ कोठीहरू खड़ा भयो। त्यसै बेलादेखि नेपालका व्यापारीहरूलाई ३२ कोठीको महाजन भन्न लागे। त्यसै सन्धिको शर्तबमोजिम सन्तानहीन भएर मरेका नेपालीहरूको जायदात नेपाल सर-कारको हुने भयो। यसरी भीम मल्लले कूटनीतिद्वारा ल्हासा, कुती, केरूङसम्म नेपालको विजयपताका फैलाई प्रशस्त सुन-चाँदी लिएर नेपाल फर्केका थिए। त्यसपछि कान्तिपुरको राज्य विस्तार गर्न लागे। काजी भीम मल्लको काममा प्रजाले ठूलो विश्वास गर्न लागे। भीम मल्लको यस्तो चकचकी देखेर दरबारमा विरोधीहरूले राजा लक्ष्मीनरसिंह मल्ललाई काजी भीम मल्ल आफै राजा हुन लाग्यो भनी ठूलो चुक्ली गर्न लागे। प्रजामा यस्तो विश्वास प्राप्त गरेको र ल्हासामा गरेको सन्धिले प्रभावित भएर भक्तपुरका काजीहरूले काजी भीम मल्लको ठूलो स्वागत गरे। यस-बाट काठमाण्डूका भारदारहरू झन् तर्से। तसर्थ दरबारमा ठूलो षड्यन्त्र चल्यो। चाँडै राजा हुने इच्छाले यस कुचक्रमा छोरा प्रताप मल्ल पनि लागे। अब राजा लक्ष्मीनरसिंह मल्लले भविष्य विचार नगरी यी दुष्टहरूको हाहामा लागी निरपराधी, इमान्दार काजी भीम मल्ललाई प्राणदण्ड दिए। काजी भीम मल्लको लाश स्मशानमा जलाउन लगिएको बेलामा निजकी धर्मपत्नी सती गइन् र सती जाने बेलामा उनले ठूलो शोक गर्दै श्राप दिइन्—"नेपाल दरवारमा कसैको पनि विवेक नरहोस्।" यिनको मृत्यु ने० सं० ७६२ पछिमात्र भएको थियो।

अन्त्यमा राजा लक्ष्मीनरसिंह मल्लले बेइमान तथा दुष्ट भारदारहरूको कुचक्र सबै थाहा पाए। निरपराधी, स्वामीभक्त, स्वामीहितेच्छु प्रजाका विश्वासप्राप्त इत्यादि त्यत्रो कामको बदला प्राणदण्ड पाएका इमान्दार मन्त्रीको सम्झनाबाट राजालाई ठूलो पश्चाताप भयो। त्यसैबाट राजा बहुलाउन लागे। आखिर ने० सं० ७७७ मा राजा लक्ष्मीनरसिंह कैदमा नै मरे।

काजी भीम मल्लले आफ्नै नामबाट भीमभक्तेश्वर महादेव पनि स्थापना गरेका थिए। पछि राजा प्रताप मल्लले बाबुका विश्वासी मन्त्री काजी भीम मल्लको

सम्झनामा यटखा टोलमा देवालय बनाई नित्यार्चन गराउन निमित्त गुठीहरू राखी स्वर्गीय मन्त्रीउपर कृतज्ञता ज्ञापन गरे ।

प्रताप मल्ल

वृद्ध राजा लक्ष्मीनरसिंह मल्ललाई ने० सं ७६१ मा कैदमा नजरबन्द गरि-राखेपछि छोरा प्रताप मल्लले काठमाण्डूको गद्दीमा बसी आफूलाई राजा घोषित गरेका थिए । यसै उपलक्ष्यमा ने० सं० ७६१ को आफ्नो नामबाट अंकित मुद्रा पनि निकाले । कान्तिपुरका राजाहरूमा प्रताप मल्ल प्रतापी र नामी राजा थिए । यिनी ठूला विद्वान् र कवि थिए । यिनले रचेका कविताहरूका शिलालेखहरू देखेर मल्ल-कालमा राजाहरू कत्तिका विद्वान् थिए भन्ने स्पष्ट बोध हुन्छ । काठमाण्डूका मल्ल



राजा प्रताप मल्ल, गुहेश्वरी (जन्म ने० सं ७४३, मृत्यु ने० सं० ७९४, राज्यकाल ने० सं० ७६१-७९४)

राजाहरूमध्ये हिजोआज यिनको शिलालेखजति अरू कुनैको देखिंदैन । जुन शिला-लेख हेरे पनि राजा प्रताप मल्लको नै ज्यादा देखिन्छ । यिनी धेरै भाषाका विद्वान् पनि थिए । यिनले १५ भाषाबाट लेखेका रचना आजसम्म हनुमानढोका दरबारको पश्चिमतिर मुख गरेको भित्तामा टाँसिराखेको आजसम्म विद्यमान छ । यिनी वीर र

साहसी राजा थिए। यिनको दरबारमा ठूला-ठूला विद्वान्हरूको ठूलो जमघट हुन्थ्यो। यिनी विद्वान्हरूलाई दरबारमा ठूलो सत्कार गरी राख्थे। तान्त्रिक विद्यामा प्रताप मल्ल निपुण थिए। प्रसिद्ध तान्त्रिक विद्वान् लम्बकर्ण भट्ट र नरसिंह ठाकुर यिनको दरबारका रत्न थिए त्यस्तै, गानबजानमा पनि प्रताप मल्ल ठूला शौकिन थिए। दरबारमा एकातिर गवैयाहरूको जमघट भै दरबार नै गुञ्जायमान भैरहन्थ्यो। राजा प्रताप मल्ल विलासी भएकाले अर्कोतिर अत्यन्त राम्रा केटीहरूले भरीभराउ भएको खोपी हुन्थ्यो। उनी तरवार चलाउनमा पनि सिपालु थिए। त्यस्तै, पुस्तक पढ्नमा पनि। यिनले उच्च-उच्च कविताहरू रचना गरी कविन्द्र भन्ने पदवी ग्रहण गरेका थिए। यिनले विद्वान्हरूको संरक्षण गरी संस्कृत ग्रन्थहरू धेरै लेखे।

यिनले कूचबिहारका रूपवती, अनन्त प्रियादेवी, प्रभावती र भगवतीपुरका लीलावती देवी नाम गरेकी राजकन्याहरू विवाह गरेका थिए। वंशावलीमा त ३०० रखौटेहरू छन् भनी लेखिएको छ। यिनका ५ छोराहरू – भूपतेन्द्र मल्ल, चक्रपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल नाम गरेका थिए। तर राजा जीवित छँदै राजकुमार भूपतेन्द्र मल्ल र चक्रपतेन्द्र मल्लको मृत्यु भएको थियो।

धार्मिक तथा निर्माण कार्यहरू

राजा प्रताप मल्लले राखेर गएका कीर्तिहरूमध्ये धेरैजसो आजसम्म नै मौजूद छन्। यिनले हरेक वर्गका धर्म-कार्य बराबर सम्झन्थे। बौद्धमार्गमा पनि यिनले धेरै कीर्तिहरू राखेर गएका थिए र धेरै चैत्यहरू पनि स्थापना गरे। ने० सं० ७६९ फाल्गुण कृष्ण सप्तमीका दिनमा हनुमानढोका दरबारको पश्चिमतिर यिनले राधाकृष्ण स्थापना गरी अष्टकोण आकृतिमा मन्दिर बनाउन लगाई सूर्यवंशी राजा रत्न मल्लदेखि राजा प्रताप मल्लसम्मको वंशावली अंकित गराई पूजाको निमित्त गुठी राखी शिलापत्र राखेका थिए। ने० सं० ७७४ मा यिनले श्लेष्मान्तक वन आवाद गर्दा पत्ता लागेका गुहेश्वरीको कुण्डलाई खोज्न नपर्ने गरी राम्रो मन्दिर बनाउन लगाई मन्दिरभित्र अष्ट मातृकागण देवीहरूको मूर्ति स्थापना गरी ठूलो ढुङ्गाको खम्बामा श्लोक लेख्न लगाई ढुंगाको सिंहले सुशोभित गरी आफ्नो सानु शालिक पनि राखेका थिए। बयानहरू सबै मन्दिरभित्र नै कछुवाको माथि ठूलो ढुंगामा लेखिराखेको आजसम्म मौजूद छ। ने० सं० ७७५ मा पशुपति मन्दिरमा गजूर चढाई रानी साथ राजाको शालिक पनि यिनले राखेका थिए। यिनले पशुपतिमा नै तुलादान गरी ठूलो ढुंगामा श्लोक लेख्न लगाएका थिए। यिनले यसै उपलक्ष्यमा आफ्नो नामको मुद्रा पनि चलन-चल्तीमा ल्याए।

यिनले दरबारमा रजस्वला नभएकी बालिकालाई जबरजस्ती भोग गरेकोले मृत्यु भएबाट राजा प्रताप मल्लले प्रायश्चित हटाउन पशुपतिमा कोटी लिङ्ग स्थापना गरी आफू पनि केही महिना पशुपतिमा नै बस्न गएका थिए। त्यही वर्षमा यिनले स्वयम्भूमा प्रतापपुर र कविन्द्रपुर स्थापना गरी धेरै मन्दिरहरूको समेत जीर्णोद्धार गरे। ने० सं० ७८८ आषाढ़ शुक्लमा स्वयम्भूमा ठूलो बज्र पनि चढ़ाएका थिए। ने० सं० ७८३ जेष्ट शुक्ल द्वितीयाका दिनमा विष्णुमती खोलामा पुल हाली शिलालेख राख्न लगाएका थिए। ने० सं० ७८१ फागुन कृष्ण बुधवारका दिनमा भक्तपुरको महाकाली स्थाननेर नारायण स्थापना गरी पूजा चलाउन गुठी राखिदिएका थिए। ने० सं० ७७५ आषाढ़ शुक्ल सप्तमीको दिनमा शंखपुर (साँखु)-को बज्रयोगिनीको देवल बनाई गजूर चढ़ाई आफैले श्लोक बनाई आफ्नै शालिक राखी आफ्नै परिवारको नाममा गुठी पनि राखिदिएका थिए। ने० सं० ७७० माघ शुक्ल पूर्णिमाको दिनमा पशुपति मन्दिरको ईशान कोणमा (पूर्व-उत्तर) वासुकी नारायणको मन्दिर बनाउन लगाई गजूर चढ़ाई प्रतिष्ठा गरे। ने० सं० ७७५ आषाढ़ शुक्ल सप्तमीको दिनमा



भण्डारखाल पोखरी, कान्तिपुर

भीमसेन-स्थानमा द्रौपदीसहित भीमसेन स्थापना गरी शिलापत्र राखेका थिए। यिनले इन्द्रयात्राभरि राख्ने सुनको मोलम्मा भएको विश्वरूप पनि ने० सं० ७७७ श्रावण शुक्ल पूर्णिमाको दिनमा राखेका हुन्। ने० सं० ७९२ वैशाख महिनामा यिनले भूत

प्रेतको विघ्न-बाधा हटाउन दरबार को अगाडि हनुमान स्थापना गरी हनुमान ढोका भन्ने नाम चलाए। ने० सं० ७८० तिर यिनले भन्डारखालमा पोखरी खनेर बूढानीलकण्ठदेखि कुलो खनी ल्याएर पानीले भरिदिएका थिए। बूढानीलकण्ठजस्तै नारायणको मूर्ति स्थापना गरे। बूढानीलकण्ठ भगवानले अबउप्रान्त तिमी, तिम्रा सन्तानले अथवा तिम्रा उत्तराधिकारीहरूले मेरो दर्शन गर्न आएमा मृत्यु हुनेछ भनी सपना देखाएकोले आजसम्म नेपालका राजाहरूले बूढानीलकण्ठको दर्शन गर्न हुँदैन भन्ने चलन चलेको छ। यिनले हनुमानढोकाभित्र नासलचोकमा ने० सं० ७९३ आषाढ कृष्णमा नृसिंह पनि स्थापना गरेका थिए। यिनै राजाले दरबारभित्रका धेरै चोकहरू थपेर सुन्दरी चोक, कालिकाचोक, नासलचोक इत्यादि नाम राखे। यिनले देउपाटनको आर्यघाटमा पनि ढुंगाले छापी मनोहर पारेका थिए। यीबाहेक राजाले देगुतले वासुकी, भीमसेन र तलेजु मन्दिर इत्यादिलाई जीर्णोद्धार गरी राम्रो कलाकृति पारिदिएका थिए।

छोरा चक्रपतेन्द्र मल्लको मृत्यु बाबुको जीवित अवस्थामा नै भएको हुँदा आमाले झ्यादै शोक गरेकोले रानीलाई शोक हटाई सान्त्वना दिन राजाले ने० सं० ७९० कार्तिक शुक्ल पूर्णिमाको दिनमा धेरै तीर्थको जलले युक्त गरी एउटा अति सुन्दर र मनोहर पोखरी बनाउन लगाई पोखरीको बीचमा शिवालय स्थापना गरिदिएका थिए। यिनले दक्षिण किनारमा राजा र रानी चढेको ढुंगाको ठूलो हात्ती पनि राखेका थिए। फेरि यिनै राजाले पोखरीको दक्षिणतिर मूल बाटोनेर यात्रुहरूलाई वास बस्न गोल पाटी पनि बनाइदिएका थिए। यिनले हनुमानढोका र देगुतले मन्दिरको अगाडि ने० सं० ७९० मा ठूलो ढुंगाको खम्बामा आफू र छोराहरूले हात जोडी बसेको सुनको मोलम्मा भएको शालिक पनि चढाएका थिए। यिनले नागार्जुनको पहाड खनाउन लगाउँदा फेला परेको ठूलो ढुंगाको कालभैरवको मूर्तिलाई राम्रो पारी बनाउन लगाई दरबारको अगाडि नै उत्तर मुख पार्न लगाई स्थापित गरिदिए। राजाले कसैको झगड़ा पर्दा त्यस कालभैरवको अगाडि देवतालाई छुवाई किरिया खान लगाई मुद्दा फैसला गर्ने चलन चलाएका थिए। झुठा बोल्नेले मर्नुपर्ने भनी सबैमा विश्वास पार्न लगाए। यी राजाको पालामा दक्षिण भारतबाट आएका ज्ञानानन्द नाम गरेका एक संन्यासी स्वामीले पशुपति दर्शन गरी राजासँग भेट गर्न

जाँदा राजाले उनलाई पशुपतिको पुजारी बनाई देउपाटनमा नै बस्न लगाएका थिए । यिनै स्वामीको उपदेशअनुसार पशुपतिनाथकहाँ सालिन्दा धागो चढाएर पवित्रारोहण पूजा (पुच्छा) गर्नुपर्ने रीत चलाइदिएका थिए । राजा प्रताप मल्लले कोटि होम पनि धेरै पटक गरेका थिए ।



रानीपोखरी, कान्तिपुर

साहित्य :-

राजा प्रताप मल्ल ठूला विद्वान् र कविता रचना गर्नमा निपुण थिए । यिनी संस्कृत, नेवारी, हिन्दी, फ्रेंच, इङ्गलिश र रोमन इत्यादि भाषाका ज्ञाता पनि थिए । यिनले नेपालको साहित्य उत्थान गर्ने निमित्त विदेशबाट ज्ञानानन्द र लम्बकर्ण भट्टजस्ता विद्वान्हरू झिकाई साहित्यको ठूलो विकास गरेका थिए । यिनले बौद्ध तथा शिवमार्गीहरूको साहित्य-उत्थानमा पनि ठूलो योगदान गरे । संगीतमा पनि प्रताप मल्ल शिक्षक तथा ठूला मर्मज्ञ थिए । राजा प्रताप मल्ल आफैं गवैया भएकाले गान-बजानमा त्यस बेला ठूलो उन्नति भएको थियो । नाटक खेल्नमा राजा प्रताप मल्लको कलम खूब तीखा भएकोले त्यस वेला धेरै नाटकहरू लेखिए । यिनले जामुना

गुभाजू र लम्बकर्ण भट्टको सहायताले धेरै नाटकहरू लेखी आफैले अभिनय गरी देखाएका पनि थिए। यिनले तुलादान गरेको उपलक्ष्यमा वंशमणि विरचित गीतिनाटक



हनुमान ढोका, कान्तिपुर

अभिनय गरी देखाएका थिए। राजा प्रताप मल्ल नृत्य गर्नमा पनि सिपालु थिए। त्यस बेला उनको साहित्यको उन्नति भएको कुरा सुनेर चीनको बाटो गरी इसाई धर्म-प्रचारक ग्रोवर र डोरवीर नाम गरेका दुई पादरी नेपाल आएको बेलामा राजा प्रताप मल्लले उनीहरूको ठूलो स्वागत गरी दरबारमा लगेका थिए। यी पादरी-हरूले पनि राजा प्रताप मल्ललाई एक आधुनिक दूरबीन दिएका थिए जसबाट राजा प्रताप मल्ललाई लडाईमा धेरै उपयोगी भएको थियो। राजा प्रताप मल्लले हरेक शिलापत्र, तामापत्र तथा सोनापत्रमा महाराजाधिराज श्री तीन कवीन्द्र जय प्रताप मल्ल भनी लेख्ने गर्दथे। यिनी विभिन्न राग-तालका ज्ञाता पनि थिए।

दिग्विजय :—

राजा प्रताप मल्ल सानै उमेरदेखि नै नेपाल राज्यलाई विस्तृत पार्ने इच्छा भएका व्यक्ति थिए। राजा यक्ष मल्लले टुक्रा गरेर गएको ३ शहरलाई एकै राज्य तुल्याउने यिनको मुख्य विचार थियो। यिनले राजा हुनुभन्दा पहिले नै छिमेकी राज्यहरूमाथि हमला गरी धेरै किल्लाहरू जितिलिएका थिए। ने० सं० ७५७ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले कृष्ण मंदिर स्थापना गरिरहेको उपलक्ष्यमा मौका पारी पाटनमा यिनले हमला गरे। तर त्यस बेला पाटनमा धेरै राजाहरू

जम्सा मै बसेकाले हमला सफल भएन। यिनी कहिले भक्तपुरसंग मतो गरी पाटनमा हमला गर्दथे, कहिले पाटनसंग मिली भक्तपुरमा हमला गर्दथे। यिनले ने० सं० ७८३ जेष्ट अष्टमीका दिन पाटनसंग मिलेर भक्तपुरका राजा जगतप्रकाशलाई कायल पारेका थिए र भक्तपुरको टुंड़िखेलको पुछारमा रहेको 'न्हुपुखु'लाई बिगारी त्यहाँ भएको अत्यन्त राम्रो नागको टाउको लुटेर ल्याई आफ्नो दरबार हनुमानढोकामा सिगारेका थिए। यिनले भक्तपुरको इलाका नालामा पनि हमला गरी जितिलिएका

नृत्य-मुद्रामा राजा प्रताप मल्ल

थिए। भक्तपुरका राजा जगतप्रकाश मल्लले चांगुको छाउनीमा हमला गरी ८ जना मारेको र २१ जनालाई कैदी बनाएको कुरा सुनेर पाटन र काठमाण्डू मिली भक्तपुरको ठिमीमा हमला गरेका थिए। यस बेला भक्तपुरका राजा जगतप्रकाश मल्लले हात्ती र धेरै धन दिएर राजा प्रताप मल्लसंग क्षमा मागेका थिए। राजा प्रताप मल्लले मकवानपुर, गोरखा, तनहुँ र विजयपुर इत्यादि राज्यहरूमाथि हमला गरी धेरै हात्ती लिएका थिए। यिनले कुती, केरुङ्ग पनि आफ्ना अधिकारमा ल्याई छिमेकी राज्यहरूको बाटो बन्द गराई हायल-कायल पारेका थिए। प्रताप मल्ल शस्त्र चलाउनमा सिपालु भएकाले लड़ाईंमा आफै लड्न जान्थे। यिनले नेपाल

उपत्यकामा मात्र होइन, बाहिर पनि हमला गरी आफ्ना बहादुरीको परिचय दिएका थिए ।



न्यू रोड—कान्तिपुरको एक दृश्य

सामाजिक तथा राजनीतिक कार्य :

राजा प्रताप मल्ल हमेशा आफ्ना प्रजाहरूलाई कसरी सुख-शान्ति होला भन्ने चिन्तामा व्यस्त रहन्थे। राजा प्रताप मल्लको पालामा एकपल्ट अनावृष्टि भै प्रजामा ठूलो हाहाकार मच्चियो । राजाले धेरै विद्वान्हरू बोलाई सल्लाह गरे । आखिर शान्तिपुरमा नागको रगतले लेखिराखेको 'पौबा:' (कपड़ामा लेखिराखेको चित्र) बाहिर ल्याई पूजा गर्न पाएमा वृष्टि हुने कुरा थाहा पाए । धेरै मानिस तथा त्यहाँका वज्राचार्यहरूले समेत ल्याउन नसक्दा राजा आफै सो पौबा: लिन गए । त्यहाँ राजाले भूतप्रेतको ठूलो सामना गर्नुपर्‍यो । आफ्ना प्रजाको लागि डर त्रासलाई तिलाञ्जली दिई ठाउँ-ठाउँमा पूजा-पाठ गरी श्लोकका शिलालेख लेखाई सो पौबा: बाहिर ल्याएर पूजा गरी प्रशस्त पानी पार्न लगाएका थिए । पशुपति, गुह्येश्वरी, स्वयम्भू, वज्रयोगिनी, चांगु, गोकर्णेश्वर आदि प्रसिद्ध देवस्थलमा विद्वान् ब्राह्मण तथा वज्राचार्यहरूद्वारा पाठ-पूजा गर्न लगाए तापनि पानी पार्न नसकेकोले राजा प्रताप मल्लले स्वयम् शान्तिपुरमा प्रवेश गरेका थिए ।

स्वामी ज्ञानानन्दको उपदेशबमोजिम राजा प्रताप मल्लले आफ्ना छोरालाई एक-एक वर्ष तालीम दिएर गद्दीमा बस्न लगाई राज्य गर्न लगाएका थिए । गद्दीमा बसेको

वेलामा छोरौँहरूको नाममा मुद्रासमेत निकाल्न लगाएका थिए। तर छोरा चक्रपतेन्द्र मल्ल चार दिनमात्र राज्य गरी मरे। त्यस बेला नेपालमा बोक्सीहरूले सान्है दुःख दिएकोले चैत्र बदी चतुदर्शीको दिनमा पीठमा पूजा गर्न गएका बोक्सीहरू कति छन् भनी मन्त्रद्वारा शहरभित्र आउन नसकिने गरी सबै बोक्सीहरूलाई त्यहीं नै रोकी राखेका थिए। पछि ठूला-ठालाका पत्नीहरू धेरै देखिएकाले सबैलाई छोड़िदिए। देशमा व्यापार बढ़ाउन राजाले भारतसंग सम्बन्ध गराउन वैवाहिक सम्बन्ध जोड़ी नेपालको उन्नति गरेका थिए। यसरी राजा प्रताप मल्लले नेपालको हरतरहले भलाइ गरी ने० सं० ७९४ चैत्र शुक्ल एकादशीका दिनमा राति हरसिद्धिको नाच हेरिबसेको बेलामा राजा प्रताप मल्लको अचानक मृत्यु भयो। राजाको शव राजदीपमा दाहसंस्कार गर्दा नौजना रानीहरूमात्र सती गएका थिए। राजा प्रताप मल्लको मृत्यु हुनुभन्दा पहिले कान्छा छोरा महीपतेन्द्र मल्ललाई राज्य दिने प्रबन्ध मिलाई गएका थिए। वंशावलीमा देवी अति सुन्दरी भै मनुष्यको रूप लिई हरसिद्धिको नाच हेरिरहेकीलाई राजा प्रताप मल्लले हातपात गर्न गए। देवी रिसाएर तिमी अति व्यभिचारी रहेछौ, तिम्रो राज्य यतिमात्र हुनेछ भनी देवी लोप भइन् र केही बेरपछि नै राजाको मृत्यु भयो भनी लेखिएको छ। राजा प्रताप मल्लका रत्न जामुना गुभाजूका विषयमा एउटा यस्तो रोचक कथा छ :—

कान्तिपुरका शहरमा दक्षिण भारत (कामरूप कामाक्षा)-बाट एकजना चट्की आएर टोल-टोलमा गएर जिउँदो मानिसको शरीरलाई टुक्रा-टुक्रा पारेर फेरि जोड़ी जस्ताको त्यस्तै गरेर तयार पारिदिन्थ्यो। खेल आधा भएपछि चटकीले दर्शकहरूसंग पैसा माँगेर जम्मा पार्दथ्यो। यस प्रकार चटकीले धेरै पैसा कमायो। एक दिन कुसुम बहालमा चटकीले चटक देखाइरहेको बेलामा जामुना गुभाजूका दुईजना शिष्यहरू चटक हेरेर गुरुकहाँ अलि अबेर गरी गएछन्। गुरुले अबेर भएको कारणहरू सोद्धा शिष्यहरूले चटकीले गरेको चटकमा मानिसहरूले तारीफ गरेको कुरा जाहेर गरे।

अर्को ठाउँमा चटक गरिरहेको बेलामा जामुना गुभाजूले पनि आफ्ना शिष्यहरूलाई एउटा ढाकर (कुखुरा छोप्ने डोको) दिएर मरुहिटीमा पानी थापी ल्याउने काम अह्राए। तर शिष्यहरूले गुरुको अगाड़ि केही भन्न सकेनन्। अन्हाएको काममा बाटामा पुग्दा हाम्रो गुरु त बहुला हुन आँट्यो कि ? भन्दै धारातिर लागे। गुरुबाट अन्हाएको धाराको पानीले भिजाउन तिनीहरूले पानीको धारामा ढाकर राख्दा ढाकरको प्वाल बन्द भएर ढाकर पानीले भरियो। त्यस्तो प्वाल भएको ढाकरमा पानी अड़ेको देखेर ताज्जुब मान्दै पानी छयाक्-पाक-छयाक-पाक गर्दै पानीले भरिएको ढाकर बोकेर तिनीहरू गुरुको घरतिर लागे। त्यस बेला चटकीले बहुसंख्यामा तमासेहरू जम्मा पार्दै चटक देखाइराखेको थियो। ढाकरमा पानी बोकेर ल्याएको देखेर तमासेहरू चटक हेर्न छोड़ेर त्यसतिर दगुरे। चटकीले मेरो तमासाभन्दा यो तमासा पो राम्रो रहेछ। अब यसलाई बिगार्न पन्यो

भनी मन्त्र गरेर ईंटको टुक्रालाई पानी भएको त्यस ढाकरमा खसालिदियो। ढाकरको प्वालबाट पानी सबै बगेर गयो। त्यसपछि शिष्यहरूले खालि ढाकर त्यसै लिएर गुरुकहाँ वृत्तान्त जाहेर गर्न गए।

शिष्यहरू आफ्नो घरमा गइसकेपछि त्यस चटकीको घमण्ड नतोड़ी कहाँ छोड्छु भनी गुरुले विचार गर्दै रहे। अर्को दिनमा त्यस चटकीले मरुटोलमा धेरै मानिस-हरू जम्मा पार्दै जिउँदो मानिसलाई मारी शरीरको मासु टुक्रा-टुक्रा गरी भाग लगाई देखाइरहेको मौकामा जामुना गुभाजूले चीलको रूप लिएर भाग लगाई देखाइरहेको मुटु नै टपक्क टिपेर सुइँकुच्चा ठोके। चटकीले मुटु नभएको मानिस बचाउन सकेन। सबै दर्शकहरूले हाम्रो मानिस जिउँदो गराइदेऊ भनी चटकी-लाई पक्राउ गरे। चटकीको होशहवास उड्यो। जामुना गुभाजूले त्यस मुटुलाई आफ्नो घरमा राखेर सधैंजस्तै बाख्रा चराउन बाहिर गए। सबै दर्शकहरूले हाम्रो मानिस बचाउन नसकेमा चटकीलाई ज्यानको बदला ज्यान नै लिनुपर्छ भनी ठूलो हुल मचाए। अब एक-दुईजना बूढापाकाहरूले चटकीलाई यो काम हाम्रो जामुना गुभाजूको हुनुपर्छ। उनका शिष्यहरूले ल्याएको ढाकरको पानीमा मन्त्रद्वारा ईंटको टुक्रा हालिदिएको इबीमा तिमीलाई यस्तो गरेको हुनुपर्छ। त्यसैकहाँ बिन्तिभाव गर्न गए बढ़िया होला भनी सल्लाह दिए।

श्री जामुना गुभाजूको खोज-तलाश गर्दै चटकी सरासर घरमाथि गयो। त्यस बेला जामुना गुभाजूकी स्वाम्नी गुभानी आफ्नो खुट्टा चूल्हामा बालेर जाँड बनाउन चामल उसिन्न लागेकी रहिछन्। चटकीले सो काम देख्नासाथ यिनी त गजबकी आइमाई रहिछन्, त्यो काम यिनैको हुनुपर्छ भनी विचार गरेर ती गुभानीसंग हात जोड़ेर थर-थर काँप्दै रोई मेरो ज्यान बचाइदिनुहोस् र मेरो मुटु दिनुहोस् भनी बिन्ति गर्‍यो। गुभानीले मलाई यो कुरा थाहा छैन, मेरा स्वामीले ल्याएको भए तिनैकहाँ जानु भनी सल्लाह दिइन्। त्यस बेला जामुना गुभाजू विष्णुमती पारि-को रूखको फेदमा बसेर आफ्ना बाख्रालाई खुट्टाले स्याउला खुवाइरहेका थिए। त्यस चटकीले बल्ल-तल्ल जामुना गुभाजूलाई देखे। चटकीले टाढादेखि नै हात जोड़ी थर-थर काँप्दै मैले हजूरलाई चिन्न सकिन। मेरो कसूर माफ गरिबक्स्योस् भनी बिन्ति गर्‍यो। जामुना गुभाजूले मुसुमुसु हाँसेर भने—मुटु मेरो घरमा छ। यो रूखको टुप्पा समातेर मेरो बाख्रालाई स्याउला खुवाउँदै गर। चटकी खुशीसंग रूखको टुप्पा समात्न गयो। चटकीले रूखको टुप्पा समात्ने-बित्तिकै गुभाजूले छोड़िदिनासाथ रूखको टुप्पाले चटकीलाई आकाशसम्म पुर्‍या-इदियो। त्यो तमासा देखी त्यहाँ जम्मा भएका सबै गद्‌गद भई हाँस्न लागे।

जामुना गुभाजूले त्यस चटकीलाई साथै लगेर मुटु घरबाट झिकिदिए। चटकी हर्षित हुँदै दगुर्दै गई मरेको मानिसलाई जिउँदो गराई अबदेखि मेरो चटक नेपालमा

देखाउने छैन, नेपालमा मभन्दा जान्ने मानिस धेरै रहेछन् भनी नेपालबाट कुलेलम ठोक्यो । यो घटना ने० सं० ७७५ तिरको हो ।

नृपेन्द्र मल्ल

राजा प्रताप मल्लले आफू जीवित अवस्थामा नै कान्छा छोरालाई राजा बनाउने नियम बनाएर गएका थिए तर सो कुरामा भारदारहरूको चित्त बुझेन । राजाको मृत्यु हुनासाथ राजदरबारमा षड्यन्त्र शुरू भयो । श्री लक्ष्मीनारायण जोशीले, जो काठमाण्डू मरू टोल निवासी थिए, महिपतेन्द्रलाई मारिदिए । यसरी राजदरबारमा गोलमाल भै ने० सं० ७९४ (वि० सं० १७३०) मा प्रताप मल्लको निधनपछि भक्तपुरका राजा जितामित्र मल्ल र पाटनका राजा श्रीनिवास मल्लको सहयोगद्वारा राज्यको बागडोर सबै काहिंला छोरा नृपेन्द्र मल्लले लिए । यिनले ने० सं० ७९४ मा आफ्नो नामको मुद्रा पनि निकालेका थिए । त्यस बेला यिनी १२ वर्षका थिए । तसर्थ राज्यको काम-काज सबै पाटनमा भागी बसेका देवीदास (चिकुटी)-ले आफ्ना सबै विरोधीहरूलाई सखाप पारेर मन्त्री भै आफ्नो हातमा लिने मौका प्राप्त गरे । त्यस बेला मुख्य मन्त्रीलाई चौताराको नामले सम्बोधन गरिन्थ्यो । चौतारा देवीदास (चिकुटी) इन्द्रचोकका बासिन्दा थिए । यी चिकुटीले राज्यको काममा आफ्ना इष्टमित्रहरूलाई ठूलो ठूलो पद दिएर भर्ना गरे र आफ्नै सहोदर दाज्युलाई देउपाटनको बड़ाहाकिमको पदमा नियुक्त गरी पठाएका थिए । ने० सं० ७९५ वैशाख कृष्ण एकादशीको दिनमा राजा नृपेन्द्र मल्लको शुभ विवाह सुसम्पन्न भएको थियो । यस उत्सवमा भक्तपुर र पाटनका राजाहरू पनि शामेल भएका थिए । यिनकी रानी-को नाम जयलक्ष्मी देवी थियो । राजा नृपेन्द्र मल्ल ठूला भै बुद्धि पाको हुँदै आएपछि बाबुजस्तै विद्वान् र धर्मात्मा व्यक्ति हुने ठूलो इच्छा भयो । तर दरबारमा मन्त्रीहरू (भारदारहरू)-बाट सो इच्छा पूरा भएन । यिनले पशुपतिमा सानु साँढे चढ़ाएका थिए जो आजसम्म मन्दिरको पश्चिममा यथावत् कायम रहेको छ । यिनले ६ वर्ष-सम्म मात्र राज्य गर्न पाए । यति छोटो अवधिमा र सानू उमेरमा नै कान्तिपुरमा धेरै देव-देवीहरूका गुठीहरूको सुधार गरे । कुनै-कुनै ठ्यासफुको आधारमा ने० सं० ७९७ फागुन शुक्ल द्वितीयाको दिनमा श्री नृपेन्द्र मल्ल, श्री पार्थिवेन्द्र मल्ल र श्री महिपतेन्द्र मल्ल तीनैजना दाज्यु-भाइहरूले दीक्षामन्त्र ग्रहण गरी श्री देगुतले देवता दर्शन गर्न गएका थिए । यसै बेला ने० सं० ७९७ चैत्र कृष्ण त्रयोदशीका दिनमा श्री ३ कीलेश्वर महादेवको मन्दिर बनाई पञ्च समुच्चयन गरी राजाले गजूर चढ़ाएका थिए । अन्त्यमा राजा नृपेन्द्र मल्लको ने० सं० ८०० जेष्ट कृष्ण एकादशीको दिनमा रात्रि बेला १८ वर्षको उमेरमा असामयिक मृत्यु भयो ।

राजदीपमा उनको दाहसंस्कार गरेको बेलामा नौजना रानीहरू सती गएका थिए भनी वंशावलीमा लेखिएको छ। रानी जयलक्ष्मी देवी सती जान पाइनन्। यिनले ने० सं० ८०२ मा भवानीशंकरको मन्दिर बनाएकी थिइन्।

मन्त्री देवीदासको उपनाम चिकुटी थियो। यी मानिसमध्येमा एक कहलिएका व्यक्ति थिए। यिनको ३ शहरमा धेरै जग्गा-जमीन थियो। दरबारमा आफ्नो हातमा शक्ति आएपछि यिनले धेरै धर्मकीर्ति राखेका थिए। ने० सं० ७९४ मा मच्छिन्द्र बहालको पछाडि भवानीशंकरको ठूलो मन्दिर बनाई १०० रोपनी जग्गाको गुठी राखिदिएका थिए। हिजोआज त्यो देवल नौ देवल भनी प्रख्यात भएको छ। यिनले ने० सं० ८०२ माघ कृष्ण नवमीको दिनमा पशुपतिमा शालिक पनि राखेका थिए। ने० सं० ७९६ कार्तिक पूर्णिमाको दिनमा पशुपति जाने पश्चिम ढोकामा सुनको जलप लगाएको तोरण र ६४ लिङ्ग जाने मूल ढोकामा पनि ने० सं० ७९६ कार्तिक शुक्लमा नै सुनको जलप लगाएको तोरणसहित ढोका तिनैले बनाए तर खापा एक वर्षपछि मात्र चढ़ाएका थिए।

राजा नृपेन्द्र मल्लको पालामा नघल टोलमा स्थापना भएको काठेसिंभु चैत्य-विषयक एक रोचक कथा छ। कथा यस प्रकार छ :—

कान्तिपुर तक्षेबहाल बस्ने समन्तभद्र गुभाजू काशी गएको बेलामा त्यहाँ जैनहरूले चैत्य निर्माण गरेर स्थापना गरे। पूजा-सामानहरू सबै तयार भैसकेपछि कसको हातबाट प्रतिष्ठा गर्न लगाउने भनी जैनहरू सल्लाह गरी बसे। ठीक त्यही मौकामा हाम्रा समन्तभद्र गुभाजू त्यहाँ पुगेकाले श्री गुभाजूको हातद्वारा नै प्रतिष्ठा गर्न दिने सबैको निर्णय भयो। सबै जैनहरूले गुभाजूलाई ठूलो सत्कार गरी त्यस मन्दिरको प्रतिष्ठा गर्न लगाए। गुभाजूले पनि गगाजीमा गई चोखो पानी ल्याएर त्यस चैत्य मन्दिरमा पानी छर्के र प्रतिष्ठा भैसक्यो भनी सबैलाई सुनाए। यज्ञ र पूजा गर्न ल्याइ-राखेको सरजामहरू त्यसै राखिछोड़ेकोले यो कसरी प्रतिष्ठा भयो भनी सबैको मनमा असन्तोष र अविश्वास भएको जाहेर गरे। समन्तभद्र गुभाजूले यदि तिमीहरू मैले प्रतिष्ठा गरेको पत्याउँदैनौ भने यस चैत्यलाई नेपालमा नै उठाएर लैजानेछु भने। सबैले कसरी भनी सोधे। यस चैत्यलाई तिमीहरूले शक्तिले भ्याएसम्म ठूलो-ठूलो डोरीले बाँधेर तानी बस्नु, गुभाजूले सबैलाई भने। सबैले आश्चर्य मानेर ठूलो-ठूलो डोरी ल्याएर मस्काएर बाँधी बलपूर्वक त्यस मन्दिरलाई तानेर बसे। श्री समन्तभद्र गुभाजूले मन्त्रद्वारा ३ फेरा चुट्की बजाईदिंदा त्यो मन्दिर गुभाजूसंगै सरासर उड़ेर आयो। ४।५ दिनको बाटोसम्म तिनीहरू सबैले बलपूर्वक तानेर बस्दा पनि थाम्न सकेनन्। आखिर विवश भै त्यस चैत्य मन्दिरलाई त्यसै छाड़िदिए। गुभाजूले मन्त्रद्वारा त्यस

चैत्यलाई नेपालसम्म आफ्नो साथमा ल्याएर कान्तिपुर नघल टोलमा ने० सं० ७९४ मा स्थापना गरी काशी-स्वयम्भू नामले प्रख्यात गराए। हिजोआज त्यस चैत्य मन्दिरलाई काठेसिम्भू पनि भन्दछन्।

पार्थिवेन्द्र मल्ल

राजा नृपतेन्द्र मल्लको मृत्यु भएको १४ दिनपछि भक्तपुरका राजा जितामित्र मल्ल र पाटनका राजा श्रीनिवास मल्ल काठमाण्डू आई प्रताप मल्लका कान्छा छोरा पार्थिवेन्द्र मल्ललाई कान्तिपुरको राजगद्दीमा बसाली राजतिलक दिए र ने० सं० ८०० मा पार्थिवेन्द्र मल्ल नाम अंकित मुद्रा पनि निकालिदिए। यिनको विवाह ने० सं० ७९५ जेष्ट शुक्ल चतुर्दशीको दिनमा सुसम्पन्न भएको थियो। सो समारोहमा भक्तपुरका राजा जितामित्र मल्ल र पाटनका राजा श्रीनिवास मल्ल पनि उपस्थित भएका थिए। राजा पार्थिवेन्द्र मल्लको नाममा ठाउँ-ठाउँमा शिलालेखहरू पनि लेखाई राख्न लगाए। ती लेखमध्ये तलेजु मन्दिरको अगाड़िको शिलास्तम्भ पनि एक हो। सानै उमेरका भए तापनि राजा पार्थिवेन्द्र मल्लले बाबुजस्तै विद्वान् हुने सूर गरेका थिए। यिनी सानै उमेरमा धार्मिक प्रवृत्ति भएका थिए। यिनी ने० सं० ८०१ मा गोसाईंकुण्डमा स्नान गर्न गएका थिए। त्यस बेला राजाले फर्कने बेलामा त्यहाँ (गोसाईकुण्डमा) दक्षिणतिर शिवलिङ्ग पनि स्थापना गरेका थिए। ने०सं० ८०२ मा नेपालमा ठूलो हिमपात भयो र श्री पशुपतिनाथको उत्तरढोकाबाट रगत बगेर आएको थियो। ने० सं० ८०५ मंसिर महिनामा हनुमानढोका दरबारमा थुनिराखेका श्री महिपतेन्द्र मल्ल रातको समयमा दरबारको भित्तामा प्वाल पारी पर्खालमा भऱ्याङ्ग राखी निस्केर ललितपुरमा सुईंकुच्चा ठोकी भागेको कुरा कुनै-कुनै ठ्यासफुमा उल्लेख छ।

पार्थिवेन्द्र मल्ल, कान्तिपुर

राजा पार्थिवेन्द्र मल्लको राज्यकालमा चौतारा पदमा चिकुटी नै भए तर चौतारा (प्रधान मंत्री) चिकुटीको बढ्दो शक्ति देखी दरबारमा भारदारहरूको उनीसित डाह भै ठूलो षड्यन्त्र गर्न लागे। चौतारा चिकुटीले

दरबारमा षड्यन्त्र रचेको देखी ने० सं० ८०३ कार्तिक शुक्ल अष्टमीका दिनमा आफ्ना परिवारसहित केही आफ्ना अनुयायीहरू लिएर दरबारबाट भागेर पाटनमा गए। त्यहाँ पनि सुरक्षा नहुने देखेर चिकुटी ४ दिनपछि बुधरसीं नाम गरेको गाउँमा बस्न गए।

दरबारमा भारदारहरूको पेंचा-पेंच परी ठूलो-ठूलो षड्यन्त्र रचिन लाग्यो। अन्त्यमा ने० सं० ८०७ मा खानेकुरामा विष हालिदिनाले सोझा बिचरा राजा पार्थिवेन्द्र मल्लको मृत्यु भयो। राजालाई विष दिई मार्ने राजद्रोही भारदारहरूका विरुद्ध काठमाण्डुका प्रजाहरू हनुमानढोकामा भेला भै ठूलो उत्पात मचाउन लागे। यस उपद्रवमा चिकुटीको प्रतिद्वन्द्वी लक्ष्मीनारायण जोशीको हाथ थियो। काठमाण्डू शहरमा ठूलो अराजकता फैलियो। प्रजाहरू कोही पाटन, कोही भक्तपुरमा सहायता माग्न गए। भक्तपुरका राजा जितामित्र मल्ल र पाटनका राजा श्रीनिवास मल्ल काठमाण्डू आएर जनतालाई अपराधी पत्ता लगाइदिने आश्वासन दिई भड्किएका प्रजाहरूलाई यिनीहरूले शान्त पारे। चिकुटीका प्रतिद्वन्द्वी श्री लक्ष्मीनारायण जोशीले राजालाई विष खुवाई मार्नेमा चिकुटी र वंशीधरको हात थियो भनी काठमाण्डूका प्रजाहरूमा हल्ला मचाए। त्यस बेला चिकुटी बुधरसीं गाउँ छोड़ी देउपाटनमा लुक्न गइसकेका थिए। प्रजाहरूको सहयोगबाट देउपाटनमा यी चिकुटीलाई परिवारसहित पक्राउमा पारे। चिकुटी र वंशीधरलाई निर्दयतापूर्वक मारे। यिनका परिवार तथा अनुयायीहरूको पनि दुष्टहरूको हातबाट ज्यान गयो। दरबारमा प्रताप मल्लका छोरा महिपतेन्द्र मल्लका समर्थकहरू धेरै नभएकोले यिनलाई पनि दुष्ट लक्ष्मीनारायण जोशीले मारिदिए। अब दरबारमा राजा कसलाई बनाउने भन्ने खलबली भयो। निकै दिनसम्म विधिबमोजिम काठमाण्डूमा कोही पनि राजा हुन सकेन।

भूपालेन्द्र मल्ल

राजा पार्थिवेन्द्र मल्ल विषद्वारा मारिएको १३ दिनपछि ने०सं० ८०७ मा भक्तपुरका राजा जितामित्र मल्ल र पाटनका राजा श्रीनिवास मल्ल फेरि काठमाण्डू आएर प्रताप मल्लका नाति, पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्ललाई काठमाण्डूको गद्दीमा राखी राजतिलक दिए। त्यस बेला राजा भूपालेन्द्र मल्ल सिर्फ ८ वर्षका मात्र थिए। कुनै-कुनै ठ्यासफुमा यिनको जन्म ने० सं० ८०० मा भएको हो भनी टिपिराखेको पनि छ।

कुनै-कुनै इतिहासकारहरूले राजा भूपालेन्द्र मल्ललाई महेन्द्रसिंह मल्ल भनेका छन्। अब दरबारमा चौतरा पदमा लक्ष्मीनारायण जोशी ठूला हर्ताकर्ता भएर ने०सं० ८०९ मा एकातिर लक्ष्मीनारायण र अर्कोतिर भूपालेन्द्र मल्ल नाम अंकित मुद्रा पनि निकाले। राजा भएको दुई वर्षपछि ने० सं० ८१० माघ कृष्ण चतुर्दशीका दिनमा राजा भूपालेन्द्र

मल्लको पहिलो विवाह भयो । त्यस उत्सवमा भक्तपुरका राजा जितामित्र मल्ल, स्वास्नी र छोरासहित ३ जना शामेल भए । ने० सं० ८१२ फाल्गुण कृष्ण चतुर्दशीका



राजा भूपालेन्द्र मल्लको शालिक

दिनमा राजा भूपालेन्द्र मल्लको दोश्रो विवाह भयो र यसै सालमा राजाले दीक्षा मन्त्र पनि लिएका थिए । राज्यको काममा यिनलाई आफ्नी आमा ऋद्धि लक्ष्मीले ठूलो मद्दत गरिन् । बच्चो राजा भए तापनि राजा भूपालेन्द्र मल्ल धार्मिक प्रवृति र विचारधारा भएका व्यक्ति थिए । यिनलाई शिकार खेलन र हात्ती पक्रन जान ठूलो शौख थियो । यिनी बाजेजस्तै विद्वान् र कवि थिए । यिनले आफ्नो देशमा शान्ति-सुव्यवस्था कायम गर्न धेरै कोशिश गरे । यिनले छिमेकी राज्यहरूसंग राम्रो सम्बन्ध जोड़ेका थिए । ने० सं० ८११ आश्विन कृष्ण सप्तमीका दिनमा मोहन-चोकमा भक्तपुरका राजा जितामित्र मल्ल, पाटनका राजा योगनरेन्द्र मल्ल, मोरंगका बादशाहसंग यिनले झगड़ा नगर्ने सन्धि गरेका थिए । ने० सं० ८१५ मा यिनले आमाको साथमा हात्तीको शिकार गर्न गई ३ वटा हात्ती पक्रेर ल्याएका थिए ।

यस बेला चौतारा लक्ष्मीनारायण जोशीलाई मारी चौतारा-पदमा श्री रघुवीर भर्ना भैसकेका थिए। विजयपुरका राजा विधाता इन्द्रसेन मकवानपुरमा लड्न जान मदतको लागि नेपाल उपत्यकामा रानीपोखरीतिर पुग्दा राजा भूपालेन्द्र मल्लले स्वागत गरी दरबारमा लगेका थिए। केही महिना नेपालमा बसेपछि विधाता

राजा भूपालेन्द्र मल्लको कुण्डली



शुभ सं० ८०० मार्गशिर शुक्ल ॥ द्वादशी ३३ भरणी नक्षत्रे २८ शिवयोग १३ बृहस्पतिवार ॥ श्वकुन्हु या बेला उ० प्र० घटि ४ बि ३८ तदा रविकुल कुमारस्थित धनुलग्न बर्गो तमांशके तृतीयद्रेक काणे अस्याम्वेला यां श्रीश्री पार्थिवेन्द्र मल्ल देवस्य बिबाहिणी भार्य्यायां प्रथम पुत्र जातः ॥

इन्द्रसेनले हनुमानढोकाको मोहन-चोकमा चारै शहरले आपसमा झगड़ा नगर्ने सन्धि गरेका थिए।

राजा भूपालेन्द्र मल्लले आफ्नी आमासंगै धेरै धर्मकार्य गरेका थिए। ने० सं० ८१४ मा चांगुनारायणको मन्दिर जीर्णोद्धार गरी नयाँ तोरण हाली कोटि होम गरेर निकै धन दान दिए। ने० सं० ८१७ मा पशुपतिको मन्दिर भत्काई नयाँ गजूर, नयाँ ढोका हाली नयाँ मन्दिर गराई कोट्याहुति यज्ञ गरी महास्नान पनि गराएका थिए। यसरी राजा तथा आमा दुवैले ठाउँठाउँका मन्दिरहरू जीर्णोद्धार गरी ठाउँ-ठाउँमा धेरै धर्मकीर्ति राखेर गएको आजसम्म पाइन्छन्। राजा भूपालेन्द्र मल्लले श्वेतविनायक जात्रा पनि चलाउन पर्ने गराएका थिए जो आजसम्म कायम भएको छ।

पछि आमा-छोराको बेमेल भै झगड़ा हुँदा राजा भूपालेन्द्र मल्ल गद्दी छोड़ी गुह्येश्वरीमा बस्न गए। प्रजाहरू सबैले मिली यत्रतत्र लागेका राजालाई चित्त बुझाई फर्काएर ल्याई फेरि गद्दीमा बसालेका थिए। त्यसपछि आमालाई मोहनचोकबाट निकाली तौथलीमा पठाइदिए। यिनले ने० सं० ८२०-८२२ मा मुद्रा पनि निकालेका थिए। ने० सं० ८१८ मा भक्तपुरका कान्छा राजा उग्र मल्ल भागेर कान्तिपुरमा शरण पर्न आए। शरण आएका उग्र मल्ल र राजा भूपालेन्द्र मल्ल दुवै मिली भक्तपुरको जिल्ला ठिमी कब्जा गरी भक्तपुरमा हमला गरे। तर पाटनले भक्तपुरलाई मदत गरेकोले ठिमी फिर्ता लिएर काठमाण्डूकालाई भगाइपठाए।

केही वर्षपछि फेरि भक्तपुर, काठमाण्डू र पाटन ३ शहर मिले। अब शान्ति भएको मौकामा राजा भूपालेन्द्र मल्ल तीर्थयात्रा गर्न जाने विचार गरी केही भारदार-

रानी भुवनलक्ष्मी देवीको शालिक

हरू साथ लिई काठमाण्डू बाट हिंडे। अयोध्यानजिकै ब्रह्मनाम भन्ने गाउँमा पुगेपछि अचानक राजा भूपालेन्द्र मल्लको ने० सं० ८२० कार्तिकमा मृत्यु भयो। नेपालमा दुई महिनापछि मात्र खबर आइपुगेकोले राजा भूपालेन्द्र मल्लको चिना पलंगमा राखी लगेर अग्निसंस्कार गरियो। एकजना रानीसहित ८ जना स्त्री सती गएकी थिइन्। यसरी २१ वर्षमात्र पुगेका पट्ठा राजा भूपालेन्द्र मल्लको निधनको समाचारले नेपाल उपत्यकाले शोक मनायो। रानी भुवनलक्ष्मी देवी सती जान पाइनन्। ने० सं० ८२४ फागुन शुक्ल द्वितीयाको दिनमा, अर्थात् राजाको मृत्यु भएको ४ वर्षपछि रानी भुवनलक्ष्मी देवीले आफ्ना स्वर्गवासी पति भूपालेन्द्र मल्ल र आफ्नो सुनजलप लगाएको मूर्तिको

थालिक श्री चांगुनारायणकहाँ चढ़ाइन् र विधिबमोजिम पूजा-अर्चना गरिन् जुन थालिक आजसम्म श्री चांगुनारायणको अगाड़ि विद्यमान् छ ।

भाष्कर मल्ल

राजा भूपालेन्द्र मल्लको निधनपछि उनैका ४ वर्षका बालख छोरा भाष्कर मल्ल-लाई गद्दीमा बसाली राजतिलक दिएर आमाले राज्यको बागडोर हातमा लिइन्। बालख राजा ठूलो भएपछि अत्यन्त विलासी र व्यभिचारी भै निस्के । यिनले दुई रानी र दुई रखौटी स्वास्नीको सहवासमा दिन बिताउन लागे । यिनी शिकार खेल्ने काममा धेरै शोख गर्न लागेका थिए । यिनले जंगलबाट केही हात्तीहरू पक्रेर ल्याए र महीन्द्र सिंह नृपतेश्वर भन्ने उपाधि ग्रहण गरेका थिए । ने० सं० ८२२ मा यिनको भाष्कर मल्ल नाम अंकित मुद्रा पनि चलन-चल्तीमा निस्केको थियो ।

राजा भाष्कर मल्ल (तात्कालिक चित्रबाट)

[जन्म ने० सं० ८१६, मृत्यु ने० सं० ८४२, राज्यकाल ने० सं० ८२०-८४२]

राजा भाष्कर मल्लको पालामा दरबारमा मुसलमानहरूको दबदबा खूब बढेको थियो । दरबारमा भारदारहरूको गोलमाल हुँदा यिनले काजी झंगल ठाकुरलाई बर्खास्त

गर्न लगाई दरबारमा मुसलमानलाई काजी-पदमा भर्ना गर्न लगाएका थिए। यस कामले गर्दा हिन्दू धर्म नष्ट हुन लाग्यो भनी प्रजामा ठूलो खलबली मच्चियो। यस काममा अफवाह चलाउने मुख्य पदच्युत भएका काजी झंगल ठाकुर थिए। आखिर मुसलमानहरू र हिन्दूहरूको बीच खूब कुटामारी चल्यो। देशमा ठूलो अशान्ति भयो। राज्यभरिका मुसलमानहरू डराई नेपालबाट भाग्न थाले। तर थोरै मुसलमानले मात्र हुलदंगाबाट बाँचेर ज्यान जोगाई भाग्न पाए। प्रजा तथा दरबारका भारदार-हरूले बालक राजाउपर ठूलो विरोध गरे। अन्त्यमा विवश भै राजाले पुनः पहिलेका पदच्युत झंगल ठाकुरलाई पुरानै काजीको पदमा नै नियुक्त गर्न लगाए।

भाष्कर मल्लको जन्म कुण्डली



सम्वत् ८१७ कार्तिक कृष्ण परिपदा पर द्वितीया रोहनी नक्षत्र परिध योग शनिश्चरवार उ० प्रा० द्वितीया घटी ४ जात ॥ भूपालेन्द्र मल्ल देवस्य पुत्र जात प्रथमा ॥

राजा ठूला हुँदै आएपछि पूर्वजहरूजस्तै धार्मिक प्रवृत्तिमा लागे। ने० सं० ८३२ कार्तिक कृष्ण सप्तमी मध्यम नक्षत्र बुध-वारको दिनमा आमा भुवनलक्ष्मी देवी र छोरो भाष्कर मल्ल दुवै मिली श्री ३ वज्रयोगिनीको ३ तल्ले मन्दिर बनाउन लगाई गजूर चढाई जीर्णोद्धार गरिदिएका थिए। ने० सं० ८३४ आश्विन सुदी महाअष्टमीका दिनमा राजा भाष्कर मल्लले श्री तलेजु भवानीकहाँ विधिबमो-जिम पूजा गरी ठूलो घण्टा पनि चढा-एका थिए। यिनले यात्रीहरूको सुविधाका लागि स्वयम्भूको दक्षिणतिर किण्डोल भन्ने स्थानमा एक धर्मशालाको निर्माण गरेका थिए। यस बेला पाटन र काठमाण्डू बीच पुरानो सन्धि तोड़ी मैत्रीसम्बन्ध विच्छेद भएको थियो। यिनले मन्त्रीहरूको सहयोगमा ने०सं० ८२३ श्रावण सुदीमा भक्तपुरका राजा भूपतीन्द्र मल्ल-संग आपसमा झगड़ा नगर्ने सन्धि पनि गरेका थिए जो आजसम्म भक्तपुरको तलेजु मन्दिरको मूलचोकमा दक्षिण लाइनमा टाँसिराखेको ताम्रपत्र तयार छ।

राजा भाष्कर मल्लको राज्यकालमा आश्विन महिनामा मलमास परेको थियो। मलमासमा कुनै चाड़बाड़ नमनाउने भन्ने परम्परा थियो। भक्तपुर र पाटनका राजा-हरूले पनि मलमास मानी दशैं मनाउने काम छोड़िदिए तर राजा भाष्कर मल्लले

सो मलमासको योगलाई केही पर्वाह नगरी दशैं मनाउने आदेश जारी गरे। यस कार्यले गर्दा राज्यमा अशान्ति हुने सम्भावना पहिले नै प्रजाले थाहा पाइसकेका थिए। ठीक यसै समय ने० सं० ८२२ मा काठमाण्डूमा महामारी शुरू भयो। ने० सं० ८२२ मार्ग शुक्ल पक्ष सप्तमीका दिनमा देउपाटनको श्री पशुपतिनाथको जलहरीबाट रगत बगेर आयो र श्री गरुड़नारायणको मन्दिर आगोले भष्म भयो। ने० सं० ८२५ मा पनि अन्धाधुन्ध वर्षा भयो। कपाल र कान दुख्नाले तुरन्त नै मानिस मर्ने प्लेग रोग उठ्यो। त्यस रोगले एक दिनमा १ देखि १०० सम्म पनि मानिसलाई शिकार बनायो। प्रजामा ठूलो हाहाकार मच्चियो र धेरै प्रजाहरू नोक्सान भए। काजी झंगल ठाकुरले राजालाई एक रानीसहित स्वयम्भूको किण्डोल भन्ने ठाउँमा लुकाई राखे। राजाले मलमासमा दशैं मनाएकोले देवी कोप भै यसरी महामारी शुरू भयो भनी प्रजामा ठूलो हल्लाखल्ला मच्चियो। भक्तपुर र पाटनले मलमास मानेकोले त्यहाँ कम भएको हो भनी धेरैजसो प्रजाहरूले राजालाई दोषी ठहऱ्याए। यस्तैमा अर्को कुरा 'फादर फ्रेर' नेपालमा आइपुग्दा इसाई धर्म प्रचारक केपुचिनहरू पनि साथै नेपालमा आएका थिए। उनीहरू नीलो रंगको कपड़ा लगाई हिंड्ये। प्रजाले सो नीलो रंग अशुभ भएको सम्झीकन यस्तो महामारी चलेको हो भन्ने अन्धविश्वास पनि गरे। त्यस महामारीले गर्दा काठमाण्डूमा प्रजाहरू सखाप हुन लागेको देखेर एकजना योगीले देशभरिका प्रजालाई भोज खुवाए महामारी शान्त हुने कुरा काजी झंगल ठाकुरलाई सल्लाह दिए। काजी झंगल ठाकुरले योगीको उपदेशबमोजिम नै हनुमानढोकाअगाड़ि भोजको वितरण गरे। चार दिनपछि महामारी केही शान्त भयो।

यता राजा भाष्कर मल्ल आफ्ना रानीहरूसित वियोग भै बस्नुपर्दा साऱ्है पीड़ित भैरहेका थिए। राजाले एक खेतीवालसंग महामारी कत्तिको चम्किरहेको छ भनी सोधनी गर्दा खेतीवालले अब त शान्त भैसकेको कुरा जाहेर गरे। दरबारका रानीहरूसंगको बिछोडले विह्वल भएर छटपटाइरहेका राजा झ्यालबाट हामफालेर कसैले थाहा नपाउने गरी भागेर राति नै रानीहरूसंग भेट गर्न गए। ठीक त्यही मौकामा त्यस महामारीका शिकार युवक राजा पनि भए। राजदीप (श्मशान)-मा राजा भाष्कर मल्लको देहलाई दाहसंस्कार गरेको बेलामा ४ जना रानीहरू सती भएकी थिइन्। राजा भाष्कर मल्लको राज्यकाल ने० सं० ८२० देखि ने० सं० ८४२ अथवा जम्मा २२ वर्षमात्र कायम भएको छ। ने० सं० ८४२ भाद्र दशमीका दिनमा राजाको मृत्यु भएको हो। ने० सं० ८३४ पौष मासे कृष्ण पक्षे एकादशी पर द्वादशीको दिनमा जन्म भएका राजा भाष्कर मल्लका पहिला छोरा ने० सं० ८३४ चैत्र महिनामा, याने ४ महिनाभित्र नै देहावसान भएकोले राजा भाष्कर मल्ल सन्तानहीन राजा भएका थिए। देहावसान भएका भाष्कर मल्लको छोराको टिपोट यसप्रकार छ:—

सं० ८३४ पौषकृष्ण एकादशी अनुराधा नक्षत्र व्याघात योग शुक्रबार छव कुन्हु या ह्निनस घटी २२ भाष्कर मल्ल पुत्र जात ।

जगज्जय मल्ल

राजा भाष्कर मल्ल निःसन्तान थिए । ने० सं० ८४२ मा राजाको मृत्यु भएपछि दरबारमा राजा कसलाई बनाउने भन्ने खलबल भयो । आखिर रानीहरू सबैले मिलेर आपसमा सल्लाह गरी पाटनका राजा महीपतेन्द्र मल्लका छोरापट्टिका सन्तान जगज्जय मल्ललाई काठमाण्डूको राजा बनाए । यिनी राजा भएको बेलामा ने० सं० ८४२ मा जगज्जय मल्ल नाम अंकित मुद्रा पनि निकालेका थिए । यिनले पनि राजा हुनासाथ भारदारहरूको कूटनीति सहनुपरेको थियो । यिनी अलि शान्त स्वभावका राजा थिए । यिनी पनि धार्मिक प्रवृत्ति भएका थिए । यिनी हिन्दू धर्मका कट्टर समर्थक थिए । यी राजाका पालामा एक वर्षसम्म सुखा परेकोले अनिकाल भएको थियो । राजाले यस अनिकालको कोप शान्त पार्न पशुपतिलाई महाभोग अर्पण गरी पशुपतिनाथको गुठीको पनि प्रबन्ध मिलाइदिएका थिए यिनले राधाकृष्णको मन्दिर पनि निर्माण गरेका थिए ।

राजा जगज्जय मल्लका ५ छोराहरू थिए । जेठा राजेन्द्रप्रकाश मल्ल र माहिला जयप्रकाश मल्ल दुवै राजा हुनुभन्दा पहिले नै जन्मेका थिए । राज्यप्रकाश मल्ल, नरेन्द्रप्रकाश मल्ल र कान्छा चन्द्रप्रकाश मल्ल तीनै छोराहरू जगज्जय मल्ल राजा भैसकेपछि मात्र जन्मेका थिए । तर राजा जगज्जय मल्लको जीवनकालमै जेठा छोरा राजेन्द्रप्रकाश मल्ल र कान्छा छोरा चन्द्रप्रकाश मल्लको मृत्यु भयो । अब राज्यका अधिकारी युवराज जयप्रकाश मल्ल हुन आए । तर दरबारमा भारदारहरू जयप्रकाश मल्लदेखि असन्तुष्ट भै देखीसहँदैनथे । तसर्थ जयप्रकाश मल्लका विरुद्ध दरबारमा ठूलो षड्यन्त्र चलिरहेको थियो । तर राजा जगज्जय मल्लका अगाड़ि कसैको केही लागेन । बाबुको अगाड़ि छोरा राज्यप्रकाश मल्ल र नरेन्द्रप्रकाश मल्लहरूले पनि जयप्रकाश मल्लउपर केही गर्न सकेनन् ।

राजा जगज्जय मल्लको पालामा गोरखाका राजा पृथ्वीनारायण शाहले राज्य विस्तार गर्दै नुवाकोटको आसपाससम्म आफ्नो अधिकार जमाइसकेका थिए । यसै मौकामा ने० सं० ८५६ मा राजा जगज्जय मल्लको अचानक मृत्यु भयो । यिनको राज्यकाल ने० सं० ८४२ देखि ने० सं० ८५६ सम्म जम्मा १४ वर्षमात्र थियो ।

जयप्रकाश मल्ल

राजा जगज्जयमल्ल को निधनपछि ने० सं ८५६ मा उनैका छोरा जयप्रकाश मल्ल काठमाण्डूको गद्दीमा बसे । मल्ल राजाहरूमा यिनी अन्तिम राजा थिए । यिनी वीर,

साहसी, शूरा र साथै अभागी राजा थिए। यिनी कठिनभन्दा कठिन परिस्थितिको मुकाबिला गर्न सदा तत्पर रहन्थे। यिनले आफ्नो जीवनकालमा कहिले पनि हिम्मत हारेनन्। यिनले जस्तोसुकै विपत्तिको मुकाबिला गर्नुपरे तापनि आफ्नो सिद्धान्त बदलेनन्। यिनी ठूला देशभक्त, दयावान तथा प्रजापालक राजा थिए। यिनी आफ्नो देशको स्वतन्त्रता बचाउन सास रहुञ्जेलसम्म लडे।

तर, यिनको चरित्र बडो अनौठाको थियो। यिनी ज्यादै शंकालु तथा कडा मिजासका राजा थिए। यिनमा विवेक नभएकोले भारदार तथा प्रजाहरू यिनीदेखि थर्कमान थिए। भारदारहरूमाथि यिनको विश्वास नभएकोले दरबारमा भारदारहरूबाट चाहिने बेलामा यिनले सहयोग पाउन सकेनन्। आखिर राजदरबारमा सहयोगको बदला सँधै जे कुरामा पनि भारदारहरूसंग गड़बड़ भई यिनको झगड़ा हुन्थ्यो।

राजा हुनासाथ यिनले आफ्नो नाम अंकित धेरै मुद्राहरू निकालेका थिए। यिनले पर्वते-दलले मन पराएका आफ्ना सहोदर भाइ राज्यप्रकाशलाई देश निकाला गरिदिए। भाइ राज्यप्रकाश भागेर पाटनमा विष्णु मल्लको शरणमा गए। राजा विष्णु मल्ल नि:सन्तान भएकाले यिनले राज्यप्रकाश मल्ललाई आफ्नो अधिकारी नियुक्त गरे। यता काठमाण्डूका राजा जयप्रकाश मल्लका विरोधीहरूले अर्को षड्यन्त्र शुरू गरे। यिनमीहरूले उनैका भाइ नरेन्द्रप्रकाश मल्ललाई उचाली उनलाई साँखु, चांगु, गोकर्ण, नन्दीग्राम तथा देउपाटन इत्यादि ठाउँका राजा घोषणा गर्न लागे। तर राजा जयप्रकाश मल्लले केही महिनामा नै नरेन्द्रप्रकाशलाई हराए। नरेन्द्रप्रकाश भागी भक्तपुरका राजा रणजीत मल्लको शरणमा गए। अन्त्यमा नरेन्द्रप्रकाश मल्लको भक्तपुरका नै मृत्यु भयो। राजा जयप्रकाश मल्लले भाइ नरेन्द्रप्रकाशतिर लागेका विरोधी भारदारहरू सबैलाई दमन गरी खोजी-खोजी दण्ड दिन लागे। यस्तै घर-झगड़ा भैरहेको मौकामा भक्तपुरका राजा रणजीत मल्लले पनि साँखु चांगुमा दखल गरे। यता गोरखाका राजा नरभूपाल शाहले पनि नुवाकोटमा हमला गरे। तर त्यस पटक राजा नरभूपाल शाह सफल भएनन्। पाटनका ६ प्रधान काजीहरूका विषयमा जयप्रकाशको तकरारको कुरा नै अर्कै थियो। आफ्नै भाइ राज्यप्रकाश मल्ललाई अन्धो पारेको तथा काठमाण्डूलाई बेवास्ता गरी हेपेकोले राजा जयप्रकाश मल्लको रीसको सीमा थिएन। यस्तै मौकामा यी ६ प्रधान काजीहरूले जयप्रकाश मल्ललाई पाटनको पनि राजा हुन बोलाउन आएको बेलामा मौका पारी राजा जयप्रकाशले यी दुष्ट काजीहरूलाई आइमाईको झुत्रो लुगाहरू लगाई सड़कमा भिक्षा माग्न लगाई ठूलो बेइज्जत गरेर थुनामा राखिदिएका थिए। यस्तै, आफ्ना छोरा ज्योतिप्रकाशको शीतला रोगले मृत्यु भएकोमा भक्तपुरका

राजा रणजीत मल्लले हर्ष मनाएको र भक्तपुरमा यात्रा हेर्न जाने काठमाण्डूका प्रजालाई थुन्ने काम गरेका थिए। यही ईबीमा राजा जयप्रकाश मल्लले पनि बालाचतुर्दशीको दिनमा पशुपतिमा सतबीज छर्न आउने भक्तपुरेहरूलाई थुने। राजा जयप्रकाश मल्ल पाटनमा दुई पटकसम्म राजा भए।

राजा जयप्रकाश मल्ल बाबु-बाजेजस्तै ठूला धार्मिक प्रवृत्ति भएका व्यक्ति थिए। देशमा जस्तोसुकै गोलमाल भैरहे तापनि धर्मकीर्ति राख्नमा बाधा पारेनन्। उनले गुह्येश्वरी घाट बनाए। नवरात्रिभरि अष्टमातृका (पीठ-पीठ)-मा अखण्ड बत्ती बाल्ने गुठी राखे। पशुपतिमा अनेकौं कीर्तिहरू राखे। आफ्ना बाबुले चलाएको गुह्येश्वरी यात्रामा गरीब-गुरुवाहरूलाई भोज दिने बन्दोबस्त गराए। पशुपतिनाथ र वासुकी स्थानमा गंडकीबाट धेरै शालिग्रामहरू ल्याई राखे। नेपालमा त्यस बेलादेखि शालिग्राम पूजा गर्ने चलन चलाएको हो। यिनले धेरै सत्तलहरूको जीर्णोद्धार गरी नयाँ-नयाँ पौवा-पाटीहरू बनाउन लगाए। यिनले बालाजूमा बनाउन लगाएको २२ धारा आजसम्म प्रख्यात भएको छ। स्वयम्भूको मुख्य ढिस्कोको खम्बा फेरिदिए। यिनी कुमारीका परम भक्त थिए। यिनले कुमारीको मन्दिर बनाउन लगाए। यिनले इन्द्रयात्राको दिनमा कुमारी रथमा हाली देश घुमाउने गरी कुमारीयात्रा चलाए। कुमारी बस्ने रथमा पांग्रा हाली बनाउन लगाए।

पृथ्वीनारायण शाहले गोरखाको गद्दीमा बस्नासाथ नेपाल उपत्यका विजय गर्नमा तन-मनले ध्यान दिए। ने० सं० ८६४ मा पृथ्वीनारायण शाहले नुवाकोट विजय गरी गोरखा राज्यमा मिलाए। राजा जयप्रकाश मल्लले काशीराम थापाको नेतृत्वमा फौज पठाई नुवाकोटमा हमला गर्न पठाउँदा रणभूमिमा गोरखालीहरूसंग लड्न हिम्मत छोड़ी काठमाण्डूबाट अर्को फौजको बन्दोबस्त भएपछि फेरि लड्न जाने सुरले जयप्रकाश मल्लसंग नभेटी काशीराम थापा सरासर घरमा बस्न गए। काशीराम थापाका प्रतिद्वन्द्वी रणभीम थापाले राजा जयप्रकाश मल्ललाई चुक्ली गर्दा गोरखालीतिर लागेको शंका लाग्दा राजा जयप्रकाश मल्लको रीसको सीमा रहेन। गौरी घाटमा स्नान गरिरहेका काशीराम थापालाई काट्न जयप्रकाश मल्लले फौज पठाए। काशीराम थापाका धेरै सहयोगीहरूलाई पनि ज्यान लिन लगाए। काशीराम थापाका ठूला सहयोगी तौधिक काजी र भाइ परशुराम थापा ज्यान जोगाई भागेर पाटनका ६ प्रधान काजीहरूसंग मतो गरी राजा जयप्रकाश मल्लका विरुद्ध षड्यन्त्र गर्न लागे।

यता जयप्रकाश मल्लकी रानी दयावतीले जयप्रकाश मल्लका विरोधीहरूसंग मिली छोरा श्री ज्योतिप्रकाशलाई गद्दीमा राखेर मुद्रासमेत निकालिदिइन्। अब

राजा जयप्रकाश मल्ललाई राज्य छोड़ेर ज्यान जोगाई यत्रतत्र लुकेर घुम्नुपर्‍यो। अब काठमाण्डूमा रानी दयावती शासन व्यवस्थाको अभिभावकका रूपमा देखा परिन्। राज्यको प्रधान काजीमा 'तौधिक काजी' नियुक्त भए। जयप्रकाश मल्ल भागेर पहिले मातातीर्थमा लुक्न गए। त्यहाँ आठ महिनासम्म बसेपछि विरोधीहरूले चाल पाएकोले यिनी गोदावरीमा गई बसे। त्यहाँ पनि प्रजाबाट सहयोग नपाइएकोले विरोधी षड्यन्त्रकारीहरूले चाँड़ै नै पत्ता लगाए। फेरि यिनी गोकर्णमा लुक्न पुगे। षडयन्त्रकारीहरू पछि लागेकाले त्यहाँ पनि जयप्रकाश मल्ल बस्न सकेनन्। अनि यिनी गुह्येश्वरीको एक पूजाहारीको शरणमा पर्न गए। अन्त्यमा षड्यन्त्रकारीहरूले जयप्रकाश मल्ल गुह्येश्वरीमा लुकिरहेको, समाचार काठमाण्डूको राजदरबारमा पठाए। तुरन्तै फौज पठाएर गुह्येश्वरीमा चारैतिर फौजले घेर्न लगाए। यस्तै मौकामा जयप्रकाश मल्ललाई एउटा खड्ग प्राप्त भयो। जयप्रकाश मल्लले डर त्रासलाई तिलाञ्जली दिई सहसा त्यो तरवार हातमा लिएर आफ्ना केही सहयोगीका साथमा उनी स्वयम् विरोधी सेनाका सामुन्ने उपस्थित भए र आफ्ना विरोधी सैनिकहरूलाई सम्बोधन गर्दै भन्न लागे— मेरो तिमीहरूसंग केही विरोध छैन। तिमीहरूको लागि हमेशा प्रयत्नशील छु। तिमीहरूको विरोध कोसंग छ बुझ्नुपर्दछ। अभागी जयप्रकाश मल्ललाई फौजले आफ्ना राजा घोषित गरे। राजा जयप्रकाश मल्लले यी सैनिकहरूको सहायताबाट ने० सं० ८७० मा पुनः आफ्नो राज्य (काठमाण्डूको गद्दी) कब्जा गर्न पुगे। षड्यन्त्रकारी नेता तौधिक काजीले आत्महत्या गरी प्राण त्याग गरे। रानी दयावतीलाई लक्ष्मीपुरको ब्यारेकमा नजरबन्द गरी बन्दी गराए। आखिर रानीको बन्दीगृहमा नै मृत्यु भयो। राज्यभरिका षड्यन्त्रकारी विरोधीहरूको दमन गरिसकेपछि राजा जयप्रकाश मल्लको दृष्टि पाटनतिर गयो। पाटनका ६ प्रधान काजीहरूले रानी दयावतीलाई ठूलो मद्दत दिएको र आफ्नै भाइ राज्यप्रकाश मल्ललाई आँखा फोडी मारेको इत्यादि पुरानो ईबीहरू जयप्रकाशको आँखामा झलझल आइरहेकोले मौका पर्खिरहेका थिए। राजा जयप्रकाश मल्लले लड़ाईं गर्न फौजहरू जम्मा गर्दै रहे।

यता गोरखाका राजा पृथ्वीनारायण शाहले कीर्तिपुरमा पहिलो पटक हमला गरे। यसमा कालु पाँडेजस्ता वीर सेनानीले ज्यान गुमाउनुपर्‍यो साथै पृथ्वीनारायण शाहको पनि ठूलो भाग्यले ज्यान जोगियो। यस लड़ाईंमा मारिएका कालु पाँडेको ढाल, तरवार, खुँडा आदि छोडिएका हतियारहरू त्यहाँका जनताले श्री बाघ भैरव मन्दिरमा टाँस्न लगाएका थिए। तैपनि पृथ्वीनारायण शाहले हरेस खाएनन्। यिनले कीर्तिपुरमा दोस्रो पटक हमला गरे। यस पटक पनि कीर्तिपुरेहरूले गोरखालीहरूलाई धेरै जन-धनको नोकसान पारी हराई पठाइदिए। यसमा उनका आफ्ना भाइ सुर-

प्रतापको आँखा फुट्यो र कैयौं वीर सेनापतिहरूको ज्यान गयो । तैपनि पृथ्वीनारायण शाह चूप लागेर बसेनन् । फेरि लड़ाईंको सामान तयार गर्दै नै रहे । केही वर्षपछि तेस्रो पटक हमला गरी नै छोड़े । त्यस लड़ाईंमा उपत्यकाका अरू राज्यहरूले मद्दत नगरेकोले कीर्तिपुरेहरूले आफ्नो देश गुमाए । अब पृथ्वीनारायण शाहले बाँकी भएका कीर्तिपुरेहरूलाई निर्दयतासाथ नाक-कान काट्न लगाएर ज्यान लिए । वंशावळीमा सो काटेको नाक र कान जम्मा गर्दा १६ धार्नी हुन आयो र त्यस कार्यमा बालबच्चा-समेत बाँकी राखिएन भनी लेखिएको छ । लड़ाईं सिद्धिएपछि लाश पर्यांक्न ठँजान पठाउँदा मर्दाना पोशाक लगाएका धेरै आइमाई पनि देखिए भनी लेखिएको छ । अब गोरखालीहरूले उपत्यकामा कब्जा गर्न दैनिक सामान, जस्तो—नुन, तेल-कपास इत्यादि रोकेर उपत्यकाको प्रजालाई हाहाकार पार्नेतिर लागे ।

राजा जयप्रकाश मल्लले आफ्ना फौज र भारदारहरूमाथि विश्वास नभएकोले अर्को मदिशे फौज तयार गरे । तर यिनीहरूलाई मिठो खुवाउन र बढ़ी तलब दिन राम्रो बन्दोबस्त गर्न राजाले सकेनन् । यिनले सरकारी ढुकुटीमा धन कम हुँदै गएकोले मुद्रामा चाँदीको तौल घटाएर मुद्रा निकाल्न लगाए । यसबाट व्यापार रोकिने शंका गरेर प्रजाहरूले विरोध जनाए । सरकारी ढुकुटी रित्तो भएकोले राजा जयप्रकाश मल्लले दुनियाँसंग दोब्बर दिने गरी जग्गा बंधकी राखे । तैपनि फौजमा राम्रो प्रबन्ध मिलाउन सकेनन् । आखिर देव-देवीको भण्डारमा गई धेरै गहनाहरू झिकेर ल्याए । तुरन्त गहनाहरू मास्न लगाए । तैपनि बजारको भाउ ज्यादै चम्केको थियो । फौजले राम्रो खान नपाउँदा नेपालभित्र नै फौजी विद्रोह हुन लाग्यो । अब कतैबाट पनि आर्थिक सहायता नहुने देखेर देवी-देवताको गजूर, तोरण, जल-हरी इत्यादिमा सुन बढ़ता भएको ठाउँमा राजा जयप्रकाश मल्लको आँखा लाग्यो । त्यसमा पशुपतिनाथको गजूर, श्री गुह्येश्वरीको जलहरीको मुख्य नाम चलेको थियो । त्यो पनि राजाले मास्न लागे । यसरी धार्मिक वस्तुहरूमा समेत हात हालेको देखी राजा जयप्रकाशउपर धार्मिक प्रवृत्ति भएका व्यक्तिहरूको ठूलो आघात पर्‍यो । यस्तो कठिन परिस्थितिमा गोरखाका राजा पृथ्वीनारायण शाह-ले उपत्यकामा पेल्दै ल्याए ।

राजा जयप्रकाश मल्लले छिमेकी राज्यहरू तथा आफ्नै भारदारहरू र प्रजा-हरूको मद्दतबाट निराश भै भारतमा इष्ट इण्डिया कम्पनी अर्थात् अंग्रेजहरूसंग फौजी सहायताको याचना गरे । अंग्रेजहरूले घेरा झिक्न र प्रतिबन्ध छोड़िदिने अनुरोध गरे तर राजा पृथ्वीनारायण शाहले अंग्रेजहरूको कुरालाई वास्ता नै गरेनन् । गभर्नर श्री वेरेष्टले राजा जयप्रकाश मल्लको सहायताको लागि कप्तान किनलोकको नेतृत्वमा एक फौजको डफ्फा पठाइदिए । कप्तान किनलोक सिन्धुली

गढीको बाटो गरी नेपाल प्रस्थान गरे। अंग्रेज फौज सिन्धुली गढी नजिक पौवा गढीमा आइपुग्नासाथ गोरखालीहरूले हमला गरी बढ्न दिएनन्। त्यस क्षेत्रमा घोरघमासान युद्ध भयो। पहाड़मा अंग्रेजहरू गुरिल्ला युद्ध गर्ने तालीम प्राप्त नभएकोले र ल्याएको रसद सिद्धिएकोले पृथ्वीनारायण शाहको फौजसंग युद्ध गर्न सकेनन्। कप्तान किनलोक ज्यान जोगाई मोर्चाबाट भागे। अरू बाँकी फौजहरूको पनि भागाभाग भयो। कप्तान किनलोकको पराजयको समाचारले राजा जयप्रकाश मल्ल सार्है चिन्तित भए। त्यसपछि फेरि राजा जयप्रकाश मल्लले बंगालका नवाब मीर कासिमका फौजी सेनापति गर्गेन खाँसंग मिली फौजी सहायता मागे। नवाबले पनि तुरन्तै फौज पठाए तर बेतियासम्म आइपुगेको बेलामा पृथ्वी-नारायण शाहको फौजले लखेटी पठाइदिए। यसरी राजा जयप्रकाश मल्लले आफ्नो मातृभूमिको स्वतन्त्रता रक्षाको लागि विदेशीहरूसंग गुहार मागे तापनि केही लागेन।

ने० सं० ८८८ अनन्त चतुर्दशीका दिनमा काठमाण्डूका प्रजाहरू सबै इन्द्रयात्रामा कुमारी तल्लो टोलमा लगिराखेको यात्राको ठूलो पर्वले गर्दा आमोद-प्रमोदमा मस्त थिए। ठीक यही मौकामा मध्य रात्रिको समयमा गोरखाका राजा पृथ्वी-नारायण शाहले काठमाण्डूको दरबारलाई आफ्नो फौजद्वारा भीमसेन स्थान, टुँडि-खेल र नरदेवी तीनतिरबाट घेरी आक्रमण गरे। नरदेवीको बाटोको पृथ्वी-नारायण शाहले आफै संचालन गरेका थिए। वीर राजा जयप्रकाश मल्लले त्यस्तो अघोर रातमा हमलावरसंग थोरै फौजको मात्र सहायता लिएर भए पनि भिड़न्त गरे। त्यस लड़ाईंमा कोही पनि बाहिर निस्केन, किनभने उही साल याने ने० सं० ८८८ आषाढ़ महिनामा २४ पटकसम्म भूकम्प भै त्राहि-त्राहि मचिरहेको मौकाले गर्दा त्यस राति स्वतन्त्रताको लागि मरीमेट्ने प्रजाहरू कोही पनि बाहिर आउन सकेनन्। जयप्रकाश मल्लले पृथ्वीनारायण शाहसंग त्यस मौकामा मुकाबिला गर्न सकेनन्। तसर्थ राजा जयप्रकाश मल्ल विवश भै रणक्षेत्र छोड़ी तलेजु मन्दिर-भित्र लुक्न गए। पृथ्वीनारायण शाह हनुमानढोकाको अगाडि बनाइराखेको गद्दीमा बसे। जय प्रकाश मल्लको बाँकी फौजले सलामी चढ़ाए। जयप्रकाश मल्लले तलेजू मन्दिरमा लुक्न जानुभन्दापहिले सिढ़ीमा बारूद छरेर गएका थिए। गोरखालीहरूले राजा मन्दिरमा गएको थाहा पाएर तुलाराम पाण्डेको नेतृत्वमा त्यस मन्दिरलाई घेरे। जयप्रकाश मल्ल ठूलो युक्तिले त्यो मन्दिर छोड़ी पाटनमा राजा तेजनरसिंह मल्लको शरणमा गए। त्यस बेला जयप्रकाश मल्लका केही समर्थक मदिशे फौजहरू पनि साथै गएका थिए। यता जयप्रकाशमल्ल खोज्न गएका तलेजु मन्दिरको सिढ़ीमा छरेर राखेको बारूद पड्केर तुलाराम पाण्डेको ज्यान गयो। पाटनमा जयप्रकाश

मल्ल केही महिना बसेपछि त्यहाँका ६ प्रधान काजीहरूले पाटनमा हमला हुने आशंका गरी राजाहरू पक्रन पृथ्वीनारायण शाहलाई आह्वान गर्न गए । पाटनका राजा तेजनरसिंह मल्ल र काठमाण्डूका राजा जयप्रकाश मल्लले त्यहाँ पनि ज्यानको आशा नभएकोले दुवै राजा केही सहयोगी फौज साथ लिई भक्तपुरको दत्तात्रय मन्दिरमा गई भक्तपुरका राजा रणजीत मल्लकहाँ शरणको आशय पठाए । भक्तपुरका राजा रणजीत मल्लले सबै प्रजागणलाई आह्वान गर्दै २४ टोलका प्रतिनिधिहरू दरबारमा भेला गरी सभा गरे । सभाले पुरानो बैर-भाव त्यागी शरण आएकोलाई मरण नगर्ने निर्णय गऱ्यो । यता काठमाण्डूका नयाँ राजा पृथ्वीनारायण शाहले पाटनमा गई बिनालडाईंबाट नै विजय प्राप्त गरिसकेपछि पाटनमा पनि गद्दीमा बसेर राजतिलक लगाई धूमधाम स्वागत गराई काठमाण्डू नै फर्केका थिए ।

केही महिनापछि नयाँ राजाले दुवै भगुवा राजाहरूलाई बुझाउन ल्याउन राजा रणजीत मल्लकहाँ लाल मोहर पठाए । भक्तपुरका राजा रणजीत मल्लले त्यस लाल मोहरलाई लंगोटी लगाइदिए । आफ्नो स्वतन्त्रताको लागि भक्तपुरेहरूले पनि राजाहरूको साथ दिई आफ्नो रगतले मातृभूमिलाई सिंगार गर्ने सुर कसे । यस्तैमा रणजीत मल्लका मठ्याहा, ७ बहाले छोराहरूले राज्यको बागडोर आफ्नो हात पार्ने आशयले राजा पृथ्वीनारायण शाहतिर लागी भक्तपुरमा हमला गर्ने सल्लाह गर्न गए । यी दुष्ट ७ बहाले छोराहरूको सहयोगबाट राजा पृथ्वीनारायण शाहले ने० सं० ८९० कार्तिक शुक्ल द्वादशीको दिनमा भक्तपुरमा घेरा दिए । ३ दिनसम्म युद्ध भयो । जयप्रकाश मल्ल र तेजनरसिंह मल्लका साथमा आएका मदिशे सिपाहीहरूले सुनको ढोकामा हालेको मेशिनगन प्रयोग गर्दा गोरखालीहरू घरको छानामा चढ्न लागे । ३ राजाहरू बसिरहेको हिटीचोक दरबारमा सुरक्षा नहुने देखेर अर्को चौकोट दरबारमा लुक्न गएको बेलामा छानातिर लागेका गोरखाली फौजका सिपाहीले तीनैजना राजाहरूलाई देख्नासाथ छानाबाट नै गोली चलाए । बूढा राजा रणजीत र तेजनरसिंह मल्ल त माथिको भागमा पुगिसकेका थिए । तर जयप्रकाश मल्ल पछि परेकाले दाहिने खुट्टामा गोली लागेर हिंड्न नसक्ने भए । माथि पुगेका दुवै राजाले झट्ट तल ओर्लेर घाइते जयप्रकाश मल्ललाई तानेर माथिको कोठामा पुऱ्याए । अन्त्यमा कुनै ठाउँमा अथवा कुनै उपायबाट बाँच्ने सम्भावना नभएकोले भक्तपुरका राजा रणजीत मल्लले आफूले लगाइबसेको पगड़ी झ्यालमा झुण्ड्याइदिए । भक्तपुरका राजाले आफै सुलह गरेकोले ने० सं० ८९० मार्ग १ गतेमा गोरखालीहरूले युद्ध बन्द गरी राजा पृथ्वीनारायण शाहले राजा रणजीत मल्लसंग भेट गर्ने समाचार दिए ।

राजा पृथ्वीनारायण शाह केही सशस्त्र फौज लिई ३ राजा बसिरहेको चौकोट दरबारको कोठामा गए । कुनै-कुनै वंशावलीमा तलेजूको उत्तर लाइनको फलैंचामा

भेट गरे भनी लेखिएको पनि छ। तीनै राजाहरूसंग विजयी पृथ्वीनारायण शाहले आफ्नो-आफ्नो अन्तिम इच्छा मागे। वृद्ध राजा रणजीत मल्लले काशीवास जाने इच्छा प्रगट गरे। तर राजा पृथ्वीनारायण शाहले मितबाबुको हैसियतमा कुनै एक इलाकाको राज्यमा शासन गरी बस्ने आग्रह गरे। स्वाभिमानी राजा रणजीत मल्लले मञ्जूर गरेनन्। घाइते राजा जयप्रकाश मल्लले आर्यघाटमा पुऱ्याइदिने अनुरोध गरे। राजा पृथ्वीनारायण शाहले दुवै राजाको मागलाई स्वीकार गर्दै काशीवास तथा आर्यघाट पुऱ्याइदिने बन्दोबस्त गराइदिए। अर्का राजा तेजनरसिंह मल्ल केही नबोली पूजाको ध्यानमा बसिरहेकाले पृथ्वीनारायण शाह रिसाई भक्तपुरको लक्ष्मीपुरमा आजन्म कैदमा राख्ने हुकूम दिए। आखिर राजा तेजनरसिंह मल्लको कैदमा नै मृत्यु भयो। राजा पृथ्वीनारायण शाह आर्यघाटमा पठाएका राजा जयप्रकाश मल्लसंग पुनः उनको अन्तिम इच्छा बुझ्न गए। यस संसारमा देह छोडेर जान लागेका राजा जयप्रकाश मल्लले एक छाता, एक जोर खड़ाउँ (जुत्ता) र एउटा लट्ठी ३ चीजहरू मागे। यस मागले राजा पृथ्वीनारायण शाह आजित भए भनी वंशावलीमा लेखिएको छ।

वीर राजा पृथ्वीनारायण शाहले यसरी नेपालमा मल्ल राजाहरूलाई सदाको लागि खतम पारी शाह राजाहरूको उदय गराएका थिए।

●

कान्तिपुर (काठमाण्डू)-को मुद्रा-मिति

महेन्द्र मल्ल ·······	×
शिवसिंह मल्ल ·······	×
लक्ष्मीनरसिंह मल्ल ······	×
प्रताप मल्ल ······	ने० सं० ७६१, ७६९, ७७५, ७७६, ७८१
रूपमती देवी ··········	ने० सं० ७६९
महिपतेंद्र मल्ल ······	ने० सं० ७७७
चक्रपतेन्द्र मल्ल ······	ने० सं० ७८९
नृपेन्द्र मल्ल ······	ने० सं० ७९४
पार्थिवेन्द्र मल्ल ······	ने० सं० ८००, ८०२
ऋद्धिलक्ष्मी ··········	ने० सं० ८०८
मं लक्ष्मीनारायण जोशी ···	ने० सं० ८०९
भूपालेन्द्र मल्ल ·······	ने० सं० ८१२, ८२०, ८२२
भाष्कर मल्ल ·······	ने० सं० ८२१, ८२२, ८२७, ८२८
महिन्द्र सिंह ······	ने० सं० ८२९, ८३५, ८३७, ८३८
महिन्द्र लक्ष्मी ·······	ने० सं० ८३८
जगज्जय बल्ल ······	ने० सं० ८४२, ८४८
जयप्रकाश मल्ल ······	ने० सं० ८५६, ८७०, ८७२, ८७६, ८८०
कुमुदिनी ··········	ने० सं० ८५६
ज्योतिप्रकाश मल्ल ···	ने० सं० ८६४, ८६६, ८७७

काठमाण्डूका मल्ल राजाहरूको राज्यकाल

(ने० सं० ६०४—ने० सं० ८८८)

रत्न मल्ल ·········ने० सं० ६०४ देखि ने० सं० ६४० सम्म जम्मा वर्ष ३६

सूर्य मल्ल ·········ने० सं० ६४० देखि ने० सं० ६४९ सम्म जम्मा वर्ष ९

अमर मल्ल ·········ने० सं० ६४९ देखि ने० सं० ६८२ सम्म जम्मा वर्ष ३३

महेन्द्र मल्ल ·········ने० सं० ६८२ देखि ने० सं० ६९८ सम्म जम्मा वर्ष १६

सदाशिव मल्ल ·········ने० सं० ६९८ देखि ने० सं० ७११ सम्म वर्ष जम्मा १३

शिवसिंह मल्ल ·········ने० सं० ७११ देखि ने० सं० ७२५ सम्म जम्मा वर्ष १४

लक्ष्मीनरसिंह मल्ल···ने० सं० ७२५ देखि ने० सं० ७६१ सम्म जम्मा वर्ष ३६

भीम मल्ल ·········ने० सं० ७६१

प्रताप मल्ल·········ने० सं० ७६१ देखि ने० सं० ७९४ सम्म जम्मा वर्ष ३३

नृपेन्द्र मल्ल·········ने० सं० ७९४ देखि ने० सं० ८०० सम्म जम्मा वर्ष ६

पार्थिवेन्द्र मल्ल ···ने० सं० ८०० देखि ने० सं० ८०७ सम्म जम्मा वर्ष ७

भूपालेन्द्र मल्ल ······ने० सं० ८०७ देखि ने० सं० ८२० सम्म जम्मा वर्ष १३

भाष्कर मल्ल ·········ने० सं० ८२० देखि ने० सं० ८४२ सम्म जम्मा वर्ष २२

जगज्जय मल्ल ·········ने० सं० ८४२ देखि ने० सं० ८५६ सम्म जम्मा वर्ष १४

जयप्रकाश मल्ल ···ने० सं० ८५६ देखि ने० सं० ८८८ सम्म जम्मा वर्ष ३२

ज्योतिप्रकाश मल्ल ·· ने० सं० ८६६ देखि ने० सं० ८७० सम्म जम्मा वर्ष ४

●

उपत्यकाका समकालीन राजाहरू

भक्तपुर	पाटन	काठमाण्डू
१. रायमल्ल,सुवर्ण मल्ल, प्राण मल्ल, जीत मल्ल	१. धर्मवती,राम मल्ल, अरि मल्ल, पूर्ण मल्ल	१. रत्न मल्ल
२. प्राण मल्ल	२. विष्णु मल्ल	२. सूर्य मल्ल, अमर मल्ल
३. विश्व मल्ल	३. नरसिंह, उद्धवसिंह, पुरन्दर सिंह	३. अमर मल्ल, महेन्द्र मल्ल
४. त्रैलोक्य मल्ल	४. पुरन्दर सिंह	४. महेन्द्र मल्ल, सदाशिव मल्ल
५. जगज्ज्योति मल्ल	५. हरिहरसिंह मल्ल	५. शिवसिंह मल्ल
६. नरेश मल्ल	६. सिद्धिनरसिंह मल्ल	६. लक्ष्मीनरसिंह मल्ल, प्रताप मल्ल
७. जगतप्रकाश मल्ल	७. श्रीनिवास मल्ल	७. प्रताप मल्ल
८. जितामित्र मल्ल	८. योगनरेन्द्र मल्ल	८. नृपेन्द्र, पार्थिवेन्द्र र भूपालेन्द्र मल्ल
९. भूपतीन्द्र मल्ल	९. लोकप्रकाश, जयइन्द्र, महिन्द्र सिंह, ऋद्धिनरसिंह, महिपतेन्द्र, योगप्रकाश	९. भास्कर मल्ल
१०. रणजीत मल्ल	१०. विष्णु मल्ल, राज्य प्रकाश, विश्वजित, रणजीत, जयप्रकाश, दल-मर्दन शाह, तेजनरसिंह	१०. जगज्जय मल्ल, जयप्रकाश मल्ल (ज्योति प्रकाश)

काठमाण्डुका राजाहरूको वंशावली

रत्न मल्ल (ने० सं० ६०२–६४०)

↓

सूर्य मल्ल (ने० सं० ६४०–६५०)

↓

अमर मल्ल (ने० सं० ६५०–६८२)

↓

महेन्द्र मल्ल (ने० सं० ६८२–६९८)

↓

सदाशिव मल्ल | शिवसिंह मल्ल (पाटन विजय)

हरिहरसिंह मल्ल

↓

लक्ष्मीनरसिंह मल्ल (ने० सं० ७२५–७६१) | सिद्धिनरसिंह मल्ल (पाटन)

↓

प्रताप मल्ल (ने० सं० ७६१–७९४)

↓

भूपेन्द्र मल्ल | चक्रपतेन्द्र मल्ल (ने० सं० ७९४–८००) | नृपेन्द्र मल्ल | पार्थिवेन्द्र मल्ल (ने० सं० ८००–८०७) | महिपतेन्द्र मल्ल

↓

भूपालेन्द्र मल्ल (ने० सं० ८०७–८२१)

↓

भास्कर मल्ल (ने० सं० ८२१–८४२) — (महिपतेन्द्र मल्ल) छोरी

↓

जगज्जय मल्ल (ने० सं० ८४२–८५६)

↓

राजेन्द्रप्रकाश | जयप्रकाश (ने० सं० ८५६–८८८) | राज्यप्रकाश | नरेन्द्रप्रकाश | चन्द्रप्रकाश

↓

ज्योतिप्रकाश (ने० सं० ८६६–८७०)

उपत्यकाको मध्यकालीन अवस्था

राजनैतिक

इतिहास तथा वंशावलीको आधारमा नेपाल उपत्यकामा राजा यक्ष मल्लको मृत्युपछि कान्तिपुर, ललितपुर र भक्तपुर ३ शहरमा विभाजित भयो। कालान्तरमा एकै वंशका राजाहरू भए तापनि आपसी झगड़ाले गर्दा एकताको अभाव थियो। नेपालको पुरानो राजधानी भएको हुनाले भक्तपुरका राजा आफूलाई सर्वश्रेष्ठ हूँ भन्ने घमण्ड गर्थे। ठूलो राज्य र व्यापारमा उन्नति भएकोले कान्तिपुरका राजाले भक्तपुर र ललितपुरलाई दबाई राख्न चाहन्थे। त्यस्तै, पाटनका राजाले पनि कान्तिपुर तथा भक्तपुर दुवै देशलाई मौका पर्खिरहेका थिए, तापनि आ-आफ्नो देशको उन्नति गर्न र प्रजाहरूमा अमन-चैन र सुख-शान्ति दिलाउन हमेशा प्रयत्नशील हुनमा व्यस्त भएका देखिन्छन्। हरेक ग्राम वा नगरमा राजाहरूले पञ्चायती पद्धति लागू गराइराखेको विदित हुन्छ र टोल-टोलमा एक-एक नाइके भर्ना गराइराखेका हुन्थे। जसलाई पंचभलाद्मी भन्ने नामले प्रचलित गराएको छ। यिनीहरू साधारण मुद्दा-मामिला हेर्ने गर्दथे। तर ठूला-ठूला मुद्दामा मात्र राजाकहाँ जाहेर गर्ने गर्दथे। मालपोत र दण्ड-असूल इत्यादि रकमहरू धेरै जम्मा भएपछि पंचभलाद्मीहरूले राजकोषमा जम्मा गर्न लैजाने गर्दथे। संकटकालीन अवस्थामा देशरक्षाको लागि सारा युवक-युवतीहरू व्यस्त भै देशलाई बचाउने काम गरिराखेको देखिन्छ। सेना भनेको राजाहरूको अङ्गरक्षक मात्र हुन्थे। त्यो पनि थोरै मात्रामा युवक-युवतीहरू हात-हतियार चलाउन कतिको निपुण थिए भन्ने कुरा कीर्तिपुरको द्वितीय युद्धले देखाइदिएको थियो। अन्त्यमा नेपाल उपत्यका विजय गर्न पृथ्वीनारायण शाहले छलकपटसमेत गर्नुपऱ्यो। राजाहरू पंच भलाद्मीहरूको निर्देशानुसार मात्र चलेको कुरा भक्तपुरका राजा रणजीत मल्लले कान्तिपुर र ललितपुरका राजा जयप्रकाश र तेजनरसिंह मल्ललाई शरण लिन भक्तपुरका २४ टोलका प्रतिनिधिहरूको रायबमोजिम मात्र दुवैलाई आश्रय दिएको कुराबाट विदित हुन्छ।

राजाहरूको मृत्युपछि जेठा छोरा राजगद्दीका वैधानिक अधिकारी हुन्थे। वैधानिक अधिकारीको अभाव भएको खण्डमा धर्मपुत्र बनाउने प्रथा कायम भएको थियो। धर्मपुत्र पनि नभएमा भाइहरू राजसिंहासनका उत्तराधिकारी घोषित हुन्थे। धर्मपुत्र अथवा भाइहरूको पनि अभाव भएमा भारदारहरूले आपसको सल्लाहबाट मठ्याहापट्टिका सन्तानहरूलाई उत्तराधिकारी बनाउने गर्दथे।

सामाजिक तथा आर्थिक

इतिहास र वंशावलीको आधारमा उपत्यकाको मल्लकालीन सामाजिक र आर्थिक अवस्था उन्नतिको दृष्टिकोणबाट ज्यादै उज्ज्वल देखिन्छ। बेकारी समस्या हटाउन राजाहरू हमेशा प्रयत्नशील भएको विदित हुन्छ। त्यस समय उद्योगधन्धा बिस्तार-बिस्तार फस्टाइसकेको देखिन्छ। पेशा जातिगत भएकोले प्रत्येक पेशा अत्यन्त उन्नत अवस्थामा पुगेको थियो। लेन-देनको साधनलाई व्यावहारिक बनाउन राज्यभित्र छाला र तामाको सिक्का छोड़ेर चाँदीका मुद्राहरू पनि चलन-चल्तीमा आइसकेको थियो। छिमेकी राज्यहरूसंग व्यापारको सम्बन्ध राम्रो आदान-प्रदान भएको थियो। भोटबाट सुन र चाँदी नेपालमा ल्याएर नेपालले मुद्रा दिने गर्दथे। तसर्थ भोटको बजारमा नेपाली मुद्रा नै प्रचलित भएको थियो। भोट र नेपालको व्यापारिक सम्बन्ध अत्यन्त राम्रो भएकोले नेपालीहरू भोटमा नै बसी व्यापार गर्ने चलन भयो। भीम मल्लले बनाएको व्यापारिक कानूनहरू यसै तथ्यको प्रमाण उपस्थित गर्दछ। यसले गर्दा राज्य धनधान्यले समृद्ध थियो, प्रजागण सबै सुखी थिए।

सामाजिक सुधारबिना धार्मिक सुधारको जरो गड्न सक्तैन भन्ने हेतुले छितर-बितर भैरहेको समाजलाई मनुस्मृतिको आधारमा चार वर्ण—ब्राह्मण, क्षत्री, वैश्य र शूद्र र ३६ जातिमा विभाजित गरेको थियो। त्यसमा, माथिका वर्ण ब्राह्मण भए। तर ब्राह्मणको संख्या कम भएकोले जोशी र आचार्यहरूले पूजाआजा कर्मकाण्डमा मद्दत गर्न लागेका थिए। त्यसभन्दा तलका ६ ठहर जात—अमात्य, प्रधान, मास्के र भण्डिल आदिले राजालाई राजकाजमा मद्दत गर्न लागे। अमात्यले शासन-व्यवस्थामा, प्रधानले प्रादेशिक, मास्केले सैनिक र भण्डारीले राजकोषको काममा, राजकाजमा निपुण भै नेवारहरूले ठूलो स्थान पाए। जातिअनुसार पेशा, जाति-अनुसार लवाई र खुवाईमा लाग्नुपर्ने नियमले गर्दा र साथै जन्म, विवाह र मृत्यु आदि लोकाचारका नियमहरू पनि आ-आफ्नो जातअनुसार निर्धारित गरिएको हुनाले त्यस बेला प्रत्येक पेशा अत्यन्त उन्नत अवस्थामा पुगेको थियो। लोभ-लालच कसैमा थिएन। लेन-देनको कारबार धर्मकै आधारमा चलेको थियो। अतः 'यतो धर्म स्ततोःजय'-लाई नै राजा प्रजा सबैले मानेका थिए।

धार्मिक

त्यस बेला उपत्यकाको सामाजिक अवस्था वर्णाश्रम-धर्मको आधारमा व्यवस्थित भएको स्पष्ट देखिन्छ। बौद्धमार्गी गृहस्थको वृद्धि र बौद्ध भिक्षुहरूको प्रभाव

दिनपर दिन बढ्दै गई ह्रास हुन लागेको वर्णाश्रम-धर्मले यसै समयमा एकपल्ट फेरि कोल्टो फेरेको जस्तो छ तर मुख्य धर्म त हिन्दू-धर्म नै थियो । त्यसमा पनि वैष्णव मत अहिंसावादी भएकोले हिंसा-कर्मलाई एकातिर पन्छाई पूजाआजामा मात्र लाग्दथे तर यिनीहरूको संख्या कम मात्रामा थियो । मूर्तिपूजाको विरोधमा खड़ा भएको बौद्धधर्मले पनि जनरुचिअनुसार, पूजामा अवतार याने देव-देवी, विष्णु, शिव, राधा-कृष्ण, सीताराम र सरस्वती आदि मान्दथे । पूजाको कर्म-काण्ड गर्नुपर्दा बौद्धमार्गी-हरूले पनि श्री गणेशलाई पहिले मान्नुपर्ने रीतमा समावेश भैसकेको थियो । अतः त्यस बखत सामाजिक व्यवस्था पूर्ण रूपले हिन्दू-धर्म र हिन्दू संस्कृतिको आधारमा व्यवस्थित भएको स्पष्ट देखिन आउँछ । त्यस बखत शक्तिको उपासना पनि ज्यादै बढ्दै गएको थियो । राजाहरू अकसर गरेर हिन्दू धर्मानुयायी नै थिए । तैपनि धार्मिक सहिष्णुता निकै मात्रामा व्याप्त थियो । तसर्थ हिन्दू धर्मका विपरीत अन्यले पनि हर प्रकारको प्रचारकहरूले सहयोग पाएका थिए । त्यस समय तन्त्रको महिमा पनि ज्यादै चलेको थियो । राजदरबार तथा ठूला-ठूला देवमन्दिरहरूमा राजोचित पूजाआजा सबै तान्त्रिक मतानुसार नै हुन्थ्यो । तर, त्यस बेला कोही-कोही सानु जातका तन्त्र-महिमा नजान्नेले तन्त्रको महिमाको मूल स्वरूप र उद्देश्यलाई एकातिर पन्छाई सुरा, सुन्दरी र आमोद-प्रमोदमा मस्त हुन सिकिसकेका थिए । यस समय ईसाई धर्म र इस्लाम धर्मले पनि आफ्नो प्रभाव जमाउन खोजेको थियो तर जन-रुचिलाई बंग्याउन सकेन र राजाहरूबाट पनि पूर्ण रूपले समर्थन प्राप्त नभई सीमा-भन्दा बाहिर जान पाएन । यस कालमा राजाहरूको मुख्य उद्देश्य यै थियो कि यहाँ आफ्नो देशका देव-देवीको मन्दिरहरूको सिंगार हुन पावोस् र परत्र लोकमा आनन्द मिल्न पावोस् । तसर्थ त्यस कालमा देव-देवीहरूका मन्दिरहरू जति संख्यामा निर्माण भए त्यति आज हुन पाएन । त्यस कालमा देव-देवीहरूको मन्दिरका छाना र गजूर-हरू स्वर्णपत्रले ढाकिएका हुन्थे र देव-देवीहरूका लागि प्रशस्त गुठीहरूको आयोजना गरेको हुन्थ्यो । नेपालका अनगिन्ती देवालय, शिवालयका सम्बन्धमा ब्रेनहाक्सन (Bren Hacktion) साहेबले आफ्नो 'पिक्चरस्क्यू नेपाल' भन्ने ग्रन्थको पेज ७८ मा यस किसिमबाट बयान गरेका छन्–"राति अँध्यारोमा नेपाल उपत्यकामा हिड्न बडो मुश्किल पर्छ, हिंडाइमा बेहोशी भएछ भने देवमन्दिरमा ठक्कर खाई खुट्टा बजारिन गई नलीहाड नै भाँचिने आशंका हुन्छ ।"

शिक्षा, साहित्य तथा कला

यस समय शिक्षा, साहित्य र कलाले पनि निकै उन्नति गरेको थियो भन्ने कुरा त्यस समयको नाटक, कविता आदिबाट प्रमाणित हुन्छ । यो कुरा गीत दिगम्बर नाटक,

प्रबोधचन्द्रोदय, उषाहरण नाटक, नल चरित्र नाटक र गोपीचन्द्र नाटक इत्यादि अत्यन्त रसीला नाटकहरूबाट विदित हुन्छ। नाटक, शिलालेख तथा मुद्राहरूमा नेवारी भाषाको प्रयोग ज्यादै भएकोले त्यस बखत नेवारी भाषा याने नेपाल भाषाको राम्रो विकास भएको थियो भन्ने बोध हुन्छ। यस समय ज्योतिषी र ब्राह्मणहरूको घर-घरमा हिजो-आजको जस्तै शिक्षालय खोलिराखेको हुन्थ्यो जहाँ धनी-गरीब सबैले समान रूपले विनाशुल्क शिक्षा हासिल गर्न पाउँथे। त्यस बखत प्रचलित भएका गाईजात्रा, मच्छिन्द्रनाथ जात्रा र इन्द्रजात्रा आदि विभिन्न जात्राहरूले आजसम्म नेपालको सामाजिक जीवनमा आफ्नो स्थान कायम गरिराखेको नै छ।

यस कालमा वास्तु-कलाले चरम सीमासम्म उन्नति गरेको कुरा भक्तपुरको पाँच-तल्ले मन्दिर, ललितपुरको कृष्ण मन्दिर, महाबौद्ध मन्दिर, कान्तिपुरको हनुमानढोका, गुह्येश्वरी, पशुपति र स्वयम्भूनाथ चैत्य इत्यादि सजीव प्रतिमाले नै उपर्युक्त कथनको



पाटनका राजा भक्तपुरका राजा कान्तिपुरका राजा

पुष्ट्याइँ गर्दछ। साथै मलिलो माटोद्वारा निर्मित ईंट र काठमा पनि त्यस बखतको वास्तु-कला विशेष रूपले खड़ा छ। काठ र ईंटका बाहेक धातुको काम पनि निकै पोख्त छन् भन्ने कुरा कान्तिपुरको प्रताप मल्लको शालिक, पाटनको योगनरेन्द्र मल्लको शालिक र भक्तपुरको भूपतीन्द्र मल्लको शालिक तथा राजा रणजीत मल्लले निर्माण गरेको सुन-ढोका आदिबाट साबित भएका छन्। धातुको दीप-दानी सुकुन्डा अथवा

पानस, पूजा गर्न योग्य धातुका देव-देवीहरूका मूर्तिहरू, विभिन्न चलन-चल्तीका जलपात्रहरू, मन्दिरका ठूला-ठूला घण्टाहरू आदिमा पनि त्यस बखतको धातु कला राम्रै फस्टाएको देखिन्छ। ललितपुर र कान्तिपुरका बहालहरूमा भएका चित्रहरू तथा भक्तपुरको ५५ झ्यालभित्रका र सदाशिव चोकका भित्ति-चित्रहरू पनि कम महत्वका छैनन्। जसको बयान गर्नु नै आजसम्म मुश्किल भएको छ। वास्तु-कलाको आदर्शको जगमा हिन्दू-धर्मको प्राधान्य नै परिलक्षित भएको हुनाले यस कालको वास्तु-कला सर्वथा नवीन नभए तापनि यसलाई मूर्त गर्ने काल यही युगले नै गरेको छ।

उपसंहार

यस प्रकार मल्लकालीन नेपाल उपत्यकाको इतिहासमा शिक्षा, साहित्य, विज्ञान र कला अत्यन्त समृद्ध अवस्थामा पुग्न गएको तथ्य स्पष्ट रूपमा परिलक्षित भएको छ। इतिहासको राम्रो अध्ययन गरेको खण्डमा कला, साहित्य, धर्म तथा व्यापार र मानिसको रहन-सहनको दृष्टिकोण इत्यादि सबै मल्लकालीन नेपाल अत्यन्त उन्नत अवस्थामा पुग्न गएको देख्न पाइन्छ। यस कालमा साधारणतया जनसाधारण मौका-अनुसार शिक्षित हुन्थे। राजदरबारमा योग्यता हेरी विद्वान्हरूको ठूलो आदर हुन्थ्यो। राजाहरू स्वतः विद्वान् र काव्य मर्मज्ञ हुन्थे। राजाहरू पनि त्यस समय विद्वान्हरूको दाँजोमा संस्कृत र नेपाल भाषाको साहित्यमा प्रयत्नशील हुन्थे। हिन्दू-धर्म तथा मन्दिर (पैगोडा)-को आधारमा निर्माण भएका वास्तु-कला चरम अवस्थामा पुग्न गएको थियो। भित्तामा अंकित भएका हस्तलिखित चित्रकला र काठमा कुँदिएका मूर्तिकला पनि समृद्ध अवस्थामा पुगेको थियो। हिन्दू धर्म र बौद्ध धर्मावलम्बीहरूले आपसमा सहयोग कायम गरी धार्मिक कृत्य सम्पन्न गरेकोले धार्मिक सहिष्णुताको प्राधान्य नै लक्षित हुन्छ। यस कालमा निर्मित वास्तुकला धार्मिक कृतिका अलावा, चाँदीका मुद्राहरू, मल्लकालीन अवस्था उन्नत अवस्थामा पुगेको प्रमाण प्रस्तुत गर्दछ। यस बेलाको मल्लकालीन राजनैतिक अवस्था 'एकथोक अथवा देश विभाजनको कुरालाई एकातिर पन्छाइदिएको खण्डमा यो काल हरेक क्षेत्रमा अत्यन्त उन्नत र समृद्ध भएको देखिन्छ। वैदेशिक सम्बन्ध राम्रो भएकोले भोट र भारतमा व्यापारको राम्रो आदान-प्रदान भएको थियो। मल्लकालीन अवस्थाको रीतिरिवाज चाड़बाड़ले आजसम्म स्थान कायम राखेको नै यस तथ्यको प्रमाण भएको छ। तन्त्रको महिमा विषय त्यस बेला अत्यन्त समृद्धिशाली भएको माथि गैसकेका कुरा—भक्तपुरका सोमरा ब्राह्मण, देउपाटनका बन्धुदत्त आचाजु, कान्तिपुरका जामुना गुभाजू, लम्बकर्ण भट्ट र समन्तभद्र गुभाजू आदि व्यक्तिहरूका चमत्कारिक कथा-कृतिहरूबाट बोध गराउँछ। तसर्थ उपरोक्त कारणबाट मल्लकालीन अवस्था यथेष्ट मात्रामा शक्तिशाली भएको देखिन्छ।

●

खण्ड—११

जात्रा

बिस्केट-जात्रा—भक्तपुर

भक्तपुरको जात्राहरूमा बिस्केट-जात्रा सबभन्दा ठूलो मानिएको छ । यस जात्राका विषयमा दुई किसिमका पौराणिक कथाहरू प्रचलित भएका छन् । उक्त कथाहरू निम्न प्रकारका छन् :—

पहिलो :—

अघि परापूर्वकालमा एक प्रतापी राजा थिए, जसको दरबार आठवटा सिंहका मूर्तिहरूले सुशोभित थियो । ती राजाकी अत्यन्त सुन्दरी छोरी थिइन् । राजाले ती राजकन्यालाई विवाह गरिदिन धेरै कोशिश गरे । एक रात पनि ती कन्यासग कसैले पनि बिताउन सकेन । भोलिपल्ट बिहान भैसकेपछि दुलहा मरी लाशमात्र भएको हुन्थ्यो । तसर्थ राजाले आफ्नी छोरीसंग एक रात बिताउनसक्ने राजकुमारलाई कन्या विवाह गरिदिएर दुलहालाई राज्यसहित धेरै धन दिने उर्दी दिइराखेका थिए । राजकुमारीसित विवाह गर्न धेरै राजकुमारहरूले प्राण त्याग गरे । कसैले पनि सकेनन् । जब रातमा दुलहा दुलहीसंग ऐश गरेर निदाउँथे तब राजकुमारीको नाकको दुवै प्वालबाट एक जोड़ा सर्प निस्केर अजिङ्गर भै दुलहालाई डसेर मारिदिन्थ्यो । अनि फेरि सानो सर्प नै भई राजकुमारीको नाकको प्वालबाट भित्र गई अदृश्य हुन्थ्यो । यस प्रकारले धेरै नै राजकुमारहरूको ज्यान गयो । राजाले बिहान हुने-बित्तिकै मुर्दा बोक्ने खट र मुर्दा मसानमा जलाउन लैजाने गुठी नै बन्दोबस्त गर्नुपर्‍यो । सो खट अघिसम्म टौमढी टोलमा राखिछोड्ने चलन । थियो तर अहिले गुठी संस्थान को खर्च अड्डामा राखिएको छ ।

एक दिन देश बसाउन एक प्रतापी र बलवान राजकुमार घुमिरहेको बेलामा घना जंगलको बीचबाट खोला बगिरहेको ठाउँमा पुगेपछि एक करुण अवस्थाकी कपाल फुकाई, हाड़ र छालामात्र भएकी बूढ़ीलाई देखे । तिनले त्यस वृद्धारूप भएकी स्त्रीको अगाड़ि गएर "तपाईं किन यस घोर जंगलको एकान्तमा बसिरहनुभएको छ ? र तपाईं को हुनुहुन्छ ?" भनी सोधे । ती बुढ़ीले भनिन्—"यस देशमा राजाकी छोरीद्वारा धेरै युवकहरू सखाप भइसके, तिमी यहाँदेखि केही पर जाँदा एउटा खड्ग पाउनेछौ । त्यस खड्गले राजकुमारीको नाकबाट निस्कने एक जोड़ा

अजिङ्गरलाई नडराईकन दुई टुक्रा पारी काटिदिनु अनि तिमीले राजाकी छोरी विवाह गर्न पाई तिम्रो ठूलो भाग्य खुल्नेछ" भनी बूढी अन्तर्ध्यान भइन् । त्यो युवकलाई त्यहाँबाट अलि पूर्वतिर लाग्दा त्रिवेणी खोलामा एक खड्ग प्राप्त भयो र सो खड्ग लिई राजदरबारमा गै राजासंग छोरी मागे । राजाले पनि उनीसंग छोरीको विवाह गरिदिए र रातमा दुवै दुलहा-दुलहीलाई कोठामा सुत्न पठाए । नयाँ दुलहा र दुलहीले ऐश-आराम गर्दागर्दै दुलही भुसुक्क निदाइन् । तब तिनको नाकको प्वाल-बाट एक जोड़ा सानु सर्प निस्केर ठूलो अजिङ्गर भै नयाँ दुलहालाई मार्न आइपुग्यो । तर दुलहाले पनि सतर्क भै आफ्नो साथमा राखेको खड्ग झट्पट उठाई हमलावर दुवै अजिङ्गरलाई दुई टुक्रा पारी काटिदिए । अजिङ्गर र अजिङ्गरनी दुवैले प्राण त्यागेर जाने बेलामा त्यस दुलहासंग ठूलो अनुरोध गरे कि तिमी बड़ा पुरुषार्थी रहेछौ । यस देशमा हामी दुवैले धेरै पुरुषार्थी भएका राजकुमारहरू मारिसकेका छौं । अब हामी दुवै एकै ठाउँमा मर्न लाग्यौं । हामी दुवै प्राण त्यागेर गएपछि हाम्रो पुरुषार्थ देखाउन निमित्त सबैले देखिने गरी जात्रा चलाइदिनु भनी दुवैले प्राण त्यागे । भोलिपल्ट बिहान हुनेबित्तिकै कोठाको अगाड़ि मुर्दा हाल्ने खट लिई मुर्दा जलाउन मसानमा लैजाने गुठियारहरू तयार थिए । बिहान सूर्योदय भैसकेपछि दुवै दुलहा-दुलही कोठाबाट निस्केको देखेर त्यहाँ जम्मा भएका मानिसहरू सबैले आश्चर्य माने । राजाले पनि आएर कोठामा हेर्दा एक जोड़ा ठूलो अजिङ्गरमात्र मारिराखेको देखे । नयाँ दुलहालाई देख्न पाएकोले दरबारमा ठूलो उत्सव भयो र नयाँ दुलहा-लाई राजाले आफ्नो राज्यको भार सुम्पी छोरीलाई धेरै धन दाइजो दिएर राज-कुमारलाई राजतिलक दिए ।

त्यसपछि नयाँ दुलही पाउनका साथै गद्दीमा बस्न पाएका नयाँ राजाले राज-दरबारमा धेरै ज्योतिषीहरू भेला गरी अजिङ्गरले मर्ने बेलामा भनेर गएका कुराहरू सुनाए । अन्त्यमा त्यस मरेको अजिङ्गरको जोड़ा एकलाई हरेक वर्षको चैत्र मसान्तको आखिरी दिनमा सबैले देखिने गरी लामो काठमा झुन्ड्याई लिङ्गो उभ्याउने जात्रा चलाई २४ घण्टापछि विसर्जन गराउने बन्दोबस्त गरे । यसैलाई बिस्केट जात्रा भन्दछन् ।

यो जात्रालाई पछि मल्ल राजाहरूले शास्त्रोक्त विधिले सकेसम्म विस्तृत पार्ने कोशिश गरेका थिए । लिंगो उभ्याइसकेपछि टौमढी टोलमा राखिछोड्ने मुर्दा हाल्ने खटलाई पुरानो बाजाले सुशोभित गराई घण्टा बजाई जात्रा गरी लगेर लिंगस्थलमा पुऱ्याई विधि-विधानबमोजिम शास्त्रोक्त विधिअनुसार पूजाआजा चलाउने पनि गराइ-दिएका थिए । उस बेलादेखि भएको मुर्दा बोक्ने खटलाई हिजोआज 'भाजंख:चा' भन्ने

नाम प्रचलित भएको छ । यो बिस्केट जात्रालाई राजा-प्रजा सबैले रमझम र उमंग पूर्ण पार्न मल्ल राजाहरूले श्री भैरव-भद्रकाली रथजात्रालाई पनि समावेश गराइदिएका थिए । यो भैरव-भद्रकालीको रथजात्रा लिंगो उभ्याउने ४ दिनअगाडि र लिंगो विसर्जन भएको ४ दिनपछाडि ठूलो रमितासित जात्रा चलाइदिएका थिए । लिंगो विसर्जन भैसकेपछि पनि श्री भैरव-भद्रकालीको रथ जुधाउने जात्रा समावेश गर्न लगाएका थिए । यसैलाई हिजोआज खट जुधाउने जात्रा भन्दछन् ।

दोस्रो :—

भक्तपुरमा लिच्छवी वंशका शिवदेव राज्य गर्दै थिए । त्यस बेला किरातीहरूले भक्तपुरमा हमला गर्न आएकोले राजाले श्री वज्रयोगिनीको शरणमा जाँदा तिम्रो गुरु शेखर आचाजुको रायबमोजिम लडाईं गर्दा तिम्रो विजय हुनेछ भनी देवीले आज्ञा दिइन् । सोही आज्ञाबमोजिम राजा शिवदेवले आफ्ना गुरु शेखर आचाजुलाई बोलाई श्री वज्रयोगिनीको आज्ञा बताए । गुरु शेखरले पनि राजालाई धन्दा नमानिबक्सियोस्, हमलावर किरातीहरूलाई हज्जार बाघ भएर तितरबितर पारी भगाई पठाइदिनेछु भनी आश्वासन दिए । साथै, हमलावर किरातीहरूलाई भगाई पठाइसकेपछि म बाघ भएको बेलामा हजूरकहाँ आउनेछु, हजूर नडराईकन यो अक्षताले मलाई हानिबक्सनु म फेरि मानिस हुनेछु भनी मन्त्रद्वारा एक मुट्ठी अक्षता (चामल) राजालाई दिएर आफू बाघ भए । एकैछिनमा हज्जारौं बाघहरू साथ लिई हमलावर किरातीहरूउपर जाइलागे । सबै किरातीहरूलाई भागाभाग गराई देशमा शान्ति स्थापित गरिसकेपछि बाघरूप भएका श्री शेखर आचाजु राजाकहाँ गए । राजाले पनि पहिले आचाजुले दिएको अक्षताले त्यस बाघलाई हानिदिए । बाघरूप भएका शेखर तुरुन्त पहिलेको अवस्थामा मानिस भए । राजा शिवदेवले गुरु शेखर आचाजुलाई ठूलो सत्कार गरेर सिंदूर जात्रा गरी घरमा फर्काए ।

स्वामीलाई बाघ-रूप भएको देखेर आचाजुकी स्वास्नी नररूपाले आश्चर्य मानी आफ्ना स्वामीसंग हजूर अनेक रूप लिन सक्नुहुन्छ । मैले अजिङ्गर भनेको देखेको छैन, तसर्थ हजूरले एकफेरा अजिङ्गर रूप लिई देखाइबक्स्योस् भनी ठूलो जिद्दी गर्न लागिन् । पति शेखर आचाजुले यदि नडराईकन मैले भनेको जस्तै गरिदियौ भने देखाइदिनेछु भनी आफ्नी स्वास्नी नररूपालाई भने । यसमा स्वास्नी नररूपाले मंजूर गरिन् । स्वामी शेखर आचाजुले एक मुट्ठी अक्षता मंत्र गरी स्वास्नीको हातमा राखिदिए र आफू ठूलो अजिङ्गरको रूप भइदिए । त्यो ठूलो अजिङ्गरलाई देख्नासाथ स्वास्नी नररूपा डराई हातमा राखेको अक्षता हान्ने कुरा बिर्सी भाग्न लागिन् । अजिङ्गर रूप भएका शेखर आचाजु निज स्वास्नीको हातमा भएको अक्षता हानिदिने आशाले

भागेकी स्वास्नीतिर लागे। तिनले झन् मलाई मार्न आयो भनेर आफ्नो हातमा भएको अक्षता अजिङ्गरलाई हान्न छोडेर आफ्ना मुखमा हालिदिइन्। उनी पनी अजिङ्गरनी भइन्। दुवै स्त्री-पुरुष अजिङ्गर भए। यो कुरा कसैलाई पनि थाहा थिएन। अब अजिङ्गरले मन्त्रद्वारा अक्षता कसले हानिदेला र फेरि मानिस हुन पाउँला भन्ने आशयले देवीहरूको नजिकमा पूजा गर्न आउने भक्तालुहरूले देख्ने गरी बस्न लागे। धेरै दिन बितेपछि पनि कसैले मन्त्रद्वारा अक्षता हानी नदिएकोले राजा शिवदेवलाई बाघ भई सहायता गरेको सम्झना गरेर रोजको एकपटक पुच्छरले टेकेर राजदरबारमा हेर्ने गर्दथे। यी दुवै अजिङ्गरको तमासा राजाकहाँ जाहेर भयो। राजाले यो अजिङ्गरलाई कसैले पनि केही नगर्नु, हाम्रो शरणमा आएको हो भनी उर्दी भयो। अब दुवै अजिगरले कसैले पनि अक्षता हानिदिएनन् भनी निराश भै भद्रकाली पीठनेर आत्महत्या गरी मरे।

केही दिनपछि राज्यमा ठूलो अनिकाल भै दुनियाँमा हाहाकार मच्चियो। यस सालमा हाम्रो देशमा अजिगर मर्न आएकोले यस्तो भएको हो भन्ने हल्ला भयो। देशमा शान्ति-स्वस्ति गर्नुपरचो भनी सबैले राजदरबारमा राजालाई सल्लाह दिए। राजाले आफ्ना गुरु शेखरलाई खोज्न पठाए तर कसैले पनि निजलाई देख्नसम्म पनि सकेनन्। राजा आफै द्‌री शेखरको घरमा हेर्न जाँदा घरमा सबै ढोकाहरू खुलेको र कहीं पनि ताल्चा नमारेको (नलगाएको) देखेर राजाले आश्चर्य माने। यताउति खोज तलाश गर्दा राजाले अजिगर घस्रेर गएको चिह्न देखे। सो चिन्हको पछि लाग्दा अजिगरहरू आत्महत्या गरी मरेको देखे। गुरु शेखरले हरेक रूप लिन सक्ने थाहा पाई यही अजिगर हुनुपर्छ भनी विश्वास गरे। अब देशमा तान्त्रिकहरू बोलाई सल्लाह गर्दा पनि केही उपाय नभएकोले गुरुउपर राजाले ठूलो शोक गरे। राजाले आफ्ना गुरु शेखर आचाजुको पराक्रम र गुणको बयान सबैले कालान्तरसम्म थाहा पाउन् भन्ने उद्देश्यले ती दुवै अजिगरलाई वर्षको हरेक चैत्र महिनाको आखिरी दिनमा शास्त्रार्थ गरी नेवारी भाषामा 'विस्यात' भन्ने नामले लामो काठको लिङ्गोसाथै दुवै अजिगर-लाई उभ्याउने जात्रा चलाए। सोही जात्रालाई हिजोआज पनि 'बिस्केट जात्रा' भनी नाम प्रख्यात गराएको छ। यो जात्रामा लिंगो ढालेपछि विक्रम सम्वत्‌को नयाँ वर्ष शुरू हुन्छ।

यी माथिका दुवै कथा भए तापनि हिजोआज मुख्य प्रचलित भएको पहिलो कथा हो, यसैमा सत्यता भएको बुझिन्छ।

ठिमो-जात्रा

नेपाल उपत्यकाको धेरैजसो जात्राहरूमा ठिमी (मध्यपुर)-को वैशाखे जात्रा पनि ठूलो प्रख्यात भएको छ। यो जात्रा हरेक वर्ष वैशाखे संक्रान्तिको दिनमा शुरू भई भोलिपल्ट वैशाख २ गतेको दिनसम्म हुन्छ। यो जात्रा वैशाख १ गतेभन्दा वैशाख २ गतेको दिनमा बिहान सबेरैदेखि शुरू भएर धूमधामसंग मनाइन्छ। श्री बालकुमारी, श्री सिद्धिकाली, श्री दक्षिणवाराही, श्री हरिसिद्धि, श्री महालक्ष्मी, श्री नारायण र टोल-टोलका गणेश देवता आदि ३२ देवताहरू आफ्नो-आफ्नो खटमा हालेर एकैसाथ देशमा परिक्रमा गर्दछन्। यसैलाई नै मध्यपुर ठिमीको जात्रा भन्दछन्। यो जात्रा शुरू हुने वैशाख संक्रान्तिको बिहान सबेरैदेखि ठिमी लायकु दरबारबाट श्री बालकुमारी देवी लाई बाहिर ल्याई पूजा-आजा चलाउँदछन्। अनि श्री दक्षिण वाराही, हरसिद्धि र अजिमाद्यो भन्ने देवी पनि त्यहाँ शामेल गराउन ल्याउँछन्। त्यस बेला ठिमी शहर ठूलो चाडको रूपमा गुञ्जायमान भई देवताको प्रसाद लिई घर-घरमा भोजको आयोजना गरी राखेका हुन्छन्। वाद्य-वादन याने नेवारी सांस्कृतिक बाजाको मधुर आवाजले ढाकेको हुन्छ। त्यसपछि रातमा ठिमी-शहर स्थित सबै देवी-देवताहरू बाहिर ल्याई विधि-विधानबमोजिम पूजा-आजा चलाउँदछन्। यसै बेला नगदेश स्थित श्री गणेश देवता पनि बाहिर ल्याई पूजा-आजा चलाउँछन्। यो जात्रामा नगदेश टोलका श्री गणेशको पनि ठूलो स्थान हुन्छ। त्यसको लागि छुट्टै गुठीको आयोजना गराइराखेको हुन्छ। त्यस रातको समयमा करीब ९–१० देवताहरू लायकू-दर्बारमा श्री बालकुमारी देवीसंगै राख्न ल्याउने गर्दछन्। तसर्थ त्यहाँ त्यो रात ठूलो रमिता हुन्छ। भक्तपुरको लिंग जात्रा दृश्यावलोकन गरी जात्रा विसर्जन भैसकेपछि टाढा-टाढाका जात्रुहरू त्यो रातमा त्यहाँ पनि शामेल हुने गर्दछन्। यसै बेला त्यहाँ भोटे-भोटेनीहरू रसिया गीत गाई पारस्परिक विनोद उपलब्ध गराउँदछन्। तसर्थ उक्त गीतको विजयार्थ त्यस रात प्रतिस्पर्धा चलेको हुन्छ। अकसर गरेर त्यो रातको समय नै रसिया गीत गाउने र देवी-देवता-कहाँ वाद्यवादनले देवताको स्तुति र भजन गराउनुमा नै विशेषता मान्दछन्।

भोलिपल्ट २ गतेको बिहान सबेरैदेखि नै श्री बालकुमारी देवीको खटसंगै अरू सबै देवताहरू शामेल गरिन्छन्। नगदेशका श्री गणेश त्यहाँ आइसकेपछि ३२ देवताका खटहरू सबै पंक्ति लगाएर जात्रा शुरू हुन्छ। सबै देवताका खटहरू चिरागका बत्तीहरूले सुशोभित गराई वाद्य-वादनसहित झल्लरवाल छाताहरूले ओढाई राखेका हुन्छन्। त्यो जात्रामा जात्रुहरूले फुस्रो सिंदुरको होली खेल्ने गर्दछन्। उक्त होली खेल्नमा अकसर गरेर ठिमीलेहरू खूब रमाउँछन्। उक्त जात्रामा देवताहरूका झल्लर-

वाल छाता घुमाउने र फुस्रो सिन्दुरको होली खेल्नमा नै विशेषता मान्दछन् । यो जात्रा श्री बालकुमारी स्थानबाट शुरू भई ठिमीको दूध पोखरी भन्ने ठाउँमा जात्रा घुमाई अथवा प्रदक्षिणा गराई ठिमीको लायकु-राजदर्बारमा देवताहरूलाई भित्र्याउँदछन् । अनि बाँकी देवताहरू आ-आफ्नो स्थानमा लगी जात्रा विसर्जन गर्दछन् । यसैलाई ठिमी जात्रा भन्दछन् । यो जात्रामा लाखौं दर्शकहरू भेला भई ठूलो रमिता हुन्छ । यो जात्रामा जहाँ दर्शकहरूको ज्यादा घुँइचो हुन्छ त्यहाँ श्री गणेशजीको खट लगेर दर्शकहरूलाई तितर-बितर पार्ने गर्दछन् । यसले गर्दा जात्रामा दर्शकहरू आकर्षित भई जात्राको रमिता झन् बढ्छ । त्यसैले त्यो गणेशलाई नेवारी-भाषामा 'धाराघुरू गणेश' को जात्रा भनी प्रख्यात भएको छ । फेरि त्यही जात्रामा श्री नारायणको खट पनि यताउता घुमाई-घुमाई ल्याउने गर्दछन् । त्यो खट नाग चढेको श्री विष्णु भगवान नारायणको हो । श्री विष्णु भगवान चढेको नागको पुच्छर अरू दर्शकहरूले कुलिच-देला भनेर जात्रामा श्री विष्णु भगवानको खट यताउती वर्काई-फर्काई ल्याउने गरेको हो भन्ने जनश्रुति छ । अनि जात्रा विसर्जन हुन्छ ।

यो जात्रा विसर्जन भइसकेपछि ठिमी शहरको केही उत्तरतिर स्थित वोडे शह-रमा जिब्रो छेड्ने जात्रा हुन्छ । यो जात्रामा पनि दर्शकहरूको ठूलो भीड लागेको हुन्छ । यो जिब्रो छेड्ने जात्रा ठूलो रमितासाथ विधिविधानसंग शुरू हुन्छ । यो जिब्रो छेड्ने जात्रा भनेको मानिसको मुखको जिब्रो सुइरोले प्वाल पार्ने काम गर्द-छन् । अनि त्यो जिब्रोमा सुइरोले प्वाल पारिराखेको मानिसलाई ८ वटा बत्ती भएको खट बोकाउन लगाई देश परिक्रमा गर्न लगाउँदछन् । यसैलाई जिब्रो छेड्ने जात्रा भनी प्रख्यात भएको छ । यो जात्रा गराउने मानिस जात्रा हुनुभन्दा ४ दिन अगाडिदेखि नै शुद्ध भएर ठूलो नियममा बस्नुपर्दछ । यो जात्रा गराउने, जिब्रोमा सुइरोले प्वाल पार्न लगाउने मानिस अकसर गरेर ठूला-ठूला खानदानका मानिसले मात्र जात्रामा भाग लिन पाउँछन् । यो जात्रा धार्मिक आधारमा हुने भएकोले जिब्रो छेड्न लगाउने व्यक्ति गौरान्वित भै ठूलो इज्जत सम्झन्छन् । यो जात्रामा जिब्रो छेड्न लगाउने व्यक्तिले आफ्ना नातेदार तथा इष्टमित्रहरूलाई आफू जिब्रो छेड्ने जात्रामा भाग लिन पाएको उपलक्ष्यमा भोज खुवाउन पर्ने पनि चलन छ भन्ने कथन छ । यही किसिमको जिब्रो छेड्ने जात्रा इन्द्रजात्राको समयमा ठिमी शहरमा पनि हुन्छ तर योजतिको रमझम र मानिसको घुइरो त्यस बेला केही कम नै हुन्छ ।

यो जिब्रो छेड्ने जात्रा विषय एउटा सानु किंवदन्ती छ । जो यस प्रकार छ :—

परापूर्वकालमा दैत्यहरूले त्यो शहरको क्षेत्रका वासिन्दाहरूलाई धेरै दुःख दिई छोरीहरूलाई चोरेर लगी त्रस्त गराए । एक दिन श्री बालकुमारी देवीले त्यस क्षेत्रको एकजना अति गुणी र तान्त्रिक विद्यामा निपुण भएका व्यक्तिलाई सपनामा दर्शन

मिल्यो र आज्ञा भयो कि यो देशमा दैत्यहरूले ठूलो दुःख दिई मानवलाई कष्ट र पीडा दिइरहेछन्, एकजना मानिसलाई बोलाई जिब्रोमा सुइरोले घोच्न लगाई बत्तीको ज्वाला भएको खट बोकाई देश परिक्रमा गर्न लगाउनु, अनि यहाँका मानिसहरू बडो पुरुषार्थी रहेछन् भनी डराई यो क्षेत्र दैत्यहरूले छोडेर जानेछन् भनी अन्तर्ध्यान भइन् । भोलिपल्ट सोही सपनाको आज्ञाबमोजिम त्यो व्यक्तिले तान्त्रिक विधिले एकजना मानिसलाई बोलाएर त्याई त्यसरी नै जिब्रोमा सुइरोले घोची बत्तीको ज्वाला भएको खट बोकाउन लगाई देश परिक्रमा गर्न लगायो । देवीको आज्ञाबमोजिम उक्त काम देखेर सबै दैत्यहरूले त्यो क्षेत्र छाडिगएको थियो र देशमा त्यस दिनदेखि मानिसहरू आनन्दसंग बसे । यो काम विक्रम सम्वत्को वैशाख २ गतेको दिनमा भएको थियो । यो काम कालान्तरसम्म जात्राको रूपमा प्रचलित भयो । यसैलाई जिब्रो छेड्ने जात्रा भन्दछन् । यो जात्रा विसर्जन भएपछि सुइरोले जिब्रोमा घोची राखेको उक्त सुइरो झिक्ना साथ श्री महालक्ष्मीदेवीको मन्दिरमा भएको माटोको धूलो लगाउँदा औषधी हाल्न नपरी घाउ त्यसै निको भएर जानेछ भनी कथन चलेको छ । यही पम्पराले आजसम्म स्थान पाएको यो जात्रा बडो महत्वको मानिएको छ ।

भोटो-जात्रा—पाटन

लगभग कलिगत सम्वत् १८२५ तिर सूर्यवंशी गुणकाम देव राजाको पालामा ललितपुरदेखि दक्षिण प्रान्तमा टौदह नाम गरेको तलाउ (सरोवर)-मा कर्कोटक नाम गरेको नाग थियो । त्यो नागकी स्त्री नागिनी आँखा दुखेकोले सार्है पीड़ित थिइन् । नागिनी पीड़ित परेकीले हमेशा त्यसलाई शान्ति थिएन । एक दिन कर्कोटक नाग औषधि खोज्न मानिसको रूप लिई निस्क्यो । ठिमीदेखि केही पर बाटोको खेतमा एक ज्यापूले छाप्रोमा आफ्नो बाखाको आँखामा औषधि लगाइरहेको मानिस रूप भएको कर्कोटक नागले देख्यो । सरासर छाप्रोमा गई मेरी स्वास्नीको पनि आँखा दुखेको छ, औषधि गराइदेऊ, जो इच्छा लागेको छ तिमीलाई दिनेछु भनी मानिस-रूप भएको नागले त्यस ज्यापूलाई भन्यो । ज्यापूले मञ्जूर गरेर त्यसैको साथमा गयो । टौदहको डिलमा पुगेपछि मानिस-रूप भएको कर्कोटक नागले ज्यापूलाई आँखा चिम्लन लगाई दुवैजनाले पानीमा फालहाले । आँखा खोलेपछि त्यस ज्यापूले किसिम-किसिमका झलमलल परेका रङ्गबिरङ्गी मणिहरूले सजि सजाउ भएको नागको अति रमणीय सुनका घरहरू देखेर चकित भयो ।

त्यस ज्यापूलाई कर्कोटक नागले आफ्नी नागिनीलाई आँखामा औषधि गर्न देखाए । त्यस ज्यापूसंग केको औषधि हुन्थ्यो र ? तैपनि ज्यापूले आफ्नो कानमा छामछाम गरेर औषधि निकालेजस्तै बहाना गरी कानको मयल अलिकति निकालेर पानीमा रगडी नागिनीको आँखामा हालिदियो। दैव संयोग नागिनीको आँखाको पीड़ा छुटेर निको हुँदै आयो । कर्कोटक नाग र नागिनी त्यस ज्यापूदेखि अत्यन्त खुशी भए । नाग-नागिनीले त्यस ज्यापूलाई तिमीलाई के चीजको इच्छा छ माग, दिनेछु भने । बिचारा गरीब ज्यापूले आफ्नो छोराछोरीको नाङ्गो टार्न तपाईंको बड़ाउरी लुगा पाऊँ भनेछ । नाग र नागिनीले अरू पनि केही चाहिन्छ भने माग दिनेछु भनी भन्दा ज्यापू अक्कमक्क परेर भूस नदेख्नेले चामल देखेजस्तै भई केही पनि बोल्न सकेन । नाग-नागिनीले तिमीले बोक्न सक्नेजति धन लिएर जानु भनी कालो पाटमा रत्न जड़िराखेको भोटो एक र बोक्न सक्नेजति धन दिएर त्यसलाई आँखा चिम्लन लगाई टौदहको डिलमा उतारिदिए । ज्यापू खुशीले गद्‌गद भएर ठूलो आनन्दसाथ धनको पोको र भोटो बोकेर आफ्नो घरतिर लाग्यो ।

ज्यापू घरबाट बाहिर आउनुपर्दा नागले दिएको रत्न जड़ेको भोटो लगाई आउने गर्दथ्यो । एक दिन भूतले त्यो तमाशा देख्यो र खुस्काउन निमित्त भूत त्यस ज्यापूको पिछा लाग्यो । संयोगवश ज्यापूलाई दिशा लागेछ र भोटो फुकाली खेतको आलीमा राखेर दिशा गर्न लागेछ । मौका पाउनासाथ त्यस भूतले आलीमा राखेको रत्नजड़ाउ

भोटो लिएर सुईंकुच्चा ठोकी भागेछ। मेरो भोटो किन लगिस् भन्दै भूतसंग ज्यापू दगुऱ्यो। अलि पर पुगेपछि भूत लोप भयो। ठूलो दुःख मान्दै ज्यापू आफ्नु घर फर्केर सुर्ता गर्दै बसिरह्यो। त्यसै वर्ष ललितपुर ज्याउलाखेलमा श्री मच्छिन्द्रनाथको जात्रामा त्यो भूत रत्नजड़ाउ त्यही भोटो लगाई हेर्न आयो। ज्यापू पनि जात्रा हेर्न आएको बेलामा त्यही भोटो लगाएर आएको देख्नासाथ मेरो भोटो यही हो, फुकालिदेऊ भनी त्यस भूतको कम्मर समात्यो। दुवैको कुश्ता-कुश्ती भयो। त्यहाँ जम्मा भएका तमाशेहरूले घेरे। एक कान दुई कान मैदान भै त्यो खबर राजा गुणकाम देवकहाँ पुग्यो। राजा पनि त्यस जात्रामा शामेल भै मुद्दा बुझे। श्री मच्छिन्द्रनाथको जात्रामा घटना घटेकोले श्री मच्छिन्द्रनाथको अगाड़ि नै सबैले देखिने गरी मुद्दा फैसला गर्नुपर्छ भनेर राजा गुणकाम देवले दुवै झगड़िया अगाड़ि राखेर जसले सबूद प्रमाण ल्याउन सक्ला त्यसले पाउनेछ भनी त्यो रत्नजड़ाउ भोटो श्री मच्छिन्द्रनाथको जिम्मा हुने गरी नासो राखिदिए। जुन झगड़ियाले प्रमाण ल्याउन सक्ला त्यसलाई भोटो दिने र प्रमाण ल्याउन नसक्नेले तुरन्त मर्नुपर्ने घोषणाको राजाले फैसला सबैलाई सुनाए। दुवै झगड़ियाले सच्चा प्रमाण ल्याउन नसकेकोले नासो रहेको भोटो वर्षमा जात्राको दिनमा सबैलाई देखाउने चलन आजसम्म यथावत कायम भएको हो। यसैलाई नै भोटो जात्रा भन्दछन्।

●

पासाचऱ्हे (प्रेतचतुर्दशी) जात्रा—कान्तिपुर

कलिगत ३८२५ मा कान्तिपुर शहर बसाइसकेपछि श्री महालक्ष्मी देवीबाट सपनामा आज्ञा भएबमोजिम राजा गुणकाम देवले देशरक्षाको निमित्त ठाउँ-ठाउँमा देव-देवीहरूको आह्वान गरी स्थापना गरे। पछि राजा अमर मल्लले ती देव-देवी-हरूलाई १२-१२ वर्षको एकपटक नाच देखाउने व्यवस्था मिलाइदिए। कान्तिपुरको जात्राहरूमा प्रेतचतुर्दशीको जात्रा सबभन्दा रमझम भएको एक ठूलो जात्रा मानिएको छ। यो जात्राको चाड़ ३ दिनसम्म मनाइन्छ। राजा अमर मल्लले आफ्नो देशमा शान्ति सुव्यवस्था कायम गर्न हरेक प्रजाको घर-घरमा, अघिदेखि भागी, फोहर मैला भएको माल (ठाउँ)-मा लुकिरहेका महादेवलाई आह्वान गरी फलामे भाँडामा मोहनी थापेर विधिपूर्वक पूजा चलाइसकेपछि भोज खाने चलन चलाए। यस पूजाको निमित्त मूलाको फूल र रायोको फूल पनि चढ़ाउनुपर्ने गराए। हिजोआज त्यो पूजा 'लुकुमाद्यो' भन्ने नामले प्रचलित भएको छ।

पासाचह्रे जात्रा प्रेतचतुर्दशीको रातको समयमा केही टोलका देवी-देवताहरू टुँडिखेलमा जम्मा गराई ठूलो उत्सव मनाउने गर्न थाले। त्यस उत्सवमा देवीहरू शामेल भैसकेपछि ठूलो रमितासाथ देवीहरूको खट जुधाउने गरे। त्यसै बखतमा पहिले-पहिले त फुस्रो सिंदुरको फालाफाल गरी होली मनाउने गर्दथे तर पछि सो काम बन्द भै पूजा मात्र चढ़ाउनुपर्ने भयो। त्यस रातमा हुने टुँडिखेलको जात्रामा भाग लिन युवक-युवतीहरू ठूलो संख्यामा भेला हुन्थे। त्यस जात्रामा श्री भद्रकाली देवी, श्री कंकेश्वरी देवी र श्री संकटा देवी तथा लुतिमरू देवी भन्ने नामले खूब प्रख्यात थियो। जात्रामा विभिन्न किसिमका बाजावालहरू भेला भै आ-आफ्नो ताल-सुरमा बहादुरीको परिचय देखाई टुँडिखेलको वातावरण नै मधुर आवाजले गुञ्जायमान गराइराखेको हुन्थ्यो। केटाकेटीहरूले पनि भूईंचम्पा र बारूद पताका पड्काउने कामले उमंग देखाई त्यस उत्सवमा अगाडि बढ्न तँछाड़ मछाड़ गर्दै खुशियाली गरी हिंड्ने कामले गर्दा झन् त्यस जात्रालाई शोभायमान गराइराखेको हुन्थ्यो। देवताहरूको खट जुधाई जात्रा सिद्धिएपछि आ-आफ्नो देवतालाई ठूलो वत्तीको ज्वाला भएका चिराग-हरू बाली देश परिक्रमा गराई जात्रा चलाई टोल-टोलमा लगेर पूजा थाप्न लैजाने गर्दथे।

भोलिपल्ट याने घोड़ाजात्राको दिनमा टोल-टोलमा बाल-बालिकाहरूलाई भोजन गराउने गर्दछन्। भोजन गराउन पात (ज्यला लपते)-मा भात राखिदिने गर्दथे। टोल-टोलका बासिन्दाहरूले आफ्नो श्रद्धाअनुसार कसैले रोटी, कसैले फलफूल तथा कसैले तर्कारी अचार इत्यादि विभिन्न किसिमका व्यञ्जनहरू र चीजबीजहरू चढ़ाई आ-आफ्नो टोलमा ठूलो रमिता मनाउँथे। बाल-बालिकाहरूलाई त्यो भोजन गराउने-लाई "मल्ह् जा नकेगु" भन्ने नामले अद्यापि प्रचलित भएको छ।

तेस्रो दिनमा असन टोलमा पचासौं हज्जार तमासेहरू भेला भै खट जुधाउने जात्रामा ठूलो रमिता हुन्छ। त्यस जात्रामा वटु टोलका मानिसहरूले भद्रकाली देवीलाई खटमा राखेर ठूलो जात्रा गरी असन टोलतिर ल्याउँछन्। त्यस्तै, कंकेश्वरी-तर्फका मानिसहरूले श्री कंकेश्वरी देवीलाई खटमा राखेर असनतिर नै लैजान्छन्। दुवै खट असन टोलमा पुगेपछि ठूलो रमिता हुन्छ। श्री भद्रकाली र कंकेश्वरीको खटहरूलाई झल्लरवाल छाताले ओढ़ाइराखेको हुन्छ। त्यस छाताको घुमाइले गर्दा जात्राको रमिता-लाई झन् शोभायमान गराइराखेको हुन्छ। पछि टेबहाल टोलका मानिसहरूले पनि श्री भद्रकाली देवीलाई खटमा राखेर ल्याई त्यस जात्रामा शामेल भएर वटुटोल, टेब-हालका दुवै भद्रकालीलाई श्री कंकेश्वरी देवीले घुम्नुपर्ने गराए। बाजावालाहरू पनि आ-आफ्नो बाजाको सूरमा बहादुरीको परिचय देखाउन त्यस जात्रामा व्यस्त हुनुपर्ने भयो। जब तीनै खट नजिकै आइपुग्दछन्, त्यस टोलका मानिसहरूले आ-आफ्नो

घरबाट रंगबिरंगका रोटीहरू फालाफाल गरी देवतालाई चढ़ाउने गर्दछन्। त्यस जात्रामा केटाकेटीहरू पनि बेलुन पताका इत्यादिको शौखमा रमिता देखाउन व्यस्त हुन्छन् अनि श्री कंकेश्वरी र श्री भद्रकालीको खट जुधाउने काम हुन्छ। खट जुधाउँदा दुवै खटका मानिसहरूले दुवै खटका चिरागहरू आदान प्रदान गर्दछन्। खटको जुधाई त्यसैलाई मान्दछन्। चिरागचाहिं निगालोको बनाइराखेको हुन्छ। खट जुधाइसकेपछि अर्थात् निगालो-मुठा बालेको बत्ती साटासाट गरिसकेपछि देवीहरूलाई ठूलो जात्रा गरी आ-आफ्नो ठाउँमा लगेर जात्रा विसर्जन गर्दछन्। यस जात्रामा लुतिमरू देवी एकजनाको जात्रा हुँदैन। यस विषयमा एउटा किंवदंती कथा छ जो यस प्रकार छ :—

परापूर्व कालमा कंकेश्वरी देवी, नर देवी, भद्रकाली देवी, टखती देवी, मैती देवी, असन देवी र लुति देवी आदि आठ देवीहरू एकै सन्तानका दिदीबहिनीहरू थिए। यी देवीहरू सबैका धेरै बच्चाहरू (सन्तानहरू) थिए। यी देवीहरूमध्ये एक देवीले पिशाच चतुर्दशीको चाड़मा सबै दिदीबहिनीहरूलाई भोजमा निम्ता गरे। त्यस भोजमा सबै देवीहरू आ-आफ्ना बच्चा-सन्तानहरूसहित राम्रा-राम्रा गहनाहरू र लुगाहरू लगाई शामेल भए तर लुतिमरू देवी ज्यादै गरीब भएकीले आफ्ना सन्तानहरूलाई बिनागहना र लुगाबाट नै त्यस भोजमा उपस्थित गराइन्। निम्तोवाल देवीले लुतिमरू देवी र उनका सन्तानहरूलाई त्यस्सै ढोकामा नै उभ्याई अरू राम्रा लुगा र गहना लगाएका देवी तथा उनका सन्तानहरूलाई राम्रो-राम्रो बिछयौना बिछाई ठूलो सत्कार गरेर भोजमा पनि धेरै किसिमका व्यञ्जनहरू फरमाएर ख्वाउन लागे तर धेरै गहना र राम्रो लुगा नभएकी लुतिमरू देवी तथा उनका सन्तानहरूलाई त्यस्सै उभ्याई वास्ता नै गरिदिएनन्। धेरै बेरपछि लुतिमरू देवीका सन्तानहरू भोक लाग्यो आमा भनी रून लागे। ती बच्चाहरूको रुवाइले निम्तोवालले कस्ता अलच्छिनी बच्चाहरू भनेर हप्काउन लागे। ती झन् च्याँच्याँ गरी रून लागे। निम्तो दिने देवी रिसाएर ४।५ वटा सुकेका रोटीहरू ल्याएर लौ खाउ भनी ती बच्चाहरूको कपालमा फ्याँकिदिइन्। संयोगवश त्यो सुकेको रोटी कपालमा लागेकोले घाउ लागेर रगतको धारा बग्न लाग्यो। यसमा लुतिमरू देवीले ठूलो चित्त दुखाइन् तैपनि सकेसम्म सहेर बसिन्। आखिर निराश भै भोज नखाई लुतिमरू देवी आफ्ना बालबच्चाहरू सबै साथमा लिई आफ्नो घरमा फर्किन्। बच्चाहरू ज्यादै भोकाई भोक लाग्यो भनी कराएकोले घरमा फर्कंदा बाटोमा एकवटा फर्सी किनेर आफ्नो घर त्यौड टोलमा आई उत्नैखेर तर्कारी पकाउन लागिन्। तर्कारी पाक्यो कि भनी हेर्दा दैवसंयोगले सबै फर्सीको तर्कारी सर्प भैरहेको देखिन्। म कस्ती अभागिनी रहिछु भनी साह्रै चित्त दुखाएर फ्यांक्न लैजानलाई बिर्को खोली हेर्दा फेरि त्यो फर्सीको तर्कारी जम्मै

सुन भैरहेको देखिन् र अचम्म मान्दै खुशी भई त्यस सुनलाई रूमालमा खन्याई पोका पारी केही मात्र सुन बाँकी राखी बजारमा बिक्री गर्न गई धेरै धन (पैसा) जम्मा पारी आफ्नो भोका बच्चाहरूलाई मीठा-मीठा खाना तैयार गरी बच्चाहरूको मुखमा बुजो लगाइदिइन् । त्यस धनबाट अति राम्रा लुगाहरू र धेरै मोल पर्ने गहनाहरू बनाउन लगाइन् ।

अर्को साल पनि उही पिशाच चतुर्दशीको चाड़को दिनमा पहिलेजस्तै दिदी बहिनीहरू र सन्तानहरू सबैलाई अर्की एक देवीले निम्तो दिइन् । त्यस सालमा श्री लुतिमरू देवीले आफ्ना सन्तानहरू—भोलि गणेश, ज्वलान्हाय्कं गणेश, स्वम्फू गणेश र अष्टमातृकागणहरू आदि सबैलाई राम्रा-राम्रा लुगाहरू र धेरै मोल पर्ने गहनाहरू पहिराई आफू पनि सिंगारी त्यस निमन्त्रणामा शामेल भइन् । त्यस साल निम्तावाल देवीले लुतिमरू देवी र उनका सबै सन्तानहरूलाई ठूलो सत्कार गरी राम्रो बिछ्यौना बिछाई धेरै किसिमका व्यञ्जनहरूले भोज खुवाउन लागिन् । अरू बाँकी देवीहरू सबैलाईभन्दा लुतिमरू देवीलाई यसरी ठूलो स्वागत-सन्मान गर्न लागेको देखेर श्री लुतिमरू देवीले आफ्ना सन्तानहरूलाई भोज खान प्रतिवन्ध लगाई आफू पनि भोज नखाई त्यसै बसिरहिन् । निम्तोवाल देवीले भोजन गरी बक्स्योस् भनी ठूलो अनुरोध गरिन् । श्री लुतिमरू देवीले आफ्ना सबै सन्तानहरूको गहनाहरू फुकाल्न लगाई यो भोज हामीलाई ख्वाएको होइन, लुगा-गहनाहरूलाई ख्वाएको हो, लौ भोज खाउ गहना, लौ भोज खाउ लुगा भनी गहनाहरूलाई भोजको लपेसमा बजाउन लागिन् । निमन्त्रणवाल देवीले किन कसरी हजूर यसरी बहुलाजस्तै कराउन लागि-बक्सेको भनी सोधनी गर्दा पोहोर सालको गरीबी अवस्था सम्झन लगाइन् । निमन्त्रणा दिने देवी मुख रातो पारी पसिना बगाउन लागिन् । श्री लुतिमरू देवीले यस्तो भोज खानुहुँदैन भनी आफ्ना सन्तानलाई भोज नख्वाईकन त्यसै फर्काइन् । अर्को सालमा पनि पहिलेजस्तै नै आठ दिनअगाड़ि नै श्री लुतिमरू देवीलाई निमन्त्रणा आयो । आठ दिन हुनासाथ श्री लुतिमरू देवी आफ्ना सन्तानहरूसहित सबै साथमा गै त्यस निमन्त्रणामा शामेल हुन गइन् तर त्यस बेला पासाचह्रे सात दिनमा नै परेको हुनाले आठौं दिनमा भाँड़ाकुड़ा सबै माझिराखेको देखेर श्री लुतिमरू देवी रिसाएर आफ्ना बच्चाहरू सबैलाई त्यसै फर्काइन् । भोज खान नपाएका बच्चाहरू सबै रून लागे । अब यस्तो पक्षपात गर्ने दिदीबहिनीहरूसंग मिलेर जात्रा गराउने छैन भनी श्री लुतिमरू देवी एक छुट्टिएर बालाचतुर्दशीको दिनमा जात्रा गर्नुपर्ने नियम चलाइन् । तसर्थ श्री लुतिमरू देवीको बालाचतुर्दशीको दिनमा र अरू ७ देवी-हरूको पिशाच चतुर्दशीको दिनमा जात्रा गर्ने गराएको हो ।[1]

●

---

१. अर्को जात्राहरू धेरैजसो लेखकको 'हाम्रो सांस्कृतिक पर्व र जात्राहरू' नामक पुस्तकमा उल्लेख छ ।

खंड–१२

नेपालका देवमन्दिर

श्री पशुपतिनाथ

नेपालको धार्मिक स्थानहरूमा श्री पशुपतिनाथ सबभन्दा उच्च देवस्थान भएकोले विशेष लोकप्रिय भएको छ। शक्तिशाली देवताको रूपमा भक्तालुहरूले ठूलो श्रद्धा-भक्तिले यहाँ पूजा गरेर आफ्नो मनको इच्छा पुर्‍याउँछन्। इतिहासको आरम्भदेखि नै मानेर आएका श्री पशुपतिनाथ आदिकालमा उत्पत्ति भएका शंकर भगवान शिवजीका अंशियार हुन्। यो काठमाण्डू राजदरबारबाट करीब दुई माइलजति टाढ़ामा पूर्वउत्तर-तिर रहेको छ। श्री पशुपतिनाथको लिंगळाई लिच्छवी राजाहरूले आफ्नो श्रद्धा दर्शाई गएका कुराहरू जान्न त्यहाँ भएका शिलापत्र, ताम्रपत्र आदि आजसम्म विद्यमान छन्। पछि मल्ल राजाहरूबाट ३ तल्ले मन्दिरलाई भत्काई आधुनिक किसिमले २ तल्ले छाना हाली मन्दिर जीर्णोद्धार गरी निर्माण भएको थियो। नेपालका राजा-रजौटामात्र होइन, सारा नेपालवासीहरू, सबैले श्री पशुपतिनाथलाई सर्वशक्तिमान ईश्वर मानिआएका छन्। कोटचाहुति, लक्षाहुति, तुलादान आदि ठूलाठूला धर्म-कर्म गर्ने मुख्य ठाउँ नै श्री पशुपतिनाथलाई मान्दै आइरहेका छन्। ज्यादाजसो मल्ल राजाहरूले श्री पशुपतिनाथकहाँ भावभक्ति अर्पण गरी गएकाले श्री पशु-पतिनाथको स्थान ठूलो हुन गएको छ। श्री पशुपतिनाथको विषयमा यस प्रकारको बयान छ :—

यो संसार जलामय भैरहेको बखतमा श्री ब्रह्मा र विष्णु दुवैको संसार सृष्टि, स्थिति र संहारकर्ता मै हुँ भनी परस्परमा घमण्ड हुँदा बीचबाट श्री शंकरभगवानको ज्योति प्रकट भई दुवैको घमण्ड तोड़िदिए। त्यसै ज्योतिसंग ब्रह्मा, विष्णु, महेश्वर र धर्मराज इन्द्रले प्रार्थना गरो आ-आफ्नो मूर्ति त्यसै ज्योतिमा प्रवेश गराए। त्यसै-

लाई श्री पशुपतिनाथको शिवलिङ्ग मन्दछन् । त्यस शिवजी महादेवको उत्पत्तिको बयान सुनेर काशीका राजाले आफ्ना छोराहरूलाई राजतिलक दिई आफू पशुपति क्षेत्र हेर्न नेपाल प्रवेश गरे र मणिचूड़ पहाडमा बसी हज्जार वर्षसम्म तपस्या गरी वर पाई विशालनगर स्थापना गरी बसे । यही बेला शिवरात्रिको रातमा देवताहरूले श्री महादेवको पूजा गरेको नाना किसिमका बाजाहरूको आवाज सुने । राजा हतारसंग झटपट हेर्न जाँदा श्री पशुपतिनाथको ढोकापाले दिग्पालहरूले श्री महादेवको दर्शन गर्न दिएनन् । राजाले मार्कण्डेय ऋषिको उपदेशबमोजिम फेरि धर्मेश्वरको तपस्या गरे । धेरै वर्ष तपस्या गरिसकेपछि धर्मदत्त नाम कहलाई वर पाएर द्वार-पाल दिग्पालहरूसंग लडाई गरेर जिती श्री पशुपतिनाथको दर्शन पाए । धर्मदत्त राजाले मन्दिर बनाई श्री शंकरको नित्य सेवा गर्दै रहे ।

केही कालपछि ठूलो भूकम्प गई मन्दिरहरू भत्किएर श्री पशुपतिनाथ पुरिइगएका थिए । लामो समयपछि ब्रह्माबाट वरदान पाई बाणासुरका पुत्र महेन्द्रदमन र कच्छपासुर आदि दैत्यहरू आई बहिनी प्रभावतीको जलविहार गराउनको लागि बागमती नदीलाई थुनी ३००० वर्षसम्म राज्य गर्न लागे । बाणासुरका छोराको अत्याचारले नेपाल खाल्डालाई फेरि जलामय गराएकोले भगवान श्री कृष्ण, छोरा प्रद्युम्न र धेरै गोपालहरू (ग्वालाहरू) साथमा आएका थिए । श्री भगवान कृष्णले आफ्नो चक्रबाट बाणासुरसहित उसका छोरा र अरू दैत्यगण सबैलाई भस्म गरिदिए । छोरा प्रद्युम्नको बाणासुरकी छोरी प्रभावतीसंग गन्धर्व विवाह गरिदिए । जलमग्न भएको नेपाललाई श्री कृष्णले चक्रद्वारा पहाड़ फोड़ी चोभारबाट जल निकाली नेपालमा फेरि बस्ती बसाले । श्री कृष्णसंग आएका धेरै ग्वालाहरूमध्ये एकजनासंग 'ने' नामकी बड़ी दयालु गाई थिइन् । यिनी प्रतिदिन त्यही पशुपतिनाथको ज्योतिर्लिङ्ग पुरिएको ठाउँमा गई सारा दूध भगवानलाई चढाउँथिन् । यस्ती दुधालु गाईले दूध नदिएको देख्दा गोपालहरूलाई शंका लाग्यो र उनीहरूले चियो गर्न लागे ।

एक दिन ग्वालाहरूले त्यस ठाउँमा पुग्नेबित्तिकै उनको थुनबाट दूधका धारा बग्न थालेको देखेर ती गोपालका नाइके सर्दारले सो ठाउँमा खनेर हेर्दा श्री पशुपतिनाथको ज्योति प्रगट भयो र त्यस ज्योतिको तेजले ती सर्दार भस्म भए।

श्री पशुपतिनाथको ज्योति प्रकट भएको समाचार सुनी 'ने' नाम गरेका एक तपस्वी पनि नेपाल आई ज्योति-मूर्तिको दर्शन गरेर त्यसको प्रतिष्ठा गरी ती तपस्वीले केशावती र बागमतीको बीचमा बसेर तपस्या गर्न लागे। यिनले श्री पशुपतिको ज्योतिबाट भस्म भएका गोपाल-सर्दारका छोरालाई नेपालको शासक बनाइदिए। यिनै 'ने' नामका मुनिले पालना गरेको नियमबाट यस देशको नाम नै 'नेपाल' हुन गएको हो। श्री पशुपतिनाथलाई को हिन्दू, को बौद्ध, को शाक्त सबैले संहारकर्ता देवता भनी मानेका छन्। यम्बहाङ्ग नाम गरेका व्यक्ति आई अघिका वंशलाई जिती भगवानको आराधना गर्दै राज्यभोग गरी बसे। उनीमाथि श्री शंकर प्रसन्न हुनुभए-कोले पार्वतीसहित दर्शन दिने गर्नुभएको थियो। त्यसपछि २७ पुस्ताका किराती राजा गलिञ्जलाई दक्षिण देशका सूर्यवंशी निष्टाकार नाम गरेका राजाले हराई नेपालको राजा हुन पाएको उपलक्ष्यमा श्री पशुपतिनाथको ढुङ्गाको लिंग-लाई विधिबमोजिम प्रतिष्ठा गरी फेरिदिए। यिनै राजाका ४ पुस्ताका सन्तान पशुपुष्प वर्मा राजाले श्री पशुपतिनाथको मन्दिरलाई ३ तल्ला गरी बनाई सुनको छाना हालेका थिए। फेरि यिनै राजाका छोरा भाष्कर वर्माले श्री पशु-पतिनाथकहाँ सुवर्णाहुति-यज्ञ गरेका थिए। श्री वृषदेव वर्माका छोरा शंकरदेव वर्माको पालामा पनि श्री पशुपतिनाथको उत्तर-ढोकाअगाड़ि ठूलो डमरू र त्रिशूल चढ़ाएका थिए। त्यसपछि राजा धर्मागत वर्माले पनि श्री पशुपतिनाथको पश्चिम-ढोकाअगाड़ि सुनको वाचाछा (बाच्छा) चढ़ाएका थिए। यसै गरी मल्ल राजा-हरूले पनि श्री पशुपतिनाथलाई ठूलो देवता सम्झी आफ्नो श्रद्धानुसार सकेसम्म सेवा गरी धर्म-कीर्तिहरू राखेर गएको आजसम्म यथावत् कायम रहेको छ। ती धर्म-कीर्तिहरूमध्ये राजा प्रताप मल्ललाई याद गराउन राखेको त्यसै श्री पशु-पतिनाथ मन्दिरको आग्नेय कोणको वासुकी मन्दिर र यताउता छरिएका खम्बाका श्लोकहरूबाट विदित गर्न पाउँछौं। मल्ल राजाहरूले श्री पशुपतिनाथकहाँ गराएको लक्षाहुति, कोटयाहुति, महास्नान आदि धर्म-कीर्तिहरू भन्ने कुरा असंख्य छन्। आज उनीहरूका कीर्तिहरूबाट नै श्री पशुपतिनाथ धन, धनाढ्य र अति रमणीय भैराखेको छ। श्री पशुपतिनाथको ज्योति प्रकाश भएको शिव-रात्रिको दिनमा त्यहाँ ठूलो मेला लाग्दछ। त्यस मेलामा श्री शंकरनाथको दर्शन गर्न देश-विदेशबाट (टाढ़ा-टाढ़ाबाट) पनि मानिसहरू मेला हेर्न आउँछन्।[1]

●

---

१. हजार वर्षअघिदेखिको ऐतिहासिक कथा-संग्रह हेर्नुहोला।—लेखक

श्री गुह्येश्वरी

नेपालका धार्मिक देवस्थलहरूमा श्री गुह्येश्वरी देवीको महिमा सबभन्दा महत्वपूर्ण भई गुह्येश्वरीको मन्दिर लोकप्रिय बन्न गएको छ। शक्तिपूजाको धार्मिक जागरणमा यस स्थानले महत्वपूर्ण ठाउँ ओगटेको छ। श्री गुह्येश्वरी देवीको प्रादुर्भाव आदियुगदेखिको हो। श्री गुह्येश्वरी देवीलाई कालीस्वरूप मानिआएका छन्। यो काठमाण्डू राजदरबारबाट लगभग २।। माइल उत्तर-पूर्व दूरीमा रहेको छ। लिच्छवी राजाहरूले श्री गुह्येश्वरी माईलाई सर्वशक्तिमान देवी मानी आए तापनि मल्ल राजाहरूको समयदेखि मात्र श्री गुह्येश्वरीको कुण्डलाई पूजाआजा गरिआएका हुन्। श्री गुह्येश्वरी कुण्डलाई काली-स्वरूप सर्वशक्तिमान देवी हुन् भनी मानी आइरहेको कुरा वंशावली र इतिहासले बयान गरिराखेको छ। श्री गुह्येश्वरी देवीलाई को तान्त्रिक, को बौद्ध, को शाक्त सबैले संहारकर्तृ देवी हुन् भनी मानी आएका छन्। मानिसहरूलाई विपत्ति र दु:ख पर्दा श्री गुह्येश्वरी देवीको कुण्डमा गई आराधना गरेमा विपत्ति र दु:ख टर्दछ भन्ने सबैले आजसम्म मानी आइराखेका छन्। श्री गुह्येश्वरीको विषयमा यस प्रकारको कथा प्रचलित भइराखेको छ :—

आदिकालमा राजा दक्षप्रजापतिले अश्वमेध यज्ञ गर्न भनी गुरुप्रोहितहरू जम्मा



गुह्येश्वरी-मन्दिर

गरी सबै सरजाम ठीक पारी यज्ञकुण्ड तयार पारे। त्यस यज्ञ-उत्सवमा श्री महा-

देव एकजनाबाहेक ३३ कोटि देवता तथा राजा-रजौटाहरू सबैलाई निमन्त्रणा दिए। यज्ञ विधिबमोजिम शुरू भएपछि सबै देवगण तथा निमन्त्रणवालहरू शामेल भए। यज्ञोत्सव धूमधामसंग शुरू भयो। नारद पनि त्यस यज्ञोत्सवमा शामेल भए। तर सबै देवताहरूले मान्नुपर्ने श्री भगवान् महादेव लाई त्यहाँ नदेख्दा आश्चर्य मानी श्री नारद तुरन्त कैलाशमा दगुरी हेर्न जाँदा श्री महादेव र सतीदेवी आनन्दसंग बसिरहेका देखे। नारद मुनिले दण्डवत गरी श्री महादेवसंग बिन्ति चढ़ाए कि दक्षप्रजापतिको त्यस्तो यज्ञोत्सवमा हजूर किन सवारी नहोइबक्सेको ? बिलम्ब भैसकेको छ। सारा देवगणहरू त्यस यज्ञोत्सवमा शामेल भैसकेका छन्। सो कुरा सुनेर श्री महादेवकी पतिव्रता स्त्री सतीदेवीले आफ्ना स्वामी शंकर भगवानसंग माइतीमा भएको यज्ञोत्सव हेर्न जाने आज्ञा पाउँ भनी ठूलो ढिपी गरिन्। श्री शंकर भगवानले सतीदेवीलाई यस्तो जाने कुरा नगर्नु, निम्तो नभएको ठाउँमा जानुहुँदैन, बिनानिम्तो जानु मर्नु बराबर हो. भनेको कुरामा अटेरी भई गएमा ठूलो विघ्न हुनेछ भनी श्री शंकर भगवानले सतीदेवीलाई सम्झाए। तैपनि उनी मानिनन्। बाबुको त्यत्रो ठूलो यज्ञको काममा जान नपाउँदा सतीदेवीले सुर्ता गर्न लागिन् र माइती जान निम्तो नभए पनि केही छैन भनी विचार गरी सतीदेवी स्वामीको कुरा नसुनी सरासर बाबुले गराएको यज्ञ हेर्न दगुरिन्। यज्ञोत्सव धूमधामसंग भैरहेको बेलामा सबै देवगणहरूलाई देखी आफ्ना स्वामी एकमात्र नदेखेकीले बाबु दक्षप्रजापतिसंग हामी दुईलाई मात्र किन यस यज्ञोत्सवमा नबोलाइबक्सेको हो भनी सोध्न लागिन्। दक्षप्रजापतिले भने कि नानी ! तिमीलाई बोलाउँदा तिम्रो स्वामी महादेवलाई पनि बोलाउनुपर्नेछ। तिम्रो स्वामीको बानी भने तिमीलाई थाहा भएकै छ। विभूति लगाई, धतुरो खाई, नांगा शरीरमा बाघको छाला बेर्हेर बस्ने, गह्लाउने साँढे चढ़ी हिंड्ने, यस्ता अघोरी महादेवलाई डाक्दा यस्तो ठूलो काममा नसुहाएकोले नै ठूलो बेइज्जत होला भनी तिमीलाई पनि नबोलाएको हो। सतीदेवीले आफ्ना पतिको यस्तो हेलाँ गरेको देख्दा ठूलो चित्त दुखाइन्। यतिका देवताहरूका अगाड़ि आफ्ना स्वामी एकमात्र नहुनु मर्नु बराबर हो भनी ठूलो हेलाँ सम्झी सतीदेवीले यज्ञ गराउन राखेको कुण्डमा ३ चक्कर घुमेर त्यस कुण्डको आगोमा हामफालेर प्राण त्याग गरिन्। तर अग्निदेवताले श्री शंकर भगवान् महादेवको डरले सतीदेवीको लाशलाई छोएनन्। सतीदेवीले प्राणमात्र त्याग गरिन्। त्यस यज्ञलाई कुनै-कुनै पुराणमा बृहस्पति शव-यज्ञको नामले पनि बयान गरिराखेको छ।

सतीदेवी आगोमा हामफाली मरेपछि श्री शंकर महादेवले त्यो यज्ञ विध्वंस पारी ठूलो संग्राम गर्न आफ्ना गण पठाएका थिए। आखिर दक्षप्रजापतिलाई बोकाको टाउकोले सुशोभित हुनुपर्‍यो। सतीदेवीको मृत्युपछि श्री शंकर महादेव बहुला. जोगीजस्तै

भए । ती मरेकी सतीदेवीको लाशलाई आफ्नो काँधमा बोकी फकीरको रूप लिई ज्यादै अफशोच गरी पृथ्वीमा फिरन्ता भै श्री महादेव हिंडे । भगवान् शंकरले कैलाश छोड़ेर यसरी बहुलाजस्तै हिंड़ेको देखेर स्वर्गमा ठूलो हाहाकार भयो र सबै देवगणहरू श्री विष्णु भगवान् कहाँ कराउन गए । यो के अनर्थ भयो ! अब भएन भनी बैकुण्ठका श्री विष्णु भगवान् ती मरेकी सतीदेवीको लाशलाई मायावी जालले छोपी झिंगा र कीराले खुवाई कुहाएर पगाल्ने गरिदिए । पृथ्वीमा पुगेको बेलामा श्री योगी रूप महादेवले बोकिराखेको सतीदेवीको मृत शरीर टुक्राटुका भै खसेको ठाउँमा पीठ-हरूको उत्पत्ति भयो । जब महादेव श्लेष्मान्तक वनमा पुगे तब सतीदेवीको गुह्य पतन भै जमीनमा पुग्दा देवी (काली)-को रूप धारण गरिन् र श्री गुह्येश्वरी नामले प्रख्यात् भइन् । श्री गुह्येश्वरीको ज्योति जलमा प्रवेश भै पोखरीको रूपमा अलप भयो । धेरै वर्षपछि राजा शंकरदेवको पालामा तिरहुतका एक ठूला तान्त्रिक नरसिंह ठाकुरले सपनाबमोजिम नेपाल आई खोजतलाश गरी हेर्दा श्लेष्मान्तक वनमा बागमतीको किनारमा श्री कालीको रूपमा आधा शरीरको दर्शन पाए । ती नरसिंह ठाकुरले दर्शन पाएको ठाउँमा नै चारैतिर पर्खाल घेरी पोखरीजस्तै कुण्ड बनाइदिए । समयको गतिले धेरै वर्ष फन्को मारिसकेपछि राजा प्रताप मल्लले श्री पशुपतिनाथको मन्दिर सुन्दर पारी बनाउन लगाउँदा श्लेष्मान्तक वन फाँड़ी देश बढाउन लागेको बेलामा त्यो कुण्ड पत्ता लागेकोले त्यस कुण्डलाई पद्मयन्त्राकार आकृतिमा बनाउन लगाई फटिकको कलशले छोप्ने गरी अष्टमातृकागण तथा श्री भैरव र गणेशको मूर्तिले विराजमान गराई अत्यन्त रमणीय मन्दिर निर्माण गर्न लगाई फलामे दण्डीले बार घेरी ठूलो ढुङ्गाको खम्बामा आफ्नो शालिकलाई सिंहको मूर्तिले सुशोभित गरी स्थापना गरेर त्यसै खम्बामा श्लोकहरूले लेख कुँदन लगाए । यिनले ने० सं० ७७४ वैशाख शुक्ल एकादशी वृहस्पतिवारको दिनमा कछुवाको माथि ठूलो ढुङ्गामा शिलालेख कुँदाई कर्मकाण्ड चलाउनुपर्ने गरी धेरै जग्गाको गुठी राखिदिएका थिए । मल्ल राजाहरूमा आखिरी राजा जयप्रकाश मल्लले आफ्नै छोरा ज्योतिप्रकाशलाई गद्दीमा राखेर भाग्नुपरेको बेलामा शरण जाने ठाउँ कतै नपाई श्री गुह्येश्वरी माईका पूजाहारी आचाजुको आश्रयमा बसी श्री गुह्येश्वरी माईको सेवा गर्दा गुह्येश्वरी माईले उनको भक्तिदेखि संतोष भएर खुशी भै एक सन्यासी जोगीको रूप लिई जयप्रकाश मल्ललाई एउटा खड्ग दिए । यही खड्गको भरोसाले विजय प्राप्त गरे । त्यसपछि शाह राजाहरूले पनि श्री गुह्येश्वरीको महिमा ठूलो जानेर यी देवीको धेरै सेवा गरे । राणा शासनकालमा पनि प्राइम्‌मिनिष्टरहरूले श्री गुह्येश्वरीको सेवा गरी धेरै धर्मकीर्तिहरू राखेर गएको आजसम्म विद्यमान छन् । राजवैद्य श्री चन्द्रपाणिले त्यस मन्दिरमा सुनको मोलम्मा भएको ४ वटा नाग बनाई छत हाली ढोकामा

चाँदीले मोडी तोरणसमेत चढाई मन्दिरलाई राम्रो बनाइदिएका थिए। वास्तवमा श्री गुह्येश्वरी माईलाई के हिन्दू, के बौद्ध, सबैले बराबर गरी आजसम्म मानिआए-का छन्। देवीको रमणीय स्थान र देवीको महिमा सुनेर टाढा-टाढाका मानिस-हरूसमेत श्री गुह्येश्वरी माईको दिनदिनै दर्शन गर्न आउनेहरूको ताँती लागिरहन्छ। हिजोआज त श्री गुह्येश्वरीमा दुलहा-दुलही हुने नवदम्पतिहरूको स्वयम्वर गर्न जाने मुख्य स्थान भएको छ। आपत्ति पर्ने बेलामा देवीको सेवा गरेमा सफलता प्राप्त हुनेछ भनी मानिसमा ठूलो विश्वास जमेको छ।

श्री स्वयम्भू भगवान्

नेपालका देवमन्दिर र चैत्यहरूमा श्री स्वयम्भू भगवानको चैत्यलाई पनि ठूलो महत्व दिइएको र लोकप्रिय देव-स्थान मानिएको छ। कारण श्री स्वयम्भू भगवान्

स्वयम्भू-चैत्य

सत्ययुगका देवता हुन्। यिनी काठमाण्डू राजदरबारबाट करीब २ माइलको दूरीमा पश्चिमतिर स्थित छन्। यिनी पहिले ज्योतिरूप देवता मानिआएका थिए। यी

ज्योतिलाई अकसर गरेर बौद्धमार्गीहरूको ग्रन्थअनुसार चैत्य स्थापना गरी राखे तापनि श्री स्वयम्भू भगवान् सृष्टिकर्ता र संहारकर्ता हुन् भनी मानिआएका थिए। तसर्थ श्री स्वयम्भू भगवान् चैत्यको रूपमा स्थित भए तापनि को हिन्दू, को बौद्ध, को शाक्त, को तान्त्रिक, सबैले आ-आफ्नो शक्तिले भ्याउने श्रद्धाभक्ति अर्पण गरेका छन्। श्री स्वयम्भू भगवान् उत्पत्ति विषयको कथा यस प्रकार छ :—

सत्ययुगमा देवताहरूले राज्य गरिरहेका बेलामा बाणासुरका पुत्र महेन्द्र दमनले आफ्नी बहिनी प्रभावतीलाई जलविहार गराउन भनी नेपाल खाल्डालाई पोखरी बनाइदिए। यसै समयमा विपश्वी नाम गरेका एक बौद्ध यहाँ आएर हालको नागार्जुन भन्ने पहाड़मा बसे र उनले चैत्र शुक्ल पूर्णिमाको दिनमा यसै पोखरीमा एउटा कमलको बीउ रोपे। त्यस कमलको बीउबाट ठीक ६ महिनापछि आश्विन शुक्ल पूर्णिमाको दिनमा एक अनौठो कमल फुल्यो। त्यस कमलको बीचबाट श्री भगवान् स्वयम्भूको ज्योति प्रकाश भएको देखिन थाल्यो। शिवमार्गीहरू यसलाई शंकर-ज्योति र बुद्धमार्गीहरू बुद्ध भगवान्को ज्योति भन्न लागे। यो ज्योति उत्पत्तिको सुसमाचार सुनेर टाढ़ा-टाढ़ाबाट धेरै तपस्वीहरू ज्योति-दर्शन गर्न भनी यहाँ आए। धेरै वर्षपछि त्रेतायुगमा त्यस स्वयम्भूको ज्योति-दर्शन गर्न हालको महाचीनबाट मञ्जुश्री बोधि-सत्व यहाँ आए, र हालको नगरकोट पहाड़मा नै बसी त्यस ज्योतिस्वरूप भगवान्को दर्शन गर्न लागे। आफूसंग भएको वरदा र मोक्षदा भन्ने दुई शक्ति फूलचोकी र ध्यानच्चो गिरिमा स्थापना गरी फूलचोकीबाट एकलाख फूलहरू ल्याई ज्योतिलाई चढ़ाई बीचको भागलाई आफ्नो खड्गले काटी नेपाल खाल्डाको पानी जम्मै बाहिर पठाउने विचार गरे। यिनले हालको चोभार डाँडामा आफ्नो खड्गले काटेर जम्मै पानी बाहिर पठाई नेपालमा फेरि बस्ती बसाई देश बनाउन लागे। नेपाल खाल्डाको पानी बाहिर गएको ठाउँलाई कटवाल नाम राखे। यिनले स्वयम्भूदेखि गुह्येश्वरी-सम्म बनाएको देश मञ्जुपट्टन भन्ने नामले प्रख्यात भएको छ। मञ्जुश्रीले स्वयम्भूको पछाड़िपट्टि बनाएको मन्दिर पनि आजसम्म प्रख्यात रहेको छ, जहाँ हिजोआज हामीले सरस्वती भनी पूजा गर्दछौं।

समयको गतिले धेरै फन्को मारिसकेपछि सूर्यवंशी राजा वृषदेवले आफ्नो कुलको शिव-मत छोड़ी बौद्ध-मत ग्रहण गरी उही कमलको फूलबाट प्रकाश भएको ज्योति-लिङ्ग उत्पत्ति भएको ठाउँमा बौद्ध-मतका वशुपुर, वरुणपुर, समरपुर, अग्निपुर र वायुपुर आदि नाम गरेका शिलाका चैत्यहरू स्थापना गरी त्यहीं नै पाठपूजा गर्दै सेवा गरी बसे। त्यही हिजोआज श्री स्वयम्भू भगवान्को चैत्य भनी प्रख्यात भएको छ। त्यसपछि यस चैत्यलाई बौद्धाचार्य बाँडाहरूले पूजाहारी भै सेवा गर्दै रहे। धेरै वर्ष-

पछि सूर्यवंशी राजा प्रताप मल्लले त्यस चैत्यलाई जीर्णोद्धार गरी सुनको मोलम्मा भएको भगवान स्थापना गरी अत्यन्त कलापूर्ण पारी रमणीय स्थान बनाए र ने० सं० ७७८ आषाढ़ शुक्ल महिनाको दिनमा वज्र चढ़ाई त्यस चैत्यमा सुनको मोलम्मा भएको छाता चढ़ाइदिए। राजा प्रताप मल्लले त्यहींनेर प्रतापपुर र कविन्द्रपुर नामको देश पनि बसाए। केही कालपछि नेपालका आखिरी मल्ल राजा जयप्रकाश मल्लले पनि त्यो चैत्य बिग्रेको हुँदा जीर्णोद्धार गरी राम्रो पारिदिए। त्यस स्वयम्भू भगवानको चैत्यको महिमा ठूलो जानेर ल्हासाका बौद्ध लामाहरू नेपाल आई श्री भगवान्‌को सेवा गरी धेरै जग्गाहरू राखेर गुठीहरूको बन्दोबस्त गराइदिए। पछि राजा रणबहादुर शाहको पालामा पनि धेरै भिक्षुहरू आई त्यहीं नै बसी कर्मकाण्ड चलाई जीवन निर्वाह गरी बसे। श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहको पालामा भोटसंग लड़ाई पर्दा स्वयम्भूस्थानमा बस्ने केही भिक्षुहरूले भोटतिर लागी भोटलाई मदत गरेकोले उनीहरूको गुठीका जग्गाहरू ५०० रोपनीमात्र बाँकी गरी सबै जग्गा हरण गरी नेपाल सर्कारले लिएको थियो। श्री स्वयम्भूको ज्योति प्रकाश भएको यस्तो महत्वको स्थान भएकोले आजसम्म त्यस ठाउँलाई के हिन्दू, के बौद्ध, सबैले मानिआएको हो। ज्योति प्रकाश भएको दिनको महत्वले आजसम्म स्वयम्भूमा आश्विन शुक्ल पूर्णिमाको दिनमा हरेक बर्ष मेला लाग्दछ।

श्री बूढ़ानीलकण्ठ

नेपालको धार्मिक स्थलहरूमा रहेका लोकप्रिय देवी-देवताहरूमध्ये लोकप्रिय श्री बूढानीलकण्ठ भगवान् पनि एक हो। श्री बूढानीलकण्ठ नारायणको उत्पत्ति सत्ययुगदेखि नै भएको हो। यो काठमाण्डूबाट करीब ५।६ माइलको दूरीमा उत्तरतिर रहेको छ। यी नारायणलाई अकसर गरेर अहिंसावादी वैष्णवहरूले मान्दछन्। धेरै कालपछि मल्ल राजाहरूले श्री बूढानीलकण्ठ भगवान्‌लाई आफ्नो श्रद्धा र भक्तिसाथ पूजा-आजा गरी सकेसम्म सेवा अर्पण गरी त्यो ठाउँलाई मनोहर पारी बनाइदिएका थिए। हिजोआज त श्री बूढानीलकण्ठ भगवान्‌लाई नेपालका मात्रले होइन, संसारका को वैष्णव, को शाक्त, को बौद्ध, सबै भक्तजनहरूले मानी आफ्नो श्रद्धाभक्तिअनुसार सेवा अर्पण गरिआएका छन्। श्री बूढानीलकण्ठ भगवान्‌को उत्पत्तिबारेको बयान यस प्रकार छ :—

परापूर्वकालमा दैत्य महेन्द्र दमनले नेपाल खाल्डालाई बागमती नदी थुनेर जला-

मय गराइराखेको बेलामा श्री कृष्णले आफ्नो चक्रद्वारा जलामय भैराखेको खाल्डाको पानी खोलिदिएर फेरि नेपाल खाण्डामा बस्ती बसालेपछि राजा सूर्यकेतु (धर्मकेतु)-



भगवान् बूढानीलकण्ठ

ले श्री जलाशय नारायण स्थापना गरी श्री बूढानीलकण्ठ भगवान् नामले प्रख्यात गराएका थिए। पछि राजा वृषदेव वर्माको पालामा शत्रुद्र पहाड़ (शिवपुरी पहाड़) पहिरो गई जलाशयी नारायणलाई माटोले छोपी पुरिदियो। श्री जलाशयी नारायण माटोले पुरिएको थाहा नपाउँदा त्यस ठाउँमा बगैंचा बनाइदिएका थिए। कलिगत सम्वत् १५०० मा त्यस स्थानमा एक कृषक धान चुट्दै थियो। तर आश्चर्य यो भयो कि धानको बाला निरन्तर चुटिई खलामा बढ्दै अगाध राशि थुप्रिएर जति चुटे पनि घटी नभएको देख्यो। कृषक छक्क परेर राजा हरिदत्तकहाँ जाहेर गर्न गयो। राजा स्वयम् उपस्थित भै परीक्षा गरेकोमा सत्य हुन आउँदा इष्ट देवताको आराधना गर्न थालेको ३ दिनपछि सपनामा श्री शिवजी कालकूट विष धारण गरी हिमालतिर जान लाग्दा श्री लक्ष्मीसंग आनन्दसाथ बसेका श्री जलाशयी नारायणको दर्शन पाए। राजाले भोलिपल्ट तुरन्त त्यस ठाउँमा खन्न लगाएर पल्टिइरहेको ठूलो ढुङ्गाको नारायण स्थापना गर्न लगाई नित्य सेवा गर्दै रहे। केही कालपछि राजा स्वर्ग हुँदा पुनः त्यस शिवपुरी पहाड़मा पहिरो गई नारायणलाई पुरिदियो।

राजा धर्मागत दिनदिनै दोलाद्री पहाड़सम्म गई श्री नारायणको दर्शन गर्ने गर्दथे। एक दिन धर्मागतलाई यहाँसम्म धाउनुपर्दैन, मलाई शत्रुरुद्र पहाड़ले पुरिई राखेको छ, त्यही खनेर हेर्दा पाउनेछौ। त्यसैलाई चारैतिर पोखरीले घेरी दिनदिनै त्यहीं दर्शन गरे पनि म खुशी हुनेछु भनी मध्य रातको वेला सपनामा दर्शन मिल्यो। राजा धर्मागतले शत्रुरुद्र पहाड़ खन्न लगाई हेर्न लगाउँदा पुरिएका जलाशयी नारायणलाई भेट्टाएका थिए। तिनले त्यहाँ पोखरी बनाउन लगाई नारायणलाई स्थापना गर्न लगाएर चांगुसम्म जान छोड़ी नित्य त्यहीं नै दर्शन गर्न थाले। केही कालपछि जलाशयी नारायणलाई फेरि पनि माटोले पुऱ्यो। राजा विष्णु गुप्तले नारायणको महिमाको कुरा सुनेर पुरिएको जम्मै माटो झिक्न लगाए। कोदालीले माटो झिकेको बेलामा शिलाको जलाशयी नारायणका नाकमा लागेकोले शिलाको नाकको टुक्रा उप्किआएको ठाउँमा रगतको धारा बगेर आयो। राजा विष्णु गुप्तले शान्ति-स्वस्ति गराई नारायण स्थापना गर्न लगाई नित्य पूजा चलाउन लगाएर धेरै सेवा गर्दै रहे। माटो पर सार्दा कोदालीले नाकमा लागेर खूनी भएको आजसम्म देखिइराखेको छ। यिनले अभिलेख पनि राख्न लगाएका थिए। अभिलेख यस प्रकार छ—

अनन्तनागधिप भोगभासुरे, जलाशये शान्ततमं मनोहरम।
मुरारिरूपं यदशेत देहिनं, शिवाय तद्वो विदधातु मङ्गलम्॥

धेरै वर्षपछि सूर्यवंशी राजा प्रताप मल्लले श्री बूढ़ानीलकण्ठ ज्यादै जीर्ण भई बिग्रेकोले जीर्णोद्धार गरी त्यस ठाउँमा अति रमणीय स्थान बनाउन लगाई आफूले नित्य दर्शन गर्दै रहे। राजा प्रताप मल्लले त्यहाँसम्म धाउन जानुपर्दा धेरै कष्ट भएको विचारले त्यहाँदेखि कुलो खन्न लगाई त्यही पोखरीको पानीले आफ्नो दरबारमा श्री बूढ़ानीलकण्ठजस्तै अर्को शिलाको नारायण-मूर्ति बनाउन लगाई स्थापना गरिदिए। राजा प्रताप मल्लले त्यस पोखरीलाई भण्डारखाल पोखरी भनी नाम राख्न लगाए। यसमा श्री बूढ़ानीलकण्ठ नारायण रिसाई अबदेखि तिमीले यहाँसम्म आई दर्शन गर्नुपर्दैन, यदि आएमा मृत्यु हुनेछ भनी आज्ञा भएको राजाले सपना देखे। राजा डराएर त्यस दिनदेखि श्री बूढ़ानीलकण्ठको दर्शन गर्न जान छोड़िदिए। त्यस बेलादेखि नेपालका राजाहरू श्री बूढ़ानीलकण्ठको दर्शन गर्न जान हुँदैन भनी चलन चलेको हो। राजा प्रताप मल्लले त्यस ठाउँदेखि आफ्नो दरबारमा कुलो खनाउन लगाउँदा भेटिएका ठूलो शिलाको भैरवलाई राम्रो पारी बनाउन लगाई आफ्नो दरबार हनुमानढोकाको अगाड़ि उत्तर मुख गरी तन्त्रोक्त विधिबमोजिम स्थापना गर्न लगाए।

यसपछि श्री जलाशयी नारायणको महिमा ठूलो जानेर भक्तजनहरूले श्री बूढ़ानीलकण्ठको स्थान वरिपरि आफ्नो श्रद्धाअनुसार चोघरा सत्तल, धर्मशाला,

पौवापाटी आदि बनाई गरीब-गुरुवाहरूलाई भोजन गराउने गर्ने, पूजाआजा चलाउन पाठपूजा होमादि गर्न धेरै जग्गा राखेर गुठीहरूको बन्दोबस्त गराइदिएको शिलापत्रहरू आजसम्म त्यस ठाउँमा विद्यमान छन् । श्री बूढानीलकण्ठमा वर्ष-वर्षको कार्तिक महिनाको द्वादशीका दिनदेखि हप्ता दिनसम्म ठूलो मेला लाग्दछ । त्यस मेलामा टाढ़ाटाढ़ाका मानिसहरू श्री नारायणको दर्शन गर्न आउँछन् । त्यस वर्ष बेलामा श्री बूढ़ानीलकण्ठ नारायणको दर्शन गर्न पाएमा बैकुण्ठवास भई मुक्ति पाइनेछ भन्ने ठूलो विश्वास परिराखेको छ ।

श्री चांगुनारायण

श्री चांगुनारायणलाई कोही चम्पकनारायण, कोही गरुडनारायण र कोही चांपानारायण भनी सम्बोधन गर्दछन् । यी सृष्टिकालदेखि नै उत्पत्ति भएका देवता



चांगुनारायण मन्दिर

हुन् भन्ने कथन छ । नेपालमा लिच्छवी राजाहरूले पनि श्री चम्पक अथवा चांगु-

नारायणलाई ठूलो श्रद्धा र भक्ति दर्शाइगएको कुरालाई राजा मानदेवले श्री चांगुनारायणको मन्दिर जीर्णोद्धार गरी गएका कुरा त्यहाँ भएका खम्बामा लेखिएका श्लोकहरूबाट सबैले थाहा पाइराखेका छन् । यो भक्तपुर राजदरबारबाट २ माइलको दूरीमा उत्तरतिर रहेको छ । श्री चांगुनारायण वैष्णव-मतका भए तापनि के हिन्दू, के बौद्ध, के शाक्त सबैले सर्वशक्तिमान भगवान् भनी मानिआएका छन् । अकसर गरेर नेपालमा मल्ल राजाहरूले श्री चांगुनारायणकहाँ ठूलो श्रद्धा र भक्ति अर्पण गरी पूजाआजा चलाई मन्दिर जीर्णोद्धार आदि गरी गएको त्यहाँ भएका शिलापत्र, ताम्रपत्र तथा सोनापत्र आदि आजसम्म विद्यमान भएकोबाट ज्ञात हुन आउँछ । श्री चांगुनारायणको उत्पत्ति विषय प्रचलित कथा यस प्रकार छ :—

सृष्टि कालको केही समयपछि ऋषि कश्यपका धेरै स्त्रीहरूमध्ये धर्मपत्नी श्री दितिबाट दैत्यहरूको जन्म भएको थियो । ती दैत्य राजाहरूमा असुर नाम गरेको दैत्यले आफ्नो पौरखलाई त्रैलोक्यभरिमा देखाई कसैको हातबाट मर्न नसक्ने गरी बरदान पाउन निमित्त नवलिङ्गाकार परमात्माको तपस्यामा बसे । परमात्माले उनको भक्तिदेखि खुशी भएर इच्छाबमोजिमको बरदान त्यसलाई प्रदान गरे । यसबाट यावत् प्राणीहरूमा ज्यादै पीड़ा भई सृष्टिकर्त्ता श्री विष्णु भगवान्को शरण जाँदा देवतागण सबै साथ लिई श्री विष्णु भगवान् स्वयम् गरुड चढी त्यस असुर दैत्यसंग संग्राम गर्न गए । तर असुर दैत्यले श्री विष्णु भगवान् चढेको गरुड़को पखेटासमेत काटिदियो । श्री भगवान्ले के गर्नुपर्‍यो भनी सोचविचार गरिरहँदा नवलिंगाकार श्री शंकर शिवजीले हे विष्णु ! मैले यसलाई कसैले मार्न नसक्ने वरदान दिइसकेको छु । तसर्थ योसित लड्दा सफल हुने छैन, यसलाई सर्वशक्तिमान देवीले मात्र मार्न सक्लिन् भनी अन्तर्ध्यान भए । शिवजीको यो वाणी सुनेर श्री विष्णु भगवान् हालको चांगुको डाँडामा लुकिरहे । असुर दैत्यले श्री विष्णुको खोजी गर्दा कहीं पनि पाउन सकेन र अन्त्यमा यो असुर दैत्यले श्री विष्णु भगवान् लुकिरहेको डाँडालाई नै डोला उचाले झैं थपक्क उचाली फट्कारी हल्लाउन लाग्यो । त्यस डाँडामा बस्ने यावत् जीवजन्तुहरू, साथै श्री विष्णु भगवान् सहित त्राहिमाम् भए । अनि श्री शिवजी त्यहीं नै प्रगट भए । त्यस दैत्यले उचालिदिएकोले डाँडा दोलाद्री पहाड़ भनी प्रख्यात भयो । त्यस डाँडामा श्री भगवान् शिवजीले गाड़ेको किलालाई भगवान् शिवको लिंग भनी श्री किलेश्वर नामले प्रसिद्ध भई पूजाआजा गर्दै आए । त्यसै समयमा श्री किलेश्वरबाट श्री विष्णु भगवानलाई यसरी आज्ञा भयो —"हे विष्णु ! यहीं बसेर श्री शक्तिमान देवीको आराधना गर्नुहोस् । त्यसैबाट कल्याण हुनेछ ।" अनि अन्तर्ध्यान भए । श्री महादेवको आज्ञामुताबिक श्री विष्णुले आदिशक्ति देवीको आराधना गरी आफ्नो हातको खड्गले आफ्नै शिर छेदन गरी रक्तधारा देवीमा चढ़ाए । ठीक त्यसै बखतमा

असुर दैत्य पनि त्यहाँ पुग्दा श्री विष्णु भगवानको यस्तो दुर्दशा भएको देखेर मजस्तो ठूलो कोही भएन भनी घमण्ड गरी हाः हाः हाः गरी खिसी गर्न लागे। आदिशक्ति देवी प्रगट भै त्यस असुर दैत्यलाई यमलोक पठाइदिइन्। त्यसै बेलादेखि त्यस ठाउँमा रक्तेश्वरी प्रादुर्भाव भइन्। त्यस बेलादेखि त्यसै ठाउँमा श्री किलेश्वर र अष्टमातृकागणका नाइके आदिशक्ति देवी रक्तेश्वरी विराजमान भएकी हुन्। त्यस ठाउँमा श्री चांगुनारायण उदय हुनुभन्दा पहिले श्री किलेश्वर र रक्तेश्वरीको प्रादुर्भाव भएको थियो भन्ने बुझिन्छ।

जब सृष्टिको विकास हुँदै गयो तब सत्ययुगको नामले प्रचलित भयो। यसै समय दोलाद्री पहाड़को आसपासमा सुदर्शन नाम गरेका एक मुनि वस्दथे। उनले आफ्नो आश्रमको नजिकै नित्य गर्नुपर्ने यज्ञ-यागादि कर्मकाण्डको निमित्त एउटी कपिला नाम गरेकी दुधालु गाई पाली उनैको दूधबाट कामकाज गर्दथे। पछि एक दिन त्यस गाईको दूध दुहुन लाग्दा गाईको कल्चौड़ाबाट एक थोपा पनि दूध आएन। के भएको हो भनी गाईको कल्चौड़ालाई छामछुम गरी हेर्दा दूध नै नभएको बुझियो। अनि बड़ो आश्चर्य तथा दुःख मान्दै ती मुनिले ठूलो गौर गरी विचार गर्दै रहे कि यो के भएको ? धेरै पछिसम्म पनि आफ्नो कर्मकाण्ड नै सबै रोकिन जाँदा चिन्ताले व्याकुल भैरहेको बेलामा एक सुन्दर व्यक्तिले दूध खान आउने कुरा मुनिले सपनामा देखे। एक दिन सधैंजस्तो आफ्नो गो-मातालाई चाँपाको रूखको फेदमा बाँधेर आफू चियो बसिरहे। ठीक त्यसै बेला चाँपाको रूखको फेदको प्वालबाट एकजना अति सुन्दर महापुरुष निस्केर त्यस गाईको कल्चौड़ाबाट ठाड़ो घाँटी लगाई भएभरको दूध तर्काई पिइरहेको देखे। गाईका मालिक सुदर्शनलाई रीसको सीमा रहेन। नजिकैको खड्ग लिएर ती मुनिले दूध तर्काइरहेका अपरिचित त्यस महापुरुषमाथि खड्गले प्रहार गरी शरीर र टाउको अलग गराइदिए। केही बेरपछि त त्यो शिर छुटेका महापुरुषले गरुड़ चढ़ी चतुर्भुज भएको पो तिनले देखे। यी चार भुजा भएका श्री नारायण भगवान् पो रहेछन् भनी मुनि थरररर काम्न लागे। यसै बखत श्री नारायणबाट आकाशवाणी भयो कि हे मुनिराज ! तिमी डराउनुपर्दैन, सुन, परापूर्वकालमा चन्द्रसंग युद्ध पर्दा परशुरामसंग धनुषविद्या र शुक्राचार्यसंग शास्त्र-विद्या सिकेका सुमति नामगरेका एकजना ब्राह्मणलाई मैले अन्याय गरीकन मारेको थिएँ। श्री शुक्राचार्यले आफ्ना शिष्यलाई त्यसरी मारिदिएको देखेर रिसाएर श्राप दिए कि तिम्रो पनि कुनै ब्राह्मणको हातबाट शिर छेदन हुनेछ, तसर्थ त्यही श्राप आज तिम्रो हातबाट मोचन भयो। अब यहीं पूजाआजा गरी बस्नु, तिम्रो उद्धार हुनेछ भनी अन्तर्ध्यान भए। चाँपाको रूखको फेदबाट उत्पत्ति भएका हुँदा त्यही ठाउँमा नै श्री नारायणको स्थापना गरी सिद्धि प्राप्त गराएकोले नारायणको नाम चम्पक अर्थात् चाँपानारायण भनी प्रसिद्ध भयो। तिनै नारायणलाई हिजोआज चांगुनारायण भनिन्छ।

समयले लामो फन्को मार्दै गएपछि राजा हरिदत्तले छिन्नमस्ता आदिदेवी र चांगु (चम्पक) नारायणको मन्दिर निर्माण गर्न लगाई श्रद्धा-भक्तिपूर्वक आराधना गरी पूजाआजा चलाई सेवा गर्दै रहे । त्यसको धेरै पुस्तापछि राजा मानदेवले गरुड़वाहन-रूपी नारायण निर्माण गरी चढ़ाए जसको स्मृतिका लागि आजका दिनसम्म चांगुमा शिलालेख खड़ा छ । त्यसपछि कलिगत सम्वत् ३३८३ अथवा कालान्तरमा राजा विष्णु गुप्तलाई चम्पकनारायणले त्यस ठाउँमा ७०० (सातसय) घरको बस्ती बसाई गाउँ बसाउनु र मकहाँ सेवा गर्नु, तिम्रो भलाइ हुनेछ भनी सपनामा दर्शन मिल्यो । तदनुसार राजा विष्णु गुप्तले ७०० (सातसय) घरको बस्ती बसाई नारायणको नित्यकर्म पूजाआजा चलाई सेवा गरिरहे । कालान्तरमा त्यसको धेरै वर्षपछि मल्ल राजाहरूले श्री चम्पकनारायणको सेवा गर्दै मन्दिरको जीर्णोद्वार गरी आफ्नो श्रद्धा-अनुसार भक्तिभाव गरी गएका थिए । तत्कुरा ने० सं० ७०४ मा गंगारानी र ने० सं० ८१४ मा राजा भूपालेन्द्र मल्लकी आमाले त्यो मन्दिर जीर्णोद्वार गरी नयाँ तोरण हाली कोटि होम गरी गएको त्यहाँ भएको शिलालेखबाट स्पष्ट हुन्छ । त्यसको १० वर्षपछि याने ने० सं० ८२४ मा भूपालेन्द्र मल्लकी रानी भुवनलक्ष्मी देवीले आफ्ना स्वर्गवासी पतिको र आफ्नो सालिक पनि श्री चांगुनारायणको मन्दिरअगाड़ि स्थापना गरेको पनि आजसम्म विद्यमान छ ।

वर्तमान समयमा पनि त्यस नारायणको महिमा ठूलो जानेर धर्मकीर्तिहरू राखी भावभक्तिपूर्वक आफ्नो श्रद्धाअनुसार सेवा गर्दै रहने व्यक्तिहरू धेरै छन् । चौमासे एकादशी अथवा पर्वकालमा श्री चांगुनारायणको मन्दिरमा भक्तजनहरूको ताँती लागी टाढ़ाटाढ़ाबाट धेरै कष्ट उठाएर श्री भगवान्को दर्शन गर्न जान्छन् । श्री चांगु गई भक्तजनहरूले श्री भगवान्को शिलाबाट उत्पत्ति हुने पसीना आफ्नो रूमालमा टाँसेर ल्याउन पाए नाग अथवा सर्पले टोक्दा त्यसलाई विष लाग्दैन र श्री चांगुनारायणको मन्दिरको गजूरले देखेसम्म नाग र सर्पले टोक्दा विष नलाग्ने सबैमा विश्वास छ ।

श्री चांगुनारायणको जात्रा हरेक वर्षको माघ महिनामा हुन्छ । त्यस बेला श्री चांगुनारायणको मूर्तिलाई साखुको शाली नदीको पवित्र किनारमा स्थापना गरी त्यहाँ एक महिनासम्म राख्ने चलन छ । त्यस बेला भक्तालुहरूले आफ्नो घरवार छोड़ी श्री चांगुनारायणको मूर्तिलाई माधव नारायणको नामले पूजा गरी दिनको एक छाक मात्र भोजन गरी व्रत बस्ने गर्दछन् । महिनाको अन्तिम दिनमा उक्त माधव नारायणको मूर्तिलाई काठमाडौंको राजधानी हनुमानढोकासम्म पनि पुऱ्याउने परम्परामा यसरी माधव नारायणलाई काठमाडौं ल्याउँदा व्रत बस्ने भक्तालुहरू सबै साथमा नै आउने आजसम्म चलेको नै छ । उक्त श्री चांगुनारायण भगवान्को अर्को एउटा प्रचलित कथा यस प्रकार छ :—

श्री चांगुनारायण भगवान् पारसमणिको रूपमा अवतरित भएका थिए। त्यस बेला जुनसुकै धातुको वस्तु त्यस मूर्तिमा छुवाए सुनमा परिणत हुने कुरा प्रचलित भएको थियो। एक दिन त्यस मूर्तिलाई पुजारीले लोभान्वित भई एकैपटक धेरै सुन प्राप्त गर्ने इच्छाले त्यस मूर्तिलाई नै फोडेर धेरै सुन प्राप्त गर्न लाग्दा देवता रिसाएर नेपालमा नै नबस्ने भए। सो कुरा एकजना विद्वान् तांत्रिकले थाहा पाए। त्यो तांत्रिकले आफ्नो विद्याको प्रभावले दोबाटो, चौबाटोमा घरमा प्रयोग गरेको माटोको भाँडा घैंटो, गाग्री, घ्याम्पा आदि फुटाइदिई श्री भगवान् नेपालमा स्थिर भैरहने कुरा थाहा पाए। सोही अनुरूप माघ महिना लाग्ने पूर्णिमा (मिलापूर्णिमा)-को दिन विहान सबै पुराना माटाका भाँडाहरू दोबाटो चौबाटोमा फुटाउन लगाई श्री भगवान-लाई नेपालमा स्थिर गराइराखेका थिए। सोही अनुरूप त्यस दिनमा बिहान सबेरै दोबाटो चौबाटोमा पुराना-पुराना माटोका भाँडाकुँडाहरू फुटाल्ने चलन आजसम्म चलेको हो भन्ने कथन छ।

●

भाट-भटेनी

काठमाण्डू उपत्यकाको देवी-देवताहरूमा हाल विशाल नगर स्थित भाट-भटेनी देवता एक लोकप्रिय स्थान मान्दछन्। वंशावलीमा भाट-भटेनीको बारेमा यस किसिमको उल्लेख छ—

परापूर्वकालमा नेपाल, विशाल नगरमा ब्रह्मदेव नामगरेका राजा राज्य गर्दथे। त्यस बेला हाँडीगाउँमा सुदेव र सुदेवी नाम गरेका एक ब्राह्मण दम्पति बसेका थिए। यी दम्पति श्री विष्णु भगवानका परम भक्त थिए। एक दिन उनीहरूले श्री विष्णु भगवानको तपस्या गर्दा श्री विष्णु भगवान खुशी भै वर माग भनी आज्ञा हुँदा ती जोईपोइ दुवैले हजूरजस्तो छोरो वर प्रसाद मिलोस् भनी बिन्ति चढाउँदा श्री विष्णु भगवानले यो जन्ममा त पाउनेछैनौ तर अर्को जन्ममा पाउनेछौ भनी वर दिई अन्तर्ध्यान भए। यी ब्राह्मणदम्पति ज्यादै गरीब भएको हुनाले खेतीपाती गर्दै जीवन वृत्ति चलाई बसेका थिए। दैवसंयोगवश यी दुवैको देहान्त भयो। पछि विशाल नगरमा एक ब्राह्मणीको कोखबाट नै सुदेवको जन्म भएको थियो। त्यही पहिलेकी सुदेवीको विवाह पनि परमात्माको चक्रले गर्दा सुदेव ब्राह्मणसंग नै हुन आएको

थियो । यिनै सुदेवीको गर्भबाट साक्षात् नारायणको अंशतः ३२ लक्षणले युक्त भएका छोरा जन्मे । ती छोराको भिल्ल नाम राखे । यस जुनीमा पनि दुवै जोईपोइ ज्यादै गरीब हुँदा सुत्केरी खर्च गर्न धौधौ पर्दथ्यो । भिल्ल जन्मनुभन्दा ८ वर्षपहिले एक शुद्धदेव नाम गरेका अर्के एक ब्राह्मण तीर्थयात्रा गर्न आउँदा सुदेवको घरमा नै डेरा गरी बसेका थिए । त्यसले साथमा ल्याएको सुनले भरिएको लोहाको एक डण्डी र बेह्री मालसामानहरू श्री सुदेवकहाँ नासो राखेर गएका थिए । सुत्केरी हुँदा सुदेवले त्यही सुनले भरिएको लोहाका डण्डी बिक्री गरी घर खर्च टारेका थिए । बालक छोरो ४ वर्ष पुगेपछि ती शुद्धदेव १२ वर्षसम्म तीर्थयात्रा गरी फर्केर आफ्नो नासो राखेको माल सामानहरू माग्न आए । अब भट्ट-भटेनी बाह्मण र ब्राह्मणीलाई ठूलो आपत पऱ्यो । जोईपोइ मुखामुख गरी सल्लाह गर्न लागे—अब के गर्ने ? के भन्ने ? भट्टले ती शुद्धदेव ब्राह्मणलाई जवाफ दिए कि "१२ वर्षसम्म राखिछोडेको लत्ता कपड़ा कुही सड़ेर गैसक्यो र लोहाको डण्डी मकाएर गयो ।" यो कुरा सुनेर शुद्धदेव ब्राह्मण ज्यादै खिन्न भए । यिनले राजाकहाँ गई बिन्ति चढ़ाए—हजुरको राज्यमा यस्तो अन्याय हुनु नपर्ने हो । यदि हजुरबाट राम्रो इन्साफ नपाए मैले हजुरलाई श्राप दिनेछु । राजाले गरेको इन्साफमा शुद्धदेवको चित्त नबुझ्दा सराप दिन लागे कि नासो पचाउलेले यो पृथ्वीमा स्थान नपावोस् ! यसमा राजा बचे ।

एक दिन भट्ट-भटेनी दुवै स्त्री-पुरुष आफ्नो छोरोलाई आफ्नो घरको कौसीमा घाममा सुताई आनन्दसंग बसिरहेको बेलामा अकस्मात् एउटा गरुड़ चीलको रूप लिई आएर बालक भिल्ललाई गाँजी लैजाँदा ती भट्ट-भटेनी ब्राह्मण ब्राह्मणी दुवै आफ्नो मन्त्रद्वारा जोड़ले उड़ेर गई आफ्नो प्यारो छोरो भिल्ललाई समात्न भनी जाँदा आकाशमा पुगेपछि चीलले समातेको बालकले ४ बाहु अर्थात् चतर्भुजधारी स्वयं नारायणको मूर्ति भै उनीहरूलाई दर्शन दिए र आज्ञा गरे—हे भट्ट-भटेनी ब्राह्मण ब्राह्मणी !! पूर्वजन्ममा तिमीहरूले मेरो तपस्या गर्दा मैले वरदान दिएको हुँदा तिमीहरूको कोखमा जन्मेको हुँ । अब तिमीहरूको पनि उद्धार भयो र तिमीहरू यही आकाशमा नै देवता स्वरूप भै बस भनी श्री विष्णु भगवानबाट आज्ञा हुँदा विशाल नगरमा आकाशमा श्री भगवान सिद्ध भै आकाशमा नै भिल्लले गरुड़ चढ़ी नारायण स्वरूप भै जोईपोइको उद्धार गरी बसेको आजसम्म यथावत् छ । हिजोआज ती ब्राह्मण र ब्राह्मणी दुवै उद्धार भैगएको र देवतास्वरूप भई बसेको भाट-भटेनी नामले प्रख्यात भएको छ ।

यसरी आकाशमा भट्ट-भटेनी उद्धार भएर गई देवतास्वरूप भैबसेको यही महिमा देखिन्छ कि हामी नेपालवासीहरूले कुनै व्यक्तिलाई अथवा कुनै बालक-

बालिकाहरूलाई कुनै-कुनै अन्तरिक्षचारी, दुष्ट यक्ष, पिशाच, भूत-प्रेत अथवा बालग्रहचारी र दुष्ट जीवहरूले कुनै प्रकारले पिरिहाले भने त्यस्ता बालक-बालिका-हरूलाई त्यस मन्दिरमा लगी दर्शन गराई पूजा-आजा गराइदिदा त्यो कष्ट बाधा सबै हटेर गै निको हुँदै जाने विश्वास छ। यसरी आजसम्म त्यस भाट-भटेनीलाई मान्दै आएका छन्। हिजोआज त्यस मन्दिरमा बालक-बालिकाहरूलाई दर्शन-स्पर्शनादि गराउन ल्याउने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मानिसहरू प्रतिदिन धेरै संख्यामा जमघट भैरहेका छन्।

●

श्री मच्छिन्द्रनाथ

नेपालका देवी-देवताहरूमा श्री रातो मच्छिन्द्रनाथ उच्च कोटिका देवता मानिएका छन्। यहाँ को हिन्दू, को बौद्ध सबैले समान रूपमा पूजाआजा गर्दछन्। वंशावलीमा यस किसिमबाट उल्लेख छ :—

परापूर्व कालमा श्री विष्णु भगवान्ले श्री महादेवलाई मोहिनी रूप देखाउँदा कामको वासनाले पीडित भएका श्री शंकर महादेवले मोहिनीलाई समात्न जाँदा धैर्य गर्न नसकी वीर्य पतन हुन लागेको बेलामा श्री विष्णु भगवान्ले श्री शंकर भगवान्को वीर्य आफ्नो हातमा थापिलिए। विष्णु भगवान्ले हज्जार वर्षअघिदेखि तपस्या गरी बसिरहेकी अंजनी बानरनी-लाई श्री वायु देवताको सहायताले सो वीर्य सेवन गर्न लगाउँदा अंजनी बानरनीको गर्भबाट श्री हनुमान पैदा भए। श्री विष्णु भगवान्ले बाँकी भएको वीर्य पानीले हात धुन गएको बेलामा त्यो वीर्य माछाले खाइदिए। माछाको गर्भबाट पैदा भएका श्री मच्छिन्द्रनाथ नामले प्रसिद्ध भए। पानीले हात सफा गर्दा राम्रोसंग हातको वीर्य नगएकोले गाईको गोबरले श्री विष्णु भगवान्ले हात धुन लाग्दा श्री गोरखनाथ उत्पन्न भए। कलिगत सम्वत् ३६७६ मा हिमवत्खण्ड नेपालमा अनावृष्टि भई अनिकाल भएर ठूलो हाहाकार मच्चयो। राजा नरेन्द्र देवलाई आच्छु-आच्छु भयो। राजा नरेन्द्र देवले राज्यभरिका ज्योतिषीहरू, तान्त्रिकहरू र विद्वान्-पण्डितहरू जम्मा गरी सो अनिकाल हटाउन देव-देवीहरूकहाँ यज्ञयागादि पूजा-पाठ इत्यादि गर्न लगाई शान्तिस्वस्ति गर्न

लगाए तैपनि पानी परेन । एक दिन राजा नरेन्द्र देव स्वयम् जलवृष्टि गराउने उपाय बुझ्नका लागि राति-राति पनि शहरका कुना-कुनामासमेत् घुम्न जाने गर्न लागे । रातको बीचमा एक दिन कोठामा श्री बन्धुदत्त आचाजु र पत्नी जोईपोइ दुवै यही अनावृष्टि भएको कारणहरू विषय कुरा गरिरहेको राजाले सुने । बन्धुदत्तले आफ्नी पत्नीलाई सुनाए कि गोरखनाथ नेपाल आई भिक्षा माग्न आउँदा भिक्षा कसैले नदिएको रीसमा नेपालका नागराजहरू सबैलाई आह्वान गरी मृगस्थलीमा आसन गरी बसिरहेकोले आकाशमा जल शून्य भै यसरी अनावृष्टि भएको हो । चेवा गरिरहेका राजाले जोईपोइ दुवैले कुरा गरिरहेको सुने र आफ्नी दरबारमा फर्के । भोलिपल्ट बिहान भएपछि राजा नरेन्द्र देवले श्री बन्धुदत्त आचाजुलाई बोलाउन पठाई स्वास्नीसंग कुरा गरिरहेको विषयमा बन्धुदत्तसंग सोधे । श्री बन्धुदत्तले राजालाई भएका सबै वृतान्त जाहेर गरे । नाग-राजहरू सबैलाई श्री गोरखनाथले मृगस्थलीमा आसन गरी बसेका श्री बन्धुदत्त आचाजुको कुरा सुनी राजा स्वयम् श्री बन्धुदत्तको सहायताबाट बोकाउन निमित्त एक भरिया ललितपुरका श्री ललिते ज्यापू समेत ३ जना श्री मच्छिन्द्रनाथ लिन भनी कामरूप कामाक्षा प्रस्थान गरे । त्यहाँ पुगेपछि श्री बन्धुदत्त आचाजुले मन्त्रद्वारा भमरा रूप लिई रहेका श्री मच्छिन्द्रनाथलाई पक्की एउटा घड़ामा राखेर श्री ललिते ज्यापूलाई बोकाई नेपाल ल्याए । कुनै-कुनै वंशावलीमा श्री मच्छिन्द्रनाथ नेपाल ल्याउन कर्कोटक नागले पनि ठूलो योगदान गरे भनी लेखेको छ ।

नेपाल पुगेपछि श्री भगवान् मच्छिन्द्रनाथलाई कुन ठाउँमा स्थापना गर्ने हो भनी सल्लाह गर्दा श्री बन्धुदत्त आचाजुले मैले मन्त्रद्वारा वश पारी ल्याएकोले कान्तिपुरमा श्री मच्छिन्द्र स्थापना गर्ने कुरा उठाए । तर ललिते ज्यापूले भने, मैले बोकी ल्याएकोले श्री आदिशक्ति भगवान् मच्छिन्द्रनाथलाई ललितपुरमा स्थापना गर्ने भनी जिद्दी गर्न लागे । राजाको भने आफ्नो राजधानी भक्तपुरमा स्थापना गर्ने विचार थियो । यसरी ३ जनाको श्री मच्छिन्द्रनाथ स्थापना गर्ने विषयमा झगड़ा शुरू भै बाझाबाझ हुँदा राजाले आफ्ना राज्यभरिका बुद्धिजी-वीहरूलाई बोलाई उनैको निर्णयद्वारा नै स्थापना गराउने निधो गरे । अन्त्यमा सबभन्दा बूढ़ा र उमेर पाको भएका व्यक्ति ललितपुरमा भएको बुझियो । तीनै-जना त्यहाँ गई त्यस बूढ़ालाई बोलाएर ल्याए र सात दोबाटो भएको ठाउँमा सबैले देखिने र सुन्ने गरी सातवटा उगल राखेर त्यस सातवटामाथि अतिख्ख कुप्रा बूढ़ा मानिसलाई राखे र त्यस बूढ़ाको वाचा सुन्न लागे । बूढ़ो पनि ललितपुर-बासिन्दा भएकोले पक्षपात गरी आफ्नो देश ललितपुरमा

नै श्री मच्छिन्द्रनाथ स्थापना गर्नु पर्ने कुरा उठाए। किनभने बोकेर ल्याउनेको नै बढता हक हुन्छ। यदि बोकेर ल्याउने नभएमा श्री मच्छिन्द्रनाथ भएको घड़ा कसरी नेपालमा आइपुग्दथ्यो ? भनी त्यस अतिशय कुप्रो बूढ़ाले पक्षपात गरी सबैको अगाडि बोलिदिए। यसमा राजा र बन्धुदत्त आचाजु दुवैले साह्रै चित्त दुखाई अन्याय बोल्यो यस बूढ़ाले भनी रिसाई श्राप दिन लागे कि "अन्याय बोलेकोले यो कुप्रो बूढ़ा यहीं ओखलमाथि नै मरोस्।" अतः सो श्राप लागेकोले त्यो बूढ़ो उही ओखलमाथि नै कम्मर भाँचिएर मर्‍यो। तर राजा र आचार्यले आफ्नो कबोल-वाचामा हारेकोले श्री मच्छिन्द्रनाथलाई ललितपुरमा नै राख्ने निर्णय भयो। ७ दोबाटो भएको ठाउँमा ओखलमाथि बूढ़ो कुप्रो मानिस कम्मर भाँचिएर मरेको ठाउँमा हिजोआज नरीवल खसाल्ने जात्रा लाग्दछ। श्री आदि मच्छिन्द्रनाथ नेपाल ल्याई स्थापना गरेको दिनमा प्रतिवर्ष ठूलो जात्रा चलाउनुपर्ने प्रबन्ध मिलाइदिएका थिए। यसमा राजा नरेन्द्र देवको हुकुम लिई श्री बन्धुदत्त आचार्य अगाड़ि बसी काम-कार्य चलाउनुपर्ने बन्दोबस्त बाँधियो। अब मच्छिन्द्रनाथ भमरारूपमा घड़ामा राखेकोलाई नेपाल ललितपुर शहरमा स्थापना गर्न भनी श्री बन्धुदत्त आचार्यले आफ्नो मन्त्रद्वारा आह्वान गर्दा घड़ामा बसेको भमरा बाहिर निस्की भाग्न कोशिश गर्न लाग्यो। दैवको लीलाले गर्दा त्यसवेला त्यहीं नै राजा नरेन्द्र देवलाई निद्रा लाग्यो। श्री बन्धुदत्तले आफ्नो मन्त्रको जोड़ले भमरालाई कलशमा प्रवेश गराए तर राजाबाट वेवास्ता गरी त्यसै निदाई मात्र रहेकोले श्री आदिनाथ त्यहाँ बस्न मन गरेनन्। कलशबाट भाग्न कोशिश गरे। तेस्रो पटक पनि भाग्न खोज्दा अब भएन भनी श्री बन्धुदत्तले आफ्ना राजालाई धुँड़ाले इशारा दिई निद्राबाट बिउँझाए। राजा नरेन्द्र देवले निद्राबाट बिउँझी झट्ट कलशमा कपड़ाले छोपी श्री आदिनाथलाई भमराको रूपमा नै प्रवेश गराए। त्यसपछि धुातुका श्री आदिनाथ मच्छिन्द्रनाथको मूर्ति बनाउन लगाई त्यो भमरा भएको कलश त्यस मूर्तिमुनि राखेर 'यँपो बही' भन्ने बहालमा विधिबमोजिम स्थापना गरे। त्यसै ठाउँमा श्री भैरवनाथको मूर्ति स्थापना गरी दशकर्म यज्ञादि गरी शिवमार्गी बुद्धमार्गी दुवैले माँन्नुपर्ने गरी प्रतिष्ठा गरिदिए। श्री आदिनाथ मच्छिन्द्रनाथ नेपाल आएको कुरा श्री पंचकुमारीबाट मृगस्थलीमा सबै नागराजहरूलाई आह्वान गरी आसन गरी बसी गुप्त रूपबाट तप गरिरहेका श्री गोरखनाथलाई सुनाउँदा श्री गोरखनाथले सबै नागराजहरूलाई छोड़ी आफू श्री मच्छिन्द्रनाथको दर्शन गर्न पुगे। त्यस वेलादेखि नेपालमा वर्षा शुरू भयो र दुर्भिक्ष हटेर गई नेपालमा फेरि सहकाल शुरू भई प्रजाहरू आनन्दमा बसे।

दैवको इच्छाले गर्दा अब फेरि बन्धुदत्त आचार्य र राजा नरेन्द्र देवको परस्परमा

मनभेद शुरू भयो । भमरा-रूप श्री मच्छिन्द्रनाथ भाग्नलागेको बेलामा तेस्रो पटकसम्म पनि आह्वान गरी कलशमा छोपेको बेलासम्म पनि राजा निद्राबाट नब्यूँझेकोले श्री बन्धुदत्त आचार्यले राजालाई घुडाले घचेटिदिएकोमा यो कस्तो ठूलो मानिस भएछ, राजालाई त हातले छोएर उठाउनुपर्नेमा घुँडाले लात मारेर पो बिउँझाउने ! अब यसलाई नमारी भएन भनी राजा नरेन्द्र देवले मनमा कुरा खेलाए । तर राजाको मनको कुरा आचार्यले तुरन्त थाहा पाए । श्री बन्दुदत्तले राजालाई विन्ति गरी भने, "महाराज ! मलाई मार्ने हजूरबाट जुन विचार गरिबक्सनुभएको छ, मलाई अहिले नै तुरन्त मारिबक्स्योस् ! किनभने राजाको नीतिमा कामकुरा गर्ने संकल्प गरिसकेपछि फेरि परिवर्त्तन गर्नु शास्त्रमा मिल्दैन तसर्थ मलाई तुरन्त नै मारिबक्स्योस्, महाराज !" भनी बन्धुदत्तले भनेपछि राजाले मुख रातो गराई लाजले केही बोल्न सकेनन् र बन्धुदत्त आचार्य त ठूलो विद्वान् पो रहेछ, मेरो मनको कुरा त थाहा पाउने रहेछ भनी राजा नरेन्द्र देवले आचाजुसंग क्षमा माँगे । उमो भए मनले निश्चित गरेको कुरा छोड्ने हो भने मूलालाई भए पनि काटिबक्स्योस् भनी एउटा मूला अगाड़ि राखिदिए । यसमा राजाले मञ्जूर गरे । श्री बन्धुदत्तले पनि राजाले थाहा नपाउने गरी आफ्नो ज्यान त्यसै मूलामा प्रवेश गराए । राजाले त्यस मूलालाई दुई टुक्रा गरी आफ्नो खड्गले काटिदिंदा बन्धुदत्तको शरीर पनि दुई टुक्रा भै प्राण त्याग गरे र श्री मच्छिन्द्रनाथको दायाँ पाउमा लीन हुन गए । राजा नरेन्द्र देवले मैले यो के काम गरेको रहेछु भनी ज्यादै अफशोच गरे । अब राजाले यस्तो साथी आचाजुसमेत नहुँदा यस संसारमा के बाँच्नु ! भनी ठूलो सुर्ता गरी म पनि यस संसारबाट विदा भैजानेछु भनी आफ्नै हातमा भएको खड्गले आफैले आफ्नो गला छेदन गरी राजाले पनि प्राण त्याग गरे र श्री आदिनाथ मच्छिन्द्रनाथको बायाँ पाउमा आफू पनि लीन भए ।

यसपछि कलिगत सम्वत् ३६९४ मा बुङ्गमतीमा श्री मच्छिन्द्रनाथलाई लगी स्थापना गरी ठूलो मन्दिर बनाई वर्ष-वर्षपिच्छे सूर्य दक्षिणायनको समयमा बुङ्गमतीमा र उत्तरायणको समयमा पाटनमा रथारोहण गरी ल्याउने चलन चलाए । कलिगत सम्वत् ४२०८ मा श्री मच्छिन्द्रनाथको यात्रा लगनखेल टोलमा स्नानमण्डप भैरहेको बेलामा पाल्पाका राजा मुकुन्दसेनले धेरै फौज लश्करहरू ल्याई हमला गर्दा श्री मच्छिन्द्रनाथले सुनको चँदुवामा रहेका चारै नागहरूको मुखबाट पानीको धारा बगाएर आफ्नो शरीरमा पारिराखेको देखेर पाल्पाका राजा मुकुन्दसेनले यी साक्षात् परमेश्वर रहेछन् भनी हमला नगरी आफ्नो घोड़ाको गलामा लगाइराखेको चाँदीको सिक्रीको माला फुकाली श्री मच्छिन्द्रनाथको गलामा लगाइदिए । त्यो माला श्री मच्छिन्द्रनाथको गलामा लगाउन उनले आफ्नो हात उठाउँदा श्री मच्छिन्द्रनाथले

स्वयम् आफ्नो शिर झुकाइदिए भनी कुनै-कुनै वंशावलीले पुष्टि गरेको छ। समयको गतिले लामो यात्रा गरिसकेपछि ने० सं० ७९२ साल माघ शुक्ल ५ का दिनमा राजा श्री निवास मल्लले 'येँगि बहाल' (तः बहाल ?)-को मन्दिरका माझको तल्लाको छानालाई सुनको छाना बनाई गजूर चढाएर तोरणसमेत हालिदिएका थिए र मध्य रात्रिमा आरती गर्न गुठी पनि राखिदिएका थिए। ने० सं० ७९४ मा पनि यिनै राजाले श्री मच्छिन्द्रनाथको यात्रा भैरहेको बेलामा रथको खटलाई सुनले छापिदिएका थिए। ने० सं० ८१० मा राजा योगनरेन्द्र मल्लको पालामा श्री मच्छिन्द्रनाथको यात्रा भैरहेको बेलामा रथ ढलेकोले के उपद्रव हुन लाग्यो भनी राजा आकुल-व्याकुल भै ज्यादै चिन्ता गरी अफसोच मानिरहेको बेलामा श्री मच्छिन्द्रनाथले स्वयम् मानिसको रूप लिई दरबारमा प्रवेश गरी केही सुर्ता नगर्नु, रथ आफै उठ्दछ भनी अन्तर्ध्यान भए। राजा योगनरेन्द्र मल्लले ४८ तोलाको सुनको गहना चढाई रथ डोरीले तान्न लगाउँदा श्री मच्छिन्द्रनाथको रथ आफै सोझो भई नियमानुसार यात्रा शुरू भयो। ने० सं० ८८३ मा पनि केही विघ्न पर्दा श्री मच्छिन्द्रनाथको रथ दरबारअगाडि आइपुग्दा अकस्मात् आगो लागी रथ भस्म भयो तर श्री मच्छिन्द्रनाथको मूर्तिलाई केही भएन।

लिच्छवी राजा नरेन्द्र देव तथा श्री बन्धुदत्त आचाजुले श्री मच्छिन्द्रनाथलाई नेपालमा ल्याएको हुनाले उनीहरूको चिरस्मरणको लागि उनीहरूको तरवारबिना यात्रा नहुने बन्देज बाँधिदिएका थिए। तदनुसार राजाको प्रतिनिधिस्वरूपको निमित्त राजा नरेन्द्र देवको तरवार भक्तपुर दरबारबाट आइपुगेपछि मात्र यात्रा शुरू गर्ने चलन चलाए जो आजसम्म यथावत् कायम रहेको छ। राजाको खड्ग पहिले छेभडेल अड्डामा र हाल गुठी संस्थान अड्डाको जिम्मामा राखिछोड़ेको छ। श्री मच्छिन्द्रनाथको यात्रा चलाउनुपर्दा त्यस खड्गलाई झलरवाल छाताले ओढ़ाई पुरानो किसिमको बाजा बजाई यात्रा गरी पाटनमा लैजान्छन्। त्यस बेला पसलमा बस्ने व्यापारीहरूले सो खड्गको सम्मान (मान्यता) गर्न आफ्नो पसल छोड़ी उठिदिने र खेतीवालहरूले आफ्नो खेतको औजारहरू छोड़ी उभिदिनुपर्ने चलन छ। उक्त नियम उल्लंघन गर्नेले सजायँ भोग्नुपर्दथ्यो। तर हिजोआज त्यस नियमलाई कसैले पनि मान्यता दिएका छैनन्।

श्री महांकाल भैरव

काठमाडौं टुंडिखेलस्थित श्री महांकाल भैरवको विषयमा यता गोर्खापत्रबाट प्रकाशमा आएको बयान वंशावलीमा पाइएको बयानमा फरक पाइन्छ। हालसालै प्रकाशमा आएअनुसार द्वापरयुगमा काठमाडौं निवासी तन्त्र-मन्त्रमा धुरन्धर विद्वान् महापुरुष शाश्वत वज्र वज्राचार्य नाम गरेका गुभाजूले हालको शाही मञ्च जाने ढाका रहेको ठाउँमा पहिले सातवटा धारा भएको चोक बनाएका थिए। यी तन्त्रज्ञ महापुरुष शाश्वत वज्र वज्राचार्य एक दिन बिहान त्यहाँ नुहाइसकेपछि आकाशमा अकस्मात् सूर्यको किरणलाई नै ढाकी कालो बादल एक ढिक्का भएर उत्तरबाट दक्षिणतिर गइरहेको उनले देखे। उनले यो के रहेछ ? अवश्य देवता गइरहेको हुनुपर्छ भनी विचार गरेर आफ्नो तन्त्र-मन्त्रको जोडले आह्वान गरी उक्त कालो बादलको ढिक्कालाई नुहाएको धारानेर बसेर पुरश्चरण गर्दा उक्त बादलको ढिक्का इच्छुमती टुकुचा खोलादेखि पश्चिमको कुलोमाथि खस्यो। कालो बादल खसेको ठाउँ भएकोले आजसम्म त्यो ठाउँ 'हाकुटापु' नामले प्रसिद्ध भएको छ। शाश्वत वज्र वज्राचार्य त्यो खसेको कालो बादलको ढिक्काअगाडि गई हेर्दा उनलाई महांकाल भैरव देवताले दर्शन दिनुभयो र श्री वज्राचार्यले देवतासंग हजूर यस नेपाल भूमिमा राज हुनुभै देशको रक्षा गरी दिनुहोला भनी मन्त्रद्वारा अनुरोध गर्दा देवताले "अहिले म बनारस जाँदै छु, ३ दिनपछि फर्केर आउने बेलामा मलाई हमेशा तिम्रो सन्तानले पुजारी भै पूजा गरी राख्नु, म निरन्तर घुमिरहनुपर्ने भएकोले शनिश्चरवार र मंगलवार मात्र रहनेछु" भनी जानुभयो। पछि सो खसेको बादलको ढिक्का फोडेर हेर्दा श्री महांकालको मूर्ति फेला पर्‍यो। शाश्वत वज्र वज्राचार्यले सो प्राप्त मूर्ति त्यहाँनेर नै स्थापना गराई सिद्धि प्राप्त गरेका थिए। आज त्यो मूर्ति श्री महांकाल भैरव देवता नामले प्रसिद्ध भई देदीप्यमान छ। यो घटना श्रावण बदी तृतीयाको दिन भएकोले आजसम्म उक्त दिनमा विधिवत् पूजा र होम गर्ने चलन छ।[१] तर वंशावलीमा भने उक्त महांकाल भैरवबारे यस किसिमबाट बयान गरिराखेको पाइन्छ :—

कलिगत सम्वत् १८२२ मा राजा गुणकामदेवको पालामा एकजना महान तन्त्रज्ञ प्रसिद्ध विद्वान् गुभाजू टुंडिखेलको बीचमा आफ्नो बाख्रा चराई भूइँमा लम्पसार परी आनन्दसंग पल्टिरहेको बेलामा अकस्मात् आकाशमाथि आँखा लगाउँदा साक्षात् सर्वलोकोपहारी महांकाल भैरव आकाशमार्गद्वारा उत्तरबाट दक्षिणतिर

---

१. २०४१, श्रावण सोमवार ५ गते, १, पृष्ठ ३ को 'गोर्खापत्र' बाट।

गैरहेको देखे। गुमाजूले आकाश नै धपक्क ढाकेको त्यस देवताको दृश्यलाई बिर्सा-उन चाहेनन्। यसलाई आफ्नो देशमा स्थापना गर्न पाए लोकको ठूलो रक्षा हुने थियो भन्ने विचार जागेर उनले यसलाई यहाँ कसरी स्थापना गरूँ भनी खूब तुलबुल गरी अनेक तर्क गर्न थाले। अन्त्यमा उनले राजा गुणकामदेवसंग सम्मति लिई तत्कालीन विद्वान्हरू जम्मा गरी कालिगडहरूद्वारा आफूले आकाशमा दर्शन पाएको श्री भैरवको दृश्य अनुकरण गरी ठूलो ढुङ्गाको मूर्ति बनाउन लगाए। मूर्ति तयार भएपछि तन्त्रमन्त्रद्वारा विधिबमोजिम पुरश्चरण गरी उक्त मूर्ति स्थापना गर्न लगाउँदा परमात्माबाट यिनलाई सपनामा आज्ञा भयो कि "ब्रह्माण्डभर निरन्तर घुमिरहनु-परेकोले हमेशा स्थिर रूपले यहाँ बस्नु ठीक हुँदैन बरू हप्ताको एकपटक शनि-श्चरवारको दिनमा अहोरात्रभर नै यस शिलामा प्रवेश भै दिउँला" यसमा 'नहुनु मामा भन्दा कालो मामा नै निको' सम्झी हप्ताको एकपटक भए पनि हुन्छ भनी श्री गुमाजूले श्री महांकालको शिलामूर्तिलाई टुँडिखेलको पश्चिम भागमा स्थापना गरी तन्त्र-मन्त्रको अमोघ शक्तिले पूजा-आजा चलाई होम गरी प्रतिष्ठा गरेका थिए। त्यसै बेलादेखि त्यो शिवमूर्ति श्री महांकाल भैरव नामले प्रख्यात् भएको छ र त्यस शिलाको महांकाल भैरव मूर्तिलाई सबै भक्तजनहरूले सर्वशक्तिवान साक्षात् परमेश्वर भनी मानी आएका हुन्। यसै कारण केही संकष्ट र दुःख परेकाहरूलाई त्यस देवताको पूजा गरेमा अष्टसिद्धि प्राप्त भै आफ्नो इच्छा पूरा हुनेछ भन्ने ठूलो विश्वास तथा भरोसाले शनिश्चरवारको दिनमा भक्तालुहरूको त्यहाँ घुइँचो लागिरहन्छ। यसै सन्दर्भमा भक्तजनहरूले त्यस मन्दिरअगाडि पंचकुमारीको मन्दिर, भित्री भागको दक्षिणपट्टि मनकामनादेवी, दक्षिणकालीदेवी, श्री गणेश र सरस्वती आदि र बाहिर श्री नारायण, सरस्वतीको मन्दिर साथै अगाडि अशोक चैत्य आदि स्थापना गरी अनेक गुठीहरू राखेर देवतालाई गहनाहरू चढाएका थिए। साथै चौधरा सत्तल बनाई भजन गर्ने आदि बन्दोबस्त गरी चिरस्थायी बनाउनको लागि शिलापत्र, ताम्रपत्र आदि राखेको आजसम्म त्यहाँ विद्यमान छन्।

खण्ड—१३

चाड़-पर्व

मातृऔंसी (आमाको मुख हेर्ने दिन)

हरेक वर्षको वैशाख कृष्ण अमावस्याको दिन छोरा-छोरीहरू हुने आमाको दिन हो। नेपाल-उपत्यकामा नेवारहरूले यो दिनको बड़ो महत्त्व मान्दछन्। यो दिन आमाको मुख हेर्ने दिन भएकोले मातृऔंसी नामले प्रख्यात भएको छ। संसारमा सबभन्दा बढ्ता आमालाई मान्दछन्। १० महिनासम्म आमाले आफ्ना छोरा-छोरी-लाई गर्भमा राखी ठूलो पीड़ा-कष्ट भोगी ज्यानको पर्वाह नगरी सन्तान जन्माउँछिन्। आफ्ना सन्तानहरूको निमित्त आमाले फोहर, दुर्गन्ध आदिको पर्वाह नै नगरी छोरा-छोरीहरूको स्याहार-सुसार गर्दछिन्। आमाले आफ्ना छोरा-छोरीहरूलाई राम्रो स्याहार-सुसार गर्न नपाएमा तो स्वास्थ्यकर हुँदैनन् र आमाले छोरा-छोरीलाई राम्रो तालीम दिन नसकेमा सन्तानहरू भविष्यमा खतरनाक हुन्छन्। तसर्थ सन्तान-हरूको भविष्य सपार्न वा बिगार्न आमाकै हातमा हुन आउँछ। आमाले आफ्ना सन्तानहरूलाई माया-प्रीति दर्शाई आफ्नो स्तनबाट दूध खुवाई आफूले नखाईकन पनि सबै प्रकारको दुःख-पीड़ालाई तिलांजलि दिई पालन-पोषण गर्दछिन्। जब सन्तानहरूले ठूलो हुँदै बुद्धि पाको भएपछि आमाले यसरी दुःख-कष्ट भोगी आफूलाई पालन-पोषण गरी आएको थाहा पाउँदै आउँछ तब छोरा-छोरीहरूले पनि आमाप्रति ठूलो माया र भक्ति दर्शाउँछन्। आमाको भक्तिभावमा हरेक वर्ष वैशाख कृष्ण औंसीको दिनमा आफूले सकेको भावभक्ति दर्शाई आमालाई मन पर्ने मीठो चीजवस्तु खुवाउने काम गर्दछन्। यसैलाई आमाको मुख हेर्ने दिन अथवा 'मातृऔंसी' भन्दछन्। त्यो दिनमा छोरा-छोरीहरूले आफ्नी आमालाई मीठो पकवान, उमालेको फुल, फलहरू हातमा राखी दहीको टीका लगाई ठूलो भक्तिभावले आमाको खुट्टा ढोग्ने काम गर्दछन्। यो दिनमा परदेश लागेका छोरा-छोरीहरूसमेत आमाको मुख हेर्न आउँदछन्। बिहे भइसकेकी छोरीहरूको लागि त यो दिन बड़ो महत्वको मानिन्छ। कारण, आफूलाई जन्म दिई पालन-पोषण गरी पालिराख्ने आमासंग बिछोड़ भएको वर्ष दिनको एकपल्ट संगै बसी आफूले भोगेका सुख-दुःख पोख्ने दिन हो। तसर्थ मातृ-औंसीको दिन छोराछोरीहरूको निमित्त खूब लहड़ मानिने दिन हो।

वैशाख कृष्ण अमावस्याको दिन मातृहीन छोरा-छोरीहरू ठूलो अफशोच तथा विषादको दिन सम्झन्छन् । त्यो दिन छोरा-छोरीहरूले आफूलाई जन्माई पालन-पोषण गरी हुर्काउने आमालाई सम्झी ठूलो दुःख मान्दछन् । त्यो दिन आमाको सम्झनामा छोराहरूले आफ्नो कपाल खौरेर सफा-सुग्घर गरी नुहाई आमाको नाममा भक्तिपूर्वक श्राद्ध-क्रिया गर्दछन् । कामविशेषले आमाको श्राद्ध-क्रिया रोकिराखेको भए त्यो दिनमा काज-क्रिया गर्दछन् । श्राद्ध गर्न नपाउने छोराहरूले त्यो दिनमा माटाको घैंटोमा पानी भरेर फूल-अक्षता चढ़ाई आफ्ना प्रोहितलाई जलदानमात्र गर्दछन् । कसै-कसैले त सीधामात्र दान गर्ने गर्दछन् । तसर्थ वैशाख कृष्ण अमावस्याको दिनमा ब्राह्मण-हरूका घर-घरमा जलदान र सीधादान गर्ने मानिसहरू खचाखच भरिराखेका हुन्छन् । तर छोरीहरूले त आफ्नी आमाको सम्झनामा खुट्टाको नङ काट्ने हतियारले छुवाई पिनाले नुहाई मन शुद्ध गरी सीधामात्र दान गर्ने काम गर्दछिन् र देवी-देवताकहाँ गई आफ्नी आमाको आत्माले शान्ति पाउन् भन्ने कामनासाथ पूजा गर्न जान्छिन् । मातृऔंसीको दिनमा मातृहीन छोरा-छोरीहरूले मातातीर्थमा गई मातातीर्थ कुण्डमा नुहाई श्राद्ध पनि गर्न जान्छन् । त्यो दिनमा त्यहाँ गई नुहाई श्राद्ध गर्न पाएमा आफूले चढ़ाएका चीजबीजहरू आमाले खान पाई आमा तर्छिन् भन्ने ठूलो विश्वासले त्यहाँ मेला लागी मातृहीनहरूको ठूलो घुइँचो लागेको हुन्छ । मातातीर्थ कुण्ड-विषयको कथन यस प्रकार छ :—

पहिले-पहिले मातातीर्थमा हिजोआजजस्तै कुनै किसिमको कुण्ड अथवा पोखरी थिएन । त्यहाँ सम्म परेको जग्गा भएकोले गोठालाहरूले आफ्नो दोपाया-चौपायाहरू चराउने ठाउँमात्र थियो । तर त्यो ठाउँ बड़ो गजबको थियो । गोठाला केटाकेटीहरूले आफ्नो खाजा त्यहाँ गएर पर्याँक्यो भने त्यो चीज जमीन (खागा)-मा परे ःम्म देखिन्थ्यो तर एकैछिनपछि त्यो चीज गायब हुन्थ्यो । त्यो देखेर केटाकेटीहरूको कौतूहल बढ्न गई आफ्नो खानेकुरा नखाई त्यहाँ गई पर्याँक्न जाने गर्दथे । पछि यो कुरा केटाकेटीहरूका संरक्षकहरूलाई थाहा भयो । उनीहरूले त्यहाँ गई केही चीज पर्याँकी अनुसन्धान र जाँच गरे । पर्याँकेको चीज गायब भई मातृहीन छोराछोरीहरूले चढ़ाएको चीजबीजहरू आमाले खाइदिने कुरा पत्ता लगाए ।

त्यस दिनदेखि त्यो स्थानमा सफा-सुघर गर्न लगाई पोखरी खन्न लगाए । यसैलाई हिजोआज 'मातातीर्थ' भन्ने प्रचलित भएको छ ।

यही मातातीर्थको विषयमा अर्को एउटा कथन पनि छ :—

त्यहाँ गाईवस्तु चराइरहने एक गोठालाकी आमा मरेकी रहिछ । आमाको मृत्युमा छोरा सान्है चिन्तित भएछ । आमाको वियोगमा बड़ो दिकदार भई ठूलो अफशोच

गरिबसेको २०।२५ दिनपछि एक दिन भात पकाइसकेपछि एक कचौरा भात आमाको सम्झनना त्यसले नजिकैको कुण्डमा पर्याँकिदिएछ । त्यस कुण्डबाट साँच्चि नै मरेकी आमा निस्केर छोराले पर्याँकेको एक कचौरा भात हातमा थापी खाइछन् । सो कुरा एक कान, दुई कान, मैदान भयो । त्यसपछि मातृहीन छोराछोरीहरूले यहाँ गई आमाको निमित्त, आमाले रुचाउने, मन पराउने चीजहरू त्यस कुण्डमा पर्याँक्न थाले । मरेकी आमाले पनि निस्केर हात थापी लिने गरिन् । त्यस दिनदेखि त्यस कुण्डको नाम 'मातातीर्थ' रहेको हो । त्यसैले अद्यापि वर्षको एकपल्ट आमा नहुने छोराछोरीहरूले वैशाख कृष्ण अमावस्याको दिन त्यस कुण्डमा नुहाई, शुद्ध भई श्राद्ध-क्रिया आदि गरी आमाको मन पर्ने चीजहरू चढाउने परम्परा बसेको हो । त्यो दिनमा त्यहाँ गई नुहाई श्राद्ध-क्रिया गर्नाले अथवा ब्राह्मण-ब्राह्मणीलाई सीधा दान दिए आमाले खान पाउँछिन् भनी नेपालीहरू विश्वास गर्दछन् । तसर्थ वैशाख कृष्ण अमावस्याको दिन नेपालीहरूको लागि ठूलो महत्वको दिन मानिआएको छ ।

●

देवाली-पूजा

यो नेपालीहरूको ठूलो चाड़ हो । यसलाई नेवारी भाषामा 'द्यगु-पूजा' भन्दछन् । यो चाड़ वर्षको एकपटक मान्दछन् । यो 'देवाली-पूजा' अकसर गरेर अक्षय तृतीयाको दिनदेखि शुरू भएर सिठीनखको दिनसम्म हुन्छ । पात्रोमा अक्षय तृतीया प्रत्येक वर्षको विक्रम सम्वत् वैशाख शुक्ल तृतीयाको दिनमा पर्दछ । सत्य युगमा यो मुहूर्तको दिनमा शिव-पार्वतीको शुभ-विवाहोत्सव सुसम्पन्न भएको थियो । सोही दिनमा सत्तु र शर्बत वितरण गरेमा ठूलो पुण्य हुनेछ भन्ने भविष्य पुराण, विष्णु पुराण र बौद्ध ग्रन्थहरू आदिमा उल्लेख गरिएको छ । तसर्थ आजसम्म सोही दिनको सम्झनामा महत्वको दिन मानेर सत्तु र शर्बत बाँड्ने काम प्रचलित भैराखेको हो भन्ने जनश्रुति छ । यही अक्षय तृतीयाको दिनपछि पर्ने बृहस्पतिवार अथवा आदित्यवारलाई ठूलो दिन अथवा त:दिनमा देवाली पूजा गर्ने चलन छ । यो देवाली पूजा गर्नाले आफ्ना कुलमा भएका विघ्नबाधाहरू सबै हटेर गई लक्ष्मीले राम्रो वास गर्दछिन् भनी नेपालका नेवारहरू सबैले विश्वास मानेका छन् र यो पूजा गर्नाले आफन्तहरूसंग राम्रो व्यवहारको आदान-प्रदान गर्न पाइन्छ । आफ्ना इष्ट-देवता-

लाई पूजा गर्नु नै 'देवाली-पूजा' गर्नु भन्छन् । देशको शान्ति र आफ्ना प्रजाहरूको भलाइ गर्न मेरू आदि-तन्त्रको आधारमा नेवारी राजा सुवर्ण मल्लले यो 'देवाली-पूजा' गर्ने चलन चलाएको हो भन्ने कथन छ । राजा सुवर्ण मल्ललाई भुवन मल्ल पनि भन्दछन् । यो पूजा गर्ने मुख्य दिनलाई 'त: दिन' (बड़ा दिन) भन्ने प्रचलित भएको छ । यो देवाली-पूजा परदेश लागेका दाज्यु-भाइहरूले पनि आफ्नो कामकाज छोड़ी मान्न आउँदछन् । घरका जहान-बच्चा सबै मिली ठूलो श्रद्धा-भक्तिले इष्ट-देवतालाई पूजा गर्दछन् । आफ्ना गच्छेअनुसार बढ्ता फल-फूल, नैवेद्य, पंच-पकवान आदि तयार पारी श्री इष्टदेवतालाई पूजा गर्दछन् । यो पूजामा हाँस, बोका आदि बलि चढ़ाउने काम गर्दछन् । यो पूजामा घरका सबै जहान परिवारले सकेसम्म शुद्ध भई नयाँ-नयाँ लुगाहरू लगाई आफ्ना कुल-देवताकहाँ श्रद्धा-भक्ति दर्शाउन जान्छन् । केटाकेटीहरू हाँस, बोका आदि बलि चढ़ाइएको देख्न पाई त्यो दिन बड़ो रमाउँछन् । यो पूजा गर्न जाने बेलामा आ-आफ्नो गच्छेअनुसार धन खर्च गरी बाजा बजाउन लगाई घरका नाइकेले मुख्य पूजा-सामान समाती अरू जहानहरूले फूल र फलफूल आदि समाई पालैसंग बसेर आफ्ना कुलदेवताको पूजा गर्न जान्छन् ।

श्री इष्टदेवतालाई खुशी पार्न ठूलो श्रद्धा-भक्तिसाथ सिन्दूर र फूलका माला लगाई विधिबमोजिम हाँस, बोका बलि चढ़ाई पूजा गर्दछन् । ठूलो भक्तिले डमरू घण्टा बजाई पूजा गरिसकेपछि देवताको प्रसाद लिने काम गर्दछन् । यसैलाई नेवारी भाषामा 'सम्हे नय्गु' भन्दछन् । श्री इष्टदेवताकहाँ पूजा-पाठ, ध्यान इत्यादि सिध्याइसकेपछि घरका जहानहरू सबैलाई नाइकेले पूजा गरेर आएको प्रसाद दिने काम गर्छन् । अनि घरका सबै जहानहरू लाइन लगाई बसेर ठूलो खुशीले नाना किसिमका व्यंजनको भोज खाने काम गर्दछन् । 'देवाली-पूजा' हिन्दू नेपालीहरूको लागि ठूलो महत्वको दिन सम्झिन्छ ।

यो 'देवाली-पूजा' पहिले नेवारी राजा भुवन मल्लले सबै प्रजाहरूले एकै ठाउँमा गर्ने बन्दोबस्त मिलाएका थिए तर सो ठाउँमा ज्यादै भीड़ भई पूजा गर्नलाई ठूलो कष्ट भयो । जहाँ हिजोआज 'तुव्याके' भन्दछन् । पछि आ-आफ्ना जातका, आ-आफ्नो कर्मअनुसार सोही देवतालाई आफ्ना पायक पर्ने ठाउँमा विधिबमोजिम साधन गरी सारेर लगी स्थापना गर्न पाउने गराइदिए । आखिर त्यस्तै भयो पनि ।

तसर्थ हिजोआज 'देवाली-पूजा' गर्ने इष्टदेवताहरू यताउति छरिरहेका हामी पाउँछौं । यो 'देवाली-पूजा' अक्सर गरेर आदित्यवार र बृहस्पतिवारको दिनमा मात्र गर्दछन् । अक्षय तृतीयादेखि सिठीनखको दिनसम्ममा पनि विघ्न-बाधा परी श्री

इष्टदेवतालाई देवाली-पूजा गर्न पाएन भने मानिसहरू ठूलो दुःख-पीर मान्दछन्। यो 'देवाली-पूजा' ज्यादाजसो बढ्ता भक्तपुरतिर मनाएको देखिन्छ। यो 'देवाली-पूजा' गर्नाले प्राप्त हुने फलविषय कुलायन-तन्त्रमा पनि बयान गरिराखेको देखिन्छ।

●

कुमार-षष्ठी (सिठीनख)

नेपाल-उपत्यकाको चाड़-पर्वहरूमा कुमार-षष्ठी ठूलो चाड़ हो। यो चाड़ वर्ष दिनमा एकपल्ट ज्येष्ठ महीनाको शुक्लपक्षको षष्ठीका दिन पर्दछ। कसै-कसैले यो चाड़लाई षष्ठीको अपभ्रंशबाट 'सिठी' हुन गएको हो भन्दछन्, तर मार्कण्डेय शिवपुराण नामक पुस्तकमा ज्येष्ठ महिनाको शुक्लपक्षको षष्ठीका दिनमा श्री शंकर-भगवान शिवजीका ज्येष्ठ पुत्र श्री कार्तिकेय कुमारको जन्म भएको हुँदा त्यस दिनलाई 'कुमार-षष्ठी' भन्न थालिएको हो भनी लेखिराखेको छ। श्री कार्तिकेय कुमारको अर्को नाम सिठी-देवता हो। त्यसैले त्यस दिनलाई 'सिठी-नख' भन्ने चलन हुन गएको हो भन्ने कथन पनि छ। अर्को भनाइ यो पनि छ कि अयोध्याका राजा दशरथका जेठा छोरा श्री रामचन्द्रले त्यस दिन लंकाका राजा रावणलाई मारेको हुनाले त्यस दिनलाई 'रावण संजिता' भन्न थालिएको हो। तर कुनै-कुनै धार्मिक पुस्तक (देवीपुराण)-मा रावणलाई आश्विन शुक्ल नौमीको दिन मारी विजय प्राप्त गरेको दिन भएकोले आखिरी दिनलाई विजया दशमी भन्ने हुन गएको हो भनी लेखिएकोले रावणलाई मारेको दिन ज्येष्ठ शुक्ल षष्ठी होइन, यो सर्वथा झुट्ठा हो भन्ने पनि उल्लेख छ। यो 'कुमार-षष्ठी'को दिनमा सिठी-देवतालाई पूजा गर्ने विषय राज-मार्तण्ड शिववचन नामक पुस्तकमा यस किसिमबाट बयान गरी राखेको छ :—जेष्ट शुक्ल षष्ठीका दिनमा घर सफा गरी गाईको गोबरले बाटुलो चक्का गरी भूइँ लिपी ६ पात भएको कमलको फूलको पातमा ॐ लेखी श्री सिठी-देवतालाई आराधना गरी पूजा गर्ने र मास, मुगी, केराउ आदिको छःथरी मसलादार बारा बनाई, चामल-पीठो, मकै-पीठो, गहुँ-पीठो, कोदो-पीठो आदि छःथरीको रोटी (चतामरी) र ६ किसिमको नै तरकारी चढ़ाई विधिबमोजिम भावभक्ति दर्शाई पूजा गरे घरमा कुनै प्रकारको उपद्रव हुने छैन। यही उक्तिलाई सबैले मानी जेष्ट शुक्ल षष्ठीका दिनमा छःथरीको बारा, छःथरीको पीठो र छःथरीको व्यंजन-तरकारी इत्यादि

चढ़ाई 'सिठी देवता'लाई पूजा गरी खाने चलन भएकोले त्यस दिनलाई 'सिठीनख' अथवा सिठी-चाड़ भन्ने नाम प्रख्यात भएको हो। यसै पुस्तकमा बड़ादशैंको समयमा चंगा उड़ाउने र अष्टकोणको कमल-फूलको चित्र लेखी हावामा घुमाउने विषयमा पनि बयानहरू लेखिराखेको छ। श्री सिठीदेवतालाई पूजाआजा नगरी हिड्ने मानिस अर्को जुनीमा सुंगुर हुनुपर्ने कुरा पनि त्यही मार्कण्डेय पुराणमा लेखिराखेको छ। नेपाल उपत्यकाका मानिसले कुनै प्रकारबाट रोकिइरहेको देवाली-पूजा यही सिठीनखका दिनमा गरे पनि बाधा छैन भनी सोही मार्कण्डेय पुराणमा लेखिराखेको छ। त्यसैले नेपाल-उपत्यकामा सिठीनखको दिनमा देवाली-पूजा गर्ने चलन चलेको हो। यसै बेलादेखि नेपालमा 'सिल्हाज्या' नामको गाना (असारे गीत) गाउने काम थालिन्छ र योभन्दा पहिले गाइने 'कौला राग' नामको गाना गाउन यसै बेलादेखि बन्द हुन्छ। यो 'कौला' भन्ने रागको विषयमा परोपकारी भावार्थ दर्शाई कथाहरू पनि लेखिराखेको छ। एउटा कथा यस प्रकारको छ :—

श्री बुद्धदेवको अनेक जन्ममध्ये महासत्व राजकुमार नामबाट जन्म लिएको बेलामा उनी एकपटक आफ्ना दाजु-भाइहरूसंगै काठमाण्डूदेखि लगभग ६।७ कोस टाढ़ा पूर्वमा दाप्चा भन्ने ठाउँको नजिक गन्धकूट पर्वतको जंगलमा शिकार खेल्न भएका थिए। यसै बेला महासत्व राजकुमारले एउटी बाघिनी सुत्केरी भएर बिरामी परी आफ्ना डमरूहरूलाई आफ्नै कल्चौड़ा याने थुनबाट दूध खवाउन नपाउँदा डमरूहरू भोकले कराइरहेको देखे। त्यो दृश्य देखेर महासत्व राजकुमारले आफ्ना भाइहरूलाई बाटोमा छलेर त्यस बिरामी बाघिनीको अगाड़ि गई आफ्नो शरीरका मासुहरू टुक्रा-टुक्रा पारी काटेर ती बाघिनीलाई खवाए। खवाउँदा-खवाउँदै आफ्नो शरीरको सबै मासु काटेर दिइसकेपछि राजकुमार महासत्वले प्राण त्याग गरे। कौला राग यस्तै करुण चित्रहरूले चित्रण गरिराखेको थियो।

यो चाड़को दिनमा नेपाल-उपत्यकामा देश सफा गर्ने, बिग्रेको मर्मत गर्ने, बाटो-घाटो खोलिने र देवमन्दिरहरू उद्घाटन गर्ने आदि काम हुन्छ। इनार, धारा सफा गर्नु त मुख्य काम नै हो। पहिले-पहिलेका नेवार राजाहरूले यही जेष्ट शुक्ल षष्ठीको दिनसम्ममा घर, मन्दिर र गढ़ आदि निर्माणका कामहरू तयार गर्नुपर्ने नियम बनाई राखेका हुन्थे। कारण वर्षात शुरू भएमा पछि मरम्मत गर्ने तथा निर्माण गर्ने काम बन्द हुने हुनाले वर्षात शुरू हुनुभन्दापहिले नै यी कामहरू पूरा गरिहाल्ने व्यवस्था गरिराखेको हो। यो चाड़मा घरमा आ-आफ्नो पूजापाठ सिध्याई भोज खाइसकेपछि टोलका ठूलाठाला पंच-भलादमीहरू बाहिर आई टोलको धारा, इनार, पौवापाटी आदि सफा गर्न लगाउनुपर्ने नियमहरू सरकारबाट जारी गरिराखेको हुन्थ्यो। नेवारी मल्ल राजाहरूमा राजा यक्ष मल्लको सुनको ढोकाको पश्चिम

मुखको शिलापत्र नै एक प्रमाणस्वरूप विद्यमान छ। त्यस बेला कुन-कुन ठाउँमा कति नयाँ चीज स्थापना भयो, कति ठाउँमा कुन-कुन काम मरम्मत भयो भन्ने अथवा कति बाँकी छ भन्ने तथ्यांक लिने टोली नै खड़ा गरिराखेका हुन्थे। त्यो दिनसम्ममा मरम्मत गर्न मद्दत नदिने टोलेहरूलाई दण्ड-जरीबाना गर्ने नियम पनि बनाइराखेको हुन्थ्यो। तसर्थ कुमार षष्ठीको दिन याने सिठीनखको दिनमा इनार, धारा सफा गर्ने काम आजसम्म चलेको हो। पहिले-पहिलेका राजाहरूसंग धेरै स्थायी सैन्यहरू हुँदैनथे। देश बनाउने र मरम्मत गर्ने आदि कामहरू प्रजा-पंचहरूको हातमा नै सुम्पिराखेको हुन्थ्यो।

यो 'सिठी' चाड़को भोलिपल्ट काठमाडौंको न्हुघःटोलका सिठीदेवताकहाँ नैवेद्यः पंचपक्वानहरू लिएर पूजा गर्न जान्छन्। त्यही राती सिठीदेवतालाई खटमा हाली झलमल बत्तीहरू बाली देश-परिक्रमा गरी जात्रा चलाउँछन्। यो हो सिठी-चाड़को विशेषता।

घण्टाकर्ण-चतुर्दशी

नेपालमा समय-समयमा मनाइने पर्वहरूमा श्रावण कृष्ण चतुर्दशीको दिनमा मनाइने घण्टाकर्ण चतुर्दशीको पर्व पनि उपत्यकाको एउटा ठूलो पर्व हो। यस दिन मानिसहरू बिहान सबेरैदेखि आफ्नो शरीर तथा आत्मा शुद्ध गरी, नुहाई देवीदेवता-हरूको स्थानमा पूजा-पाठसमेत गर्न गएर आफ्नो श्रद्धा दर्शाउँछन्। घर-घरमा आइमाईहरूले घरलाई सफा-सुघरसंग बढ़ारेर भूइँ लिपी शुद्ध पारी घरको लक्ष्मीलाई स्थायी रूपमा वास गराउन व्यस्त रहन्छन्। भूत-पिशाच आदिले दुःख दिइरहेको घरमा त्यस दिन भूत भगाएर पठाउने नै मानिसको मुख्य काम सम्झिन्छ। भूत-प्रेतलाई घरबाट बाहिर धपाइँदा घरका जहान, परिवारलाई कुनै रोग-व्याधिले छुन नपावस् भन्ने हेतुले त्यस दिन पंचरंगी औंठी लगाउने पनि गर्दछन्। यो औंठी टोल-टोलमा उभ्याइराखेको गठे-मंगललाई छुवाई लगाएमा भूत-प्रेत, पिशाच आदिले छुन नसक्ने र अनेक रोगादिबाट बच्ने विश्वास सबैमा जमिराखेको रहन्छ। यही टोल-टोलमा उभ्याइराखेको गठे-मंगललाई घरका केटाकेटीहरूले खेल्ने कपड़ाको बनाइ-राखेको पुतलीका मालाहरू लगाइदिनाले पिरेर दुःख दिइराखेका पिशाचादिले छोड़ेर

जाने गर्दछ भन्ने पनि धेरै छन्। यस पर्वमा टोल-टोलका केटाकेटीहरूले जम्मा भई बाटोमा आउने-जानेहरूसंग 'जगात' ल्याऊ भनी कराई पैसा माग्नु पनि केटाकेटीहरू एक किसिमको लहड़ मान्दछन्। तल्लो सानो जातका मानिसहरू खोजेर ल्याई नांगो शरीरमा फोहर कुराहरू लेख्न लगाई दही राखेको माटोको कचौरा हातमा पक्राई घर-घरको दैलो-दैलोमा गठे-मंगलको काजक्रिया गर्नलाई जगात (पैसा) देऊ भनी पैसा माग्न लगाइन्छ। त्यस बेला केटाकेटीहरू डफ्फाका डफ्फा भई त्यो मानिसको पछि-पछि लागिरहन्छन्। धेरै पैसा जम्मा भएपछि साँझको बेला गठे-मंगलको काजक्रिया हुन्छ। उपत्यकाभित्र गठे-मंगल थरीथरीको बनाइराखेको हुन्छ। काठमाडौंमा एक किसिमको बनाइराखेको भए भक्तपुरमा अर्कै किसिमको, र त्यस्तै पाटनमा गठे-मंगल आफ्नै ढंगबाट बनाइराखेको हुन्छ। काठमाडौंको 'गठे-मंगल' नर्कटको बोटका मुठा-हरूमा नांग्लोमा मुख लेख्न लगाई माटाको घ्याम्पाको टाउको हाली बनाइराखेको हुन्छ। त्यस्तै, भक्तपुरमा छ्वालीका मुठाहरूले हात-खुट्टाहरू बनाई नांग्लोका राक्षसको मुख लेखी माटाको घ्याम्पाको टाउको हाली नांगो शरीरको चित्र देखिने गरी बनाइ-राखेको हुन्छ। त्यस्तै पाटनमा पनि आफ्नै ढंगबाट नर्कटको मुठाले बनाइराखेको हुन्छ। यी गठे-मंगलहरू हरेक टोल-टोलमा बनाइराखेका हुन्छन्। यी गठे-मंगलहरूलाई दिनभरि टोल-टोलको चौबाटोमा उभ्याइराखेपछि साँझको समयमा कुनैसंग बोकाई देशबाहिर खोलामा लगी तल्लो जातका मानिसले आगो हाल्न लगाई क्रिया गराउने गर्दछन्। तर भक्तपुरमा भने छ्वालीका मुठाहरू आगोले बाली टोलको परिक्रमा गरी फोहर कुराको नारा लगाएर नगरबाहिरसम्म लगेर आगोले पोलिदिने काम गरिन्छ। भक्तपुरमा सो जात्रा चलाउन बालेको आगोको धुवाँले छुवाउन पाए बालचरी रोगले केटाकेटीहरूलाई छुन पाउँदैन भन्ने ठूलो विश्वास जमिराखेको छ। तसर्थ त्यस बेला केटाकेटीहरूलाई बालेको आगोको धुवाँ छुवाउन तँछाड़ मछाड़ गर्दछन्।

त्यसपछि राती घर-घरमा राक्षसहरू मारिसक्यो भनेर आफ्ना श्रद्धानुसार बलि-पूजाहरू गर्दछन्। तान्त्रिकहरू यसलाई 'चन्हे-पूजा' भन्दछन्। सो पूजा गर्ने घरका कुनाको अलिकति माटो झिकेर सोही माटोलाई देवता मानी बोका, हाँस, कुखुरा आदि बलि दिई विधिबमोजिम धूपदीप चढ़ाई श्रद्धापूर्वक पूजा गर्दछन्। तर कुनै-कुनै घरमा भातको देवता बनाई पताकाले सिंगारी हाँस अथवा कुखुराको सिंगो फुल र जिउँदो हिले माछा हालेर बोका, हाँसलाई भोग-बलि दिई विधि-विधानबमोजिम तान्त्रिकी पूरा गरी घरका जहान परिवार सबै जम्मा भै प्रसाद लिने गर्दछन्। त्यसपछि घरको हरेक ढोकामा ३ खुट्टे करूवा किल्ला ठोकी ढोका-ढोकामा पूजा गर्दछन्। त्यो दिनमा राक्षसहरू फेरि घरमा घुस्न आउला भनी किल्ला ठोकेर पूजा

नगरेसम्म ढोकाको दैलो बन्द गरिराखेको हुन्छ। पूजाआजा, कर्मकाण्ड सबै सिद्धिए-पछि ती पूजा गरेको भातका देवताहरूलाई चौबाटो, दोबाटो र देवी-देवताहरूको पीठमा फाल्न लैजाने गर्दछन्। तर गाउँघरमा भने त्यस दिनमा सकेसम्म घर सफा-सुघर गरी धूपदीपको धुवाँ लगाउने काम मात्र गर्दछन्। त्यहाँ देशभित्रका घरहरूमा जस्तै पूजाआजा हुँदैन।

यी गठे-मंगललाई किन त्यो दिनमा जलाइने गरेको र त्यस दिनलाई पर्व भनी किन मानिआएको हो, यस विषयमा दुई किसिमका पौराणिक तन्त्र-कथाहरू छन्। कथा यस प्रकारका छन् :—

(१) रुद्रयामल-तन्त्रमा, नेपाललाई ध्वंस पार्ने गठेमंगल नाम गरेको बड़े अजंगको राक्षस एकजनाले आएर उत्पात मचायो। सो राक्षसलाई कसैले पनि मार्न सकेन। अन्त्यमा एकजना तान्त्रिकले आफू भ्यागुतोको रूप लिई त्यस राक्षसलाई यमलोक पठाइदिए। नेपालमा त्यस राक्षसलाई श्रावण कृष्ण चतुर्दशीको दिनमा मारेकोले त्यस दिनलाई नेपालीहरूले ठूलो उत्सव साथ पर्व मानिआएको हो। त्यस दिन टोल-टोलमा सोही राक्षसको मूर्तिको अनुकरण गरी नेपालमा उत्पात गरी दुःख दिने राक्षस यही नै हो भनी सबैलाई देखाई साँझ पर्न लागेपछि घिसारेर लगी देशबाहिर पुऱ्याई आगोले जलाइदिने काम गर्दथे। राक्षसलाई मारेको दिनदेखि नेपालमा मानिसहरूको आयु बढ़ेको हो। रुद्रयामल-तन्त्रबमोजिम उक्त दुष्ट राक्षस-लाई मारिदिएको श्रावण कृष्ण चतुर्दशीको दिनको बड़ो महत्व भएकोले पर्व गरी मनाइआएको हो। यसैको आधारमा यो पर्व आजसम्म मनाइआएको छ।

(२) परापूर्वकालमा 'गठामुगल' नाम गरेको एकजना नास्तिक मानिस थियो। त्यो भाग्यवाद र ईश्वरवादलाई नमानी कर्मवाद मान्ने अघोरी मानिस थियो। त्यो सुनलाईभन्दा फलामलाई प्यारो गर्ने र धनीलाईभन्दा मगन्तालाई माया-प्रीति देखाउने अद्‌भुत स्वभावको थियो। मर्नुभन्दापहिले त्यसले देवताको नाम सुन्न नपरोस् भन्ने हेतुले लगभग १६।१७ धार्नी भएको घण्टा आफ्नो दुवै कानमा झुण्ड्याई बस्ने गर्दथ्यो। त्यो दोबाटो-चौबाटोमा बसी अघोरी भई जे पायो उही खाई बस्तथ्यो। त्यसैले त्यो राक्षसको नामबाट 'घण्टाकर्ण' हुन गएको हो। त्यसले बाटोमा आउने-जाने मानिसहरूसंग 'जगात' (पैसा) दे भनी मागेर लिने काम पनि गर्दथ्यो। नदिने मानिसलाई मारी त्यसको मासु खाइदिन्थ्यो। परमात्माको इच्छाले गर्दा संयोगवश त्यो राक्षसरूपी अघोरी मऱ्यो। गठामुगल नामको त्यस अघोरीको धेरै दिनसम्म दाहसंस्कार हुन पाएन। आखिर टोलका मानिसहरूले कुनै सानो जातका मानिसलाई समातिल्याएर टोलका मानिसद्वारा नै चन्दा उठाउन

लगाई त्यस दुष्ट अघोरीको काजक्रिया गर्न लगाए। त्यो गठामुगलको लाशलाई दाहसंस्कार गरिदिएपछि यसले र अरू भूत-प्रेत पिशाचहरूले दुःख दिन नपाओस् भनेर गठामुगलको काजक्रिया गरेको श्रावण कृष्ण चतुर्दशीको दिनमा घर-घरमा शान्ति-स्वस्ति गराई विधिबमोजिम पूजापाठ गरी उत्सव मनाउने गरेको थियो। सोही दिनलाई आजसम्म 'गठामुग चऱ्हे' अथवा 'घण्टाकर्ण चतुर्दशी' नामबाट पर्व मानिआएको हो। त्यो 'गठामुगल'को मूर्तिको अनुकरण गरी टोलटोलमा गठामुगलको काजक्रिया गर्ने चलन अद्यापि चलेको हो र अरू पिशाचादिहरूले पनि दुःख दिन नपाओस् भनी हरेक वर्ष श्रावण कृष्ण चतुर्दशीका दिन उपत्यकाको प्रमुख ठूलो पर्व मानी विशेष रूपले मनाइआएको हो।

त्यसपछि आषाढ़ महीना सिद्धिएपछि उपत्यकामा भ्यागुमा पूजा गर्ने पनि चलन छ। सो काम वर्षातको याम सिद्धिएपछि अथवा रोपाईंको काम सिद्धिएपछि गुरु पूर्णिमाको दिनमा हुन्छ। 'गठामुगल' नाम गरेको दुष्ट अघोरीलाई एक सानो भ्यागुताले मारेको हुँदा बहादुरीको निमित्त त्यसलाई पूजा गर्ने चलन चलाएको हो। तर कोही-कोहीको भनाइ छ, यो भ्यागुता-पूजा रोपाईंको समयमा आफ्नो खेतमा कोदालीले माटो खन्दा कीरा, फट्यांग्रा र भ्यागुताहरू मरेको दोष निवारण गर्न यो भ्यागुता-पूजा गर्ने चलन चलाएको हो। अब कुन कुरा मान्ने हो, यो भन्न कठिन भएको छ। तर जे होस्, गठेमंगल टोल टोलमा बनाई देखाइराख्ने गरेकोले शत्रुहरूले अबउप्रान्त हमला गर्ने बेलामा अथवा भूतपिशाचादिले दुख दिने बेलामा सबै एक गुट भई हमलावरउपर जाइलाग्न प्रेरणा मिलोस् भनेर नै यो पर्व आजसम्म चलेको हो भन्ने विद्वान्हरूको कथन छ।

रक्षाबन्धन—गाईजात्रा

यस पर्वले जात्राको रूप लिए तापनि यो हिन्दूहरूको ठूलो चाड़ हो। यो हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाको दिनदेखि मान्दछन्। मलमास (पुरुषोत्तम मास) परेको वर्षमा मात्र भाद्र शुक्ल पूर्णिमाको दिन पर्न आउँछ। यो दिनलाई कसैले 'गुँपुन्ही' कसैले जनै-पूर्णिमा भन्दछन्। पात्रोबमोजिम वर्ष दिनभित्रमा जम्मा १२ पूर्णिमा हुन्छ। यो श्रावण शुक्ल पूर्णिमा नवौं महीनामा पर्दछ। त्यसैले यो पूर्णिमालाई नेपाल

(नेवारी) भाषामा 'गुंगुपुह्नी' भनेको हो; र यो पूर्णिमाको दिन जनै लाउनेहरूले जनै फेर्ने दिन भएकोले जनै पूर्णिमा नाम रहन गएको हो। धेरै दिनसम्म जनै नफेरिरहँदा अशुद्ध भई अथवा फोहर-मैला भएर रोगव्याधि उत्पत्ति होला भनेर नै जनै लाउनेहरूले यस दिन जनै फेर्ने गराइराखेको हो। तसर्थ जनै लाउनेहरूले यो दिनको बड़ो महत्व मान्दछन्। यस दिनलाई रक्षाबन्धनको दिन पनि भन्दछन्। शास्त्रको विधिबमोजिम ब्राह्मणहरूद्वारा स्तोत्र र मन्त्र पढ़ाई हातमा रक्षाबन्धन बाँध्न लगाउँदा रोगव्याधिबाट आफ्नो शरीरको रक्षा हुन्छ भनी सबैले विश्वास गर्दछन्। त्यसैले यस दिन ब्राह्मण-लाई दान-दक्षिणा दिई स्तोत्र र मन्त्र पढ़ाउन लगाई हातमा रक्षाबन्धन बाँध्न लगाउने चलन चलेको हो। फेरि यसै दिन खेताला (किसान)-हरूले भ्यागुताहरूलाई भोज खुवाउने दिन भएकोले नेपाल (नेवारी) भाषामा 'ब्याँ जानकेगु-पुह्नी' भन्दछन्। वर्षात शुरू हुनुभन्दापहिले खेतालाहरूले आ-आफ्ना खेतमा कोदालीले माटो पन्छाउँदा कोदालीबाट मरेका कीरा, फटचांग्रा र भ्यागुताहरूलाई मारेको दोष निवारण र पापको मोचन गर्नको लागि यो भ्यागुता-पूजा गरी भोज खुवाउने चलन चलेको हो भनी खेतालाहरू भन्दछन्। तर रुद्रयामल-तन्त्रमा भने भ्यागुता-पूजा गर्नेबारे अर्कै किसिमबाट उल्लेख गरिएको छ। घण्टाकर्णजस्ता राक्षसलाई सानो एक भ्यागुताले मारी गरेको बहादुरीको निमित्त भ्यागुतालाई पूजा गरी भोज खुवाउने गरेको हो भन्ने कुरा उक्त तन्त्रमा उल्लेख गरिएको छ। यसैले यो श्रावण शुक्ल पूर्णिमाको दिनलाई कसैले 'गुँपुन्ही' कसैले 'ब्याँ जानकेगु पुह्नी' भनेको हो। यो पूर्णिमाको दिनमा अष्टमण्डल अथवा मास, मुगी, चना, केराउ, भटमास, बोड़ी, मस्यांग, गहद आदिका काँचो गेडाहरू पानीमा फुलाई, ज्वानो, धूप, तेल र तेजपात आदि मसलाहरू हाली पकाएको रस खाएमा पेटको सारा रोग आराम भई खाएको पनि पच्छ भनी खाने गर्दछन्। यसलाई नेपाल भाषामा 'क्वाति' भन्दछन्। यो क्वाति र गहुँको सुख्खा रोटी खानाले अपच भई पेटमा गोलमाल भैरहेको सबै निको भइजान्छ। फेरि मौसमअनुसार उत्पत्ति हुने टायफायड, झाड़ापखाला, आउँ आदि रोगव्याधि यो 'क्वाति'-को रस र गहुँको रोटीको प्रभावले नाश भएर जानेछ भनी कुलायनतन्त्रमा बयान गरी लेखिराखेकोले पनि सबैले विश्वास गरी यो पूर्णिमाको दिन घर-घरमा क्वाति खाने चलन चलेको हो। यही कुरा ब्रह्मपुराणमा पनि यस्तै बयान गरी राखेको छ।

ललितविस्तार भन्ने पुस्तकमा यो पूर्णिमाको दिनमा गौतम बुद्धले काम-मामलाई जितिलिएकोले यो ठूलो दिन मानिआएको हो भनी लेखिराखेको पनि छ। अर्को त्यो दिन यमलोकमा यमराजले लोकेश्वर-रूप दर्शन दिई धर्मात्माहरूलाई उपदेश दिएको दिन भएकोले, त्यो दिन बड़ो महत्वको दिन हो भन्ने पनि धेरै छन्। यही श्रावण शुक्ल पूर्णिमाको दिन गोसाइँस्थानको कुण्डमा ठूलो मेला लाग्दछ। भक्तजनहरू

ठूलो कष्ट उठाई धेरै दिन लगाएर त्यहाँको गणेशकुण्ड, सूर्यकुण्ड, र सरस्वतीकुण्ड, गोसाईंकुण्ड, भैरवकुण्ड, नागकुण्ड इत्यादि ठाउँमा स्नान गरी मेला भर्दछन् । त्यस ठाउँमा जाने बेलामा पहाड़-जंगलको विषालु हावाबाट बचेर जानुपर्दथ्यो । त्यो दिनमा मणिचूड़ दह र पाटनको कुन्ति-महादेव (कुम्भेश्वर)-कहाँ पनि ठूलो मेला लाग्दछ र महादेवको स्पर्श गर्न मानिसहरूको ठूलो घुइँचो लागिरहन्छ । त्यस दिनको भोलिपल्ट पूर्वतिर मुख गरेका भक्तपुरको ९ वटा ढुङ्गेधाराहरूमा स्नान गरी नौ जोर लुगा लगाई नौपटक खाने, नौपटक देश घुम्न जाने काम गर्न पाए मोक्ष प्राप्त भई बैकुण्ठवास गर्न पाइनेछ भन्ने मानिसको धारणा र विश्वास छ । त्यो दिन स्वयम्भूमा पनि ठूलो मेला लाग्दछ ।

श्रावण शुक्ल पूर्णिमाको दिनमा नै नेपाल खाल्डो पानीले भरिराखेको बेलामा कमलको फूल फुली त्यही कमलको बीचबाट श्री स्वयम्भू भगवान्को ज्योति उत्पत्ति भएको हो । त्यस दिनदेखि काठमाडौं र भक्तपुरका वज्राचार्यहरू बाजा बजाई बहाल-बहीलहरूमा पाठपूजा गर्न जान शुरू गर्दछन् । साँझमा घन्ताघिसी भन्ने नाच देश परिक्रमा गरी ८ दिनसम्म राजनीतिक, सामाजिक तथा धार्मिक, आर्थिक विषयलाई बंग्याई व्यंग्यात्मक तरीकाबाट देश घुमाउन पाउने सरकारी नियम जारी गरिन्छ । जसले गर्दा सरकारलाई दुनियाँमा भैरहेको परिस्थिति विचार गर्न पाइने हुन्छ । तसर्थ हरेक वर्षको यस पूर्णिमाको दिनलाई नेपालीहरूले ठूलो दिन सम्झी को हिन्दू, को बौद्ध सबैले मानिआएको हो । त्यस दिनदेखि नेपालमा रोपाईंको काम सिध्याएर 'सिह्लाज्या' भन्ने गाना र गोसाईंकुण्ड जाने बेलामा गाउने 'सिलु-मे' भन्ने गाना गाउन थाल्दछन् ।

यो पर्व पूर्णिमाको दिनदेखि आठ दिनसम्म मान्दछन् । आफ्ना परिवारमध्ये कोही मरेकाको यादमा पूर्णिमाको भोलिपल्ट एक दिनलाई मात्र गाई घुमाउने काम गरे तापनि आठ दिनसम्मलाई गाईजात्रा भन्ने चलन चलेको छ । पूर्णिमाको भोलिपल्ट याने प्रतिपदाका दिनलाई उपत्यकामा 'सापारू' भन्ने प्रख्यात भएको छ । त्यो दिन वर्ष दिनभित्र मर्ने परिवारका व्यक्तिको सम्झनामा गाईलाई देश-परिक्रमा गराउँदछन् । त्यो दिन गाईलाई पूजा गरी फलफूल, पंच-पकवान आदि वितरण गरी गाईलाई देश परिक्रमा गराउनाले स्वर्गमा द्वार खुल्ला भई मरेकाहरू स्वर्गमा आरामसाथ बस्न पाउँछन् भन्ने सबैले विश्वास मानिराखेको छ । यो गाईलाई देश-परिक्रमा गराउने विषयमा काठमाडौं, पाटन र भक्तपुरमा बेग्ला-बेग्लै किसिमबाट भैराखेको छ ।

काठमाडौंमा आफ्ना परिवारका कसैको मृत्यु भएको सम्झनामा यही प्रतिपदाको दिन आफन्त पर्ने बालक-बालिकाहरूको शिरमा पिरिंगमाथि गाईको मुख चित्रित गरिएको छापा लगाई फूलअक्षताले पूजा गरी जामा लगाई कपड़ाको दुई टुप्पा भूईंमा छुन लगाई देश-परिक्रमा गर्न लगाइन्छ। सो देश-परिक्रमा गर्न लगाउने बेलामा आ-आफ्नो गच्छेअनुसार बाजा बजाउन लगाई धूपका मुठाहरू आफन्तहरूले समाई मनभोग, रोटी र फलफूल वितरण गरी देश घुमाउन पठाउने काम गर्दछन। देश घुम्न जाने यो गाई घर नफर्केसम्म परिवारका मुख्य जहान निराहार बसिरहनुपर्ने हुन्छ। यसैलाई नेवारी भाषामा 'बाच्छा लुईकेगु' भन्दछन्। कसै-कसैले पिरिंगोमा यही गाईको मुख चित्रित गरिएको छापा टाँसेर विधिबमोजिम पूजा गरी कपालमा लगाउन लगाई मुखमा रंगबिरंगले लेखी नकली जोगी बनाई देश-परिक्रमा गराउने गर्दछन्। यसलाई नकली बहुला भन्दछन्। तर कसै-कसैले बाच्छीलाई उही छापा टाँस्न लगाई देश-परिक्रमा गराउने पनि गर्दछन्। त्यसपछि राती पनि धनी मानिसहरूले रामायण नामले नाच घुमाउने गर्दछन्। यो नाच धेरै दिनअघिदेखि विरहका गानाहरू बालक-बालिकाहरूलाई सिकाई नयाँ-नयाँ वाद्यवादनले युक्त गरी राम्रो-राम्रो लुगा गहनाहरूले सिंगारी उही प्रतिपदाको दिनमा गाना गाउन लगाई देश परिक्रमा गराउने गर्दछन्। यसैलाई 'सापारू'को दिन भन्दछन्।

पाटनमा पनि उही दिन वर्ष दिनभित्र मरेका आफ्ना परिवारका मानिसको लागि नकली जोगी, गाई, बालक-बालिकाहरूको कपालमा छापा भएको पिरिंगो लगाउन लगाई विधिबमोजिम बाहुनले पूजा गर्न लगाई कृष्ण मन्दिरमा भेला हुन पठाइन्छ। वर्ष दिनभित्र मरेकाको लागि पठाएका गाईहरू सबै जम्मा भएपछि सबैले लाइन लगाई एकैपटक देश-परिक्रमा गर्ने काम गर्छन्। यसै बेला नकली जोगीहरू कसैले ठूल-ठूला खडकोण्डा, ठूल-ठूला तावा, पित्तल आदिका घड़ाहरू, तावा, कसै-कसैले त मटितेलका ठूल-ठूला ड्रमहरू डोरीले बाँधेर यही प्रदर्शनमा ठूलो आवाज आउने गरी घिसारेर ल्याउने काम पनि गर्दछन्। पाटनमा सापारू (प्रतिपदा)-को दिनमा हुने गाई-प्रदर्शनको विशेषता नै यसैलाई मान्दछन्।

यसै सापारूको दिन भक्तपुरमा अर्कै किसिमबाट गाई घुमाउने काम हुन्छ। वर्ष दिनभित्र मृत्यु भएका आफ्ना परिवारको लागि गाई घुमाउन उमेर पुगेकाहरूको लागि लामो-लामो बाँसले चारपाते बनाई कपड़ाले मोड़ी गाईको मुखको आकार भएको छापा टुप्पामा टाँसी परालको सिङ राखेर चमर-पंखा र छाताले ओढ़ाई दुई-तिर लामो कपड़ाले तान्न लगाएर चारजना मानिसहरूले बोकाउन लगाई ब्राह्मण-द्वारा विधिबमोजिम पूजा गर्न लगाई देश-परिक्रमा गर्ने काम गर्दछन्। त्यसैसाथ

व्यंग्यात्मक नाच पनि पठाउने गर्छन् । त्यस नाचलाई घिन्ताघिसी नाच भन्ने प्रख्यात भएको छ । भक्तपुरको सापारूको विशेषता नै यो घिन्ताघिसी नाचलाई मान्दछन् । तर उमेर नपुगेका बालक-बालिकाहरूको मृत्यु भएमा डोकोमा कपडाले मोड़ी गाईको मुखको आकारको छापा टाँस्न लगाई परालका सिङ राख्न लगाएर विधिबमोजिम ब्राह्मण-हरूले पूजा गर्न लगाई मानिसलाई त्यस डोकोले छोपेर देश-परिक्रमा गर्न लगाउँछन् । धनी मानिसहरूले सकेसम्म राम्रा-राम्रा तास-किनखाप, मखमल आदि कपड़ाले मोड़ी यी गाई देश घुमाउन पठाउँछन् । कसै-कसैले त्यो दिन बालक-बालिकाहरूलाई जामा लगाई राम्रा-राम्रा गहना र लुगाले सिंगारी गाईको मुखको छापा कपालमा टाँसी दुई टुप्पा कपड़ा भूईंमा लर्काई नयाँ-नयाँ वाद्य-वादन बजाईकन पनि देश-परिक्रमा गराउन लगाउँदछन् । यसै बेला आफन्तहरू सबै संगै देश-परिक्रमा गर्दछन् । कोही-कोहीले त माटोको गाई बनाई, राम्रोसंग खट बनाई वाद्यवादन बजाई देश-परि-क्रमा गर्ने पनि हुन्छन । रातीको समयमा रामायण-नाच, भैरव-नाच, देवी-नाच, नाग नागिनी-नाच आदि विभिन्न नाच पनि वाद्यवादन साथ देश-परिक्रमा गर्दछन् । रामायण-नाच र लाखे-नाचमा त झलरवाल छाताले ओढ़ाइराखेको हुन्छ ।

यसरी ३ शहरमा सापारूको दिन घुमाउने जात्रालाई गाई जात्रा भन्दछन् । तर गाउँ-घरमा भने गाई नै पूजा गरी घुमाउने गर्दछन् । यो जात्राविषय मानिस-हरूमा यो कथन छ कि, यमलोकमा वर्ष दिनसम्म ढोका बन्द भैराखेको हुन्छ । आफ्ना मरेका परिवार सबै ढोकाबाहिर नै बसिरहेका हुन्छन् । सापारूको दिन बर्षको एकपटकमात्र यमलोकको ढोका खुल्दछ । त्यसै बेला यी मरेका परिवारहरूको नाममा नकली गाई, नकली जोगी, नकली बाच्छा देश परिक्रमा गराइदिएको प्रभावले ढोकाबाहिर पर्खिरहेका मृतकहरू त्यस दिन यमलोक प्रवेश गर्न पाई आनन्दसंग बस्न पाउँदछन् । यही कुरा पद्मपुराणमा र गरुड़पुराणमा पनि उल्लेख गरिराखेको छ । पद्मपुराणको आधारमा विचार गर्दा यो सापारू अथवा गाईजात्रा २३००।२४०० वर्षअगाड़ि नै भएको जस्तो बुझिन्छ । यो सापारू विषयमा ललितविस्तार भन्ने बौद्ध-ग्रन्थमा पनि धार्मिक कथाहरू उल्लेख गरिराखेको छ । जुन कथा यस प्रकारको छ :—

धेरै वर्षसम्म बुद्ध-देव समाधिमा तपस्या गरी बसे । उनको तपस्या भंग गर्न क्लेश, मृत्यु, देवस्कन्ध आदि विभिन्न रूपमा नकल गरी आएका थिए । तैपनि बुद्ध-देवको समाधि-तपस्या भंग गर्न सकेनन् । विभिन्न रूप लिई आएका सबै त्यसै भागेर गएका थिए । त्यसपछि सबै देवगणहरू श्री बुद्धदेवको दर्शन गर्न आए । ४ दिन-सम्म बसिसकेपछि मात्र सबै लोकरक्षा गरी देवगणहरू फर्केका थिए ।

उक्त कुरा ललितविस्तार नाम गरेको ग्रन्थमा लेखिराखेकोले यो जात्रा धेरै पुरानो

हो भन्ने देखिन आउँछ। अतः यो गाईजात्रा ४००।५०० वर्षअघि मात्र मल्ल राजाहरूले चलाएको हो भन्ने लेखिराखेको सर्वथा गलत हो भन्ने स्वतः देखिन आउँछ। मल्ल राजाहरूका छोराको मृत्यु भएकोले आफ्नी रानीलाई दुनियाँमा पनि यतिका छोराछोरीहरू मरेका छन् भनी तथ्यांक देखाई रानीलाई सान्त्वना दिन यो जात्रा हनुमानढोकाअगाडि घुमाउनुपर्ने नियम गराएको हो भन्ने लेखिराखेकोबाट पनि यो जात्रा पहिलेदेखि नै भएको, तर हनुमानढोकामा ल्याउनुपर्ने नियमचाहिं मल्ल राजाहरूले चलाएको हो भन्ने बुझिन आएको छ।

गाईजात्रा ८ दिनसम्म हुन्छ भनी लेखिराखे तापनि गाइजात्रा पूर्णिमाको भोलिपल्ट सिर्फ एकै दिनमात्र अर्थात् प्रतिपदाको दिनमात्र हुन्छ। भोलिपल्ट गाईहरू प्रदर्शन गर्ने काम हुँदैन। भोलिपल्टदेखि खालि नाच-गान र व्यंग्यात्मक स्वांग शुरू हुन्छ। पाटनको नृसिंह जात्राबारे वास्तवमा पद्मपुराणको धार्मिक आधारमा आठ दिनसम्म यो जात्रा भैरहन्छ भनेको छ। तर नेपालमा यही प्रतिपदाको दिन अर्थात् सापारूको दिनमा मात्र गाईहरू घुमाउने प्रथा भएकोले नेवारी राजाले आफ्नो नेपालको संस्कृति तथा साहित्य चिरस्थायी गराउने र दुनियाँमा के भैरहेछ भन्ने कुराको परिस्थिति बुझ्न, र राजकाजको कामलाई सजिलो पार्न मात्र यसलाई गाईजात्रा नामले आठ दिनसम्म चलाएको देखिन आउँछ। प्रतिपदाको भोलिपल्टदेखि व्यंग्यात्मक ख्यालीहरूबाहेक साहित्यिक र सांस्कृतिक नाच शुरू हुन्छ। यस बेला मानिसहरू मुखमा कपड़ाले छोपी नानाथरीबाट राजाले गरेको काम, न्याय-अन्याय जे भैरहेको छ, सो दर्शाउन आउँछन्। राती-राती भने नाच-गान मात्र भैरहन्छ। यही दिनसम्म पाटनमा अघि सत्ययुगमा भएको धान र चामलका गेड़ाहरू सबैलाई देखाइराखेको हुन्छ। जसले गर्दा किसान खेतीवालहरूले सोही नमूनाको अनुकरण गरी आफ्ना खेतमा उब्जा बढ़ाउने प्रोत्साहन पाउँछन्। त्यस्तै, काठमाडौंमा यही आठ दिनसम्म ठँबहिलमा अघि-अघिका सुनको र चाँदीको अक्षरले लेखिराखेका ग्रन्थहरू पनि सबैलाई देखाइराखेको हुन्छ। यसैलाई 'ब्रही बोय्गु' भन्दछन्। त्यसपछि सप्तमी र अष्टमीको दिन श्री कृष्णका जात्राहरू हुन्छन्। पाटनमा त्यस बेला श्री सिद्धिनरसिंह मल्लले स्थापना गरेको कृष्ण मन्दिरमा ठूलो मेला लाग्दछ। त्यो दिन नेपाल-उपत्यकामा भजन-घर, गुठी आदि ठाउँहरूमा कृष्णका चरित्रको तस्वीरहरू झुण्ड्याई ठूलो भक्तिले भजन गर्ने काम हुन्छ। पाटनमा त घर-घरमा श्री कृष्णलाई ठूलो भक्तिले पूजाआजा गर्दछन् र नेपाल-उपत्यकामा भएका श्री कृष्णका मूर्तिहरूलाई खटमा राखी ठूलो जात्रा गरी गाईजात्राको विसर्जन गर्दछन्। यही हो गाईजात्राको महत्त्व।

●

इन्द्रजात्रा (यँद्या पुह्नी)

नेपाल-उपत्यकाको जात्रा तथा पर्वहरूमध्ये यँद्या पुह्नी पर्व अर्थात् इन्द्रजात्रा पनि एउटा रहस्यपूर्ण ठूलो पर्व हो । यो पर्व भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चौथीका दिनतक ८ दिनसम्म मनाइन्छ । यसलाई नेपाल-भाषामा 'यँद्या पुह्नी' (अथवा यन्यापुह्नी) भन्दछन् । धर्म-कथाअनुसार भाद्र शुक्ल द्वादशीका दिनमा श्री भगवान्ले वामनअवतार लिएको दिन भएकोले यो दिनलाई 'वामन द्वादशी' पनि भन्दछन् । यो भाद्र शुक्ल द्वादशीको दिनदेखि आश्विण कृष्ण चौथीसम्म नेपाल-उपत्यकामा मरेका मानिसहरूको नाममा सोह्र श्राद्ध, तर्पण आदि गर्ने काम हुन्छ । यो पर्व राजादेखि लिएर प्रजाहरूसम्मले उमंग तथा उत्साहका साथ मान्दछन् । यसै बेला काठमाडौं दरबारअगाड़िको डबलीमा दशअवतारको नाच देखाउने काम हुन्छ । यसै आठ दिनभित्र काठमाडौंमा नाच-गान तथा देवी-देवताहरूका जात्राहरूले रमझम भैराखेको हुन्छ । यसै बेला भक्तपुरको प्रख्यात देवी-नाच, महाकाली-नाच, लाखे-नाच आदि हनुमानढोका दरबारमा ल्याइने काम हुन्छ । काठमाडौंदेखि आधा कोस टाढ़ा भएको हल्लाचो भन्ने गाउँबाट समकुभैरव-नाच र किलागल टोलको देवीनाच, हात्ती-नाच तथा मजिपाट टोलको मजिपा लाखे-नाचको प्रदर्शन गरेर काठमाडौं शहरमा ठूलो उत्सव हुन्छ । भजन-कीर्तन, वाद्य-वादनले शहर गुञ्जायमान भैराखेको हुन्छ । भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका दरबार क्षेत्रमा श्री कालभैरवका अगाड़ि शास्त्रोक्त विधिबमोजिम मानन्धरहरूद्वारा लिंगो उभ्याउने काम हुन्छ । यो लिंगो इन्द्रको झण्डा हो । यो झण्डाको विषयमा एउटा कथा पनि प्रचलित भएको छ । जुन यस प्रकारको छ :—

प्राचीन कालमा असुर नाम गरेको यौटा दैत्यले इन्द्रलाई स्वर्गको गद्दी छोड़िदेऊ, नत्र लड़ाई गर्न आऊ भनी हाँक दिएको थियो । आखिर इन्द्रको र दैत्यको ठूलो लड़ाई भयो । श्री भगवान् नारायणको मद्दतबाट इन्द्रले त्यस दैत्यलाई मारिदिए । दैत्यको राज्य जितिलिए । सोही उपलक्ष्यमा आफूले जितिलिएको राज्यमा आफ्नो झण्डा गाड़िदिए । यसैलाई लिंगो भन्दछन् । यो लिंगो उभ्याउनेलाई नै इन्द्रजात्रा भन्दछन् । यस उत्सवमा सरकारी उच्च ओहदाका कर्मचारीहरूलगायत ठूलो संख्यामा जनता भेला हुन्छन् । यो उत्सवमा हात्तीमा चढ़ेका इन्द्रको सुनको मूर्ति पनि राख्ने गरिन्छ । यही भाद्र शुक्ल द्वादशीको दिनलाई लिंगो-जात्रा पनि भन्दछन् । यो लिंगो भक्तपुरको नाला जंगलमा शास्त्रको विधिबमोजिम बोका-बलि दिई पूजा गरी जात्रा हुने आठ दिनअगाड़ि नै गुरुज्यूका पल्टनद्वारा काठमाडौंमा लिएर आउने गर्दछन् । यो लिंगोलाई ठूलो जात्रा गरी बाजा बजाई पल्टनले घेरी तानेर ल्याउने गरिन्छ ।

सो लिंगो इलाका-इलाकाका टोलेहरूले हनुमानढोकासम्म पुऱ्याइदिनुपर्ने नियम बनाइराखेको हुन्छ। त्यसपछि काठमाडौंका टोल-टोलमा हाथुद्यः नामक भैरवलाई बाहिर ल्याई पूजा गर्ने काम हुन्छ। यसमा इन्द्रचोकको आकाश-भैरव र हनुमानढोकाको सुनको मोलम्मा लगाइएका भैरवको नाम निकै प्रख्यात भएको छ। इन्द्रचोकको आकाश-भैरवलाई राम्ररी सिंगार गरी तन्त्रोक्त विधिबमोजिम पूजाआजा चलाई सह्यबजी सबैलाई बाँड्दिने काम हुन्छ। हनुमानढोकाको सुनको मोलम्मा भएको ठूला भैरवकहाँ जाँड बाँड्ने काम पनि हुन्छ। इन्द्रचोकका आकाश-भैरव द्वापर युगका यलम्ब (बर्बरिक ?) नाम गरेका राजाको टाउको हो भनी वंशावलीले पुष्ट्याइँ गरिराखेको छ। त्यस दिनदेखि आफ्ना मरेका परिवारहरूको आत्मालाई शान्ति मिलोस् भन्ने कामना गरी राती-राती देवी-देवताहरूकहाँ धूपदीप बाली पाठपूजा गर्न जाने गर्दछन्। यसैलाई नेवारी भाषामा 'उपाउ वनेगु' भन्दछन्। भाद्र कृष्ण द्वादशीको दिन काठमाडौंको मरू टोलमा इन्द्रकी आमाले व्रत बस्नका लागि इन्द्रले हात्ती चढेर मर्त्यलोकमा पारिजातको फूल चोर्न आएको दृष्य अनुकरण गरी बनाएको मूर्ति सबैलाई देखाउन निमित्त राख्न ल्याउने काम पनि हुन्छ। यही द्वादशीको दिनमा पशुपति आर्यघाट (बागमती नदी) पारि खेतको डीलमा मानदेव प्रथमले स्थापना गरेको श्री त्रिगंगा (त्रिविक्रम वामन)-मा ठूलो मेला लाग्दछ। त्यसै बेला त्यहाँ दही च्यूरा बाँड्ने काम हुन्छ।

भाद्र कृष्ण चतुर्दशीको दिनमा देउपाटनमा अनन्तनारायणकहाँ पूजापाठ गर्दछन्। यही भाद्र कृष्ण चतुर्दशीको दिनलाई पनि अनन्त चतुर्दशी भन्दछन्। यसै बेला तल्लो टोलमा श्री भैरव, गणेश र कुमारीको रथजात्रा भई ठूलो उत्सव हुन्छ। श्री कुमारी, गणेश र भैरव शाक्य भिक्षुका बालक-बालिकाहरूलाई बनाइराखेको हुन्छ। त्यस रथजात्रामा राजादेखि लिएर सबै जागीरदारहरूसमेत शामेल हुन आउँदछन्। रथजात्राको काम सिद्धिएपछि काठमाडौं गद्दीदरबारअगाडि बनाइराखेको मंच (गद्दी)-मा नेपालका राजा बसेर सबै नेपाली प्रजाहरूले सुख-शान्तिपूर्वक जीवन बिताउन पाऊन् भनेर कामना दर्शाई विधिविधानबमोजिम कार्य पूरा हुन्छ। यसैलाई 'राजा गद्दीमा बस्ने' भन्दछन्। राजा गद्दीमा बस्ने बेलामा जागीरदार-कर्मचारीहरू सबैले हनुमानढोकामा शामेल हुनुपर्दछ।

यो कुमारीजात्राको विषयमा वंशावलीमा यस किसिमबाट बयान गरिराखेको छ :—

पहिलेपहिले भक्तजन मानिसहरूले पनि देवी-देवताहरूसंग कुरा गर्न पाउँथे। एक दिन भक्तपुरका राजा त्रैलोक्य मल्लका छोरा जगज्ज्योति मल्लदेखि खुसी

भएर श्री तुलजा भवानी स्त्रीको रूप लिई हमेशा उनीसंग पासा खेल्न आउने गर्दथिन्। एक दिन राजाले उनीमाथि वियोचर्चा गर्दा देवी लोप भइन्। पछि सपनामा अबदेखि तिमीले मसंग कुरा गर्न पाउनेछैनौ, यदि कुरा गर्नु नै परे तिमीले मेरो बदला शुभमुहूर्तमा कर्मचाण्डालकी छोरी ल्याई पूजा गर्नु, म उसैमा प्रवेश हुनेछु भनी देवीबाट आज्ञा भएकोले एकजना कर्मचाण्डालकी कन्या ल्याई देवीको आह्वान गरी पूजा गरे। त्यस दिनदेखि नेपालमा कुमारी-पूजा गर्ने चलन चलेको हो। फेरि अर्को कुरा, राजासंग एउटा हीराको यंत्र थियो। त्यो यन्त्रलाई राजाले बड़ो भक्तिपूर्वक पूजा गरी देवीलाई खुशी पार्दै देवीसंग कुराकानी गर्ने गर्दथे। त्यो यन्त्र आइमाईलाई नदेखाउने कुरा राजालाई देवीबाट आज्ञा भएको रहेछ, तर सो यन्त्रलाई राजाकी छोरीले हेरिदिएको हुँदा त्यस दिनदेखि राजाले देवीसंग कुरा गर्न पाएनन्। राजा ज्यादै सुर्तामा परी बिलखमन्द भएको देखी दया गरी देवीले सपनामा शाक्य भिक्षुकी छोरी ल्याई श्रद्धाभक्तिपूर्वक पूजा गर्नु, म त्यसैमा प्रवेश हुनेछु, कुरा गर्नुपरे त्यसैसंग कुरा गर्नु भनी आज्ञा भएको रहेछ। राजाले भोलिपल्ट बिहान हुने-बित्तिकै शाक्य भिक्षुकी बालिका ल्याई भक्तिपूर्वक पूजा गरी कुराकानी गरेर कुमारी जात्रा चलाइआएको हो भन्ने वंशावलीको लिखतबाट ज्ञात हुन आएको-ले यो कुमारी जात्रा लगभग ५००-६०० वर्षअगाड़िदेखि मात्र भएको हो भन्ने देखिन आउँछ। यही कुरा काठमाडौंमा पनि फैलिएकोले त्यहाँका राजाले भिक्षुका छोराछोरी ल्याई गणेश, भैरव र कुमारीको आह्वान गरी पूजाआजा चलाई कुमारी, भैरव र गणेशको जात्रा चलाएको बुझिन आएको छ। वंशावलीअनुसार काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्ललाई यी कुमारी देवीले सपनामा तिम्रो राज्यको भोग सिद्धिसकेको छ भनी आज्ञा भएकोले राजा जयप्रकाश मल्लले कुमारीलाई भक्तिपूर्वक पूजा गरी श्री गणेश, भैरव र कुमारीको रथ पांग्रा भएको मन्दिरको रूपमा बनाउन लगाई वर्ष-वर्षै देश-परिक्रमा गरी जात्रा चलाउनुपर्ने बन्दोबस्त मिलाइदिए। यिनै कुमारीको बस्न निमित्त एक घरको पनि निर्माण गर्न लगाएका थिए। यसबाट देवीले खुशी भएर राजा जयप्रकाश मल्ललाई फेरि १२ वर्षसम्म राज्यभोग थामिदिइन् भन्ने उही वंशावलीमा उल्लेख छ। कुमारी देवी देशकी रक्षिका हुन् भनी राजा-प्रजा सबैले मानिआएका छन्। पहिले-पहिले पनि मुद्राहरू निकाल्नुपर्दा श्री कुमारी देवीलाई चढ़ाइसकेपछि मात्र बजारमा चलन-चल्तीमा ल्याइने गरिन्थ्यो। राजाहरूबाट सो निकालिएको मुद्राको हिसाब-किताब राख्न कुमारी-चोक नामले अड्डा पनि स्थापना गरिएको हो।

यही भाद्र कृष्ण चतुर्दशीका दिनमा नै हुने पर्वमा महर्जन जातका एकजना मानिस बोलाई ल्याएर जामा र मुकुंडो लगाउन लगाई 'डागिं' भनेर डंकिनी-जस्तै रूप धारण गर्न लगाएर काठमाडौंको टोल-टोलमा परिक्रमा गराई मरुहिटी-मा विसर्जन गराउने चलन पनि छ। त्यो 'डागिं' पछि-पछि वर्ष दिनभित्र मरे-का आफ्ना परिवारको नामले सतबीज छरेर जाने गर्दथ्यो। त्यसपछि राती लामो-लामो बाँसको टुप्पामा बत्ती बालेको खट लिएर मानन्धरहरूले देश-परि-क्रमा गर्दथे। त्यस बत्तीलाई 'यँ मत' भन्दछन्। त्यसपछि दहचोकमा रहेको 'यंकीदह' अथवा इन्द्रदह भन्ने पोखरीमा गई नुहाउने गर्दथे। यस विषयमा एउटा कथा पनि प्रचलित छ। जुन कथा यस प्रकारको छ :—

परापूर्वकालमा स्वर्गका राजा इन्द्रकी आमा वसुन्धराले चथा-गणेशको व्रत बस्न निमित्त आफ्ना छोरा इन्द्रलाई पारिजात नामको फूल र फलहरू जम्मा गरी ल्याउने काम अह्राइन। इन्द्रले पनि आफ्नी आमाको वचन मानेर फल र फूलहरू जम्मा गर्दागर्दै आखिर मर्त्यलोकमा राक्षसहरूको बगैंचामा आइपुगे। ठीक फल टिपिरहेका बेलामा राक्षसहरू आएर इन्द्रलाई दसीसहित चोर भनेर पक्री डोरीले बाँधिराखे, र इन्द्रलाई राक्षसहरूले बेइजतीको निमित्त सबैले देखिने गरी देश-परिक्रमा गराए। पछि स्वर्गमा इन्द्रकी आमा वसुन्धराले छोरालाई त्यसरी बेइज्जती गराइराखेको थाहा पाएर मानिसको रूप लिई मर्त्यलोकमा आई धान र गहुँ पाक्नलाई चाहिने 'खसू' (हुलु) पछि वहपु (सुपाँय्) जगात तिरेर आफ्ना छोरा इन्द्रलाई छोड़ाएर लगिन्। स्वर्गका राजा इन्द्रकी आमा मर्त्यलोकमा आएकी थाहा पाएर मानिसहरूले आफ्ना मरेका परिवारको मुख हेर्न स्वर्गमा वसुन्धरासंगै गई भेट्न जाने इच्छा गरे। धेरैले इन्द्रकी आमा वसुन्धरा (जो डांगिरूप भै आएकी थिइन्)-को कमरमा समाती गए। वसुन्धरासंगै गएका मानिसहरूले फर्कने बेलामा बाटो बिर्सन नपावोस् भन्ने हेतुले गएको बाटोमा सतबीज छरेर गएका थिए। स्वर्गका राजा इन्द्रकी आमा वसुन्धराले मर्त्यलोकमा आएको बेला स्नान गरी जानुपर्छ भन्ने विचार गरी तिनले फर्कन लागेको बेलामा 'यंकीदह'-मा स्नान-ध्यान गर्न लागिन्। स्नान-ध्यान गर्दागर्दै ज्यादे अबेर भै अँध्यारो भयो। मर्त्यलोकमा मानिसहरू वसुन्धरासंगै गएका बेला बीच-बीचमा सतबीज बाटोमा नै छरेर गएका थिए। त्यो बाटोको बीच-बीचमा छरेर गएको कुराहरू पछि घरका जहानहरूले थाहा पाए। नागको शरीरमा भएको बत्तीको प्रभावले तेज गराई घरका जहान-हरूले उनीहरूलाई खोजी-खोजी पत्ता लगाएर आ-आफ्नो घरमा फर्काएर ल्याएका थिए। यी माथिका कुराहरू सबै अनुकरण गरी नेपालमा इन्द्रजात्रा चलाएको हो भन्ने कथन छ। तर भक्तपुरमा भने सो जात्राको रूप केही फरक तरीकाबाट

लिइराखेको छ। देवीपुराणको प्रमाणबमोजिम नै भक्तपुरको इन्द्रजात्रा आश्विन कृष्ण द्वितियादेखि ३ दिनसम्म चल्दछ। अनन्त चतुर्दशीको दिन इन्द्रका छोरा जयन्तले व्रत बस्न निमित्त फल र पारिजात नाम गरेका फूलहरू जम्मा गर्न वन र बगैंचाहरूमा चहारे। रात ज्यादा अँध्यारो भएकोले संयोगवश मर्त्यलोकमा राक्षसहरूको बगैंचामा जयन्त पुगे। ठीक फल टिपिरहेके मौकामा दसीसहित चोर भनी राक्षसहरूले जयन्तलाई पक्री डोरीले बाँधिराखे र राक्षसहरूले निज जयन्तको हात काटिदिने हुकूम दिए। यता स्वर्गका राजा इन्द्रले आफ्ना छोरा जयन्त बेपत्ता भएको थाहा पाई आफ्ना विश्वासी सेवक ऐरावत हात्तीलाई छोरा पत्ता लगाई ल्याउने आदेश दिए। तीनै लोकमा ऐरावत हात्ती घुमिसकेपछि जयन्तलाई राक्षसहरूले पक्रिराखेको कुरा जानेर स्वर्गमा राजा इन्द्रलाई हात्तीले वृतान्त जाहेर गरे। सोही कुराको आधारमा आफ्नो देशमा रमिता गराउन भक्तपुरका मल्ल राजाहरूले यो जात्रा ३ दिनसम्म चलाएको हो। तर भक्तपुरको सिद्धपोखरीको मेला भने भाद्र शुक्ल पूर्णिमाको दिनमा हुन्छ।

आश्विन कृष्ण चौथीको दिन इन्द्रजात्रा अथवा यँयापुह्नीको आखिरी दिन हो। यसै बेला आठ दिनअगाड़िदेखि उभ्याइराखेको लिंगो विधिबमोजिम ढाल्ने काम हुन्छ। त्यो दिन भैरव, गणेश र कुमारीको रथयात्रा काठमाडौं किलागल टोलमा हुन्छ। यो उपजात्रा नामले प्रख्यात भएको छ। यो उपजात्रा काठमाडौंका राजा जयप्रकाश मल्लले आफ्नी किलागल टोलकी स्वास्नीलाई देखाउन निमित्त बनाइराखेको हो भन्ने कथन छ। त्यसैले यो जात्रालाई 'नानीचा जात्रा' भन्दछन्। यस दिनदेखि यँयापुह्नीको नाच-गान सबै बन्द भई जात्रा विसर्जन हुन्छ। यही जात्रामा आठ दिनसम्म हनुमानढोकामा राती लाइनका लाइन गरी बत्ती बालिराखेको हुन्छ।

यही इन्द्रजात्रा अथवा यँयापुह्नीको विषयमा वंशावलीमा यस प्रकारसंग बयान गरिराखेको छ :—पहिले-पहिले द्वापर युगमा श्री महादेवका अंशियार यम्बल नामका राजा राज्य गर्दथे। यही यम्बलको नामबाट काठमाडौंको नाम नै 'यँ' देश हुन गएको हो। द्वापर युगको अन्त्यमा यही राजाले कुरुक्षेत्रमा पाण्डव र कौरवहरूको लड़ाईं हुँदा हार्नेलाई जिताउने इच्छा गरेर ४ अक्षौहिणी फौजहरू लिएर कुरुक्षेत्र हिंड़े। यो कुरा पाण्डवतिरका श्री विष्णु भगवान्का अंशियार श्री कृष्णले थाहा पाई विचार गरे कि अब कौरवहरूलाई कहिले पनि हराउन नसक्ने भयो र लड़ाईं धेरै वर्षसम्म चली कहिले पनि नसिद्धिने भयो। यम्बल श्री महादेवका अंशियार भएकाले ठूलो विपत्तिको कुरा जानेर श्री कृष्णले यम्बलको शिर छेदन गरिदिए। श्री यम्बलले श्री कृष्णसंग अनुरोध गरे कि लड़ाईंमा मैले भाग लिन नपाए तापनि यो महाभारत लड़ाईं हेरिरहन

पाऊँ र लड़ाईं सिद्धिएपछि फेरि राज्य गर्न पाऊँ । यो सुनी श्री कृष्णलाई उनीमाथि दया उपज्यो र यम्बलको टाउकोले आकाशबाट हेरिरहन पाउने र लड़ाई सिद्धिएपछि फेरि राज्य गर्न पाउने गराइदिए । इन्द्रचोकमा भएको भैरवको टाउको यही यम्बलको हो भन्ने कथन छ । सो भैरवको टाउकोलाई हरेक वर्ष भाद्र शुक्ल द्वादशीको दिनदेखि आश्विन कृष्ण चौथीको दिनसम्म बाहिर राखेर विधिविधानबमोजिम पूजा-आजा चलाई जात्रा गर्नुपर्ने गराइराखेको हो । यो आकाशभैरवलाई पूजाआजा गरी भक्ति-भाव दर्शाउनेले मुद्दा-मामिला जित्न पाउँदछ भन्ने सबैले विश्वास मानिराखेको छ । कलिगत ३८२२ मा गुणकामदेव राजाले श्री महालक्ष्मीको आज्ञाबमोजिम काठमाडौं शहर बसाउँदा १२ भैरवहरूले विराजमान गराई यी आकाशभैरवको टाउकोलाई मध्य पारी देश बनाएका थिए । कलिगत ४३५९ मा काठमाडौंमा टोल-टोलमा एक-एक ठकुरी राजाहरू भएको बेलामा नै सभकु, ३ जना भैरव, पुलुकिसी-नाच, र मजिपा-लाखेको नाचको सृष्टि भएको थियो । यसै बेला कुनै टोलका एक ठकुरी राजाले चिकँ-मुगल टोलमा रहेको एउटा राक्षसनीलाई खुशी तुल्याइराखेका रहेछन् । ती राक्षसनीले मानिसको रूप लिई खूब राम्रो गरी नाच गर्न जानेकी रहिछ । त्यस चिकँमुगल टोलका राजाले सो कुरा थाहा पाएर त्यस राक्षसनीलाई पक्रेर त्याई वर्ष-वर्षमा नाच्ने कबूल गराउन लगाई मजिपा-लाखे नामले प्रख्यात गराए । पछि मल्ल राजाहरूको पालामा अमर मल्लले उपत्यकाका देवी-देवताहरूको नाच बनाउन लगाई १२ गण भैरवहरू नचाउने प्रबन्ध गराएका थिए । त्यसपछिका राजाहरूले यी माथिका कुराहरू सबैमा पौराणिक कथा, देवीपुराण र वंशावली आदिको आधारमा लिंगो उभ्याउने, इन्द्रकी आमाले 'डागिं' भै छोरालाई छोड़ाएर लगेको, मजिपा-लाखेनाच, कुमारी, गणेश, भैरवको रथजात्रा, नाच-गान इत्यादि सबै अनुकरण गरी यही येँयापुह्नीको आठ दिनसम्म पर्व चलाउने बन्दोबस्त गराएका थिए । यो ज्यादाजसो इन्द्रका कुराहरू बयान भएकोले नै यसलाई इन्द्रजात्रा भन्ने चलन हुन गएको हो भन्ने धेरैको भनाइ छ ।

●

श्री गणेश चौथी (चथा)

नेपाल-उपत्यकामा वर्ष दिनभित्र मनाइने धेरै चाड़-पर्वहरूमा श्री गणेश चौथीको पर्व पनि ठूलो मानिएको छ । यो पर्व हरेक वर्षको भाद्र शुक्ल चौथीको दिन पर्दछ । यो पर्वलाई चौथीको अपभ्रंश गरी नेवारी भाषामा 'चथा' भनिने गरेको हो भन्ने

कसै-कसैको भनाइ छ। यो पर्वमा नेपाल-उपत्यकामा आइमाईहरूले आ-आफ्नो घरमा सफासंग बढ़ारेर घरको भूइँ गाईको गोबरले लिपेर सफा-सुघर गर्दछन्। अग्निपुराण नामक ग्रन्थमा यसै दिन याने भाद्र शुक्ल चौथीको दिन श्री शंकरनाथ शिवजीका पुत्र गणेशको जन्म भएकोले यो दिन बड़ो महत्वको मानिएको छ। अग्निपुराण पियूषधारा नाम गरेको उही धर्म-ग्रन्थमा श्री गणेशलाई पूजा गर्ने तरीका र गणेशलाई मन परेका कुराहरू बयान गरिराखेको छ। स्कंधपुराणमा पनि त्यो दिनमा श्री गणेशलाई लड्डू, मूला र हरियो दुबो चढ़ाए श्री गणेशले खुशी भएर मनवांछित फल प्रदान गर्दछन् भनी लेखिराखेको छ। नेपाल-उपत्यकाका मानिसहरूले यही भाद्र शुक्ल चौथीका दिनमा श्री गणेशलाई र चन्द्रमालाई ठूलो श्रद्धाभक्तिले विधि-विधानबमोजिम राती पूजा गर्दछन्। श्री गणेश र चन्द्रमा दुवैलाई त्यो दिन राती कमलको पातमा नैवेद्य, केराउ, सुन्तला, अनार आदि फलफूल, पंचपकवान, र नयाँ मकै, भटमास, मस्यांग, मास, मुगी, बदाम, चना आदि ८ किसिमका गेड़ाहरू भुटेर चढ़ाउँछन्, कमलको फूल र नीलकमलको फूल पनि चढ़ाउने गर्दछन्। आलुको बीयाँलाई पनि घ्यूमा भुटेर चढ़ाउने गर्दछन्। त्यो दिन श्री गणेशलाई 'चथाद्यो' नामले प्रख्यात गराएको छ। धर्म-शास्त्रबमोजिम त्यस दिन राती चन्द्रमालाई हेर्‍यो भने आफूले नचोरे तापनि चोर दोष लाग्ने, आफूले भूल नगरे तापनि दोषी हुने, र आफूले केही नगरे तापनि मिथ्या अपवाद आइलाग्नेछ भन्ने कथन चलेको छ। तसर्थ उपत्यकामा त्यो दिन घेरैजसो घरहरूमा साँझ पर्नानाथ झ्याल-ढोकाहरू बन्द गरेर प्वालहरूबाट अलिकति पनि प्रकाश नआउने गरी लुकिरहने चलन अद्यापि छँदैछ। तसर्थ त्यो दिन अपझंट चोरीको दोष र फजूल मिथ्या अपवाद लाग्न आउला भनी ईश्वरलाई चढ़ाउन सुपारीको गेड़ा र पैसालाई पोका पारी अथवा फलका गेड़ाहरू दौराको तुनामा झुण्ड्याइराख्ने पनि चलन छ। यो पर्वमा नेपाल तराईमा पनि गणेशलाई पूजा गर्ने र रातभर जाग्राम बस्ने चलन पनि छ। उनीहरू पनि त्यस दिनको रातमा आफ्ना घरमा चोरहरू अवश्य भित्र पस्नेछ भनी विश्वास गर्दछन्। तसर्थ घेरैजसो रातभर जागा भै बस्दछन्। चोरी प्रवृत्तिमा लागेकाहरूले त्यो दिन परीक्षाको रूपमा चोरी गर्ने काम गर्दछन्। त्यो दिन चोरीको काम सफल भो भने हमेशा सफल हुने सम्झन्छन्। किनभने त्यो दिन चोरी गर्नेहरूलाई श्री गणेशको वरदान प्राप्त भै चोरी-काममा सिद्धि प्राप्त हुन्छ भनी लुच्चा-ठगहरू चोरी-वृत्तितिर लाग्ने हुन्छन्। त्यो दिन चोरहरू घरमा अवश्य पस्न आउनेछन् भनी मानिसहरू सतर्कतासाथ बस्ने गर्दछन्।

भाद्र शुक्ल चौथीका दिनमात्र श्री गणेशलाई किन पूजा गर्ने ? र चन्द्रमालाई हेरे किन चोर हुने हो भन्ने विषयमा एउटा कथा छ। कथा यस प्रकारको छ :—

परापूर्वकालमा चन्द्रमाले एकपल्ट आफ्नी कान्छी स्वास्नी रेवती तारालाई ठूलो अपमान र हेलाँ गरे। रेवती ताराका बाबु दक्षप्रजापतिले छोरीलाई यसरी अपमान र हेलाँ गरेको देख्न सकेनन् र श्री चन्द्रमालाई तेजहीन होओस् भनी श्राप दिए। त्यस श्रापले गर्दा चन्द्रमाको तेज हीन भयो। श्री चन्द्रमाले आफू तेजहीन भएको देखेर ठूलो अफशोच गर्दै श्री विष्णु भगवान्को शरण गई साह्रै विलाप गरे। चन्द्रमाले यसरी विलाप गरेको देखेर करुणामय श्री विष्णु भगवान्ले पूर्णिमाको दिनमा एक दिन जून खूब तेजिलो हुने गराइदिए र अरू १४ दिनसम्म जूनको तेज कम हुने भयो। फेरि स्वर्गमा एक दिन देव-सभा भयो। त्यस सभामा चन्द्रमाले श्री गणेशलाई ठूलो हेलाँ गरी देखाउँदा श्री गणेशले रिसाएर श्री चन्द्रमालाई तिम्रो मुख हेर्ने मानिसहरू चोर हुन परोस् भनी श्राप दिए। त्यस श्रापले गर्दा त्यस बेलादेखि चन्द्रमाको मुख हेर्ने सबै चोर भए। अब त्यस दिनदेखि देवी-देवताहरूले पनि चन्द्रमाको मुख हेर्न छाड़िदिए। यसरी चन्द्रमाको ठूलो बेइज्जती भयो र उनले बाहिर आउनलाईसमेत लाज लाग्ने भयो। अब भएन भनी श्री चन्द्रमाले श्री गणेशकहाँ श्री महादेव र अरू देवताहरूको सहयोग लिई लड्डू, मूला, दुबो लिएर शरण परी क्षमा माग्न गए। यसरी श्री चन्द्रमाले क्षमा माग्न आएको देखी श्री गणेशले भाद्र शुक्ल चौथीका दिन एकबाहेक अरू दिनमा श्री चन्द्रमाको मुख हेरे पनि चोर नहुने गराइदिए। तसर्थ त्यही भाद्र शुक्ल चौथीको दिनमा याने 'चथां'को दिनमा मात्र चन्द्रमालाई नहेर्ने गरेको हो; र त्यस दिन चोर हुन नपरोस् भनी घरका ढोकाहरू बन्द गरी प्वालबाट पनि कहीं उज्यालो नपस्ने लुकिरहने चलन चलेको हो। चोर-दोष निवारण गर्न राती श्री गणेशलाई र चन्द्रमालाई पूजा गर्ने गरेको हो। यही कुरालाई लिएर नेपाल-उपत्यकामा श्री गणेश र चन्द्रमालाई पूजा गरी खाने पर्व चलाइआएको हो।

भाद्र शुक्ल चौथीको विषयमा वर्षकृत दीपक नाम गरेको ग्रन्थमा पनि केही बयान गरिराखेको छ। बयानमा यही भाद्र शुक्ल चौथीको दिनमा श्री सूर्यले श्री सतलाजित नाम गरेका राजालाई प्राप्त भएको स्यमन्तक मणि चोरेर लिएको हो भनी मफतमा मिथ्या अपवाद लगाएकोमा श्री कृष्णले यो अन्यायको कुरा भयो भनी श्री गणेशलाई पूजा गरी निराहार व्रत बसी त्यो मिथ्या अपवादको दोष निवारण गराए। यही कुरालाई लिएर मानिसहरूले पनि चोरी, मिथ्या अपवाद निवारण गर्न यो पर्व मानिआएको हो भन्ने कुरा उक्त दीपक ग्रन्थमा बयान गरिराखेको छ।

उपत्यकाको चाड़-पर्वहरूमा 'चथा' सबभन्दा पहिले शुरू हुने पर्व हो। कारण-विशेषले यो पर्व मान्न नपाएमा दशैं (मोहनी) पनि मान्न नपाउने कथन छ।

●

घटस्थापना (दशैं)

नेपालका चाड़-पर्वहरूमा दशैं सबैभन्दा रमाइलो र ठूलो चाड़ हो। यो चाड़ नेपालमा मात्र नभई जहाँ-जहाँ हिन्दूहरू फैलिएका छन् त्यहाँ-त्यहाँ बड़ो उल्लास र उमंगले मनाउँदछन्। यो चाड़ को धनी, को गरीब सबैले नै उत्साह र उमंगका साथ मनाउने गर्दछन्। हरेक घरका जहानहरूले यो चाड़लाई पर्खिरहेका हुन्छन्, एकजोर राम्रो लुगा लाउनको निमित्त। अरू मगन्ते भिखारीहरू र खान नपाएर शरीर सबै हाड़ र छालामात्र भै गुज्मुजिएर बसिरहने गरीब पनि धेरै दिन अगाड़िदेखि एक छाक खान पाउने चाड़ आउन लाग्यो भनी आशामा झुण्डिरहन्छन्। यही चाड़को बेला व्यापारीहरू आफ्नो पसल सिगार्न र जागीरदारहरू नयाँ लुगाफाटाहरू तयार पार्नमा व्यस्त हुन्छन्। अझ आफ्नो मातृभूमि, आफ्नो घरबार छोड़ी पैसा कमाउन टाढ़ा-टाढ़ासम्म विदेश लागेका स्वदेशीहरू यही चाड़ मनाउन निमित्त आफ्ना घर स्वदेश फर्कने र परिवारसंग भेट्ने ठूलो कोशिश गर्दछन्।

यो चाड़ आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमाको दिनतक जम्मा १५ दिन मानिने भए तापनि मुख्य रूपमा सप्तमीदेखि दशमीसम्म जम्मा चार दिन बड़ो धूमधाम गरी मनाइन्छ। सरकारी अड्डा-अदालतमा त ११ दिन पूरा नै विदा हुन्छ। यो चाड़लाई कसैले मोहनी, कसैले दशैं, कसैले दुर्गापूजा, कसैले विजयादशमी, कसैले नवरात्रि आदि विभिन्न नामले सम्बोधन गर्दछन्। यो चाड़को समयमा श्री दुर्गा भवानीले ९ प्रकारको रूप धारण गर्ने भएकोले ९ दिनसम्म ९ ठाउँको तीर्थमा स्नान गरी ९ भवानीकहाँ पूजा-पाठ गर्न जाने भएकोले दुर्गापूजा भनेको हो। यो चाड़मा आ-आफ्ना घरको पूजाकोठामा जमरा हाली 'मोहनी' थापेर दुर्गा भवानीको आह्वान गर्ने भएकोले 'मोहनी' पनि भनेको हो। फेरि यो चाड़को बेलामा, दानवहरू र देवताहरूको ठूलो संग्राम मच्चिँदा ९ दिनसम्म घमासान संग्राम भयो र आखिर दशौं दिनमा देवताहरूले विजय प्राप्त गरेको हुँदा विजयादशमी (दशैं) नाम हुन गएको हो भनी भन्दछन्। फेरि अर्को, कोलासुर, लवनासुर, गयासुरलाई श्री काली, महाकाली, महालक्ष्मीले युद्धमा मारी दशमीका दिनमा विजय गरी टीका लगाएको हुनाले 'विजयाटीका' पनि भनेको हो। अनि यही चाड़को बेलामा श्री रामचन्द्रले रावणलाई मारी विजय प्राप्त गरेकोले पनि विजया दशमी भनेको हो। यो दशैंमा रात छँदैदेखि नौ ठाउँको तीर्थमा स्नान गर्न जाने भएको हुनाले नवरात्रि नाम पनि हुन गएको हो भन्ने पनि धेरै छन्।

यो चाड़ हरेक आश्विन शुक्ल प्रतिपदाको दिन शुरू हुन्छ। यसै दिन आफ्ना घरको पूजाकोठामा जौ राखी श्री दुर्गाभवानीको आह्वान गरी आ-आफ्नो कुलायन-

अनुसार पूजा गर्दछन् । यसैलाई घटस्थापना पनि भन्दछन् । यो चाड़को पूजा हुने बेलामा सेतो घोड़ा चढ़ेकी देवी ब्रह्मायणीको आह्वान गरी पूजा-पाठ हुन्छ । यो नवरात्रिको पहिलो दिन हो । बिहान सबेरै रात छँदै याने ब्रह्ममुहूर्तमा टोल-टोलका मानिस डफ्फा-डफ्फा भई बत्ती बालेर वाद्यवादन बजाई स्नान गर्न जान्छन् । यसै गरी दोस्रो दिन साँड़े चढ़ेकी महेश्वरी देवी, तेस्रो दिन मयूर चढ़ेकी कुमारी, चौथो दिन गरुड़ चढ़ेकी वैष्णवी (भद्रकाली), पाचौं दिन भैंसी चढ़ेकी वाराही, (तर काठमाडौंमा भने पाँचौं दिन पचली भैरवकहाँ ठूलो मेला लाग्दछ र पचली भैरवको ठूलो जात्रा हुन्छ ।) छैठौं दिन हात्ती चढ़ेकी इन्द्रायणी देवी, सातौं दिन मानिस (मुर्दा)-माथि उभिएकी महाकाली देवी, आठौं दिन हाँसमाथि चढ़ेकी महालक्ष्मी र नवौं दिन सिंह चढ़ेकी त्रिपुरसुन्दरी देवी आदिकहाँ ध्यान-पूजापाठ गर्न जानेहरूको ठूलो मेला लाग्दछ । यो दिनदेखि नवरात्रि स्नान गर्न जाने काम विसर्जन हुन्छ । सप्तमीको दिनलाई नेपालमा फूलपाती याने 'स्याकोट्याको' भन्दछन् । यो दिनदेखि दशैं धूमधामसंग शुरू हुन्छ । यस दिन काठमाडौंमा जंगी तथा निजामती सबै कर्मचारीहरू भेला भई बैण्ड बाजाले सुशोभित भई बीच-बीचमा बन्दूक पड्काई ठूलो प्रदर्शन गरी जमल भन्ने ठाउँमा फूलपाती लिन जाने गर्दछन् । अनि सरकारबाट सबै कर्मचारीहरूले दशैंको विदा पाउँदछन् । आठौं दिनमा अष्टमीको पूजा हुन्छ । यस दिन १८ भुजा भएकी श्री भगवती देवीको आह्वान गरी हरेक नेपालीहरूले घरघरमा डमरु, घण्टा, शंख बजाई पाठ-पूजा आदि गरी श्री देवी भगवतीप्रति आफ्नो श्रद्धाभक्ति दर्शाउँछन् । यसै बेला श्री गणेश, लक्ष्मी, सरस्वती आदि देवीदेवताहरूको पनि ठूलो पूजा हुन्छ । र सबैको घर-घरमा भोजको आयोजन गरिएको हुन्छ । अष्टमी र नौमीको बीचको रातलाई कालरात्रि भन्दछन् । यस बेला तीनै शहरकी तुलजा भवानीकहाँ भोगबलि चढ़ाउने काम हुन्छ । मोहरात्रि, शिवरात्रि, र कालरात्रि आदिको ३ रात्रिमा कालरात्रि सबभन्दा ठूलो रात्रि मान्दछन् । यस कालरात्रिमा तान्त्रिक मतानुसार ठूलो विधिबमोजिम पूजाआजा हुन्छ । भक्तपुरको श्री तलेजु भवानीकहाँ त्यो रातमा ८४ प्रकारबाट तयार पारेको रोटीले मन्दिर बनाई चढ़ाउने काम हुछ । सो ८४ प्रकारको रोटीले बनाइराखेको मन्दिरको मुठल, छाना र गजूर पनि हुन्छ । दशमीको दिनमा श्री तलेजु भवानीको प्रसाद दिने बेलामा सोही रोटी राखेर तलेजु-प्रोहितले दिने चलन छ । त्यसैलाई नै तलेजुमा ८४ रोटी बाँड्ने भन्दछन् । नौमीको दिन 'मोहनी' को सबभन्दा ठूलो दिन मानिन्छ । भोगबलि चढ़ाउने आदि काम त्यसै दिनमा हुन्छ । तीनै शहरकी तलेजु-मन्दिरमा राजोचित ढंगबाट पूजाआजा हुन्छ । त्यस दिन देवीदेवताहरूको मन्दिरमा भोगबलिको रगतले खोलो

बगिरहन्छ। आ-आफ्नो पूजा कोठामा खड्ग स्थापना गर्ने त अष्टमीको दिन शुरू हुन्छ। अस्त्र-शस्त्र, हात-हतियारहरूलाई श्री कालीस्वरूप पूजा गर्दछन्। यो खड्ग स्थापना गर्ने विषयमा पहिले-पहिले एक फेरा ज्योतिषीहरूको मतभेदले पात्रोमा फरक-फरक गरी दिन परेको थियो। भक्तपुरमा स्थापना गरेको दिनमा काठमाडौंमा भोगबलि चढाउने दिन र त्यसै गरी पाटनमा अर्के दिन परी दशैं मान्ने मोहनीको काम-कार्यमा फरक हुन गएको थियो। यो कुरा वीर पुस्तकालयमा भएको संख्या १२५८ र संख्या १२७० को पुस्तक 'दुर्गाकृत कौमुदी' बाट थाहा हुन्छ। यो दशैंको विषयमा विशेष विवरण विद्यासार १५ संख्यामा पनि दिइराखेको छ। नवमीको दिनमा नेपालीहरूको घर-घरमा कुलायन्‌अनुसार विधिविधानबमोजिम कुमारी-पूजा हुन्छ। यसै बेला पूजाकोठाहरूमा चण्डी भन्ने ग्रन्थको पाठ पूजा गरी देवीलाई खुशी पार्दछन्। तीनै शहरको तलेजु मन्दिरमा कुमारी-पूजा राजोचित ढंगबाट हुन्छ। यो कुमारी पूजा चलाएको विषयमा एउटा कथा छ। कथा यस प्रकारको छ :—

भक्तपुरका राजा जगज्ज्योति मल्लसंग श्री तुलजा भवानीले स्नेह र माया दर्शाई स्त्रीको रूप लिई सधैं पासा खेल्न आउने गर्दथिन्। एक दिन राजाले देवीप्रति कुदृष्टि चिताई चियो-चर्चा गरेकोले देवी रिसाई पासा खेल्न आउन छोड़िदिइन्। यसबाट राजा साह्रै दिक्कदार भए। एक दिन देवीले राजालाई सपनामा तिमीले ममाथि कुदृष्टि हालेकोले मैले तिमीसंग पासा खेल्न आउन छोडेको हो। यदि तिम्रो ममाथि भक्ति छ र मसंग कुरा गर्न चाहन्छौ भने कर्मचाण्डालकी छोरी ल्याई मेरो आह्वान गरी पूजा गर्नु, म त्यसैमा प्रवेश हुनेछु र कुरा गर्न पाउनेछौ भनी भनिन्। राजाले भोलिपल्ट तुरन्त एकजना कर्मचाण्डालकी छोरी ल्याई विधिबमोजिम पूजा गरे। त्यसै दिनदेखि कुमारी पूजा गर्ने चलन चलेको हो। यो भक्तपुर दरबारमा नौमीको दिनमा चण्डालकी छोरीलाई ठूलो स्वागत गरी जात्रा गरेर ल्याई कुमारी पूजा चलन चलेको हो। यो पूजा गर्ने ठाउँ तलेजु मन्दिरको कुमारी-चोक नामले आजसम्म प्रख्यात भएको छ। उक्त कुमारी-चोकलाई राजा जितामित्र मल्लले १७ वर्ष लगाई जीर्णोद्धार गरी कोटखा ढुङ्गाबाट मरमत गरी चण्डी देवीहरूको कलाकृतियुक्त मूर्तिहरू स्थापना गर्न लगाएका थिए। यो भक्तपुर दरबारको कृतिहरूमध्ये एक हो जो आजसम्म सबैले देख्न पाइराखेका छन्। यही दशैं पूजा गर्ने बेलामा श्री तुलजा भवानीलाई मूल मन्दिरबाट ल्याई त्यहीं नै राखी ३ दिनसम्म धूमधामसंग राजोचित ढङ्गले पूजा गरिन्छ।

यो कुमारी पूजाको विषयमा अर्को एउटा कथा पनि छ जो यस प्रकारको छ :—

राजासंग एउटा हीराको यन्त्र थियो। त्यो यन्त्रलाई राजाले बड़ो प्रेम र भक्तिपूर्वक पूजा गरिराखेकोले देवी खुशी भएर प्रगट भई राजासंग कुराकानी गर्ने गर्दथिन्। त्यस यन्त्रलाई आइमाईहरूलाई नदेखाउने आज्ञा राजालाई देवीबाट भएको रहेछ। तर सो यन्त्रलाई राजाकी छोरीले हेरिदिएकीले त्यस दिनदेखि राजाले देवीसंग कुराकानी गर्न पाएनन्। जसबाट राजा ज्यादै शोकसंतप्त हुन गएकाले देवीबाट सपनामा शाक्य भिक्षुकी छोरी ल्याई श्रद्धापूर्वक पूजा गर्नु, म तिनैमा लीन हुनेछु र मसंग कुरा गर्नुपर्दा तिनैसंग कुरा गर्नु भनी आज्ञा भएछ। राजाले भोलिपल्ट बिहान हुनेबित्तिकै शाक्य भिक्षुकी एकजना छोरी ल्याई पूजा गरेर कुराकानी गरी कुमारीपूजा गर्ने चलन चलाएको हो भन्ने कथन छ। त्यस्तै, काठमाडौंका राजा जयप्रकाश मल्ललाई सपनामा तिम्रो राज्यको भोग सिद्धिसकेको छ, अब शाक्य भिक्षुकी बालकन्याहरू ल्याई पूजा गर्नु, म तिनैमा लीन हुनेछु र मसंग कुरा गर्नुपर्दा उनैसंग कुरा गर्नु भन्ने आज्ञा भएकोले काठमाडौंको कुमारी जात्रामा विस्तृत गराएको हुँदा १२ वर्ष अरू राज्यको भोग थामिदिएकी थिइन् भन्ने कुरा वंशावलीबाट पुष्टि गराइराखेको छ।

नवमीको दिनमा देवीदेवताहरूकहाँ बलिसहित सरकारी पूजाहरू हुन्छ। काठमाडौंमा हनुमानढोकातिरको कोतमा सारा सरकारी ओहदाका व्यक्तिहरू र प्रजाहरू जम्मा भई आ-आफ्नो दर्जानुसार बोका, रांगाहरूको बलि चढाई निशानलाई पूजा गर्दछन्। यही नौमीको दिनमा व्यापारीहरूले आ-आफ्नो पसलमा भीमसेन, शिल्पकारहरूले आफ्नो ज्यावल, गाड़ीवानहरूले आ-आफ्नो गाड़ीहरूमा विधिबमोजिम पूजा गरी बोका, हाँस, कुखुरा आदि बलि दिने काम गर्दछन्। त्यो दिन हरेकका घरमा आफ्नो दशैं-कोठामा १८ भुजा भएको दैत्य मारी बसेकी श्री भवानी देवीको आह्वान गरी तन्त्रोक्त विधिविधानबमोजिम पूजा गरी दोपाया (हाँस-कुखुरा) र चौपाया पशुहरूको बलि दिने गर्दछन्। त्यसै बेला घरका बालकबालिकाहरूलाई पनि ८४ व्यंजन याने आफ्नो गच्छेअनुसार भोजन तयार गरी श्री कुमारीस्वरूप मानी पूजा गर्दछन्। त्यो दिन दशैं-कोठामा धूपदीपको धुवाँले भरीभराउ भै घण्ट, शङ्ख, डमरूको आवाजले सारा आकाश गुञ्जायमान भैराखेको हुन्छ। सबै भोजमा व्यस्त रहन्छन्।

दशमीको दिन पूजाको आखिरी दिन हो। यो दिन भक्तपुरमा बिहान सबेरैदेखि नै श्री ब्रह्मायणीकहाँ ठूलो मेला लाग्दछ। यसै बेला कोही-कोही मानिसहरू आफ्ना घरदेखि ब्रह्मायणी देवीको पीठ याने ब्रह्मकुण्डसम्म ठूलो कष्ट गरी घस्रेर जाने गर्दछन्। यसलाई नेपाल भाषामा 'सिला मू पुलेगु' भन्दछन्। त्यसै दिन पूजाकोठामा

श्री दुर्गा भवानीको पाठपूजा आदि गरी आफ्नो श्रद्धाभक्ति दर्शाई देवीलाई खुशी पार्दछन् । श्री दुर्गा भवानीको विधिबमोजिम पूजाआजा गरिसकेपछि श्री देवीको प्रसाद लिई टीका लगाउने गर्दछन् । यसरी पूजाकोठामा देवीको प्रसाद लिइसकेपछि खड्ग-जात्रा चलाउने काम थालिन्छ । त्यसपछि आफूभन्दा ठूला याने उमेर पुगेका आफूले मान्नुपर्नेको हातबाट टीका लगाउने गर्दछन् । त्यो दिन आफूले मान्नुपर्नेहरूको हातबाट टीका लगाउन पाए शुभ हुनेछ भन्ने सबैले विश्वास मानिराखेका छन् । त्यो दिन देवीले दैत्यहरूलाई मारी विजय प्राप्त गरेको दिन भएको हुँदा त्यस दिनको ठूलो महत्व मानिआएका हुन् । त्यो दिन केही मुहूर्तको कुनै साइत गर्नु नपर्ने दिन हो । त्यसपछि दशैंकोठामा देवीको पूजा गर्ने कामको विसर्जन गर्दछन् । त्यो दिन काठमाडौंको टेबहाल, कोहिटी, असन, मरू, मखन आदि ठाउँमा खड्ग-जात्रा धूमधामसंग हुन्छ । बौद्धमार्गीहरू यसलाई 'पायो न्ह्याकेगु' भन्दछन् । भक्तपुरमा यो जात्रा राती हुन्छ । यसै बेला श्री तुलजा भवानीलाई नवदुर्गा भवानी सबै गणसहितले विधिबमोजिम ढोकी श्री तुलजा भवानीसंगै पछि-पछि लाग्दछन् । यसै दिनदेखि श्री नवदुर्गा प्रकट भै सिद्ध भएकी हुन् । यो जात्रामा फलामे पोशाक लगाएर फलामे दण्डी समातेका मानिस पनि शामेल भएका हुन्छन् । यो जात्रामा घोड़ा दगुराउने काम पनि हुन्छ । यो जात्राको विषयमा एउटा किंवदन्ति कथा छ । कथा यस प्रकारको छ :—

सत्ययुगमा दैत्यहरूले श्री ब्रह्माको तपस्या गरे । ब्रह्माले खुशी भई दैत्यहरूलाई वरदान माग्ने आज्ञा दिए । दैत्यहरूले कसैले पनि मार्न नसक्ने वरदान मागे । यो सुनेर श्री ब्रह्माजीले स्वास्नीमानिसले बाहेक अरू कसैले पनि मार्न नसक्ने वरदान दैत्यहरूलाई दिए । स्वास्नीमानिस भनेको बलवान नहुने सम्झेर दैत्यहरू सो वरदान पाई सन्तुष्ट भए । त्यसपछि दैत्यहरूले स्वर्गमा गई सबै देवताहरूलाई दुःख दिई भगाए । श्री विष्णु, महादेव र इन्द्र आदिले अब भएन भनी सभा गरी आफ्नो-आफ्नो शक्तिबाट सर्वशक्तिमान् देवी उत्पत्ति गराए । संग्राम बड़ो धूमधामसंग भयो । अन्त्यमा सबै दैत्यहरूलाई सखाप पारे । बाँकी भएका दैत्यहरूमध्ये कोही हाँस, कोही बोका, कोही रांगा, कोही कुखुरा आदि दोपाया-चौपाया जनावरहरूमा प्रवेश गरे । देवीले सो प्रवेश भएका चौपाया-दोपाया जनावरलाई नवमीको दिनमा खोजी-खोजी भोगबलि लिइदिइन् । यसैले देवीहरूकहाँ बोका, हाँस, कुखुरा र राँगो आदिलाई बलि चढ़ाउने गरेको हो भन्ने कथन छ । देवी-देवताहरूले दैत्यहरू कहीं लुकिरहेको छ कि भनी खोजन आएकोलाई नै 'पायो न्ह्याकेगु' अथवा खड्गजात्रा भन्ने गरेको हो । यसै कारण यो जात्रामा फलामे-पोशाक लगाई देवी-देवताहरूले खड्ग हातमा

लिई संग्राम गरेको दृश्य अनुकरण गरी राज्योचित ढंगबाट प्रदर्शन गराइराखेको हो भन्दछन् ।

यसरी दशमीको दिन विसर्जन भैसकेपछि नेपालको दशैं (मोहनी)-पर्व समाप्त हुन्छ । कोही-कोही त यो पूजा चतुर्दशीसम्म नै गर्दछन् । त्यसपछि यो चाड़-पर्वको उपलक्ष्यमा आफ्ना छोरी-बेटी, ज्वाइँ आदि नातादारहरूलाई निमन्त्रणा गरी देवीको प्रसादसहित टीका लगाउने गर्दछन् । यो विजयादशमीलाई खास गरेर नेवारी राजाहरूले मार्कण्डेयपुराण, दुर्गातन्त्र आदिको आधारमा सकेसम्म आफ्नो भावभक्ति प्रदान गरी गएकाले आजसम्म नेपालमा नेवारहरूले यो दशैंको चाड़लाई ठूलो मेला गराई मानिआएको हो । भक्तपुरमा यो दशैंको बेला श्री तुलजा भवानीलाई राज्योचित ढंगले मूल मन्दिरबाट कुमारीचोकमा राख्न ल्याउने बेलामा र ४ दिनपछि कुमारीचोकबाट मूल मन्दिरमा लेजाने बेलामा मूलचोकमा ठूलो मेला लाग्दछ । यसलाई नेपाल भाषामा 'द्यो ववहाँ बिज्याकेगु' र 'द्यो थाहाँ बिज्याकेगु' भन्दछन् । यो विजयादशैंको बेला हरेक देवीदेवताकहाँ, रातमा पनि ९ दिनसम्म ९ प्रकारका देवीस्थानमा आफ्ना शरीरमा बत्ती बाली देवीप्रति भक्ति दर्शाउन पनि हुन्छन् ।

●

नवरात्रिमा नुहाउने तीर्थ र दर्शन गर्ने देवीहरूको नाम

भक्तपुर

दिन	तीर्थको नाम	देवीको नाम	स्थान
पहिलो–प्रतिपदा	ब्रह्मायणीघाट	श्री ब्रह्मायणी देवी	नुहाउने खोलानजिकै
दोस्रो–द्वितीया	महेश्वरीघाट	श्री महेश्वरी देवी	नुहाउने खोलानजिकै
तेस्रो–तृतीया	पसिखेलघाट	श्री कुमारी देवी	नुहाउने खोलादेखि केही पर
चौथो–चौथी	चुपिघाट	श्री भद्रकाली देवी	नुहाउने खोलादेखि केही पर
पाँचौं–पंचमी	मंगलतीर्थ	श्री वाराही देवी	मंगलतीर्थदेखि केही पर
छैठौं–षष्ठी	सिद्धपोखरी	श्री इन्द्रायणी देवी	खौमाटोलदेखि केही पर
सातौं–सप्तमी	खासांखुसुं खोला	श्री महाकाली देवी	खोलादेखि केही पर

आठौं–अष्टमी	कमलपोखरी	श्री महालक्ष्मी देवी	भोलाछेंटोलदेखि केही पर
नवौं–नवमी	हनुमानघाट	श्री त्रिपुरसुन्दरी देवी	तुलाछें टोलमा
दशौं–दशमी	ब्रह्मायणीघाट	श्री नवदुर्गा भवानी	ब्रह्मायणी

काठमाण्डू

दिन	तीर्थको नाम	देवीको नाम	स्थान
पहिलो प्रतिपदा	शंखमूल	श्री चामुंडा	शंखमूल
दोस्रो–द्वितीया	शोभाभगवती	श्री लुति देवी	खोलानजिकै
तेस्रो-तृतीया	गोकर्ण	श्री गोकर्णेश्वर (महादेव)	गोकर्णमंगै
चौथो–चौथी	कालमोचन	श्री जमलेश्वर	कालमोचननजिकै
पाँचौं–पंचमी	पचली	श्री पचली भैरव	पचलीनजिकै
छैठौं–षष्ठी	टोखा	श्री मनमैजु देवी	फुसिखेल
सातौं–सप्तमी	न्हवघाट	श्री वत्सला देवी	देउपाटन
आठौं–अष्टमी	टेकुदोभान	श्री नै अजिमा देवी	भंसार
नवौं–नवमी	डोकदह	श्री कंकेश्वरी देवी	कंगु
दशौं–दशमी	गुह्येश्वरी घाट	श्री गुह्येश्वरी देवी	गुह्येश्वरीघाटनजिकै

नोटः—दशमीको दिनमा सूर्य उदाइसकेपछिमात्र नुहाउने ।

यम-पंचक (स्वन्ति)

नेपाल उपत्यकाको चाड़-पर्वहरूमा सबभन्दा उत्तम र रमाइलो चाड़ तिहार पनि एक हो। यो चाड़ कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितियासम्म ५ दिन मान्दछन्। यो ५ दिन ५ किसिमबाट नै विधिविधानबमोजिम पूजाआजा हुन्छ, जो कागपूजा, कुकुर-पूजा, लक्ष्मी-पूजा, म्हपूजा र भाइ-पूजा नै मुख्य हुन्। यो चाड़लाई नेपाल भाषाबाट 'स्वन्ति' भन्दछन्। यो चाड़ वर्षा ऋतु सिद्धिएर शरद् ऋतु लागेपछि शुरू हुने भएकोले यो चाड़ शुरू हुनुभन्दा एक दिनपहिले कार्तिक कृष्ण द्वादशीको दिनमा श्री गणेश र हात्तीलाई पूजा गर्ने पनि चलन छ। यो चाड़को समयमा ५ दिनसम्म यमराजले आफ्नो दैनिक कामकाज छोड़ी आफ्नी बहिनी जमुनाको घरमा अतिथि भै बसेको कुरा कुनै-कुनै वंशावलीमा वर्णन छ। त्यसैले यो चाड़को नाम नै यम-पंचक हुन गएको हो। जब कार्तिक कृष्ण त्रयोदशीको दिनले प्रवेश गर्छ तब हरेक घरकी आइमाईहरू आ-आफ्नो घरहरू सफा-सुघर गरी लिपपोत गर्दै काग-पूजा गर्ने गर्दछिन्। काग बड़ो चंख पक्षी हो, त्यसले टाढ़ाका कुराहरू सूचना दिन आउँदछ। काग बड़ो गुणी पनि हो। त्यसले कीटाणुद्वारा रोगादि फैलाउने कुरा सूचना दिन आई मानिसलाई रोगव्याधिबाट पनि बचाउँदछ। उसको यै गुण सम्झी त्यो दिनमा मानिसले कागलाई डाकी-डाकी मीठो-मीठो खाना खुवाई बड़ो प्रेमपूर्वक पूजा गर्दछन्। तर अरू दिनमा भने काग अमृतको घड़ा नै घोप्ट्याइदिने दुष्ट चंडाल पंछी हो भनेर लट्ठी, ढुङ्गा, मूढ़ाले लखेटी भगाइदिने गर्दछन्। कार्तिक कृष्ण त्रयोदशीका दिनमा कागलाई पूजा नगरे मानिसले पापको भागी बन्नुपर्नेछ भन्ने पनि कथन छ। भेषज-शास्त्रबमोजिम यो दिन धन्वन्तरी देवताको जन्म भएको दिन हो भनी वैद्य-कविराजहरूले धन्वन्तरीको पूजा गरी ठूलो उत्सव मनाउने गर्दछन्।

कार्तिक कृष्ण चतुर्दशीको दिन कुकुर-पूजा गर्ने दिन हो। त्यो दिन मानिसहरूले टोल-टोलमा रहेका कुकुरहरूलाई बोलाई फूलको माला पहिराई धेरै व्यंजनहरू खुवाई ठूलो भक्तिसाथ धूपदीप बाली पूजा गर्दछन्। आफ्नो घरमा पालिराखेका कुकुरहरूलाई पनि यस्तै नै पूजा गर्दछन्। कुकुर ठूलो गुणी र विश्वासी पशु हो। यसले घरमा चोरीबाट बचाउँदछ। परदेशमा जाँदा बाटो बिराउँदा यसले बाटो देखाइदिन्छ। यसले चोरहरूले चोरी गरी लुकाइराखेको वस्तु (धनहरू) देखाइदिन्छ। कुकुरले मालिकलाई मुद्दामामिलामा जिताइदिन्छ। कुकुरले हर तरहबाट आफ्ना मालिकको इज्जत बढ़ाउने काममा दिलोज्यान दिन्छ। देशमा वैरीहरूले हमला गर्न आउँदा कुकुरले नै बचाइदिन्छ। फेरि कुकुर भैरवनाथको वाहन पनि हो। कुकुर यमराजको दूत पनि हो। कुकुर यमद्वारको पाले पनि हो। मर्ने वेलामा कुकुरले

आनन्दसाथ यमद्वार पठाइदिने गर्दछ। यिनै सबै कारणबाट कार्तिक कृष्ण चतुर्दशीको दिनमा कुकुरलाई पूजा गरिराखेको हो। त्यो दिनलाई नरक-चतुर्दशी पनि भन्दछन्। कुकुर-पूजा गर्दा यमराजलाई पनि धूपदीप बाली पूजा गर्ने चलन छ। सो पूजा गरेको धूपदीप र यमराजलाई चढाएको फलफूल आदि अलग राखी खोलामा लगी पानीमा बगाइदिने पनि गर्दछन्। तसर्थ कुकुर-पूजाको दिनलाई मानिसहरूले बड़ो महत्व दिएका छन्।

भोलिपल्ट स्वाती नक्षत्र परेको औंसीको दिन हो। यसलाई कार्तिक कृष्ण औंसी पनि भन्दछन्। नेवारी भाषामा यो दिनलाई 'स्वन्ति' भन्दछन्। यस दिन पनि हरेक घरका परिवारले बिहान सबेरै नुहाई, घरलाई सफा-सुग्घर पारी ठूलो श्रद्धाले गाईलाई गोमाता सम्झी धेरै किसिमका व्यंजनहरू चढाई फूलको माला पहिराई पूजा गर्दछन्। पद्मपुराणमा कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितियासम्म ५ दिन मान्ने पंचक नाम भए तापनि हिजोआज मानिसहरू अक्सर गरेर लक्ष्मीपूजाको दिनदेखि मात्र ठूलो उत्सव गरी मान्दछन्। लक्ष्मीपूजाको दिन घरलाई सफा-सुग्घर गरी उज्यालो पारिएन अर्थात् झलझलाकार गराएन भने त्यस घरमा लक्ष्मीको प्रवेश हुँदैन भन्ने कथन छ। तसर्थ त्यो दिन मानिसहरूले आ-आफ्नो घर सफा-सुघर गरी ढोकादेखि पूजाकोठासम्म भूइँ लिपेर राती झ्याल-ढोकामा झलझलाकार गरी बत्ती बालेर घरको झ्याल-ढोकामा फूलको मालाले सिंगारी घरको मूल ढोकामा दायाँ-बायाँ केराको खम्बा हालेर लक्ष्मीको आह्वान गर्दछन्। अनि रातमा मूल कुटीको भूइँमा तेल अबीर आदिबाट पंचरंगी मण्डप लेखी धानको रासमा श्री लक्ष्मीको आह्वान गरी विधि-विधानबमोजिम श्रद्धाभक्तिले पूजा गर्दछन्। चामल, गहुँ, केराउ, मुगी, मास आदि पांच किसिमको अन्न माना पाथीमा राखी श्री लक्ष्मीका वाहन कछुवा र धनकुबेर आदिलाई ठूलो भावभक्तिले पूजा गरी धूपदीप र ८४ व्यंजन, नैवेद्य, फलफूल, पान-मसला चढाउने काम गर्दछन्। त्यसै बेला कलश स्थापना गरी कुचो, घट र दैनिक काममा प्रयोग हुने भाँडाकुँड़ा र दाम राख्ने कन्तुर आदिलाई पनि पूजा गर्दछन्। यसैलाई लक्ष्मी-पूजा गर्ने भन्दछन्। त्यो दिन केटाकेटीहरू खूब रमाउँछन्। घरमा बत्ती निभेको ठाउँमा र कोठा, ढोका, झ्याल आदि बत्ती नभएको ठाउँमा बत्ती हाली अरूहरूको घरमा भन्दा आफ्नो घरलाई उज्यालो झलझलाकार तेज पार्ने प्रतिस्पर्धा गर्नेतिर लड़कालड़कीहरू दगुरिरहन्छन्। त्यस्तै त्यो दिनमा व्यापारीहरूले पनि आ-आफ्नो पसल सफा-सुघर गरी फूलले सिंगारी लाभ-शुभ भन्ने लबज सिंदूरले लेखी झलझलाकार बत्तीको प्रकाश पारी ठूलो उत्सव मनाउँदछन्। हरेक पसले, महाजनले त्यो दिन आ-आफ्नो लेनदेन फारक पार्ने काम गर्दछन्। त्यो दिन सबैले झलझलाकार प्रकाश आउने गरी बत्ती बाल्ने दिन भएकोले

त्यस दिनलाई 'दीपावली' पनि भन्ने चलन छ। घरमा लक्ष्मीपूजाको काम नसिद्धिएसम्म अथवा श्री लक्ष्मीको प्रसाद नलिएसम्म घरको रुपियाँ-पैसाहरू त्यो दिन बाहिर पठाउँदैनन्। यदि त्यस दिन धन बाहिर गयो भने लक्ष्मी बाहिर जानेछिन् भनी मानिसहरू ठान्दछन्। लक्ष्मीपूजा गरेको प्रसाद ४ दिनपछि मात्र लिने गर्दछन्। सो लक्ष्मीको प्रसाद लिने बेलामा छोरीबेटीहरूलाई निम्त्याई लक्ष्मीको प्रसाद दिने गर्दछन्। लक्ष्मीपूजा हाम्रो नेपालमा मात्र होइन, एशियाका अन्य मुलुकले पनि मान्दछन्। कलकत्ता, बम्बई, दिल्ली, वाराणसी र इलाहाबादमा त ठूलो उमङ्गका साथ मनाउँदछन्। त्यो दिनको निमित्त गृहस्थ, व्यापारीहरूले एक महीनाअगाड़िदेखि नै आ-आफ्नो घर, पसलहरूको सफाई गर्ने र रंग-रोगनले सिंगार गर्न थाल्दछन्। अनि लक्ष्मीपूजाको दिन ठूलो उत्सव मनाई बत्ती बालेर श्री लक्ष्मीको आदरसाथ स्वागत गर्दछन्। यसै उपलक्ष्यमा शुभकामना पठाउने काम गर्दछन्। त्यस दिन आकाशमा पताका र बत्तीको प्रकाशले नौलो वातावरण प्रस्तुत भई सबै प्रफुल्लित भएको देखा पर्दछन्। भारतको वाराणसी शहरमा भोलिपल्ट प्रतिपदाको दिन श्री विश्वनाथ मन्दिरमा र श्री अन्नपूर्णा देवीको मन्दिरमा लड्डूको मन्दिर बनाईकन सजाइराखेको हुन्छ। यसै बेला श्री अन्नपूर्णाको सुनको मूर्ति पनि बाहिर ल्याएर सर्वसाधारणको दर्शनको लागि देखाउने गर्दछन्। उक्त सुनको मूर्ति वर्षको एकपटक मात्र सर्वसाधारणले दर्शन पाउँछन्। लक्ष्मीपूजाको दिनमा त्यहाँ एक मन चामलको भात पकाई ८४ व्यञ्जनले युक्त गराई भोग चढाउनुपर्ने परम्परा थियो। जसलाई हेर्ने त्यस दिन दर्शनार्थीहरूको ठूलो घुइँचो लाग्दछ। पर्सिपल्ट अर्थात् द्वितियाको दिन त्यसै मन्दिरको लड्डु र अन्य पकवानहरूको प्रसाद वितरण गरिन्छ। त्यो प्रसाद लिन जाने भक्तजनहरूको ठूलो भीड़ लाग्दछ। यो लक्ष्मीपूजा गर्ने विषयमा थरीथरीका पौराणिक कथाहरू बयान गरिराखेको ग्रन्थहरू पाइन्छन्। तीमध्ये केही यहाँ उल्लेख गरिन्छ :—

एक दिन बलिराजाले श्री लक्ष्मीलाई थुनेर असंख्य धन बटुलिरहेको बेलामा श्री विष्णु भगवान्ले आफ्नो युक्तिबाट श्री लक्ष्मीलाई छोड़ाएर ल्याएको उपलक्ष्यमा सबै देवताहरूले खुशी मनाई बत्ती बाली उत्सव मनाएको दिन भएकोले त्यो दिन श्री लक्ष्मीको पूजा गर्ने चलन चलाएको हो। अर्को कुरा, यसै दिन बलिराजाले पातालको राज्य प्राप्त गरेको हुनाले ठूलो उत्सव मनाई राज्यमा धन-धान्यको समृद्धि होस् भन्ने कामना गरी बत्ती बाल्ने चलन चलेकोबाट दीपावली नाम हुन गएको हो। अर्को कुरा यो पनि छ कि त्यस दिन श्री विष्णु भगवान्ले नरकासुर राक्षसलाई मारिदिएकोले त्यसबाट मानिसहरूले सुख-शान्ति पाएको हुँदा सोही उपलक्ष्यमा त्यस दिन बत्ती बाली उत्सव मनाउने चलन चलेको हो। अर्को कथन

यो पनि छ कि श्री रामचन्द्र सिंहासनमा आरुढ़ भएको दिन भएको हुनाले त्यही शुभ उपलक्ष्यमा श्री लक्ष्मीको पूजा गरी बत्ती बाली उत्सव मनाएको दिन हो। अर्को भनाइ यो छ कि नेपाल सम्वत्‌को आखिरी दिन भएकोले अर्को नयाँ वर्षमा पनि श्री लक्ष्मीले हरेक घरमा स्थित भई वास गरून् भन्ने भावना राखी ठूलो उत्सव मनाई बत्तीले झलमल पारी श्री लक्ष्मीको पूजा गर्ने रीत चलेको हो। इत्यादि भिन्न-भिन्न कथनहरू धेरै पाइन्छन्।

तर गाउँघरमा लक्ष्मी-पूजाको दिन अर्कै रूपबाट उत्सव मनाउँदछन्। श्री लक्ष्मी-पूजाको दिन भैलो माग्न फौजका फौज लड़काहरू गाना गाई बाजा बजाई घरघरको दैलो-दैलोमा घुमिरहन्छन्। भैलो माग्ने भनेको पैसा र केही चीज-वस्तु माग्नलाई नै भन्ने रीत छ। श्री लक्ष्मीपूजाको विषयमा लक्ष्मीकलार्णव तन्त्रमा पनि विस्तृत उल्लेख गरिराखेको छ।

चौथो दिन याने कार्तिक शुक्ल प्रतिपदाको दिन बिहान गोवर्धन-पूजा गर्दछन्। यस दिन बलिराजा र साँढ़ेलाई पूजा गर्ने पनि रीत छ। राती 'ह्मपूजा' नामले नेवारहरू आफ्नो शरीरको पूजा गर्दछन्। बलिराजा र साँढ़ेको पूजा गर्ने विषयमा पर्व-क्रिया नामको ग्रन्थमा विस्तृत विवरण उल्लेख गरिराखेको छ। नेपाल-उपत्यका-मा भने धेरैजसो 'ह्मपूजा'लाई नै विशेष मानेका छन्। संसारमा सबभन्दा ठूलो आत्मा हो। आत्मा संतुष्ट भए देवता संतुष्ट हुन्छ। देवता संतुष्ट भए सबै काम फत्ते हुन्छ। सबै काम फत्ते भए जन्म लिएको सफल ठान्दछन्। तदर्थ ह्मपूजा गर्नै पर्छ भनेर त्यो दिन मानिसहरू आफ्नो शरीर सफा गरी नुहाई धुवाई, स्वच्छ भई आफ्नो मन शुद्ध गरी नयाँ-नयाँ लुगा लगाई हिंड्ने गर्दछन्। यो 'ह्मपूजा' गर्ने बेलामा भूइलाई सफा गरी पानी र तेलले मण्डप लेखी त्यस मण्डपमाथि पञ्चरंगी अबीरले सिंगारी धानको मुठीमाथि अक्षता फूल हाली धूपदीप बाली पूजा गर्दछन्। अनि आफूले मान्नुपर्नेसंग टीका लगाउन लगाई फूलको माला पहिरी उमालेर तारि-राखेको हाँसको फूल, माछा र अदुवा ३ थरी सगुन हातमा लिएर खाने गर्दछन्। त्यसपछि अनार, केला, बिमरा, ओखर आदि विभिन्न फलफूल र मिठाई रोटी, पान-मरमसला इत्यादि लिने गर्दछन्। अनि आफ्नो शरीरमा लागेको पापादि रोगादि सबै नाश होस् र आयु लम्बियोस् भन्ने कामना गरी शरीरको पूजा हुन्छ। यो पूजा गर्ने बेलामा बलिराजालाई साक्षी राखेर पूजा गर्ने गर्दछन्। पूजा गर्ने बेलामा घरमा दैनिक प्रयोग हुने कुचो, नाँग्लो र पानीको गाग्रीलाई पनि पूजा गर्ने गर्दछन्। अनि पछि भोज खाने गर्दछन्। यसैलाई 'ह्मपूजा' गर्ने भन्दछन्।

यसै दिन बिहान गोवर्धन पूजा गर्ने विषयमा पौराणिक कथाहरू प्रचलित

भैराखेका छन्। पौराणिक कथाअनुसार द्वापर युग शुरू हुनुभन्दा पहिले गोकुल भन्ने देशमा श्री इन्द्रलाई पूजा गर्ने चलन थियो। तर पछि द्वापर युग लागेपछि गो कुलवासी श्री कृष्णले इन्द्रको पूजा गर्न छोड़ाई त्यसको सट्टा गोकुलवासीहरूलाई गोवर्धन नाम गरेको पहाड़लाई देवता मान्न लगाई पूजा गर्न लगाए। यसरी गोकुल-वासीहरूले आफूलाई पूजा गर्न छोड़ेको हुँदा रीसले गोकुलवासीहरूका विरुद्ध इन्द्रले अन्धाधुन्ध पानी वर्षाइदिए। तर श्री कृष्णले गोवर्धन पर्वतलाई आफ्नो हातले उचाली छाताजस्तो गरी गोकुलवासीहरूलाई ओढ़ाई रक्षा गरेर इन्द्रको घमण्ड तोड़िदिए। श्री कृष्णको यस्तो पौरख देखेर श्री कृष्ण मामूली व्यक्ति रहेनछन् भन्ने सम्झी इन्द्र भगवानले श्री कृष्णको दर्शन-भेट गर्न आई क्षमा मागे। त्यसै बेलादेखि गोवर्धन पर्वत र साँढ़ेलाई पूजा गर्ने चलन चलेको हो। यसै दिन श्री बलिराजालाई पूजा गर्ने विषयमा पनि एउटा कथा छ। जो यस प्रकारको छ :—एक दिन चक्रवर्ती, सार्वभौम बलिराजाले लक्ष्मीलाई आफ्ना हातमा पारी धनधान्यले सुसम्पन्न भए। बलिराजा ठूला श्रद्धालु र दानी थिए। एक दिन श्री बैकुण्ठनाथ भगवान्ले वामन अवतार लिई त्रिविक्रम रूपमा श्री बलिराजाकहाँ आई आफ्नो गोड़ा टेक्न ३ पाइला जग्गा मागे। बलिराजाले पनि ३ पाइलासम्म राख्न जमीन दिने कबूल गरे। श्री बलिराजले श्री वामन अवतारका त्रिविक्रम रूप श्री नारायणलाई एउटा पाइला टेक्न निमित्त आकाश दिए र अर्को पाइलाको निमित्त पृथ्वी दिए तर एउटा पाइला टेक्ने ठाउँ दिन सकेनन्। अब के गर्ने हो भनी सोच-विचार गरी अर्को एक पाइला टेक्न आफ्नो टाउको नै थापिदिए। तब श्री भगवान्ले बलिराजालाई पातालसम्म पुर्‍याई पातालको राज्यभोग गर्न लगाएर पृथ्वीको भार सबै आफैले बोकिलिएको दिन भएकोले कार्तिक शुक्ल प्रतिपदाको दिनलाई महत्व दिइएको हो। बलिराजाको गुणको कुरा सुनेर त्यो दिन बलिराजाको पनि पूजा गर्ने चलन चलेको हो भन्ने कथन छ।

अर्को कथनअनुसार यो दिन शंखधर नाम गरेको एक व्यापारीले सबै दुनियाँको ऋण चुक्ता गरी नेपाल सम्वत्लाई शंखधरकृत नेपाल सम्वत् भनी चलाइदिएको उपलक्ष्यमा यस दिनलाई महत्वपूर्ण गराई नेवारहरूले राष्ट्रीय चाड़ मनाइराखेको हो भन्ने पनि छ। यस विषयमा अर्को कथन यस प्रकारको पनि छ :—एक दिन भक्तपुरका राजा आनन्द मल्ललाई एकजना प्रख्यात् ज्योतिषीले शास्त्र हेरी यो मुहूर्तमा विष्णुमती र भद्रमतीको बीच चखुंतीर्थमा सुन बगेर आउनेछ, त्यस बेलाको बालुवा सबै सुनैसुन हुनेछ भनी बिन्ति चढ़ाउँदा राजाले चारजना भरियाहरूलाई बालुवा ल्याउन अह्राई पठाए। भनेको मुहूर्त परेको बेला नै भरियाहरूले पनि बालुवाको भारी बोकी ल्याएको बेलामा यिनीहरू यहाँसम्म बालुवा लिन किन आएको होला, यसमा केही रहस्य हुनुपर्छ भन्ने विचार गरी कान्तिपुरका एक व्यापारी शंखधर नामका व्यक्तिले ती बालुवा बोकेर

आउने भरियाहरूलाई लोभ-लालचमा पारी उसको ज्वाला दिई सो बालुवाका भारीहरू आफ्नो घरमा खन्याउन लगाई भक्तपुरका राजाका निम्ति अर्कै बालुवा लिन पठाए। पछि ल्याएको सो बालुवामा सुन नभएको देखेर राजाले त्यस ज्योतिषीलाई झुट्ठा ठह्र्याई गाली गरे। ज्योतिषीले आश्चर्य मानी शास्त्र झुट्ठा रहेछ भनी रीसले आफ्नो शास्त्रको किताप नै आगोमा पोलिदिए। यता शंखधरका घरको छिड़ोमा खन्याउन लगाएको बालुवा सबै सुन भएकोले शंखधरले कान्तिपुरका राजा जयदेवसंग अनुमति लिएर सोही सुनबाट दुनियाँको ऋण चुक्ता गरी आफ्नो नाउँबाट नयाँ सम्वत् फेरिदिए र शंखधरकृत नेपाल सम्वत् नाम रह्यो। यसै कारण सोही दिनको सम्झनामा, सबैले ऋणमुक्त हुन पाएको दिन भएकोले त्यस दिन 'ह्मपूजा' राष्ट्रिय चाड़ मनाउने गराइ-राखेको हो भन्ने कथन छ।

यसपछि भोलिपल्ट कार्तिक शुक्ल द्वितियाको दिन भाइ-टीकाको दिन हो। नेपाल भाषामा यसलाई 'किजा-पूजा' भन्दछन्। यो दिन भ्रातृ-वियोग भएकाको मिलन हुने र वर्ष दिन छुट्टिइरहेका दाज्यु-भाइ दिदी-बहिनीहरूको मिलन हुने सुखद दिन हो। यो दिन दिदीहरूले भाइलाई र बहिनीहरूले दाज्युलाई स्नेहपूर्वक निधारमा टीका लगाई धूपदीप बाली दाज्यु-भाइलाई मनपरेको रोटी फलफूल दिएर पूजा गर्दछन्। विवाह भइसकेकी दिदी-बहिनीहरूले त सकेसम्म फरमाएर दाज्यु-भाइहरूलाई पूजा गर्दछन्। त्यसैले भाइटीकाको दिन आइमाईको दिन हो भनेको। दाज्युभाइलाई पूजा गर्ने बेलामा दिदी-बहिनीहरूले यमराजलाई साक्षी राखी ह्मपूजाको दिनजस्तै तेलले मण्डप लेखी पंचरंगी अबीरले सिंगारी धानका मुठीहरूमा फूल-अक्षता चढ़ाई बड़ो श्रद्धा-पूर्वक पूजा गर्दछिन्। यो पूजा गर्ने बेलामा ओखर, बिमरा कहिल्यै नओइलाउने रातो मखमली फूलको मालालाई प्रमुखता दिई उमालेर तारेको हाँसको फुल दिदी-बहिनीहरूले दाज्युभाइहरूलाई सगुन दिने काम हुन्छ। यो पूजा दाज्यु-भाइहरूको सुस्वास्थ्यको मंगलकामना गरी लामो आयु भई दीर्घजीवी होस् भन्ना निमित्त नै गराइराखेको हो। दिदी-बहिनीहरूले दाज्यु-भाइहरूलाई स्नेहपूर्वक पूजा गरिसकेपछि दाज्यु भाइहरूले पनि आफ्नी दिदी-बहिनीहरूलाई माया-स्नेहको प्रतीक चोलो फरिया अथवा रुपियाँ-पैसा आफ्नो गच्छेअनुसार उपहार दिने गर्दछन्। यसैलाई भाइपूजा अथवा 'किजापूजा' भन्दछन्। आफ्नी दिदी-बहिनी नहुने दाज्यु-भाइहरूले नातेदार दिदी-बहिनीहरूलाई बोलाई पूजा गर्न लगाउने गर्दछन्। यो पूजा किन गर्नुपर्ने अथवा किन गराइराखेको हो भन्ने विषयमा निम्न पौराणिक कथाबाट विदित हुन्छ। यमराजलाई बहिनी यमुनाले पूजा गरिरहेको बेलामा एक दिन मानिसहरूमा पनि यस्तै स्नेह र माया गरी दाज्यु-भाइलाई दिदीबहिनीहरूले पूजा गर्ने दिन बनाइदिनुहोस् भनी अनुरोध गर्दा यमराजले बहिनीको कुरा स्वीकार गरी सो दिन बनाइ-

दिएको हो भन्ने कथन छ। यो भाइटीका विषयको कथा यस प्रकारबाट बयान गरिराखेको छ :—

एकपल्ट कार्तिक शुक्ल द्वितियाको दिनमा दिदीले भाइलाई पूजा गरिरहेको अवसरमा आयु सिद्धिएका त्यस भाइलाई आफ्ना दूतहरूसहित यमराजले लिन आए। त्यसै बेला दिदीचाहिँले यमराजलाई पनि बड़ो भक्तिभावले पूजा गरिन्। तिनको भावभक्तिपूर्ण पूजा देखेर यमराजले खुशी भई वरदान माग्ने आज्ञा दिए। पूजा गरिरहेकी दिदीले मौका पाउनासाथ आयु छिन्न भएका मेरो यो भाइलाई यो पूजा गरिराखेको भूइँ-मण्डपमा भएको तेल नसुकेसम्म र बलेको बत्ती ननिभेसम्म, अनि भाइलाई पहिराएको मखमली फूलको माला नओइलाएसम्म, भाइलाई दिएको बिमरा नकुहेसम्म, ओखर पानीमा भिजाउँदा नभिजेसम्म भाइलाई लैजान पखिबक्स्योस् भनी बिन्ति गरी वरदान मागिन्। सो कुरा सुन्नासाथ पहिले त यमराज जिल्ल परे, तर आफूले इच्छाबमोजिमको वरदान दिनेछु भनी पहिले नै वाचा गरिसकेको हुँदा उनको इच्छालाई यमराजले मान्न कर परी भूइँमा लेखेको तेल सुक्न धेरै बेर लाग्ने, पहिराइराखेको मखमली फूलको माला ओइलाउन पनि धेरै दिन लाग्ने र पानीमा भिजाएको ओखरसमेत फुल्न धेरै समय लाग्ने भएको हुँदा यमराजले त्यो आयु सिद्धिसकेको भाइलाई त्यसै छोड़ी गए। यसर्थ भाइटीकाको दिनमा भाइलाई दिदीले र बहिनीले दाज्युलाई पूजा गर्नुको मतलब आयु बढ़ाउन निमित्त बनाइराखेको हो। यसैले नेपालमा त्यो दिनको ठूलो महत्व मानिएको हो।

●

बाला-चतुर्दशी

यो पर्व हरेक वर्षको मार्ग कृष्ण चतुर्दशीको दिनमा पर्दछ। आमा-बाबु नभएका छोराछोरीले अथवा छोरा-छोरी नभएका आमा-बाबुले काज-क्रिया गर्ने पशुपतिक्षेत्र श्लेष्मान्तक वनमा गई त्यो दिन सतबीज छर्न जाने गर्दछन्। सतबीज छर्नु भनेको सप्तधान्यादि मिसिएका अन्नहरू भूइँमा छर्नु हो। यो पर्वको दिनमा काजक्रिया गरेका छोराछोरीहरूले श्रद्धापूर्वक आफ्ना मरेका आमाबाबुको नाउँमा पशुपतिक्षेत्रमा यो सतबीजहरू छरिदिनाले मृत आमा-बाबुले जीवित अवस्थामा गरेको पापकर्महरू सबै नाश भई वैष्णवहरू भए बैकुण्ठवास र शिवमार्गीहरू भए कैलाशवास गर्ने

पाउँछन् भनी सबैले ठूलो विश्वास मानेका छन् । त्यो दिन पशुपतिक्षेत्रको मृगस्थली, कैलाश, गुह्येश्वरी आदि स्थानमा उक्त सप्तधान्यादि सतबीज छर्न जानलाई छोराछोरीहरू आफ्नो ठूलो कर्तव्य सम्झन्छन् । तसर्थ त्यो पर्वको दिन उपरोक्त ठाउँमा ठूलो मेला लागी सप्तधान्यादि अथवा सतबीज छरिने भएकोले त्यहाँ गोड़ा राख्ने ठाउँ हुँदैन । त्यो पर्वको दिन मानिसहरू त्यस ठाउँमा मेला भर्न आउँदछन् । टाढ़ा-टाढ़ाका, याने हाम्रा पाखा-पर्वतका मानिसहरू त एक दिनअगाड़ि नै श्री पशुपतिक्षेत्रमा पुगेर रातभरि महाबत्ती बालो भजन गरेर जागरण बसी भोलिपल्ट बिहान सबेर हुनेबित्तिकै बागमतीमा स्नान-ध्यान गरी सतबीज छर्न जाने काम गर्दछन् । यो पर्वको दिन त्यो ठाउँमा एक गेड़ा सतबीज छर्नेलाई एक टुक्रा सुनको दान गर्नेले पाउने बराबरको फल प्राप्त भई मृगस्थलीमा एउटा गोड़ामात्र टेक्न पाए पनि मोक्ष प्राप्त हुनेछ भनी हिम-वत्खण्ड-पुराणमा लेखिराखेको छ । जिउँदा मानिसहरूको लागि त उक्त ग्रंथमा त्यो दिन श्री पशुपति, श्री गुह्येश्वरी र श्री वासुकी आदि देवताहरूको दर्शन गर्नाले प्राप्त हुने फलको बयान गरी साध्य नै छैन भनी लेखिएको छ । तसर्थ त्यो ठाउँमा आजसम्म राजा, प्रजा र सबैजसो नेपालवासीहरू त्यस पर्वमा भेला भई मेला भर्दै आएका छन् । त्यो सतबीज छर्न जाने बेलामा श्लेष्मान्तक वनमा रहेका श्री गणेशलाई पनि पूजा गर्ने चलन छ । यी गणेशजी बहिरा हुन् । यी दुनियाँदारका दूत हुन् भनी सम्झी यी गणेशलाई भक्तिपूर्वक पूजाआजा गरी गणेशजीको मूर्तिलाई घच्घच्याइदिएमा मरेका आफ्ना परिवार-लाई तिनका परिवारहरू पनि सतबीज छर्न आएका रहेछन् भनी गणेशजीले सुनाइदिनेछन् भन्ने कथन छ ।

यो हो बाला चतुर्दशी-पर्वको महान कारण । यो बाला चतुर्दशीका विषयमा एउटा किंवदन्ति कथा पनि छ । जो यस प्रकारको छ :—

परापूर्वकालमा नेपालमा भुवनकेशरी नाम गरेका राजाको पालामा बालानन्द नाम गरेका एक वैश्य थिए । एक दिन एकजना गुठियार मरेकोले मुर्दा पोल्न लैजाने काम बालानन्दको नै भयो । मुर्दा पोल्ने बेलामा मसानमा खानेकुरा खानुपर्ने चलन रहेछ । बालानन्दले खानेकुरा खाँदै मुर्दा पोलिरहेको बेलामा संयोगवश आगोले मुर्दाको टाउको (खप्पर) पड्की केही गिदी खानेकुरामा परेछ तर थाहा नपाई तिनले त्यो मुर्दाको गिदी पनि खाइदिए । जब त्यो मुर्दाको गिदी बालानन्दको मुखमा पर्‍यो तब बालानन्दको टाउको झलझलाकार तेजिलो चाँदीको भएछ । अनि बालानन्दले राक्षस भई पोलिइरहेको मुर्दा सबै सखाप

गरी खाइदिए। त्यसैले ती बालानन्दको नाम नै बालासुर रह्यो। अब बालासुरले त्यही श्लेष्मान्तक वनको मसानमा नै बसी जलाउन ल्याएको मुर्दा सबै बलजफ्ती खोसी वनभित्र गई खान थाले।

दुनियाँले मृतकको शरीरलाई आफ्ना जातअनुसार जलाउन नपाउँदा राजा भुवनकेशरीको हजूरमा जाहेर गर्न गए—महाराज ! हजूरको राज्यमा बस्ने हामी प्रजाले जातअनुसार कर्म गरी मुर्दा जलाउन पाएनौं। त्यस दुष्ट बालासुरलाई मारिपाऊँ भनी बिन्ति गर्दा प्रजाहरूको अनुरोधबमोजिम राजाले उक्त दुष्ट बालासुरलाई मार्न अनेक जुक्ति रचे, तर केही लागेन। आखिर बालानन्द वैश्यकै एकजना मित वृषसिंहलाई राजाले बोलाउन पठाई उसका मित बालानन्दको बारे सबै वृतान्त सुनाए। राजाले वृषसिंहसंग तिम्रा मित लुटाहालाई मारिदिन सक्यौ भने तिमीले धेरै जग्गा र धन-दौलत पाउनेछौ भन्ने कबूल गरे। राजाको यो वचन शिरोपर गरी वृषसिंह पनि सुरिएर राजदरबारबाट निस्क्यो तर मित बालासुर ज्यादै बलियो भएको हुँदा वृषसिंहले मितसंग लड्न हिम्मत गर्न सकेन। अनि उत्तिनैखेर वृषसिंहले महादेवको तपस्या गर्न थाल्यो। एक दिन श्री महादेव र पार्वती घुम्न आएको बेलामा उसले महादेवको ध्यान गरी तपस्या गरी बसिरहेको देखे। महादेवले तिमी को हौ ? किन मेरो ध्यान गरी बसेको हो ? भन्दा वृषसिंहले मेरो मितले अभक्ष चीज खाएर बालासुर राक्षस भई मरेका मानिसहरूको लाश लुटेर खाने गरेको हुनाले मैले त्यसलाई मार्न सक्ने तागत पाऊँ भनी बिन्ति चढाई वरदान माग्यो। श्री महादेवले पनि सबै कुरा सुनी त्यो राक्षस बालासुरलाई मार्न सक्ने शक्ति प्रदान गरेर आज्ञा भयो कि त्यस बालासुरलाई मारिसकेपछि त्यसको टाउको मलाई चढाउनु। यति भनी श्री शंकरनाथ महादेव अन्तर्ध्यान भए। वृषसिंहले महादेवको वरदान पाएपछि नगरमा आई एउटा जुक्ति सोचेर एक घ्याम्पो रक्सी र सोही-अनुसार मासु-च्यूरा आदि खानेकुराहरू १०।१२ जवान भरियाहरूलाई बोकाई मुर्दा लैजाने बाटोबाट लग्यो। यो देखेर मुर्दा ल्यायो भनी बालासुर निस्क्यो। वृषसिंहले आफ्ना मित बालासुरलाई आएको देखेर 'मितज्यू ! नमस्कार ! धेरै दिन भो, मितसित भेट नभएको, यसैले धेरै कोसेली ल्याएको छु'' भनी भरियाहरूबाट बोकाइल्याएको सबै चीजहरू अगाडि राखिदियो। मित बालासुरले बड़ो खुशीले गद्गद भई त्यो ल्याएको जम्मै चीजहरू हजम पार्‍यो। रक्सीको नशाले बालासुर अचेत भयो। त्यही मौकामा वृषसिंहको जमातले त्यस बालासुरलाई डोरीले कसेर बाँधी एउटा इनारमा खसाली माथिबाट ढुङ्गामूढा आदिले हानेर मारे। बालासुर मरेपछि वृषसिंह इनारभित्र पसेर बालासुरको

चाँदीको टाउको काटेर लिई राजा भुवनकेशरीकहाँ हाजिर भई काम सफल गरी आएको छु भनी बालासुरको टाउको अगाडि राखिदियो, र टाउकोको गहना बनाई श्री पशुपतिनाथलाई चढ़ाउनुपर्छ भनी बिन्ति गऱ्यो। राजा भुवनकेशरीले बहुतै खुशी भई वृषसिंहलाई धेरै जग्गा र धन बक्सिस दिए। त्यो बालासुरको टाउको वृषसिंहले श्री पशुपतिनाथलाई चढ़ाउन जाँदा श्री पशुपतिनाथले खुशी भएर वरदान माग भनी आज्ञा भयो। वृषसिंहले "प्रभू! बालासुर मेरो मित भएकोले मलाई मित्र-हत्याको पाप लाग्ने भयो, अतः त्यो हत्या मोचन हुन पाओस्" भनी बिन्ति गऱ्यो। श्री महादेवले वृषसिंहलाई यो बालासुर मरेको दिन, याने बालासुरको चाँदीको टाउकोलाई हरेक वर्ष मलाई चढ़ाएको दिनमा श्री पशुपतिनाथको मूर्तिमा लगाई पूजा गर्नु, मित्र-हत्याको पाप मोचन हुनेछ भनी श्री पशुपतिनाथले वर दिई अन्तर्ध्यान भए। यसै बेला श्री पशुपतिनाथबाट यो पनि आज्ञा भयो कि यो बालासुर मरेको दिनमा त्यसको टाउको श्री पशुपतिनाथले लगाउने बेलामा जसले श्लेष्मान्तक वनमा सतबीज छरेर श्री पशुपतिनाथको क्षेत्रमा गोड़ा हाल्न आउला त्यसका सन्तानहरू सात पुस्तापछिसम्मकाहरूले मोक्ष प्राप्त गरी शिवलोकमा बास गर्न पाउला भनी आज्ञा भई श्री शिवजी अन्तर्ध्यान भए। त्यसै बेलादेखि सो बालासुर मरेको दिनमा याने बाला चतुर्दशीका दिनमा सतबीजहरू छरेर श्री पशुपतिनाथको दर्शन गर्न जाने चलन चलेको हो, र त्यो दिनलाई ठूलो महत्व दिई मानिआएको हो।

उहिले-उहिले ३ शहरका नेवार राजाहरू आ-आफ्ना राजनीतिक विषयमा मतभेद हुँदा त्यस ठाउँमा त्यो दिन सतबीज छर्न आउने मानिसहरूलाई कैदी बनाएकोले भक्तपुरका राजाले त्यो ठाउँको आह्वान गरी भक्तपुरमा नै सतबीज छर्ने ठाउँ र पाटनमा पनि त्यस्तै आह्वान गरी पाटनमा नै सतबीज छर्ने ठाउँ बनाएका थिए भन्ने कथन छ।

●

धान्य-पूर्णिमा (यमऱ्ही पुन्ही)

नेपाल-उपत्यकाको चाड़-पर्वहरूमा धान्य-पूर्णिमा पनि एक पर्व हो। यो पर्व चन्द्रमा मृगराशिमा पर्ने मार्ग महिनामा पर्दछ। नेपाल-उपत्यकामा नेवारहरू यसलाई 'यमऱ्ही पुन्ही' भन्दछन्। पहाड़-पर्वतमा भने यस दिन गाईको गोठ पूजा गर्ने भएकोले

गोडू-पूजा भन्दछन् । उपत्यकामा यस दिनको विशेषता के छ भने यस दिन 'यमऱ्ही' भन्ने एक प्रकारको रोटी खाने गर्दछन् । यस दिन सकेसम्म नयाँ बालीबाट आएको चामलको पीठोबाट बनाएको 'यमऱ्ही' नामको एक किसिमको रोटी खानाले यसबाट प्राप्त हुने फ़ायदा र 'यमऱ्ही' खानुपर्ने कारणहरूबारे कुलायनतन्त्रमा विस्तृत रूपमा बयान गरिराखेको छ । 'यमऱ्ही' भन्ने रोटी चामलको पीठोबाट लट्टूजस्तो चुच्चे पारी अंजीर आकारको र त्रिकोणाकार गरी दुई किसिमबाट बनाएको हुन्छ । अंजीर आकारको 'यमऱ्ही' रोटीमा भित्र गुड़ (चाकु) र तिल हालेर बनाउँदछन् । तर त्रिकोणाकारको यस रोटीभित्र मुगी, मास र केराउ आदि पिधेर मसला मिसाई बनाइराखेको हुन्छ । यो रोटी १५।२० मिनेटजतिभित्रै पानीको बाफले मात्र (ममोचाजस्तै) पाक्ने गरी तयार गर्दछन् । भित्र गुड़ (चाकु), तिल भएको अंजीर आकारको र भित्र मास, मुगी, मसला हालेको त्रिकोण आकारको पानीको बाफले मात्र पाकेको रोटीलाई नै 'यमऱ्ही' भन्दछन् । यो रोटी अक्सर गरेर नेवारहरूको घरमा मात्र खाने चलन छ । तर हिजोआज त उपत्यकामा मात्र होइन, पहाड़-पर्वतमा समेत यो रोटी प्रचारमा आइसकेको छ । हिजोआज त काठमाडौंको होटेलहरूमा भित्र मासु राखेर 'ममोचा' नामको यमऱ्ही जस्तै रोटी खूब चल्ती भैरहेको छ । यो 'यमऱ्ही' रोटीको उपयोग धान्य-पूर्णिमाको दिनमा हुने भए तापनि नेवारहरू आफ्ना छोरा-छोरीहरूको २, ४, ६, ८, १०, र १२ वर्षे जन्मदिनमा पनि उपयोग गर्दछन् र आफन्तहरूकहाँ बाँड्न जान्छन् ।

यो धान्य-पूर्णिमाको दिन 'यमऱ्ही' सकेसम्म ठूलो गरी बनाई यसैको पीठोबाट श्री गणेश, कुमार, कुबेर, लक्ष्मी आदि विभिन्न देवी-देवताहरू बनाई धानको भखारीमा धानको रासमाथि राखेर विधिविधानबमोजिम फलफूल चढ़ाई धूपदीप बाली धानको भखारी बढ्दै जाओस् भन्ने कामना गरी पूजा गर्दछन् । अनिमात्र सबैले यो यमऱ्ही रोटी खान्छन् । यो पूर्णिमाको राती केटाकेटीहरू को धनी, को गरीब, फौजका फौज जम्मा भई घर-घरमा गै 'यमऱ्ही' रोटी माग्न जान्छन् (भैलो माग्नेजस्तै) । त्यस दिन केटाकेटीहरू खूब रमाउँदछन् । हिजोआज त पहाड़-पर्वतमा पनि भैलो र द्यौसी भन्ने गीत गाएर यो 'यमऱ्ही' रोटी माग्न जाने चलन भइसकेको छ । घर-घरमा त्यस दिन यमऱ्ही पकाई धानको भखारी पूजा गर्ने भएकोले नै धान्य-पूर्णिमा नाम हुन गएको हो भन्ने कथन छ । यो यमऱ्ही रोटीको विषयमा विष्णुपुराणको वचन भन्ने पुस्तकमा पनि बयान गरिराखेको छ, र कुलायनतन्त्रमा त यो पूजा गर्नाले लक्ष्मीले अवश्य धानको रास बढ़ाइदिन्छिन् भनी लेखिएको छ । यो यमऱ्ही रोटीको विषयमा रत्ना बदाने बुद्ध-वचन भन्ने पुस्तकमा एउटा कथा लेखिराखेको छ जो यस प्रकारको छ ।

पंचाल देश (हिजोआज पनौती भन्दछन्)-मा सुचन्द्र नाम गरेका एकजना धर्मात्मा महाजन थिए। ती महाजन जोईपोइ दुवै नै श्री विष्णु भगवान्का भक्त थिए। ती दुवै जोईपोइले मार्ग शुक्ल पूर्णिमाको दिन आफ्ना घरलाई सफा-सुघर पारी यो 'यमऱ्ही' नामको रोटी बनाई आफूहरूले खाई अरूहरूलाई पनि खान दिए। ती दुवै जोईपोइ कत्तिका दयालु रहेछन् भन्ने जाँच गर्ने निमित्त एक दिन कुबेर मानिसको रूप लिई एक गरीब ब्राह्मणको भेषमा तिनीहरूको घरमा माग्न आए। सुचन्द्रकी श्रीमती पनि साह्रै लक्षणयुक्त स्त्री थिइन्। तिनले झ्यालबाट हेर्दा आफ्नो घरको ढोकामा एकजना गरीब ब्राह्मण भिक्षा माग्न उभिएको देखिन्। तिनले त्यस गरीब ब्राह्मणलाई ठूलो सत्कार गरी घरको माथि लगेर नयाँ लुगा फेर्न लगाई आफूले तयार पारिराखेको 'यमऱ्ही' र अरू मीठो खानेकुरा अगाडि राखी श्रद्धापूर्वक भोजन गराए। गरीब ब्राह्मणको भेषमा आएका श्री कुबेरले उनीहरूको भक्तिभावदेखि खुशी भएर आफ्नो गुप्त रूप छाडी असली रूपको दर्शन दिए र 'यमऱ्ही' भन्ने रोटीको गुण र धानको भखारीमा श्री गणेश कुबेर, लक्ष्मी आदिको पूजा गर्ने र यमऱ्ही त्रिकोण र अंजीर आकारमा तयार पार्नुपर्ने, त्यसभित्र चाकु, मास आदि हालेर बनाउने विषयमा सबै बयान गरी आफूले ल्याएको बिमरा एउटा पनि दिई गरीब ब्राह्मण भेषमा आएका कुबेर अन्तर्ध्यान भए। श्री कुबेरको वचनबमोजिम त्यस बिमरालाई र धानको भखारीभित्र धानको रासमा त्रिकोण र लट्टु आकारको यमऱ्ही, कुबेर, गणेश, लक्ष्मी आदिको मूर्ति बनाइएको रोटीलाई दुवैले ठूली भक्तिभावसंग ४ दिनसम्म पूजा गरी अरूहरूलाई पनि यमऱ्ही वितरण गरिदिए। त्यसैको प्रभावले श्री सुचन्द्र र श्रीमती दुवै जोईपोइको धन-सम्पत्तिको वृद्धि भै जति झिके पनि नसिद्धिने भयो र यमऱ्ही खाएको प्रभावले दुवैको शरीर पनि हृष्टपुष्ट भएर आयो। त्यो कुरा एक कान दुई कान, मैदान हुन गएकोले अरू मानिसहरूले पनि त्यस धान्य-पूर्णिमाको दिनमा यमऱ्ही भन्ने रोटी बनाई धानको भखारी पूजा गरी अरू गरीब गुरुवाहरूलाई यमऱ्ही दिई आफूले पनि खाने चलन चलेको हो।

तसर्थ यो धान्यपूर्णिमाको दिन बड़ो महत्वको दिन भएकोले त्यो दिन देवीदेवता-हरूकहाँ यमऱ्ही चढ़ाई पूजा गर्न जाने चलन भयो। त्यस दिन स्वयम्भू, पशुपति, गुह्येश्वरी आदि देव-मन्दिरहरूमा भक्तजनहरूको घुइँचो लागिरहन्छ। यही पूर्णि-माको दिनमा काठमाडौंदेखि लगभग ५ कोसजति पूर्वमा रहेको बनेपा शहरको श्री धनेश्वर महादेवकहाँ ठूलो मेला लाग्दछ। त्यस दिन त्यहाँ रातभर जागा भइ श्री महादेवकहाँ महादीप बाली भक्तजनहरू बसिरहन्छन्। त्यो दिन श्री धनेश्वर महा-देवको मूर्तिमा बेलपत्रले ढाकिराखेको हुन्छ।

●

माघे-संक्रान्ति

नेपाल-उपत्यकाको चाड़-पर्वहरूमा माघे-संक्रान्ति पनि एक ठूलो चाड़ हो। यो चाड़लाई नेपाल-भाषामा 'घ्य-चाकु-सँल्हु' अथवा 'हामोसँल्हु' भन्दछन्। यो चाड़मा सूर्यको गति उत्तरायणतिर लागेको हुन्छ। यसलाई 'मकर-संक्रांति' पनि भन्दछन्। यो पात्रोबाट गतेको हिसाब गर्दा माघ महिनाको पहिलो दिन अर्थात् १ गते पर्दछ। यो चाड़ भविष्यपुराणको आधारमा विष्णु भगवान्को वचन भनेर मान्नुपर्ने गराइराखेको छ। यस दिन त्रिवेणी आदि दोभान परेका तीर्थहरूमा स्नान ध्यान गरेर घ्यू गुड़ (चाकु) तिलको लड्डू, रोटी, तरूल, मकल, पानीको भाँड़ा आदि दान गरेर खानाले यसको ठूलो फल प्राप्त भई आफ्नो शरीर पनि स्वस्थ रहने कथन छ। धर्मसिन्धु नाम गरेको ग्रन्थमा पनि यो माघे-संक्रांतिका दिन जसले घ्यू, चाकु, तिल, तरूल आदि दान गर्दैन औ तीर्थमा स्नान-ध्यान गर्दैन त्यसले जन्मभर रोगी भएर पापको भागी बन्नुपर्नेछ भनी लेखिराखेको छ। यो मकर-संक्रांतिको दिन दान-धर्म गरी निराहार बसेमा सन्तान नहुनेको पनि सन्तान प्राप्ति हुन्छ भन्ने धार्मिक कथन छ। यो धर्मसिन्धु नामक ग्रन्थमा लेखिराखेको छ। मरेका आफ्ना परिवारहरूको श्राद्ध-क्रिया रोकिराखेको भए सो मकर-संक्रांतिको दिनमा गरे पनि केही बाधा छैन भन्दछन्। उपरोक्त पुराण तथा धर्म-शास्त्रको आधारमा नेपालमा माघे-संक्रांतिको दिनलाई ठूलो चाड़ मानिआएको हो। यस दिन सिध्रा माछा आगोमा पोलेर खाने पनि चलन छ। धर्म शास्त्रबमोजिम तीर्थमा स्नान-ध्यान, दान-धर्म गरी यो चाड़ मान्नाले शत्रुको नाश भई आफ्नो शरीरमा भएको पाप मोचन भैजानेछ भनी त्यो दिन सबैले मानिआएको हो भन्ने कथन छ। यो चाड़को दिनमा घ्यू, चाकु तरूल आदि खाइसकेपछि आमाले आफ्ना छोराछोरीहरूको कपालमा तेल राखिदिने पनि चलन छ। यसले गर्दा छोराछोरीहरूको आयु बढ्छ भन्ने विश्वास छ। यो चाड़को बेलामा नयाँ दुलहीले लोग्नेको घरमा खानुहुँदैन भनी माइती जाने चलन पनि छ।

हरेक वर्ष माघे-संक्रांतिको दिन खोला अथवा नदी-गंगाजी दोभान परेको ठाउँमा ठूलो मेला लाग्दछ। ज्यादै टाढ़ा भए तापनि मानिसहरू त्यस दिन गंगासागर, प्रयाग, काशी, मथुरा आदि ठाउँमा पुण्य कमाउन जान्छन्। यसै बेला नेपालको पशुपति आर्य-घाट, शंखमूल, टेकुदोभान, हनुमानघाट, पनौती, दोलालघाट आदि ठाउँमा मानिसहरूको जमघट भैरहन्छ। त्यस दिन टाढ़ा-टाढ़ाका तीर्थमा जान नपाउने मानिसहरूले नजिकका तीर्थहरूमा गई गंगासागर, काशी, प्रयाग आदिको नाम लिई स्नान गरेर आफ्नो गच्छेअनुसार पुरोहित बाहुनलाई सीधादान गर्न जान्छन्। यसै बेलादेखि नेपालमा

बाऱ्हमासे नाम गरेको राग गाउन शुरू हुन्छ । यस दिन भक्तपुरको टौमढी टोलका श्री तिलमाधव नारायणकहाँ ठूलो मेला लाग्दछ । यसै बेला श्री तिलमाधव नारायणको शरीरमा घ्यू लगाई विधिबमोजिम ठूलो पूजा हुन्छ । एक मुरी गहुँ उसिनी गाईहरू-लाई खुवाउने पनि गर्दछन् । त्यस दिन घर-घरमा घ्यू, चाकु, तिलको लड्डू, तरुल आदि विभिन्न चीज खाइसकेपछि सबैले आफ्नो शरीरमा तेल घस्ने गर्दछन् । जाड़ो मौसम सिद्धिएर गरम मौसमले प्रवेश गर्ने भएकोले आफ्नो खुम्चिरहेको शरीरलाई फूर्तिलो पार्न यसरी शरीरमा तेल घस्ने गरेको हो भन्ने पनि धेरै छन् । यसै दिन भक्तपुरको तिलमाधव नारायणको उत्पत्ति भएको हो ।[१]

यै माघे-संक्रान्तिको दिन भक्तपुरमा थथुबहीका अगाड़ि ५ जना दीपंकर भगवान्-हरू भेला गर्दछन् । त्यसै बेला बुद्धमार्गीहरू भेला भई प्रार्थना र वाद्य-वादन आदिले भजन गर्दै गुञ्जायमान पार्दछन् । यसरी त्यहाँ ठूलो मेला लाग्दछ । यी दीपंकरहरू भेला हुने बेलामा पूजा गर्न एउटा गुठीको पनि बन्दोबस्त गराइराखेको छ । यी ५ जना दीपंकर भगवान्लाई ठूलठूला थालमा खीर (तस्मई) हाली नून नभएको मुलाको तरकारी दाल र १२ थरीका व्यंजनहरूले युक्त गरी तिलको रोटी आदि पनि चढ़ाउने गर्दछन् र एकपाथी सरुवा चामलको पंचदान पनि चढ़ाउने गर्दछन् । सुकुलढोकाको नगदशेरले नगद दाम र साँकोठाको जगतशेरले जग्गा राखी यो गुठीको बन्दोबस्त गराइराखेको हो भन्ने कथन छ । त्यस बेला दीपंकरका अगाड़ि सम्यक (पंचदान) पनि दिने गर्दछन् । त्यहाँ कसैले सरुवा चामल, कसैले खीर (तस्मई), कसैले बिस्कुट र कसैले दक्षिणा आदि आ-आफ्ना श्रद्धाअनुसार चढ़ाएर आफ्नो भाव-भक्ति दर्शाउँछन् । त्यस दिन धार्मिक आर्थिक तथा वैदिक आदि कामले गर्दा त्यस माघे-संक्रान्तिको बड़ो महत्व मानेका छन् ।

---

१. विस्तृत विवरणका लागि लेखकको 'हजार वर्षअगाड़िदेखिको ऐतिहासिक कथा-संग्रह' किताबको पृष्ठ ४ मा हेर्नुहोला ।—लेखक ।

महाशिवरात्रि

यस दिन रात्रि बेला ब्रह्मा, विष्णु, महेश्वर र धर्मराज इन्द्रको प्रवेश भई श्री शिवजी याने पशुपतिनाथ उत्पत्ति भएको दिन भएको हुनाले त्यस दिनको नाम नै शिवरात्रि हुन गएको हो। यसलाई नेपाल-उपत्यकामा 'सिल्ला चऱ्हे' भन्दछन र यसै नामले ठूलो पर्व मानिआएका छन्। यो फाल्गुण महीना कृष्णपक्षको चतुर्दशीका दिनमा पर्छ। रुद्रतन्त्रको आधारमा माघ महीनामा श्री शिवजीले संसारलाई रुवाई रूख झार-पात आदि सुकाइदिएकोमा यसै समयदेखि फेरि झार-पात र रूखहरूको कोपिला उत्पत्ति गराई फेरि नयाँ युगमा परिवर्तन गरिदिएको समय हो। यो पर्वको दिन शुरू हुनासाथ स्नानादि गरी शुद्ध शरीर र मन गराई नेपालका महादेवहरूकहाँ आफ्नो श्रद्धाभक्ति दर्शाई दर्शन गर्न धाउँदछन् र प्रहर-प्रहरमा पूजा, ध्यान, जपतप, पाठ, नाच-गान आदि गर्न जान्छन्। यस दिन अकसर गरेर देउपाटनमा श्री पशुपतिनाथकहाँ ठूलो मेला लाग्दछ। त्यहाँ नेपालका राजा-प्रजाबाहेक पाखा-पर्वत, तराई र भारतवासीहरूसमेत आई महादीप, अखण्डदीप, लक्षदीप आदि बालेर रातभर जाग्रा भई नाच-गान गर्दछन्। देश-विदेश, खास गरी भारतबाट पनि यात्रुहरू धेरै संख्यामा आई श्री महादेवलाई धतुरा बेलपत्र आदि चढ़ाउँछन्। यो पर्वमा काठमाडौं टुँडिखेलमा बन्दूक तोप पड्काई बधाई दिइन्छ। यसै रात नेपाल-उपत्यकाको धेरैजसो महादेवकहाँ अहोरात्र आगो बाली श्री महादेवको भजन गर्दछन्। केटाकेटीहरूले घर-घरमा गई श्री महादेवलाई जाडो भयो, आगो बाल्नलाई दाउरा देऊ भनेर डफ्फाका डफ्फा भएर दाउरा माग्न जान्छन्। बूढ़ापाकाहरूले आगो बाल्नलाई दाउरा माग्न जाने केटाकेटीहरूलाई खुवाउन भुटेको मकै, भटमास, बदाम र मनभोग आदि तयार पारी मध्यरातमा बाँड़िदिने गर्दछन्। यसबाट केटाकेटीहरूले प्रोत्साहन पाई रातभर जाग्रा भई बस्दछन्। शिवरात्रिको दिन श्री पशुपतिनाथको दर्शन गर्न आउने यात्रुहरूको लागि ५।७ दिनअगाड़िदेखि नै यात्रुहरूको सेवा गर्न-गराउन सरकारबाट पौवा-पाटी, धर्मशाला आदि ठाउँ सफा गर्न लगाई यात्रुहरूको सुख-सुबिस्ताको लागि तत्परता देखाइन्छ। त्यस्तै सामाजिक र धार्मिक संस्थाहरू, जस्तो—परोपकार संस्था, नगर पंचायत, ग्राम पंचायतका स्वयंसेवकहरू यात्रुहरूको यथाशक्य सेवाखातिर व्यस्त रहन्छन्। साधु-सन्त, महन्तहरूको लागि सरकारबाट हुण्डी आदिको पनि बन्दोबस्त गराएको हुन्छ।

लिंगपुराणमा फाल्गुण कृष्ण त्रयोदशीको दिन शुद्ध मनले स्नान गरी दिनभर निराहार बसी रातभर जाग्राम बसेर चतुर्दशीको दिनमा श्री महादेवको दर्शन

गर्नेहरूले सर्वकार्यमा लाभ सिद्धि प्राप्त गर्दछ भन्ने श्री महादेवको वचन भनेर लेखिराखेको छ। भारतीय व्रतोत्सव भन्ने धार्मिक पुस्तकमा पनि श्री शिवजीले श्री पार्वतीलाई यो फाल्गुण महीनाको चतुर्दशीको व्रत सबै भन्दा ठूलो र फलदायक हो भनी सुनाएको कुरा बयान गरिराखेको छ। यो शिवरात्रिको समयमा शुद्ध मनले श्री शिवजीको व्रत बसी रातभर जाग्राम बस्नेहरूले शिवलोक जान पाई मुक्त हुन पाउने कुरा पनि उही पुस्तकमा लेखिराखेको छ। यही धार्मिक आधारमा तान्त्रिकहरू यस दिनलाई बड़ो महत्वपूर्ण र ठूलो सम्झन्छन्। यिनीहरूले 'सिल्ला चन्हे' पूजा भनी श्री महादेव-पार्वतीको ठूलो भक्तिभाव र श्रद्धापूर्वक विधिविधान-अनुसार पूजाआजा गर्दछन्। यिनीहरूले श्री महादेव र पार्वतीलाई नै संसारको सृष्टिकर्ता र पालनकर्ता हुन् भनी ठानेका छन्। यो पर्व अकसर गरेर शिवमार्गीहरूले मान्दछन्।

यो शिवरात्रि विषयमा एउटा किंवदन्ति कथा छ जुन यस प्रकारको छ :—

एकपल्ट फाल्गुण कृष्ण त्रयोदशीको दिन एउटा व्याधा जंगलमा शिकार खेल्न गएको थियो। त्यमले त्यो जंगलमा एउटा बाघिनीलाई देख्यो। तुरन्त आफ्नो धनुष उठाई त्यसले त्यो बाघिनीलाई मार्न तम्स्यो। त्यसै बेला बाघिनीले अगाड़ि दगुरी आई त्यस व्याधासंग "मलाई अहिले नमार। यदि मलाई मार्नै नै हो भने भोलि मार्नु। अहिले भोकले मेरा छाउराहरू मर्न लागिरहेछन्। छाउराहरूलाई आहार खोजी बन्दोबस्त गरेर आफै हाजिर हुन आउनेछु। त्यस बेला जे इच्छा हुन्छ गर्नु। यस कुरामा मैले बेइमानी गर्ने छैन। भोलि बिहान हुनेबित्तिकै म आफै हाजिर हुन आउनेछु, फरक पर्ने छैन" भनी सान्है अनुरोध गरिन्। व्याधाले ती बाघिनीको त्यस्तो कुरा सुनी दया लागेर यसका कुरामा कतिको इमानदारी होला त भनी विचार गर्न ती बाघिनीलाई त्यसै छोड़िदियो। कुनै-कुनै पुस्तकमा मृगिनी भनी लेखेको छ। त्यस दिन त्यो व्याधाले अरू शिकार भेट्टाउन सकेन। त्यसको त्यसै जंगलमा बास भयो। संयोगले त्यसको बास श्री महादेवको शिवलिंग भएको बेलपत्रको रूखमुनि भएको रहेछ। ऊ ज्यादै भोको भएकोले त्यो रातमा निदाउन सकेन। शिव-शिव भनी श्री महादेवको नाम उच्चारण गर्न थाल्यो। जब त्यसले श्री शिवजीको नाम लिन थाल्यो तब उ बास बसेको ठाउँको रूखबाट बेलपत्र झरेर त्यहाँ भएको शिवलिंगमा पऱ्यो। व्याधादेखि श्री महादेव खुशी भएर प्रगट भई वर माग भनी आज्ञा हुँदा व्याधाले हजूरसंगै सधैं बसी मोक्ष प्राप्त गर्न पाऊँ भनी वर माग्यो। यो सुनी केही वर्षपछि तिम्रो इच्छा पूर्ण हुनेछ भनी श्री महादेव अन्तर्ध्यान भए। भोलिपल्ट बिहान हुनासाथ बाघिनीले आफ्ना छाउराहरूलाई आहार ठीक पारी चाहिने बन्दोबस्त मिलाई व्याधा बसेको ठाउँमा आई हिजोको

कबोल पूरा गर्न आएको छु, अब जे इच्छा लाग्छ गर भनी । त्यस बेला व्याधाले आफ्नो पहिलेको पाप सबै मोचन गरी नयाँ मन परिवर्तन भएर धार्मिक भावना जमाइसकेको हुँदा अबउप्रान्त यस्तो शिकार गर्ने प्रवृत्ति लिनेछैन, कसैको ज्यान पनि लिनेछैन भनी प्रतिज्ञा गरी ती बाघिनीलाई फर्काई पठाइदियो । बाघिनी पनि ठूलो हर्षले गद्गद भई आफ्ना छाउराहरू भएठाउँ दगुरी गइन् ।

शिवरात्रिको समय श्री शिवजी उत्पत्ति भएको र व्याधाले शिकारको काम छोडी धार्मिक प्रवृत्तिमा लागी मोक्ष प्राप्त गरेको दिन हुनाले शिवरात्रि पर्वलाई बड़ो महत्वपूर्ण मानेका छन् ।

●

गंगा दशहरा

लोकप्रिय पर्वहरूमा गंगा दशहरा हिन्दूहरूको ठूलो पर्व हो । पात्रोबमोजिम यो ज्येष्ठ शुक्ल दशमीका दिनमा पर्दछ । यो दिन अक्सर गरेर त्रिवेणी नदीको तीर्थ-स्थलहरूमा गई स्नान गरेर पुण्य कमाउने गर्दछन् र श्राद्ध-तर्पणादिको क्रियाकर्म गरेर पितृहरूलाई खुशी पार्ने र पितृ तार्ने काम गर्दछन् । त्यसैले यो दिनलाई हिन्दू-हरूले ठूलो महत्वको मान्दछन् । यो दिनमा घरका स्त्रीहरूले घरलाई सफासुग्घर गरेर शुद्ध मनले पितृहरूको क्रिया-कर्म गरेर दस प्रकारको हरियो साग-तर्कारी पकाएर भोजन गर्ने गर्दछन् । त्यसैले यो दिनमा दस प्रकारको हरियो साग-तर्कारी खाने दिन भएकोले त्यस दिनलाई 'दशहरा' भनिएको हो भन्दछन् । यो दिनमा जहाँ-जहाँ त्रिवेणी नदीको संगम हुन्छ, त्यहाँ-त्यहाँ ठूलो मेला लागेर भक्तजनहरूको घुइँचो लागिरहन्छ । यो दिनमा रामेश्वरमा ठूलो मेला लागेर विधिविधानले पूजाआजा हुन्छ । यो दिनको किन महत्त्व छ ? किन पर्व मानी आएको हो ? निश्चित प्रमाण पाउन खोजी गर्नु बाँकी नै छ । पुराणहरूमा त्यो दिनमा दिवंगत पितृहरूको नाउँमा श्राद्ध क्रियाकर्म र तर्पणादि गर्नाले पितृहरूको उद्धार भई तर्ने र पितृहरूको आशीर्वादले ठूलो पुण्य लाभ हुन्छ भन्ने बयान लेखिराखेको छ । यस विषयमा पौराणिक कथा पनि प्रचलित भएको छ । कथा यस प्रकार छ :—

परापूर्वकालमा एशियाको भारत खण्डको अयोध्या भन्ने नगरमा 'सगर' नाम गरेका राजा राज्य गर्दथे । यिनका रानीहरूबाट ६०,००० छोराहरू जन्मे । राजा

सगर ठूलो धार्मिक तथा वैदिक थिए। यिनले अश्वमेध गरेका थिए। उक्त अश्वमेधमा घोडा छाड्नुपर्ने विधि थियो। उक्त घोडा पक्रनेलाई पराजित गर्नुपर्ने परम्परा थियो। उक्त घोडालाई एकजनाले पक्री कपिल नाम गरेका ऋषिको आश्रममा बाँधेर भागेछ। यसमा सगरका ६०,००० छोराहरूले ती कपिल नाम गरेका ऋषिलाई यो घोडा किन पक्री यहाँ बाँधिराखेको भनी ऋषिलाई कुटपिट गरेर सो घोडालाई फर्काएर लगेका थिए। यसमा निरपराधी ऋषिको क्रोधको सीमा रहेन। क्रोधको आवेशमा ऋषिले श्राप दिए कि तिमीहरू ६०,००० छोराहरू यस भूलोकबाट तर्न छैनौ। पिशाच, प्रेत र भूतको रूपमा रहनेछौ। कालान्तरमा यी ६०,००० छोराहरू मरे र दाह-संस्कारपछि खरानीको रासमा भूतप्रेत र पिशाचको रूपमा परिणत भई उद्धार भएनन्, तर्न पाएनन्। राजा सगरको मृत्युपछि भगीरथ नाम गरेका छोरा राजा भए। यी राजा अति दयालु र धार्मिक आस्थामा ज्यादा प्रभाव भएका साथै आफ्ना दिवंगत परिवारलाई तारेर पितृहरूको आशीर्वादबाट सुख भोग गर्ने अभिलाषा राख्ने व्यक्ति थिए। तसर्थ यिनले राजा सगर र ६०,००० भाइ-छोराहरूको उद्धार गर्ने अनेक प्रयत्न गरे तैपनि केही सीप लागेन। आखिर राजा भगीरथ राजकाज छोडी आफ्ना पुर्खाको उद्धारका निम्ति हिमाल खण्डको गोकर्ण भन्ने स्थानमा तपस्या गर्न भए। ठूलो कष्ट सहेर तपस्या गरी बसेको धेरै वर्षपछि श्री ब्रह्माजीबाट खुशी भएर वर माग्ने आज्ञा भयो। श्री भगीरथ राजाले आफ्ना पुर्खाका राजा सगर र ६०,००० भाइ-छोराहरू तर्ने र उद्धार हुने वर मागे। श्री ब्रह्माजीबाट आज्ञा भयो कि यो काम मबाट हुन सक्तैन। यो काम श्री शंकर भगवान् शिवजीबाट मात्र हुन सक्तछ। कारण खरानीमा भूतप्रेत भएर परिणत भएकाहरूको गंगाजीले मात्र बगाएर लगी उद्धार गर्न सक्तछिन् तर गंगाजीको त्यो वेगलाई थाम्न शिवजी बाहेक अरू कसैले सक्दैन। त्यस कारण तिमीले श्री शंकर भगवान् शिवजीको सेवा गर्नु तिम्रो सेवादेखि श्री शंकर भगवान् खुशी हुनेछन् अनि तिम्रो इच्छा पूर्ण गरिदिनेछन् भनी श्री ब्रह्माजी अन्तर्ध्यान भए।

त्यसपछि भगीरथ राजाले फेरि ठूलो कष्ट सही खुट्टाको बूढी औंलाले मात्र टेकेर दिनको एकछाक मात्र खाएर श्री भगवान् शिवजीको तपस्या गरे। यसरी ठूलो कष्टले तपस्यामा बसेको एक वर्षपछि नै श्री शिवजीबाट प्रसन्न भएर वर माग्ने आज्ञा भयो। उत्तरमा श्री भगीरथ राजाले आफ्ना पुर्खाका राजा सगरसहित ६०,००० भाइ-छोराहरू खरानीको रूपमा भूतप्रेत र पिशाच भएर बसिरहेकोलाई उद्धार हुने वर मागे। श्री शंकर भगवान्बाट आज्ञा भयो कि यो काम गंगाजीबाट मात्र हुन सक्तछ। अतः भगीरथ राजाले ठूलो भक्तिभावले बिलौना गरी बिन्ती

चढाए कि श्री गंगाजीको वेग (धारा)-लाई रोक्न सक्ने प्रभुबाहेक कोही छैन अतः अनाथउपर दया गरिबक्सियोस् । तब श्री शंकर भगवान् शिवजीले तथास्तु भनी अन्तर्ध्यान भए अनि श्री शिवजीले श्री गंगाजीलाई आफ्ना शिरमा प्रवेश गराई जटामा परिणत गरेर श्री गंगाजीको वेगलाई मधुर पारिदिए । श्री गंगाजीले सगर राजा तथा उनका ६०,००० भाइ-छोराहरूको दाहसंस्कार हुँदा खरानीको थुप्रोमा भूतप्रेत पिशाच भै बसेका ठाउँमा श्री गंगाजीले बगाई लगेर उद्धार गरिदिए । श्री गंगाजी जहाँ-जहाँ बगेर गइन्, त्यहाँ-त्यहाँ त्यस ठाउँमा ठूलो उब्जाउ भूमि भई दुनियाँ अथवा लोकको पालन हुने पारिदिए । यी ६०,००० दाज्युभाइहरू कपिलमुनि नाम गरेका ऋषिले आश्रममा श्राप दिएको स्थान भएकोले त्यो ठाउँ नै कपिलवस्तु नामले तीर्थ-स्थल हुन गएको हो । जहाँ यही दशहराको दिनमा ठूलो मेला लागेर टाढा-टाढाका भक्तजनहरू त्यस ठाउँसम्म गई त्यहाँ आफ्नो पुरखा पितृहरूको नाउँमा तर्पणादि श्राद्ध क्रिया आदि गरेर मुक्त पार्ने काम गर्दछन् । राजा भगीरथद्वारा आफ्ना पुरुखाहरूको उद्धार निमित्त श्री गंगाजीलाई ल्याएको हुनाले त्यस गंगाजीको नाउँ भागीरथी गंगा हुन गएको हो भनी पुराणहरूमा बयान गरिराखेको छ । श्री सगर राजालाई गंगाजीले उद्धार गरेको महत्वको ठाउँ हिजोआज 'गंगासागर' भन्ने नाउँले प्रख्यात भएको छ जहाँ वर्षको एक महिना सबैले देख्न र दर्शन् गर्न पाउँदछन् । हिजोआज त्यहाँ माघे संक्रान्तिको दिनमा स्नान गर्न ठूलो मेला लाग्दछ ।

धेरैजसो पुराणहरूमा यो गंगा दशहराको दिन अर्थात् ज्येष्ठ शुक्ल १० को दिनमा मन शुद्ध गरेर आफ्ना दिवंगत पितृको नाउँमा श्राद्ध क्रिया, तर्पण आदि गरेर भावभक्ति दर्शाएर दश प्रकारको साग-तर्कारी सेवन गरेमा आफ्ना पुरुखाहरू तरेर उद्धार भैजाने र ठूलो पुण्य लाभ हुनेछ भनी बयान लेखेको पाउँछौं । अतः यो दशहराको दिन बडो महत्त्वको दिन मानिएको छ । हिजोआज देवताहरूमा पितृ-देवतालाई सर्वदा उच्च स्थान दिइएको यसैले पनि सिद्ध गरेको छ ।

फागु (होली) पूर्णिमा

पात्रोबमोजिम यो पर्व हरेक वर्ष फाल्गुण महिनाको अष्टमीदेखि पूर्णिमाको दिन-सम्म अर्थात् एक हप्तासम्म ठूलो पर्वको रूपमा मनाइन्छ । ऋतुराज वसन्तको पुनरा-

गमन हुने समयमा यो फाल्गुण महिनामा हुने भएकोले यसको नाम नै 'फागु' हुन गएको हो पनि भन्दछन् । यो पर्व अकसर गरेर नेपालमा मात्र होइन, एशियाको कुनाकाप्चासम्म आ-आफ्नो ढंगले मनाइन्छ । यो फाल्गुण महिनामा मनाइने फागु अथवा होली बसन्त ऋतुको समयमा पर्दछ । बसन्त ऋतु भनेको शीत ऋतुको चीसो हापाले छोडेर सुखा भएको बिरुवाका कोपिलाहरू पल्हाएर रंगविरंगी फूलहरू फुल्न थाल्ने समय हो । जाडोको कठोर प्राकृतिक कष्ट सहेका कीराफ-टेङ्ग्राहरूदेखि लिएर चराचुरुङ्गीहरू पनि आ-आफ्नो सुन्दरतालाई प्रदर्शन गरेर अनेक मधुर आवाजले गीत गाउन थाल्दछन् । यो ऋतुमा अक्सर गरेर जीवात्मा-हरू भोगविलास, कामवासना तृप्ति गर्न बहुत उत्सुक हुन्छन् । तसर्थ पुरुषतत्व-हरूले स्त्रीतत्वलाई यौवनको मदमा आफूतिर आकर्षित गराउन मुखमा रंग-बिरंगको रंग हाल्न लगाएर हाँसो उठ्ने किसिमबाट हँसाउने, नाच नाच्ने, गाना गाउने, खेल खेल्ने आदि मनोरञ्जन गर्ने गर्दछन् । जसले गर्दा स्त्रीतत्वले आफूलाई आकर्षित गर्न पाओस् र आफ्नो कामवासना तृप्त गर्न पावोस् । यसैलाई फागु खेल्ने अथवा होली खेल्ने भन्दछन् । यै कुरालाई लिएर वृन्दावन र मथुरामा श्री कृष्णले गोपिनीहरूसंग अबीर छरेर रंग हाल्ने इत्यादि होली खेलेको कुरा कृष्ण चरित्र ग्रन्थमा बयान गरिराखेको हामी पाउँछौं । यही ग्रन्थमा यमुना-नदीमा नुहाई बसेका धेरै गोपिनीहरूको वस्त्र श्री कृष्णले सुटुक्क हरण गरी कदमको रूखमा झुण्ड्याई आफू बाँसुरी बजाई आनन्द मनाइरहेको कुरा पनि आउँछ । यही कुरालाई लिएर काठमाडौं हनुमान ढोकाअगाडि यो दृश्य आउने गरी फागुको समयमा बाँसको खट बनाई रंगबिरंगका नाना किसिमका कपड़ा झुण्ड्याई फागु शुरू गर्ने, चीर ध्वजोत्यान गर्ने र अन्तिम दिनमा टुंडिखेलमा लगी आगोले जलाई चीर दाह गर्ने परम्परा चलेको छ । तर यो कुन समयदेखि भएको, कसले चलाएको ? खोजीको विषय भएको छ । यो होलीको विषय बडो महत्त्व-को पर्व छ भनी नारदले श्री युधिष्ठिरलाई सुनाएको कुरा भविष्यत् पुराणमा पनि उल्लेख भएको हामी पाउँछौं । यो होली कहिले, कसरी, किन चलेको हो भन्ने कुरालाई लिएर धेरै पौराणिक कथाहरू तथा किसिम-किसिमका किंवदन्तिहरू हामी पाउँछौं । केही पौराणिक कथाको आधारमा यो पर्व हिरण्यकश्यपुकी बहिनी होलिकाको नाउँमा चलेको भन्दछन् । कोही भन्दछन् सिंह सार्थवाह नामक व्यापारीको नाममा चलाएको हो । तसर्थ कुन कथाको आधार लिने हो खोजी गर्नु आवश्यक छ । तर जे होस्, यो पर्व हाम्रो सांस्कृतिक पर्व हो । व्यायाम तथा मनोरञ्जन भन्नु वर्ष दिनको फागुन महिनामा हुने फागु अथवा होली पर्व हामीले उमङ्गसाथ मानी आएका छौं—मान्दछौं । यहाँ केही पौराणिक र किंवदन्ति कथाहरूको उल्लेख गरिन्छ—

दैत्यराज हिरण्यकश्यपु बड़ो घमण्डी र बलवान थिए। उनलाई आफ्नो बल र पुरुषार्थमा ज्यादै अभिमान र घमण्ड थियो। उनलाई उनीजतिको बलवान यस संसारमा कोही छैन भन्ने लाग्दथ्यो। तसर्थ देवताहरूलाई सारै हेलाँ गर्ने र उत्पात मचाउने गर्दथे। देवताहरू पनि यिनीदेखि त्रस्त तथा भयभीत थिए। तर बाबु हिरण्यकश्यपु जतिसुकै बलवान भए पनि उनैका छोरा प्रह्लादलाई बिष्णु लगायत ठूलठूला देवताहरूको निन्दा गरेको मन पर्दैनथ्यो। छोरा प्रह्लाद बाबु हिरण्यकश्यपुलाई यस्तो कुरा नगर्नुहोस् भनी बारम्बार सम्झाउने गर्दथे। बाबु हिरण्यकश्यपुचाहिं देवतालाई निन्दा गर्ने, छोराचाहिं देवताको हमेशा पुकारा गरी भावभक्ति अर्पण गर्ने। यस्तो परिस्थितिले गर्दा बालक छोरा प्रह्लादलाई मार्न पहाडबाट खसाल्न लगाए, हात्तीबाट कुल्चन लगाए, ठूला-ठूला यातना दिएर मार्न लगाए तैपनि भगवानको सहायताले उनी मरेनन्। अन्त्यमा छोरा प्रह्लादलाई दनदन बलिरहेको आगोमा फालिदिने कठोर सजायँ दिई मार्ने हुकुम दिए। यस्तो भयानक कुकर्म हुनलागेको देखेर हिरण्य-कश्यपुकी बहिनी होलिकाले सहन सकिनन्। आफू पनि मर्ने गरी बालक प्रह्लादलाई काखमा राखेर आगोमा हाम्फाली मर्ने विचार गरी बलिरहेको आगोमा प्रह्लादलाई काखमा राखेर हाम्फालिन्। भगवानको सुदृष्टिले गर्दा प्रह्लादलाई आगोको ज्वालाले छुँदै छोएन र प्रह्लाद बचे। आगोले नछोएको प्रह्लादलाई अबिर छरेर सिंदुर जात्रा गरी खुशियाली मनाए। यै हेतुले त्यस दिनको सम्झनामा अबिर छरेर होली खेल्ने चलन चलेको हो। तसर्थ त्यो दिन-को सम्झनामा होलीको महत्व मानेर फागुन महिनाको अष्टमीदेखि पूर्णिमासम्म अथवा चीरध्वज उठानदेखि चीरदाह नभएसम्म होली खेल्ने र मनोरंजन गर्ने अवसर हो भन्दछन्। अर्को किंवदन्ती यस प्रकार छ—

एक दिन सिंहसार्थवाह नामक व्यक्ति व्यापार गर्ने आफ्ना साथीहरूको साथ ल्हासामा गए। बाटोघाटोको कठिनाइले यात्रा बडो कठिन थियो। नेपालबाट लगेका चीजबीजहरूको त्यहाँ राम्रो चाहना थियो। यसैले व्यापारीहरू पनि उता जाने गर्दथे। केही दिनमा सिंहसार्थवाह चाँडै देशमा फर्कने तरखरमा थिए। तर ल्हासाका युवतीहरूको माया र प्रेमले गर्दा आफ्ना साथीहरू फँसेको हुँदा झट्ट फर्कन नसक्ने अवस्थाले गर्दा ठूलो चिन्तामा परे। एक दिन उनी ज्यादै दिकदार भई श्री परमेश्वरसंग पुकारा गर्न लागे कि प्रभु ! मलाई चाँडै नेपाल फर्कन पाउने शक्ति देऊ, जसबाट मैले साथमा ल्याएका सबै साथीहरू-लाई सकुशल फर्काउन सकूँ। त्यही रातमा सिंहसार्थवाह सुतेको कोठामा बलिरहेको पानसको बत्तीको ज्वालामा श्री करुणामय भगवान प्रत्यक्ष भएर

उनलाई आज्ञा भयो कि, हेर, सिंहसार्थवाह ! तिमी चिन्ता नलेऊ, तिमी अवश्य नै साथीहरूसहित घर फर्कन सक्नेछौ, तर फर्कने बेलामा तिम्रा साथीहरूलाई सम्झाउनु कि यहाँका युवतीहरूले जतिसुकै माया र मोहका कुराहरू गरेर फकाए तापनि फर्केर नहेर्नु । यदि फर्केर हेऱ्यो भने अवश्य उनीहरूलाई मारिदिनेछ किनभने यिनीहरू राक्षस हुन् । उनीहरूले मारेर खाइदिनेछन् । यति भनेर करुणामय अन्तर्ध्यान भए । अब सिंहसार्थवाहको घर फर्कने उत्साह बढ्यो र सबै साथीहरूलाई उक्त सबै कुरा सुनाई सबै साथीहरूसहित धेरै धन-दौलत लिई घर फर्कन लागे । साँचै नै बाटोमा यस्तै घटना भयो । फर्केर हेर्ने-जतिलाई धमाधम समात्दै मार्न लागे । अन्त्यमा सिंहसार्थवाह र केही बचेका साथीहरू आफ्नो देश काठमाडौं पुगे । यै घर पुगेको उपलक्ष्यमा उनलाई अबिर छरेर सिंदुर जात्रा गरी खुशीयाली मनाए । यही दिनको यादमा काठमाडौं निवासीहरूले नेपालमा फागु अथवा होली मनाउने चलन चलाएको हो भन्दछन् ।

काठमाडौंमा हुने चकंद्यको जात्रा सिंहसार्थवाहको हो । यो चकंद्यको जात्रा काठमाडौं ठंहिल (ठंहीटी)-को महाविहारबाट शुरू हुन्छ । यसलाई चक्रमणशील देवता भनी सम्बोधन गरी देवताको रूपमा मानेका छन् । यो चकंद्यको मूर्ति ज्यादाजसो श्री दीपंकरको आकार-प्रकारको छ । यसको मुखमा रातो रंग लगाएको हुन्छ । तर दीपंकर र स्त्री चकंद्यको हस्तमुद्रा अलि फरक छ । नेपाल काठमाडौंमा हुने यै फागु चकंद्यबाट भएको हो । त्यसैले यो फागुको दिन बडो महत्वको मानेर फागु खेल्ने अथवा अबिर हाल्ने कामको अनुरूप पर्व मानेको हो भन्ने पनि धेरै छन् । तर काठमाडौं बाहेक भक्तपुर र पाटनमा भने अर्के किसिमबाट मानिआएको हामी पाउँछौं ।

●

कुशे औंसी अर्थात् पितृ औंसी

हरेक वर्ष भाद्र कृष्ण अमावस्याको दिन छोराछोरीहरूले पिताको मुख हेर्ने दिन हो । नेपाल उपत्यकाका नेवारहरू यो दिनलाई बडो महत्व दिन्छन् । जसरी मातृ औंसी आमाको दिन हो त्यसरी नै पितृ औंसी पिताको दिन हो भनेर नेपालीहरू मान्दछन् । नेपाल उपत्यकाका निवासीहरू आफ्ना पितालाई यस दिन ठूलो भक्तिभाव दर्शाउँछन् । संसारको सृष्टिक्रममा आमाले छोरा-छोरीहरूलाई जन्मा-

उँछिन्। बाबुले छोराछोरीहरूको पालन-पोषणको बन्दोबस्त गर्दछन् र आफ्ना छोराछोरीहरूको कर्म चलाई आफ्नो कुलको रक्षा गर्न सुयोग्य बनाउँदछन्। पिताले आफ्ना छोरा-छोरीहरूलाई शिक्षा-दीक्षा दिलाई योग्य छोरा-छोरीहरू बनाउन ठूलो दुःख र कष्ट सहने गर्दछन्। व्यावहारिक मानिसको जन्म नै आफ्ना छोरा-छोरीहरूलाई सुयोग्य बनाई उनीहरूको कर्म चलाउनलाई हो। त्यसैलाई नै समाजको ठूलो इज्जत ठान्दछन्। जुन पिता आफ्ना छोराछोरीहरूको राम्रो बन्दोबस्त गरिदिने हुँदैनन् अथवा जो धेरै स्वास्नीहरू राखेर खालि मोजमजा गर्ने मात्र हुन्छ त्यस्ता मानिसलाई समाजले घृणा गर्दछ। धेरै स्वास्नीहरूबाट जन्मेका छोराछोरीहरूको जीवन पनि उतिको राम्रो हुँदैन। कुन छोरा अथवा कुन छोरीलाई मात्र योग्य बनाउने भन्ने काबूबाहिरको अवस्था पर्न आउँछ अथवा छोराछोरीहरूले पनि योग्य बन्न मुश्किल पर्दछ तसर्थ एकभन्दा बढ्ता स्वास्नीहरूबाट जन्मेका छोराछोरीहरूद्वारा पिताले सुख-शान्ति पनि पाउँदैन।

जब छोराछोरीहरू ठूला हुँदै जान्छन्, बुद्धि पनि पाको हुँदै आउँछ तब छोरा-छोरीहरूलाई आफूलाई दुःख-कष्ट गरी हुर्काइराखेको आफ्ना मातापिताको सम्झना हुन्छ र मातापिताउपर भक्तिभाव बढेर आउँछ। मातृ औंसीको दिनमा माताको र पितृ औंसीको दिनमा पिताको मुख हेर्ने दिन भनी छोराछोरीहरूले मान्दछन्। यो भाद्र कृष्ण औंसीको दिनमा छोराछोरीहरूले आफ्ना पितालाई श्रद्धा र भक्ति अर्पण गरी आफूले सकेको सेवा गरी आफ्ना पितालाई मनपर्ने फलफूल तथा पकवानहरू अथवा मीठो-मीठो चीजवस्तुहरू तयार पारी सगुनको लागि तारिराखेको फुल (अंडा) आदि हातमा चढाई, दही अक्षताको टीका निधारमा लगाई आफ्ना पिताको खुट्टामा ढोगी भक्तिभाव दर्शाउँछन्। यसैलाई पिताको मुख हेर्ने भन्दछन्। त्यो दिन परदेशमा लागेका छोराछोरीहरूसमेत आफ्ना पिताको मुख हेर्न आउँछन्। विवाह भैसकेका छोरीहरूको लागि त यो दिन बड़ो महत्वको हुन्छ। यो पितृ औंसीको दिन विवाह भैसकेका छोरीहरूले आफ्ना पिताको मुख हेर्न आफ्नो गच्छे-अनुसार पितालाई मनपर्ने चीजहरू लिई माइतिघर आउने गर्दछिन्। पितालाई उक्त चीजहरू चढाई निधारमा अक्षता-दहीको टीका लगाई खुट्टा ढोग्ने गर्दछिन्। यसैले विवाह भैसकेकी छोरीहरू यो दिनलाई बड़ो खुशीको दिन मान्दछिन्।

त्यस्तै भाद्र कृष्ण औंसीको दिन पितृहीन छोराछोरीले ठूलो अफसोच तथा विषादको दिन सम्झन्छन्। जीवित पिताको मुख हेर्न आउने मानिसहरू देखेर पितृहीन छोराछोरीहरू आफ्ना पिताको सम्झना गरेर ठूलो दुःख मान्दछन्। त्यो दिनमा पितृहीन छोराहरूले आफ्नो कपालको केश खौरेर सफासुधर गरी नुहाई आफ्ना पिताको सम्झनामा श्रद्धा र भक्तिपूर्वक श्राद्ध क्रिया पनि गर्ने गर्दछन्। श्राद्धा

क्रिया गर्न सक्ने छोराहरूले माटाको घैंटोमा पानी भरेर फूल, अक्षता, सीधा, मेवा मिष्टान्न आफ्ना पुरोहितलाई दान दक्षिणा दिई जलदान मात्र गर्दछन् । कसै-कसैले सीधा मात्र दिने गर्दछन् । तसर्थ भाद्र कृष्ण औंसीको दिन पुरोहित ब्राह्मणहरूका घर-घरमा सीधा दान गर्नेहरूको ठूलो घुइँचो भइराखेको हुन्छ । तर छोरीहरूले आफ्ना-आफ्ना पिताको सम्झनामा खुट्टाको नंग नौ-नौनीहरूको हतियारले छुवाई अथवा माहुर लगाई पिनाले नुहाई मन शुद्ध गरी सीधामात्र दान गर्ने गर्दछन् र देवी-देवताहरूकहाँ गई आफ्ना पिताको आत्माले शान्ति पाउन् भनी कामना गरी धूप-दीप बालेर प्रार्थना गर्ने गर्दछन् ।

यै भाद्र कृष्ण औंसीको दिनमा पितृहीन छोराछोरीहरूले गोकर्णको चन्द्रभागा नदी र बागमती नदीको संगममा शुद्ध मनले स्नान-ध्यान गरी आफ्ना मरेका पिताको नाममा श्राद्ध-क्रिया गरेर पिण्डदान गरी भगवान श्री ब्रह्माले स्थापना गरेका श्री गोकर्णेश्वर महादेवकहाँ दर्शन गर्न जाने गर्दछन् । श्री गोकर्णेश्वर महादेवका विषयमा यस्तो कथा छ—

अघि द्वापर युगमा शिवलोकमा श्री भगवान् शिवजी बेपत्ता भई शिवलोक शून्य भई हाहाकार भएको बेलामा देवतागणहरू भेला भई भगवान श्री विष्णु, श्री इन्द्र र श्री ब्रह्मा मिली श्री शिवको खोज-तलास गर्दा पृथ्वीको हिमवत् खण्डको श्लेष्मान्तक वनमा श्री महादेव मृग रूप लिई मृगहरूसंगै वनविहार गरिरहेका फेला पारी घेरा दिई मृगरूप श्री शिवजीको सिंग श्री भगवान विष्णु, श्री इन्द्र र श्री ब्रह्मा तीनैजनाले नै पक्रँदा श्री मृगरूप शिवजी अन्तर्ध्यान भए । तीनैजनाको हातमा भएको मृगको सिङ तीन टुक्रा तीनैजनाको हातमा रहेको त्यो मेरो मृगको सिङ तीनलोक (स्वर्ग, मर्त्य र पाताल)-मा स्थापना गर्नु, तीनै लोकको कल्याण हुनेछ भनी आकाशवाणी भयो । सोही वाणी भएबमोजिम इन्द्रले स्वर्गमा, श्री विष्णुले पातालमा र श्री ब्रह्माले पृथ्वीमा स्थापना गरी तीनै लोकको रक्षा गराइ-दिएका थिए । श्री ब्रह्माले गोकर्णमा स्थापना गर्दा स्वर्गबाट देवगण तथा अप्स-राहरू गोकर्णमा आई नाच-गान गर्ने र ठूला-ठूला ग्रन्थहरूको पुराण सुनाई शिक्षा दिने गरेकोले त्यो ठाउँ बढी महत्वको भयो । अर्को कुरा, त्यस ठाउँमा आई त्यहाँको संगम नदीमा स्नान-ध्यान गरी श्राद्ध क्रिया गरे आफ्ना मरेका पिताको आत्माले शान्ति प्राप्त गरी शिवलोकमा श्री शिवजीसंगै लीन हुन गई तर्दछन् भनी मानिसमा ठूलो विश्वास परेको छ । यस विषयमा एउटा कथा यस प्रकार छ :—

एक दिन एक वैश्यका पितृहीन छोराले त्यस ठाउँमा आई आफ्ना मरेका पिताको नाममा श्राद्ध-क्रिया गरेर पिण्ड नदीमा फाल्न लैजांदा दिवंगत भए-

का धेरैले उक्त पिण्ड लिन आए। तर हातमा कुश लिई पिण्डदान गरेको अथवा श्राद्ध गर्नेले आफ्ना पितालाई चिन्न नसकेर बिलखमन्द भई अनकनाइरहे। श्राद्ध गरी पिण्डदान पानीमा फाल्न जानेको नाम दन्तुर थियो। यसै बेला श्री ब्रह्माजी प्रकट भई तिम्रो दिवंगत भएका पिता यो हो भनेर हात समाई देखाएर श्री भगवान ब्रह्मा लोप भए। आफ्ना दिवंगत पिताको श्राद्ध तर्पण आदि गरेको प्रभावले पितृ ज्यादै खुशी भए जसको पुण्यको फलले दन्तुर चक्रवर्ती सम्राट्सम्म भए। तसर्थ यही भनाइअनुसार अद्यापि भाद्र कृष्ण औंसीको दिनमा पितृहीन छोराहरूले गोकर्णमा चन्द्रभागा नदीमा स्नान-ध्यान गरी हातमा कुश लिई आफ्ना दिवंगत पिताको नाममा श्राद्ध क्रिया गरी गोकर्णेश्वर महादेवको दर्शन गर्न जाने चलन चलेको हो। श्राद्ध क्रिया गर्न कुशको प्रसंग भएकोले भाद्र कृष्ण औंसीको दिनलाई कुशे औंसी पनि भन्दछन्। अतः त्यो दिनमा त्यो ठाउँमा ठूलो मेला लागी दान-धर्म काजक्रिया र पिण्डदान गर्ने मानिसहरूको घुइँचो लागिरहन्छ।

•

नागपंचमी

हरेक वर्ष वर्षा ऋतुको श्रावण महिनाको शुक्ल पक्षमा पर्ने पञ्चमीको दिन नेपालीहरू सांस्कृतिक पर्वको रूपमा मनाउने गर्दछन्। यस दिन हिन्दू धर्म परम्परा अनुसार घरको दैलो-दैलोमा नाग अर्थात् सर्पको छापा अंकित चित्रमा विधिपूर्वक धूपदीप बालेर दूध, फलफूल आदि चढाई पूजा गर्ने गर्दछन्। यो नागपूजा किन गर्नुपरेको, किन गराइराखेको र अघि-अघि मल्लराजाहरूले पनि देवदेवीको मूर्तिलाई नै बडो महत्व दिइराखेको हामी पाउँछौं। यो पूजा विषयमा कोही भन्दछन्, वर्षाकालमा नाग अर्थात् सर्पले धेरै दुःख दिने हुनाले श्रावण महिनाको शुक्ल पंचमीको दिनमा घरमा दुःख दिइरहेको नागलाई शान्तिस्वस्ति गरेर नागबाट वरदान पाउन नागलाई पूजा गर्ने चलन चलाएको हो। कोही भन्दछन्, नाग पानीस्वरूप हो। बिनापानी जीवात्माहरू बाँच्न सक्तैनन्। नाग रिसाए पानीको अभावले जीवात्माहरू आच्छु-आच्छु हुन्छन् अथवा नाग पानीको रूपमा परिणत भई पौराणिक अथवा ऐतिहासिक कथाजस्तै नेपालको चोभार डाँडामा पैरो

आई पानीको धार बन्द भई पानी बाहिर जाने रोकेर पहिलेजस्तै नेपाल खाल्डा पोखरीको रूपमा परिणत भई जलामय हुनेछ। भएका जीवात्माहरूले ठूलो दुःख र कष्ट भोग्नुपर्नेछ भनेर धार्मिक आस्था हुनेहरूको विश्वास छ। तसर्थ नाग जीवात्माहरूलाई बचाउने र दुःख दिन सक्ने परमात्मा हो। नागलाई पूजा गर्ने पर्छ। यो पूजाको मुख्य दिन हरेक वर्षको श्रावण महिनाको शुक्ल पंचमी-को दिन हो। अर्को थरीको भनाइ छ—नाग पानीको स्वरूप नै हो, नागपूजा नगरे नाग रिसाएर घर छोडेर गए घरको जग नै पल्टेर घर ह्यासेर जानेछ तसर्थ घर निर्माण गर्दा घर बनाउने जगाको सतह र नागको परिस्थिति र पानीको स्रोत कस्तो छ भनी ज्योतिषीहरूकहाँ जग्गाको माटो लगेर देखाउने चलन चलेको हो। ज्योतिषीहरूले पनि आफ्नो ज्योतिष-शास्त्रबमोजिम कोष्टहरू विचार गरी नागको परिणाम र पानीको स्रोत यस्तो छ भनी सुनाइदिन्छन् र घरको जग हाल्ने साइत दिन्छन्। सोहीबमोजिम निर्माण गर्ने घरको जगमा नागको पूजा गरी जग हाल्ने चलन चलाएको हो भन्दछन्। वर्षा ऋतुमा मनाइने हाम्रो नागपंचमीको दिनको बडो महत्व छ भनेर नाग पूजा गर्ने चलन चलाएको हो। फेरि अर्को कुरा, नागलाई श्री शिवजी, श्री विष्णु भगवान, र देवदेवीहरूले बडो प्रेमपूर्वक गहनाको रूपमा ग्रहण गरी ठूलो शोभायमान गराई बसेकोले धार्मिकतामा विश्वास गर्नेहरूले पूजा-गराई नागपञ्चमीको दिनको महत्व मानेका हुन्। यो कुरालाई हामीले गहिरिएर अध्ययन गरेमा ठूलो महत्वको कुरा थाहा हुन आउँदछ।

जे होस्, आजको हाम्रो समाजमा हिन्दू संस्कृतिको आधार कथामा आधारित छ। कथा यस प्रकार छ—

कुनै एकजना खेतीवालले आफ्ना खेतमा कोदालीले माटो पन्छाउँदा जमिनमुनि रहेको नागका परिवारहरूमध्ये तीनजना बच्चाहरूलाई मारिदियो। यसबाट नागका बच्चाहरूकी आमाचाहिं ज्यादै क्रुद्ध भएर खेतीवालको घरमा गएर खेती-वालका आमाबाबु दुई छोरालाई बदलाको भावनामा डसेर मारिदिई। त्यस घरमा संयोगले बाहिर गइरहेका एकजना छोरी मात्र बाँकी भइन्। नागको स्वभाव बदला नलिई नछोड्ने भएकोले बाँकी भएकी एकजना छोरीलाई पनि मार्ने भनी रीसले फण फैलाएर अगाड़ि बढिन्। बाँकी भएकी एकजना छोरीचाहिंले हत्पत आफूलाई डस्न भनी आएकी नागिनीको अगाडि दूधको भाँडो ल्याएर राखिदिइन्। यसबाट मार्न आएकी नागिनीको हृदय परिवर्तन भयो। उसको डसेर मार्ने मन भएन र श्रद्धाले राखि-दिएको दूध पिउन थाली। दूध पिइसकेपछि खुशी भएर नागिनीले भनी–हे नानी ! आज नागपञ्चमीको दिनमा तिमीले मलाई दूध पिलायौ। यसबाट म तिमीदेखि ज्यादै खुशी छु। अब म तिमीलाई डसेर मार्ने छैन। लौ माग, तिमी के चाहन्छौ ? यो कुरा

सुनेर छोरीचाहिँले हात जोडेर भनिन् -मरेका मेरा आमा-बाबु र भाइहरू फेरि बाँचुन् र आजको दिनमा कसैलाई पनि नटोक्नु र नमार्नु । यही मेरो प्रार्थना छ भनी माग गरिन् । यति कुरा सुनी तथास्तु भनी नागिनी अन्तर्ध्यान् भई । यसबाट मरेका आमा-बाबु र भाइहरू सबै बाँचे । यही कथाको कुरालाई लिएर आजसम्म नागपञ्चमीको दिनलाई ठूलो पर्व नै मानेर घर-घरको दैलो-दैलोमा नागको मूर्ति भएको छापालाई विधिबमोजिम ठूलो भावभक्ति अर्पण गरी दूध, फलफूल र रोटी चढाई धूपदीप बत्ती बाली पूजा गर्ने चलन चलाइराकेकोले यो नागपञ्चमीको दिन बड़ो महत्वको मानिएको छ ।

●

विश्वका सम्वत्हरू

इतिहासमा धेरै थरीका सम्वत्हरू प्रयोग गरिएको पाउँछौं । तर ती सम्वत्हरू किन चलाएको, कसरी चलेको भन्ने निश्चित प्रमाणसहित उल्लेख छैनन् । कतै धेरैजसो सम्वत्हरू विवादको रूपमा मात्र रहेको छ । यस आधारमा यसरी सम्वत्हरू खडा गरेको हो भनी कसैले प्रमाण प्रस्तुत गर्न सकेको छैन अथवा खालि सम्भावनाको आधारमा मात्र लिएका छन् । जस्तो, विक्रम सम्वत्को कुरालाई लिऊँ; जुन नेपालमा प्रचलित सम्वत् हो । कोहीले यो सम्वत्को श्रेय वीर विक्रमादित्यलाई दिन्छ त कोही भक्तपुरका राजाले बिस्केट जात्रा चलाएको उपलक्ष्यमा चलाएकोलाई । त्यस्तै, ठकुरी सम्वत् अंशुबर्माले चलाएको सम्वत् हो त अर्को तिब्बतीहरूले चलाएको तिब्बती सम्वत् हो भन्छ । अब हामीले कुन प्रमाण लिने यसमा ठूलो परिश्रम र अध्ययन गरी निष्कर्षमा पुग्नु आवश्यक छ तबमात्र हाम्रो दुविधा र विवाद टुङ्गिनेछ ।

यी विभिन्न सम्वत्हरू विक्रम सम्वत्को २०४१ सालको अंकमा प्रचलित भैराखेका छन् । यो सम्वत्को अंक फेरी अर्को अंक एकएक वर्ष बढेर जानेछ । यसैबेला आ-आफ्नो राष्ट्रमा अथवा देशमा आ-आफ्नो जातिमा ठूलो उत्सव मानेर कहीं चाडको रूपमा त कहीं जात्राको रूपमा मान्ने गर्दछन् । यसैलाई नयाँ सम्वत् भन्दछन् । यसै उपलक्ष्यको बेलामा सुख र सुस्वास्थको शुभकामना दिने गर्दछन् ।

विक्रम सम्बत्को २०४१ सालमा पर्ने विभिन्न देशका सम्बत्हरू

१. सृष्टि सम्वत्	१९५५८८५०८५
२. चीन सम्वत्	९६००२४८४
३. पारसी सम्वत्	१८९९५२
४. मिश्र सम्वत्	२७६३८

५. इरान सम्वत्	५९८९
६. यहूदी सम्वत्	५७४५
७. कलि सम्वत्	५०८६
८. युधिष्ठिर सम्वत्	४४२६
९. इब्राहिम सम्वत्	३९०५
१०. मुसा सम्वत्	३५५७
११ युनानी सम्वत्	२७३७
१२. रूम सम्वत् (रोम)	२७३७
१३. बुद्ध सम्वत्	२५२८
१४ वीर सम्वत्	२५११
१५. विक्रम सम्वत्	२०४१
१६. ईसा सम्वत् (ईस्वी सम्वत्)	१९८४
१७. गुप्त सम्वत्	१९६६
१८. शालिवाहन सम्वत्	१९०६
१९. हिजरी सम्वत्	१४०४
२०. बगाली सम्वत्	१३९२
२१. शंखधरकृत नेपाल सम्वत्	११०४
२२. लक्ष्मण सम्वत्	९६१
२३. त्रिभुवन सम्वत्	३४
२४. ठकुरी सम्वत्	१४३२
२५. लिच्छवी सम्वत्	१९२८

नेपालमा मात्र प्रयोग हुने सम्बत्हरू

१. विक्रम सम्वत्	२०४१
२ कलि सम्वत्	५०८५
३ ईसवी सम्वत्	१९८४
४. शक सम्वत् (शाके)	१९०६
५. शंखधरकृत नेपाल सम्वत्	११०४–५
६. लक्ष्मण	८६१
७. त्रिभुवन सम्वत्	३४
८. ठकुरी सम्वत्	१४३२
९. लिच्छवी सम्वत्	१९२८

नोट—विक्रम सम्वत्मा ३०४५ जोड़े कलिसम्वत् हुन्छ ।
विक्रम सम्वत्मा ५७ घटाए ईसवी सम्वत् हुन्छ
विक्रम सम्वत्मा १३५ घटाए शक सम्वत् हुन्छ
विक्रम सम्वत्मा ९३७ घटाए नेपाल सम्वत् हुन्छ
विक्रम सम्वत्मा ११८० घटाए लक्ष्मण सम्वत् हुन्छ
विक्रम सम्वत्मा २००७ घटाए त्रिभुवन सम्वत् हुन्छ
विक्रम सम्वत्मा ६०९ घटाए ठकुरी सम्वत् हुन्छ
विक्रम सम्वत्मा ११३ घटाए लिच्छवी सम्वत् हुन्छ

———

शुद्धि पत्र

मुद्रणको असावधानीले भएका अशुद्धिहरू सच्याई पढ्नुहुने अनुरोध छ ।

पेज	लाइन	हुनुपर्ने	भएको
१	२	पूर्व	पूव
६	७	२८	१९
३७	४	पंजाब	बंजाब
४२	३३	भएका	भएक
४४	२०	२०	२
५१	३२	मिटाई	मिलाई
५४	१३	खुपासी	खुपाशा
५४	२८	टुलाछे	दुलाछे
७४	१	२१,२२	१५,१६
११६	२८	अरिदेव	आदिदेव
१२१	९	भवछवाका	भवदवाका
१३०	२	जंगलमा	गजलमा
१३०	३२	ढुङ्गाका	दुर्गाका
१४५	१५	बयान	उखान
१४९	८	तुछेमना	तुछेमल्ल
१५९	१३	तचपाल	तनपाल
१७८	३०	श्री श्री	श्री ३
१८२	२	कालरात्री	कालरात्र
१८३	१	तलेजु	नलेजु
२०१	११	यज्ञ	यज्ञ
२२३	८	खडा	खड
२४५	२५	पचली	पचाली
२५१	८	तिनले	तिनलाई
२५९	६	जम्मा	जम्सा
२९०	४	३	४
२७०	११	८१७	८१६
२७४	३	विपति	पिपति
२७४	१६	यिनीहरू	यिनमीहरू
२७४	२०	भक्तपुरमा	भक्तपुरका